# जिल्ला अदालत सन्दर्भपुस्तिका


कानून अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड)

Center for Legal Research and Resource Development (CeLRRd)

पो.ब.नं. ६६१८, दधिकोट-९, भक्तपुर

फोन : ०१-६६३३५९१, ६६३४४५५ फ्याक्स नं. ०१-६६३४८०१

इमेल : celrrd@wlink.com.np

Website : www.celrrd.com

*पुस्तिका तयार गर्ने संस्था*
**कानून अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड)**
**Center for Legal Research and Resource Development (CeLRRd)**
पो.व.नं. ६६१८, दधिकोट-९, भक्तपुर
फोन : ६६३३५९१, फ्याक्स नं. ६६३४८०१
इमेल : celrrd@wlink.com.np

*सहयोगी संस्था*
**दि एशिया फाउन्डेसन**
पो.व.नं. ९३५, बालुवाटार, काठमाडौं, नेपाल
इमेल : info@taf.org.np

*प्रकाशन*
**कानून अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड)**
पो.व.नं. ६६१८, दधिकोट-९, भक्तपुर

*सर्वाधिकार*©: सेलर्ड

*लेआउट तथा डिजाइन*
**महेश्वर फुयाल**
(काठमाडौं स्कूल अफ ल कम्प्युटर शाखा)

*भाषा सम्पादन*
रुद्र प्रसाद खरेल

# प्रकाशकीय

सक्षम, शुलभ एवं स्तरीय न्यायप्रणाली नेपाल अधिराज्यको संविधानले गरेको परिकल्पना हो । नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावनामा नै सक्षम न्यायप्रणालीको स्थापना गर्नु संविधानको लक्ष्य रहेको कुरा उल्लेखनीय छ । संविधानमा उल्लेखित उक्त न्यायिक भावनाहरूलाई आत्मसात गर्नु आजको अनिवार्य आवश्यकता पनि हो । कानुनको शासन प्रणालीलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न राष्ट्रले उचित एवं समयोचित कानुनको निर्माण गर्दै जानुका साथै त्यसलाई प्रभावकारी तवरमा कार्यान्वयन गर्न विविध उपायहरू अवलम्वन गर्नु पनि त्यत्तिकै आवश्यक हुन्छ । यसै परीप्रेक्ष्यमा विचार गर्दा सुरू अदालत भनेको तथ्यको निरोपण गर्ने अन्तिम अदालत हो । अधिराज्यमा रहेका सम्पूर्ण सुरू अदालतहरूमा न्याय सम्पादन गर्न सजिलो होस्, नागरिकले सरल तथा शुलभ न्याय पाउन्, न्याय सम्पादन प्रक्रियामा एकरूपता आओस भन्ने उद्देश्यबाट अभिप्रेरित भई कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड)को न्याय सम्पादनको क्षेत्रमा वाञ्छनीय सुधार गर्दै जाने क्रममा संचालन गरिएका कार्यक्रमहरूमध्येको एक महत्वपूर्ण कार्य हो । सन् २००१ मा महिलाहरूसँग सम्बन्धित जवर्जस्ती करणी तथा यौनशोषका लागि गरिने बेचबिखन एवं ओसारपसार अपराधहरूका सम्बन्धमा न्यायिक कार्यवाहीका क्रममा हुने विसंगतिहरूका बारेमा एक अत्यन्त महत्वपूर्ण अध्ययन गरिएको थियो, जसको प्रतिवेदन **"Condemned to Explitation : Trafficking of Women and Girls"** को नामबाट प्रकाशित रहेको छ । यस अध्ययनले फौजदारी न्यायमा महिलाहरूको पहुँचमा गम्भिर चुनौतिहरू रहेको थुप्रै तथ्यांकहरू अगाडि ल्याएको छ । सोही अध्ययनले प्रस्तुत गरेका कतिपय समस्याहरूमाथि थप अनुसन्धान गर्ने क्रममा सन् २००२ मा **"Trial Court System in Nepal"** विषयक विस्तृत अनुसन्धान गरिएको थियो । त्यस अध्ययनका कतिपय सुझावहरूलाई कार्यान्वयन गर्न सजिलो होस् भनि प्रस्तुत पुस्तिका तयार पारिएको छ ।

न्याय सम्पादन गर्ने प्रमुख चार अवयवहरू प्रहरी, सरकारी वकिल, प्रतिरक्षी कानुन व्यवसायी र अदालत हुन् । यी चारवटा अवयवहरूले राम्ररी कार्य नगर्दा न्यायिक व्यवस्था अघातित भई समग्रमा न्याय सम्पादनमा नै असर पर्ने हुनाले यो सन्दर्भ पुस्तिका तयार गर्दा यी चारवटै अवयवहरूको दायित्वको शुक्ष्म अध्ययन गरी स्वतन्त्र न्यायपालिकाका मान्यताहरूलाई आत्मसात गर्दै नेपालले अनुमोदन गरेका विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा सम्झौताहरूले व्याख्या गरेका न्यायिक कार्यविधिसँग सम्बन्धित सम्पूर्ण न्यूनतम् मापदण्डहरूलाई समेट्ने प्रयास गरी यो पुस्तिका तयार गरिएको छ । यसको अलावा सर्वोच्च अदालतले गरेको व्याख्या एवं न्याय सम्पादनमा, संलग्न अवयवहरूले पालना गर्नुपर्ने आचार संहिताको राष्ट्रिय एवं अन्तर्राष्ट्रिय मापदण्डहरू समेतलाई यस सन्दर्भ पुस्तिकामा समावेश गर्ने कोसिस गरिएको छ ।

यस सन्दर्भ पुस्तिकालाई अझ परिमार्जित गर्ने उद्देश्यले अधिराज्यभरीबाट १२५ जना सरकारी अधिवक्ताहरू माझ ५ वटा अनुशिक्षण गर्नुका साथै १२० जना जिल्ला न्यायाधीश र अदालतमा कार्यरत अधिकृतज्यूहरूसँग ६ वटा सेसनमा अनुशिक्षण गरी उहाँहरूबाट आएका अमूल्य शुझावलाई समेत समावेश गरी यो पुस्तक तयार गरिएको छ ।

द एशिया फाउण्डेशन, नेपालसँग सम्झौता भए वमोजिम यस जिल्ला अदालत सन्दर्भ पुस्तिकाको निर्माण

व्यवस्थापन समितिमा बसी योगदान गर्ने सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री गोविन्दबहादुर श्रेष्ठ, तत्कालिन पुनरावेदन अदालत पाटनका मुख्य न्यायाधीश हाल सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री खिलराज रेग्मी, तत्कालिन नायव महान्यायाधिवक्ता श्री नन्दबहादुर सुवेदी, तत्कालिन प्रहरी अतिरिक्त महानिरीक्षक श्री तीर्थ कुमार प्रधान, न्याय परिषद्का सचिव श्री काशिराज दाहाल, काठमाडौं स्कूल अफ ल का प्राध्यापक श्री माधव प्रसाद आचार्यज्यूहरूप्रति यस सन्दर्भ पुस्तिका तयार गर्ने क्रममा उहाँहरूले पुऱ्याउनुभएको अथक योगदानको लागि हार्दिक आभार व्यक्त गर्दछु ।

पुस्तिकाको अनुशिक्षण कार्यक्रममा उपस्थित भई आफ्ना अमूल्य सल्लाह तथा सुझावहरू राखी यस पुस्तिकालाई परिमार्जित गर्ने कार्यमा सहयोग गर्नुभएकोमा सर्वोच्च अदालतका रजिष्ट्रार श्री श्रीप्रसाद पण्डित, पुनरावेदन अदालत जनकपुरका माननीय न्यायाधीश श्री केशरीराज पण्डित, नायव महान्यायाधिवक्ता श्री नरेन्द्र पाठक, नायव महान्यायाधिवक्ता श्री द्रोणराज रेग्मी, सेलर्डका निर्देशक किशोर सिलवालज्यूहरूप्रति आभार प्रकट गर्दछु ।

यो सन्दर्भ पुस्तिकाको लेखन कार्यमा संलग्न हुने यस कार्यक्रमका संयोजक, कानुनविद् गीता पाठक संग्रौला, जिल्ला न्यायाधीश श्री इश्वर खतिवडा, सह–न्यायाधिवक्ता श्री युवराज सुवेदी, अधिवक्ता श्री भोजराज भट्ट, अधिवक्ता यमुना भट्टराई, अधिवक्ता गणेश भट्टराई, अधिवक्ता सुदीप गौतमज्यूहरूले दिनरात मेहनत गरी यो पुस्तकलाई मुर्त रूप दिन गर्नु भएको योगदानप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यस सन्दर्भ पुस्तिका तयार भएपछि यसलाई प्रकाशनयोग्य बनाउन मस्यौदाको भाषा शुद्धाशुद्धी हेर्ने काम काठमाडौं स्कूल अफ ल एवं नेपाल ल क्याम्पसका उप-प्राध्यापक श्री रूद्र खरेलज्यू र सम्पादकको जिम्मेवारी बहन गर्ने अधिवक्ता श्री प्रकाश के.सी. एवं कमल पोखरेलज्यूसमेतप्रति आभार व्यक्त गर्दछु । यस मस्यौदालाई कम्प्युटर टाइप तथा सेटिङसमेत गरी पुस्तकाकारमा परिणत गर्ने कार्यमा महत्वपूर्ण योगदान गर्ने काठमाडौं स्कूल अफ ल का कम्प्युटर शाखाका संयोजक श्री महेश्वर फुयालप्रति आभार व्यक्त गर्दछु । यो कार्यक्रमको आर्थिक व्यवस्थापन कार्यलाई कुशलतापूर्वक निर्वाह गर्ने सेलर्डका लेखापाल शेखर सिटौला, लेखा तथा प्रशासन अधिकृत राजन कुमार के.सी. एवं लेखा अधिकृत जयविक्रम विष्टप्रति पनि धन्यवाद व्यक्त गर्दछु । यो कार्यक्रममा सम्पूर्ण चिठीपत्रहरू आदानप्रदान गर्ने तथा कार्यालय सम्बन्धी कार्यमा सहयोग पुऱ्याउने जस्तो महत्वपूर्ण जिम्मेवारी वहन गर्ने कार्यालय सहायकहरू शिव बस्नेत, लक्ष्मण खड्का, रामहरी सापकोटालाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु ।

यो सन्दर्भ पुस्तिका तयार गर्ने सन्दर्भमा संचालित विभिन्न अनुशिक्षण कार्यक्रमहरूमा भाग लिई आफ्नो अमूल्य शुझाव दिनुहुने सम्पूर्ण सहभागी सरकारी वकिल, जिल्ला न्यायाधीश तथा अधिकृतज्यूहरूप्रति आभार व्यक्त गर्दछु ।

अन्तमा, यो दिग्दर्शनको तयारी, प्रकाशन तथा कार्यान्वयनको वातावरण निर्माण गर्ने क्रममा आयोजना हुने अनुशिक्षण कार्यक्रमलाई आर्थिक सहयोग उपलब्ध गराउने द एशिया फाउण्डेशनप्रति आभार व्यक्त गर्दछु ।

**युवराज संग्रौला**
**संयोजक**
**(सेलर्ड)**

२०६०, आषाढ

# ■ विषयसूची ■


**१. परिचय ......... ट**

## भाग - एक

**२. स्वतन्त्र न्यायपालिका ......... २**

२.१. सामान्य अवधारणा ......... २

२.२. सामान्य विशेषता ......... २

२.२.१. समानता ......... २

२.२.२. कानुनको शासन/कानुनको सर्वोच्चता ......... २

२.३. स्वतन्त्र न्यायपालिकाका आधारभूत मान्यताहरू ......... ४

२.४. न्यायिक स्वतन्त्रता ......... १७

२.४.१. संगठनात्मक स्वतन्त्रता ......... १७

२.४.२. कार्यगत स्वतन्त्रता ......... २५

२.४.२.१. अन्तिमताको सिद्धान्त ......... २५

२.४.२.२. न्यायिक पुनरावलोकन ......... २६

२.४.२.३. नेपालको संवैधानिक संरचना र न्याय सम्बन्धी अधिकार ......... २६

२.४.२.४. पेसागत उन्मुक्तिको सिद्धान्त ......... २८

२.४.३. परिस्थितिजन्य स्वतन्त्रता ......... ३१

२.५. स्वतन्त्र न्यायपालिका सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड ......... ३२

२.५.१. अन्तर्राष्ट्रिय महासन्धीय दायित्व ......... ३२

२.५.१.१. विश्वव्यापी मापदण्ड ......... ३२

२.५.१.२. क्षेत्रीय दस्तावेजहरू र स्वतन्त्र न्यायपालिका ......... ३६

२.५.२. प्रथागत दायित्व ......... ३७

२.५.३. सामान्य सिद्धान्त ......... ३७

**३. न्याय सम्पादनमा जिल्ला अदालतको भूमिका र चुनौतीहरू ......... ३८**

३.१. सुरु अदालत सम्बन्धी अवधारणा ......... ३८

३.२. शुरु तहको अदालतको न्यायिक स्वतन्त्रता ......... ३८

३.३. जिल्ला अदालतको भूमिका ......... ३८

३.३.१. संवैधानिक संरचना ......... ३९

३.३.२. कानुनी संरचना ......... ३९

३.३.२.१. जिल्ला अदालतको स्थापना ......... ३९

३.३.२.२. अधिकारक्षेत्र ......... ३९

३.४. जिल्ला अदालतका चुनौतीहरू ......... ४१

**४. लैंगिक न्यायमा अदालतको भूमिका ......... ४३**

४.१. लैंगिक न्याय सम्बन्धी अवधारणा ......... ४३

४.२. समानता सम्बन्धी अवधारणा ......... ४३

४.२.१. लैंगिक समानताः अन्तर्राष्ट्रिय मापदण्ड ......... ४४

४.२.२. संवैधानिक संरचना ......... ४४

४.२.२.१. कानुनको अगाडी समानता र समान संरक्षण ......... ४४

४.२.२.२. विशेष संरक्षणात्मक व्यवस्था ........ ४५
४.२.३. अदालतबाट प्रतिपादित सिद्धान्तहरू र अन्तराष्ट्रिय धारणा ........ ४५
४.२.४. अदालते निर्वाह गर्ने भूमिका ........ ४६

# भाग - दुई

**परिच्छेद १ः सरकारवादी फौजदारी मुद्दामा अपनाइने प्रक्रियाहरूमा अदालतको भूमिका ........ ५३**
१. **मुद्दा दायर हुनु पूर्वको प्रक्रिया ........ ५४**
१.१. तहकिकातको लागि थुनामा राख्ने अनुमतिसम्बन्धमा ध्यान दिनुपर्ने कुराहरु ........ ५५
१.२. अनुसन्धान प्रक्रियामा अदालतको भूमिका ........ ५६
१.३. पीडितको बयान प्रमाणित गर्दा अदालतले निर्वाह गर्नुपर्ने भूमिका ........ ५७
२. **मुद्दा दायरी र तत्सम्बन्धी कानुनी प्रक्रिया ........ ५८**
२.१. अभियोगपत्र ........ ५८
२.२. बयान, थुनछेक सम्बन्धमा अदालतको भूमिका ........ ६०
२.२.१. बयान लिंदा ध्यान दिनु पर्ने कुराहरू ........ ६०
२.२.२. थुनछेक प्रक्रियामा अदालतको भूमिका ........ ६०
२.२.३. थुनछेक सम्बन्धमा प्रतिपादित केही महत्वपूर्ण सिद्धान्तहरू ........ ६२

**परिच्छेद २ः मुद्दामा अपनाइने कार्यविधि ........ ६३**
१. **मुद्दा दर्ता तथा व्यवस्थापन प्रक्रिया ........ ६४**
१.१. मुद्दा दर्ता गर्दा ध्यान दिनु पर्ने कुराहरू ........ ६४
१.१.१. अभिलेख राख्नु पर्ने ........ ६४
१.१.२. सामान्य रित बेरित ........ ६४
१.१.२.१. रित वेरित सम्बन्धी महत्वपूर्ण कुराहरू ........ ६४
१.१.२.२. लिखत दर्ता र दरपिठ ........ ६६
१.१.२.३. लिखत संशोधन ........ ६६
१.१.२.४. संक्षिप्त कार्यविधि ऐन २०२८ अनुसारको विशेष व्यवस्था ........ ६७
२. **वारेस सम्बन्धी व्यवस्था ........ ६६**
२.१. वारेस राख्न पाउने र नपाउने अवस्था ........ ६७
२.२. वारेस सम्बन्धमा अदालतले ध्यान दिनुपर्ने कुराहरू ........ ६७
३. **तारेख सम्बन्धी व्यवस्था ........ ६८**
३.१. तारेखमा राख्ने अवस्था ........ ६८
३.२. तारेखको प्रयोजन ........ ६८
३.३. अदालतको गल्तीले पक्षको तारेख गुज्रेको भन्न नहुने ........ ६८
३.४. तारेखवाला थुना परेको अवस्थामा ........ ६८
३.५. कारबाही गर्न नरोकिने ........ ६९
३.६. ढिलो उपस्थिति भएमा ........ ६९
३.७. म्यादतारेख थाम्ने व्यवस्था ........ ६९
४. **अन्तरकालीन आदेश ........ ६९**
४.१. विद्यमान कानुनी प्रावधान ........ ६९

४.१.१. आधा अंश रोक्का गर्ने ........ ६९
४.१.२. सम्पत्ति रोक्का गर्ने ........ ७०
४.२. अन्तरर्निहित अधिकारको प्रयोग ........ ७०

**परिच्छेद ३ : ........ ७१**

**१. प्रतिवादीलाई झिकाउने प्रक्रिया ........ ७१**
१.१. वारेन्ट म्याद जारी गर्ने ........ ७१
१.२. समाह्वान जारी हुने अवस्था र प्रक्रिया ........ ७२
१.३. म्याद तामेली प्रक्रिया ........ ७२
१.३.१. म्याद तामेलीका चरणहरू ........ ७२
१.३.२. तामेली म्यादको जाँचबुझ /कारबाही ........ ७२
१.३.३. विदेशमा रहेको व्यक्तिको हकमा ........ ७२
१.३.४. घरद्वार पत्ता नभएको व्यक्तिको हकमा ........ ७३
१.३.५. बेजिल्लामा म्याद तामेली सम्बन्धमा ........ ७३
१.३.६. म्याद तामेलीमा सहयोग गर्नुपर्ने दायित्व ........ ७३
१.३.७. अदालतद्वारा सुपरिवेक्षण ........ ७३
१.४. प्रतिपादित सिद्धान्त ........ ७३
१.५. रित नपुगेको म्याद तामेलीको परिणाम ........ ७३
१.६. संक्षिप्त कार्यविधि ऐन अन्तर्गतको उजुरी सम्बन्धी कार्यविधि ........ ७४
१.७. तामेली प्रक्रिया ........ ७४
१.८. विशेष अदालत ऐन २०५९ द्वारा निर्धारित म्याद तामेलीको कार्यविधि ........ ७४
१.८.१. अवधि ........ ७४
१.८.२. प्रक्रिया ........ ७४
१.८.३. म्याद तामेल गर्ने गराउने निकाय ........ ७४
१.८.४. तामेल गराउने कर्तव्य ........ ७४
१.८.५. तामेलदारको दायित्व ........ ७४
१.८.६. आफैंले म्याद बुझ्न सक्ने ........ ७४
१.८.७. ठेगाना पत्ता नलागेको वा बुझाउन नसकेको अवस्थामा म्याद तामेल ........ ७४
१.८.८. अन्य प्रचलित कानुन आकर्षित हुने ........ ७४

**परिच्छेद ४: ........ ७५**

**१. विवाद निर्धारण तथा प्रमाण प्रस्तुतीकरण प्रक्रिया ........ ७५**
१.१. ठहर गर्नुपर्ने कुरा निर्धारण ........ ७५
१.२. प्रमाण प्रस्तुतीकरण ........ ७६
१.३. प्रत्यक्ष प्रमाण पेस गर्न प्रोत्साहित गर्नुपर्ने ........ ७७
१.४. प्रमाण बुझ्ने क्रममा अदालतको अग्रसरता ........ ७७
१.५. प्रमाणमा लिन हुने कुराहरू ........ ७८
१.५.१. मुद्दासँग सम्बद्ध प्रमाण ऐन बमोजिम लिन हुने कुराहरू र साक्षीले अदालत समक्ष बकेका कुरामात्र प्रमाणमा लिने ........ ७८
१.५.२. पक्षले व्यक्त गरेको ........ ७८

१.५.३. मौकामा व्यक्त गरेको कुरा ........ ७८
१.५.४. मरेको व्यक्तिले होस् छँदै व्यक्त गरेको कुरा ........ ७८
१.५.५. खास अवस्थाका व्यक्तिले व्यक्त गरेका खास कुराहरू ........ ७९
१.५.६. सार्वजनिक लिखत इत्यादिमा उल्लेख भएका कुरा ........ ७९
१.५.७. काम करबाही वा व्यवसाय सम्बन्धी विवरण/अभिलेख ........ ७९
१.५.८. मान्यता प्राप्त पुस्तक वा लेख ........ ७९
१.५.९. निस्सा वा प्रमाणपत्र वा रितपूर्वक जाहेर भएको प्रतिवेदन लगायतका अन्य संबद्ध लिखत . ७९
१.५.१०. दसी प्रमाण ........ ७९
१.५.११. व्यक्तिगत राय ........ ७९
१.६. प्रमाणमा लिन नहुने कुराहरू ........ ८०
१.७. बुझ्नु पर्ने प्रमाण नबुझिएमा वा बुझ्न नहुने प्रमाण बुझिएमा हुने परिणाम ........ ८०
१.८. प्रमाण परीक्षण ........ ८०
२. **साक्षी परीक्षण** ........ ८१
२.१. सामान्य अवधारणा ........ ८१
२.२. साक्षीको योग्यता ........ ८१
२.३. साक्षी उपस्थित गराउने ........ ८२
२.४. बकपत्र गराउने स्थान ........ ८२
२.४.१. बकपत्रको भाषा ........ ८२
२.५. साक्षी परीक्षण पूर्वको इजलास व्यवस्थापन ........ ८३
२.५.१. परीक्षण प्रक्रिया ........ ८३
२.५.२. बकपत्र गर्ने साक्षीको पहिचान ........ ८३
२.५.३. शपथ लिनुपर्ने ........ ८३
२.६. साक्षी परीक्षणका चरणहरू ........ ८३
२.७. विशेषज्ञको बकपत्र ........ ८४
२.८. साक्षीले जवाफ नदिएमा/सहिछाप नगरेमा ........ ८४
२.९. झुट्टा बकेमा परिणाम ........ ८४

**परिच्छेद ५: सुनुवाइ** ........ **८५**
१. **सुनुवाइ** प्रक्रिया ........ ८५
१.१. सुनुवाइ पूर्वको व्यवस्थापन ........ ८५
१.१.१. पेसी निश्चित प्रक्रिया ........ ८५
१.१.२. मुद्दा हेर्ने क्रम ........ ८५
१.१.३. मुद्दा फैसला गर्नुपर्ने अवधि ........ ८६
१.१.४. पेसी सूची प्रकाशन ........ ८६

**परिच्छेद ६: इजलास व्यवस्थापन** ........ **८८**
१. **खुल्ला इजलास हुनुपर्ने** ........ ८८
२. **देवानी र फौजदारी छुट्टाछुट्टै इजलास** ........ ८९

**परिच्छेद ७ः अभिवचन** ........ **९१**
१. **कानुन व्यवसायीको उपस्थिति र अभिवचन** ........ ९१
१.१. पेसी स्थगित गर्ने सम्बन्धमा ........ ९१
१.२. पोसाक सम्बन्धी आचरण ........ ९१
१.३. अदालतमा उपस्थित हुने समय सम्बन्धी अनुशासन ........ ९१
१.४. अदालत, पक्ष विपक्ष प्रतिको व्यवहार ........ ९१
१.५. महिला विरुद्धको अपराधमा संवेदनशीलता ........ ९१
१.६. कानुन व्यवसायीको प्रतिनिधित्व सम्बन्धमा अदालतको भूमिका ........ ९१

**परिच्छेद ८ः फैसला** ........ **९३**
१. **मिलापत्र** ........ ९३
१.१. मिल्ने उद्देश्यको सम्मान हुने ........ ९३
१.२. मिलापत्र गर्ने मौका दिनुपर्ने ........ ९३
१.३. मिलापत्र हुन नसक्ने मुद्दा ........ ९४
१.४. मिलापत्र पूरा हुनुपर्ने प्रक्रिया ........ ९४
१.५. मिलापत्र अन्तिम हुने ........ ९४
२. **मिलापत्रमा बक्सौनी** ........ ९४
२.१. सरकारवादी मुद्दामा मिलापत्र ........ ९४
२.२. वारेसद्वारा मिलापत्र गर्ने सम्बन्धमा ........ ९४
२.२.१. मतलब र परिणाम थाहा दिनुपर्ने ........ ९४
२.२.२. एक जनासँगको मिलापत्रले अरूको हक नजाने ........ ९५
३. **फैसला पूर्वको अवस्था** ........ ९५
३.१. एकै पटक फैसला गर्नु पर्छ ........ ९५
३.२. फैसलामा खुलाउनुपर्ने बेहोरा ........ ९६
३.३. फैसलाको सामान्य भूलसुधार ........ ९६
३.४. आचार संहिताको पालना ........ ९६
३.५. फैसला गर्ने अवधि ........ ९६
३.६. गुणात्मक फैसला ........ ९६
३.७. अदालतको दण्ड नीति ........ ९७
३.८. पीडित पक्षलाई क्षतिपूर्ति ........ ९७
४. **फैसला पश्चात्को कार्यविधि** ........ ९७
४.१. राष्ट्र सेवकलाई सचेत गराउन सक्ने ........ ९७
४.२. राय किताबमा पक्षकारहरूको सही गराउने / फैसलाको प्रतिलिपि तयार गर्नु पर्ने ........ ९७
४.३. पुनरावेदनको व्यवस्था ........ ९७
**परिच्छेद ९ः फैसला कार्यान्वयन** ........ **९९**
१. **देवानी मुद्दाको फैसला कार्यान्वयन** ........ ९९
१.१. फैसला कार्यान्वयनको जिम्मेवारी ........ ९९
१.२. तहसिलदारको काम, कारबाही उपरको उजुरी ........ ९९
१.३. फिरादी (वादी) लाई सजाय गर्ने व्यवस्था ........ १००
१.४. कारणी मरेको अवस्थामा बिगो असुली ........ १०१

१.५. सरकारी बिगो असुली ........ १०१
१.६. फैसला कार्यान्वयनको कारबाहीका क्रममा वारिस राख्ने व्यवस्था ........ १०१
१.७. फैसला कार्यान्वयनको कारबाही डिसमिस गर्न नहुने ........ १०१
१.८. बिगो भराउने र चलन चलाउने प्रक्रिया ........ १०१
१.८.१. बिगो भराउने ........ १०२
१.८.२. चलन चलाउने ........ १०२
१.९. बिगो भराउने र चलन चलाउने दर्खास्त र कारबाही प्रक्रिया ........ १०३
१.१०. सम्पत्ति लिलाम गर्दा अपनाउनु पर्ने कार्यविधि ........ १०४
१.११. रजिस्ट्रेसन, दाखिल दर्ता गराउने ........ १०६
१.१२. निखन्न दिने र चलन ........ १०६
१.१३. अंश छुट्याउने प्रक्रिया ........ १०७
१.१४. विविध व्यवस्था ........ १११
१.१५. असुल तहसिलको कार्य गर्दा प्रतिनिधि रोहबर ........ ११२
२. **फौजदारी मुद्दाको फैसला कार्यान्वयन** ........ ११३
२.१. फैसला कार्यान्वयन गर्ने गराउने दायित्व र लगत कस्ने व्यवस्था ........ ११३
२.२. अभियुक्त वा कसुरदारको मृत्यु भएमा ........ ११३
२.३. कैद म्याद ठेक्ने तरिका ........ ११४
२.४. कैद असुल गर्ने प्रक्रिया ........ ११५
२.५. जरिवाना असुल गर्ने प्रक्रिया ........ ११५
२.६. जायजात गर्दा विचार गर्नुपर्ने कुरा ........ ११७
२.७. जायजात सर्वस्व गर्ने सम्बन्धी व्यवस्था ........ ११८
२.८. डोर खटाउने र लगत फछ्र्यौट समिति सम्बन्धी व्यवस्था ........ १२०
२.९. छुट, मिनाहा ........ १२१
२.१०. फैसला कार्यान्वयनमा सहयोग गर्ने ........ १२१
२.११. फैसला कार्यान्वयन अनुगमन ........ १२२
२.१२. महिला पक्षकार र पीडित भएको मुद्दामा फैसला कार्यान्वयनमा विशेष संवेदनशीलता अपनाउनु पर्ने १२२
२.१३. फैसला कार्यान्वयनमा सबन्धित निकाय ........ १२२
२.१३.१. प्रहरी कार्यालयको दायित्व ........ १२२
२.१३.२. गा.वि.स./न.पा.को दायित्व ........ ११२

**अनुसूची**

१. नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू ........ १२३
२. Basic Principles on the Role of Lawyers ........ १२४
३. Basic Principles on the Role of Independence of the Judiciary ........ १२७
४. कानुन व्यवसायीको आचार संहिता ........ १२९
५. सरकारी वकिलको पेसागत आचारसंहिता ........ १३०
६. न्यायाधीशहरूले पालना गर्नुपर्ने आचारसंहिता ........ १३१
७. न्यायाधीशको आचारसंहिता २०५५ ........ १३२
८. Code of Conduct for Law Enforcement Officials ........ १३३
९. अपराध अनुसन्धान विभाग ........ १३६

# संक्षिप्त सब्दार्थ

| | | |
|---|---|---|
| अ.अ.विभाग | : | अपराध अनुसन्धान विभाग |
| अ. | : | अभियोजित |
| आ.ब. | : | आर्थिक वर्ष |
| ज.क. | : | जवर्जस्ती करणी |
| जा. | : | जाहेरी |
| जि.मा.वे. | : | जिउ मास्ने बेच्ने |
| जि.अ. | : | जिल्ला अदालत |
| ने.का.प. | : | नेपाल कानुन पत्रिका |
| प्र.जि.अ. | : | प्रमुख जिल्ला अधिकारी |
| पु.वे.अ. | : | पुनरावेदन अदालत |
| वि.स. | : | विक्रम संवत् |
| म.न्या. | : | महान्यायाधिवक्ता |
| स.अ. | : | सर्वोच्च अदालत |
| सि.आइ.डी. | : | क्रिमिनल इन्भेस्टिगेसन डिपार्टमेन्ट (अपराध अनुसन्धन विभाग) |
| सेलर्ड | : | कानून अन्वेषण तथा स्रोत विकास केन्द्र |
| आई.सी.सी.पी.आर. | : | इन्टरनेशनल कोभिनेन्ट अन सिभिल एण्ड पोलिटिकल राइटस् |
| सी.ए.टी. | : | कन्भेन्सन एगेन्स्ट टर्चर |

●

# सन्दर्भपुस्तिका तयारी परामर्शदाता एवं विशेषज्ञ समूह



**मा.न्या श्री गोविन्द ब. श्रेष्ठ**
न्यायाधीश, सर्वोच्च अदालत
परामर्शदाता



**श्री माधव प्रसाद आचार्य**
प्राध्यापक, काठमाडौं स्कूल अफ ल
विशेषज्ञ



**मा.न्या श्री खिलराज रेग्मी**
मु.न्या, पुनरावेदन अदालत
परामर्शदाता



**श्री युवराज संग्रौला**
अधिवक्ता/निर्देशक, काठमाडौं स्कूल अफ ल
विशेषज्ञ



**श्री काशिराज दाहाल**
सचिव, न्याय परिषद्
विशेषज्ञ



**श्री युवराज सुवेदी**
सह-न्यायाधिवक्ता, म.न्या.को कार्यालय
विशेषज्ञ



**श्री नन्दबहादुर सुवेदी**
का.मु. महान्यायाधिवक्ता
परामर्शदाता



**श्री गीता पाठक**
संयोजक, एलएल.एम. कार्यक्रम
परियोजना संयोजक/विशेषज्ञ



**मा.न्या. श्री इश्वर खतिवडा**
न्यायाधीश, जिल्ला अदालत
विशेषज्ञ



**श्री भोजराज भट्ट**
अधिवक्ता, सेलर्ड
परियोजना सचिव



**श्री तीर्थकुमार प्रधान**
प्रहरी अतिरिक्त महानिरीक्षक, रा.प्र.प्र.प्र.
परामर्शदाता



**श्री यमुना भट्टराई**
अधिवक्ता
सहायक महिला कानूनी विशेषज्ञ



**श्री प्रकाश के.सी**
अधिवक्ता, सेलर्ड
सम्पादन एवं विशेष सहयोगी

फोटो स्क्यान
गरेर राख्ने

**श्री गणेश भट्टराई**
अधिवक्ता
सहायक कानूनी विशेषज्ञ

# (१) परिचय

राज्य संरचनाका प्रत्येक अंग र निकायहरु विश्वव्यापी मानव अधिकार तथा मानवताको मापदण्ड अनुरुप परिचालित हुनुपर्ने आजको आवश्यकता हो । न्यायिक काम कारबाही, न्यायिक प्रक्रिया, न्यायप्रतिको अपेक्षा र न्यायपालिकाको संरचना पनि यो विश्वव्यापीकरणको मान्यताबाट विमुख रहन सक्दैन ।

'न्याय गर्नु नै धर्म गर्नु' हो भन्ने पूर्विय मान्यतालाई अंगाली विकसित हुँदै आएको हाम्रो न्याय प्रणाली धर्मशास्त्रकै आधारमा संचालित र निर्भर रहँदै आएको छ । मुलुकी ऐन जारी हुँदाको अवस्थासम्म पनि धर्मशास्त्रकै आधारमा संचालित र निर्भर रहँदै आएको देखिन्छ । मुलुकी ऐन जारी हुँदाको अवस्थासम्म पनि धर्मशास्त्रको आधारमा न्याय व्यवस्था संचालित र निर्भर रहँदै आएकोबाट पनि तत्कालिन समाजले न्यायिक संस्कृति (Judicial Culture) लाई अंगालेको देखिन्छ । किराँतकाल, लिच्छविकाल, मल्लकाल तथा शाहकालसम्मका कतिपय न्यायिक मान्यता र व्यवस्थापन पक्ष स्मरणीय छन् । देवानी र फौजदारी मुद्दा तथा राजश्व उठ्ती जस्ता विविध मुद्दा हेर्न कोटीलिंग, इटाचपली, टक्सार, धनसारजस्ता विशिष्टिकृत अदालत (Specialized Court) स्थापना हुनु उल्लेखनीय पक्षको रुपमा रहेको छ ।

'न्याय नपाए गोरखा जानु' भन्ने उखानले राजा राम शाहको न्यायिक कुशलतालाई चरितार्थ गर्दछ । त्यस्तै अदालतमा कर्मचारीको नियुक्ति गर्दा विवेक पुऱ्याई निडर, इमान्दार र लगनसिल मानिसलाई नियुक्त गर्ने, अदालतबाट उठेको राजश्व दरबारभित्र (राष्ट्रिय मूल ढुकुटीमा) नहाली छुट्टै कोष खडा गर्नुपर्ने भन्ने बडा महाराजाधिराज पृथ्वी नारायण शाहको पालामा विकसित भएका मान्यताहरुलाई वर्तमान परिप्रेक्ष्यमा पनि स्वतन्त्र न्यायपालिकाका अभिष्ट मान्यताको रुपमा ग्रहण गर्नुपर्ने हुन्छ । वर्तमान न्यायिक कोष ऐनको व्यवस्थालाई अदालतबाट उठेको राजश्व आम्दानी दरबार नपुऱ्याई छुट्टै राख्नुपर्ने भन्ने तत्कालिन व्यवस्थाको योगदानको रुपमा हेर्न सकिन्छ, यद्यपी उक्त ऐनलाई व्यवहारमुखी बनाउनमा भने राज्यको संयन्त्र उदासिन नै रहेको देखिन्छ ।

संहिताबद्ध कानुन निर्माणको प्रक्रिया वि.सं. १९१० मा मुलुकि ऐन जारी भएपछि विजारोपण भएको पाइन्छ । त्यसपछिका वर्षहरुमा पनि संहिताबद्ध कानुन निर्माणको आवश्यकता निरन्तर महसुस हुँदै आएको छ, तापनि कानुनी प्रावधानमा आधुनिकिकरण सहितको व्यवस्थित संहिताकरण प्रक्रियाले अहिलेसम्म पूर्णता प्राप्त गर्न सकेको छैन । कानुनको संहिताकरण हुने प्रक्रिया बाँकी नै भए पनि विषयगत रुपमा बनेका कानुनहरुमा न्यायका आधुनिक मान्यता र संरचना निर्माण जस्ता कुराहरुलाई प्रतिविम्वित गर्ने प्रयास हुँदै आएको पाइन्छ ।

स्वतन्त्र न्यायपालिका, कानुनको शासन, मौलिक हक अधिकारको प्रत्याभूती र संरक्षण जस्ता कुराहरुको हाम्रो इतिहास लगभग पचास वर्ष पुरानो छ । २००७ सालमा देशमा प्रजातन्त्रको उदय भएपछि यसको आधारशिलाको रुपमा खडा भएको प्रधान न्यायालय नै आधुनिक स्वतन्त्र न्यायालयको भरपर्दो जग थियो, जसले नागरिकका आधारभूत हक, अधिकारको संरक्षण गर्दै कानुनको शासनको अवधारणालाई साकार पार्न ऐतिहासिक दायित्व निर्वाह गरेको थियो । अन्ततः यही प्रधान न्यायालयको जगमा २०१३ सालमा वर्तमान सर्वोच्च अदालतको स्थापना हुन पुग्यो । अनेकन आरोह अवरोहहरुलाई पार गर्दै वर्तमान सर्वोच्च अदालतले आफ्नो झण्डै आधा शताब्दीको उमेरमा कानुनको प्रयोग र परीक्षणको चरण पार गरी आधुनिकिकरणतर्फ पाइला चाल्न थालेको छ ।

तत्कालिन प्रधान न्यायाधीश हरिप्रसाद प्रधान जस्ता व्यक्तित्वको कुशल र सक्षम नेतृत्व प्राप्त गरेको हाम्रो न्यायपालिका नै देशमा नागरिकको हक अधिकारको ग्यारेण्टी गर्ने सबैभन्दा बढी भरपर्दो र विश्वासिलो संस्थाको रुपमा स्थापित हुन सकेको छ । यसको तात्पर्य न्यायपालिका समक्ष चुनौतीहरु छैनन् भन्ने अवश्य होइन । आधुनिक युग सुहाउँदो भौतिक साधन स्रोत जुटाउने, व्यवस्थापन पक्षमा छिटोछरितो, सरलता र उत्तरदायित्व कायम गर्ने, जनशक्ति र क्षमता विकास गर्नेजस्ता कतिपय चुनौतिहरु विद्यमान छन् । नेपाल अधिराज्यको संविधान २०४७ ले परिकल्पना गरेको स्वतन्त्र र सक्षम न्याय प्रणालीको विकास गरी कानुनी राज्यको अवधारणालाई साकार पार्न न्यायपालिकालाई परिस्थितिजन्य स्वतन्त्रताको व्यवहारिक प्रत्याभूती दिनेतर्फ अझ दरिला पाइला चाल्न बाँकी नै छ । यस्ता न्यायिक कार्यपद्धति र न्यायपालिकाको स्वतन्त्रता सम्बन्धी विविध पक्षमा केही मार्गदर्शन प्राप्त होस् भन्ने अभिप्रायले सन्दर्भ पुस्तिकाको निर्माण कार्य भएको छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८४ मा प्रयोग भएको 'न्यायका मान्य सिद्धान्त अनुसार' न्यायिक अधिकारको प्रयोग गरिने भन्ने वाक्यांशले कानुनका क्षेत्रमा विकसित भएका समग्र महत्वपूर्ण र सर्वमान्य न्यायिक सिद्धान्तहरुलाई समेटेको छ । यस अर्थमा हेर्दा कानुनका क्षेत्रमा विकसित भएका न्यायका मान्य सिद्धान्तहरुको पालना गर्नु न्यायिक मर्यादाको विषयमात्र नभएर संवैधानिक दायित्व निर्वाहको विषय पनि बन्न गएको छ । यसैगरी सन्धी ऐनका दफा ९ अनुसार नेपाल अधिराज्यको पक्षकार रहेका अन्तर्राष्ट्रिय सन्धि सम्झौता वा घोषणापत्रका प्रावधानहरुले कानुन सरह मान्यता प्राप्त गर्ने भएबाट कानुनको प्रयोग र पालनाको क्षेत्रलाई व्यापक बनाएको देखिन्छ । परिणामस्वरुप कार्यविधि कानुनको प्रयोग र पालनाका सन्दर्भमा प्रयोगकर्ताले केवल विधायिकी पद्धतिद्वारा निर्माण भएका कानुनको मात्र पालन गर्दैमा दायित्व निर्वाह हुने अवस्था छैन । कानुन र न्यायका क्षेत्रमा खास गरी स्वतन्त्र न्यायपालिकाको दार्शनिक

पक्ष समेतका सम्बन्धमा विकसित नविनतम आयाम र पद्धतिको जानकारी व्यवहारिक आवश्यकताको विषय बन्न गएको छ ।

वर्तमान संविधान प्रादुर्भाव हुनुअघिको नेपालको संविधान २०१९ मा 'न्यायपालिका' भन्ने छुट्टै अध्याय नभई 'सर्वोच्च अदालत' भन्ने शिर्षक मात्र राखिएको थियो । जसभित्र जिल्ला अदालतको स्थापना सम्बन्धी स्पष्ट व्यवस्था थिएन । यद्यपी न्याय प्रशासन सुधार ऐन अनुसार जिल्ला अदालत, अञ्चल अदालत तथा क्षेत्रीय अदालतको स्थापना र गठन सम्बन्धी कानुनी व्यवस्था भने थियो । २०४७ सालको संविधानले 'न्यायपालिका'को छुट्टै शिर्षक अन्तर्गत जिल्ला तथा पुनरावेदन अदालतसमेतलाई न्यायपालिकाको संरचनाभित्र समावेश गरी प्रष्टतः संवैधानिक मान्यता प्रदान गरेको छ । संविधानको धारा ८५ र धारा ८९ को संरचनाभित्र रहेका नेपाल अधिराज्यका जिल्ला अदालतहरु संविधानको धारा ८४ द्वारा प्रदत्त न्यायका मान्यताहरुलाई विकसित गर्ने संवैधानिक आधारशिला हुन् । यसै मान्यतालाई व्यवहारमुखी बनाई संविधानको मर्मलाई सफलिभूत तुल्याउनका लागि प्रस्तुत 'जिल्ला अदालत सन्दर्भपुस्तिका' निर्माण गरिएको छ । स्वतन्त्र न्याय सम्पादनका लागि कानुनको प्रयोग र व्याख्या गर्न जिल्ला अदालत माथिल्ला अदालतसरह सक्षम छ । तदनुरुप जिल्ला अदालतले आफ्नो सक्षमता प्रयोग गर्दा कतिपय अवस्थामा आफ्नो अन्तरनिहित अधिकार (Inherent Right) को प्रयोग गर्नुपर्ने दृष्टान्तसमेत प्रस्तुत पुस्तिकामा दिइएका छन् ।

## सन्दर्भपुस्तिका निर्माण पूर्वका अभ्यास

उल्लेखित संवैधानिक संरचना, न्यायप्रशासन ऐन २०४८ को दफा ७ द्वारा प्रदत्त अधिकारक्षेत्र एवं जिल्ला अदालत नियमावलीद्वारा निर्दिष्ट प्रावधानहरु तथा प्रतिपादित सिद्धान्तले जिल्ला अदालतको न्यायिक सशक्तिकरण (Judicial Enpowerment) तर्फ ध्यानआकर्षण गरेको छ । सोही क्रममा अदालतमा रहेको मुद्दाको चाप, अदालतको कार्यविधि प्रक्रिया, न्याय सम्पादन कार्यलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा वाधा पुऱ्याउने भौतिक तथा मानवीय साधन, स्रोत जस्ता कारक तत्वहरुसमेतको अध्ययन गर्नका लागि कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड)ले नमूनाको रुपमा जम्मा १० जिल्ला अदालतहरु चयन गरी एक अनुसन्धान गरेको थियो । उक्त अध्ययनबाट निस्किएका निष्कर्ष यस प्रकार छ :[1]

*सबै अदालतहरूमा मुद्दाको चाप अत्याधिक भएकोले देवानी तथा फौजदारी मुद्दाहरूको स्तरमा समानुपातिकता छैन । देवानी मुद्दाहरूमा प्रयोग नभएको मुद्दा छनौट प्रवृत्तिलाई लागू गरिनु पर्छ भन्ने तथ्य यस अध्ययनले देखाएको छ । जिल्ला स्तरीय अदालतमा आएका सबै मुद्दाहरू सर्वोच्च अदालतसम्म आइपुग्दछन् । अदालतलाई यिनै देवानी मुद्दाहरूले मुख्य रूपमा ठूलो भार मात्र बढाइदिएका छैनन्, यस बोझले फौजदारी मुद्दाहरूमा लाग्ने समय र स्रोतलाई ओगटिदिएका छन् । जसले गर्दा पक्षको मानवअधिकार दुरुपयोग हुने खतरा छ । तर, न्यायपालिकाले यस्तो अवस्थाको पुनरावलोकन गरेको भने देखिंदैन । हाल सम्म पनि यस्ता मुद्दाको भारलाई व्यवस्थित गर्ने निश्चित र ठोस कार्य योजनाको विकास भएको छैन । प्रत्येक स्तरका अदालतहरूमा मुद्दाको भारलाई व्यवस्थित गर्न ठोस कार्ययोजना तथा रणनीतिको विकास सर्वोच्च अदालत तथा न्यायपरिषद्ले गर्नु पर्दछ । न्यायप्रणालीमा प्रवेश गर्ने द्वारमै देवानी मुद्दाहरूको छनौट गर्ने रणनीतिलाई योजनामा समावेश गरिनु पर्दछ ।*

*धेरै ठूलो संख्यामा अभियोजन असफल भएको कुरा यस अध्ययनले देखाएको छ । अभियोजनको अदक्षताको परिणामस्वरूप धेरै साना-साना मुद्दाहरू पनि अदालतमा पुगेको समेत यस अध्ययनले देखाएको छ । अभियोजन तहमा छनौट प्रविधिको सुधार गरिएमा अदालतहरूमा अनावश्यक मुद्दाहरूको भारलाई घटाउन सकिन्छ । साथै, यसले शंकित व्यक्तिहरूको अधिकार अतिक्रमण हुनबाट पनि बचाउँदछ । महान्यायाधिवक्ताको कार्यालयले आफ्नो कार्यशैली र व्यवहारमा पुनर्विचार गर्नु पर्दछ ।*

*हिमाली तथा पहाडी जिल्ला अदालतहरूका कार्यभार साह्रै न्यून छ तर, खर्च भने कम छैन । उपयुक्त किसिमले प्रयोग नभएको खर्चलाई वैकल्पिक न्यायिक संयन्त्रको विकास गर्न प्रयोग गर्न सकिन्छ । अर्थात् त्यस खर्चले घुम्ती (circuit) अदालतको स्थापना गर्न सकिन्छ । धेरै अदालतको क्षेत्राधिकारहरूलाई विविध न्यायिक जिल्ला अदालतको रूपमा गाभेर बेग्लै किसिमको न्यायिक जिल्लाहरू सृजना गर्न सकिने एउटा धारणालाई लिन सकिन्छ । यस्ता सुधारले न्यायपालिकाको अनावश्यक खर्चलाई कटौती गर्छ र अति आवश्यक भएको क्षेत्रमा ती स्रोतहरूलाई परिचालन गर्न सकिन्छ । न्याय परिषद्ले भविष्यका लागि यस सम्बन्धमा सम्भाव्य अध्ययन गर्नु पर्दछ ।*

*न्यायपालिकाको मानवीय संसाधनको अवस्था पनि धेरै नाजुक छ । राम्रो योग्यता भएका कर्मचारहिरूलाई विना पूर्वाग्रह नियुक्ति र बढुवा गरी सक्षम जनशक्ति निर्माण गर्न उत्साहित गरिनुपर्दछ । यसका साथै आफ्नो काम प्रभावकारी तथा दक्षताका साथ सम्पन्न गर्नका लागि यस्ता कर्मचारीहरूलाई प्रविधि तथा सुविधाहरू उपलब्ध गराइनु पर्दछ ।*

*सुरु तहका जिल्लास्तरीय अदालतमा समयको व्यवस्था मिलाइएको छैन र अदालतको महत्त्वपूर्ण समयलाई खेर फालिएको छ । न्यायाधीशहरूको कार्य सम्पादनमा आत्मविश्वास अथवा कामप्रतिको आस्थालाई उत्साहित नगर्ने प्रवृत्तिको जिल्लास्तरीय अदालतहरूमा न्यायाधीशहरूलाई चिट्ठाका आधारमा मुद्दाहरूको बाँडफाँड गर्ने वर्तमान चलनलाई तुरुन्तै हटाउनु पर्दछ । आफ्नो विशेषताको स्तरमा आत्मविश्वास भएन भने न्याय सम्पादन गर्न सकिंदैन । समयमै मुद्दाहरूलाई बाँडफाँड गरियो भने न्यायाधीशहरूले तयार गर्ने समय पाउँदछन् । यसले कार्यविधिको*

---

१ विस्तृत अध्ययनका लागि हेर्नुहोस्, Trial Court System in Nepal, CeLRRd, 2002, Page 112,
(नोटः प्रस्तुत प्रतिवेदन नेपाली भाषामा समेत रुपान्तरण गरिएको छ ।)

*पछिल्ला चरणहरूमा लाग्ने समयको बचावट गर्नुको साथै फैसलाको गुणस्तर पनि वृद्धि गर्दछ । यसर्थ, न्यायिक परिषद्ले अदालती समयको व्यवस्थापन तथा यसलाई सुधार गर्न सकिने कुराहरूलाई अध्ययन गर्नु पर्दछ ।*

*न्यायपालिकामा उपलब्ध बजेट उपहासपूर्ण छ । यस्तो अपहेलित अवस्थामा न्यायपालिकाले संविधान तथा नागरिकहरूका मौलिक अधिकारहरू संरक्षण गर्न सक्दैन । सर्वोच्च अदालत तथा न्याय परिषद्ले आफैंले बजेट स्वतन्त्र रूपमा खर्च गर्ने सम्बन्धमा कार्ययोजना तर्जुमा गर्नु पर्दछ । अदालतको स्वतन्त्रताको रक्षार्थ अर्थ मन्त्रालयको शीर्षक अन्तर्गत बजेट छुट्याउने परिपाटीलाई तुरुन्त हटाइनु पर्दछ । सर्वोच्च अदालतमा सबल नेतृत्व विकासका लागि उच्च कार्य योग्यता तथा सक्षम व्यक्तिहरूलाई प्रवर्द्धन गरिनु पर्दछ वा त्यस्ता व्यक्तिहरू न्यायपालिकादेखि बाहिरबाट पनि ल्याउन सकिन्छ ।*

*राज्यका कार्यपालिका तथा व्यवस्थापिकाको तुलनामा न्यायपालिकाको आर्थिक स्रोतमा कमी छ । न्यायपालिकालाई दातृसंस्थाबाट कोष निर्माण गर्ने सम्भाव्यता तथा आफैंले संकलन गरेको राजस्वलाई प्रयोग गर्ने अधिकार न्यायपालिकालाई दिइनु पर्दछ । अर्थ मन्त्रालयको न्यायिक बजेटमाथिको नियन्त्रणलाई तत्कालै फुकुवा गरिनु पर्दछ ।*

## सन्दर्भपुस्तिकाको आवश्यकता

उल्लेखित अनुसन्धान प्रतिवेदनबाट निस्किएका निष्कर्षहरुका आधारमा निम्न उद्देश्य लिई प्रस्तुत जिल्ला अदालत सन्दर्भपुस्तिका निर्माण भएको छ :

१) **अवधारणागत स्पष्टताका लागि** : स्वतन्त्र न्यायपालिका भन्ने कुरा जनजिब्रोले समेटेको शब्दावली हो । तर यसका पछाडि रहेको दार्शनिक अवधारणा के हो ? स्वतन्त्र न्यायपालिका किन, केका लागि चाहिन्छ ? यसका आधारभूत शर्तहरु के हुन् ? भन्ने विषयमा व्यवस्थित अवधारणागत ज्ञान धेरैलाई नभएको हुन सक्तछ । यसैगरी अन्तर्राष्ट्रिय मापदण्ड वा प्रचलनको सापेक्षतामा विश्लेषण गर्ने दृष्टिकोण पनि बनिनसकेको हुन सक्छ । त्यस्ता विषय र क्षेत्र सम्बन्धी आधारभूत कुराहरुको सरल रुपमा जानकारी दिने हेतुले सन्दर्भपुस्तिका निर्माण भएको हो ।

२) **सरलता कायम गर्न** : स्वतन्त्र न्यायपालिकाको अवधारणा र न्यायिक प्रक्रिया सम्बन्धमा वोधगम्य ढंगबाट उल्लेख गरी सरलता कायम गर्नु अर्को उद्देश्य रहेको छ ।

३) **एकरुपता कायम गर्ने** : कार्यविधि कानुनको प्रयोगमा देखा पर्ने विविधतालाई कम गरी एकरुपमता कायम गर्नु पनि सन्दर्भपुस्तिकाको उद्देश्य रहेको छ ।

## विषयसूची मार्गदर्शन :

प्रस्तुत पुस्तिकालाई मुलतः २ भागमा विभक्त गरिएको छ ।

१) स्वतन्त्र न्यायपालिकाको सैद्धान्तिक अवधारणा

२) न्यायसम्पादन कार्यविधिमा जिल्ला अदालतको भूमिका

१) **स्वतन्त्र न्यायपालिकाको सैद्धान्तिक अवधारणा** : पुस्तिकाको भाग एकमा स्वतन्त्र न्यायपालिकाको सामान्य अवधारणालाई आत्मसात गर्दै स्वतन्त्र न्यायपालिकाका आधारभूत मान्यताहरुलाई संक्षेपमा चर्चा गरिएको छ । त्यस्तै न्यायिक स्वतन्त्रतालाई प्रत्यक्ष रुपमा प्रभाव पार्ने न्यायपालिकाको संगठनात्मक स्वतन्त्रता, कार्यगत स्वतन्त्रता र परिस्थितिजन्य स्वतन्त्रताको विवेचना गरी यी ३ वटै पूर्वाधारहरु के-कसरी एक अर्कासँग अन्तरसम्बन्ध राख्दछन् भनि तुलना गर्ने प्रयाससमेत गरिएको छ । स्वतन्त्र न्यायपालिकाका यी ३ वटै पूर्वाधारहरुमध्ये कुनै एकको अभावमा न्यायपालिकाको स्वतन्त्रता जिवन्त रहन नसक्ने सम्बन्धमा अदालतबाट प्रतिपादित केही सिद्धान्तहरुलाई समेत उल्लेख गरिएको छ । जस्तैः न्यायाधीशहरुको नियुक्तिको प्रश्न, न्यायका मान्य सिद्धान्तहरुको अनुसरण गर्नुपर्ने र न्यायपालिकाको छविलाई स्वच्छ र निष्पक्ष राख्नुपर्ने सिद्धान्तहरु विशेष उल्लेखनीय छन् ।

स्वतन्त्र न्यायपालिकाको अवधारणालाई जगेर्ना गर्नका लागि मानव अधिकार सम्बन्धि विभिन्न दस्तावेज, सिद्धान्त र प्रथागत मान्यताहरु विकसित हुँदै आएको एक्काइसौं शताब्दीको विश्वव्यापीकरणको परिवेसमा विभिन्न देशहरुले उक्त मान्यताहरुका आधारमा व्याख्यासमेत गर्नुपर्ने भएको र नेपाल १६ वटाभन्दा बढी महत्वपूर्ण मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुको पक्षकार समेत रहेको हुँदा उक्त मापदण्डको प्रयोग र व्याख्या गर्नमा न्यायपालिकाको भूमिका महत्वपूर्ण रहेको हुँदा सो मापदण्डभित्रका स्वतन्त्र न्यायपालिकासँग सम्बद्ध प्रावधानहरुलाई विशेष महत्व साथ प्रस्तुत पुस्तिकामा समेटिएको छ ।

प्रस्तुत सन्दर्भपुस्तिका मुलतः जिल्ला अदालतप्रति लक्षित रहेको हुँदा न्याय सम्पादन कार्यमा शुरु अदालतको महत्व र न्यायिक स्वतन्त्रतासम्बन्धी अवधारणागत प्रष्टताका लागि संवैधानिक एवं कानुनी संरचनाको विश्लेषणका साथै केही महत्वपूर्ण उदाहरणहरु पनि प्रस्तुत भागमा उल्लेख गरिएको छ ।

साथै समानतासम्बन्धी अवधारणा न्याय सम्पादनको मेरुदण्ड भएको हुँदा उक्त अवधारणालाई सारभूत समानताको मूल प्रवाहमा समाहित तुल्याउनका लागि प्रस्तुत पुस्तिकामा लैंगित समानता सम्बन्धी अवधारणालाई पनि विशेष महत्वका साथ चर्चा गरिएको छ । प्रस्तुत सन्दर्भ पुस्तिका विद्यमान कानुनहरुको सकारात्मक प्रयोग र व्याख्याप्रति लक्षित रहेको हुँदा कानुनमा विद्यमान रहेको लैंगिक असमानतालाई प्रत्यक्षत इंगित नगरी भएका कानुनहरुको सकारात्मक प्रयोग र व्याख्यामा अदालतको प्रमुख भूमिका रहनुपर्ने कुरामा जोड दिइएको छ । लैंगिक समानताको सम्मान र वहालीको अभ्यास जिल्ला अदालतदेखि नै हुनुपर्ने भएको हुँदा तत्सम्बन्धी

मापदण्डलाई प्रस्तुत पुस्तिकाको आकर्षणको रुपमा राखिएको छ। महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव निर्मुलनसम्बन्धी महासन्धी (CEDAW) लगायतका अन्तर्राष्ट्रिय मापदण्डहरु, समानता सम्बन्धी संवैधानिक संरचना र सारभूत समानता सम्बन्धी सिद्धान्तसमेतको आधारमा लैंगिक समानताको सकारात्मक व्याख्या गर्दै रिना वज्राचार्यसमेत विरुद्ध आर.एन.ए.सी.को मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित भएको सिद्धान्तलाई अद्वितीय नमुना (Landmark) को रुपमा प्रस्तुत पुस्तिकामा चर्चा गरिएको।

२) **न्यायसम्पादन कार्यविधिमा जिल्ला अदालतको भूमिका:** सन्दर्भपुस्तिकाको भाग दुई जिल्ला अदालतको न्याय सम्पादन सम्बन्धी कार्यविधिगत प्रक्रियासँग सम्बन्धित छ। अदालतको कार्यविधि सम्बन्धमा संघसंस्था र न्यायक्षेत्रका विज्ञहरुद्वारा निर्माण भएका केही पुस्तकहरु यस अघि पनि प्रकाशित भइसकेका छन्। जस्तै माननीय न्यायाधीश श्री ज्ञाइन्द्र बहादुर श्रेष्ठद्वारा तयार भई सर्वोच्च अदालतबाट प्रकाशित 'इजलास पुस्तिका', सर्वोच्च अदालतबाटै प्रकाशित भएका 'कार्यविधि निर्देशिका', 'अदालत कार्यविवरण निर्देशिका' र हाल माननीय न्यायाधीशज्यूहरु प्रेम शर्मा तथा इश्वर प्रसाद खतिवडा सम्मिलित भई तयार भएको सर्वोच्च अदालतको प्रकाशोन्मुख 'दुनियाँवादी मुद्दा कार्यविधि दिग्दर्शन' र सेलर्डद्वारा प्रकाशित 'फौजदारी कार्यविधि दिग्दर्शन'हरु विषेश उल्लेखनीय छन्। साथै न्यायपरिषद्द्वारा आयोजना हुने न्यायाधीशहरुको सभा-सम्मेलनमा संकलित कार्यपत्र एवं सुझावहरुसमेतलाई समेटी प्रकाशनलाई पनि अदालतको कार्यविधि सूचारु तवरबाट चलाउने थप सामाग्रीको रुपमा लिन सकिन्छ। प्रस्तुत सन्दर्भपुस्तिकाको भाग दुइमा पनि यीनै पूर्व प्रकाशित कार्यविधिगत व्यवस्थाहरु नै समावेश गरिएका छन् तथापी यसको उद्देश्य न्याय सम्पादन सम्बन्धी कार्यविधिमा जिल्ला अदालतको भूमिकालाई बढी प्रष्ट पार्ने रहेको हुँदा तत्सम्बन्धी प्रक्रियाहरुलाई मात्र जोड दिइ आवश्यकता अनुसार उक्त प्रावधानहरुको विश्लेषण समेत गरिएको छ।

सरकारवादी फौजदारी मुद्दामा अपनाइने प्रक्रियाहरुमा मुद्दा दायर हुनुपूर्व खास गरी म्याद थपमा अदालतको भूमिका, मुद्दा दायर हुँदाको अवस्थामा सुक्ष्मतापूर्वक अदालतले अवलोकन गर्नुपर्ने अभियोगपत्र लगायतका मिसिल संलग्न महत्वपूर्ण कागजातहरु, अपनाउनुपर्ने फौजदारी न्यायका आधारभूत मान्यताहरुप्रति जिल्ला अदालत विशेष संवेदनशिल रहनुपर्ने कुराहरु प्रस्तुत पुस्तिकाले प्रकाश पारेको छ।

त्यस्तै पुस्तिकाको भाग २ को विषयसूचीमा मुद्दा दर्ता, व्यवस्थापन लगायतका न्याय सम्पादनसम्बन्धी सम्पूर्ण प्रक्रियाहरुका सम्बन्धमा विद्यमान कानुनी व्यवस्था खास गरी जिल्ला अदालत नियमावली (वर्तमान संशोधनसहित) मा उल्लेखित जिल्ला अदालतसँग प्रत्यक्ष वा परोक्ष रुपमा सान्दर्भिक मुलभूत प्रावधानहरुलाई समेटिएको छ। उक्त भागमा उल्लेखित प्रक्रियाहरुमध्ये जिल्ला अदालतको अन्तरर्निहित अधिकारलाई (परिच्छेद २ (४.२)) नविनतम प्रयोगको रुपमा राखिएको छ। जस अनुसार कानुनी प्रावधानको व्याख्याको प्रश्नमा र कानुन मौन रहेको अवस्थामा अदालतले आफ्नो अन्तरनिहित अधिकारको प्रयोग गर्दा यसै पुस्तिकाको भाग १ मा उल्लेखित न्याय सम्पादनका सारभूत मान्यतालाई पुस्तिकाको भाग २ को सैद्धान्तिक खुराकको रुपमा लिनुपर्ने हुन्छ। यस अर्थमा प्रस्तुत सन्दर्भपुस्तिकाका दुवै भागहरु एक अर्काका परिपुरक हुन् र न्याय सम्पादनको संस्थागत सुद्धिढिकरणका लागि उत्तिकै महत्व पनि राख्दछन्।

## सन्दर्भपुस्तिका प्रयोग विधि :

प्रस्तुत जिल्ला अदालत सन्दर्भपुस्तिकाको प्रयोग गर्दा निम्न लिखित कुराहरुमा समेत ध्यान दिनु आवश्यक छ:

१) सन्दर्भपुस्तिका ऐन, नियममा रहेका प्रावधानको विकल्प स्वरुप तयार गरिएको होइन। जहाँ संविधान वा कानुनमा प्रयोग भएका भाषा वा प्रावधानको प्रयोग गर्नुपर्ने अवस्था आउँछ, त्यस अवस्थामा संविधान वा सम्बन्धित ऐन, नियमका प्रावधान नै हेरी काम कारबाही गर्नुपर्छ। सन्दर्भपुस्तिकाले त्यस्ता प्रावधान पहिल्याउन र अवधारणागत विषयवस्तुको जानकारी प्राप्त गर्न सम्म मद्दत गर्दछ।

२) सन्दर्भपुस्तिकाले न्यायिक प्रचलनमा रहेका कतिपय मान्यताहरुका सम्बन्धमा सूचनामूलक जानकारी प्रदान गर्दछ। त्यस्ता कुराहरुको प्रयोग यथास्थानमा विवेकसंगत ढंगले गर्नु प्रयोगकर्ताको कर्तव्य बन्दछ।

३) सन्दर्भपुस्तिकामा सर्वोच्च अदालतबाट प्रतिपादन भएका केही नजिरहरु समेत प्रसंगवश उल्लेख भएका छन्। त्यस्ता नजिरहरुले विषयवस्तुलाई प्रष्ट पार्न केही सहयोग गर्लान्। नजिरको समग्रतामा अध्ययन छुट्टै विषय हुन सक्दछ।

४) कानुनमा विविधता, व्यापकता र विशिष्ठता थपिंदै आएको हुँदा एउटै पुस्तकाकार रुपमा अध्ययन गर्नु असम्भव हुँदै आएको छ। सन्दर्भ ग्रन्थको सहयोगले सान्दर्भिक कानुन पहिल्याउन मद्दत गर्ने भएबाट यस्ता पुस्तिकाको प्रयोग गर्ने अभ्यास गर्नु आवश्यक छ।

५) विभिन्न कानुनमा बेलाबखत हुने गरेका संशोधनका कुरालाई आफ्नो साथमा रहेको सन्दर्भ पुस्तिकामा समावेश गर्ने वा सांकेतिक रुपमा जनाई राख्ने गर्नाले अद्यावधिक कानुनी ज्ञान पनि प्राप्त हुन्छ र उपयोगिता बढ्न जान्छ। तसर्थ संशोधित कानुन व्यवस्था र सन्दर्भपुस्तिकामा उल्लेख भएका कुराहरुका बीचमा आउने अन्तर हटाउन प्रयोगकर्ता स्वयंले विशेष सचेष्ट रहनुपर्दछ। ■

# भाग एक

स्वतन्त्र न्यायपालिका:

## जिल्ला अदालतको भूमिका

# २. स्वतन्त्र न्यायपालिका (Independence of Judiciary)

## २.१. सामान्य अवधारणा

- "स्वतन्त्र" शब्दले कसैको पनि नियन्त्रण वा प्रभाव नहुनुलाई जनाउँछ ।[१] अन्य कसैको हस्तक्षेपविना आफैंले निर्णय लिन सक्नुलाई पनि "स्वतन्त्रता" को परिभाषामा समेटिएको छ ।[२]
- Judicial Independence:[३]
  - Judicial: Belonging to the office of a judge; as judicial authority, relating to or connected with the administration of justice as a judicial officer.
  - Independence: The State of condition of being free from dependence, subjection or control.
- न्यायपालिकाको सन्दर्भमा "स्वतन्त्रता" ले न्यायिक कारबाही एवं क्रियाकलापमा कार्यपालिका वा व्यवस्थापिका लगायत कसैको हस्तक्षेप नहुनुलाई बोध गराउँदछ । शक्ति पृथकीकरणको सिद्धान्त (Separation of Power) मा न्यायपालिकाको स्वतन्त्रता आधारित रहेको छ ।

  यो विधिशास्त्रीय अवधारणाले विश्वव्यापी मान्यता प्राप्त गरेको छ । न्यायपालिकाको स्वतन्त्रता न्यायिक कार्यवाही र प्रशासनको सन्दर्भमा न्यायिक निकायको स्वाधीनतासँग सम्बन्धित रहेको छ । यसले नागरिकको न्याय प्रतिको पहुँच र न्यायिक कार्यवाहीको स्वच्छताको अधिकारसँग पनि तादाम्यता राखेको हुन्छ ।

## २.२. सामान्य विशेषता

### २.२.१. न्याय र समानता

- न्याय समानतामा आधारित हुन्छ । यो स्वेच्छाचारिता रहित हुनुपर्दछ । यसो हुन नसकेमा यसबाट निराधार असमानताको जन्म हुन्छ ।
- न्यायको परिसीमा व्यापक हुन्छ र यसले सामाजिक न्याय, राजनीतिक न्याय, आर्थिक न्याय, कानुनी न्याय आदि सबैलाई समेटेको हुन्छ । अदालतबाट प्रदान गरिने "न्याय" को सम्बन्ध कानुनअनुरूप प्रदान गरिने न्यायसँग रहेको हुन्छ । "कानुनी न्याय" मा कानुनको सर्वोच्चता (Supremacy of Law) अन्तर्निहित रहेको हुन्छ ।[४] कानुनको सर्वोच्चता, कानुनको शासनको अवधारणाको आधारशिला हो ।

### २.२.२. कानुनको शासन/कानुनको सर्वोच्चता

- "सर्वोच्चता" शब्दले सर्वोच्च शक्ति, सर्वोच्च क्षमता र सर्वोच्च हैसियतको विद्यमानतालाई जनाउँछ ।[५]
- कानुनको सर्वोच्चता र कानुनको शासनलाई एक अर्काका पर्यायवाचीका रूपमा पनि लिइन्छ । यी दुवै अवधारणाले राज्यका सम्पूर्ण निकायहरू कानुनद्वारा संचालित हुन्छन् भन्ने मान्यतालाई आत्मसात् गरेको हुन्छ । अदालतको निर्णय पनि न्यायाधीशको स्वविवेकीय हस्तक्षेपमा आधारित नभई निर्दिष्ट कानुन र प्रतिपादित मान्य सिद्धान्त सम्मत हुनुपर्छ ।[६] प्रसिद्ध संविधानविद् डाइसी (Dicey) का अनुसार कानुनको शासनमा निम्नलिखित विशेषताहरू रहन्छन्:[७]

---

१ Black's Law Dictionary, Centennial 7th Edition, (1999), p. 774

२ Oxford Advanced Learner's Dictionary , 6th Edition, Oxford Univesity Press, India, (2000) p. 659.

३ Deluxe Black's Law Dictionary, 6th Edition, Centennial Edition , USA, (1990) p.p. 770, 846.

४ S.L.A. Khan, **Justice Bhagwati on Fundamental Rights and Directive Principles**, Deep & Deep Publication (1996), p. 77

५ Oxford Advanced Learner's Dictionary , 6th Edition, Oxford Univesity Press, India, (2000) p. 1308. See also, Blacks Law Dictionary, 7th Edition, p.1454 (The position of having the superior or the greatest power or authority).

६ Blacks Law Dictionary, 6th Edition (1990), p. 1332. "The Rule of Law sometimes called 'The Supremacy of Law', provides that decision should be made by the application of known principles or laws without the intervention of discretion of their application."

७ Dicey, **Law of Constitution**, MacMillan, 10th Edition (1959), p.202-203.

(क) कानुनको शासन भनेको त्यस्तो शासन हो जहाँ व्यक्तिहरू कानुनद्वारा शासित हुन्छन् । कानुनको उल्लंघन गरेको अवस्थामा मात्र कसैलाई सजायको भागी बनाउन सकिन्छ । कानुनको अभावमा गरिएको कार्यका लागि कसैलाई पनि दण्डित गर्न मिल्दैन ।

(ख) कानुन भन्दा माथि कोही पनि हुँदैनन् र कानुनको अगाडि सबै समान हुन्छन् ।

(ग) "कानुनको शासनभित्र कसैलाई पनि क्रुर, अमानवीय वा असमानतापूर्ण व्यवहार गर्न हुँदैन । शान्ति सुरक्षाकै उद्देश्य राखेर पनि राज्यले कसैप्रति यस्तो भेदभावपूर्ण र अमानवीय व्यवहार गर्न हुँदैन ।"[८]

- कानुनको शासन सम्बन्धी अवधारणाले जस्तोसुकै कानुन भए पनि मान्य हुने मान्यता राख्दैन । विधायिकाद्वारा निर्मित कानुन स्वयंमा स्वच्छ, तर्कसंगत र न्यायपूर्ण हुनुपर्दछ भन्ने आधारभूत सिद्धान्त हो । त्यसैले कानुन स्पष्ट, दवाबरहित र विवेकसंगत हुनुपर्छ भन्ने मान्यताको सम्वर्धन गर्दछ ।[९]
- कानुनको शासन, कानुनको सर्वोच्चता र कानुनको सृजनशील प्रयोगका सम्बन्धमा सर्वोच्च अदालतले केही महत्वपूर्ण सिद्धान्तहरू प्रतिपादन गरेको पाइन्छ । कानुनको राज भनेको प्रष्टसँग कानुनद्वारा कोरिएको निर्दिष्ट घेराको मर्यादा कायम राख्नु हो भनी ललितरत्न शाक्यको मुद्दामा व्याख्या भएको छ ।[१०]
- कानुनको शासन (Rule of Law) र कानुनको सर्वोच्चता (Supremacy of Law) का सम्बन्धमा वेदकृष्ण श्रेष्ठ वि. सेक्रेटरी उद्योग वाणिज्य खाद्य सिभिल सप्लाइजको मुद्दामा प्रधान न्यायाधीश हरिप्रसाद प्रधान समेतबाट भएको व्याख्याले ऐतिहासिक महत्व राखेको छ । उक्त मुद्दामा "लालमोहर लगाउँदा श्री ५ महाराजाधिराजले 'हामी' लगायत शब्द प्रयोग गरी बक्सेकोले ऐनको बन्देजमा मौसुफ स्वयम् पनि बस्ने शाही इच्छा प्रकट गरिबक्सेको देखिन्छ । त्यस्तो भए तापनि राजाबाट केही अन्याय हुँदैन (King can do no wrong) भन्ने कानुनी सिद्धान्त हुनाले मौसुफका नाममा रिट दिने अधिकार नभएको हो । तर मौसुफलाई सल्लाह दिनेहरू ऐनको बन्देजभित्र रही सबैलाई दिनुपर्ने कानुनी दृष्टिमा सरकारको उत्तरदायित्व हुने" भनी कानुनको सर्वोच्चताको व्याख्या गर्दै "सरकारी कर्मचारीलाई पनि सामान्य कानुन नै लाग्ने, छुट्टै ऐन एवम् अदालतको प्रश्नै नउठ्ने"[११] भनी कानुनको समान संरक्षण एवम् सृजनशील प्रयोग गर्नु पर्नेतर्फ न्यायपालिकाले अग्रसरता प्रस्तुत गरेको पाइन्छ । यस फैसलाले न्यायपालिकाको कानुनी शासनको अवधारणा प्रतिको प्रगतिशील अवधारणाको उजागर गर्दछ ।
- स्वतन्त्र र निष्पक्ष न्यायपालिका कानुनको शासनको धरोहर हुन् । कानुनको शासनको स्थापनाका लागि राज्यले न्यायिक संयन्त्रको निर्माण गरेको हुन्छ । "ऐनबमोजिम राज्यको काम भएको छ छैन भनी विचार गर्ने काम न्यायपालिकाको हुन्छ । न्यायपालिकालाई विधिको संरक्षक (Guardian) मानिएको छ ।"[१२]
- "स्वतन्त्र एवं सक्षम न्यायप्रणालीको व्यवस्था गरी कानुनी राज्यको अवधारणालाई साकार पार्ने[१३] समेतको उद्देश्य राखिएको नेपाल अधिराज्यको संविधान देशको मूल कानुनको रूपमा रहेको छ । संविधानसँग बाझिने कानुन बाझिएको हदसम्म अमान्य हुने संवैधानिक व्यवस्था गरिएको छ ।[१४] संविधानको प्रस्तावनाको भावना प्रतिकूल हुने गरी संविधानको संशोधन गर्न नपाइने भन्ने संवैधानिक प्रावधानले कानुनको शासनको अपरिहार्यतालाई पुष्टि गर्दछ ।[१५]

---

८ *Rabinder Singh* v. *Union of India,* AIR, 1983, SC, 65. को मुद्दामा डायसीको यो सिद्धान्तको अनुसरण गरिएको छ ।

९ *Menaka Gandhi* v. *Union of India* (1978)SC 597.

१० *ललितरत्न शाक्य* वि. *श्री ५ को सरकार, वन तथा भू-संरक्षण मन्त्रालय समेत,* उत्प्रेषण, ने.का.प. २०५०, अंक २, नि.नं. ४७०३, पृ. १२०

११ ने.का.प. २०१६, नि.नं. ४७ (फु.वे.) पृ. २४५

१२ ने.का.प. २०१६, पृ.ठ २३४ फु.वे.

१३ नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावना

१४ ऐ. धारा १

१५ ऐ. धारा ११६ (१)

## २.३ स्वतन्त्र न्यायपालिकाका आधारभूत मान्यताहरू[१६]

संयुक्त राष्ट्र संघले विश्वका सबै सदस्य राष्ट्रहरूमा स्वतन्त्र न्यायपालिकाको स्थापना हुनुपर्छ भन्ने मान्यता राखेको छ ।[१७] स्वतन्त्र न्यायपलिकाको लागि संयुक्त राष्ट्र संघले निर्माण गरेका मापदण्डहरूलाई सदस्य राष्ट्रका सरकारहरूले राष्ट्रिय परिवेशमा कानुनको निर्माण गरी त्यसै अनुरूपको आचरण र व्यवहार गर्नु पर्ने हुन्छ । स्वतन्त्र न्यायपालिकाको निर्माण गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने अवयवहरू न्यायाधीश, अभियोजनकर्ता, अनुसन्धान अधिकारी, कानुन व्यवसायी आदि सबै समर्पित र सदा प्रतिबद्ध रहनुपर्दछ । स्वतन्त्र एवं सक्षम न्यायप्रणालीको व्यवस्था गरी कानुनी राजको अवधारणालाई साकार पार्ने प्रतिबद्धता नेपाल अधिराज्यको संविधानमा जाहेर गरिएको छ ।[१८]

स्वतन्त्र न्यायपालिका आफैंमा परिपूर्ण हुने नभई यसका अवयवहरूको कार्यले यसको प्रभावकारिता निर्धारण गर्दछ । न्यायालयको बृहत् अवधारणा अन्तर्गत रहेर कार्य गर्ने संचालकहरूको व्यवहारले न्यायालय प्रतिको आस्था, मूल्य, मान्यता र आदर्शको संरचना तैयार गर्ने भएकाले संचालकहरूको कार्य वा व्यवहार स्वतन्त्र न्यायपालिकाको अवधारणा अनुकूल हुनुपर्दछ । स्वतन्त्र न्यायपालिकाको निर्माण गर्ने कार्य न्यायालयमा कार्यरत कर्मचारीहरूको मात्र हुन सक्दैन । न्याय सम्पादनमा हुने सबै कार्यहरू न्यायालयमा रहने न्यायाधीश र सहयोगी कर्मचारीहरूबाट मात्र सम्पन्न हुन सक्छ भन्ने मिथ्या कल्पना हुन जान्छ । स्वतन्त्र न्यायपालिकाको अस्तित्व संचालकहरूको साझा उत्तरदायित्व र कर्तव्यप्रतिको इमानदारिताबाट मात्र हुन सक्ने भएकाले यसको लागि सबै निकाय वा संगठनमा कार्यरत सबैको समान रूपमा दायित्व वा जिम्मेवारी हुने हुन्छ । तसर्थ, सबै निकाय वा अवयवहरू उत्तिकै सक्षम, स्वतन्त्र र व्यावसायिक हुन सक्नु पर्दछ ।

- स्वतन्त्र न्यायपालिकाको सुनिश्चितता गर्ने कार्य राज्यको हो । राज्यले संविधान र कानुनद्वारा यसको सुनिश्चितता प्रदान गर्नु पर्ने हुन्छ । सरकार र अन्य निकायहरूको अदालत प्रति रहने सम्मान र प्रदान गरिने सहयोगबाट व्यवहारतः स्वतन्त्र न्यायपालिका स्थापित हुन सक्तछ ।
- न्यायपालिकाले विवादमा आएका विषयहरूको तथ्य र प्रचलित कानुनले दिएको सीमामा रहेर पक्षपात रहित एवं स्वतन्त्र ढंगले निर्णय गर्नुपर्ने हुन्छ, जसमा कुनै प्रतिबन्ध, अवाञ्छित प्रभाव, लोभ लालच, मोलाहिजा, दबाब, धम्की वा प्रत्यक्ष अप्रत्यक्ष प्रभावहरू कुनै क्षेत्रबाट वा कुनै दिशाबाट हुनु हुन्न । यसमा सुनिश्चितता प्रदान गर्ने दायित्व राज्य, सरकार वा मुलुकमा रहेका अन्य सबै निकायहरू, संस्था एवं व्यक्तिसमेत सबैमा रहन्छ ।
- कुनै पनि न्यायिक प्रकृतिका विवादहरूमा प्रचलित कानुनले परिभाषित गरेको सीमा वा परिधिभित्र रहेर निर्णय गर्ने वा विवादको विश्लेषण गरी व्याख्या गर्ने र निर्क्यौलमा पुग्ने जिम्मेवारी न्यायालयमा रहेको हुन्छ ।
- न्यायालयको न्यायिक काम कारबाहीमा कुनै हस्तक्षेप हुन हुँदैन । अदालतबाट भएको फैसला वा आदेश स्वभावैले अन्तिम हुन्छ ।

  अदालतको आदेश वा फैसला कानुनबमोजिम माथिल्लो तहको अदालतबाट परिवर्तन वा हेरफेर गर्ने बाहेक कुनै अन्य निकायबाट यसको पुर्नविचार, हेरफेर वा थपघट हुन सक्दैन ।
- सबैलाई समान रूपमा सामान्य अदालत वा न्यायिक निकायहरूमा प्रचलित कानुनअनुसार न्याय

---

१६ स्वतन्त्र न्यायापालिकाका आधारभूत मान्यताहरूलाई सन् २००० को अप्रिल महिनामा न्यायिक इमानदारितालाई बढावा दिने समूह (Judicial Group on Strengthening Judicial Integrity) को भियनामा भएको पहिलो न्यायाधीशहरूको वैठकले प्रारम्भिक संरचना तयार गरेको थियो, जसमा नेपालको तर्फबाट सर्बोच्च अदालतका न्यायाधीशले भाग लिनु भएको थियो । सन् २००१ को फेब्रुअरी महिनामा भारतको बैगलोरमा सम्पन्न भएको सोही समूहको दोस्रो बैठकले उल्लेखित सिद्धान्तहरूलाई स्वतन्त्र न्यायपालिकाको लागि अपरिहार्य ठानी निरन्तरता प्रदान गरेको थियो । दोस्रो बैठकमा नेपाल लगायत नाइजेरिया, तान्जानिया, युगाण्डा, दक्षिण अफ्रिका, श्रीलंका, भारत, बंगलादेशका न्यायाधीशहरूको सहभागिता थियो । नेपालबाट प्रधान न्यायाधीश श्री केशवप्रसाद उपाध्यायले भाग लिनु भएको थियो । तेस्रो बैठक सन् २००३ मा कोलम्बोमा सम्पन्न भएको थियो । सो बैठकमा प्रधान न्यायाधीश श्री केदारनाथ उपाध्यायले भाग लिनुभएको थियो । यसले अन्तिम स्वीकृति पाउन बाँकी नै छ ।

१७ Seventh United Nations Congress on the Prevention of Crime and the Treatment of Offenders, Manila from 26 August to 6 September 1985 and endorsed by General Assembly resolutions 40/32 of 29 November 1985 and 40/146 of 13 December 1985.

१८ नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावना ।

निरूपणका लागि उपस्थित हुन पांउने अधिकार रहेको हुन्छ । न्यायिक निकायहरूले समेत न्यायिक प्रक्रियाको कममा सामान्य अदालतबाट हुनुपर्ने कार्यविधिलाई अन्यथा गरेर व्यवहार गर्न सक्ने अवस्था रहन्न ।

- न्यायिक प्रक्रियामा स्वच्छता र पक्षको अधिकारको उच्चतम् सम्मान गरिन्छ भन्ने विश्वासमा स्वतन्त्र न्यायपालिकाको सैद्धान्तिक आधार टिकेको हुन्छ ।
- संयुक्त राष्ट्र संघका सबै सदस्य राष्ट्रहरूले न्यायपालिकालाई आफ्नो कर्तव्य निर्बाध रूपमा पुरा गर्ने वातावरण निर्माणका लागि राष्ट्रिय कानुनमा सुधार गर्ने दायित्व बोकेका छन् । मुलुकले अन्तर्राष्ट्रिय जगत्मा जाहेर गरेका प्रतिबद्धता अनुरूप कार्य गर्नु नेपालको सन्दर्भमा पनि राष्ट्रिय दायित्वको विषय बनेको छ ।

### अभिव्यक्ति र संगठनको स्वतन्त्रता

मानव अधिकारको विश्वव्यापी घोषणाअनुसार न्यायपालिकामा सेवारत व्यक्तिहरूलाई पनि अन्य नागरिक सरह अभिव्यक्ति, आस्था र भेला वा संगठन गर्ने स्वतन्त्रता रहन्छ । यस्तो अवस्थामा न्यायाधीशले आफ्ना कार्यहरू न्यायाधीश र न्यायालयको पदीय एवं संस्थागत दायित्व विचार गरी न्यायिक निष्पक्षता र स्वतन्त्र न्यायपालिकाको मर्यादा अनुकूल मात्र गर्नु पर्ने हुन्छ । न्यायाधीशहरूले न्यायाधीशहरूकै समूह वा समाजमा सामेल भएर आफ्नो वर्गीय स्वार्थको रक्षा गर्ने, न्यायाधीशहरूकै प्रतिनिधित्व गर्ने, संगठनमा सक्रिय रूपमा सामेल हुने लगायत व्यावसायिक दक्षता वृद्धि गर्ने कार्यमा सरिक भई क्षमता बढाएर स्वतन्त्र न्यायपालिकाको रक्षा गर्नु पर्ने हुन्छ ।[१९]

## स्वतन्त्र न्यायपालिकाका आधारहरू

स्वतन्त्र न्यायपालिकाको स्थापना र संचालनका लागि राज्यले कानुन निर्माण गरी स्वतन्त्र बनाउंने, उपयुक्त र आवश्यक जनशक्तिको व्यवस्था गर्ने तथा भौतिक स्रोत जुटाउनु पर्ने हुन्छ । यसका साथै स्वतन्त्र न्यायपालिकाको अनुभूति दिलाउंने कार्य भने न्यायपालिकासँग सम्बद्ध रहने न्यायाधीशहरू, सरकारी वकिलहरू, कानुन व्यवसायीहरू, कानुन लागू गराउंने पदाधिकारीहरू र अन्य सम्बद्ध अधिकृत र सहयोगी कर्मचारीहरूको आचार, व्यवहार, मूल्य, मान्यता, निष्ठा र परिश्रममा पनि न्यायपालिकाको स्वतन्त्रता निर्भर रहन्छ । कानुन, नियम वा कानुनका आधारभूत मान्यता वा सिद्धान्तहरूको प्रयोग न्यायिक स्वतन्त्रताका लागि गर्नुपर्ने हुन्छ । राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा स्वीकारिएका निश्चित नियमहरू वा सिद्धान्तहरूले कानुनी राज्यको अवधारणालाई व्यवहारमा लागू गर्न सहयोगी भूमिका निर्वाह गर्दछन् । न्याय सम्पादन गर्दाको अवस्थामा न्यायाधीश तथा न्यायको क्षेत्रमा सेवारत सबैले निश्चित आचार वा नियमहरूलाई पालना गर्नै पर्ने हुन्छ । न्यायिक निष्ठा बढाउन प्रतिबद्ध न्यायाधीशहरूका आचार वा नियमका अतिरिक्त न्यायकर्मीहरूले पालन गर्नै पर्ने आचार वा नियमहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- सद्व्यवहार (सदाचार) (Propriety)
- स्वतन्त्रता (Independence)
- निष्ठा (Integrity)
- निष्पक्षता (Impartiality)
- समानता (Equality)
- सक्षमता र परिश्रमी (Competence and Diligence)

## सद्व्यवहार (सदाचार)

सदाचारमा रहनु र सोही मुताबिक व्यवहार गरेको देखिनु न्यायाधीश र न्यायक्षेत्रमा संलग्न सबैको अपरिहार्य व्यावसायिक आचरण हो । न्यायको नाममा कानुनको व्याख्या गर्ने र औपचारिक स्वच्छताको अवस्था स्थापित

१९ Basic Principles No. 8, Adopted by the Seventh United Nations Congress on the Prevention of Crime and the Treatment of Offenders held at Milan from 26 August to 6 September 1985 and endorsed by General Assembly resolutions 40/32 of 29 November 1985 and 40/146 of 13 December 1985

गरेर मात्र हुँदैन । यसको लागि न्याय गरेको वा न्याय पारेको जस्तो पनि देखिनु पर्दछ । न्याय सेवासँग सम्बद्ध व्यक्तिहरूले गरेको व्यवहारबाट वा देखाएको आचरणबाट सम्पूर्ण न्यायिक क्षेत्र प्रतिको धारणा बन्ने गरेको हुन्छ । यसैबाट न्याय निरूपणको प्रक्रियाले दूरगामी प्रभाव छोड्ने र न्यायिक गतिविधि निर्देशित हुने गर्दछ । अतएवं न्यायकर्ता र न्याय सेवामा संलग्न अन्य कर्मीहरूको सद्व्यवहारमा नै न्यायको आधारशिलाको निर्माण भएको हुन्छ ।

## स्वतन्त्रता

कानुनबमोजिम निष्पक्ष न्याय सम्पादनका लागि न्यायिक स्वतन्त्रता अनिवार्य सर्तको रूपमा रहन्छ । स्वतन्त्रताले न्याय सम्पादनको कार्यमा कुनै क्षेत्रबाट कसैको प्रत्यक्ष वा परोक्ष हस्तक्षेप नहुनुलाई स्थापित गर्दछ ।

त्यसैले, न्यायाधीश र न्याय निरूपणमा संलग्न न्याय कर्मीहरूको आचरण र व्यवहारबाट न्यायिक स्वतन्त्रता संस्थापित भएको देखिनुपर्दछ । न्यायिक स्वतन्त्रता यस अर्थमा न्यायमूर्तिहरू र अन्य न्यायकर्मीको प्रतिबद्धता, निष्ठा, निष्पक्षता र सृजनशीलतामा अभिव्यक्त हुने गर्दछ ।

## निष्ठा

न्याय निरूपण गर्ने व्यक्तिहरू नै आफू र आफू सम्बद्ध संस्था प्रति निष्ठावान् हुन नसके स्वतन्त्र न्यायपालिकाको मान्यताअनुरूप न्याय निरूपणको कल्पना गर्न सकिन्न । आचारविचार र बानीव्यहोराबाट आन्तरिक र बाह्य आधारहरू तैयार हुने भएकाले न्यायका क्षेत्रमा संलग्न रहेका सबैले आफनो कार्यमा निष्ठा प्रदर्शित गर्नु अपरिहार्य आवश्यकताको रूपमा रहेको हुन्छ ।

## निष्पक्षता

पक्ष विपक्ष कतैपट्टि पनि नलागी पूर्वाग्रह नराखी तटस्थ रहेर वस्तुगत आधार र विवेकयुक्त तर्कको सहयोगले ब्रम्ह (inner consciousness) ले देखेको निर्णय दिन सक्ने व्यक्ति नै न्याय सम्पादनको लागि उपयुक्त र अपरिहार्य मानिन्छ । यसैले निष्पक्षता न्यायिक कार्यको अत्यावश्यक र अनिवार्य सर्त हो । यो निर्णयको अवस्थामा मात्र पालना गर्ने विषय नभई निर्णय पूर्व गरिने न्यायिक प्रक्रियागत सम्पूर्ण कार्यमा समेत समान रूपमा लागू हुन्छ । अनुसन्धान, अभियोजन, पैरवी वा अन्तिम न्याय निरूपण न्यायिक प्रक्रियाका हरेक चरणमा निष्पक्षताको पूर्ण पालना सर्वाधिक आवश्यकता र महत्वको विषयका रूपमा रहन्छ ।

## समानता

जात, जाति, वर्ण, लिङ्ग, धनी-गरिब आदि कुराका आधारमा हुने भेदभावपूर्ण व्यवहारहरू न्याय निरूपणको कममा कहिल्यै स्वीकार नहुने कुरा 'सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिनु हुँदैन"[२०] भन्ने व्यवस्थाबाट नै स्पष्ट छ । न्यायको रोहमा सबै प्रति समानताको व्यवहार हुन्छ भन्ने विश्वास स्थापित गराउने कर्तव्य स्वयं न्यायकर्मीहरूमा रहेको हुन्छ । यसै गरी विवादका दुवै पक्षका बीच समानताको व्यवहार गर्नु र दुवैलाई समान दृष्टिले हेर्नु पनि यो समानताको मान्यताभित्र पर्दछ ।

## सक्षमता र परिश्रमी

न्याय सम्पादनमा संम्बद्ध व्यक्ति सक्षम, योग्य, दक्ष र परिश्रमी हुनै पर्दछ । न्यायाधीशले न्याय गर्न सक्दछ, अभियोजन कर्ताले अभियोग लगाउन सक्दछ, कानुन व्यवसायीले मुलुकको कानुनको यथार्थ चित्रण प्रस्तुत गर्न सक्दछ, अनुसन्धान अधिकृतले वास्तविक तथ्य पहिल्याउन र स्थापित गर्न सक्दछ भन्ने मान्यता स्थापित हुनै पर्दछ । न्यायाधीश र अन्य सबै न्यायकर्मीहरूको सक्षमता र परिश्रम स्वतन्त्र न्यायालयको पूर्वाधार र अनिवार्य सर्तको रूपमा रहेको मानिन्छ ।

न्याय निरूपणको कार्य अत्यन्त संवेदनशील र जटिल भए पनि न्यायकर्मीहरूको लगनशीलता, मिहिनेत र परिश्रमबाट यसलाई सरल र यथार्थपरक बनाउन सकिन्छ । त्यसै कारण न्याय क्षेत्रसँग सम्बद्ध रहनेले केही निश्चित मापदण्ड अनुरूपका कार्यहरू गर्ने र नियमको परिधिभित्र रहनै पर्ने हुन्छ । खास गरी न्यायाधीश, अभियोजनकर्ता, प्रतिरक्षी कानुन व्यवसायी, अनुसन्धान अधिकृत आदि सबैले निश्चित नियम र परिधिभित्र रहेर कार्य संचालन गरेको अवस्थामा मात्र न्याय सम्पादनले पूर्णता प्राप्त गर्न सक्तछ । न्यायकर्मीहरू बीचको सद्व्यवहार, उनीहरूबाट आफ्नो

२० ऐ. धारा ११(२) ।

कर्तव्य निर्वाह गर्दा समाजका व्यक्तिहरूसँग गरिने समान व्यवहार, न्याय निरूपणको क्रममा देखिएको निष्ठा, निष्पक्षता स्थापित गर्ने कार्यबाट नै स्वतन्त्र र सक्षम न्यायालयको स्थापना गर्न सकिन्छ ।

## न्यायाधीशको आचार र व्यवहार

- न्यायाधीशहरूले पालना गर्नु पर्ने आचरणका नियमहरू 'स्वच्छ न्यायिक प्रक्रियाका आधारशिला हुन् । वर्तमान अवस्थामा प्रचलित विधिशास्त्रले केही न्यायिक आचरणहरूलाई अपरिहार्य र आधारभूत मान्यताको रूपमा विकास गरेको छ । न्यायाधीशले न्यायसम्पादन गर्दा स्वतन्त्र भएर गर्नु पर्दछ । तथ्यको स्पष्ट मूल्यांकन र यसको कानुनमा रहेको तादात्म्यताको विश्लेषण गरी बाहिरी प्रभावबाट मुक्त मनस्थितिमा लोभ, मोलाहिजा, दबाव, धम्की, हस्तक्षेप वा कुनै प्रकारका कुनै तह वा स्थानबाट प्रत्यक्ष वा अप्रत्यक्ष प्रभावबाट मुक्त भई कानुनले दिएको अख्तियारी अनुरूप आफनो जिम्मेवारी पुरा गर्नुपर्दछ ।
- न्यायाधीशले न्यायिक निर्णय गर्दा सबै प्रकारका बाहिरी प्रभावबाट वा हस्तक्षेपहरूबाट मुक्त हुन सक्नु पर्दछ । न्यायाधीशको निर्णय तथ्य र कानुनको विश्लेषणबाट निकालिएको निचोडको रूपमा स्थापित हुनु पर्दछ ।
- न्याय सम्पादन गर्दा न्यायाधीश आफ्नै अदालतका अन्य न्यायाधीशहरूबाट पनि न्यायिक निर्णय गर्न स्वतन्त्र रहनुपर्दछ । स्वतन्त्र भएर आफनो निर्णयमा अडिग रहन सक्नु पर्दछ ।
- न्यायाधीशले संस्थागत र कार्यगत स्वतन्त्रतालाई न्याय सम्पादनको रक्षा कवचको रूपमा प्रयोग र उपयोग गर्नु पर्दछ ।
- न्यायाधीशले न्यायिक व्यवहारको उच्चतम आदर्श प्रस्तुत गरी जनविश्वास आर्जन गर्न सक्नु पर्दछ । अदालत प्रतिको जनविश्वास न्यायिक स्वतन्त्रता कायम राख्ने आधार स्तम्भको रूपमा रहेको हुन्छ ।
- न्यायाधीशको व्यवहार कसैले खोट लगाउन नसक्ने विवेकशील, जायज, न्यायिक मन भएको र पारदर्शी हुनु पर्दछ ।
- न्यायाधीशको बानी बेहोरा र व्यवहार समाजको विश्वास आर्जन गर्ने र न्यायालयको इमानदारिता झल्कने खालको हुनु पर्दछ ।
- न्यायाधीशले आफू कस्तो छु भन्ने आफैले मूल्यांकन गर्ने विषय भएकाले यस्मा नचुकी अरूको नजरमा पनि निष्ठावान् देखाउन सक्नुपर्दछ । अन्तर्मुखी भई आत्मनिरीक्षण गर्नु न्यायाधीशको लागि आवश्यक गुण हो ।
- पक्षपात, झुकाउ वा कसैप्रतिको आग्रह, दुराग्रहबिना न्यायिक कार्य सम्पन्न गर्नु न्यायाधीशको कर्तव्य र दायित्व हुन्छ ।
- न्यायाधीशले न्यायालयभित्र र बाहिरको आफनो व्यवहारले समाज, कानुन व्यवसायी र मुद्दाको पक्षको विश्वास प्राप्त गरी सबैको दृष्टिमा न्यायालयको निष्पक्षता देखाउंन सक्नु पर्दछ ।
- कानुनसम्मत ढंगले अदालतमा प्रवेश भएका सबै विवाद वा मुद्दाहरू तर्कसंगत ढंगले समाधान गरेको विश्वास जगाउन सक्नुपर्दछ ।
- न्यायालयका हरेक प्रक्रियाहरू तर्कसंगत र निष्पक्ष ढंगले सम्पन्न गरिन्छन् भन्ने मानिन्छ । न्यायालयमा न्यायिक प्रकिया र त्यसको अन्तिम नतिजा समेत निष्पक्ष गरिएको छ भन्ने देखाउंन र अदालतको वातावरण त्यसै अनुकूलको बनाउंन सक्नु पर्दछ । न्यायाधीशले कहिल्यै पनि अदालतमा विचाराधीन रहेका विवादका विषयमा सार्वजनिक वा व्यक्तिगत टिका टिप्पणी गरेर आफै विवादमा फस्ने कार्य गर्न हुँदैन ।
- न्यायाधीशले त्यस्ता सबै कार्यक्रम, भेला, सम्मेलन, स्थान वा अन्य कार्यहरूमा सरिक हुन स्वयं नियन्त्रण कायम गर्नुपर्छ, जुन कार्यले न्यायालयमा विचाराधीन मुद्दामा पक्षपात, दुराग्रह, अन्याय वा पूर्वाग्रह रहेको देखिने सम्भावना रहन्छ ।
- न्यायाधीशले पक्षपातपूर्ण निर्णय हुन सक्तछ भनी सामान्य समझका मानिसले विश्वास गर्ने किसिमका सबै कार्यहरू गर्नबाट आफूलाई पूर्ण रोक लगाउंनु पर्छ । उदाहरणार्थ:
  - ❑ न्यायाधीशलाई विवादको प्रक्रिया र तथ्यका

बारेमा पूर्ण जानकारी नभएको अवस्थामा विवाद हेर्नु हुँदैन,

- ❑ न्यायाधीशले पहिला कानुन व्यवसायी रहेको वा विवादको भौतिक साक्षी रहेको अवस्थाको विवाद हेर्नु हुँदैन,
- ❑ न्यायाधीश वा निजको परिवारको आर्थिक सरोकार वा विवादको निर्क्यौलका सम्बन्धमा कुनै स्वार्थ भएको अवस्थामा पनि त्यस प्रकारको विवाद हेर्न हुँदैन ।

- न्यायाधीशले आफू र आफना परिवारको आर्थिक सरोकार भएको विषयलाई नलुकाई पारदर्शी तुल्याउनु पर्दछ ।
- न्यायाधीशले नजिकका नातेदार, आफूले लेनदेन कारोबार गरेका मानिस, सेवक, एकाघर सगोलमा बसेका मानिस, आफ्नो झगडिया मानिस लगायत कानुनले निषेध गरेका अवस्थाका मानिसको मुद्दा पर्न आएमा आफूले हेर्न हुदैन ।[२१]
- पक्षले कुनै न्यायाधीशबाट आफ्नो मुद्दाको सुनुवाई भएमा पक्षपातपूर्ण वा अन्यायपूर्ण फैसला वा आदेश हुन्छ भनी लिखित रूपमा आधार देखाई वा कारण खोली निवेदन दिएमा त्यस्तो मुद्दा सम्बन्धित न्यायाधीशले हेर्न वा छिन्न हुँदैन ।
- पक्षलाई न्यायाधीश छान्ने र न्यायाधीशलाई पक्ष रोज्ने अधिकार रहन्न । यस्तो कार्यले पक्षपातपूर्ण व्यवहार हुन सक्ने भएकाले न्यायाधीशले यस्तो अवस्था नै आउंन दिनु हुँदैन ।
- न्यायाधीशले समाजको बनौट, सामाजिक र आर्थिक स्तर, समाज निर्माणको आधार र स्रोतहरू, जातजाति र यस्तै अन्य सामाजिक सन्दर्भका विषयमा चनाखो भई जानकारी राख्ने प्रयास गर्नु पर्दछ ।
- न्यायाधीशले आफ्नो आचार, व्यवहार, शब्द वा अन्य कुनै प्रकारको आचरण वा कार्यबाट न्याय सम्पादनमा कुनै व्यक्ति, समूह वा जातजातिमा पक्षपात भएको आभास हुन सक्ने कुरातर्फ सतर्क रही यस्ता कार्यको लाञ्छना लाग्न सक्ने अवस्थाबाट टाढा रहनुपर्दछ ।
- न्यायाधीशले पक्ष, साक्षी, कानुन व्यवसायी, अदालतका कर्मचारी र आफ्नै सहकर्मी न्यायाधीश सबैमा शालीन र समानताको व्यवहार गरी न्याय सम्पादनको कार्यलाई विवाद रहित बनाउंनु पर्दछ ।
- जानी-जानी अदालतका कर्मचारी, अदालतको प्रक्रियागत कुनै कार्य वा अदालतको फैसलामा कुनै व्यक्ति समूह वा कुनै वर्ग विशेषको पक्ष वा विपक्षमा असमान व्यवहार गर्न र असमान देखिने गरी हुने सबै प्रकारका व्यवहारहरूलाई न्यायाधीशले समयमै रोक्ने प्रयास गर्नु पर्दछ ।
- न्यायाधीशलाई अदालती कारवाही अगाडि बढाउंन कानुन व्यवसायीको सहयोगको आवश्यकता हुन्छ । कानुन व्यवसायीको सहभागिताबाट असमान व्यवहार भएको वा पक्षपात भएको छ भन्ने निराधार आरोपबाट मुक्त हुन सहयोग प्राप्त हुन्छ । यस व्यवहारले कानुन व्यवसायी राखी विवादको कारबाही र किनारा गर्नुपर्ने पद्धति र संस्कारको विकासमा बल प्राप्त हुन्छ ।
- न्यायाधीशले त्यस्तो कुनै समाज, संगठन वा समूहसँग सम्बद्ध हुन हुन्न जसबाट अदालतमा विचारधीन विवादमा भेदभावपूर्ण वा पक्षपातपूर्ण व्यवहार हुन्छ भन्ने देखिन्छ ।
- कुनै विवादको विषयमा छानविन गर्ने वा निर्क्यौल गर्ने कार्य गर्दा न्यायाधीशले कानुनको अख्तियारी एवं पक्षको सम्मतिको अभावमा स्वच्छन्द ढंगबाट कार्य गर्नु न्यायिक मर्यादा अनुकुल हुँदैन ।
- कानुनको अख्तियारी नभएको, पक्षलाई जानकारी नगराइएको तथा न्यायाधीशले गरेको कानुनी प्रक्रियासँग पक्ष सहमत नहुने अवस्थाको सिर्जना भएमा अदालतको कार्यविधि चालु राखी टुङ्गोमा पुग्ने कार्यबाट न्यायाधीश विवादमा तानिन सक्ने भएकाले यस्ता कार्यहरूबाट स्वयं नियन्त्रित हुन सक्नुपर्दछ ।
- न्यायाधीशले गर्ने न्याय सम्पादन सम्बन्धी सबै कार्यले समाजमा हुने अन्य सबै प्रकारका विवाद वा गतिविधिहरूलाई मार्गदर्शन प्रदान गर्ने भएकाले यस कुराको हेक्का न्यायाधीशमा रहनु आवश्यक हुन्छ ।

---

२१ मुलुकी ऐन अदालती बन्दोबस्तको ३० नम्बर ।

- न्यायाधीशले आफ्नो सम्पूर्ण व्यावसायिक गतिविधि र क्षमता न्याय सम्पादनको कार्यमा लगाउनु पर्दछ । यस्ता कार्यहरूलाई व्यापक रूपमा परिभाषित गर्न सकिन्छ । यस्ता कुराहरू अदालती प्रक्रिया र अदालतले निर्णय गर्दाको अवस्थामा मात्र लागू हुने नभई सम्पूर्ण न्याय निरूपणसँग सम्बद्ध र सरोकार राख्ने सबै निकायका कारबाही र त्यहाँ रहेका व्यक्तिहरूलाई समान रूपमा लागू हुन्छ ।

- न्यायाधीशले आफूमा ज्ञान, सिप, दक्षता र व्यावसायिक क्षमता विकास गर्न उपयुक्त वातावरणको निर्माण र सिर्जना गर्न निरन्तर प्रयत्नशील रहनु पर्छ ।

- अन्तर्राष्ट्रिय सन्धि-सम्झौता, घोषणा, प्रतिबद्धता वा तोकिएका अन्तर्राष्ट्रिय स्तर वा मानव अधिकारका विश्वव्यापी रूपमा स्वीकार गरिएका मान्यता र विषयहरू लगायत अन्तर्राष्ट्रिय कानुनको जानकारी तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा विकसित भएका कानुनका नवीनतम र पूरातन अवधारणाहरू र मुलुकको संविधान र प्रचलित कानुनले सिर्जना गरेका सीमा र कानुनबमोजिम गर्न हुने वा नहुने भनी लगाएका बन्देज वा गर्नुपर्ने कर्तव्यका सम्बन्धमा न्यायाधीश आफैंले चासो र सरोकार राखी क्षमता विकास गर्न सक्नु पर्दछ ।

- न्यायाधीश स्वयंले पनि अदालतको सम्मान र मर्यादा कायम राख्न सदा सक्रियता देखाउनुपर्दछ । आफू संलग्न रहेको अदालती काम कारवाहीमा स्वतन्त्र र निष्पक्ष व्यवहार देखाउंन सक्नु पर्दछ । न्यायाधीश सहिष्णु, योग्य र नम्र हुनै पर्दछ । पक्ष, साक्षी, कानुन व्यवसायी र अन्य सबैसँग न्यायाधीशले शिष्टाचारयुक्त व्यवहार गर्नु पर्दछ । मुद्दाको पक्षको कानुनी प्रतिनिधि, कानुन व्यवसायी तथा अदालतका कर्मचारीहरूसँग समान र सम्मानजनक व्यवहार गर्न सक्नु पर्दछ ।

- न्यायाधीशले आफ्नो पदीय मर्यादा विपरीत देखिने सबै प्रकारका गतिविधिहरू त्याग गर्नु पर्दछ ।

- न्यायाधीश सधैं नागरिक समाजको अगुवा हुने भएकाले अरूलाई अप्ठ्यारो, असजिलो वा पीडादायी हुने कार्यहरूमा नियन्त्रण कायम राखी नागरिक समाजको दृष्टिमा न्यायालय प्रतिको सम्मान र मर्यादा कायम राख्नु पर्दछ ।

- न्यायाधीशले कुनै मुद्दा वा अदालतमा विचाराधीन रहेको वा हुन सक्ने विषयमा प्रभाव पार्ने गरी कानुन व्यवसायीहरूसँग अनुचित घनिष्टता कायम राख्न हुँदैन । कुनै मुद्दाको विषयमा नभै अन्य कारणबाट पनि अदालतमा नियमित बहस पैरवी गर्ने कानुन व्यवसायीहरूसँगको नियमित अनौपचारिक सम्पर्कले शंकाको वातावरण उत्पन्न हुनसक्ने भएकाले यस्ता कार्यहरूबाट टाढा रहनु उपयुक्त हुन्छ । कानुन व्यवसायीसँगको अप्रासंगिक सानिध्यता र सम्पर्कले पक्षपातपूर्ण व्यवहारको आशंका हुने सम्भावना रहन्छ ।

- न्यायाधीशले आफ्नो निवासमा मुद्दाका पक्ष वा मुद्दाका कानुन व्यवसायीहरूसँग भेटघाट गर्न हुँदैन । यस्तो भेटघाटले शंका र अनियमितताको आभास दिन सक्दछ ।

- न्यायाधीशले सबै प्रकारका राजनैतिक गतिविधि वा संलग्नतालाई त्याग्नु पर्दछ । समाजका सबै वर्ग वा समूहका ब्यक्तिहरूको दृष्टिमा राजनैतिक संलग्नताबाट टाढा रहेको देखाउंन सक्नु पर्दछ ।

- न्यायाधीशले राजनैतिक दलको सदस्यता लिन, राजनैतिक दलको कोष संकलन गर्न, राजनैतिक भेला वा सम्मेलनमा सरिक हुन, राजनैतिक गतिविधि संचालन गर्ने प्रयोजनका लागि कोष संकलन गरेको स्थानमा उपस्थित हुन, दलको कार्यक्रममा भाग लिन, राजनैतिक विचारधारा झल्कने गरी कुनै सार्वजनिक छलफलमा भाग लिन तथा कुनै दल समूह वा जातजाति वा कसैको पक्ष विपक्षमा भाग लिन वा मतदान गर्न हुँदैन ।

- न्यायाधीशले पारिवारिक, सामाजिक, वा अन्य कुनै प्रकारको नाता सम्बन्धका कारणले आफूले सम्पादन गर्ने न्यायिक कार्यमा प्रभाव परेको छैन भन्ने देखाउन सक्नु पर्दछ ।

- न्यायाधीशले कुनै व्यक्तिगत स्वार्थ वा आफनो निजी कार्यकालागि पदीय वा संस्थागत हैसियतलाई प्रयोग गर्न हुँदैन । न्यायाधीशको परिवार, नातेदार वा अन्य कुनै प्रकारले सम्बन्ध र सम्पर्कमा रहेको कारणले न्याय निरूपण कार्यमा प्रभाव पर्ने वातावरण सृजना

हुन दिनु हुन्न ।

- न्यायाधीश आफैंले कुनै पक्षको साक्षी बस्न हुँदैन । तर न्यायाधीश आफै वा न्यायाधीशको परिवार पीडित वा प्रत्यर्थी भएमा वा स्वयं न्यायाधीश नै साक्षीको रूपमा रहनु पर्ने अवस्थामा भने यो बन्देज लागू हुँदैन ।

- न्यायसम्पादन कार्यमा अन्यथा असर नपर्ने गरी न्यायाधीशले निम्न कार्यहरू गर्न सक्ने मान्यता आम प्रचलनमा रहिआएको पाइन्छ :

  - ❑ न्यायाधीशले लेख्न, प्रवचन दिन, प्राध्यापन गर्न, कानुन र कानुनी प्रणाली, न्याय प्रशासन जस्ता विषयमा संलग्न रही योगदान दिन,
  - ❑ कानुन, कानुनी प्रणाली, न्यायप्रशासन र यस्तै अन्य विषयहरूमा सार्वजनिक सुनुवाइ वा विवाद समाधानमा सहभागी हुन,
  - ❑ कानुन, कानुनी प्रणाली र न्याय प्रशासनको विकासमा संलग्न संघ, संस्थाको सदस्यता लिन वा कार्यक्रममा सहभागी हुन,
  - ❑ न्यायाधीशले न्यायिक जाँचबुझको काम वा कानुन वा न्याय सम्बन्धी अनुसन्धान, अन्वेषण वा राष्ट्रिय सरोकारको अन्य कुनै काम गर्न ।[२२]

- न्यायाधीशले कानुन बाहेकका अन्य विषयहरू जस्तै ऐतिहासिक, शैक्षिक, सांस्कृतिक, खेलकुद आदि विषयमा सार्वजनिक रूपमा सहभागी हुने वा सामाजिक र मनोरंजनात्मक कार्यक्रममा भागलिन हुन्छ । त्यस्ता कार्यहरू वा गतिविधिबाट न्यायिक मर्यादा, हैसियत वा कानुनबमोजिम न्याय सम्पादन गरिने कार्यमा भने असर पर्न दिनु हुँदैन ।

- न्यायाधीशले न्यायिक निष्पक्षतामा असर नपर्ने गरी नागरिक कार्यक्रम वा परोपकारको कार्यमा भाग लिन सक्ने भए पनि कोष जम्मा गर्ने वा कोष जम्मा गर्ने संस्थाको सदस्यता लिन हुँदैन ।

- न्यायाधीशले कुनै संस्थाको कार्यकारी प्रमुख, प्रशासक, गुठियार, संरक्षक वा यस्तै कुनै संगठनको कार्य संचालनमा हैसियत राख्ने खालको कार्यमा संलग्न हुन हुँदैन । तर न्यायाधीश समाज जस्ता संगठन वा संस्थाहरूको सदस्यता लिन र सक्रिय सहभागी हुन सकिन्छ । गरिएका कुनै कार्यले न्याय सम्पादनको कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष असर पर्न नहुने कुराको भने सदैब ख्याल राख्नु पर्ने हुन्छ ।

- न्यायाधीशको व्यक्तिगत वा पारिवारिक लगानी वा आर्थिक र व्यापारिक कारोबारले न्याय सम्पादन वा न्यायिक निष्पक्षतामा असर पर्न दिनु हुँदैन ।

- न्यायाधीशको हैसियतले प्राप्त गरेको गोप्य सूचना वा जानकारीको उपयोग आफ्नो आर्थिक कारोबार वा अन्य व्यक्तिगत स्वार्थका लागि गर्न हुँदैन ।

- माथिल्लो तहको अदालतबाट अन्यथा आदेश भएमा बाहेक कुनै व्यक्तिले अदालतमा न्यायाधीशको हैसियतले गरेको कुनै कार्य वा थाहा पाएका कुनै कुराका सम्बन्धमा सोधिएको कुनै प्रश्नको जबाफ दिन निजलाई कर लाग्दैन ।[२३]

- न्यायाधीशको हैसियतले न्याय सम्पादन कार्यमा संलग्न रहेको अवधिमा कसैको पक्षमा कानुन व्यवसाय गर्न हुंदैन ।

- संविधान वा प्रचलित कानुनबमोजिम खटाइएको अवस्थामा बाहेक न्यायाधीशले सरकारी आयोग, सरकारी कमिटिको सदस्यता स्वीकार्न वा अन्य यस्तै नीतिगत कार्य गर्नका लागि नियुक्ति वा शपथ लिन हुँदैन । कानुनी विकास, कानुन पद्धति र न्याय प्रशासन जस्ता विषयमा नियुक्ति लिएर वा नलिई शोधमूलक कार्य गर्न भने रोक लगाएको मानिदैन ।

  न्यायाधीशको हैसियतले मुलुकको प्रतिनिधित्व गर्ने तथा ऐतिहासिक, शैक्षिक, सांस्कृतिक, खेलकुद जस्ता औपचारिक समारोहहरूमा भाग लिन भने बाधा पर्दैन ।

- न्यायिक स्वतन्त्रता संरक्षण गर्न वा व्यावसायिक दक्षता अभिवृद्धि गर्न तालिम संचालन गर्ने संघ संस्थाहरूको निर्माण गर्न, सदस्य हुन वा सहभागी हुन न्यायाधीशमा कुनै बन्देज रहँदैन ।

---

२२ नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९२

२३ प्रमाण ऐन, २०३१ को दफा ४२ ।

- न्यायाधीश वा निजको परिवारको सदस्यले कुनै विवादमा स्वार्थनिहित रहेको कसैबाट उपहार, ऋण, सहयोग र यस्तै कार्यको अपेक्षा र माग कहिल्यै गर्नु हुन्न । न्याय सम्पादनको क्रममा कुनै कार्य गरिदिएमा वा नगरेमा सो वापत केही कुराको आशा राख्न वा ग्रहण गर्न हुँदैन ।

- कानुनी मान्यता र न्यायिक मर्यादा अनुकूलको सार्वजनिक समारोहमा न्यायाधीशले सामान्य उपहार, उपाधि, सम्मान वा यस्तै कुराहरू ग्रहण गर्न हुन्छ । यस्ता कार्यले न्याय सम्पादनको कार्यमा पक्षपातपूर्ण व्यवहार देखिने वा न्याय सम्पादनमा असर पर्ने-नपर्ने कुराको ख्याल राख्नु पर्ने हुन्छ ।

- न्यायाधीशले न्याय सम्पादनदेखि बाहिरको अन्य कार्यमा भएको कानुनबमोजिमको क्षतिपूर्ति र सोधभर्ना लिन हुन्छ । यस्तो भुक्तानी न्यायाधीशको न्यायिक कार्य र जिम्मेवारीलाई असर नपर्ने गरी निम्नानुसार बन्देजको ख्याल राख्नुपर्दछ :

  - त्यस्तो क्षतिपूर्ति वा सोधभर्ना भएको रकम मनासिब र न्यायाधीश नभएको व्यक्तिले त्यस्तै कार्यका लागि पाउने रकम भन्दा बढी छैन,
  - सोधभर्ना न्यायाधीशको परिवारका लागि वास्तविक यात्रा खर्च, आवश्यक बस्ने व्यवस्था र उपयुक्त अवसरका लागि प्रदान गरिएको हुनुपर्छ,
  - न्यायाधीशले यस्ता सबै प्रकारका आर्थिक कारोबार प्रकाशित गरी प्रचलित कानुनबमोजिम लाग्ने सबै प्रकारका करहरू चुक्ता गर्नुपर्दछ ।

- प्रचलित नेपाल कानुन एवं **न्यायाधीशहरूको आचार संहिता, २०५५** ले पनि स्वतन्त्र न्यायपालिका सम्बन्धी कतिपय आदर्श र मान्यताहरूलाई आत्मसात् गरेको छ । (विस्तुत जानकारीका लागि हेर्नुहोस् अनुसूची)

  - राजनैतिक वा अन्य कुनै किसिमको अनुचित प्रभावमा परी कानुनबमोजिम गर्न नहुने कुनै कारवाही वा निर्णय गरेमा वा गर्नु पर्ने कुनै कारबाही वा निर्णय नगरेमा खराब आचरण मानिन्छ । यसै गरी इजलासमा बस्दा अदालतको मर्यादा भङ्ग हुने गरी पदीय अनुशासनको प्रतिकूल कुनै अशोभनीय आचरण गरेमा पनि पदीय आचरण पालना नगरेको मानिन्छ ।[२४]

## सरकारी वकिलको आचार र व्यवहार[२५]

राष्ट्रका प्रत्येक नागरिकले मानव अधिकार र आधारभूत स्वतन्त्रता जात, वर्ण, लिङ्ग, भाषा वा धर्मको आधारमा विभेद नगरी न्यायपूर्ण र मैत्रीपूर्ण ढंगले उपभोग गर्न पाउंनु पर्छ भन्ने व्यवस्था संयुक्त राष्ट्र संघको बडापत्रले गरेको छ । सन् १९४८ मा घोषित मानव अधिकारको विश्वव्यापी घोषणापत्रले कानुनको दृष्टिमा सबै व्यक्तिहरू समान रहने, कसुर प्रमाणित नभएसम्म निर्दोष मानिने, स्वच्छ र सार्वजनिक सुनुवाइ तथा निष्पक्ष न्यायिक निकाय राज्यले सुनिश्चित गर्नुपर्ने व्यवस्था गरेको छ ।

सिद्धान्त र व्यवहारका बीचमा हुने भिन्नताले मानव अधिकारको निर्बाध उपभोगमा व्यवधान हुनसक्ने अबस्थाको सिर्जना हुन पुग्दछ । सिद्धान्तमा उल्लेख भएका विषयहरू र व्यवहारमा देखिने भिन्नतालाई कम गर्ने प्रयास राज्यले गर्नु पर्ने हुन्छ । नागरिक हक अधिकारलाई निलम्बित गर्ने जिम्मेवारी लिएको अभियोजनकर्ताको माध्यमबाट पनि यस्तो भिन्नता कम गर्न सकिन्छ ।

फौजदारी न्याय प्रशासनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने अभियोजनकर्ताले सिद्धान्त र व्यवहारमा देखिएका अन्तरलाई कम गर्नु पर्ने हुन्छ । स्वच्छ र न्यायपूर्ण फौजदारी न्याय प्रशासनको प्रत्याभूति दिने तथा प्रभावकारी रूपमा समाजलाई आपराधिक कार्यहरूबाट बचाउंने कार्य अभियोजनकर्ताको हुन्छ ।

प्रभावकारी ढंगले कार्य संचालन गर्न अभियोजनकर्तामा व्यावसायिक दक्षता हुन जरुरी छ, जसकोलागि सुरु नियुक्तिमा योग्य व्यक्तिको चयनदेखि सेवा अवधिमा दिइने व्यावसायिक ज्ञान वा तालिमको महत्वपूर्ण भूमिका रहेको हुन्छ । अभियोजनकर्तामा रहेको दक्षताबाट नै नयाँ नयाँ ढंगले गरिने वा समाजमा घटित हुने अपराधिक कार्यबाट

२४ न्याय परिषद ऐन, २०४७ को दफा ४(क) ४ ।

२५ Adopted by the Eighth United Nations Congress on the Prevention of Crime and the Treatment of Offenders, Havana, Cuba, 27 August to September 1990.

# नेपाल अधिराज्यका महान्यायाधिवक्ताको कार्यालय

| अञ्चल | पुनरावेदन अदालत / पुनरावेदन सरकारी वकिल कार्यालय | जिल्ला अदालत / जिल्ला सरकारी वकिल कार्यालय / जिल्ला प्रहरी कार्यालय |
|---|---|---|
| पूर्वाञ्चल | इलाम | झापा, इलाम, पाँचथर, ताप्लेजुङ |
| | धनकुटा | धनकुटा, तेह्रथुम, भोजपुर, संखुवासभा |
| | विराटनगर | मोरङ, सुनसरी |
| | राजविराज | सप्तरी, सिराहा, उदयपुर, ओखलढुंगा, खोटाङ, सोलुखुम्बु |
| मध्यमाञ्चल | जनकपुर | धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली, रामेछाप |
| | हेटौंडा | पर्सा, बारा, रौतहट, मकवानपुर, चितवन |
| | पाटन | काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, धादिङ, दोलखा |
| पश्चिमाञ्चल | पोखरा | कास्की, तनहुँ, स्याङ्जा, गोर्खा, लम्जुङ, मनाङ |
| | बाग्लुङ | बाग्लुङ, पर्वत, म्याग्दी, मुस्ताङ |
| | बुटवल | कपिलवस्तु, रुपन्देही, नवलपरासी, पाल्पा, गुल्मी, अर्घाखाँची |
| मध्यपश्चिमाञ्चल | दाङ | दाङ, प्युठान, सल्यान, रोल्पा, रुकुम |
| | नेपालगञ्ज | बाँके, बर्दिया |
| | सुर्खेत | सुर्खेत, दैलेख, जाजरकोट |
| | जुम्ला | जुम्ला, कालिकोट, मुगु, डोल्पा, हुम्ला |
| सुदूरपश्चिमाञ्चल | डोटी | कैलाली, बझाङ, बाजुरा, अछाम, डोटी |
| | कञ्चनपुर | कञ्चनपुर, बैतडी, दार्चुला, डँडेलधुरा |

समाजलाई बचाउंन सकिने हुन्छ । अभियोजनकर्ताको रूपमा सरकारी वकिलले निम्न आचरण र व्यवहार गर्नुपर्छ :

- अभियोजनकर्ताले आफूले गर्नुपर्ने निर्णयहरू गर्दा न्यायिक मनको प्रयोग गर्नुपर्दछ र अभियोजनको कार्य न्यायिक प्रक्रियाकै अंग हो भन्ने मान्यता प्रति गम्भीर रूपमा सचेत रहनुपर्दछ ।
- फौजदारी प्रक्रियामा सरकारी वकिलले कानुनले तोकेका सम्पूर्ण कार्यहरू सक्रिय भएर गर्नु पर्छ ।

  अनुसन्धान, अभियोजन, निरीक्षण, निर्देशनको पालना लगायतका कुराहरू कानुनसम्मत ढंगले भएका छन् वा छैनन् भन्ने सम्बन्धमा ख्याल राख्दै फौजदारी कसुरमा अदालतबाट भएका आदेश वा फैसलाको पहिलो जानकारी राख्ने सरकारी वकिल नै भएकाले अदालतको आदेश वा फैसलाको कार्यान्ययन वा पालना गर्ने वा गराउने जिम्मेवारी पनि अभियोजनकर्तामा रहेको हुन्छ ।
- सरकारी वकिलले कानुनबमोजिम आफनो कर्तव्यको निर्वाह स्वच्छ, निष्पक्ष र शीघ्र गर्दै मानव अधिकारको सम्मान गरी अन्तर्राष्ट्रिय प्रतिबद्धता र मुलुकको प्रचलित कानुनबमोजिमको कार्य गर्ने वातावरण फौजदारी न्याय प्रणालीमा सिर्जना गर्नसक्नु पर्दछ ।
- अभियोजनकर्ताले आफनो कर्तव्यको निर्वाह गर्दा राजनैतिक, सामाजिक, धार्मिक, जातिगत, सांस्कृतिक तथा लिङ्गको आधारमा कसै प्रति पनि भेदभाव नगरी निष्पक्ष ढंगले कर्तव्य निर्वाह गर्नु पर्ने हुन्छ ।
- जनसरोकार र चासोका विषयहरूको सम्मान गर्दै वस्तुगत रूपमा शंकास्पद व्यक्तिको अवस्था, पीडितको स्थिति, घटनासँग सम्बन्धित वातावरण आदिको तथ्ययुक्त मूल्यांकन गरेर कर्तव्य निर्वाह गर्नुपर्ने हुन्छ ।
- अनुसन्धान एवं कानुनी परामर्शको विषयलाई कानुनको रोहमा आवश्यक परेको अवस्थामा बाहेक अन्य अवस्थामा गोप्य राख्न सक्नु पर्दछ ।
- सरोकारवाला पीडितलाई उनीहरूको हक अधिकारका बारेमा प्रचलित कानुन र अन्तर्राष्ट्रिय मान्यताका आधारमा सुसूचित गराउनु पर्दछ ।
- अभियोजनकर्ताले आफनो वैयक्तिक सोचका आधारमा कुनै घटनाको सम्बन्धमा कुनै कार्य गर्न वा नगर्न अनुसन्धान अधिकारीलाई निर्देशित गर्न हुँदैन ।[२६]

  अनुसन्धानलाई निष्पक्ष रूपमा संचालन हुने वातावरणको सिर्जना गरी निष्पक्ष अनुसन्धानबाट एकिन भएको तथ्यका आधारमा कसुर स्थापित हुने अबस्था देखिएमा कसैलाई अभियोग लगाउने वा नलगाउने विषयको निक्यौंल अभियोजनकर्ताले गर्नुपर्ने हुन्छ ।
- अभियोजनकर्ताले सार्वजनिक जवाफदेहीको पदमा रहेको व्यक्तिले गर्ने वा गरेको कसुरका सम्बन्धमा खास गरी भ्रष्टाचार, अख्तियारको दुरूपयोग, गम्भीर मानव अधिकारको उल्लंघन लगायत अन्तर्राष्ट्रिय कानुनले अपराध कायम गरेका वा प्रचलित राष्ट्रिय कानुनले वा स्थानीय स्तरमा अपराध भनी मानिएका कार्यहरूमा अनुसन्धान गर्न ध्यान पुगेको छ वा छैन भन्ने सम्बन्धमा ख्याल गर्न सक्नु पर्दछ ।
- अभियोजनकर्ताले कसैलाई यातना दिएर, अमानवीय व्यवहार गरेर वा गैरकानुनी ढंगले संकलन भएका वा मानव अधिकारको गम्भीर उल्लंघन गरी जुटाइएको देखिने सबुद प्रमाणहरूलाई अभियोजनको आधार बनाउनु हुँदैन । यस्तो कार्य कसैबाट भए गरेको देखिएमा त्यस्तो गर्ने जिम्मेवार पदाधिकारीलाई कानुनको दायरामा ल्याउनु पर्छ ।

२६ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ६(२) र दफा १७ (३) मा भएको व्यवस्था तथ्यको निकर्यौल गर्नको लागि अभियोजनकर्ताले अनुसन्धानकर्तालाई दिईने निर्देशन अन्तर्गत पर्दछ ।

## अभियोजनकर्ताको दायित्व

**अभियोजनकर्ताको दायित्व निम्न बमोजिम हुने कानुनी व्यवस्था छः**[२७]

- आफ्नो पेसालाई सदैव मर्यादा एवं सम्मान गर्नु पर्ने,
- पेसागत नैतिकता एवं मुलुकको कानुनबमोजिम सदैव पेसागत आचरण पालना गर्नु पर्ने,
- अभियुक्तको संवैधानिक एवं कानुनी अधिकारको सदैव सुरक्षा र सम्मान गर्नु पर्ने,
- सार्वजनिक हितको संरक्षण र सुरक्षा गर्नु पर्ने,
- मानव अधिकार एवं मानव मर्यादाको सम्मान एवं सुरक्षा गर्नु पर्ने,
- मुद्दा चल्ने वा नचल्ने गरी गरिएका निर्णयमा उचित आधार र कारण खुलाउनु पर्ने,
- इजलास समक्ष शिष्टतापूर्वक प्रस्तुत हुने र विपक्षी कानुन व्यवसायीहरूसँग सम्मानजनक व्यवहार गर्नु पर्ने,
- श्री ५ को सरकारको हक हित प्रतिकूल हुने गरी मुद्दामा बहस पैरवी नगर्ने,
- अभियोजनात्मक (Prosecutorial) अधिकारको प्रयोगमा राजनैतिक हस्तक्षेप वा प्रभावबाट प्रभावित नभई निष्पक्ष रूपमा गर्नु पर्ने,
- अभियोजनात्मक निर्णय पारदर्शी र कानुन सम्मत हुनु पर्ने,
- व्यावसायिक गोप्यता कायम राख्नुपर्ने, प्रत्येक सरकारी वकिलले आफनो कर्तव्य पालनाको प्रयोग बिना डर, मोलाहिजा र पक्षपात रहित रूपमा गर्नु पर्ने,
- व्यक्तिगत वा क्षेत्रगत (Sectoral) स्वार्थ वा सार्वजनिक वा प्रेस जगत्को दवावबाट प्रभावित हुन नहुने,
- आफ्नो पक्षलाई फाइदा पुऱ्याउन जानी-जानी कायम नरहेको नजिर मुद्दामा लगाउंन नहुने,
- खारेज वा संशोधन भएको कानुनको जिकिर लिन नहुने,
- मिसिलमा नभएको तथ्य जानी जानी अदालतमा प्रस्तुत गर्न नहुने,
- गैरकानुनी रूपमा काम गर्ने उपर उचित कारबाही गराउन उद्यत हुनु पर्ने,
- सरकारी वकिलले सदैव सत्यको खोजी गर्ने एवं सत्यता प्राप्त गराउने कार्यमा मद्दत गर्नु पर्ने,
- आफनो पदीय कर्तव्य निर्वाहको निष्पक्षता र प्रभावकारिताका लागि प्रहरी, अदालत, कानुन व्यवसायी तथा सरकारी एवं सार्वजनिक संस्थालाई सहयोग गर्नु पर्ने,
- जानी-जानी गैरकानुनी कार्यका लागि प्रोत्साहन गर्न नहुने, सदैव कानुन, न्यायको पक्षमा पैरवी र प्रतिरक्षा गर्नु पर्ने

- अभियोजनकर्ताको सबल, सक्षम, न्यायपूर्ण व्यवहार र आचरण अदालतको स्वतन्त्रताको महत्वपूर्ण आधारशिला हो । सक्षम अभियोजन निकायले कार्यपालिकाको अदालतमाथि हुने हस्तक्षेपलाई रोक्न योगदान दिन सक्तछ ।

## कानुन व्यवसायीको आचार र व्यवहार[२८]

प्रतिरक्षा गर्ने कानुन व्यावसायीहरूको समूहले व्यावसायिक स्तर र नैतिकता कायम राख्न, आफनो समूहका व्यक्तिहरूलाई अनावश्यक झंझटबाट बचाउन तथा कानुनी सहायताको आवश्यकता परेका व्यक्तिहरूलाई उपयुक्त कानुनी सल्लाह उपलब्ध गराउन, सरकार र त्यस्ता अरू संस्थाहरूलाई सहयोग गरी जनभावना र जनचाहना अनुरूप न्याय प्राप्तिको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने हुन्छ । कानुन व्यवसायीहरूले कानुनको सम्बन्धमा आफ्नै समूह लगायत न्यायाधीश, अभियोजनकर्ता, कार्यपालिका र व्यवस्थापिकाका सदस्यहरू लगायत सम्पूर्ण जनसमुदायप्रति समेत कर्तव्य र दायित्वको जिम्मेवारी लिएको हुन्छ । कानुन व्यवसायीले देहायका पेसागत आचारहरू अनिवार्य रूपले पालना गर्नु पर्दछ ।[२९]

- कानुन व्यवसायीले नैतिकताका आधारभूत सिद्धान्तको प्रतिकूल हुने गरी कुनै कार्य गर्नु हुँदैन ।
- झुट्टा मुद्दा चलाउन पक्षलाई प्रेरणा दिन हुँदैन ।
- कसैलाई दुःख दिने वा प्रतिशोध लिने उद्देश्यले मुद्दा सिर्जना गर्न हुँदैन ।
- मुद्दा टुङ्ग्याउने प्रक्रियामा प्रत्यक्ष वा परोक्ष रूपमा अदालतलाई असहयोग गर्न हुँदैन ।
- न्यायिक प्रक्रियालाई दुरुपयोग गर्न वा गराउंन हुँदैन ।
- सत्य कुराको बयान वा बकपत्र गर्न गराउनबाट पक्षलाई रोक्न हुँदैन ।
- न्याय प्रशासनसँग सम्बन्धित काम कारबाहीका सिलसिलामा अदालत वा न्यायाधीश वा कानुन व्यवसायी प्रति अनास्था पैदा हुने किसिमका झुट्टा प्रचार प्रसार गर्न हुँदैन ।
- आफूले गर्न नभ्याउने वा नसक्ने अवस्था परी पक्षलाई नै मुद्दा फिर्ता गर्नु पर्दा सामान्यतः अर्को कानुन व्यवसायी मुकरर गर्न नभ्याउने किसिमबाट फिर्ता गर्न हुँदैन ।

---

२७ निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० ले निर्धारण गरेको आचरणको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी सरकारी वकिल सम्बन्धी नियमावली, २०५५ को नियम ३५ द्वारा व्यवस्थित सरकारी वकिलको व्यावसायिक आचरणका सम्बन्धमा सोही नियमावलीको नियम ३८ को उप-नियम (२) अन्तर्गत जारी गरिएको सरकारी वकिलहरूको व्यावसायिक आचार संहिता, २०५८ ।

२८ Adopted by the Eighth United Nations Congress on the Prevention of Crime and the Treatment of Offenders, Havana, Cuba, 27 August to 7 September 1990.

२९ कानुन व्यवसायीको आचार संहिता, २०५९ नियम ३ ।

- संघ संस्थाको रकम मास्न खान हुँदैन ।
- अदालतमा यथा समयमा उपस्थित हुने, कालो कोट सहितको पूर्ण पोसाकमा उपस्थित हुने, इजलास तथा विपक्षीका कानुन व्यवसायी प्रति सम्मानजनक व्यवहार गर्ने, एक अर्को प्रति लाञ्छना नलगाउंने, रिस राग द्वेष नराख्ने, अदालतका कर्मचारी प्रति सौहार्द्रपूर्ण व्यवहार गर्ने, शिष्टतापूर्वक बोल्ने र आफ्नो पालोमा उचित ढंगले प्रस्तुत हुने जस्ता अनुशासनका नियम तोड्न हुँदैन ।
- आफ्नो पक्षलाई फाइदा पुरयाउन जानी जानी कायम नरहेको नजिर र मुद्दामा लागू नहुने खारेज भएको वा संशोधन पूर्वको कानुनको अदालतमा जिकिर लिन हुँदैन ।
- मिसिलमा नभएको तथ्य जानी जानी बहसमा प्रस्तुत गर्न हुँदैन ।
- आफू साक्षी रहेको लिखतसँग सम्बन्धित मुद्दामा कानुन व्यवसायीका रूपमा संलग्न हुनु हुँदैन ।
- पक्षले मुद्दामा उपलब्ध गराएको जानकारीको गोपनीयता भंग गर्न हुँदैन ।
- व्यावसायिक प्रचारका उद्देश्यबाट कुनै पनि किसिमको नारा, परिपत्र, समाचार प्रकाशन, विज्ञापन र पत्राचार जस्ता काम गर्नु हुँदैन ।
- व्यावसायिक प्रचारका उद्देश्यले ठूलो नाम पेटिका (साइनबोर्ड) राख्ने, नाम पेटिका वा परिचयपट्टा (भिजिटिग् कार्ड) वा फाईल वा पत्राचार ठेली (लेटर प्याड) मा पूर्व हैसियत वा कानुन व्यवसायसँग असम्बन्धित पद वा हैसियत लेख्न छाप्न हुँदैन । विशेष अध्ययन र अनुभवका कारणबाट आफू खास प्रकृतिका मुद्दा लिने भनी ती लिखतहरूमा आफनो कार्यक्षेत्र छाप्न भने सकिन्छ ।
- पक्षसँग प्रतिशतमा पारिश्रमिक लिने वा ठेक्कापट्टा बोल कबोल गरी मुद्दा लिनु हुँदैन ।
- अदालतको समयमा मादक पदार्थ वा लागु पदार्थ सेवन गरी अदालतमा उपस्थित हुन हुँदैन ।
- मुद्दाको हारजितको आधारमा आफनो पारिश्रमिक तय गर्नु हुँदैन ।
- कानुन व्यवसायी परिषद्ले मागेको विवरण दिंदा झूट्टो विवरण दिन हुँदैन ।
- आफू वा आफ्नो प्रत्यक्ष निर्देशन र निगरानीमा आफनो फर्म वा चेम्बरको कानुन व्यवसायी वा आफूसँगै कामगर्ने लेखन्दास बाहेक अन्य व्यक्तिले तैयार गरेको मस्यौदा प्रमाणित गरिदिने उद्देश्यले सही गर्न हुँदैन ।
- मुद्दा प्राप्त गर्न दलाल नियुक्त गर्न वा मुद्दा उपलब्ध गराइदिए वापत कसैलाई दलाली दस्तुर (कमिसन) दिनु हुँदैन ।
- चल अचल सम्पत्ति हस्तान्तरण सम्बन्धी काममा दलाली गर्नु हुँदैन । एकै मुद्दामा पक्ष वा विपक्ष दुबैका तर्फबाट स्वयं मस्यौदा गर्न वा बहसमा प्रतिनिधित्व गर्नु हुँदैन तथा आफूसंगै काम गर्ने कानुन व्यवसायी वा लेखन्दास वा अन्य व्यक्तिद्वारा जानी जानी मस्यौदा वा बहस वा पैरवी गर्न गराउंन हुँदैन ।
- पक्षले दिएको लिफामा तमसुक, करारनामा खडागरी आफूलाई फाइदा वा पक्षलाई बेफाइदा हुने काम गर्न हुदैन ।
- पक्षले दिएको सद्धे लिखत विपक्षीसँग मिली बिगारी प्रमाण नलाग्ने वा काम नलाग्ने तुल्याइदिन हुँदैन ।
- पक्षले दिएको लिखत समेत अन्य प्रमाण विपक्षलाई फाइदा पुऱ्याउने उद्देश्यले उपलब्ध गराउन हुँदैन ।
- भ्रष्टाचार गर्न गराउन हुँदैन ।
- नैतिक पतन देखिने फौजदारी अपराध गर्नु हुँदैन ।
- वरिष्ठ अधिवक्ताले उल्लेखित आचरणको अतिरिक्त मुद्दामा इजलासमा बहस गर्दा कम्तिमा एकजना अधिवक्तालाई व्यावसायिक रूपमा संलग्न गराउनु पर्ने र सामान्यतया प्रशासकीय अड्डामा बहस पैरवीका लागि उपस्थित हुन नहुने गरी बन्देज लगाइएको छ ।

## अनुसन्धान अधिकृतको आचार र व्यवहार[३०]

कानुनले गर्ने भनी तोकेको कार्य गर्ने र नगर्ने भनी निषेध गरेको कार्य नगर्ने कर्तव्य अनुसन्धान अधिकृतको हुन्छ । कसुरजन्य कार्यगर्ने व्यक्तिहरूबाट समाजलाई बचाउने र समाजमा कसुरजन्य कार्यहरू हुन नदिने जिम्मेवारी कानुन कार्यान्वयन गर्ने पदाधिकारी (प्रहरी) हरूले वहन गर्नुपर्ने हुन्छ । व्यावसायिक दक्षताको आधारमा मात्र यो कार्य सम्पन्न हुन सक्ने भएकाले उच्च व्यावसायिक दक्षता यस क्षेत्रमा काम गर्ने सबैमा हुनुपर्ने अनिवार्य सर्तको रूपमा लिइन्छ । कानुन कार्यान्वयन गर्ने पदाधिकारीहरूको कार्यक्षमता र व्यावसायिक कुशलताले नै मानव मूल्यको सम्मान, रक्षा र मानव अधिकारको संरक्षण हुनसक्ने अवस्था रहन्छ ।[३१] निम्न आचरण वा व्यवहारहरू अनुसन्धान अधिकृतले पालना गर्नु पर्ने हुन्छ :

- शंकास्पद व्यक्तिसँग व्यवहार गर्दा शक्तिको प्रयोग अपवादको रूपमा कानुनी स्वीकृति भएको हदसम्म मात्र हुनु पर्दछ । कानुनसम्मत गिरफ्तारीलाई मात्र प्रयोगमा ल्याउनुपर्दछ ।
- मानव मूल्य र मानव अधिकारको सदैव रक्षा र पालना गर्नु पर्दछ ।
- बन्दुकको प्रयोग अपवादको रूपमा कानुनको सीमा बन्देजभित्र रहेर मात्र गरिनु पर्दछ । केटाकेटीको हकमा यो प्रयोग नै गर्न हुन्न । खास गरी निहत्था व्यक्तिसँगको

३० प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागबाट तयार गरी परिपत्रको रूपमा अनुगमन अधिकृत र सुपरिवेक्षण अधिकृतलाई तोकिएको जिम्मेवारीका आधारमा तथा संयुक्त राष्ट्र संघको जनरल एसेम्बलीबाट पारित ३४।१६९ को १७ डिसेम्बर १९७९ मा पारित प्रस्तावमा आधारित ।

व्यवहारमा कहिल्यै प्रयोग गर्न हुन्न । बन्दुकको प्रयोग गर्नै पर्ने अवस्थाको सिर्जना भएमा र गरिएको अवस्थामा तत्काल प्रतिवेदन तैयार गरी अधिकार प्राप्त अधिकारी समक्ष यसको पूर्ण जानकारी गराउनु पर्दछ ।

- अनुसन्धान अधिकृतले प्राप्त गर्ने सूचनाहरू गोप्य प्रकृतिको हुने र व्यक्तिको दैनिक जीवनमा प्रत्यक्ष सरोकार वा असर पार्ने भएकाले इन्साफको रोहमा बाहेक अन्य अवस्थामा आफूले पाएका सूचना वा व्यक्तिको गोप्यतालाई प्रकाशित गर्न हुन्न ।
- यातना वा अमानवीय व्यवहार गर्नबाट अनुसन्धान अधिकृत सदैव टाढा रहनु पर्दछ । माथिल्लो पदाधिकारीको आदेश, राष्ट्रिय वा आन्तरिक संकट, आन्तरिक वा बाहिरी राजनैतिक अस्थिरता वा मुलुकको युद्धरत अवस्थामा समेत शारीरिक र मानसिक यातना वा अमानवीय व्यवहारलाई वर्जित गरिएको छ ।
- हिरासतमा रहेको वा बन्दी बनाइएको व्यक्तिको स्वास्थ्यको तत्काल र पूर्ण सुरक्षा गरिनु पर्दछ ।
- अनुसन्धान अधिकृतले भ्रष्टाचार वा अख्तियारको दुरूपयोग गर्नु हुन्न । यस्ता कार्यबाट बच्ने र सक्रिय विरोध गर्नु पर्दछ । साथै, नियन्त्रणका लागि आवश्यक सबै उपायहरू अपनाउनु पर्दछ ।
- आन्तरिक कार्यविधि र नियमका आधारमा अनुसन्धान अधिकृतका कार्यहरू निर्देशित र नियमित गरिनु पर्दछ । आन्तरिक नियम वा कार्यविधिको उल्लंघन भएको अवस्थामा माथिल्लो निकाय वा पदाधिकारीबाट नियमित अनुगमन वा निगरानी भएको अवस्थामा अनुसन्धान अधिकृतको कार्यमा परिमार्जन भई मानव अधिकारको रक्षा र सम्मान हुन सक्ने अवस्था रहने भएकाले यसमा ध्यान दिनुपर्ने हुन्छ ।
- माथिल्लो तहमा रहेका र अनुसन्धान कार्यमा संलग्न पदाधिकारी बीचको नियमित सम्पर्कले अनुसन्धान कार्यमा स्तरीयता आउन सक्ने भएकाले यस्तो व्यवहारमा नियमितता हुनुपर्दछ ।

## प्रहरी कर्मचारीको कर्तव्य[३२]

(१) **प्रत्येक प्रहरी कर्मचारीको देहायबमोजिम कर्तव्य हुनेछ :**

(क) अधिकार प्राप्त अधिकारीले कानुनबमोजिम दिएको आदेश र जारी गरेको वारेन्ट तदारुकता साथ पालन तथा तामेल गर्नु ।

(ख) शान्ति र व्यवस्थालाई असर पार्ने खालको खबर संकलन गर्नु र माथिल्लो अधिकारीलाई जानकारी दिनु ।

(ग) अपराधको रोकथाम गर्नु र जनतालाई अनावश्यक झन्झटमा पर्नबाट बचाउ गर्नु ।

(घ) अपराधीहरू पत्ता लगाउनु र अपराधीलाई कानुनबमोजिम सजाय गराउनु ।

(ङ) कानुनबमोजिम पक्रनु पर्ने व्यक्तिहरूलाई र पक्रनु पर्ने पर्याप्त कारण भएका व्यक्तिहरूलाई पक्रनु ।

(च) प्रचलित कानुनबमोजिम गर्नुपर्ने कर्तव्य पालन गर्ने ।

(छ) असमर्थ र असहाय भई बाटोघाटोमा परिरहेका व्यक्तिहरूलाई आफूबाट हुनसक्ने हर किसिमको मद्दत दिने र जोखिम किसिमका र आफ्नो हेरचाह गर्न नसक्ने किसिमका अम्मल खाएका व्यक्ति वा बौलाहाहरूको जिम्मा लिने ।

(ज) पक्राउ भएका वा थुनामा रहेका घायल र बिरामी भएकालाई आवश्यक मद्दत तुरुन्त गर्ने र त्यस्तालाई पहरा दिंदा वा अन्त लग्दा निजको व्यवस्थाको उचित ख्याल राख्ने ।

(झ) पक्राउ भएका वा थुनामा रहेका व्यक्तिलाई चाहिने सिधा र बासको इन्तजाम गर्ने ।

(ञ) खानतलासी गर्दा असभ्य व्यवहार नगर्ने र नचाहिने हैरानी नदिने ।

(ट) सर्वसाधारण जनतासँग शिष्ट व्यवहार गर्ने, स्वास्नीमानिस र केटाकेटीहरूसँग व्यवहार गर्दा पूरा इज्जत र मनासिब नम्रतासाथ व्यवहार गर्ने ।

(ठ) आगोबाट हानि-नोक्सानीको बचाउ गर्न सकभर कोसिस गर्ने ।

(ड) जनतालाई दुर्घटना वा खतराबाट बचाउन सकभर कोसिस गर्ने ।

(२) माथि खण्ड (क) देखि (ड) मा लेखिएको कुनै उद्देश्यको प्राप्तिको लागि लागु औषधि वा मदिरा बिक्री गर्ने वा सेवन गराउने भट्टीपसल, होटल, लज, रेस्टुराँ, जुवा खेलिरहेको ठाउँ, साधारणः चरित्रहीन र बदमासहरू भेला हुने कुनै ठाउँमा बिना वारेण्ट प्रवेश गर्न र निरीक्षण गर्न कम्तिमा सहायक निरीक्षकसम्म दर्जाको अधिकृतलाई अधिकार हुनेछ ।

(३) उपरोक्त प्रकरण (२) बमोजिम विना वारेण्ट प्रवेश वा निरीक्षण गरेमा त्यस्तो प्रहरी अधिकृतले सो कुराको कारण सहितको लिखित जानकारी यथाशक्य चाँडो प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्नेछ ।

३१ The Human Rights question are identified and protected by National and International law. Among the relevant International instruments are The Universal Declaration of Human Rights, The International Convenent on Civil and Political Rights, The Declaration on the Protection of All Persons from Being Subjected to Torture and Other Cruel, Inhuman or degrading Treatment or Punishment, the United Nations Declaration on the Elimination of All Forms of Racial Discrimination, The International Convention on the Elimination of All forms of Racial Discrimination, The International Convention on the Suppression and Punishment of the Crime of Apartheid, The Convention on the Prevention and Punishment of the Crime of Genocide, The Standard Minimum Rules for the Treatment of Prisoners and the Vienna Convention on Consular Relations.

३२ प्रहरी ऐन, २०१२ को दफा १५


- अनुसन्धान कार्यमा संलग्न रहेका अनुसन्धान अधिकृत, अनुगमन अधिकृत, सुपरिवेक्षण अधिकृतले फौजदारी न्याय प्रणालीसँग सम्बन्धित निकायहरू अदालत, प्रशासन, सरकारी वकिल, वैज्ञानिक प्रयोगशाला, अस्पताल तथा आवश्यक पर्ने सरकारी तथा गैरसरकारी निकायहरूसँग सम्पर्क र समन्वय राख्नु पर्दछ ।
- फौजदारी न्याय व्यवस्थासँग सम्बद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरू, नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४ मा व्यवस्थित फौजदारी न्याय सम्बन्धी हक, यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३, सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ र नियमावली, २०५५, मानव अधिकार आयोग ऐन २०५३, मुलुकी ऐनमा भएको व्यवस्था तथा अदालतबाट प्रतिपादित नजिरहरू र नेपाल अघि राज्य पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि, महासन्धि तथा संयुक्त राष्ट्र संघको घोषणापत्रहरूको भावना अनुरूप कर्तव्य पालना गर्ने गराउनेतर्फ अनुसन्धान अधिकृत, अनुगमन अधिकृत र सुपरिवेक्षण अधिकृत कियाशील रहनु पर्दछ ।

### कार्यान्वयन र जवाफदेही

उल्लेखित कुराहरूको प्रभावकारी कार्यान्वयन गर्ने दायित्व वा जवाफदेही सम्बन्धित पदाधिकारीहरूको हुन्छ । जिम्मेवारी अनुरूप कार्य भएको वा नभएको सम्बन्धमा आ-आफ्नै एकाई वा संगठनमा छुट्टाछुट्टै नियमित अनुगमन वा सुपरिवेक्षण गर्ने व्यवस्था गरिनुपर्छ ।

- स्वतन्त्र न्यायालयका संस्थागत र प्रक्रियागत सर्तहरूको पालना गर्नु न्याय प्रशासनसँग सम्बद्ध सम्पूर्ण अवयवहरूको कर्तव्य र उत्तरदायित्व हुन्छ ।
- स्वभावैले न्यायाधीशहरू कानुनबमोजिमको कार्यमा बाहेक कुनै संस्था, निकाय वा संगठनप्रति आफूले गरेको निर्णय वा फैसलाका सम्बन्धमा जवाफदेही नरहने भएपनि उनीहरूको जवाफदेही उनीहरूको संस्थाप्रति रहन्छ । आफू रहेको संस्था प्रतिको जिम्मेवारी निर्वाह गर्न कानुनबमोजिमको कार्य गर्न न्यायाधीशहरू बाध्य हुन्छन् । यसैगरी कानुनबमोजिमको कार्य गर्ने जिम्मेवारी लिएको संस्था वा व्यावसायिक व्यक्ति आफ्नो संस्थाबाट गरिने कानुनसम्मत कार्यको लागि जिम्मेवार र कर्तव्य निर्वाहका लागि स्वतन्त्र हुन्छन् ।
- कानुन कार्यान्वयनका लागि खडा भएका संस्था र कानुन लागू गर्न अपनाइने प्रक्रियाहरू पारदर्शी र आम नागरिकले जानकारी लिन सक्ने अवस्थामा रहेको हुनु पर्दछ ।
- छुट्टाछुट्टै एकाई वा संगठनबाट हुने वैधानिक र उपयुक्त (Just) कार्यबाट व्यक्ति वा निकायको स्वतन्त्र अस्तित्वलाई झल्काउँछ । वस्तुतः न्यायिक आचार एवं मर्यादाको अनुसरण गर्नाले अनावश्यक आरोपहरूबाट मुक्त रहन र न्यायिक कामकारबाहीमा स्वच्छता कायम गर्न थप बल प्राप्त हुन्छ ।

## २.४. न्यायिक स्वतन्त्रता




- स्वतन्त्र न्यायपालिकाको मूल अवधारणाभित्र न्यायपालिकाको निर्णायक स्वतन्त्रता (Decisional Independency) र संस्थागत स्वतन्त्रता (Institutional Independency) पर्दछन् । यस्तो स्वतन्त्रताभित्र न्यायाधीशहरूको स्वतन्त्रता पनि पर्दछ । न्यायपालिकाको संस्थागत स्वतन्त्रता र न्यायाधीशहरूको फैसला वा आदेश गर्ने स्वतन्त्रता एक अर्काका परिपूरक हुन् । न्यायिक स्वतन्त्रतालाई संगठनात्मक स्वतन्त्रता (Organizational Independency), कार्यगत स्वतन्त्रता (Functional Independency) र परिस्थितिजन्य स्वतन्त्रता (Circumstantial Independency) को रूपमा विभाजन गर्न सकिन्छ ।

### २.४.१. संगठनात्मक स्वतन्त्रता

- स्वतन्त्र न्यायपालिकाको संरचनाभित्र संगठनात्मक स्वतन्त्रता र कार्यगत स्वतन्त्रताको अवधारणा समावेश भएको हुन्छ । कार्यगत स्वतन्त्रताले न्यायिक काम कारवाहीमा गैरन्यायिक निकायहरूको हस्तक्षेप हुन नहुने तथ्यलाई स्थापित गर्दछ । संगठनात्मक स्वतन्त्रताभित्र न्यायिक निकायहरूको गठन सम्बन्धी प्रक्रिया सरकारी निकायहरूको गठन भन्दा अलग किसिमको हुनुपर्ने मानिन्छ । न्यायपालिकाको गठन र न्यायिक काम कारवाही दुबै प्रक्रियामा सरकारी वा अन्य कुनै हस्तक्षेप हुन नहुने स्वतन्त्र न्यायपालिकाको अवधारणा हो ।
- संगठनात्मक स्वतन्त्रताले न्यायपालिकाको आन्तरिक सांगठनिक संरचनामा अपनाइएको स्वतन्त्रतालाई उजागर गरिरहेको हुन्छ । सांगठनिक ढाँचाभित्र न्यायाधीशहरूको नियुक्ति, सरुवा, बढुवा, सेवा अवधि, योग्यता, बर्खास्ती, सेवाका सर्तहरू र सेवा गरेवापत पाउने पारिश्रमिक र सुविधाहरूलाई समेत मध्यनजर गरी स्वतन्त्र न्याय सम्पादन गर्ने वातावरण छ छैन भन्ने हेरिनु पर्ने अवस्था रहन्छ ।
- संगठनात्मक स्वतन्त्रताभित्र शक्ति पृथकीकरणको सिद्धान्त अनुसार न्यायपालिकाको सांगठनिक संरचनाभित्र

कार्यपालिका र व्यवस्थापिकाको प्रभाव रहनु हुन्न भन्ने मान्यता रहेको छ। संगठनात्मक स्वतन्त्रताभित्र न्यायाधीशहरू नियुक्ति हुने मापदण्ड, नियुक्तिको लागि चाहिने योग्यता र सेवाका सर्तहरू, बढुवा, सरुवा, बर्खास्ती प्रक्रिया कार्यपालिका र विधायिकाको हस्तक्षेपबाट मुक्त हुनु पर्दछ भन्ने मान्यतालाई विश्वका धेरै मुलुकहरूले अंगीकार प्रयासगर्ने गरेको पाइन्छ।

### (क) न्यायाधीशहरूको नियुक्ति तथा सेवा सम्बन्धी सुरक्षा (Appointment and Service Security of Judges)

- न्यायाधीशको नियुक्ति र बर्खास्तीमा हुने कार्यपालिका वा व्यवस्थापिकाको हस्तक्षेपले अन्ततोगत्वा न्यायपालिकालाई आघात गर्दछ। न्यायाधीशहरू लोक सेवकको रूपमा रही न्याय सम्पादन गरिरहेका हुन्छन् र राज्यद्वारा नियुक्त हुन्छन्। सामान्य अर्थमा न्यायाधीशको नियुक्ति, बर्खास्तीमा नियन्त्रण वा बाह्य हस्तक्षेपले न्यायाधीशहरूको स्वतन्त्रतालाई सीमित बनाइदिएको हुन्छ।[३३] कानुन व्यवसायीको पेसागत स्वतन्त्रतामा हुने राज्यको हस्तक्षेपले समेत अदालतको स्वतन्त्रतालाई आघात पार्दछ। अतः संगठित र स्वतन्त्र कानुन व्यवसाय (Bar) को अभावमा न्यायिक स्वतन्त्रता मजबुत हुन सक्तैन।)
- न्यायाधीशले आफ्नो न्याय सम्पादन गर्ने दायित्वलाई आफैं मूल्यांकन गर्न सक्नु पर्दछ (quiet custodiet ipso custodes)। यसको लागि गैरन्यायिक निकायले न्यायाधीशहरूमाथि विश्वास गर्नुपर्ने हुन्छ।[३४]
- न्यायाधीशको स्वतन्त्रताको लागि नियुक्ति पछि कार्यकालको सुरक्षा हुनु पर्ने मान्यतालाई स्वतन्त्र न्यायपालिकाको मूलभूत मर्मको रूपमा मानिदै आएको छ।
- भारतमा सर्वोच्च अदालत र उच्च अदालतका न्यायाधीशको नियुक्ति सर्वोच्च अदालतका प्रधान न्यायाधीशको परामर्शबमोजिम हुने संवैधानिक व्यवस्था रहेकोले त्यस्तो सल्लाह प्रधान न्यायाधीशको व्यक्तिगत धारणा मात्रै 'परामर्श हुन सक्दैन। यस्तो परामर्श अन्य न्यायाधीशहरूको परामर्शलाई समेत समेटेको हुनु पर्दछ भन्ने मान्यतालाई भारतमा सर्वोच्च अदालतले न्यायिक अभ्यासका क्रममा स्थापित गरेको पाइन्छ।
- अस्थायी रूपमा नियुक्त भएका न्यायाधीशहरू जसले स्थायी रूपमा नियुक्त भएका न्यायाधीशहरूले जस्तै पदावधिको समान संरक्षण पाएका हुँदैनन्, त्यस्ता अस्थायी न्यायाधीशहरू सरकार वा यसका अंगहरू पक्ष भएको मुद्दा वा विवादमा न्याय सम्पादन गर्न सक्षम हुँदैनन भन्ने मान्यताका आधारमा स्वतन्त्र न्यायपालिकाको अवधारणालाई नयाँ ढंगबाट व्याख्या गर्न थालिएको पाइन्छ।[३५] अतः न्यायाधीशहरूलाई अस्थायी नियुक्ति गर्ने प्रक्रियाले अदालतको स्वतन्त्रतामा आँच आउने सम्भावनालाई निम्त्याउँछ।
- राज्यले आफ्नो संविधान र अन्य कानुनमा नै न्यायालयको संरचना सम्बन्धी व्यवस्था गर्नु पर्छ। स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायालयका लागि न्यायाधीशहरूको नियुक्ति तत्सम्बन्धी योग्यता, पदावधि, बढुवा, सरुवा जस्ता प्रक्रियाहरूमा पनि कार्यपालिका वा व्यवस्थापिकाको हस्तक्षेप नभई वास्तविक अर्थमा नै न्यायपालिकालाई स्वतन्त्रता प्रदान गरिनु पर्छ भन्ने मान्यता रहेको छ।[३६]
- "मन्त्री वा मन्त्रीको विभागले गरेको स्वविवेकीय अधिकारको प्रयोगलाई अदालतले जाँच गर्न सक्छ। यो न्यायाधीशको कर्तव्य पनि हो। मन्त्रीद्वारा गरिने स्वविवेकीय अधिकारको प्रयोग बढी गर्नु हुँदैन वा गलत रूपमा प्रयोग गर्नु हुँदैन[३७] भन्ने मान्यता रहेको छ।
- न्यायिक स्वतन्त्रता भन्नाले विशेषाधिकार प्रयोगको अधिकार होइन। प्रजातान्त्रिक मुलुकमा विशेषाधिकारको प्रयोग न्यायाधीशले कुनै अर्को नागरिकको विरुद्ध प्रयोग गर्ने अधिकार भन्दा राज्यको विरुद्ध नागरिक अधिकारको प्रचलनमा बढी प्रयोग हुनु पर्छ।[३८]
- "सुशासनको उत्कृष्ट जग नै उचित न्याय प्रशासन हो"।[३९]
- न्यायिक स्वतन्त्रता एउटा त्यस्तो आधारस्तम्भ हो जसमा न्यायको सिंगो अवधारणा आधारित हुन्छ। न्यायाधीशहरू स्वतन्त्र र निष्पक्ष भएमा मात्रै न्याय प्रशासनमा जनविश्वास रहन सक्ने मान्यता भएकोले सांगठनिक रूपमा पनि न्यायालय दवाब रहित हुनुपर्छ।[४०]

---

३३ Some areas of concern and possible threat to the Independence of Judges and Lawyers, p. 35, cited by Human Rights during Arrest, Pre-Trial and Administrative Detention.

३४ H.R. Bhardwaj, **Law, Lawyers and Judges**, Konark Publishers Pvt. Ltd. (1997), p. 101.

३५ *Jens Viktor Plabte* v. *The State*, Dec. 1997 in case no. 82 B/1997 No. 108/1957, Human Rights during Arrest, Pre-Trial and Administrative Detention

३६ General comment on Art 14 of CCPR (13/04/84)

३७ Lord Denning in Famous Laker's Case (1977) 2 All ER 182, p. 194-195 cited from H.R. Bhardwaj' Law, Lawyers and Judges' Konark Publishers Pvt. Ltd., 1997, p. 21

३८ Sir Anthony Mason, Chief Justice of Australia, in his keynote address to the conference of English, Scottish and Australian Bar, held on July 4, 1992 at London, cited from H.R. Bhardwaj,"Law, Lawyers and Judges', ; Konark Publishers Pvt. Ltd., 1997, p. 21

३९ George Washington,"True Administration of Justice is the Finest Pillar of Good Government", cited in 'Law, Lawyers and Judges', H.R. Bhardwaj; Konark Publishers Pvt. Ltd., 1997, p. 90.

४० H.R. Bhardwaj; 'Law, Lawyers and Judges', Konark Publishers Pvt. Ltd., 1997, p. 91

## सांगठनिक स्वतन्त्रताको स्थिति:

### फ्रान्स

- फ्रान्सको संविधान अनुसार राष्ट्रपतिलाई "स्वतन्त्र न्यायिक अधिकारको संरक्षक (The Guarantor of the Independence of Judicial Authority) मानिन्छ र न्यायाधीशहरू नियुक्ति गर्ने अधिकार पनि निजमा नै निहित छ, तर व्यवहारमा यो कार्य न्यायपालिकाको उच्च परिषद् (High Council of the Judiciary) द्वारा सम्पादन हुन्छ। न्यायपालिकाको उच्च परिषद्ले सर्वोच्च अदालत र पुनरावेदन अदालत (Court de Appel) का न्यायाधीशहरूको नियुक्तिमा राष्ट्रपतिलाई तथा विभागीय कारबाहीमा उपयुक्त निकायमा सिफारिस गर्ने गरिन्छ। तल्ला अदालतका न्यायाधीशहरूको नियुक्ति भने यस परिषद्को सिफारिसमा न्यायमन्त्रीबाट हुने प्रचलन छ।[४१]

### बेलायत

- बेलायतमा राजा जेम्स (१६०३-२५) र चार्ल्स प्रथम (१६२५-४९) को शासनकालदेखि नै न्यायाधीशहरू राजाको इच्छामा (According to our good pleasure) पदमा बहाल रहने अभ्यास विकसित भएको थियो। यसलाई सन् १७०१ को Act of Settlement ले औपचारिकता दिई न्यायाधीशको पदावधि "तिनीहरूले राम्रो काम गरेसम्म (As long as they will have performed well) बहाल रहने कानुनी व्यवस्था छ। न्यायाधीशहरू असल काम गरेसम्म आजीवन सेवामा बहाल रहन सक्दछन्। तर यो पद्धतिमा बीसौं शताब्दीको उत्तरार्द्धमा आएर परिवर्तन हुन गएको छ। न्यायिक निवृत्तिभरण ऐन १९५९ र न्यायपालिका ऐन १९७० ले ३ वर्षको पदावधि थप हुन सक्ने गरी ७२ वर्षमा न्यायाधीशहरूले अवकाश लिने व्यवस्था गरेको छ। उच्च अदालतका न्यायाधीशहरूले ७५ वर्षमा अवकाश प्राप्त गर्छन्। साथै संसदका दुबै सदनको सिफारिसका आधारमा राजा वा रानीबाट पनि न्यायाधीशहरू हटाइन्छन्। स्वेच्छाले अवकाश लिएर पनि पद त्याग गर्ने व्यवस्था छ।[४२]

### सिंगापुर

- सिंगापुरको न्यायिक शक्ति सर्वोच्च अदालत र अधीनस्थ अदालतमा रहने स्पष्ट संवैधानिक व्यवस्था छ। कार्यपालिका र सरकारका कानुन निर्माण गर्ने अंगहरूबाट न्यायपालिका पूर्ण रूपमा स्वतन्त्र रही न्याय सम्पादन गर्ने काम गर्दछ भन्ने कुरा सिंगापुरको संविधानमा उल्लेख छ।
- उच्च अदालतले मात्र आफू भन्दा तल्ला तहको अदालतको सुपरिवेक्षण गर्ने व्यवस्था गरी न्यायपालिकामा बाह्य हस्तक्षेप हुनु हुँदैन भन्ने मान्यतालाई आत्मसात् गरेको पाइन्छ।
- सिंगापुरको संविधानले अधीनस्थ अदालत अन्तर्गत निम्न प्रकारका न्यायिक एकाइहरूको व्यवस्था गरेको पाइन्छ ;
  - जिल्ला अदालतहरू : यसलाई देवानी, फौजदारी, पारिवारिक आदि छुट्टा-छुट्टै विशिष्टीकृत अदालतको रूपमा संस्थापित गरिएको छ।
  - मजिष्ट्रेट न्यायालय
  - बाल न्यायालय
  - कोरोनर्स अदालत
  - साना मुद्दा हेर्ने न्यायाधिकरण

### फिलिपिन्स

- राज्यको न्यायिक शक्ति सर्वोच्च अदालत र तल्ला तहका अदालतमा रहने स्पष्ट संवैधानिक व्यवस्था गरी स्वतन्त्र न्यायपालिकामा तल्ला तहका अदालतको भूमिकालाई स्वीकार गरिएको पाइन्छ।[४३]
- न्यायपालिकामा आर्थिक स्वायत्तता हुनु पर्ने कुरालाई फिलिपिन्सको संविधानले स्पष्ट व्यवस्था गरेको छ। न्यायपालिकाको बजेटमा व्यवस्थापिकाले कटौती गर्न नमिल्ने स्पष्ट संवैधानिक व्यवस्था गरी कार्यपालिका वा व्यवस्थापिकाबाट न्यायपालिका माथि हुने सम्भावित हस्तक्षेपलाई न्यून गरिएको छ।[४४]
- सबै अदालत एवं न्यायिक अधिकारीहरूको प्रशासनिक एवं न्यायिक सुपरिवेक्षण सर्वोच्च अदालतबाट हुने संवैधानिक व्यवस्था गरिएको छ।[४५]
- सर्वोच्च अदालतका न्यायाधीशहरू लगायत सबै तहका अदालतहरूका न्यायाधीशहरू राष्ट्रपतिद्वारा नियुक्त गरिने संवैधानिक व्यवस्था छ। यसरी नियुक्त गर्दा एउटा रिक्त पदको लागि न्याय परिषद्ले र कानुन व्यवसायी परिषद्ले तीनजना उम्मेदवारको नाम राष्ट्रपतिलाई छनौट गर्न पठाउनु पर्ने व्यवस्था छ। तल्लो तहको अदालतको लागि यसरी सूची प्राप्त गरेको मितिले ९० दिनभित्र राष्ट्रपतिले न्यायाधीशको नियुक्तिको घोषणा गर्ने संवैधानिक व्यवस्था छ।[४६]

---

४१ नेपालको संवैधानिक विकास, कानुन अनसन्धान तथा विकाम फोरम (फ्रिडिल) वि.सं. २०५४, पृ. ४३९-४४०
४२ ऐ. पृ. ३९८-३९९
४३ Constitution of Philippines, Art VIII, Section 1
४४ Id., Art VIII, Section 3
४५ Id., Art VIII, Section 6
४६ Id., Art VIII, Section 9

- सर्वोच्च अदालतका प्रधान न्यायाधीश लगायत सबै तहका न्यायाधीशको पारिश्रमिक कटौती नहुने संवैधानिक व्यवस्था छ। कानुनबमोजिम तिनीहरूको पारिश्रमिक निश्चित गरिने व्यवस्था छ।[४७]
- न्यायाधीशहरूले असल आचरण रहेसम्म ७० वर्षको उमेरसम्म पदमा रही न्याय सम्पादन गर्न सक्ने व्यवस्था गरिएको छ।[४८]

**संयुक्त राज्य अमेरिका**

- संयुक्त राज्य अमेरिकाको न्यायिक शक्ति अमेरिकी कंग्रेसले समय समयमा बनाएको कानुनको अधीनमा रही सर्वोच्च अदालत र मातहतका अदालतमा रहने संवैधानिक व्यवस्था छ।[४९]
- संयुक्त राज्य अमेरिकामा न्यायिक स्वतन्त्रता अन्तर्गत मुख्य रूपमा ५ वटा तत्वहरूलाई आवश्यक सर्तको रूपमा उल्लेख गर्ने गरिएको पाइन्छ।[५०]

(१) न्यायाधीशहरूको सेवाको सुरक्षा,

(२) न्यायालयद्वारा स्वतन्त्र रूपले गरिने न्याय प्रशासन,

(३) न्यायाधीशको गलत आचरणमा न्यायिक अनुशासन सम्बन्धी कारबाही,

(४) स्वतन्त्र न्यायिक मान्यता अन्तर्गत विवादलाई समाधान गर्ने अख्तियारी,

(५) प्रभावकारी न्यायिक निर्णय दिन सक्षम हुनुपर्ने अवस्था।

**पाकिस्तान**

- संविधानमा न्यायपालिका कार्यपालिकाबाट स्वतन्त्र हुनु पर्छ भन्ने उल्लेख गरिएको पाइन्छ।[५१]
- सर्वोच्च अदालतले संविधान अन्तर्गत रही अदालतको काम कारवाही नियमित गर्न आवश्यक नियम बनाउन सक्ने अधिकार प्रदान गरिएको छ।[५२]
- उच्च अदालतको न्यायाधीशले संविधान बमोजिम राजिनामा नगरेसम्म वा पदमुक्त नभएसम्म ६२ वर्षको उमेरसम्म पदीय काम गर्न सक्ने संवैधानिक व्यवस्था छ।[५३]
- उच्च अदालतले उच्च अदालत वा यस मातहतका अन्य अदालतहरूको काम र कार्यविधि नियमित गर्न नियम बनाउन सक्ने अधिकार प्रदान गरेको पाइन्छ।[५४]
- प्रत्येक उच्च अदालतले आफ्नो मातहत रहेका अदालतहरूको सुपरिवेक्षण गर्न र आवश्यक निर्देशन दिन सक्ने अधिकार संविधानले प्रदान गरेको छ।[५५]
- सर्वोच्च अदालत वा उच्च अदालतको न्यायाधीशले पदमुक्त भइसकेपछिको दुई वर्षपछिसम्म पाकिस्तानमा कुनै लाभको पद ग्रहण गर्न, न्यायिक वा अर्धन्यायिक निकायमा काम गर्न वा मुख्य निर्वाचन आयुक्तको कार्यालयमा काम गर्न वा कानुन आयोगको सदस्य बन्न वा इस्लामिक विचारधारा आयोग (Council of Islamic Ideology) को अध्यक्ष वा सदस्य बन्न नपाउने संवैधानिक व्यवस्था गरेको छ।[५६]
- सर्वोच्च अदालतको स्थायी न्यायाधीशको पदमा रही काम गरेको न्यायाधीशले कुनै पनि अदालत वा निकायमा बहस पैरवी गर्न नपाउने संवैधानिक व्यवस्था छ। साथै, उच्च अदालतको स्थायी न्यायाधीशको पदमा रही काम गरेको न्यायाधीशले त्यस उच्च अदालतको अधिकारक्षेत्र मातहत पर्ने कुनै पनि अदालत वा निकायमा बहस पैरवी गर्न नपाउने व्यवस्था छ।[५७]
- सर्वोच्च अदालत वा उच्च अदालतका न्यायाधीशलाई कार्य दक्षताको अभाव वा पदीय दायित्व इमानदारीपूर्वक पालन नगरेको आधारमा राष्ट्रपतिले पदमुक्त गर्न सक्ने व्यवस्था छ।[५८]
- सर्वोच्च अदालत र उच्च अदालतका न्यायाधीशको लागि न्याय परिषद्‌ले आचार संहिता जारी गर्न सक्ने संवैधानिक व्यवस्था रहेको छ।[५९]

**बंगलादेश**

- न्यायपालिका कार्यपालिकाबाट स्वतन्त्र रहनु पर्छ भन्ने आधारभूत मान्यतालाई संविधानले स्पष्ट रूपले अंगीकार गरेको छ।[६०]
- बंगलादेशको संविधानले सर्वोच्च अदालतको न्यायाधीशको लागि अवकाश पाउने उमेरको हद ६५ वर्ष तोकेको छ।[६१]
- संविधानद्वारा निर्धारित कार्यविधिबमोजिम बाहेक सर्वोच्च अदालतको न्यायाधीशलाई पदमुक्त गर्न नसकिने व्यवस्था रहेको छ।[६२]
- अधीनस्थ न्यायालयको रूपमा रहेको न्यायिक निकायका पदाधिकारी वा मजिस्ट्रेटको नियुक्ति संविधान बमोजिम राष्ट्रपतिबाट गरिने व्यवस्था छ। राष्ट्रपतिद्वारा न्यायाधीशबाट हुने न्यायिक कार्य संचालनको लागि कानुन बनाउन सकिने संवैधानिक व्यवस्था छ।[६३]
- अधीनस्थ न्यायालयको रूपमा रहेको न्यायिक निकायका पदाधिकारी र मजिस्ट्रेटको बढुवा, बिदा सम्बन्धी व्यवस्थाको लागि राष्ट्रपतिले सर्वोच्च अदालतको परामर्शमा गर्ने व्यवस्था रहेको छ।[६४]

---

४७ Id., Art VIII, Section 10
४८ Id., Art VIII, Section 11
४९ U.S. Constitution, Art III Section 1
५० H.R. Bhardwaj; **'Law, Lawyers and Judges'**, Konark Publishers Pvt. Ltd., 1997, p. 92
५१ Constitution of Pakistan, Article 175(3)
५२ Id., Article 191
५३ Id., Article 175
५४ Id, Article 202
५५ Id., Article 203
५६ Id., Article 207(2)
५७ Id., Article 207(3)
५८ Id., Article 209(7)
५९ Id., Article 209(8)
६० Constitution of Bangladesh, Article 22
६१ Id., Article 96(1)
६२ Id., Article 96(2)
६३ Id., Article 115
६४ Ibid

- न्यायिक निकायका पदाधिकारी र मजिस्ट्रेटले स्वतन्त्र रूपमा न्यायिक कार्य गर्न पाउने सवैधानिक व्यवस्था छ ।[६५]

## श्रीलंका

- श्रीलंकामा नागरिक अधिकारको सुरक्षा गरी कार्यान्वयन गराउन सर्वोच्च अदालत, पुनरावेदन अदालत र यस मातहतका अदालतको व्यवस्था संविधानमा उल्लेख छ ।[६६]
- सर्वोच्च अदालतका न्यायाधीशहरू ६५ वर्षको उमेरसम्म र पुनरावेदन अदालतका न्यायाधीशहरू ६३ वर्षसम्म पदमा रही न्याय सम्पादन गर्न सक्ने व्यवस्था गरेको छ ।[६७]
- सर्वोच्च अदालत र पुनरावेदन अदालतका न्यायाधीशहरूको पारिश्रमिक संसदद्वारा कानुन बमोजिम निश्चित गरिने व्यवस्था छ ।[६८]
- सर्वोच्च अदालत र पुनरावेदन अदालतका न्यायाधीशहरूको पारिश्रमिकमा कटौती गर्न नमिल्ने प्रावधान रहेको छ । साथै सर्वोच्च अदालत र पुनरावेदन अदालतका न्यायाधीशहरूको निवृत्तिभरण पनि अवकाश प्राप्त गर्दाको पारिश्रमिक भन्दा कम हुनु हुँदैन भन्ने संवैधानिक व्यवस्था गरी न्यूनतम निवृत्तिभरणको मापदण्ड निर्धारण गरेको छ ।[६९]
- सर्वोच्च अदालतका न्यायाधीशहरू वा पुनरावेदन अदालतका न्यायाधीशहरूले पारिश्रमिक लिएर वा नलिएर अर्को कुनै कार्यालयमा काम गर्न वा कुनै लाभ स्वीकार गर्न संविधानद्वारा वा लिखित कानुनद्वारा अख्तियारी वा राष्ट्रपतिको स्वीकृति प्राप्त गर्नु पर्ने संवैधानिक व्यवस्था छ ।[७०]

## भुटान[७१]

- भुटानको सर्वोच्च अदालतको रूपमा शाही न्यायिक अदालत (Royal Court of Justice) रहेको छ । यसले जिल्ला अदालतबाट भएको निर्णय उपर पुनरावेदन सुन्ने काम गर्दछ ।
- पुनरावेदनको सबैभन्दा सर्वोच्च निकायको रूपमा राजा रहेका छन् ।
- सर्वोच्च अदालतमा ६ जना न्यायाधीश रहन्छन् ।
- राजाको आदेशानुसार सर्वोच्च अदालतले न्याय सम्पादन गर्दछ ।
- शाही नागरिक सेवा आयोगमार्फत् राजाबाट सर्वोच्च अदालत र जिल्ला अदालतका न्यायाधीशहरू नियुक्त हुन्छन् ।
- कानुनको सिंगो स्रोतको रूपमा राजा र मन्त्रीपरिषद् रहेको छ ।
- राजा र राजाको सरकार कानुनभन्दा माथि रहेको छ ।
- जिल्ला अदालतहरूलाई देवानी र फौजदारी मुद्दा हेर्ने अधिकारक्षेत्र प्रदान भएको छ ।
- कुनै पनि अदालतको आदेश वा निर्णय राजाको इच्छाअनुसार कुनै पनि बेला उल्टन वा फेरबदल हुन सक्तछ ।

## भारत

- न्यायाधीशहरूको पारिश्रमिक र अन्य सुविधाहरू कानुनद्वारा निश्चित हुने व्यवस्था छ र यस्तो पारिश्रमिक र सुविधामा विधायिकाले हस्तक्षेप गर्न नसक्ने संवैधानिक व्यवस्था छ ।[७२]
- संसदले सर्वोच्च अदालतको अधिकार क्षेत्रको शक्तिलाई विस्तारित गर्न सक्छ । तर कटौती गर्न सक्तैन ।[७३]
- प्रधान न्यायाधीशको भूमिका भनेको न्यायाधीशहरूलाई स्वेच्छाचारी सरुवाबाट संरक्षण दिई न्यायाधीशको हितको संरक्षण गर्नु हो भन्ने कुरा भारतीय संविधानले स्पष्ट गरी प्रधान न्यायाधीशको दायित्वलाई प्रष्ट बनाएको छ ।[७४]
- न्यायाधीशको पदावधिको सुरक्षा प्रदान गरिएको छ । भारतीय संविधानमा न्यायाधीशको गलत आचरणको आधारमा पदमुक्त हुने व्यवस्था छ ।[७५]
- सर्वोच्च अदालत वा उच्च अदालतका न्यायाधीशको कर्तव्य पालन गर्दाको आचरणलाई लिएर संसदमा कुनै छलफल गर्न नपाइने संवैधानिक व्यवस्था छ । तर न्यायाधीशको बर्खास्तीको सम्बन्धमा राष्ट्रपतिलाई सम्बोधन गरी संसदमा बहस गर्न सकिन्छ ।[७६]
- सर्वोच्च अदालत र उच्च अदालतले आफ्नो मानहानीमा मुद्दा चलाउन र सजाय गर्न सक्ने संवैधानिक व्यवस्था छ ।[७७]
- संविधानले राज्य नीतिका निर्देशक सिद्धान्तहरू अन्तर्गत राज्यले न्यायपालिकालाई कार्यपालिकाबाट पृथक् राख्न आवश्यक व्यवस्था गर्नुपर्ने प्रावधान समावेश गरिएको छ ।[७८]
- सर्वोच्च अदालतका न्यायाधीशहरू ६५ वर्षको र उच्च अदालतका न्यायाधीशहरू ६२ वर्षको उमेरसम्म न्यायाधीशको पदमा रही काम गर्न सक्ने व्यवस्था भारतीय संविधानमा छ ।
- सर्वोच्च अदालतले उच्च अदालतका न्यायाधीशको राजिनामाको सम्बन्धमा कस्तो राजिनामा स्वीकृति हुनु भन्दा पहिले फिर्ता लिन सकिन्छ भन्ने सिद्धान्त स्थापित गरेको पाइन्छ । राजिनामा कानुनी, करारीय वा संवैधानिक सीमाभित्र नरहेर गरिएको छ भने त्यस्तो राजिनामा स्वीकृति हुनु भन्दा अघि जुनसुकै बेला पनि राजिनामा गर्ने न्यायाधीशले फिर्ता लिन चाहेमा फिर्ता लिई न्याय सम्पादन गर्न सकिन्छ । तर राजिनामा स्वीकृत भइसकेपछि राजिनामा फिर्ता लिई पदमा रही कार्य गर्न सकिदैन ।


---

६५ Id., Article 116A
६६ Constitution of Sri Lanka, Art 146
६७ Id., Art 151(7)
६८ Id., Art 152(1)
६९ Id., Art 152(2)
७० Id., Art 154 (2)
७१ Legal System, published in Spacetimes Today, date May 23, 2001, Bhutan's
७२ V.D. Mahajan, **Constitution of India**, 7th edition, Eastern Book Company (1991), p. 482
७३ Ibid
७४ Constitution of India, Art 222, cited from H.R. Bhardwaj;'Law, Lawyers and Judges', Konark Publishers Pvt. Ltd., (1997), p. 101
७५ H.R. Bhardwaj; **'Law, Lawyers and Judges'**, Konark Publishers Pvt. Ltd., (1997), p. 92
७६ Constitution of India, Article 121
७७ Id., Article 129, 215
७८ Id., Article 50

न्यायाधीशहरूलाई बाह्य दबाबबाट पदमुक्त गर्न नसकियोस् भन्नको लागि यो सिद्धान्त स्थापित गरिएको पाइन्छ ।[७९]

- कुनै व्यक्ति सर्वोच्च अदालतको न्यायाधीश भइसकेपछि भारतको भूमि भित्रको कुनै अदालत वा कुनै आधिकारिक निकायमा बहस गर्न नपाउने संवैधानिक व्यवस्था गरिएको पाइन्छ ।[८०]
- सर्वोच्च अदालतले न्यायाधीशको सरुवा सम्बन्धी मुद्दामा न्यायाधीश नियुक्त गर्दा चाहिने परामर्श (consultation) को सम्बन्धमा व्याख्या गर्दै सरकारले यस्तो परामर्श नकार्न पनि सक्ने बेहोरा आफ्नो निर्णयमा उल्लेख गरेको पाइन्छ । तर सर्वोच्च अदालत र उच्च अदालतले न्यायाधीशहरूको नियुक्ति गर्ने राष्ट्रपतिको अधिकार प्रयोगमा प्रभाव पार्न सक्ने कुरालाई स्थापित गरेको पाइन्छ ।[८१]
- न्यायाधीश नियुक्तिको प्रश्नमा उच्च अदालतका मुख्य न्यायाधीशले र सर्वोच्च अदालतका प्रधान न्यायाधीशले राष्ट्रपतिलाई दिएको परामर्शको स्तर समान हुने र प्रधान न्यायाधीशको परामर्शले स्थान सर्वोच्च नमानिने सिद्धान्तलाई भारतीय सर्वोच्च अदालतले अंगिकार गरेको छ ।[८२]
- न्यायाधीशको नियुक्ति सम्बन्धमा राष्ट्रपतिलाई दिइने परामर्शको प्रक्रिया (Process of Consultation) गोप्य हुनु हुँदैन । यो प्रक्रिया अपेक्षित रूपमा खुला हुनु पर्दछ भन्ने कुरा सर्वोच्च अदालतले स्थापित गरी न्यायाधीश जस्तो सर्वोच्च पदमा सुहाउँदो व्यक्तिलाई मात्र नियुक्ति गरिनु पर्ने मान्यतालाई बल दिइएको पाइन्छ ।[८३]
- सर्वोच्च अदालत वा सर्वोच्च अदालतका प्रधान न्यायाधीशले उच्च अदालतका न्यायाधीशहरूको सरुवा गर्न नसक्ने सिद्धान्त स्थापित गरी उच्च अदालतमाथि सर्वोच्च अदालतको प्रशासनिक नियन्त्रणको सीमा निर्धारण गरेको छ । उच्च अदालत भन्दा न्यायिक पक्षको आधारमा मात्रै सर्वोच्च अदालत नै सर्वोच्च न्यायिक निकायको रूपमा रहेको छ ।[८४]
- न्यायाधीशमा निर्णयमा पुग्ने क्षमता लगायत न्याय सम्पादनका सम्पूर्ण प्रक्रियागत कार्यहरू गर्ने उच्चतम व्यक्तित्व र पेसागत योग्यता (Highest Personal and Professional Qualifications) हुनु पर्दछ ।[८५] न्यायाधीशहरू न्यायिक शुद्धता र निष्पक्षताका निम्ति निर्णायक (Umpire) को भूमिका निर्वाह गर्ने व्यक्तिहरू हुन् । तसर्थ, यस्तो उत्तरदायी पद धारण गर्ने व्यक्तिहरूको नियुक्ति, सरुवा, बढुवा, बर्खास्ती जस्ता सेवा सम्बन्धी सर्तहरू न्यायिक मान्यता अनुरूप स्वच्छ, पारदर्शी र न्यायपालिकी नियन्त्रणभित्रको विषय हुनु पर्दछ भन्ने मान्यतालाई आत्मसात् गरिएको छ ।

### (ख) नेपालको न्यायपालिकाको संगठनात्मक




---

७९ *Union of India* v. *Gopan Chandra Misra* (1978) 2 SCC 301: AIR 1978 SC 694

८० Constitution of India, Article 124(7)

८१ V.D. Mahajan, **Constitution of India**, 7th edition, Eastern Book Company (1991), p. 483

८२ *S.P. Gupta* v. *Union of India*, 1981, Supp SCC 87, AIR 1982, SC 149, cited from H.R. Bhardwaj, 'Law, Lawyers and Judges', Konark Publishers Pvt. Ltd. (1997), p. 94

८३ H.R. Bhardwaj; **'Law, Lawyers and Judges'**, Konark Publishers Pvt. Ltd., 1997, p. 96-97

८४ Id at 100-101

८५ Champain J., ***The Organization of Trial Judges***, Courts and Judges, Volume 15 (1981),p . 76 नारायणप्रसाद श्रेष्ठ, नेपालको वर्तमान न्याय व्यवस्थामा न्यायाधीश, पृष्ठ ८३।

## संरचना

- प्रत्येक देशको न्यायाधीशको नियुक्तिसम्बन्धी आफ्नै प्रक्रिया हुने गर्दछ। तर न्यायाधीश पदको लागि छनौट भएका व्यक्तिहरू कर्तव्यनिष्ठ र कानुनको क्षेत्रमा उपयुक्त तालिम प्राप्त गरेको वा कानुनका क्षेत्रमा पर्याप्त शैक्षिक योग्यता प्राप्त हुनुपर्दछ। साथै तल्ला तहको अदालतका न्यायाधीशको नियुक्ति गर्नुभन्दा अघि माथिल्लो तहका न्यायाधीशसँग सल्लाह लिनुपर्दछ भन्ने मान्यता रहिआएको छ।[८६] यो न्यायाधीश नियुक्तिको न्यूनतम् मापदण्ड हो। न्यायपालिकाको सदस्य दक्ष, निष्ठावान्, इमान्दार र स्वतन्त्र हुनु पर्ने मान्यतालाई कतिपय देशका संविधानले स्पष्ट व्यवस्था गरेको पाइन्छ।[८७] नेपाल अधिराज्यको संविधान, २०४७ एवं अन्य न्यायपालिका सम्बन्धी नेपाल कानुनले समेत स्वतन्त्र न्यायपालिकाको आवश्यकता महसुस गरी आवश्यक प्रावधान व्यवस्थित गरेका छन्।

### सर्वोच्च अदालत

- सर्वोच्च अदालतमा प्रधान न्यायाधीश र बढीमा चौधजनासम्म अन्य न्यायाधीशहरू रहने र सर्वोच्च अदालतमा मुद्दाको संख्या बढ्न गई न्यायाधीशहरूको संख्या अपर्याप्त हुन गएमा कुनै निश्चित अवधिका लागि अस्थायी न्यायाधीश नियुक्त गर्न सकिने व्यवस्था छ।[८८]
- संवैधानिक परिषद्को सिफारिसमा प्रधान न्यायधीशको र न्याय परिषद्को सिफारिसमा सर्वोच्च अदालतका अन्य न्यायाधीशहरू श्री ५ बाट नियुक्त हुने व्यवस्था छ।[८९]
- प्रधान न्यायाधीशको पदमा नियुक्त हुनका लागि सर्वोच्च अदालतको न्यायाधीशको पदमा कम्तिमा पाँच वर्ष काम गरेको व्यक्ति हुनुपर्ने योग्यता संविधानले निश्चित गरेको छ।[९०] प्रधान न्यायाधीशको पद रिक्त भएमा वा अस्वस्थ्यता वा अरू कुनै कारणले प्रधान न्यायाधीश आफ्नो काम गर्न असमर्थ भएमा वा बिदा बसेको वा नेपाल अधिराज्यबाट बाहिर गएको कारणले प्रधान न्यायाधीश सर्वोच्च अदालतमा अनुपस्थित हुने अवस्था परेमा श्री ५ बाट सर्वोच्च अदालतको वरिष्ठतम न्यायाधीशलाई कायम मुकायम प्रधान न्यायाधीश भई काम गर्न तोक्न सकिबक्सने व्यवस्था छ।[९१]
- सर्वोच्च अदालतको न्यायाधीशको नियुक्तिको लागि निम्न योग्यता[९२] पुगेको व्यक्ति हुनुपर्दछ ;
  - पुनरावेदन अदालतको न्यायाधीशको हैसियतमा वा सो सरहको न्याय सेवाको कुनै पदमा कम्तिमा दश वर्ष काम गरेको व्यक्ति, वा
  - कानुनमा स्नातक उपाधि प्राप्त गरी, अधिवक्ता वा वरिष्ठ अधिवक्ताका हैसियतमा कम्तिमा पन्ध्र वर्ष वकालत गरेको व्यक्ति, वा
  - कम्तिमा पन्ध्र वर्षसम्म न्याय वा कानुनको क्षेत्रमा काम गरी विशिष्ट कानुनविद्का रूपमा ख्यातिप्राप्त गरेको व्यक्ति।
  - उक्त व्यवस्थाको प्रयोजनको लागि संविधान लागू हुनुभन्दा पहिले अञ्चल अदालत वा क्षेत्रीय अदालतमा न्यायाधीश भई काम गरेको अवधिलाई पुनरावेदन अदालतको न्यायाधीशको हैसियतमा काम गरेको अवधि मानिने प्रावधान रहेको छ।[९३] श्री ५ बाट नियुक्ति गर्ने अनुमति प्राप्त गरी प्रधान न्यायाधीशले न्यायपरिषद्को सिफारिसमा सर्वोच्च अदालतको अस्थायी न्यायाधीशको रूपमा नियुक्ति गर्दा उपर्युक्तानुसारको योग्यता पुगेको व्यक्ति वा सर्वोच्च अदालतको अवकाश प्राप्त न्यायाधीशलाई गर्नु पर्ने व्यवस्था भएको पाइन्छ।[९४]
- प्रधान न्यायाधीश र सर्वोच्च अदालतका अन्य न्यायाधीशहरू पैसठ्ठी वर्षको उमेर नपुगेसम्म आफ्नो पदमा बहाल रहनेछन्।[९५]
- सर्वोच्च अदालतको न्यायाधीशलाई श्री ५ को सरकारले कुनै पनि कामको प्रयोजनार्थ तोक्न सक्ने अवस्था देखिँदैन। कार्यपालिकाले न्यायपालिकाको कार्यको नियन्त्रण गर्ने होइन। सर्वोच्च अदालतको रजिस्ट्रारलाई विभागीय कारवाही गर्न श्री ५ को सरकारले सर्वोच्च अदालतको न्यायाधीशलाई तोक्न सक्ने र तोकिएको न्यायाधीशले गरेको निर्णयउपर श्री ५ को सरकारमा पुनरावेदन लाग्ने गरी गरेको व्यवस्था अमान्य र बदर हुने सिद्धान्त सर्वोच्च अदालतले प्रतिपादित गरेको पाइन्छ।[९६]
- न्यायाधीशलाई श्री ५ को सरकारको कर्मचारीको हैसियतमा नराखी छुट्टै स्वतन्त्र न्यायपालिकाको मर्यादा अनुकूल राख्नु पर्ने सिद्धान्तलाई स्वीकार गरिएको छ।[९७]

### पुनरावेदन अदालत

८६ Recommendations of the Seminar on the Independence of Judges and Lawyer, Kathmandu 1-5 September 1987, Independence of Judges Lawyers, Nepal Law Society, Page 32.
८७ Constitution of Philippines, Art VIII, Section 6
८८ नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८६ (३)
८९ ऐ. धारा ८७ (१)
९० ऐ. धारा ८७ (२)
९१ ऐ. धारा ८७ (४)
९२ ऐ. धारा ८७ (३)
९३ ऐ. धारा ८७ (३) को स्पष्टीकरण
९४ ऐ. धारा ८७
९५ ऐ.ऐ.
९६ *तीर्थ कोइराला* वि. *सामान्य प्रशासन मन्त्रालय,* ने.का.प. २०५२, स्वर्ण विशेषांक, पृ. १९३
९७ *भक्त बहादुर शाह* वि. *लोक सेवा आयोग २०५२*, रिट नं. २८६४, २०५२/१०/२

- प्रत्येक पुनरावेदन अदालतमा एकजना मुख्य न्यायाधीश र आवश्यकता अनुसारको संख्यामा अन्य न्यायाधीशहरू रहने व्यवस्था छ । कार्य बोझ बढेको अवस्थामा तोकिएको अवधिको लागि अतिरिक्त न्यायाधीश नियुक्त गर्न सकिने व्यवस्था छ ।[९८]
- पुनरावेदन अदालतका मुख्य न्यायाधीश र अन्य न्यायाधीशहरू न्याय परिषद्को सिफारिसमा श्री ५ बाट नियुक्ति हुने व्यवस्था छ ।[९९]
- पुनरावेदन अदालतको मुख्य न्यायाधीशको पद रिक्त भएमा वा अस्वस्थताको वा अरू कुनै कारणले मुख्य न्यायाधीश आफ्नो पदको काम गर्न असमर्थ भएमा वा बिदा बसेको वा नेपाल अधिराज्यबाट बाहिर गएको कारणले मुख्य न्यायाधीश अदालतमा उपस्थित नहुने अवस्था परेमा प्रधान न्यायाधीशले सोही पुनरावेदन अदालतको वरिष्ठतम न्यायाधीशलाई कायम मुकायम मुख्य न्यायाधीश भई काम गर्न तोक्न सक्ने व्यवस्था छ ।[१००]
- पुनरावेदन अदालतको मुख्य न्यायाधीश एवं न्यायाधीशको पदमा नियुक्त हुनको लागि निम्नानुसारको[१०१] योग्यता पुगेको व्यक्ति हुनुपर्दछ :
  - कानुनमा स्नातक उपाधि प्राप्त गरी जिल्ला न्यायाधीश वा सो सरहको न्याय सेवाको कुनै पदमा कम्तिमा सात वर्ष काम गरेको व्यक्ति, वा
  - कानुनमा स्नातक अधिवक्ता वा वरिष्ठ अधिवक्ताको रूपमा कम्तिमा दश वर्ष वकालत गरेको व्यक्ति, वा
  - कम्तिमा दश वर्ष कानुनको अध्ययन, अन्वेषण वा कानुन वा न्याय सम्बन्धी अन्य कुनै क्षेत्रमा काम गरेको नेपाली नागरिक ।

**जिल्ला अदालत**

- जिल्ला अदालतमा जिल्ला न्यायाधीश र आवश्यकता अनुसार अतिरिक्त जिल्ला न्यायाधीशहरू रहने व्यवस्था छ ।[१०२]
- जिल्ला अदालतको न्यायाधीश न्याय परिषद्को सिफारिसमा श्री ५ बाट नियुक्त हुन्छन् । जिल्ला न्यायाधीशको नियुक्ति न्याय परिषद्को सिफारिसमा गर्ने गरी श्री ५ बाट प्रधान न्यायाधीशलाई अधिकार प्रदान गर्न सकिबक्सने व्यवस्था छ ।[१०३]
- जिल्ला न्यायाधीशको नियुक्तिको लागि[१०४] कानुनमा स्नातक उपाधि प्राप्त गरी न्याय सेवाको राजपत्रांकित द्वितीय श्रेणीमा कम्तिमा चार वर्ष काम गरेको नेपाली नागरिक मात्र योग्य हुने व्यवस्था छ ।
- जिल्ला न्यायाधीश नियुक्ति गरिंदा रा.प. द्वितीय श्रेणीको पदमा बढुवा भएपछि संविधानको धारा ९० बमोजिम कम्तिमा ४ वर्ष सम्म काम गरेको नभएको भन्ने विवादमा, विद्यमान पदमा कहिलेदेखि रही आएको भन्ने कुराको निरूपण गर्दा बढुवा कायम गरेको अभिलेख मितिलाई नै उक्त तात्पर्यको लागि मान्नु पर्ने हुन्छ । बढुवा जुन मितिदेखि कायम गरिएको हो सो बढुवा उपर उजुर गरी बदर नभएमा सोही बढुवा मिति कायम हुने व्यवस्था रहिआएको परिप्रेक्ष्यमा काम गरेको भन्ने शब्दावलीको अर्थ सो पदमा बहाली पाई कार्य गरेको अवधिलाई लिन उपयुक्त हुन्छ । जुन मितिदेखि बढुवा हुने भनी अधिकार प्राप्त निकायबाट निर्णय हुन्छ, सोही मितिलाई बढुवा भएको मान्न न्यायोचित र मनासिव हुन आउने भनी निर्णय भएको छ ।[१०५]
- जिल्ला अदालतका न्यायाधीश एवं पुनरावेदन अदालतका न्यायाधीशको सेवाका सर्तहरू कानुनद्वारा नै निर्धारण हुने व्यवस्था छ । सोही प्रयोजनका लागि पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्तहरू सम्बन्धी ऐन २०४८ द्वारा न्यायाधीशहरूको पारिश्रमिक, भत्ता, आवास सुविधा, प्रशासकीय भत्ता, सञ्चय कोष सुविधा, बिदा, उपचार खर्च, उपदान तथा निवृत्तिभरण, पारिवारिक तथा अशक्तवृत्ति तथा अन्य सुविधाहरू निर्धारण गरिएको छ । पुनरावेदन अदालत र जिल्ला अदालतका न्यायाधीशहरूको अवकाश सम्बन्धी सर्तहरू समान रूपमा तोकिएका छन् ।
- नेपाल अधिराज्यको संविधान, २०४७ ले न्यायपालिकामा कार्यपालिका र विधायिकाको हस्तक्षेप नरहने संवैधानिक प्रारूप तयार गरी स्वतन्त्र न्यायपालिकाको महत्वलाई अंगीकार गरेको पाइन्छ । वस्तुतः सांगठनिक दृष्टिबाट न्यायपालिका स्वतन्त्र छ र स्वतन्त्रतापूर्वक आफ्नो कार्य सम्पादन गर्न संविधानले न्यायिक संगठनहरूको प्रारूप तयार गरेको छ । अन्य देशको न्यायपालिकाको संगठनात्मक स्वरूपसँग तुलना गर्ने हो भने संगठन निर्माणको कुरामा स्वतन्त्र न्यायपालिका सम्बन्धी मान्यतालाई आत्मसात् गरिएको छ भन्ने तथ्य प्रष्ट हुन्छ । अर्को उल्लेखनीय पक्ष के रहेको छ भने भारत, पाकिस्तान लगायत अन्य कतिपय राष्ट्रमा सुरु तहको अदालतको सांगठनिक स्वतन्त्रताका विषयमा संविधानले छुट्टै

---

९८ न्याय प्रशासन ऐन, २०४८ को दफा ६

९९ नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१(१)

१०० पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक सुविधा तथा सेवाका अन्य सर्त सम्बन्धी ऐन, २०४८ को दफा २६ (१)

१०१ नेपाल अधिराज्यको संविधानको २०४७ को धारा ९० (१)

१०२ न्याय प्रशासन ऐन, २०४८ को दफा ४

१०३ नेपाल अधिराज्यको संविधान २०४७ को धारा ९१ (१)

१०४ ऐ. धारा ९० (२)

१०५ *राम प्रसाद अधिकारी* वि. *न्याय परिषद् समेत*, ने.का.प. २०५१, पृ. ४२

विशेष ग्यारेण्टी प्रदान गरेको देखिदैन । तर नेपाल अधिराज्यको संविधानले सुरु तहको अदालतलाई समेत समान महत्व प्रदान गरेको हुँदा यस अर्थमा प्रगतिशील कदम मान्नुपर्दछ ।

### २.४.२ कार्यगत स्वतन्त्रता (Functional Independency)

- न्यायपालिकाको गठन प्रक्रिया स्वतन्त्र रूपमा भए पनि कार्यगत स्वतन्त्रताको अभावमा न्यायपालिका स्वतन्त्र भएको मान्न मिल्दैन । न्यायालय न्याय सम्पादन सम्बन्धी आफ्नो कार्यविधि तय गर्न आफैं सक्षम हुन सक्नु पर्दछ । न्याय सम्पादन प्रक्रिया नितान्त रूपमा कानुनबमोजिम मात्र हुनुपर्छ । कार्यपालिका र व्यवस्थापकीय निकायहरूका नीति निर्देशनहरूको न्याय सम्पादनमा कुनै स्थान रहनु हुन्न । न्यायपालिकाको कार्यगत स्वतन्त्रताको यस अवधारणालाई विश्वका अधिकांश मुलुकहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपले आफ्नो संवैधानिक संरचनाभित्र समावेश गरेको देखिन्छ । उदाहरणको लागि दक्षिण अफ्रिकाको संविधानमा न्यायपालिकामा कसैको हस्तक्षेप हुन नहुने भन्ने स्पष्ट प्रावधान रहेको छ ।[१०६] यसैसँग मिल्दोजुल्दो प्रावधान बेलारुस, कंगो, चाइना, पेरु लगायतका देशहरूका संविधानहरूमा भेटिन्छ ।[१०७]
- न्यायपालिकाको कार्यगत स्वतन्त्रतालाई शक्ति पृथकीकरणको सिद्धान्त अनुसार व्याख्या गर्ने क्रममा European Human Rights Court ले "न्याय सम्पादन कार्य अदालतको नैसर्गिक (Inherent) अधिकार हो र यसले गरेका निर्णयहरू कुनै पनि गैरन्यायिक निकायहरूले अन्यथा गर्न नसक्ने" भन्ने सिद्धान्त प्रतिपादन गरेको पाइन्छ ।[१०८] त्यस्तै Inter- American Commission on Human Rights ले पनि "न्यायपालिकाको कार्यगत शैली प्रशासनिक निकाय (Administrative Tribunal) को शैली भन्दा भिन्न र स्वतन्त्र हुनु पर्ने" भनी न्यायिक अदालत (Judicial Court) को दायरालाई विशिष्टता प्रदान गरेको पाइन्छ ।[१०९]

यी सिद्धान्तहरूले अदालतलाई राज्यका अन्य कुनै निकायका अधीनमा प्रत्यक्ष एवं परोक्ष रूपमा राख्ने कुरालाई अस्वीकार गर्दछन् । न्यायपालिकाको कार्यगत स्वतन्त्रताको अवधारणाभित्र निम्न सिद्धान्तहरूलाई समावेश गरिएको पाइन्छ :

#### २.४.२.१. अन्तिमताको सिद्धान्त (Doctrine of Finality)

- शासक र शासित दुईले न्यायालयको अधिकारक्षेत्र प्रति आफूलाई समर्पित गर्न सहमत नभएसम्म र जस्तोसुकै राजनीतिक, कानुनी वा अन्य किसिमको बाध्यता भए तापनि न्यायालयको निर्णयलाई शिरोधार्य नगरेसम्म कानुनको शासन कायम गर्न सकिदैन ।[११०]
- नेपालमा मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालत लगायत मातहतका अदालतको आदेश र निर्णयलाई सबैले पालना गर्नुपर्ने संवैधानिक व्यवस्था छ ।[१११] यसरी संविधानको भावना अनुरूप त्यस्ता आदेश तथा निर्णयहरू मुद्दाका पक्षकारहरूको लागि मात्र बन्धनकारी नभई श्री ५ को सरकार लगायत सबैले पालना गर्नुपर्ने देखिन्छ ।
- न्याय प्रशासन ऐन, २०४८ ले अन्तिमताको यो सिद्धान्तलाई अंगीकार गर्दै, "कुनै अदालत, निकाय वा अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ र सो निर्णय मुद्दाका पक्षकारहरूलाई मान्न कर लाग्नेछ" भन्ने व्यवस्था गरेको छ ।
- "एक पटक कुनै अदालत, निकाय वा अधिकारीले निर्णय गरिसकेका मुद्दा पुनः सोही अदालत, निकाय वा अधिकारीले हेर्न वा इन्साफमा फरक पर्ने गरी त्यसमा कुनै संशोधन गर्न हुँदैन ।"[११२] भन्ने कानुनी प्रावधानले अन्तिमताको सिद्धान्तलाई मान्यता प्रदान गरेको देखिन्छ । यस सम्बन्धमा राम प्रसाद चौधरी विरुद्ध श्री ५ को सरकार भएको उत्प्रेषणको रिट निवेदनमा प्रतिपादित सिद्धान्त उल्लेखनीय छ ।[११३]
- "अदालतबाट भएको फैसलामा त्रुटि भए पनि कानुनद्वारा निर्दिष्ट मार्ग अवलम्बन गरी बदर गराउन सक्नु पर्छ, त्यस्तो अन्तिम फैसला जे जस्तो भए पनि कानुन सरह पक्षहरूलाई लागु हुन्छ । निर्णय फैसलालाई अन्तिम रूप नदिएमा विवादको अन्तिम टुंगो कहिल्यै पनि लाग्दैन । त्यस्तो स्थिति मुद्दाका पक्षहरूलाई मात्र होइन न्याय प्रशासनको सक्षमतामै शंका उत्पन्न भई अव्यवस्था सृजना हुन जान्छ । तसर्थ, निर्णय फैसलाको अन्तिमताको सिद्धान्त (Finality of Decision) लाई अंगीकार गरेको हुन्छ ।[११४]
- अन्तिमताको सिद्धान्त र प्राङ्न्यायको सिद्धान्तको बिचमा नजिकको सम्बन्ध रहेको देखिन्छ । "अड्डामा मुद्दा परी फैसला भएपछि सो फैसला उपर ऐन बमोजिमको पुनरावेदन नभई सोही मुद्दामा उसै झगडियाको नाउँको

---

१०६ Constitution of the Republic of South Africa,, Art. 96(3)
१०७ Constitution of Belarus, Art. 110(2)., Constitution of Kango, Art. 130, Constitution of China,, Art. 126, Constitution of Peru,, Art. 139
१०८ *Van de Hurk* v. *Netherlands*, Ser. A, No. 288 (18, 1994) E.H.R.R. 481
१०९ Annual Report of the JACHR,, 1982-1983, OEA/Ser. L/V/II. 61, Doc 22, Rev. 1, 18
११० Justice Mohammad Hafifur Rahman, *'The role of the judiciary in developing societies: Maintaining a balance*, compiled at Law, Justice and the Judiciary. p. 43C cited in हरिवंश त्रिपाठी, न्यायदूत, वर्ष १९, अंक २, पूर्णाक ४७, २०४५, पृ. ३८
१११ नेपाल अधिराज्यको सविधान, २०४७ को धारा ९६
११२ न्याय प्रशासन ऐन, २०४८ को दफा १९
११३ ने.का.प. २०५३, अंक ४ नि.नं. ६१७२ (सं.ई.), पृ. २९१
११४ *वैद्यनाथ प्र. मेडीयार* वि. *हेमन्त चौधरी*, ने.का.प. २०५४, अंक ३, नि.नं. ६३३६ (सं.ई.), पृ. १५१,
११५ मुलुकी ऐन अदालती बन्दोबस्तको ८५ नं.

फिरादपत्र लिई सुन्न हुँदैन, लिएको भए पनि खारेज गरिदिनुपर्छ"[११५] भन्दै प्राङ्न्यायको सिद्धान्तले कसैलाई पनि एउटा मुद्दामा दुई पटक खतरामा राख्न नहुने मान्यतालाई अंगीकार गरेको पाइन्छ । अन्तिमताको सिद्धान्तले झै प्राङन्यायको सिद्धान्तले पनि एक पटक सक्षम अदालतबाट कुनै फैसला वा निर्णय भैसकेको छ भने त्यस उपर पुनः मुद्दा दायर गर्न नमिल्ने सिद्धान्तलाई आत्मसात् गरेको पाइन्छ । यसरी यी दुबै सिद्धान्तले निर्णय गर्ने निकाय सक्षम हुनुपर्ने अनिवार्यतामा जोड दिएको छ । निर्णय गर्ने निकाय नै सक्षम नभएको अवस्थामा भए गरेका सम्पूर्ण कारबाहीको वैधता नरहने हुँदा त्यस्तो निर्णय अन्तिम भएको भनी दावी लिन वा निर्णयाधार कायम गर्न भने मिल्दैन ।

### २.४.२.२. न्यायिक पुनरावलोकन (Judicial Review)

न्यायिक पुनरावलोकनको अधिकारले स्वतन्त्र न्यायपालिकालाई सर्वोच्च हैसियत प्रदान गर्दछ । विधायिकाद्वारा निर्मित कानुन तथा सरकारी निर्णय, नीति, नियमहरू संविधानका प्रावधानसँग बाझिएको खण्डमा सर्वोच्च अदालतले न्यायिक पुनरावलोकन गरी बाझिएका कानुन एवम् कार्यपालिकाका कारवाही समेत बदर एवम् अमान्य घोषित गर्न सक्दछ । यस सम्बन्धमा सन् १८०३ मा मार्वरी विरुद्ध मेडिसनको मुद्दामा[११६] अमेरिकी सर्वोच्च अदालतले गरेको व्याख्या विशेष उल्लेखनीय छ । उक्त मुद्दामा अदालतले न्यायिक पुनरावलोकनलाई संविधानमा अन्तर्निहित सकारात्मक सिद्धान्तका रूपमा ग्रहण गरी विधायिकाद्वारा निर्मित न्यायाधीशको नियुक्ति सम्बन्धी १४ वर्ष अगाडि पारित भएको विधेयक असंवैधानिक ठहर गरेको थियो । मार्वरीको मुद्दामा प्रतिपादित न्यायिक पुनरावलोकनको सिद्धान्तले स्वतन्त्र न्यायपालिका सम्बन्धी निम्न अवधारणाहरूलाई पनि प्रवर्धन गरेको छ :

(१) **निर्णय सम्बन्धी स्वतन्त्रता** (Decisional Independency)

- निर्णय सम्बन्धी स्वतन्त्रताले न्यापालिकालाई निष्पक्ष निर्णय गर्न र राज्यका अन्य अंगहरू कानुनको दायराभित्र रहेर परिचालित भएका छन् वा छैनन् भनी जाँच गर्न सक्षम तुल्याउँछ ।
- व्यवस्थापिकाद्वारा निर्मित असंवैधानिक विधायन तथा कार्यपालिकाको असंवैधानिक कारवाही र निर्णयलाई अमान्य घोषित गर्न निर्णायक अथवा कार्यगत स्वतन्त्रताले अदालतलाई निर्बाध शक्ति प्रदान गर्दछ ।

(२) **संस्थागत स्वतन्त्रता** (Institutional Independency)

- संस्थागत स्वतन्त्रता प्रत्याभूत नभएसम्म न्यायपालिकाले आफ्नो कार्यगत स्वतन्त्रताको निर्बाध प्रयोग गर्न सक्दैन ।
- न्यायपालिकाको संस्थागत स्वतन्त्रता संवैधानिक व्यवस्थाबाट मात्र सुरक्षित रहन सक्दछ । अमेरिकी संविधानले न्यायाधीशहरूको पदावधि तथा सेवाका सर्तहरूका सम्बन्धमा दिएको संवैधानिक संरक्षणलाई माध्यम बनाई सर्वोच्च अदालतले संविधानको रचनात्मक व्याख्या र प्रयोग गरी न्यायपालिकाको निर्णायक र संस्थागत स्वतन्त्रतालाई बहाली गरेको पाइन्छ ।
- नेपालको सन्दर्भमा न्यायिक पुनरावलोकन सम्बन्धी अधिकार सर्वोच्च अदालतलाई प्रदान भएको पाइन्छ, जसअनुसार सर्वोच्च अदालतले संविधानको धारा ८८ द्वारा प्रदत्त असाधारण अधिकार क्षेत्र प्रयोग गरी कुनै कानुन संविधानसँग बाझिएको देखिएमा अमान्य र बदर घोषित गर्न सक्छ । संविधानको यो धारा प्रयोग गरी सर्वोच्च अदालतले कर्मचारीको सेवा, समानताको हक, लगायतका थुप्रै विषयहरूमा श्री ५ को सरकारको नीति, निर्णय तथा ऐन कानुन, नियम, विनियमहरू संविधानको प्रावधानसँग बाझिएको भनी त्यस्ता ऐन, कानुन तथा निर्णयहरूलाई अमान्य र बदर घोषित गरी स्वतन्त्र न्यायपालिका हुनुको औचित्य प्रमाणित गरेको छ ।[११७]

### २.४.२.३. नेपालको न्यायिक संरचना र न्याय सम्बन्धी अधिकार

**(क) न्यायिक अधिकार**

"नेपाल अधिराज्यको न्याय सम्बन्धी अधिकार यो संविधान र अन्य कानुन तथा न्यायका मान्य सिद्धान्तअनुसार अदालत तथा अन्य न्यायिक निकायहरूबाट प्रयोग गरिनेछ"[११८] भन्ने उल्लेख भएबाट न्यायका मान्य सिद्धान्तको पालना गर्नुपर्ने संवैधानिक आदेश र स्वीकृति प्रदान भएको देखिन्छ । यो संवैधानिक प्रावधान विशेषतः अदालतको कार्यगत स्वतन्त्रतासँग सम्बद्ध छ । संविधानको यस संरचनाले न्यायका मूलभूत मान्यताहरूलाई आत्मसात् गरेको पाइन्छ ![११९] यस्ता केही न्यायका मान्य

---

११६ Cranch 137 (V.S. 1803) cited at, Bernarel schwortz, A history of the supreme court, Oxford University Press, New York (1995), p 39.

११७ उदाहरणको लागि हेर्नुहोस्, *मान ब. विश्वकर्मा* वि. *श्री ५ को सरकार* (छुवाछुत सम्बन्धी) ने.का.प. २०४९, अंक १२, नि.न. ४६७०(वि इ.) पृष्ठ १०१० महेन्द्र ब. पाण्डे वि. निर्वाचन आयोग, ने.का.प. २०५०, अंक २, नि.नं. ४७३६, पृ. २४२, कृष्ण प्र. सिवाकोटी वि. श्री ५ को सरकार (स.अ. बुलेटिन ६, १ नि., मिति १/१५/२०५४ (मृत्युदण्डका विषयमा), इमानसिंह विरुद्ध श्री ५ को सरकार, २०४९, अंक , नि.नं. ४५९७, पृ. ३४, ७१०, रीना बज्राचार्य समेत वि. शा.ने.वा.नि. स.अ. बुलेटिन वर्ष ९, अंक १०, पूर्णाङ्क १९६ (भाद्र २०५७), रिट नं. २१२, (वि. इ.) पृष्ठ ३

११८ नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८४

११९ Dhungel et.al, "Commentary on the Nepalese Constitution", (deLF, Kathmandu, (1998), 451

सिद्धान्तलाई निम्न रूपमा उल्लेख गर्न सकिन्छ :

(१) **शक्ति पृथकीकरणको सिद्धान्त :**

संविधानको धारा ८४ मा उल्लेख भएको उपरोक्त प्रावधानले शक्ति पृथकीरणको सिद्धान्तलाई सारभूत रूपमा समेटेको पाइन्छ । यसले न्यायपालिकालाई राज्यका अन्य अंगहरूको हस्तक्षेपबिना नै आफ्नो अधिकार उपयोग गर्न सक्ने न्यायिक स्वतन्त्रता प्रदान गर्दछ ।

(२) **न्यायिक निकायको नैसर्गिक अधिकारको सिद्धान्त**

न्यायिक अधिकार न्यायिक निकायमा नै अन्तर्निहित रहनु स्वतन्त्र न्यायपालिकाको आधारभूत सर्त हो । अदालत तथा अन्य न्यायिक निकायबाट नै न्यायिक अधिकार प्रयोग हुनुपर्दछ । संविधानको धारा ८८ द्वारा प्रदत्त उपचारलाई यस सिद्धान्तको संरक्षणात्मक प्रावधान (Constitutional Safeguard) का रूपमा हेर्न सकिन्छ ।

(३) **न्याय प्रशासनसँग सम्बन्धित कानुन निर्माणमा राय दिने अधिकारः**

न्यायालयको अधिकार क्षेत्रका सम्बन्धमा विधायिकाले कानुन निर्माण गर्दछ । यस्ता कानुन निर्माणका क्रममा संविधानको भावना अनुरूप सर्वोच्च अदालतले राय दिन सक्छ ।

**नेपाल अधिराज्यको संविधान, २०४७ ले आत्मसात् गरेका न्यायका अन्य केही सिद्धान्तहरू**

संविधान र न्यायका मान्य सिद्धान्तका आधारमा राज्यको न्यायिक अधिकारको प्रयोग हुने गर्दछ । न्यायका मान्य सिद्धान्तहरूलाई सामान्य कानुनको स्रोतको रूपमा लिइएको छ । यस्ता सिद्धान्तहरूको प्रयोग संवैधानिक भावना अनुकूल हुनुपर्छ । संविधानको आधारभूत संरचना र न्यायका मान्य सिद्धान्तभित्र मूलतः निम्न सिद्धान्तहरू अन्तर्निहित भएको पाइन्छ ।[१२०]

(क) **कानुनको शासन** (Rule of Law)

संविधानको प्रस्तावनामा उल्लेख भएको 'स्वतन्त्र एवं स्वच्छ न्याय प्रणालीको व्यवस्था गरी कानुनी राज्यको अवधारणालाई साकार पार्न' भन्ने वाक्यांशले न्यायको मुलभूत मान्यताभित्र कानुनको शासनको अपरिहार्यतालाई दर्साउँछ । यस सिद्धान्तले राज्य शक्तिको समस्त अधिकारको प्रयोग र सम्पूर्ण सार्वजनिक व्यवहार कानुनको दायराभित्र रहेर हुनुपर्दछ भन्ने अनिवार्यता बोध गराउँदछ । यसको तात्पर्य विधिको शासनमा विधिको सर्वोपरि स्थान रहन्छ भन्ने हो ।

(ख) **प्राकृतिक न्यायको सिद्धान्त** (Principles of Natural Justice)

- न्याय सरल, छिटोछरितो, सस्तो, प्रभावकारी र सारभूत हुनुपर्छ ।
- निर्णय एक पक्षीय रूपमा नहोस् भनी सुनुवाइको मौका दिनुपर्ने, पूर्वाग्रहरहित निष्पक्ष न्याय सम्पादनका लागि आफ्नो स्वार्थ निहित रहेको विषयमा आफैं न्यायाधीश हुन नहुने, कानुनबमोजिमको प्रक्रिया (Due Process of Law) पुऱ्याएर मात्रै निर्णय गर्नु पर्ने भन्ने जस्ता कुराहरू प्राकृतिक न्यायको सिद्धान्तमा रहेका हुन्छन् । प्राकृतिक न्यायका त्यस्ता सिद्धान्तहरूले विश्वव्यापी मान्यता प्राप्त गरी आएका छन् ।
- प्राकृतिक न्यायको सिद्धान्त स्वच्छ सुनुवाइको सिद्धान्तमा आधारित छ । यस अवधारणाले 'न्याय गरेर मात्रै हुँदैन न्याय परेको पनि देखिनुपर्छ', 'आफ्नो मुद्दा आफैंले हेर्नु हुँदैन', 'ढिलो न्याय दिनु भनेको न्याय नदिनु बराबर हो', 'हतारमा निर्णय गर्नु भनेको न्यायलाई दबाउनु हो' भन्ने जस्ता प्रक्रियागत न्यायका मान्य सिद्धान्तहरूलाई ग्रहण गरेको पाइन्छ ।

(ग) **समन्याय** (Equity)

समन्याय स्वभावतः नैतिकतामा आधारित नियम भए पनि यसलाई कानुनको प्रष्ट दायराभित्र समावेश गरी प्रयोग गरिआएको पाइन्छ । यसलाई न्यायको अति आवश्यक मान्यताको रूपमा हेर्न सकिन्छ । यद्यपि नेपालको सन्दर्भमा यसको प्रयोग कानुनको शून्यता (Vacuum) को स्थितिमा भएको देखिन्छ । हाम्रो कानुन प्रणालीभित्र समन्यायलाई कानुनको पूरक मान्यताको रूपमा प्रयोग गरिएको पाइन्छ ।[१२१] समन्यायले कानुनलाई प्रतिस्थापन गर्ने नभै कानुनको अभावमा पूरक नियमको रूपमा मात्र क्रियाशील हुने देखिन्छ । कानुनमा रहेको अस्पष्टता र अपूर्णताको कारणबाट उपचारको मार्ग नै बन्द नहोस् भन्नका लागि अदालतले समन्यायको सिद्धान्तलाई प्रयोग गर्नुपर्ने हुन्छ ।[१२२] 'समन्यायको आधारमा उपचारको माग गर्न आउनेले सफा हात लिई अदालतमा प्रवेश गर्नुपर्छ'[१२३] भन्ने सिद्धान्त समेत प्रतिपादित भएको छ । त्यस्तै 'ढिलो गरेर अदालतमा प्रवेश गर्नेलाई समेत सर्वोच्च अदालतले समन्यायको सुविधा प्रदान गरेको छैन ।'[१२४]

(घ) **वैधानिक अपेक्षाको सिद्धान्त** (Doctrine of Legitimate Expectation)

सारवान् वा कार्यविधिगत आधिकारको सम्बन्धमा यस

१२० Ibid

१२१ Id, at page 451. Only comes into operation when there is vacum in statutory laws. Thus, its function is not to supplement the law but to supplement it.

१२२ *ध्रुब बहादुर के.सी.* वि. *मोहन माया महर्जन* भएको मुद्दामा

१२३ ने.का.प. २०५०, अंक नि.नं. पृ. ४७४६ (सं.इं.), पृष्ठ २८१

१२४ राम सिबिल विरुद्ध पुनरावेदन अदालत, सर्वोच्च अदालत बुलेटिन २०५१, अंक पूर्णांक ४९ पृष्ठ

सिद्धान्तले महत्वपूर्ण स्थान ओगट्छ। कुनै पनि निवेदकलाई आफ्नो विरुद्ध भएका कारवाही स्वच्छ र निष्पक्ष रूपमा भएको छ छैन भन्ने आधारको खोजी गर्ने अधिकार हुन्छ र यो अधिकार कानुनको मान्य सिद्धान्तभित्रको वैधतापूर्ण अपेक्षा अधिकारको रूपमा रहेको छ। मुद्दाको पक्षकारको यो अपेक्षा पुरा भएको अवस्थामा मात्र आफ्नो विरुद्ध लगाइएको आरोपको समुचित खण्डन गर्न वा प्रतिरक्षा गर्न सम्भव हुने भएकाले यस सिद्धान्तलाई निष्पक्ष सुनुवाइको सिद्धान्तभित्र समेटेर पनि हेर्न सकिन्छ।

(ङ) **प्राङन्यायको सिद्धान्त** :

यस सिद्धान्तले एकपटक सक्षम निकायबाट निर्णय भइसकेको कुरामा पुनः निर्णय गर्नबाट रोक लगाउँछ।

(**च**) **हदम्यादको सिद्धान्त** :

यस सिद्दान्त अन्तर्गत मुद्दा दायर गर्ने अन्तिम समय निश्चित गरिएको हुन्छ।

(छ) **विलम्बको सिद्धान्त** :

हदम्याद नतोकिएको अवस्थामा पनि समयमा उपचार नखोजी निष्क्रिय बस्नेलाई मद्दत गर्न अदालत बाध्य हुँदैन भन्ने सिद्धान्तलाई अंगीकार गर्दछ।

(छ) **अधिकारक्षेत्रको सिद्धान्त** :

यसले सक्षम निकायले मात्र मुद्दाको कारबाही र किनारा गर्न सक्छ भन्ने मान्यता राख्दछ।

(**ज**) **कानुनको अज्ञानता क्षम्य हुँदैन** :

कानुनको समान प्रयोगका लागि 'कानुनको ज्ञान सबैले राख्नुपर्छ र कानुनको अज्ञानता क्षम्य हुँदैन' भन्ने सिद्धान्त पनि न्यायको मान्य सिद्धान्त अन्तर्गत पर्दछ।

(**झ**) **विबन्धनको सिद्धान्त** :

आफूले पहिला स्वीकार गरिसकेको कुरालाई पछि आएर होइन वा गरेको छैन वा थाहा छैन भन्न नपाउने सिद्धान्त।

(ञ) **न्यायिक पुनरावलोकनको सिद्धान्तः**

मूल कानुन (संविधान)सँग बाझिने गरी बनेका कुनै पनि कानुन मान्य हुँदैनन् भन्ने सिद्धान्त।

(**ट**) **काटकुटको सिद्धान्त** (Doctrine of Severebility) :

संविधानसँग बाझिएको अवस्थामा न्यायिक पुनरावलोकनको माध्यमबाट प्रयोजनरहित अवैध हिस्सालाई मात्र असंवैधानिक ठहर गर्ने सिद्धान्त।[१२५]

(ठ) **परित्यागको सिद्धान्त** (Doctrine of Waiver):

यसले कसैले आफूमा अन्तरनिहित हक अधिकारहरू आफ्नो स्वेच्छाले त्याग्न वा छाड्न सक्छ तर त्यस्ता त्यागको असर ऊ बाहेक अरू कसैलाई पर्नु हुँदेन भन्ने मान्यता राख्दछ।

(ड) **फौजदारी न्यायका मान्य सिद्धान्त** :

शंकाको सुविधा अभियुक्तले पाउने, एउटै कसुरमा पटक पटक कारबाही चलाएर सजाय दिन नहुने, दोहोरो खतराको सिद्धान्त, अपराधीसँग अपराधिक दायित्व पनि समाप्त हुन्छ भन्ने जस्ता सिद्धान्तहरू पर्दछन्।

(ढ) **न्यायमा पहुँच** (Access to Justice) **को सिद्धान्त** :

जहाँ अधिकार हुन्छ त्यहाँ उपचार हुन्छ, उपचार बेगरको अधिकार हुन सक्दैन (Ubi Jus Ibi Remedium) भनी यस सिद्धान्तले भन्दछ। यसै गरी न्यायमा पहुँचको धारणाभित्र न्यायमा सरल र सहज पहुँचको कुरालाई समेत समेट्ने गरिएको पाइन्छ।

न्यायका यस्ता मान्य सिद्धान्तहरूलाई विश्वका अन्य राष्ट्रहरूले आफ्नो आवश्यकताअनुसार प्रयोग गर्दै आएका छन्। नेपालको सन्दर्भमा समेत यस्ता सिद्धान्तहरूको निर्बाध प्रयोग गर्नु न्यायका लागि आवश्यक सर्त मानिने संवैधानिक प्रावधान रहेको छ।

## २.४.२.५. पेसागत उन्मुक्तिको सिद्धान्त (Doctrine of Professional Immunity)

(**क**) **सामान्य अवधारणा** :

- कानुनी अर्थमा 'उन्मुक्ति' भनेको कर्तव्य, दायित्व वा प्रक्रियाबाट पाएको छुट हो।[१२६] पेशागत सिलसिलामा भए गरेका काम कारबाही प्रति उत्तरदायी हुनु नपर्ने सिद्धान्त पेशागत उन्मुक्तिको सिद्धान्त हो।[१२७] पेशागत उन्मुक्ति प्राप्त गर्नका लागि गरिएका काम कारबाहीहरू सद्नियत (Good Faith) पूर्वक गरिएको हुनुपर्दछ। पेशागत मर्यादा र आचारसंहिता प्रतिकूल गरिएका काम कारबाहीहरूका लागि यस्तो उन्मुक्ति प्राप्त हुँदैन।
- न्यायिक उन्मुक्ति (Judicial Immunity) भन्नाले कुनै न्यायाधीशले न्यायिक कर्तव्य पालनाको क्रममा पाएको

१२५ पवनकुमार ओझा, **कानुन तथा न्यायका आधारभूत सिद्धान्तहरू**, प्रथम सं., प्रकाशक : प्रजातन्त्र विकास तथा कानुन, काठमाडौं, २०५६ पृष्ठ २४४

१२६ Black's Law Dictionary, 7th Ed. , USA (1999) P. 752. 'Any exemption from a duty, liability or feruice of process, esp, such as exemption to public official' -

१२७ Id. at p. 753

१२८ Forrester V. White US Sct. 1998.

उन्मुक्ति हो । यस्तो न्यायिक उन्मुक्ति 'पूर्ण' (Absolute) हुन्छ । 'न्यायाधीशहरूले आफ्नो प्रशासनिक हैसियत प्रयोग गरी गरेको काम कारवाहीमा भने पूर्ण उन्मुक्ति प्राप्त गर्न सक्दैनन्' ।[१२८] आफ्नो अधिकारक्षेत्र प्रयोग गरी न्यायिक निर्णय गर्दाको अवस्थामा प्राप्त हुने न्यायिक उन्मुक्ति न्यायिक निकायको सारभूत नीति (Substantive Policy) को विषय पनि हो । गैरकानुनी कारवाही वा निर्णयको लागि भने न्यायाधीशहरूलाई पनि कुनै उन्मुक्ति प्राप्त हुँदैन । अन्यथा गलत कार्यमा पनि दण्डहीनता (Impunity) ले प्रश्रय पाउँछ र न्याय जीवन्त रहन सक्दैन । वस्तुतः न्यायाधीश, कानुन व्यवसायी तथा अदालतका अधिकारीहरूले स्वतन्त्र रहेर आफ्नो कर्तव्य पालना गर्न नपाएको अवस्थामा स्वतन्त्र न्यायपालिकाको अस्तित्व कायम रहन सक्दैन ।[१२९] त्यसैले न्यायिक काम कारबाहीका सम्दर्भमा न्यायिक उन्मुक्ति प्रदान गरिएको हुन्छ ।

**(ख) न्यायिक उन्मुक्तिको औचित्य :**

- न्यायिक उन्मुक्तिको सिद्धान्त शक्ति पृथकीकरणको आवश्यक पूर्वाधार हो । न्यायपालिकाको स्वतन्त्रतामा कुनै पनि अवरोध वा बाह्य हस्तक्षेप नहोस् भन्ने उद्देश्यले न्यायिक उन्मुक्तिको सिद्धान्तलाई वैधता प्रदान गरिएको हुन्छ । समग्रमा न्यायिक उन्मुक्तिको सिद्धान्तभित्र निम्नलिखित औचित्य अन्तर्निहित रहेको पाइन्छ :[१३०]

  (क) निर्णय गर्दा आइपर्न सक्ने व्यवधानलाई नियन्त्रण गर्न,
  (ख) बद्नियतरहित भूल (Honest mistakes) बाट पर्न सक्ने दायित्वबाट बचाउन,
  (ग) अनावश्यक विवाद सिर्जना भई लाग्ने आर्थिक दायित्वबाट मुक्ति दिलाउन,
  (घ) अदालतको महत्वपूर्ण समयको बचत गर्न,
  (ङ) अदालत प्रतिको मर्यादा र जनआस्था कायम राख्न,
  (च) अन्तिमताको सिद्धान्तको परिपालना गराउन,
  (छ) न्यायपालिकाको संस्थागत दायित्वलाई व्यक्तिगत दायित्वबाट अलग राख्न,
  (ज न्यायाधीशहरूको पेसागत सुरक्षा गर्न ।

**(ग) नेपालको सन्दर्भमा न्यायिक एवं पेसागत उन्मुक्ति**

**(१) न्यायाधीशहरूलाई प्राप्त उन्मुक्ति**

- कुनै न्यायाधीशले आफ्नो कर्तव्य पालनाको सिलसिलामा गरेको कुनै कार्यका सम्बन्धमा संसद्को कुनै सदनमा छलफल गर्न पाइने छैन ।[१३१]

  तर 'कार्यक्षमताको अभाव वा खराव आचरण भएको वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको आधारमा प्रधान न्यायाधीश वा सर्वोच्च अदालतको अन्य कुनै न्यायाधीशलाई पदमुक्त गर्ने' अवस्थाको प्रस्तावमा संसद्मा छलफल गर्न भने संविधानले रोक लगाएको छैन ।[१३२]

- कुनै व्यक्तिले अदालतमा न्यायाधीशको हैसियतले गरेको कुनै कार्य वा थाहा पाएको कुनै कुराको सम्बन्धमा सोधिएको कुनै प्रश्नको जवाफ दिन निजलाई कर लाग्ने छैन ।[१३३]
- न्यायाधीशले आफ्नो न्यायिक काम कारबाहीको सिलसिलामा गरेको काम कारबाही वा निर्णय उपर अनावश्यक टिकाटिप्पणी गरी अदालतको मर्यादामाथि आँच आउने कार्य गरेमा अदालतको अवहेलना गरेको मानिन्छ र सो उपर सजाय समेत हुन सक्ने व्यवस्था छ ।[१३४]

**(२) कानुन व्यवसायीलाई प्राप्त पेसागत उन्मुक्ति :**

**पक्षले दिएको जानकारी प्रकट गर्न नहुने :**

- कानुन व्यवसायीले आफूलाई नियुक्त गर्ने पक्षले वा निजको वारिसले दिएको जानकारी वा आफूलाई थाहा भएको कुनै लिखतको बेहोरा वा आफूले दिएको कुनै सल्लाह प्रकट गर्न हुँदैन ।[१३५]
- कुनै कानुन व्यवसायीलाई पक्षले दिएको जानकारी प्रकट गर्न नहुने गरी लगाएको 'प्रतिबन्ध' कानुन व्यवसायीको रूपमा सो पक्षद्वारा भएको नियुक्ति समाप्त भइसकेपछि पनि कायम रहन्छ । कानुन व्यवसायी माथि लगाइएको यस्तो प्रतिबन्ध कानुन व्यवसायीको कारिन्दा, कामदार तथा दोभाषेलाई समेत लागू हुन्छ ।[१३६]
- पक्षले मुद्दामा उपलब्ध गराएको जानकारीको गोपनीयता भंग गर्नु हुँदैन । यसरी प्रकट गर्न नहुने जानकारी प्रकट गरेको अवस्थामा पनि सो कुरा प्रमाणमा लाग्दैन ।[१३७]

**(३) पक्षले दिएको जानकारी प्रकट गर्न हुने अवस्था :**

- कुनै पक्षले आफ्नातर्फका कुनै कानुन व्यवसायीलाई

१२९ स्वतन्त्र एवं निष्पक्ष न्यायपालिकाको सम्बन्धमा संयुक्त राष्ट्रसंघ मानव अधिकार आयोगद्वारा पारित प्रस्ताव, २००२/४३
१३० Jennings, *Tort Liability of Administrative Officers*, Minn. L. Rev. 263, 271-272 (1937)
१३१ नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५६ (३)
१३२ ऐ. धारा ८७ (७)
१३३ प्रमाण ऐन, २०३१ को दफा ४२
१३४ नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८६ (२), ९६, न्याय प्र. ऐन, २०४८ को दफा १८
१३५ प्रमाण ऐन, २०३१ को दफा ४५
१३६ ऐ. दफा ४५ (२)
१३७ ऐ. दफा २४ (२)
१३८ ऐ. दफा ४५ (३)

आफूले दिएको जानकारी वा आफूलाई थाहा भएको कुनै लिखतको बेहोराका सम्बन्धमा कुनै गवाही दिन लगाएमा पक्षले अनुमति दिएको मानी सो कुरा प्रकट गर्न हुन्छ ।[१३८]

- कुनै गैरकानुनी काम गर्ने नियत लिई दिएको कुनै जानकारी र कानुन व्यवसायीको नियुक्ति भइसकेपछि कुनै अपराध भई निजले थाहा पाएमा सो कुरा प्रकट गर्न हुन्छ ।[१३९]

**कानुनी सल्लाह प्रकट गर्न पक्षलाई कर नलाग्ने**

- कुनै व्यक्ति र निजको व्यावसायिक कानुनी सल्लाहकारको बीचमा के कस्तो कुरा वा जानकारी आदानप्रदान भयो भनी प्रकट गर्न सो व्यक्तिलाई कर लगाइने छैन ।[१४०]
- तर निजले त्यस्तो कुनै जानकारी आफैं अदालतमा प्रकट गर्न चाहेमा त्यसलाई स्पष्ट गर्न अदालतले आवश्यक ठहराएको कुनै कुरा भने प्रकट गर्नु पर्नेछ ।[१४१]

कानुन व्यवसायी र पक्षका बीचमा भएको सल्लाह एवं जानकारीलाई गोप्य राख्न पाउने पेशागत उन्मुक्तिलाई मान्यता दिनुपर्छ भन्ने अन्तर्राष्ट्रिय मापदण्ड[१४२] अनुरूप नेपालमा तत्सम्बन्धी कानुनी प्रावधान एवं आचारसंहिताको व्यवस्था गरिएको पाइन्छ ।

(४) **सरकारी वकिललाई प्राप्त व्यवसायिक उन्मुक्ति :**

- श्री ५ को सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा मुद्दा चलाउने वा नचलाउने भन्ने सम्बन्धमा सरकारी वकिललाई अन्तिम निर्णय गर्ने अख्तियारी रहेको छ । सरकारी वकिललाई प्राप्त यो व्यावसायिक उन्मुक्तिलाई सर्वोच्च अदालतले यसप्रकार व्याख्या गरेको छ :

"महान्यायाधिवक्ताको मुद्दा चलाउने वा नचलाउने भन्ने निजको अधिकार क्षेत्र कार्यगत स्वतन्त्रता र अधिकारभित्रको काम कारवाही र निर्णयका सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धान, तहकिकात गर्न पाउँछ, पाउँदैन ? भनी उठेको विवादमा नेपाल अधिराज्यको संविधान २०४७ को धारा ९८(३) र धारा ११०(२) को व्यवस्थाहरू आ-आफ्नो स्थानमा स्वतन्त्र व्यवस्था हुन्, दुबै निकायको आ-आफ्नो कार्यगत स्वतन्त्रता छ । महान्यायाधिवक्तालाई अभियोजन वा प्रतिरक्षाको अधिकार लगायत संविधान र कानुनबमोजिम प्राप्त अधिकार प्रयोग गर्दा एउटा व्यावसायिक व्यक्ति वा निकायले प्राप्त गर्ने अधिकार सुविधा वा उन्मुक्ति सबै प्राप्त हुन्छन् । महान्यायाधिवक्ताको सदाशयता पूर्वक आफ्नो विवेक प्रयोग गरी गरेका त्यस्ता कार्य उपर प्रश्न गर्ने कसैको अधिकार रहँदैन । त्यस सम्बन्धमा निजलाई व्यावसायिक उन्मुक्ति प्रदान गरिएको हुन्छ ।"[१४३]

- अभियोजनकर्ताले आफ्नो व्यावसायिक गोप्यतालाई कायम राख्नुपर्दछ भन्ने अर्थमा पनि अभियोजन कार्यलाई सहज तुल्याउनका लागि पेशागत उन्मुक्ति प्रदान गरिएको पाइन्छ ।[१४४]
- अभियोजनकर्ताले कायम राख्नुपर्ने व्यावसायिक गोपनीयताको सम्बन्धमा सरकारी वकिलहरूको व्यावसायिक आचार संहिताभित्र पनि उल्लेख गरेको पाइन्छ ।[१४५]

(५) **अनुसन्धान अधिकारीलाई प्राप्त उन्मुक्ति :**

- कुनै प्रहरी कर्मचारीलाई अपराध घटेको कुराको आफूलाई कुनै तवरले प्राप्त भएको जानकारीको स्रोत प्रकट गर्न कर लाग्ने छैन ।[१४६] अपराधको अनुसन्धान कार्यलाई सहज तुल्याउने उद्देश्यले कानुनमा यो व्यवस्था गरिएको पाइन्छ ।
- न्यायाधीश र कानुन व्यवसायीलाई भए सरहको न्यायिक एवं पेशागत उन्मुक्ति प्रहरी कर्मचारीलाई भएको पाइँदैन । प्रमाण ऐन, २०३१ को प्रादुर्भाव हुँदा यस प्रकारको 'अपराधको स्रोत प्रकट गर्न कर नलाग्ने' भन्ने व्यवस्था थिएन । अदालतमा प्रश्न उठेपछि मात्र प्रमाण ऐन, २०३१ को पहिलो संशोधन, २०३४ ले यो प्रावधान थप गरेको हो । प्रहरीलाई प्राप्त यो उन्मुक्ति न्यायपालिकालाई प्राप्त भए सरहको पूर्ण उन्मुक्ति (Absolute Immunity) नभै अनुसन्धानको सिलसिलामा मात्र प्रदान गरिएको हुँदा केवल औचित्यपूर्ण उन्मुक्ति (Qualified Immunity) का रूपमा मात्र प्रदान भएको पाइन्छ ।

---

१३९ ऐ. दफा ४५ (१), प्रतिबन्धात्मक प्रावधान

१४० ऐ. दफा ४६

१४१ ऐ. दफा ४६ को प्रतिबन्धात्मक प्रावधान

१४२ Basic Principles on the Role of Lawyers (Adopted by the Eight United Nations Congress on the Prevention of Crime and the Treatment of Offenders, Havana, Cuba, 27 August, 7 Sept 1999, Guidlines No. 22.

१४३ अख्तियार दुरूपयोग अनुसन्धान आयोग वि. उप-महान्यायाधिवक्ता नरेन्द्रबहादुर चन्द समेत, सम्वत् २०५८ सालको फौजदारी विविध नं. ९५ सं.इ.

१४४ Basic Principles on Role of Pr0secutors

१४५ सरकारी वकिलहरूको व्यावसायिक आचार संहिता २०५८, २ (३) २०५९, जेष्ठ १५-१७ सम्मको वार्षिक समीक्षा एवं अनुशिक्षण कार्यक्रममा प्रस्तुत)

१४६ प्रमाण ऐन, २०३१ को दफा ४४ (क)

- न्यायिक एवं पेशागत उन्मुक्तिको अभावमा न्यायपालिकाको कार्यगत स्वतन्त्रताको औचित्यपूर्ण प्रयोग हुन सक्दैन। तर यस्तो उन्मुक्ति प्राप्तिका लागि न्यायाधीश तथा कानुन व्यवसायीहरूले आफ्नो पेशागत कर्तव्य (Professional Wisdom or Responsibility) पालनाको सिलसिलामा सद्नियतपूर्वक गरिएको काम कारबाहीको लागि मात्र प्राप्त हुन सक्छ।
- स्वतन्त्र न्यायपालिकाको उद्देश्य मुताबिक अनुसन्धान र अभियोजन पक्षमा प्रभावकारिता ल्याउन सहज तुल्याउनको लागि प्रहरी तथा सरकारी वकिललाई पेशागत उन्मुक्ति प्रदान गरेको मान्न सकिन्छ। तर गलत ढंगबाट अनुसन्धान तथा अभियोजन गर्नका लागि भने यो उन्मुक्ति प्रदान गरिएको होइन।
- पेशागत उन्मुक्तिको दुरूपयोग भएको अवस्थामा पेशागत स्वेच्छाचारिता (Professional Arbitrariness) ले प्रश्रय पाई स्वतन्त्र न्यायपालिकाको प्रयोजन नै कम भएर जान सक्ने अवस्था रहन्छ।

## २.४.३. परिस्थितिजन्य स्वतन्त्रता (Circumstantial Independencey)

**आर्थिक/भौतिक बजेट**

- समसामयिक विश्वमा स्वतन्त्र न्यायपालिकाको स्थायित्व र विकासका लागि कूल राष्ट्रिय बजेटको निश्चित प्रतिशत नघट्ने गरी न्यायपालिकाको लागि विधायिका (संसद) द्वारा सिधा बजेट विनियोजन भई स्वतः निकासा हुने र बजेट शीर्षकको बाँडफाँड न्यायपालिका आफैंले गर्ने स्वायत्तता उपभोग गर्न

| आ.व. | कूल (रु. मा) | न्यायपालिका | व्यवस्थापिका | कार्यपालिका तथा अन्य शाखाहरू |
|---|---|---|---|---|
| २०५२/५३ | ५,१६,४७,८०५ | १,९६,६८१ | ७३,११८ | ५,१३,७८,००६ |
| २०५४/५५ | ६,२०,२२,२९४ | २,४९,८९३ | १,२३,७७८ | ६,१६,४८,६२३ |
| | | (२७.०५%) | (६९.२९%) | (२०.००%) |
| २०५७/५८ | ९,१६,२१,३३५ | ३,५६,७३३ | १,५०,५४८ | ९,११,१४,०५४ |
| | | (४२.७५%) | (२१.६३%) | (४७.८६%) |
| २०५८/५९ | ९,९७,९२,२१९ | ४,७२,७१५ | १,९६,५७९ | ९,९१,२२,९२५ |
| | (९३.२२%) | (१४०.३५%) | (१६८.८५%) | (९२.९३%) |

पाउनुपर्छ भन्ने मान्यता स्थापित हुँदै आएको छ। यो पद्धति न्यायपालिकाको स्वतन्त्रताका लागि महत्वपूर्ण

| आ.व. | न्यायपालिका % | रक्षा % | शिक्षा % | स्वास्थ्य % | महान्यायाधिवक्ता % | प्रहरी % |
|---|---|---|---|---|---|---|
| २०५७/५८ | ०.३९ | ४.२६ | १२.८२ | ५.०२ | ०.०८ | ५.७५ |
| २०५८/५९ | ०.४७ | ४.५४ | १४.१० | ५.२० | ०.१० | ५.८१ |

पूर्वाधारको रूपमा रहेको छ। तर यो व्यवस्थाले नेपालमा मान्यता पाउन सकेको देखिंदैन।[१४७]

***राज्यका अंगहरूमा हुने खर्चको स्वरूप***[१४८]

***राज्यका अरू विभागहरूको तुलनामा न्यायिक विभागमा भएको व्यय***[१४९]

- फिलिपिन्स लगायत कतिपय देशले न्यायपालिकाको लागि संसदबाट बजेट विनियोजन गरी सिधैं निकासा दिने र यस्तो बजेट कम्तिमा पनि अघिल्लो वर्षका लागि विनियोजित रकमभन्दा कम हुन नहुने पद्धति (Model) अपनाई आएका छन्।
- न्यायाधीशहरूको तलब, भत्ता, सुविधा घटाउने गरी कानुन बनाउन नपाइने संवैधानिक प्रावधान प्रायः सबैजसो संविधानले गरेका छन्। तर मूल्यवृद्धि, मुद्रास्फीतिका कारणबाट न्यायाधीशलाई प्रदान गरिएको सुविधाको प्रभावकारिता कम हुन जाने भएबाट मुद्रास्फीति, मूल्यवृद्धिको अनुपातमा स्वतः तलब, भत्ता, सुविधा, अंक वृद्धि हुने निश्चित परिपाटी अपनाउनुपर्ने हुन्छ।
- आवश्यकताअनुसार बजेट व्यवस्था गर्न न्यायपालिकालाई कानुनी एवं व्यवस्थापकीय दृष्टिबाट सक्षम तुल्याइनुपर्दछ। व्यवस्थापन सम्बन्धी दक्षता अभिवृद्धिका लागि न्यायपालिका स्वयंले आवश्यक संयन्त्रको व्यवस्थापन गर्नुपर्ने मान्यता अनुसार कतिपय राष्ट्रले यस्तो पद्धति अंगीकार गरी आएका छन्।
- एक्काइसौं शताब्दीको आवश्यकताको पूर्ति उन्नाइसौं शताब्दीको साधन, स्रोत र सोचबाट सम्भव छैन। तसर्थ, आधुनिक समय सापेक्ष न्यायपालिका निर्माणका लागि आधुनिक साधन, स्रोत र व्यवस्थापनको अनिवार्यता रहन्छ। भौतिक साधन, स्रोतको उपलब्धता र त्यसको कुशल व्यवस्थापन र प्रयोग गर्ने कुरामा न्यायपालिकालाई स्वतन्त्रता प्रदान गरी क्षमता वृद्धि गर्ने व्यवस्था मिलाउनु राज्यको कर्तव्य हुन्छ।

**सामाजिक मान्यता**

- मत्स्य न्याय पद्धतिको सट्टा सभ्य र सुसंस्कृत न्याय

१४७ हेर्नुहोस् CeLRRd 'Trial Court System in Nepal'. 2001,

१४८ हेर्नुहोस् CeLRRd 'Trial Court System in Nepal'. 2001, p. 100

१४९ हेर्नुहोस् CeLRRd 'Trial Court System in Nepal'. 2001, p. 106

पद्धतिका लागि स्वतन्त्र न्यायपालिकाको अवधारणा विकसित भएको वस्तु तथ्यलाई आत्मसात् गरी विवाद समाधानको अन्तिम थलोको रूपमा न्यायपालिकालाई समाजले हार्दिकतापूर्ण तवरबाट मान्यता प्रदान गर्नुपर्ने हुन्छ । यस्तो सामाजिक स्वीकृति वा मान्यताले न्यायपालिकाको काम कारवाही प्रतिको विश्वसनीयता कायम हुन सक्तछ ।

- न्यायपालिकाको स्वतन्त्रता कुनै संस्थागत औपचारिकता वा व्यक्तिगत सुरक्षाको विषय नभएर न्याय प्राप्त गर्ने आवश्यक पूर्वाधार हो । न्याय प्रतिको निश्चित प्रत्याभूति प्रदान गर्नका लागि स्वतन्त्रता सम्बन्धी अवधारणा विकसित भएको हुँदा न्यायपालिकाको स्वतन्त्रताको संरक्षण गर्ने कार्यमा समाजले सचेत र जागरुक भूमिका निर्वाह गर्नुपर्दछ । समाज र न्यायपालिका बीच सम्वाद प्रक्रिया कायम रहनुपर्छ भन्ने मान्यता रही आएको छ । यसै मान्यताअनुसार न्यायपालिकाबाट भएका काम कारबाही एवं फैसलाहरू प्रकाशित गरी सम्वाद प्रक्रियालाई निरन्तरता प्रदान गर्ने गरिएको हो ।
- सामाजिक वैधता प्राप्त गर्नका लागि वैधता प्रदान गर्ने तथा प्राप्त गर्ने दुवै पक्षको सकारात्मक क्रियाशीलता आवश्यक हुन्छ । तसर्थ, न्यायपालिकाले सामाजिक वैधता प्राप्त गर्न आफ्ना काम कारबाहीमा स्तरीयता, जवाफदेहिता, निष्पक्षता एवं पारदर्शिता कायम गरी अपरिहार्य सामाजिक संस्थाको रूपमा आफूलाई प्रमाणित गर्न सक्नुपर्दछ । यस्तो प्रक्रियाबाट हासिल गरिएको न्यायिक स्वतन्त्रता नै चिरस्थायी, भरपर्दो र दिगो हुन्छ ।

**न्यायालयलाई सकारात्मक सहयोग :**

- अदालतलाई सहयोग गर्नुपर्ने : न्याय सम्पादनको कार्यमा सर्वोच्च अदालत र अन्य अदालतहरूलाई सहयोग गर्नु श्री ५ को सरकार र श्री ५ को सरकार मातहतका सबै कार्यालय तथा पदाधिकारीहरूको कर्तव्य हुनेछ ।[१५०]
- कुनै अदालत निकाय वा अधिकारीले गरेको निर्णय अन्तिम हुने र सो निर्णय मुद्दाका पक्षहरूलाई समेत मान्न कर लाग्नेछ ।[१५१]
- अदालतको काम कारबाहीमा सहयोगी भूमिका निर्वाह गरी सकारात्मक योगदान पुऱ्याउनु सरकार, राजनीतिक दल, मुद्दाका पक्ष, पत्रकार एवं कानुन व्यवसायी समेत सबैको कर्तव्य हुन्छ । न्यायिक स्वतन्त्रताको सम्मान गर्दै न्यायशील वातावरण निर्माण गर्ने कार्यमा नागरिक समाजबाट पुऱ्याइने सहयोगले स्वतन्त्र न्यायपालिकाको विकासमा महत्वपूर्ण योगदान प्राप्त हुन्छ । यस प्रकारको भूमिका सदैव अपेक्षित र अपरिहार्य हुन्छ ।

## २.५. स्वतन्त्र न्यायपालिका सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड (International Standards on Independence of Judiciary)

- स्वतन्त्र न्यायपालिकाको संरक्षणका लागि अन्तर्राष्ट्रिय स्तरमा केही सकारात्मक पहलहरू भएका छन्  जसले स्वतन्त्र न्यायपालिका सम्बन्धी सिद्धान्त र तत्सम्बन्धी न्यायिक संयन्त्रहरूको विकासका लागि विभिन्न मापदण्डहरू सुनिश्चित गरेको छ । यी अन्तर्राष्ट्रिय मापदण्डहरू राष्ट्रिय कानुनका दिग्दर्शन (Guidelines) हुन्, जसको आधारमा विभिन्न देशहरूले आफ्नो न्यायप्रणालीलाई व्यवस्थित गर्नु पर्ने हुन्छ ।
- कतिपय अन्तर्राष्ट्रिय मापदण्डहरूले स्वतन्त्र न्यायपालिकाको बारेमा प्रष्ट व्यवस्था गरेको पाइन्छ भने केही मापदण्डहरूले स्वतन्त्र न्यायपालिकाको संरक्षण र सम्वर्धन गर्नमा परिस्थितिजन्य आधार प्रदान गरेका छन् । स्वच्छ सुनुवाइ (Fair Trial) सम्बन्धी प्रावधानहरूले अप्रत्यक्ष रूपमा स्वतन्त्र न्यायपालिकाको अवधारणालाई पृष्ठपोषण गरेको कुरालाई उदाहरणको रूपमा लिन सकिन्छ ।

  अन्तर्राष्ट्रिय मापदण्डभित्र निम्न लिखित कानुनी दायित्व र सिद्धान्तहरूलाई समेट्न सकिन्छ :

  (१) अन्तर्राष्ट्रिय महासन्धीय दायित्व (Conventional Obligation)

  (२) प्रथागत दायित्व (Customary Obligation)

  (३) सामान्य सिद्धान्तहरू (General Principles)

### २.५.१. अन्तर्राष्ट्रिय महासन्धीय दायित्व :

यस अन्तर्गत अन्तर्राष्ट्रिय महासन्धिका दस्तावेजहरू पर्दछन्, जसलाई राष्ट्रले अनुमोदन गरिसकेपछि पक्षकार राज्यहरूको लागि बन्धनकारी हुन्छ । यस्ता दस्तावेजहरू विश्वव्यापी दस्तावेज (Universal Document) र क्षेत्रीय (Regional) दस्तावेजको रूपमा रहेका छन् ।

#### २.५.१.१. विश्वव्यापी मापदण्ड :

संयुक्त राष्ट्रसंघद्वारा पारित भएका दस्तावेजहरूमा अन्तरनिहित स्वतन्त्र न्यायापालिका सम्बन्धी प्रावधानलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

**(क) संयुक्त राष्ट्र संघको बडापत्र**[१५२]

---

१५० नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९५

१५१ न्याय प्रशासन ऐन, २०४८ को दफा १९

१५२ UN Charter ref.

**(Charter of the United Nations)**

*"To establish conditions under which justice and respect for the obligations Rom Treaties and other sources of International Law can be maintained."*

संयुक्त राष्ट्रसंघको बडापत्रको प्रस्तावनामा उल्लेखित मापदण्डहरू अन्तर्गत 'न्याय' र 'सम्मान' गर्नु अन्तर्राष्ट्रिय दायित्व हो भन्ने उल्लेख छ। उक्त वाक्यांशलाई न्यायाधीश तथा कानुन व्यवसायीको स्वतन्त्रता सम्बन्धी संयुक्त राष्ट्रसंघको विशेष प्रतिवेदनका अनुसार 'न्याय' भन्ने शब्दले मानव अधिकारको सम्मान गर्नुपर्ने र त्यसका लागि स्वतन्त्र र निष्पक्ष न्यायपालिकाको आवश्यकता हुने कुरामा जोड दिइएको पाइन्छ। संयुक्त राष्ट्रसंघको बडापत्रमा हस्ताक्षर गर्ने राज्यहरूले मानव अधिकारका यी मान्यताहरूलाई पालना गर्दै न्यायका मापदण्ड निर्धारण गरी पालन गर्नुपर्ने दायित्व निर्वाह गर्नुपर्दछ।

(ख) **मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र (Universal Declaration of Human Rights (UDHR)-1948)**[१५३]

- मानव अधिकारको यो ऐतिहासिक दस्तावेज (Landmark Document) को हैसियत घोषणापत्रमा मात्र सीमित भए तापनि यसका मान्यताहरूलाई अन्तर्राष्ट्रिय महासन्धिको दायित्व सरह नै अंगीकार गर्दै आएको पाइन्छ।
- यस घोषणापत्रको प्रस्तावनामा नै 'मानव परिवारका सबै सदस्यहरूको अन्तरनिहित मान तथा सम्मान र अविच्छिन्न अधिकारहरूको मान्यता नै स्वतन्त्रता, 'न्याय' र शान्तिका आधार'[१५४] हुन भनी स्वतन्त्रता र न्यायलाई मूल मान्यताको रूपमा स्वीकार गरिएको छ। प्रस्तावनाको यस भावनालाई अन्तर्राष्ट्रिय महासन्धिहरूले प्रष्ट रूपमा ग्रहण गरेको पाइन्छ। यस अर्थमा यो घोषणा अन्तर्राष्ट्रिय दस्तावेजहरूको पथ प्रदर्शक (Guiding Document) हो।

(ग) **नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (International Covenant on Civil and Political Rights-1966)**[१५५]

***"All persons shall be equal before the courts and tribunals ..........."***

- संयुक्त राष्ट्रसंघीय बडापत्रमा उल्लेखित 'स्वतन्त्रता, न्याय र विश्वशान्ति'को सम्मान तथा पालना गर्नु राज्यको दायित्व हो।[१५६]
- आफ्ना इलाका तथा अधिकारक्षेत्रभित्रका सम्पूर्ण व्यक्तिलाई जाति, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनीतिक अथवा अन्य विचार, राष्ट्रिय अथवा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म आदिका आधारमा कुनै प्रकारको भेदभाव नगरी यस अनुबन्धमा उल्लेखित अधिकारको सुनिश्चितता प्रदान गर्नु प्रत्येक राज्यपक्षको दायित्व हो।[१५७]
- विद्यमान, व्यवस्थापकीय अथवा अन्य उपायले व्यवस्था नगरेका ठाउँमा आफ्ना संवैधानिक प्रक्रिया तथा यस अनुबन्धका व्यवस्था अनुरूप अन्य कुनै सक्षम अधिकारीद्वारा निर्धारित र सुनिश्चित गर्ने तथा न्यायिक उपचारका सम्भावनाहरू विकसित गर्ने दायित्व हस्ताक्षरकारी राज्यले वहन गर्नुपर्दछ।[१५८]
- नागरिक तथा राजनीतिक अधिकारको संरक्षणका लागि राज्यले निम्नलिखित प्रभावकारी उपचार प्रदान गर्नुपर्दछ :
  - ❑ आधिकारिक क्षमतामा कार्य गर्ने (सक्षम निकायका) व्यक्तिबाटै प्रदत्त अधिकारको उल्लंघन भए तापनि अनुबन्धमा उल्लेखित अधिकारको उल्लंघन भएको कुनै पनि व्यक्तिले प्रभावकारी उपचार पाउने कुरा सुनिश्चित गर्ने।
  - ❑ यस्तो उपचार दाबी गर्ने कुनै व्यक्तिको अधिकार कानुनी प्रणालीले व्यवस्था गरेका सक्षम अधिकारीद्वारा निर्धारित गर्ने गरी न्यायिक उपचारका सम्भावनाहरू विकसित गर्ने।
  - ❑ सक्षम अधिकारीद्वारा यस्ता उपचार प्रदान गरिएपछि प्रदत्त अधिकारहरू लागू गर्ने कुरा सुनिश्चित गर्ने।[१५९]
- न्यायालय तथा न्यायाधिकरण (Tribunal) समक्ष सबै व्यक्ति समान हुनेछन्। आफ्ना विरुद्ध कुनै फौजदारी आक्षेप अथवा आफ्ना अधिकार तथा दायित्वको कानुनी उपचार निर्धारण गर्दा प्रत्येक व्यक्तिलाई निष्पक्ष एवं सार्वजनिक सुनुवाई कानुनले स्थापना गरेको सक्षम, स्वतन्त्र, निष्पक्ष, न्यायालयबाट गर्न दिइनेछ। प्रजातान्त्रिक समाजमा राष्ट्रिय सुरक्षाका कारणबाट अथवा पक्षका व्यक्तिगत जीवनका हितलाई त्यसो गर्नु पर्ने भएमा अथवा न्यायको हितलाई प्रचारले दुराग्रह पार्ने जस्ता विशेष अवस्थामा न्यायालयले नगरी नहुने भनेको मात्रासम्म पत्रकार तथा जनतालाई सम्पूर्ण सनुवाइ अथवा त्यसको केही अंशबाट पृथक राख्न सकिनेछ। तर

१५३ UDHR ref (कानुनतः यो दस्तावेज घोषणात्मक भए पनि स्वतन्त्र न्यायपालिका सम्बन्धी यसका सिद्धान्तहरूलाई 'सर्वमान्य सिद्धान्त' को रूपमा हेर्नुहोला)

१५४ ऐ. प्रस्तावनाको पहिलो हरफ

१५५ संयुक्त राष्ट्रसंघको साधारण सभाद्वारा १६ डिसेम्बर १९६६ मा ग्रहण गरिएको (लागू : २२ मार्च १९७६)

१५६ ऐ. प्रस्तावना

१५७ ऐ. धारा २

१५८ ऐ.ऐ.

१५९ ऐ.ऐ.

१६० ऐ. धारा १४

१६१ ऐ.ऐ.

बालबालिकाहरूको हित रक्षा गर्न, वैवाहिक विवाद अथवा शिशुको संरक्षकत्वको कारवाही बाहेक कुनै फौजदारी अथवा अन्य मुद्दामा दिइएका निर्णय सबैलाई सुनाइनेछ ।[१६०]

***फौजदारी न्याय सम्बन्धी मापदण्डहरू*** [१६१]

- फौजदारी आरोप लागेका प्रत्येक व्यक्तिलाई कानुनद्वारा दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने अधिकार हुनेछ ।
- आफ्ना विरुद्धको फौजदारी आरोप निर्धारण गर्दा प्रत्येक व्यक्तिलाई समानताका आधारमा निम्नलिखित न्यूनतम सुरक्षण (Guarantee) दिइनेछ :

(क) आफ्ना विरुद्धका आरोपको प्रकृति तथा कारणको आफूले बुझ्ने भाषामा तुरुन्त एवं विस्तारपूर्वक जानकारी पाउने ।

(ख) प्रतिरक्षा गर्न पर्याप्त समय एवं सुविधा पाउने तथा आफूले छानेको वकिलसँग कुराकानी गर्न पाउने ।

(ग) आफ्नो उपस्थितिमा सुनुवाइ हुने तथा आफैंले वा आफूले रोजेको कानुन व्यवसायीमार्फत प्रतिरक्षा गर्न पाउने, कानुनी सहायताको अभाव भए तत्सम्बन्धी अधिकारको जानकारी गराउने, क्षमता नभएमा निःशुल्क कानुनी सहायता पाउने;

**अनुसन्धान अधिकृतको दायित्व निम्नबमोजिम हुने व्यवस्था छः**[१६२]

- थुनामा रहेको व्यक्तिलाई बयान दिन कर लगाउन पाइँदैन ।
- थुनामा रहेको व्यक्तिलाई उसले प्रहरी हिरासतमा भनेका कुराहरू उसको विरुद्धमा अदालतमा प्रमाणको रूपमा पेस हुनेछ भन्ने जानकारी दिनुपर्छ ।
- पक्राउ परेको व्यक्तिले कानुन व्यवसायीसँग भेट्ने, सल्लाह लिने र पुर्पक्ष गर्ने अधिकार राख्दछ ।
- पक्राउ परेको व्यक्ति कानुन व्यवसायीको प्रतिनिधित्व गराउन असमर्थ देखिएमा राज्यले कानुन व्यवसायीको प्रतिनिधित्व गराइदिनु पर्दछ ।
- पक्राउ परेको व्यक्तिलाई उपरोक्त कुराको जानकारी दिनुपर्छ ।

(घ) आफ्ना विरुद्धका साक्षी परीक्षण गर्ने अथवा परीक्षण गर्न लगाउने तथा आफ्नो तर्फका साक्षीको हाजिरी तथा परीक्षण आफ्नो विरुद्धको साक्षीकै जस्तो अवस्थामा प्राप्त गर्ने ।

(ङ) न्यायालयमा प्रयोग गरिने भाषा नबुझ्ने वा बोल्न नसक्ने भएमा दोभाषेको निःशुल्क सेवा पाउने ।

(च) आफ्ना विरुद्ध प्रमाण दिन अथवा अपराध स्वीकार गर्न बाध्य गराउन नपाइने ।

(छ) बालबालिकाहरूको हकमा तिनका उमेर तथा पुनर्स्थापना सम्बन्धी कार्यविधिको प्रवर्द्धन गर्ने ।

(ज) अपराधमा सजाय पाएका प्रत्येक व्यक्तिलाई कानुनअनुसार उच्चतम न्यायालयबाट आफ्नो मुद्दा दोहोऱ्याउन पाउने अधिकार हुने,

(झ) अन्तिम निर्णयबाट कुनै व्यक्तिले कुनै अपराधजन्य आरोपमा सजाय पाइसकेपछि अन्याय भएको छ भन्ने पत्ता लागेमा सो व्यक्तिलाई कानुनअनुसार क्षतिपूर्ति दिइने ।

(ञ) प्रत्येक देशको कानुन र दण्ड कार्यविधिअनुसार अन्तिम सजाय दिइसकेको अथवा छुटकारा पाइसकेकोलाई सोही विषयमा फेरी मुद्दा नचलाइने अथवा सजाय नदिइने ।

- सम्पूर्ण व्यक्ति कानुन समक्ष समान छन् तथा कानुनको समान संरक्षणका भागी छन् । यस सम्बन्धमा कानुनले कुनै पनि जाति, रंग, लिंग, भाषा, धर्म, राजनीतिक एवं अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य आधारमा भेदभाव नगरी सम्पूर्ण व्यक्तिलाई समान एवं प्रभावकारी रक्षाको सुरक्षा (ग्यारेन्टी) गर्नेछ ।

स्वतन्त्र न्यायपालिकाका उल्लेखित व्यवस्थाहरूको उपभोगका लागि यस अनुबन्ध अन्तर्गत रहेका निम्नलिखित प्रावधानहरूले अप्रत्यक्ष रूपमा स्वतन्त्र र निष्पक्ष न्यायपालिकाको अवधारणालाई पृष्ठपोषण गर्दछन् :

**(क) बाँच्न पाउने अधिकार**[१६३]

- हरेक व्यक्तिको बाँच्न पाउने अधिकार हुन्छ । कानुनद्वारा यो अधिकारको रक्षा गरिनेछ । कसैको पनि स्वेच्छाचारी किसिमले जीवन हरण गरिने छैन ।
- मृत्युदण्ड खारेज नगरिएका देशमा अपराध गरेका समयमा लागू भएका कानुन अनुसार साह्रै गम्भीर अपराधहरूमा यस अनुबन्धका व्यवस्थाहरू तथा आमहत्या (Genocide) अपराधको पूर्व रोक तथा सजाय सम्बन्धी महासन्धिका व्यवस्थाहरू विपरीत नहुने गरी मृत्युदण्ड दिन सकिनेछ । सक्षम न्यायालयले गरेको अन्तिम निर्णयपछि मात्र यस्तो

१६२ Miranda V. Arizona, 386 (1966) को मुद्दामा यी दायित्वहरु स्थापित गरिएको ।

१६३ संयुक्त राष्ट्रसंघको साधारण सभाद्वारा (१६ डिसेम्बर १९६६ मा ग्रहण गरिएको) धारा २६

१६४ ऐ. धारा ९

दण्ड कार्यान्वयन गर्न सकिनेछ ।

(ख) **स्वेच्छाचारी पक्राउ तथा थुनाविरुद्धको अधिकार**[१६४]

- प्रत्येक व्यक्तिलाई स्वतन्त्रता र आफ्नो सुरक्षाको अधिकार छ । कसैलाई पनि स्वेच्छाचारी तवरबाट पक्राउ गर्न वा थुनामा राख्न पाइदैन । कानुनको आधार तथा कार्यविधि अनुसार बाहेक कसैलाई पनि यस्तो स्वतन्त्रताबाट वञ्चित गरिने छैन ।
- पक्राउ गरिएको कुनै पनि व्यक्तिलाई सोही समयमा पक्राउमा परेको कारण अवगत गराई निजका विरुद्धको आरोपको जानकारी समेत दिइनेछ ।
- कुनै अपराधजन्य आरोपमा पक्राउ गरिएको वा थुनिएको कुनै पनि व्यक्तिलाई न्यायाधीश वा कानुनले न्यायिक शक्ति उपयोग गर्न पाउने अधिकार प्राप्त अधिकारी समक्ष तुरुन्त उपस्थित गराइनेछ तथा उचित समयभित्र सुनुवाइ गरिनेछ वा छुटकारा दिइनेछ । सुनुवाइको अवसर पर्खिरहेका व्यक्तिलाई थुन्न सामान्य नियम हुने छैन तर न्यायिक कारवाहीको कुनै पनि चरणमा सुनुवाइमा उपस्थित हुने ग्यारेन्टी भएमा छुटकारा दिइनेछ ।
- न्यायालयले कसैको थुना कानुनी छ भनी शीघ्र निर्णय गरियोस् तथा गैरकानुनी थुना छ भने छुटकाराको आदेश दिइयोस् भन्नका लागि कुनै पनि व्यक्तिले न्यायालय समक्ष तत्सम्बन्धी उपचारको माग गर्न पाउँछ ।
- गैरकानुनी पक्राउ वा थुनाको सिकार भएका कुनै पनि व्यक्तिलाई क्षतिपूर्तिको माग गर्ने अधिकार हुनेछ ।

(ग) **सबै प्रकारका जातीय भेदभाव निर्मूल गर्ने महासन्धि** (Convention on the Elimination of All forms of Racial Discrimination 1965)[१६५]

- सबै प्रकारका जातीय भेदभावलाई निषेध र निर्मूल गर्न जाति, रंग वा राष्ट्रिय वा साम्प्रदायिक उत्पत्तिको आधारमा भेदभाव नगरी प्रत्येक व्यक्तिको कानुन समक्ष समानताको अधिकारलाई ग्यारेन्टी गर्न यस महासन्धिले न्याय सम्पादन गर्ने ट्रिब्युनल र न्याय सम्पादन गर्ने अन्य सम्पूर्ण निकायहरूको राज्यले व्यवस्था गर्नुपर्ने दायित्व तोकेको छ ।[१६६]
- मानव अधिकार र आधारभूत स्वतन्त्रताको उल्लंघन गर्ने जाति भेदका कुनै पनि कार्य विरुद्ध दक्ष राष्ट्रिय अदालत र राज्यका अन्य संस्थाहरूमार्फत् पक्ष राज्यहरूले आफ्नो अधिकार क्षेत्रभित्र प्रत्येकलाई प्रभावकारी संरक्षण र निदानका साथै यस्तो भेदभावको कारणले भएको कुनै पनि क्षतिका लागि यस्ता ट्रिबुनलबाट उचित र उपयुक्त क्षतिपूर्ति पाउने वा सन्तुष्टि खोज्ने अधिकारबारे आश्वस्त पार्नु राज्यको दायित्व हो ।[१६७]

(घ) **महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि** (Convention on the Elimination of All Forms of Discrimination Against Women-1979)[१६८]

- महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलनका लागि राष्ट्रले नीतिगत, कार्यगत एवं कानुनी मापदण्ड सुनिश्चित गर्नुपर्ने ।[१६९]
- लैंगिक समानताको आधारमा महिलाहरूको अधिकारको कानुनी सुरक्षाका संयन्त्रहरू स्थापना गर्ने दक्ष राष्ट्रिय ट्रिबुलन र अन्य सार्वजनिक संस्थामार्फत् कुनै पनि भेदभावपूर्ण कार्य विरुद्ध महिलालाई प्रभावकारी उपचार प्रदान गर्ने ।[१७०]
- कानुनका समक्ष महिला र पुरुषहरूको बीचमा समानताको लागि पक्षकार राज्यहरूले पहल गर्नुपर्ने ।[१७१]
- राज्यपक्षले महिलाहरूलाई पुरुषहरूको जस्तै कानुनी क्षमता प्रदान गर्नुपर्छ र त्यस्तो क्षमताको उपभोग गर्न समान अवसर प्रदान गर्नुपर्छ । खास गरी करार सम्पन्न गर्न र सम्पत्तिको हेरचाह गर्ने समान अधिकार दिनुपर्ने र न्यायालय र ट्रिबुनलका कारबाहीका सबै तहमा महिलाहरूलाई समान व्यवहार गर्नुपर्ने ।[१७२]

(ङ) **यातना र अन्य निर्दयी, अमानवीय वा अपमानजनक व्यवहार र सजाय विरुद्धको महासन्धि** (Convention Against Torture and other Cruel Inhuman or Degrading Treatment or Punishment - 1984)[१७३]

- आफ्नो अधिकारक्षेत्र अन्तर्गतको कुनै पनि भू-भागमा यातनाको कार्यमा पूर्ण रोक लगाउन प्रत्येक राज्यपक्षले प्रभावकारी कानुनी, प्रशासनिक, न्यायिक वा अन्य उपायहरू अवलम्बन गर्नुपर्छ ।[१७४]

(च) **बाल अधिकार सम्बन्धी महासन्धि** (Convention on the Rights of the Child-1989)[१७५]

---

१६५ सन् १६९५ मा संयुक्त राष्ट्रसघको साधारण सभाबाट पारित भई ४ जनवरी १९६९ देखि लागू (नेपालद्वारा अनुमोदित ३० जनवरी १९७१)

१६६ ऐ. महासन्धिको धारा ५ (क)

१६७ ऐ. धारा ६

१६८ सं.रा. संघबाट १९७९ मा पारित भई ३ सेप्टेम्बर १९८१ मा लागू (नेपालद्वारा २२ अप्रिल १९९१ मा अनुमोदित)

१६९ ऐ. धारा २

१७० ऐ. धारा २ (ग)

१७१ ऐ. धारा १५ (१)

१७२ ऐ. धारा १५ (२)

१७३ स.रा.सं.द्वारा १० डिसेम्बर १९८४ मा पारित २६ जुन १९८६ मा लागू (नेपालद्वारा १४ मे १९९१ अनुमोदन)

१७४ ऐ. धारा २

१७५ सं.रा.सं.द्वारा २० नोभेम्बरमा पारित १९८९ मा लागू (नेपालद्वारा १४ सेप्टेम्बर १९९० मा अनुमोदन)

१७६ ऐ. धारा ९ (१)

- बालबालिकाको सर्वोत्तम हितका लागि उनीहरूलाई बाबुआमाबाट अलग राख्नु आवश्यक छ भन्ने कुरा सम्बन्धित कानुन र कार्यविधि अनुरूप सक्षम अधिकारीहरूले न्यायिक पुनरावलोकन हुने गरी निर्धारण गरेमा बाहेक कुनै पनि बालबालिकालाई बाबु आमाको इच्छा विरुद्ध अलग गरिनेछैन। बाल बालिकालाई यस प्रकारले अलग राख्ने निर्णय खास गरेर आमाबाबुबाट दुर्व्यवहार र उपेक्षित भएमा वा आमाबाबु छुट्टिएर बसेमा र त्यस्तो अवस्थामा बाल बालिकाको वासस्थानको निधो गर्नुपर्ने भएमा मात्र आवश्यक हुनेछ।[१७६]
- बालबालिकालाई आफूसँग सम्बद्ध विषयमा आफ्नो विचार स्वतन्त्र रूपले व्यक्त गर्न पाउने अधिकार हुन्छ र सो प्रयोजनका लागि बालबालिकालाई असर गर्ने कुनै पनि न्यायिक वा प्रशासनिक कारबाहीमा सम्बन्धित राष्ट्रिय कानुनको कार्यविधि बमोजिम प्रत्यक्ष रूपमा वा प्रतिनिधिद्वारा वा कुनै उचित निकायद्वारा सुनुवाई हुने विशेष अवसर प्रदान गरिनेछ।[१७७]

(छ) **शरणार्थी सम्बन्धी महासन्धि** (Convention Relating to the Status of Refugees)[१७८]

***शरणार्थीको न्यायालयमा पहुँच :***[१७९]

- पक्ष राष्ट्रहरूको भू-भागमा भएका न्यायालयमा शरणार्थीको स्वतन्त्र पहुँच हुनेछ।
- शरणार्थीहरूले आफ्नो स्थायी बसोबास भएको पक्ष राष्ट्रमा कानुनी सहयोग र न्यायिक शुल्कको छुट समेत पाउने र न्यायालय माथिको पहुँचका सम्बन्धमा आइपरेको कुराहरूमा नागरिक सरहको व्यवहार उपभोग गर्नेछन्।

(ज) **राज्य विहीन व्यक्तिको हैसियत** सम्बन्धी महासन्धि (Convention Relating to Status of Stateless Persons)[१८०]

***राज्यविहीन व्यक्तिको न्यायालयमा पहुँच***[१८१]

- सम्पूर्ण पक्ष राज्यका भूभागमा रहेका न्यायालयहरूमा राज्यविहीन व्यक्तिहरूको स्वतन्त्र पहुँच हुनेछ।
- राज्यविहीन व्यक्ति बस्दै आएको पक्ष राज्यमा राज्यविहीन व्यक्तिहरूले पनि कानुनी सहयोग र न्यायिक शुल्कको छुट, न्यायालयको पहुँच सम्बन्धी अन्य कुरामा उक्त देशका नागरिकले पाए सरहको व्यवहार उपभोग गर्नेछन्।

(झ) **अन्तर्राष्ट्रिय श्रम संगठन सम्बन्धी महासन्धिहरूले व्यवस्था गरेका स्वतन्त्र न्यायपालिका सम्बन्धी मापदण्डहरू** (Standard of Independence of Judiciary under ILO Conventions)

भेदभाव (रोजगारी र पेसा) सम्बन्धी महासन्धि (महासन्धि नं. १११)[१८२]

- यस महासन्धिले जाति, रंग, लिंग, राजनीतिक विचार, राष्ट्रिय र सामाजिक उत्पत्तिको आधारमा कसैलाई पनि रोजगारमा असमानता गर्नु हुन्न भनी रोक लगाएको छ। महासन्धिका यी प्रावधानहरूलाई न्यायाधीशहरू तथा कानुन व्यवसायीहरूले न्याय सम्पादनको क्रममा प्रयोग गर्दै आएको पाइन्छ।

संगठनको स्वतन्त्रता र संगठित हुने अधिकारको सुरक्षा सम्बन्धी महासन्धि (नं. ८७)[१८३]

- यस महासन्धिले कानुनी पेसाको संरक्षण सम्बन्धी मापदण्डको उल्लेख गर्दै यिनीहरूको संगठनात्मक स्वतन्त्रता र संगठित हुने अधिकारलाई संरक्षण गरेको पाइन्छ। यस भित्र न्यायाधीशहरू, कानुन व्यवसायीहरू र कानुन पेशासँग सम्बद्ध व्यक्तिहरूले आफ्नो अधिकार र हितको संरक्षणको लागि संगठन खोल्न पाउने र त्यस्तो संगठनले व्यवसायिक दायित्व र मर्यादाभित्र रही सामूहिक रूपमा न्यायपालिकाको स्वतन्त्रतालाई जगेर्ना गर्नुपर्छ भन्ने मान्यतालाई अंगीकार गरेको छ। ILO को यो मापदण्ड अनुरूप नेपालको परिप्रेक्ष्यमा स्थापना भएको नेपाल बार एसोसिएसन, न्यायाधीश समाज, सरकारी वकिल समाजलाई उदाहरणको रूपमा लिन सकिन्छ।

### २.५.१.२. क्षेत्रीय दस्तावेजहरू र स्वतन्त्र न्यायपालिका (Regional Instruments and Independence of Judiciary)

(क) **मानव अधिकार सम्बन्धी अमेरिकी महासन्धि** (American Convention on Human Rights)[१८४]

- हरेक व्यक्तिलाई कानुनद्वारा स्थापित सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायालयबाट उचित समयभित्र सुनुवाई सम्बन्धी

---

१७७ ऐ धारा १२

१७८ सं.रा.सं.द्वारा जुलाई १९५१ मा पारित, २२ अप्रिल १९५४ मा लागू (नेपालले हालसम्म अनुमोदन नगरेको)

१७९ ऐ. धारा १६

१८० सं.रा.सं. द्वारा २८ सेप्टेम्बर १९५४ मा ग्रहण, ६ जुन १९६० मा लागू (नेपालले हालसम्म अनुमोदन नगरेको)

१८१ ऐ. धारा १६

१८२ २५ जुन १९५८ मा ILO बाट ग्रहण, १५ जुन १९६० मा लागू (नेपालद्वारा अनुमोदित)

१८३ ILO को सम्मेलनबाट ९ जुलाई १९४८ मा ग्रहण गरी ४ जुलाई १९५० मा लागू (नेपालद्वारा अनुमोदित)

१८४ American Convention on Human Rights

१८५ Id., Article 8 (1)

१८६ European Convention on Human Rights and Fundamental Freedom.

अधिकार प्राप्त हुन्छ ।[१८५]

(ख) **मानव अधिकार र मौलिक स्वतन्त्रताको संरक्षण सम्बन्धी युरोपियन महासन्धि** (European Convention On Human Rights and Fundamental Freedom)[१८६]

- कुनै पनि व्यक्तिले आफ्नो अधिकार र दायित्वहरू वा आफू उपर लागेको कुनै पनि फौजदारी अभियोगको सम्बन्धमा कानुनद्वारा स्थापित स्वतन्त्र र निष्पक्ष न्यायालयमा उचित समयभित्र स्वच्छ र सार्वजनिक सुनुवाइको अधिकार प्राप्त गर्दछ। यस्ता न्यायालयले बालबालिकाको हित र निजी जीवनको संरक्षणको लागि आवश्यक देखेमा अवस्था अनुसार मुद्दाको कारवाही र किनारा गर्दा पत्रकार र सार्वजनिक उपस्थितिबिना पनि बन्द इजलासमा गर्न सक्ने व्यवस्था गरेको पाइन्छ ।[१८७]

(ग) **मानव अधिकार सम्बन्धी अफ्रिकी बडापत्र** (African Charter on Human and People's Rights) :[१८८]

- हरेक व्यक्तिलाई आफ्नो विरुद्धको अभियोगउपर सुनुवाइको अधिकार हुन्छ जसमा निम्न लिखित कुराहरू समावेश भएका छन् :[१८९]
    - ❑ महासन्धि, कानुन, नियम र व्यवहारमा प्रयोग भएका प्रथाहरूले मान्यता दिएका मौलिक अधिकारहरूको उल्लंघनउपर सक्षम राष्ट्रिय निकायमा (न्यायिक) उपचार माग गर्ने अधिकार ।
    - ❑ सक्षम न्यायालयबाट कसुर प्रमाणित नभएसम्म निर्दोषिताको अनुमान गर्न पाउने अधिकार ।
    - ❑ आफ्नो इच्छाअनुसार कानुनी सल्लाह प्राप्त गर्ने लगायतका कानुनी प्रतिरक्षाको अधिकार ।
    - ❑ उचित समयभित्र निष्पक्ष न्यायालयमा सुनुवाइ हुनुपर्ने अधिकार ।

## २.५.२. प्रथागत दायित्व (Customary Obligation)

- प्रथागत दायित्वभित्र कानुनको बन्धनकारी तत्व अन्तरर्निहित भएको हुन्छ। केही अन्तर्राष्ट्रिय दस्तावेजहरूले स्वतः यो मान्यता प्राप्त गरेका छन्। कुनै देशले यस्ता दस्तावेजहरूलाई अनुमोदन गरेको छैन भने पनि सो भित्रका प्रावधानहरूलाई प्रथागत दायित्वका आधारमा मान्न सकिने अवस्था रहन्छ। यातना विरुद्धको मान्यता, दासत्व विरुद्धको मान्यता आदिलाई सबै राज्यले बिना सर्त मान्ने अवस्था रहन्छ।
- न्यायाधीश तथा कानुन व्यवसायीहरूको स्वतन्त्रता सम्बन्धी सिद्धान्त अन्तर्राष्ट्रिय प्रथागत कानुन हो भन्ने मान्यता विकसित हुँदै आएको छ, जुन सिद्धान्तहरू विश्वका विभिन्न मुलुकहरूले आफ्ना संविधान, कानुन तथा कानुनी व्यवहारहरूमा प्रयोग गर्दै आएको पाइन्छ।
- स्वतन्त्र र निष्पक्ष न्याय सम्बन्धी सिद्धान्तहरू, जसलाई राज्यले आफ्नो संविधान र कानुनको दायराभित्र समेटेको हुन्छ, यस्ता मान्यताहरूलाई अन्तर्राष्ट्रिय न्यायिक अदालत (ICJ) को विधानको धारा ३८ (१) (ख) अनुसार अन्तर्राष्ट्रिय प्रथाको रूपमा अंगीकार गरिएको छ ।[१९०]

## २.५.३. सामान्य सिद्धान्तहरू (General Principles)

- सामान्य सिद्धान्तहरूभित्र मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्रहरू, दिग्दर्शन र अन्य सिद्धान्तहरू पर्दछन् जो कानुनी रूपमा बाध्यात्मक हुँदैनन्। कतिपय अवस्थामा यस्ता सिद्धान्तहरू बन्धनकारी दस्तावेजहरूमा आधारित भएर पनि प्रतिपादित भएका हुन्छन्। त्यस्ता सिद्धान्तहरूलाई अन्तर्राष्ट्रिय महासन्धिहरू र प्रथागत मान्यताहरूको पूरक मापदण्डका रूपमा मान्नु राज्यहरूको पुनित कर्तव्य हुन्छ।
- कतिपय सिद्धान्त र घोषणापत्रहरूमा रहेका मान्यताहरू

> सर्वव्यापी हुन्छन् र त्यस्ता दस्तावेजहरूले अन्तर्राष्ट्रिय महासन्धि सरह नै मान्यता प्राप्त गर्दछन्। मानव अधिकार सम्बन्धी

  विश्वव्यापी घोषणापत्रलाई यसको ज्वलन्त नमुनाको रूपमा लिन सकिन्छ।
- केही मान्यताप्राप्त अन्तर्राष्ट्रिय सिद्धान्तहरूलाई निम्न रूपमा हेर्न सकिन्छ :

**संयुक्त राष्ट्रसंघका सामान्य सिद्धान्तहरू :**

***(क) मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र :***

"Everyone is entitled in full equality to a fair and public hearing by an independent and impartial tribunal" [१९१]

कानुनको दृष्टिमा सबै समान छन् तथा तिनलाई कुनै भेदभावबिना कानुनको समान संरक्षण प्राप्त हुनेछ[१९२] भन्ने समानताको सारभूत सिद्धान्तमा आधारित यस प्रावधानलाई स्वतन्त्र न्यायपालिकाको पूर्वाधारको रूपमा

---

१८७ Id., Article 6(1)
१८८ African Charter on Human and People's Rights
१८९ Id., Article 7 (1)
१९० हेर्नुहोस्, न्यायाधीश तथा कानुन व्यवसायीहरूको स्वतन्त्रता सम्बन्धी सं.रा.सं.का विशेष प्रतिवेदकद्वारा प्रस्तुत प्रतिवेदनको अनुच्छेद ३५
१९१ UDHR, Article 10
१९२ Id., Article 7
१९३ Id., Article 8
१९४ Id., Article 9

अंगीकार गरिएको छ ।

- संविधान अथवा कानुनद्वारा प्राप्त मौलिक अधिकारको उल्लंघन भएको अवस्थामा सोका विरुद्ध प्रत्येक व्यक्तिलाई सक्षम एवं दक्ष न्यायालयद्वारा उपचारको अधिकार प्राप्त हुनेछ[१९३] भनी न्यायमा पहुँच हुनको लागि सक्षम न्यायिक संयन्त्र (Competent Judicial Mechanism) को अपरिहार्यता उल्लेख गरिएको छ ।
- कसैलाई पनि स्वेच्छाचारी किसिमले पक्राउ गर्ने, थुनामा राख्ने वा देश निकाला गर्ने छैन भनी कानुनबमोजिमको प्रक्रिया र फौजदारी न्यायको हक प्रदान गरिएको छ ।[१९४]
- प्रत्येक व्यक्तिमाथि लगाइएको फौजदारी आरोपको विरुद्ध तथा निजको अधिकार र दायित्वको निरूपण गर्न स्वतन्त्र एवं निष्पक्ष न्यायालयमा उचित एवं सार्वजनिक सुनुवाइमा उसलाई पूर्ण समानता प्राप्त हुनेछ[१९५] भन्ने प्रावधानले स्वतन्त्र न्यायपालिकाको आवश्यक पूर्वाधारहरूको बारेमा प्रष्ट पारेको छ ।

---

दण्डनीय अपराधको आरोप लागेको प्रत्येक व्यक्तिलाई आफ्नो प्रतिरक्षाका लागि आवश्यक सबै सुनिश्चितता प्राप्त सार्वजनिक सुनुवाइमा कानुनबमोजिम अपराधी नठहराइएसम्म निरपराध मानिने अधिकार हुनेछ । त्यस्तै कसैलाई पनि आफूले गरेको कुनै कार्य अथवा गल्ती गरिएको समयमा राष्ट्रिय अथवा अन्तर्राष्ट्रिय कानुन अन्तर्गत दण्डनीय अपराध नमानिएको भए त्यस्तो कार्यका आधारमा दोषी ठहऱ्याउने छैन र त्यस्तो दण्डनीय अपराध गरिएको समयमा लागू हुँदाको दण्ड भन्दा बढी सजाय समेत गरिने छैन,[१९६] भनी फौजदारी न्यायका मूलभूत मान्यताहरूलाई आत्मसात् गरिएको पाइन्छ । यी मान्यताहरू न्यायका मान्य सिद्धान्तहरूका रूपमा स्थापित भइसकेका छन् ।

# ३. न्याय सम्पादनमा जिल्ला अदालतको भूमिका र चुनौतीहरू

**(Role of District Court on Judicial Administration and Its Challenges)**

## ३.१. सुरु अदालत सम्बन्धी अवधारणा

**(Concept of Trial Court)**

- सुरु अदालत तथ्यगत विवाद निरूपण गर्ने अन्तिम अदालत (Final Court) हो । यद्यपि सुरु तहबाट फैसला भएका विवादहरूउपर माथिल्लो अदालतमा पुनरावेदन गर्न सकिन्छ । पुनरावेदन अदालतले सुरु अदालतलेझैं तथ्य प्रमाण बुझी विवादको निरूपण गर्ने नभई सुरु अदालतले गरेको इन्साफ मिले नमिलेको जाँची सो फैसला सदर वा बदर गर्दछ । तसर्थ, सुरु अदालतलाई तथ्यको अदालत (Court of Fact) पनि भन्ने गरिन्छ ।[१९७]
- कतिपय मुलुकहरूको न्याय प्रणाली अनुसार सुरु अदालतले गरेको निर्णयउपर पुनरावेदन गर्नका लागि त्यस्तो निर्णयमा कानुनी त्रुटि विद्यमान भएको देखाउनु पर्छ । सो को अभावमा पुनरावेदन गर्न सकिन्न । यद्यपि नेपालको सन्दर्भमा पुनरावेदन तहको अदालतले तथ्य र प्रमाण बुझ्न सक्ने प्रावधान रहेको छ ।[१९८]

## ३.२. सुरु तहको अदालतको न्यायिक स्वतन्त्रता

"Judicial independence is an unwritten norm and have grown into a principle that extended to all courts."

- न्यायिक स्वतन्त्रता कानुनको शासनमा अन्तर्निहित अलिखित मान्यता हो । सोही मान्यताबाट न्यायालयहरू परिचालित हुन्छन् । न्यायिक स्वतन्त्रता उच्च अदालतहरूलाई मात्र नभई तल्लो तहका अदालतहरूको लागि पनि त्यत्तिकै आवश्यक हुन्छ ।[१९९]
- तल्लो अदालत तहगत संरचनाभित्र (Hierarchial Framework) उच्च अदालतको मातहतमा रहे तापनि कार्यगत रूपमा स्वतन्त्र अदालत नै हो । तसर्थ माथिल्लो अदालत सरह तल्लो अदालत र सो अदालतभित्रका हरेक न्यायाधीशहरू न्याय सम्पादनका लागि सक्षम (Competent) हुन्छन् भन्ने पूर्ण आत्मविश्वास न्याय खोज्नेहरूमा जागृत हुने वातावरण न्यायपालिकाभित्र

---

१९५ Id., Article 10

१९६ Id., Article 11

१९७ उदाहरणको लागि फिलिपिन्सलाई लिन सकिन्छ । त्यहाँ मुद्दाको तथ्यगत कुरामा पुनरावेदन लाग्दैन, कानुनी प्रश्नमा मात्र पुनरावेदन गर्न पाइन्छ ।

१९८ अ.बं. ७७ नं., २०२ नं., पु.अ.नि. २०४८ को नियम ५५, स.अ.नि. २०४९ को नियम १०९

१९९ Prince Edward Island: The Canadian Supreme Court in the case of remuneration of judges of the provincial court of Prince Edward Island and others, 1997 held that "judicial independence is an unwritten norm and had grown into a principle that extended to all courts, no just the superior courts..." see at E/CN 4/1999/60, para 50 ca.

२०० "A Trial Court having general jurisdiction within its judicial district" - Black's Law Dictionary West Group Publication US 1991, (6th ed) Page 1505

सिर्जना हुनु पर्छ ।

- स्वतन्त्र न्यायपालिकाभित्र तहगत संरचनाको कारणबाट तल्लो वा उच्च अदालत भनी हीनता (Inferior) वा उच्चताबोध (Superior Complex) को कुनै स्थान रहनुहुन्न ।

## ३.३ जिल्ला अदालतको भूमिका (Role of District Court)

- न्यायिक जिल्लाभित्रका मुद्दाहरू हेर्ने सामान्य अधिकार क्षेत्र भएको पहिलो तहको अदालतलाई सुरु अदालत भनिन्छ ।[२००] नेपालको सन्दर्भमा यस्तो अदालतको रूपमा जिल्ला अदालत रहेको छ ।

### ३.३.१ संवैधानिक संरचना

- नेपाल अधिराज्यको संविधान, २०४७ जारी हुनु अघिको संवैधानिक संरचनाभित्र सर्वोच्च अदालतलाई मात्र समेटिएको देखिन्छ । जिल्ला अदालत, अञ्चल अदालत तथा क्षेत्रीय अदालतको स्थापना र गठनको व्यवस्था न्याय प्रशासन सुधार ऐनद्वारा गरिएको थियो । उक्त कानुनमा "श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यक भएअनुसार जिल्ला अदालत र अञ्चल अदालतहरूको स्थापना गर्न सक्ने र अदालतको संख्यामा थपघट गर्न सक्ने" व्यवस्था थियो ।[२०१]
- नेपाल अधिराज्यको संविधान २०४७ द्वारा जिल्ला तथा पुनरावेदन अदालतले पनि संवैधानिक मान्यता (Constitutional Recognition) प्राप्त गरेका छन् । संविधानको 'न्यायपालिका' सम्बन्धी व्यवस्था भित्र सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतको स्थायी संरचनामा किटान गरिएको छ ।[२०२]
- सर्वोच्च अदालत र पुनरावेदन अदालतझैं जिल्ला अदालतको स्थापना, व्यवस्था र अधिकारक्षेत्र कानुनद्वारा निर्धारण हुने र त्यस्तो कानुन संविधानको अधीनमा रही निर्माण हुन पर्ने भन्ने संवैधानिक प्रावधानले जिल्ला अदालतको संवैधानिक स्थिति र स्थायित्व प्रत्याभूत गरेको छ ।[२०३]
- जिल्ला अदालत सुरु तहको अदालत भएको हुँदा सो अदालतका न्यायाधीशहरूमा मुद्दाको सुरु कारवाही र किनारा सम्बन्धी न्यायिक प्रक्रियागत ज्ञान एवम् अनुभव हुनु पर्ने अनिवार्यता महसुस गरी जिल्ला अदालतको न्यायाधीश पदमा नियुक्त हुनका लागि "न्याय सेवाको राजपत्रांकित द्वितीय श्रेणीमा कम्तीमा ४ वर्ष काम गरेको" हुनु पर्ने व्यवस्था संविधानले गरेको छ ।[२०४]
- सर्वोच्च अदालत र पुनरावेदन अदालतका न्यायाधीश सरह जिल्ला अदालतका न्यायाधीशको नियुक्ति न्यायपरिषद्को सिफारिसमा श्री ५ बाट हुन्छ ।[२०५]
- पुनरावेदन अदालत र जिल्ला अदालतका न्यायाधीशको सरुवा, सेवा अवधि लगायतका सेवाका सर्तहरूमा पनि एक रूपता पाइन्छ ।

### ३.३.२ कानुनी संरचना

- न्याय प्रशासन ऐन २०४८ ले पुनरावेदन अदालत तथा जिल्ला अदालतको स्थापना र अधिकारक्षेत्रको सम्बन्धमा व्यवस्था गरेको छ ।[२०६]

#### ३.३.२.१. जिल्ला अदालतको स्थापना

- नेपाल अधिराज्यको प्रत्येक जिल्लामा एउटा जिल्ला अदालत रहने र उक्त जिल्ला अदालतमा जिल्ला न्यायाधीश र आवश्यकता अनुसार अतिरिक्त जिल्ला न्यायाधीशहरू रहने व्यवस्था छ ।
- प्रधान न्यायाधीशले उपयुक्त देखेमा न्यायपरिषद्को सिफारिसमा कुनै जिल्ला अदालतको न्यायाधीशलाई निश्चित अवधिको लागि अर्को जिल्ला अदालतको न्यायाधीशको समेत काम गर्ने गरी तोकी दिन सक्ने व्यवस्था छ ।

#### ३.३.२.२ अधिकार क्षेत्र

- मुलुकी ऐन अदालती बन्दोबस्तको २९ नं. ले मुद्दा हेर्ने क्षेत्राधिकार तोकिदिएको छ ।
- न्याय प्रशासन ऐनले "प्रचलित कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक जिल्ला अदालतलाई आफ्नो क्षेत्रभित्रको सबै मुद्दामा सुरु कारवाही र किनारा गर्ने अधिकार हुनेछ" भनी जिल्ला अदालतको अधिकार क्षेत्र निर्धारण गरेको छ ।[२०७] मुलुकी ऐन अदालती बन्दोबस्तको २९ नं. ले पनि मुद्दा हेर्ने अधिकार क्षेत्रको थप व्यवस्था गरेको छ ।
- जिल्ला अदालतको अधिकारक्षेत्र सम्बन्धी उल्लेखित प्रावधानले कुनै मुद्दा कुनै अड्डा वा अदालत वा अधिकारीले सुरु कारवाही र किनारा गर्नेछ भनी उल्लेख भएकोमा सोही अड्डा वा अदालत वा अधिकारीले हेरी सुरु कारबाही र किनारा गर्दछ । त्यसरी उल्लेख नभएकोमा जिल्ला अदालतलाई आफ्नो क्षेत्रभित्रको सबै मुद्दामा सुरु कारबाही

---

२०१ न्याय प्रशासन सुधार ऐन, २०३१ को परिच्छेद २
२०२ नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८५(१)
२०३ ऐ. धारा ८९
२०४ ऐ. धारा ९०(२)
२०५ ऐ. धारा ९१(१),(३),(४)
२०६ न्याय प्रशासन ऐन, २०४८ को परिच्छेद २ र ३ (दफा ३,४,५,६,७ र ८)
२०७ ऐ. दफा ७ (साबिक न्याय प्रशासन सुधार ऐन, २०३१ को दफा ९ ले पनि जिल्ला अदालतको यस्तै अधिकारक्षेत्रको व्यवस्था गरेको थियो ।)
२०८ ज्ञाइन्द्र बहादुर श्रेष्ठ, ऐन संग्रह एक टिप्पणी, पैरवी प्रकाशन २०५७, पृ. १२१-१२३
२०९ *ग्यारामुनिकार समेत* वि. *रमादेवी घिमिरे*, निर्णय दर्ता बदर हक कायम समेत, ने.का.प. २०४५, नि.नं. ३३५६ , पृ. ११४

र किनारा गर्ने अधिकार हुन्छ ।[२०८]

- जहाँ अधिकार हुन्छ त्यहाँ उपचार हुन्छ । "अधिकार क्षेत्र शून्य स्थितिमा रहेको नहुने" भन्ने मान्यता अनुरूप "क्षेत्राधिकार नतोकिएको स्थितिमा सुरु जिल्ला अदालतले आफ्नो इलाका भित्रको मुद्दा मामिलाको सुरु कारबाही किनारा गर्ने अधिकार देखिने" भनी न्यायिक सिद्धान्त समेत प्रतिपादित भएको पाइन्छ ।[२०९]
- जिल्ला अदालतले आफ्नो अधिकार क्षेत्र प्रयोग गर्दा दायर भएको मुद्दामा सारवान कानुनको विद्यमानता छ छैन भनी हेर्नु पर्ने हुन्छ । "क्षेत्राधिकार कानुनी प्रश्नसँगै गाँसिने हुनाले उपचार प्रदान गर्ने सारवान् कानुनको शून्यतामा अर्थात् वादीले कानुनी आधार उल्लेख नगरेको अवस्थामा अदालतले न्याय प्रशासन ऐन, २०४८ को दफा ७ को अधिकार क्षेत्र ग्रहण गरी कानुनको अपूर्णता र शून्यतालाई परिपूर्ति गर्न सक्दैन ।"[२१०]
- अधिकार क्षेत्रको प्रश्न संवेदनशील प्रश्न हो । कुनै मुद्दा आफ्नो इलाकाभित्रको भए तापनि प्रचलित कानुनमा अन्य कुनै निकाय वा अधिकारीले हेर्ने भनी तोकिएकोमा जिल्ला अदालतलाई सो मुद्दा हेर्ने अधिकार हुन्न । हेरेको वा छिनेको भए बदर हुन्छ । "श्री ५ को सरकारलाई मुद्दा हेर्ने, सुन्ने, सजाय गर्ने समेतको अधिकार भएको देखिएकोले अधिकार नभएको जिल्ला अदालतको आदेशले निवेदिका थुनामा रहेको गैरकानुनी देखिने" भन्ने प्रतिपादित सिद्धान्तलाई यसको उदाहरणको रूपमा लिन सकिन्छ ।[२११]
- न्यायिक कारवाही साधारणतः अदालतको अधिकारक्षेत्रभित्र पर्दछ । तसर्थ, "कुनै विषय वस्तु अदालत र कुनै प्रशासकीय अधिकारी मध्ये कसको अधिकारक्षेत्रभित्र पर्दछ भन्ने व्याख्याको प्रश्न उठेमा अदालतकै अधिकार क्षेत्र रहेको अनुमान गर्नु पर्ने कानुनी सिद्धान्त सर्वत्र मानी आएको पाइन्छ ।"[२१२]

## अधिकार क्षेत्रको संरक्षण

- जिल्ला अदालतको अधिकारक्षेत्र अतिक्रमण हुने गरी माथिल्लो अदालतले कुनै मुद्दा हेर्न वा आदेश गर्न मिल्दैन । अदालतको अधिकारक्षेत्रको संरक्षणका लागि साबिक देखि नै स्वयम् न्यायालय पनि सचेत रहँदै आएको देखिन्छ । यस सम्बन्धमा प्रधान न्यायालयले "सुरु र अपिल तहको अधिकार भएको विषयमा सोझै प्रधान न्यायालयमा जाँदा मातहत अदालतको तह र अधिकार काटिन जाने हुनाले सुरु र अपिल तहमा नै जानु पर्ने"[२१३] भनी जारी गरेको विज्ञप्ति विशेष उल्लेखनीय छ ।
- जिल्ला अदालतमा नालिस परी विचाराधीन भई मुद्दा चल्दा चल्दैको अवस्थामा असाधारण अधिकार क्षेत्रको प्रयोग गरी रिट निवेदनबाट उपचार प्रदान गर्न मिल्दैन" भनी  सर्वोच्च अदालतबाट सिद्धान्तहरू संस्थापित हुँदै आएका छन् ।
- जिल्ला अदालतमा विचाराधीन मुद्दाको निर्णय गर्ने अधिकार जिल्ला अदालतलाई मात्रै हुन्छ । यद्यपि जिल्ला अदालतमा विचाराधीन रहेको मुद्दाको कारबाहीको क्रममा म्याद नाघेको वा बेरितको आदेश भएको भन्ने आधारमा मुलुकी ऐन अदालती बन्दोबस्तको १७ नं. बमोजिम पुनरावेदन अदालतले उक्त कारवाही वा आदेश सदर वा बदरसम्म गर्न पाउने सीमित अधिकार प्राप्त गर्दछ । निर्णयको अधिकार जिल्ला अदालतमा नै सुरक्षित रहन्छ । "तल्लो अदालतमा विचाराधीन रहेको मुद्दामा माथिल्लो अदालतले निर्णय गर्दा मातहतको अदालतको न्यायिक अधिकारमा हस्तक्षेप गरेको र पुनरावेदन गर्ने तह काटेको हुन जान्छ"[२१४] भन्ने सिद्धान्त समेत प्रतिपादित भएको छ ।
- अपवादस्वरूप जटिल कानुनी प्रश्न समावेश भएको र न्यायको रोहमा विचार गर्दा सर्वोच्च अदालतले नै झिकाई हेर्ने मनासिब ठानेमा आफैं वा पुनरावेदन अदालतबाटै सुरु कारबाही र किनारा गर्न गराउन सक्ने व्यवस्था पनि न्याय प्रशासन ऐन, ०४८ को दफा १५ मा रहेको छ । उदाहरणका लागि मुस्ताङ जिल्ला अदालतमा दायर रहेको एउटा अंश मुद्दा पुनरावेदन अदालत बाग्लुङबाट हेर्ने सर्वोच्च अदालतले आदेश दिएको कुरा उल्लेखनीय छ ।

## अधिकारक्षेत्र कानुनसंगत हुनुपर्छ

"माथिल्लो तहले दिएको निर्देशनअनुसार तल्लो तहको अदालतबाट निर्णय भएको भन्ने कारणबाट मात्र कानुन विरुद्धको कारबाही र निर्णयले कानुनी मान्यता प्राप्त गर्न सक्दैन । कानुनी मान्यता प्राप्त गर्नका लागि माथिल्लो अदालतको निर्देशन एवं तल्लो अदालतको कारबाही तथा निर्णय कानुनसंगत हुनु पर्छ ।"[२१५]

"कुनै न्यायिक निकायले आफ्नो अधिकारक्षेत्र बाहिरको मुद्दा हेरे छिनेको बदर हुने भएपछि सो परिराखेकै मुद्दाबाट फेरि

---

२१० *शिव प्रसाद सुवेदी* वि. *प्रभाव मा.वि., सर्वोच्च अदालत* बुलेटिन २०५६, अंक २०, पूर्णाक १८२, पृ. १

२११ *सुजन मेण्डिजको हकमा निजकी आमा रिता दाहाल* वि. *जिल्ला अदालत,* ल.पु. वन्दी प्रत्यक्षीकरण, ने.का.प. २०४०, नि.नं. १६७८ (डि.वे.( (क) ठेली नं. २२, सि.नं. ६७ पृष्ठ २१६

२१२ *मसाई हाजी मुसलमान* वि. *कपिलवस्तु जिल्ला अदालतका जिल्ला न्यायाधीश समेत,* ने.का.प. २०३१, नि.नं. ८६६ (फु.वे.) अंक ११, पृ. ३५३

२१३ २०११ साल भाद्र २८, नेपाल गजेटमा प्रकाशित (खण्ड ४, संख्या ६) मा प्रकाशित, ने.का.प. ऐन कानुन खण्ड (क) २०१६, अंक ८, पृ. १० मा उद्धृत

२१४ *नरबहादुर गुरुङ* वि. *श्री ५ को सरकार,* ने.का.प. २०२५, अंक २, नि.नं. ३९७ (फु.वे.) पृ.२४-२५

२१५ *मुनिलाल गोल्छा मारवाडी* वि. *धनचन्द्र राई समेत,* ने.का.प. २०३०, अंक ७, नि.नं. ७७७ (फु.वे.)  पृ. ३०२

२१६ *बरुण दास* वि. *बलिराम दास,* ने.का.प. २०२९,  नि.नं. ६८० (फु.वे.) पृ. १२०

२१७ *कृष्ण कुमारी खत्री क्षेत्री* वि. *मान बहादुर खत्री क्षेत्री,* ने.का.प. २०३८, नि.नं. १४८३ (फु.वे.), पृ. १५९

कारबाही र किनारा गर्नु भनी मुद्दा अधिकार प्राप्त निकायमा पठाउन मिल्दैन । कसैले बाटो बिराएर गलत निकायमा जान्छ भने त्यसको परिणाम पनि निजैले भोग्नु पर्छ ।"[२१६]

"मुद्दा सार्न सक्ने कानुनको अभावमा सर्वोच्च अदालतबाट आदेश भई आएको भनी कास्की जिल्ला अदालतमा परेको मुद्दा बेइलाकाको तनहुँ जिल्ला अदालतमा सारी तनहुँ जिल्ला अदालतबाट हेरी गरेको निर्णय र सो इन्साफ सदर गरेको पश्चिमाञ्चल क्षेत्रीय अदालतको निर्णय समेत अ.बं. २९ नं. बमोजिमको अधिकारक्षेत्रात्मक त्रुटि गरी निर्णय भएको देखिएकोले सो सुरु तनहुँ जिल्ला अदालत र पश्चिमाञ्चल क्षेत्रीय अदालतको निर्णय समेत अ.बं. ३५ नं. ले बदर हुन्छ ।"[२१७]

"पक्षको सम्मति वा स्वीकृति हुँदैमा कुनै अड्डा, अदालत वा अधिकारीले आफ्नो अधिकार नभएको आफूले हेर्न नपाउने मुद्दा हेर्न छिन्न पाउने होइन । पक्षको सम्मति वा स्वीकृति भए पनि यदि त्यो निर्णय अधिकार प्राप्त अड्डा अदालत वा अधिकारीले गरेको देखिंदैन भने त्यस्तो निर्णयलाई कानुनी मान्यता दिन नमिल्ने हुन्छ । मिसिलबाट नै प्रष्ट रूपले अधिकार नभएको अड्डा अदालत वा अधिकारीले कुनै निर्णय गरेको देखिन्छ भने त्यस कुरामा कुनै पक्षले पहिले नै आपत्ति उठाएको छैन भने पनि त्यत्तिकै कारणले मात्र त्यस्तो निर्णय मान्य हुन नसक्ने हुनाले सर्वोच्च अदालतले आफ्नो असाधारण अधिकार क्षेत्र प्रयोग गरी त्यस्तो अनधिकृत निर्णय बदर गर्न सक्छ ।[२१८]

### सचेत गराउन सक्ने अधिकार

राष्ट्र सेवकले निम्नलिखित कुनै कार्य गरेको अवस्थामा आफ्नो फैसला वा आदेशमा समेत उल्लेख गरी निजलाई सचेत गराउन सक्ने वा कारबाहीका लागि सम्बन्धित विभागीय प्रमुखलाई लेखी पठाउने अधिकार समेत जिल्ला अदालतलाई भएको पाइन्छ ।[२१९]

- कुनै गैरकानुनी काम गरेको,
- कानुनबमोजिम पालना गर्नुपर्ने कर्तव्य जानी जानी पालन नगरेको वा त्यस सम्बन्धमा बदनियत वा गम्भीर लापरवाही गरेको,
- आफ्नो पद अनुरूपको आचरण नगरेको,
- अदालतको आदेशलाई छल्ने वा कुनै किसिमबाट प्रभावहीन बनाउने बदनियतले झुट्टो जवाफ दिएको, वा
- समयमा स्पष्ट जवाफ नदिई आलटाल गरेको ।

### अन्तरर्निहित अधिकारको प्रयोग

"कानुनले स्पष्ट निषेध गरेको छैन भने न्याय सम्पादन गर्ने अदालतले आफ्नो अन्तर्निहित अधिकारको प्रयोग गरी उचित आदेश वा निर्णय गर्न सक्छ ।"[२२०] यस्तो अधिकारको प्रयोग न्यायिक ढंगबाट हुनु पर्दछ ।

- सजायको प्रश्नमा जिल्ला अदालतसँग स्वविवेकको अधिकार रहेको हुन्छ, सामान्यतया उच्च अदालतबाट त्यस्तो जिल्ला अदालतको स्वविवेक माथि हस्तक्षेप गरिदैन । तर अदालतद्वारा सजायको प्रश्नमा प्रयोग गरिएको स्वविवेकको अधिकार न्यायसंगत वा कानुनी हुनु पर्दछ भन्ने सिद्धान्तले पनि जिल्ला अदालतको स्वविवेकीय अधिकार क्षेत्रलाई प्रष्ट गर्दछ ।[२२१]

अदालतको अधिकारक्षेत्र प्रष्ट र असंकुचित हुन्छ । अधिकारक्षेत्रको विस्तार वा संकुचन केवल कानुन निर्माणद्वारा हुन सक्छ । विधायिकाद्वारा निर्मित कानुनद्वारा प्रदत्त अधिकारक्षेत्रको सीमा विस्तार गर्ने वा संकुचित गराउने दुबै कार्य कानुन एवं न्यायिक मर्यादा अनुकूल मानिदैन । यसैले मुद्दा कारबाहीका क्रममा माथिल्ला तहका अदालतबाट भएका अन्तर्कालीन आदेशमा अभिव्यक्त कुराले तल्लो अदालतको स्वतन्त्र विवेक प्रयोग गरी निर्णय गर्न पाउने अधिकारमा कुनै तवरबाट पनि नियन्त्रण हुन सक्दैन । तहगत संरचनामा जिल्ला अदालत तल्लो तहको अदालत भए पनि आफ्नो अधिकारक्षेत्रभित्रको मुद्दामा निर्णय गर्ने कुरामा सो अदालत स्वतन्त्र रहन्छ । त्यसमा अन्य कुनै प्रकारका आदेश, निर्देशन वा निर्णयले नियन्त्रण गर्नु हुँदैन, नियन्त्रण गर्न सक्दैन ।

## ३.४. जिल्ला अदालतका चुनौतीहरू

(१) समाज स्वभावले नै परिवर्तनशील छ । अदालत पनि समाजको आवश्यक अंग भएकाले परिवर्तनको प्रवाहबाट यो अछुतो रहन सक्दैन । समाजमा आएका परिवर्तनको प्रवाह सँगसँगै अदालतको काम कारवाही एवम् निर्णयमा परिमार्जन, परिष्कार एवम् आधुनिकता कायम गरी परिवर्तनसँग नै प्रवाहित हुन सक्नु पर्दछ । अन्यथा यसले बदलिंदो समाजको आवश्यकता परिपूर्ति गर्न सक्दैन । आधुनिक सभ्य समाजको आवश्यकताको पहिचान गरी तदनुकूल न्याय सम्पादन प्रक्रियामा गुणात्मक परिवर्तन गर्नु पर्ने चुनौती अदालत समक्ष सदैव रहने गर्दछ । यो चुनौती जिल्ला अदालत समक्ष समेत रहेकै छ ।

२१८ *काशी कुमारी घर्ती क्षेत्री* वि. *श्री सहायक अञ्चलाधीश*, ने.का.प. २०३१, अंक ११ नि.नं. ८६२ (फु.वे.), पृ. ३३३

२१९ जिल्ला अदालत नियमावली (तेस्रो संशोधन सहित), २०५२, खण्ड ५२, संख्या १७, नेपाल राजपत्र भाग ३, मिति २०५९/४/२०

२२० *मुनिलाल गोल्छा* वि. *धनचन्द्र राई*, ने.का.प. २०३०, अंक ७, नि.नं. ७७७ (फु.वे.), पृ. ३०२

२२१ *Mathri* v. *State of Punjab*, AIR 1964 SC 986: (1964) 5 SCR 916

(२) विश्वव्यापीकरणको वर्तमान सन्दर्भमा विज्ञान र प्रविधिको क्षेत्रमा भएको आधुनिक विकासबाट लाभ प्राप्त गर्दै त्यसको अधिकतम सदुपयोग गरेर आधुनिक सभ्य राष्ट्रहरूले न्याय क्षेत्रमा हासिल गरेका उपलब्धिहरूकै दाँजोमा हाम्रो सन्दर्भमा पनि न्यायपालिकालाई पुऱ्याउनु आजको चुनौतीको रूपमा रहेको छ । यस चुनौतीको सामना गर्ने तर्फ दृढ संकल्पित रहनु न्यायकर्मीहरू लगायत न्यायिक प्रक्रियासँग सम्बन्धित समस्त अवयवहरूको महत्वपूर्ण दायित्व बनेको छ । यो दायित्व जिल्ला अदालत समेतले निर्वाह गर्नु पर्दछ ।

(३) मानव संसाधनको क्षमता विकास र उत्प्रेरणामा अभिवृद्धि गर्ने गराउने चुनौती न्यायपालिका समक्ष रहेको छ । जिल्ला अदालतका न्यायाधीशहरू लगायत समस्त अन्य कर्मचारीहरू तथा न्याय सम्पादन कार्यमा एक न एक प्रकारबाट भूमिका निर्वाह गर्ने अन्य अवयवहरू (जस्तै- कानुन व्यवसायी, सरकारी वकिल, प्रहरी आदि) को क्षमता विकास गर्ने, कार्यप्रति उत्प्रेषण दिलाउनेतर्फ ठोस र रचनात्मक कार्य गर्नु पर्ने आवश्यकता रहेको छ । यस पक्षमा रहेको खाँचोलाई केही हदमा अदालतले आफ्नो आन्तरिक व्यवस्थापन कै माध्यमबाट पूरा गर्न सक्दछ भने कतिपय कुराहरूका लागि सरकारको इमानदार प्रयासको जरुरत पर्दछ । परन्तु सरकारका तर्फबाट गरिनु पर्ने कार्यका लागि पहल गर्ने दायित्व भने अदालत व्यवस्थापनको नै हुन्छ । निरन्तर कानुनी शिक्षा (Continueing Legal Education) तर्फ नीति तथा कार्यक्रम तय गरी लागू गर्नेतर्फ पनि न्यायपालिकाको ध्यानाकर्षण हुनु पर्ने भएको छ ।

(४) भौतिक साधन स्रोतको पर्याप्त उपलब्धता सर्वाधिक चासो र सरोकारको विषय बन्ने गरेको छ । वस्तुतः गुणात्मक साधनस्रोतकै अनुपातमा परिणाम समेत निस्कने भएबाट न्याय सम्पादन प्रक्रियामा आवश्यक पर्ने समग्र भौतिक साधन स्रोतको उपलब्धता र त्यसको कुशल व्यवस्थापन हुनु आवश्यक ठानिन्छ । समग्र गुणात्मक व्यवस्थापन (Total Quality Management) का दृष्टिले जिल्ला अदालतको व्यवस्थापन र भौतिक सुधार गर्नेतर्फ अदालत प्रशासन क्रियाशील रहनु आवश्यक छ । दीर्घकालीन सोच, न्यायका उपभोक्ताको सर्वाधिक हित र सुविधा एवम् कार्य सम्पादन प्रक्रियामा सरलता, पारदर्शिता र उत्तरदायित्व वहन गराउनका लागि पनि आधुनिक व्यवस्थापनका मान्यता अनुकूल भौतिक साधन स्रोतको व्यवस्थापन मिलाउनु आवश्यक ठानिएको छ ।

(५) अदालतलाई वाञ्छित हदमा आर्थिक स्वायत्तता प्रदान गरेमा स्वतन्त्र न्यायपालिकाको जगेर्ना हुने मान्यता राखेर कतिपय सभ्य राष्ट्रहरूले न्यायपालिकालाई आर्थिक स्वायत्तता प्रदान गरी आएका छन् । सम्भवतः न्यायिक कोष ऐन यही धारणाको पृष्ठभूमिमा बनेको थियो । तर ऐन बनेको १७ वर्ष बितिसक्दा पनि लागू हुन सकेको छैन । समग्र राज्य संयन्त्रको आर्थिक क्रियाकलापउपर कार्यकारिणी अंगको पूर्ण नियन्त्रण रहनु पर्दछ भन्ने पुरातन मान्यता अथवा परम्परावादी दृष्टिकोण रहेको र आर्थिक स्वायत्तता न्यायपालिकी स्वच्छन्दताका लागि नभएर स्वतन्त्र न्यायापालिकाको मान्यतालाई अक्षुण्ण राख्दै सरल, कुशल, प्रभावकारी र उत्तरदायित्वपूर्ण अदालत व्यवस्थापन प्रक्रिया मिलाउन आर्थिक स्वायत्तताको आवश्यकता पर्ने वस्तुतथ्य प्रति सम्भवतः विश्वास दिलाउन नसकिएको कारणबाट पनि न्यायपालिकाले आर्थिक स्वायत्तता प्राप्त गर्न सकेको छैन । तसर्थ, न्यायपालिकाभित्र उपयुक्त संयन्त्रको विकास गरी आर्थिक क्रियाकलापको पारदर्शी र उत्तरदायित्वपूर्ण सुसंचालन हुने प्रत्याभूति दिने चुनौती न्यायपालिका समक्ष कायमै रहेको छ । यो चुनौती सर्वोच्च अदालत तहको मात्र नभएर सबै तहका अदालतको हो भन्ने तथ्य जिल्ला अदालत व्यवस्थापनले समेत बुझ्नु पर्छ ।

(६) कानुनमा सुधार, परिमार्जन एवं आधुनिकीकरण (Reform, Moderation and Modernization) गर्नु पर्ने आवश्यकता सर्वत्र महसुस हुँदै आएको हो । यस चुनौतीको समाधान अपेक्षित रूपमा हुन सकेको छैन । संहिताबद्ध नभई छरपष्ट छरिएका, अवैज्ञानिक अथवा पुरातन प्रकृतिका अनि कतिपय अवस्थामा मानवीय व्यवहारलाई अनिवार्य रूपमा सम्बोधन गर्नु पर्ने विषयमा पनि कानुनी मौनता कायम रहेको वर्तमान कानुनी संरचनामा आमूल सुधार, परिमार्जन र आधुनिकीकरण गर्नु अनिवार्य छ । राज्यको शक्ति विभाजनका दृष्टिले कानुनको निर्माण गर्ने कार्य न्यायपालिकाको होइन । तथापि त्यस्ता कानुनको प्रयोगकर्ता (stakeholder) भएका कारणले असंगति, रिक्तता वा अभावका बारेमा विशेषज्ञ दृष्टिकोण प्रस्तुत गर्नु अदालतको पनि कर्तव्य बन्दछ । सुधारको यस प्रक्रियालाई नियमितता प्रदान गरी पृष्ठपोषण (channelise) गर्ने तर्फ न्यायापालिकाबाट भएका प्रयासहरूलाई अझ बढी गति प्रदान गर्ने चुनौती कायम छ ।

(७) अदालत व्यवस्थापन एवम् मुद्दा व्यवस्थापनलाई समग्र गुणात्मक व्यवस्थापन (Total Quality Management) पद्धति अनुसार सम्बोधन (address) गर्न नसक्नु पनि एउटा चुनौतीको रूपमा रहेको छ । अदालत व्यवस्थापनका सन्दर्भमा संस्थागत संरचना, सक्षम र दक्ष जनशक्तिको उचित परिचालन, विशिष्टीकृत क्षेत्र निर्धारण र प्रयोग गर्ने जस्ता कुरामा समस्या कायम रहेका छन् भने मुद्दा व्यवस्थापनतर्फ मुद्दा प्रवाह (case flow) व्यवस्थापन, समय सारिणी व्यवस्थापन र अनुसरण, मुद्दा पहिल्याउने पद्धति (case tracking system) को अनुसरण र प्रयोग जस्ता कुराको

प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । अन्य बाहिरी पूर्वाधार वा सुविधाको कमीका कारणले मात्र नभएर आन्तरिक कार्यप्रणाली एवम् व्यावहारिक प्रतिबद्धताको कमी भएबाट पनि यो स्थिति पैदा भएको हो भन्ने तथ्यलाई आत्मसात् गर्नै पर्ने भएको छ। उल्लेखित चुनौतीको सामना गर्नका लागि कर्तव्य निर्वाह प्रति सिर्जनशील समर्पणको अनिवार्यता महसुस भएको छ ।

(८) कानुनको प्रयोगमा सिर्जनशीलता सदैव अपेक्षित रहने गर्दछ। कानुनका अमूर्त अक्षरलाई सामाजिक परिवर्तनको प्रवाह अनुकूल गतिशीलता प्रदान गर्ने कार्यबाट न्यायकर्मीहरूको दक्षता प्रदर्शित हुन्छ। सामाजिक सन्दर्भ (social context) को पहिचान गरी न्यायिक मर्यादाभित्र रहेर कानुनका शब्दहरूको अर्थ गर्न सक्षम भएकै कारणबाट संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले त्यहाँको संविधानलाई दुई सय वर्ष भन्दा बढी अवधिसम्म पनि उत्तिकै समय सापेक्ष प्रभावकारिता प्रदान गर्न सकेको दृष्टान्त छ। यस प्रकारको सिर्जनशीलता सर्वत्र अपेक्षित रहने गर्दछ। न्याय प्रदान गर्ने कार्यका लागि रहने यस प्रकारका अपेक्षा पूर्ति गर्ने तर्फ अदालतका काम कारवाही एवम् क्रियाकलाप परिलक्षित गराउनु एउटा चुनौतीको रूपमा रहेको छ।

(९) न्यायशील वातावरण निर्माण गर्नु स्वस्थ न्यायिक पद्धतिको विकासका लागि आवश्यक हुन्छ। समाजमा न्याय गरी शान्ति र व्यवस्था कायम गर्न न्यायपालिकाको स्थापना हुने भएकाले त्यही समाजका अन्य अवयवहरू न्यायशील वातावरण कायम गर्ने दायित्वबाट पन्छिन सक्दैनन्। राज्यका अंगहरू कार्यकारिणी, व्यवस्थापिका लगायत चौथो अंग पत्रकार जगत् एवम् नागरिक समाजका तर्फबाट पनि न्यायपालिका प्रति उत्तरदायित्व निर्वाह गर्नु पर्ने हुन्छ। न्यायिक काम कारवाहीमा सहयोगी भूमिका निर्वाह गर्दै न्यायपालिकाको प्रभावकारिता वृद्धिमा रचनात्मक योगदान प्रदान गर्ने कार्यमा सरकारका विभिन्न निकायहरूको महत्वपूर्ण भूमिका रहन्छ। न्यायशील वातावरण तयार गर्ने कार्यमा सरकार, राजनैतिक दल, व्यवस्थापिका, प्रेस, नागरिक समाज लगायत सबैले सकारात्मक र सहयोगी भूमिका निर्वाह गर्ने र त्यस प्रकारको भूमिका निर्वाह हुने परिस्थिति निर्माण र ग्रहणशक्ति वा क्षमता न्यायपालिकाले आफूमा विकास गर्ने संस्कारको विकास हुनु हाम्रो न्यायपालिकाको सन्दर्भमा वाञ्छनीय देखिएको छ।

# ४. लैंगिक न्यायमा अदालतको भूमिका (Role of Court on Gender Justice)

## ४.१ लैंगिक न्याय सम्बन्धी अवधारणा (Concept of Gender Justice)

- लैंगिक न्यायको विषय जैविक भिन्नताको विषय नभई महिला र पुरुषले निर्वाह गर्ने सामाजिक तथा सांस्कृतिक मान्यताको अध्ययन हो। जैविक भिन्नताको आधारमा आधारभूत मानव अधिकारको उपभोगमा असमानता हुनु हुँदैन भन्ने मान्यतालाई लैंगिक न्याय सम्बन्धी अवधारणाले पनि अंगीकार गर्दछ।
- लैंगिक न्यायको विषय स्वभावतः महिला वा पुरुष कुनै एकको विषय मात्र होइन। तर अनन्तकालदेखिको सामाजिक संरचना र यसले निर्धारण गरेका परम्परागत भूमिकाहरू (Stereotypical Sex Roles) ले महिला र पुरुष बिचको अन्तर्सम्बन्धलाई यौनिकता (Sexuality) र स्रोतहरू (Resources) माथिका शक्ति र नियन्त्रणको द्वन्दको विषय बनाइदिएको छ। परिणामस्वरूप समाजमा पितृप्रधानताको बाहुल्य रहँदै आई मानव अस्तित्वभित्रका समान हैसियत र पहुँच राख्ने महिलाहरू कानुनी र व्यावहारिक असमानताबाट मुक्त हुन सकेका छैनन्। सोही असमानताको कारणबाट लैंगिक न्याय सम्बन्धी विषय अहिले महिला अध्ययनको विषय जस्तो प्रतीत हुन गएको छ।
- लैंगिक न्याय सम्बन्धी अवधारणा समानता सम्बन्धी अधिकारको उपज हो। तसर्थ महिला विरुद्ध हुने भेदभावपूर्ण कानुन एवम् व्यवहार, शोषण एवम् हिंसालाई 'समानताको सिद्धान्त' को आधारमा व्याख्या गर्नु पर्दछ।

## ४.२ समानता सम्बन्धी अवधारणा (Concept of Equality)

**समानता (Equality)**

Equality means, "Substantially the same rights, immunities and privileges and being liable to

२२२ Black's Law Dictionary, (Centennial 7th edition, year 1999), p. 536

२२३ *Boyne* v. *State en rd*. Dickerson, 80, Nov. 160, 390, p. 225-227

substantially the same duties."[२२२]

समानता भन्नाले सारभूत अधिकार, उन्मुक्ति र सुविधाहरू माथिको समान अधिकार बुझिन्छ। अधिकार र कर्तव्य एकअर्काका परिपूरक हुन्। तसर्थ समान अधिकारको अवधारणाभित्र समान कर्तव्यको परिपालनाको प्रश्न पनि गाँसिएको हुन्छ।

**समान संरक्षण (Equal Protection)**

- संयुक्त राज्य अमेरीकाको संविधानमा रहेको 'समान संरक्षण' (Equal Protection) को प्रावधानभित्र समानता पनि अन्तर्निहित भएको पाइन्छ, जसले समान अवस्थाका समान व्यक्तिहरूको बिचमा समानता हुनु पर्छ भन्ने सिद्धान्तलाई अंगीकार गर्दछ। समान अवस्थाको वर्गीकरण वैधानिक उद्देश्यमा आधारित हुनु पर्छ। कुनै वर्ग विशेषको भिन्नताको आधारमा स्वेच्छाचारी तवरबाट गरिएको वर्गीकरण स्वीकार्य हुँदैन भनी अमेरिकी सर्वोच्च अदालतले न्यायिक सिद्धान्त समेत प्रतिपादन गरेको छ।[२२३]

डाइसे (Dicey) का अनुसार, "Equality as legal justice done without having any kind of discrimination."

कुनै पनि प्रकारको असमानता नहुने गरी गरिएको कानुनी न्याय नै समानता हो भनी डाइसे (Dicey) ले कानुनी न्यायको सन्दर्भमा समानताको परिभाषा गरेको पाइन्छ।

**असमानताको परिभाषा (Definition of Discrimination)**

- सामान्य अर्थमा असमानता भन्नाले समान व्यक्तिहरूका बिचमा गरिने असमान व्यवहार हो।

Discrimination means, "... the effect of a statute or established practice which conveys particular privileges on a class arbitrary selected from a large number of persons, all of whom stand in the same relation to the privileges granted and between upon and there not favored no reasonable distinction can be found ..."[२२४]

- कुनै समुदायभित्रका व्यक्तिहरू मध्ये छानेर बिना आधार स्वेच्छाचारी तवरबाट कसैलाई घटी वा कसैलाई बढी अधिकार एवम् सुविधा दिने गरी निर्माण भएका कानुन एवम् व्यवहारबाट हुने भेदभावलाई असमानता भनिन्छ।
- वर्ण, जात, भाषा, धर्म, लिंग आदिका आधारमा सामान्य सुविधाबाट वञ्चित तुल्याउने कार्य प्रणालीलाई पनि असमानताको रूपमा परिभाषित गरिएको पाइन्छ।[२२५]

### ४.२.१. लैंगिक समानताः अन्तर्राष्ट्रिय मापदण्ड (Gender Equality: International Standard)

- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (CEDAW) ले महिला विरुद्ध हुने भेदभावलाई लिंगका आधारमा गरिएको कुनै पनि विभेद (Distinction), बाहेक गर्ने (Exclusion) वा नियन्त्रण (Restriction) को रूपमा परिभाषित गरेको छ। जुन भेदभावले गर्दा महिलाहरूलाई राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अन्य क्षेत्रमा आफ्नो आधारभूत मानव अधिकारको उपभोग गर्नमा बाधा पुऱ्याउँछ।[२२६]
- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध (ICCPR) को धारा ३ ले उक्त अनुबन्धमा उल्लेख भएका राजनीतिक तथा नागरिक अधिकारहरू उपभोग गर्ने महिला र पुरुषको समान अधिकार सुनिश्चित गर्नु पर्दछ भनी लैंगिक समानताको अधिकारको पहिचान गरेको छ। उक्त धारा ३ को व्याख्या गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय मानव अधिकार समितिले अनुबन्धको धारा २(१) तथा २६ को समानता सम्बन्धी अवधारणालाई समेत आत्मसात् गरी पक्षकार राज्यहरूले कानुनी तथा न्यायिक संयन्त्रहरूको उचित व्यवस्था गरी कानुनको समान प्रयोग गर्नु पर्दछ भनी लैंगिक न्याय सम्बन्धी अवधारणालाई प्रष्ट पारेको छ।[२२७]

### ४.२.२. संवैधानिक संरचना

- नेपाल अधिराज्यको संविधान, २०४७ ले मौलिक हकभित्र समानताको हक प्रत्याभूत गरेएको छ। संविधानभित्र रहेको समानताको यस हकलाई संविधानको मेरुदण्डको रूपमा लिन सकिन्छ, जसको भावना अनुरूप अन्य मौलिक हक एवम् कानुनी अधिकारको व्याख्या गर्न सकिन्छ।

२२४ Black's Law Dictionary, (Centennial 7th edition, year 1999), p. 467
२२५ *Baker* v. *California land title co.*, D.C. cal., 349F-Supp. 235, 338, 239
२२६ CEDAW, Art 1
२२७ HRC General Comment 4 (equality between sexes, Art 3, CCPR) 13 Session 1981
२२८ नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११(१)
२२९ नेपाल अधिराज्यको संविधान, मस्यौदा र व्याख्यात्मक टिप्पणी, संविधान सुझाव आयोग, २०४७

संविधानको धारा ११ को संरचनाभित्र समानताको सिद्धान्तलाई मूलतः निम्न रूपमा विश्लेषण गर्न सकिन्छ:

(१) कानुनको अगाडि समानता (Equality Before Law)

(२) कानुनको समान संरक्षण (Equal Protection of Law)

(३) विशेष संरक्षणात्मक व्यवस्था (Special Protection)

### ४.२.२.१. कानुनको अगाडि समानता र समान संरक्षण (Equality before Law and Equal Protection of Law)

“सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।”[२२८]

- प्रस्तुत प्रावधानमा उल्लेखित, “कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन” भन्ने वाक्यांश नेपालको संविधान, २०१९ र नेपाल अधिराज्यको संविधान, २०१५ को जस्तै छ तर “सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन्” भन्ने पहिलो वाक्यांश यस अघिका संविधानमा समावेश गरिएको थिएन । कुनै पनि व्यक्ति विशेषको पक्षमा कुनै खास छुट नदिई समानताको दृष्टिकोण अँगालिएको छ ।[२२९] कानुनको अगाडि समानता हुनु पर्ने भनी संविधानमा गरिएको यस व्यवस्थाले समानताको मूल मर्मलाई आत्मसात गरेको छ । यस प्रकारको प्रावधान कतिपय प्रजातान्त्रिक मुलुकको संविधानमा प्रष्ट उल्लेख गरेको पाइदैन ।

- सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिंग, जात जाति वा यी मध्ये कुनै आधारमा भेदभाव गरिने छैन भन्ने व्यवस्था नेपाल अधिराज्यको संविधान २०१५ र नेपालको संविधान, २०१९ मा समेत समावेश भएको देखिन्छ । वर्तमान संविधानले उक्त अवस्थाहरूको अतिरिक्त ‘वैचारिक आस्था’ लाई समेत समावेश गरी सो का आधारमा समेत भेदभाव गर्न नपाउने थप व्यवस्था गरेको छ ।[२३०]

- “समान कामका लागि महिला र पुरुषका बीच पारिश्रमिकमा भेदभाव गरिने छैन”[२३१] भन्ने संवैधानिक व्यवस्था छ । अन्तर्राष्ट्रिय श्रम संगठनबाट पारित समान पारिश्रमिक सम्बन्धी महासन्धिमा[२३२] पनि नेपाल पक्ष रहेको र यो कानुनी समानताको विषय समेत भएको परिप्रेक्ष्यमा पारिश्रमिकमा भेदभाव गर्न नहुने तथ्य प्रष्ट देखिन्छ । पारिश्रमिक जस्तो कुरामा भेदभाव कायम रहने हो र यसलाई प्रष्ट रूपमा निषेधित नगर्ने हो भने समानताका अरु व्यवस्थाहरूको प्रभावकारिता पनि कम हुन सक्छन् । त्यसैले समान कामका लागि महिला र पुरुष बीच पारिश्रमिकमा भेदभाव गर्न नमिल्ने गरी संविधानमा किटानी साथ व्यवस्था गरिएको छ ।[२३३]

### ४.२.२.२. विशेष संरक्षणात्मक व्यवस्था

- समानताको हक सम्बन्धी संवैधानिक संरचनाभित्र, “महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिकोणले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने छ”[२३४] भनी लैंगिक समानता कायम गर्ने हेतुले महिला वर्गका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सक्ने संवैधानिक संरक्षण प्रदान गरेको छ । यो प्रावधान महिला अधिकार सम्बन्धी महासन्धि (CEDAW) को प्रावधानसम्मत छ ।[२३५]

- विश्वका विभिन्न प्रजातान्त्रिक संविधानहरूले सकारात्मक भेदभावलाई समानताको हक अनुकूल हुन्छन् भनी आफ्नो संविधानमा समावेश गरेको पाइन्छ । समानता कायम गर्ने हेतुले गरिएको विशेष व्यवस्था अन्तर्गत निर्मित विशेष कानुनलाई भेदभावपूर्ण मान्न नमिल्ने र संविधान सम्मत नै हुने भनी भारतीय सर्वोच्च अदालतले सकारात्मक भेदभावसम्बन्धी अवधारणाको संवैधानिकता सम्बन्धमा व्याख्या गरेको पाइन्छ ।[२३६]

- *रिना बज्राचार्य* वि. *शाही नेपाल वायुसेवा निगम समेत*को मुद्दामा[२३७] “एकै काम गर्ने महिला र पुरुष कर्मचारी बीच विभेद गरी असमान व्यवहार गरेको जिकिर लिएको विषयमा संविधानको धारा ११(३) को प्रतिबन्धात्मक वाक्यांशको व्यवस्था बन्देजात्मक नभई सकारात्मक प्रकृतिको महिलाहरूको विकास र संरक्षण गर्नको लागि कानुनद्वारा अतिरिक्त थप व्यवस्था गरी कानुन बनाउन सक्ने व्यवस्था हो, महिला उपर असमान व्यवहार गर्न छुट दिने व्यवस्था होइन । सो प्रतिबन्धात्मक व्यवस्थाले महिलाहरूको लागि विशेष संरक्षण प्रदान गर्न सक्ने हुँदा सो व्यवस्थाबाट पुरुषलाई भन्दा महिलालाई कम सुविधा प्रदान गर्न सकिने, असमान गर्न सकिने भन्नु उक्त व्यवस्थाको भावनाको ठीक विपरीत हुन जान्छ भन्ने सिद्धान्त कायम गरिएको पाइन्छ ।

२३० ऐ. धारा ११(२)(३)

२३१ ऐ. धारा ११(५)

२३२ अन्तर्राष्ट्रिय मापदण्डको ILO

२३३ नेपाल अधिराज्यको संविधान, मस्यौदा र व्याख्यात्मक टिप्पणी, संविधान सुझाव आयोग, २०४७

२३४ नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(३)

२३५ CEDAW, धारा ४

२३६ "Making special provisions for women in respect or employment or posts under the status is an integral part of Art 15(3)", Govt. of A.P. v. P.B. Vijaya Kumar (AIR 1995 SC 1648)

२३७ *रिना बज्राचार्य* वि. *शाही नेपाल वायुसेवा निगम*, स.अ. बुलेटिन, वर्ष ९, अंक १०, पूर्णाक १९६, भाद्र २०५७, री.नं. २८१२, पृ. ३

२३८ *मीरा गुरुङ समेत* वि. *केन्द्रीय अध्यागमन विभाग समेत*, ने.का.प. २०५१, अंक २, नि.नं. ४८५८ (पूर्ण इ.) पृ. ६८

## ४.२.३. अदालतबाट प्रतिपादित सिद्धान्तहरू र अन्तर्राष्ट्रिय धारणा

- विदेशीसँग वैवाहिक सम्बन्ध हुने नेपाली नागरिक लोग्ने मानिस वा स्वास्नी मानिस के हो भन्ने आधारमा भिन्न भिन्न प्रकृति र समयावधिको भिसा दिने कानुनी व्यवस्था गरेको देखिन्छ । यसबाट कानुनले वस्तुतः लिंगको आधारमा नेपाली नागरिकहरूका बीच असमान र भेदभावपूर्ण व्यवहार गरेको देखिन आई नेपाली स्वास्नी मानिससँगको सम्बन्ध भन्दा नेपाली लोग्ने मानिससँगको सम्बन्धलाई बढी महत्व र वजन दिएर नेपाली स्वास्नी मानिससँग असमान व्यवहार गरेको प्रष्ट देखिने उक्त कानुनी व्यवस्था तत्कालीन नेपालको संविधानको धारा १० र वर्तमान संविधानको धारा ११ को प्रतिकूल छ ।[२३८]
- *रिना बज्राचार्य* वि. *शाही नेपाल वायुसेवा निगम समेत* भएको रीट निवेदनमा सर्वोच्च अदालतबाट प्रतिपादित निम्न सिद्धान्तले लैंगिक समानताको विधिशास्त्रमा नयाँ आयाम थपेको छ :
  - मानवमा पुरुष र महिला दुबै पर्दछन्; पुरुष र महिला मानव नै हुन् । मानवको नाताबाट प्राप्त हुने सबै हक अधिकार समान रूपले महिला र पुरुषलाई उपलब्ध हुनु पर्दछ । यो नैसर्गिक नियम हो ।
  - जुन मुलुक र युगमा मानवमा समान व्यवहार भएको हुन्छ त्यो मुलुक र त्यस युगलाई स्वर्णिम अवस्था मानिएको छ । पुरुष र महिला बीच भेदभाव भएमा असभ्यताको, अविकसितताको सूचक हुन जान्छ ।
  - मानव अधिकारहरूको विश्वव्यापी घोषणाले मानव प्रतिष्ठा र नर नारीका समान अधिकार र स्वतन्त्रताको विश्वव्यापी सम्मान र पालना गर्न प्रतिज्ञा गर्नु पर्ने कुराहरू प्रस्तावनामा उल्लेख गरेको छ । धारा २, धारा ७ र धारा २३ ले जाति, वर्ण, लिंग समेतका आधारमा भेदभाव नगरिने, कानुनको दृष्टिमा सबै समान र बिना भेदभाव सबैलाई कानुनको समान संरक्षणको अधिकार हुने र प्रत्येक व्यक्तिलाई काम गर्ने, नोकरी रोज्ने, समान कार्यका लागि समान तलब पाउने समेतका अधिकारलाई सुनिश्चित गरेको छ ।
  - नारी समानता सम्बन्धमा नारीको राजनीतिक अधिकार सम्बन्धी महासन्धि राष्ट्रसंघीय महासभाद्वारा पारित गरिएको पाइन्छ ।
  - महिला र पुरुषबीचको विभेदकारी जकडिएर रहेको संस्कारले गर्दा पुरुष र महिला बीच विभेदकारी ऐन नियमका व्यवस्थाहरू नजानिदो रूपमा निर्मित हुने र बहाल रहने गरी आएको तथ्य सबभन्दा ठूलो अड्चन हो । प्रभावकारी लैंगिक न्याय प्रदान गर्न समाजको सोचाइ र संस्काररूपी जरा नै निर्मूल पार्न सकेमा यस क्षेत्रमा गहकिलो योगदान पुग्न जान्छ ।
  - नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(३) को प्रतिबन्धात्मक वाक्यांश र धारा २६(७) ले महिला विरुद्धको सबै प्रकारको भेदभावको उन्मूलन गर्ने व्यवस्था गरेको छ । तर कतिपय कुराहरू नयाँ कानुन निर्माण वा संशोधन गरी संविधानको भावनालाई कार्यरूप दिनु पर्ने कार्यमा तीव्रतासाथ कार्य हुन सकेको देखिदैन ।

## ४.२.४. अदालतले निर्वाह गर्ने भूमिका

### (क) मापदण्डको ज्ञान

- न्यायालयहरू राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय मान्यताहरूको बीचको सम्बन्ध स्थापित गर्ने महत्वपूर्ण संयन्त्रहरू हुन्, जसको न्यायिक सक्रियताबाट मानव अधिकारका महत्वपूर्ण मुद्दाहरूको न्यायिक सुनवाइ हुन जान्छ ।
- लैंगिक न्याय सम्पादनका लागि प्रथमतः अनुसन्धान अधिकारी, सरकारी वकिल, कानुन व्यवसायी, अदालतका कर्मचारी र न्यायाधीशहरूलाई लैंगिक न्याय सम्बन्धी अवधारणा र महिलाको मानव अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डहरूको उचित ज्ञान हुनुपर्छ ।[२३९]

### (ख) व्याख्या र प्रयोग

"The full enjoyment by women of their human rights could only be realized through the creative interpretation and effective enforcement of these rights by the courts. This can only occur if there is an independent and competent judiciary which enjoys the confidence of the people it serves."[२४०]

- अदालतको सृजनशील व्याख्या र प्रभावकारी कार्यान्वयनबाट मात्र महिलाहरूले आफ्नो मानव

---

२३९ Victoria Falls Declaration of Principles for promoting the Human Rights of women as agreed by senior Judges at the African Regional Judical Collequium, Zimbabwe, 19-20, August 1994

२४० Georgetown Recommendation and strategies for Aelion on the Human Rights of Women and the Girls Child issued by the Caribbean regional judicial colloquium for senior judges, Georgetown, Guyana, 14-17 April 1997.

२४१ *रिना बज्राचार्य* वि. *शाही नेपाल वायुसेवा निगम*, स.अ. बुलेटिन, वर्ष ९, अंक १०, पूर्णाक १९६, भाद्र २०५७, री.नं. २८१२

२४२ Conclusions of Asia/South Pacific Regional Judical colloquium for senior judges on the domestic application of international human rights norms.

अधिकारको पूर्ण उपभोग गर्न सक्दछन् । अदालत स्वतन्त्र र सक्षम भएमा मात्र अदालतबाट प्रदान हुने न्यायमा जनआस्था रहन्छ ।

- महिलाको कानुनी अथवा मौलिक हक अधिकारको प्रभावकारी संरक्षण गर्न अन्तर्राष्ट्रिय मापदण्डहरूको प्रभावकारी व्याख्या र प्रयोग गर्नु आवश्यक हुन्छ ।
- महिला विरुद्ध हुने भेदभाव प्रत्यक्ष वा अप्रत्यक्ष दुवै रूपमा हुन सक्दछ । न्यायपालिकाले संविधान वा कानुनको व्याख्या गर्दा सबै प्रकारका हुनसक्ने भेदभावमा दृष्टि पु¥याउन सक्नु पर्दछ । न्यायमा महिलाको पहुँच हुनका लागि औपचारिक समानता (Formal equality) मात्र नभई सारभूत समानता (Substantive equality) को सुनिश्चितता हुनुपर्दछ । सारभूत समानताका लागि राज्यका अन्य अंगहरूका अलावा न्यायपालिकाले पनि सकारात्मक पहल (Affirmative Role)[२४१] गरी न्याय सम्पादन गर्नुपर्दछ ।
- प्रथा, परम्परा, धर्म र संस्कृतिले व्यक्ति वा समुदायलाई चिनाउने गर्दछन्, जसमध्ये मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने बहुमुल्य प्रथा परम्परा, धर्म तथा संस्कृति मात्र असल न्याय सम्पादनका आधार हुन सक्दछन् । लैंगिक असमानतालाई पृष्ठपोषण गर्ने प्रथा परम्परालाई अदालतले दुरुत्साहन गर्नुपर्छ ।[२४२]
- लैंगिक न्यायका लागि केही धार्मिक ग्रन्थभित्र रहेका सकारात्मक पक्षलाई पनि व्याख्याको आधार बनाउन सकिन्छ ।
- कानुनको व्याख्या गर्दा सो व्याख्या मानवीय मूल्य र मान्यतामा आधारित छ छैन भन्ने हेक्का राख्नु पर्दछ । अन्तर्राष्ट्रिय प्रचलन, परम्परागत मान्यता, धार्मिक ग्रन्थहरू आदिमा रहेको सकारात्मक व्यवस्थालाई ग्रहण गरी लैंगिक न्यायको सन्दर्भमा सकारात्मक रूपमा व्याख्या गर्न सकिन्छ भन्ने दृष्टान्त धनलक्ष्मी श्रेष्ठिनको मुद्दामा प्रधान न्यायाधीश हरिप्रसाद प्रधानले भारतको प्रचलन, मनुस्मृति, यज्ञवल्क्य स्मृतिका साथै संवैधानिक मान्यता र मानवीय मूल्य समेतको विवेचना गरी 'सन्तान' शब्दको परिभाषाभित्र छोरीलाई पनि समेटिएको छ ।[२४३]
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (CEDAW) तथा मानव अधिकार सम्बन्धी अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूको प्रयोग गरी अदालतले संविधान, कानुन र प्रथा परम्पराको समयानुकूल व्याख्या गर्न सक्दछ । यसबाट लैंगिक समानताको विधिशास्त्र निर्माण हुन सक्दछ । यस्तो व्याख्या गर्न सबै तहका अदालतहरू सक्षम छन् । CEDAW, CRC, ICCPR लगायतका मापदण्डको प्रयोग गरी महिला विरुद्ध हुने हिंसालाई महिला विरुद्ध हुने भेदभावको दायरामा राखी काठमाडौं जिल्ला अदालतले गरेको निम्न व्याख्यालाई उदाहरणको रूपमा लिन सकिन्छ : "लामो समयसम्म जबर्जस्ती करणीको मुद्दामा अदालतहरूले केवल फौजदारी कानुनकै परम्परागत दृष्टिबाट यो विषयलाई हेरेकोमा अब यो सोचाइमा परिवर्तन भएको छ । अहिले जबर्जस्ती करणीलाई महिलाउपर हुने शारीरिक आक्रमणको रूपमा मात्र नहेरी उनीहरूको प्रतिष्ठापूर्ण जिन्दगीको अधिकार (Right to a life of dignity) र उनीहरूको गोप्यताको हक (Right to privacy) सँग गाँसिएको विषयको रूपमा हेरिएको छ । यो महिलाउपरको आक्रमण (violence against women) महिलाको प्रतिष्ठासँग अभिन्न रूपले गाँसिएको विषय हो भन्ने कुरालाई अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी दस्तावेजहरू विशेषतः महिलाहरू उपर हुने सबै खाले भेदभाव विरुद्धको महासन्धि (CEDAW) को धारा १,२ र ४ महिला विरुद्ध हुने सबै प्रकारका हिंसा उन्मूलन सम्बन्धी घोषणपत्रको धारा १,२ र ३ को समष्टिगत अध्ययनबाट स्पष्ट हुन्छ ।[२४४]
- ICCPR को धारा १४ (१) समेतको प्रयोग गरी पीडितको रक्षार्थ मूलतः निम्नलिखित २ वटा कुराहरूमाथि ध्यान दिनु अति आवश्यक छ भनि उक्त प्रसंगमा बोलिएको पाइन्छ ।[२४५]

  (१) अनावश्यक प्रचार प्रसारबाट पीडितलाई जोगाउन बन्द इजलासको व्यवस्था गर्ने ।

  (२) पीडितलाई क्षतिपूर्ति दिलाउने ।

**(ग) लैंगिक न्यायमा पहुँचका लागि आवश्यक न्यायिक प्रक्रिया**

- लैंगिक न्यायका लागि सर्वप्रथम अदालतले मुद्दाको प्रकृति र मुद्दामा सम्बद्ध महिलाहरूको अवस्था समेतलाई मध्यनजर गर्नुपर्दछ, जस अनुसार मुद्दाका विभिन्न चरणहरूमा कानुनको दायरामा रही आफ्नो अन्तर्निहित अधिकार समेतको प्रयोग गरी आवश्यकताअनुसार अधिकतम सुविधा प्रदान गर्नुपर्छ ।
- अदालतले पक्षको रूपमा रहेका (खास गरी अंश माना चामल जस्ता मुद्दाहरू) अभियुक्तको रूपमा रहेका (

२४३ ने.का.प. २०१८

२४४ काठमाडौं जिल्ला अदालतका न्यायाधीश डा. आनन्द मोहन भट्टराईबाट मिति २०५९/२/४ मा भएको फैसला २०५८/०५९ सालको स.वा.फौ ३७६/७५५, पृष्ठ १४

२४५ ऐ.ऐ.

२४६ Justice P.N. Bhagwati, Keynote addrress, caribbean judicial colloquim on women's rights Georgetown, Guyana 14-17 April, 1997

२४७ See, Senario of women's accessbility to criminal justice, at research report of trial court system in Nepal (CeLRRd 2002)

गर्भपतन, जातक मारेको, घरायसी हिंसा, आत्मरक्षा आदिका कारणले अपराध गर्न पुगेका) र पीडितको रूपमा रहेका (बहुविवाह, जिउ मास्नेबेच्ने, जबर्जस्ती करणी आदि) महिलाहरूका सम्बन्धमा अवस्था र आवश्यकताअनुसार विवेकपूर्ण तवरबाट न्याय सम्पादन गर्नुपर्दछ :

### (घ) अदालतको व्यवहार (Court's Responce)

'Judicial sensitivity is most essential for protection and enforcement of women's human rights'[२४६]

- लैंगिक न्यायमाथि महिलाको पहुँच सुदढ गराउन न्यायको माग गर्ने महिलाहरूप्रतिको अदालतको व्यवहार सकारात्मक एवं संवेदनशील हुनुपर्छ । उचित मापदण्ड र

| | ग्रामीण क्षेत्र | | शहरी क्षेत्र | |
|---|---|---|---|---|
| | **पुरुष** | **महिला** | **पुरुष** | **महिला** |
| **पहाडी क्षेत्र** | | | | |
| ६-९ वर्ष | २.९ | ४.५ | – | – |
| १०-१४ वर्ष | ४.४ | ७.७ | – | – |
| १५ वर्षभन्दा माथि | ८.७ | ११.२ | – | – |
| **हिमाली क्षेत्र** | | | | |
| ६-९ वर्ष | १.९ | ३.४ | ०.८ | १.४ |
| १०-१४ वर्ष | ४.१ | ७.० | १.६ | ४.० |
| १५ वर्षभन्दा माथि | ७.९१ | ०.६ | ७.१ | ८.८ |
| **तराई क्षेत्र** | | | | |
| ६-९ वर्ष | १.७ | २.६ | १.० | २.२ |
| १०-१४ वर्ष | ३.३ | ५.९ | २.४ | ४.३ |
| १५ वर्षभन्दा माथि | ७.८ | ९.४ | ७.८ | ८.९ |

अदालतको सकारात्मक व्यवहार भएको अवस्थामा अदालत प्रतिको जनआस्था बढ्न गई महिला विरुद्धको अपराधमा उजुरी गर्ने र न्याय सम्पादनका सम्पूर्ण प्रक्रियाहरूमा सहयोग गर्ने वातावरण निर्माण हुन सक्छ ।

- महिला विरुद्धका अपराधको निर्क्यौलका लागि मुद्दाको तथ्य र कानुनका साथै भेदभावपूर्ण सामाजिक मान्यता र त्यसका परिणामहरूको समेत गहन अध्ययन र विश्लेषण गर्नुपर्ने हुन्छ ।[२४७] यसबाट विभिन्न पारिवारिक तथा सामाजिक परिस्थितिका कारणले अपराध गर्न पुगेका महिलाहरूलाई सजायको भागीदार मात्र नबनाई पुन: सामाजिकीकरण (Social Reintegration) का लागि अदालतले आफूमा अन्तरर्निहित स्वविवेकीय अधिकार (Margin of Appreciation) को प्रयोग गर्नुपर्ने हुन्छ ।

**तालिका १**

| विवरण | जबर्जस्ती करणी | ज.क. उद्योग | जि.मा.वे. | गर्भपतन | बहुविवाह र बालविवाह |
|---|---|---|---|---|---|
| जाहेरी | १४१ | १८ | ११० | ८१ | ९७ |
| कारवाही गरिएका प्रतिशत (%) | १४१ (१००%) | १४ (७७.७७%) | १०२ (९२.७२%) | ७६ (९३.८३%) | ८८ (९०.७२%) |
| अनुसन्धान पुरा गरी जि.स.व. का. मा पठाएका मुद्दा संख्या | १४८ | २३ | ११८ | २८ | ९८ |
| मुद्दा दायर गरेको प्रतिशत (%) | १४८ (१००%) | २३ (१००%) | ११८ (१००%) | २८ (१००%) | ९८ (१००%) |
| जम्मा मुद्दा संख्या | ३११ | ६८ | २९१ | ६६ | २२८ |
| सफल प्रतिशत (%) | ४४ (३६.१९%) | १२ (३५.२९%) | ३८ (३८.३८%) | ९ (२८.१३%) | ५८ (५९.१८%) |
| केही सफल प्रतिशत (%) | २४ (२०.१७%) | ४ (११.७६%) | ३० (३०.३०%) | ६ (१८.७५%) | २५ (२५.५१%) |
| असफल प्रतिशत (%) | ५० (४२.०२%) | १८ (५२.९४%) | ३१ (३१.३१%) | १७ (५३.१३%) | १५ (१५.३१%) |
| बाँकी प्रतिशत (%) | १९२ (६१.७४%) | ३४ (५०%) | १९२ (६५.९८%) | ३४ (५१.५२%) | १३० (५७.०२%) |

यस सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित केही सिद्धान्तहरूलाई मार्गदर्शनको रूपमा लिन सकिन्छ :

महिलाहरू पुरुषको दाँजोमा कार्यबोझले बढी थिचिएका छन् । त्यसैले महिलाहरूलाई कानुनी उपचार प्रदान गर्नको लागि विशेष रूपले सबै संबद्ध पक्षहरूले ध्यान दिनुपर्ने देखिन्छ । यस तथ्यलाई तल दिइएको तालिकाले छर्लङ्ग पार्दछ ।[२४८]

***सहरी क्षेत्र र ग्रामीण क्षेत्रमा बालबालिकाको कार्यबोझ (घण्टा/प्रतिदिन)***

महिलाहरूलाई विशेष कानुनी संरक्षण दिन र उपचार प्रदान गर्न कानुनको प्रभावकारी कार्यान्वयन नहुनु पनि प्रमुख समस्या रही आएको छ । यहाँ दिइएको तथ्यांक (तालिका नं. १) ले कानुनको कमजोर कार्यान्वयनलाई उजागर गरेको छ ।

विधवा स्त्री जाति, गाउँ घरको सिधा अवला नारी, आफूभन्दा तल्ला जातको व्यक्तिसँगको सहवासबाट उत्पन्न भएको गर्भलाई राखिरहँदा समाजको भनाइलाई लुकाउने प्रयासबाट आफूले जन्माएको बच्चालाई निजको भनाइ र अरोटमा लागी मारेकोमा साबित हुँदैमा ऐन बमोजिम सजाय गर्दा चर्को पर्ने देखिएबाट हालसम्म थुनिएको नै पर्याप्त हुनाले यस मुद्दाको थुनाबाट मुक्त गरिदिने[२४९] भनी विधवा महिलाको सामाजिक अवस्थाको विश्लेषण गरी उपचार प्रदान गरिएको छ । 'आफू अविवाहित भई करणी लिनुदिनुबाट गर्भ रही जन्मेको बच्चालाई मारेको भन्ने देखिंदा अविवाहित अरूको करणीबाट गर्भ रहन गई बालिका जन्मेकोले सामाजिक लोकलाजबाट बच्नसम्म अपराध गरेको भन्ने देखिंदा घटी सजायको लागि राय लगाएको मनासिब

---

२४८ *Yubaraj Sangroula, Condemned to Exploitation* "Trafficking of Girls and Women in Nepal", 2001

२४९ *श्री ५ को सरकार* वि. *खगी मगर्नी समेत,* ने.का.प. २०३७, अंक ११, नि.नं. १४१३ पृ. २५८

२५० *हर्कमाया लिम्बुनी* वि. *श्री ५ को सरकार,* ने.का.प. २०४५, अंक १०, नि.नं. ३६०५, पृ. १०१८

२५१ "न्यायाधीशको क्षमता विकास" सम्बन्धी कार्यक्रमहरूको प्रतिवेदन २०५८/५९, न्याय परिषद् सचिवालय २०५९, पृष्ठ २७, ३८, ४०

हुँदा सो अपराध गर्दाको अवस्थाको विचारबाट अभियुक्तलाई सर्वस्व सहित जन्म कैदको सजाय गर्दा चर्को पर्ने देखिन आएकोले अ.व. १८८ नं. ले निज अभियुक्तलाई कैद वर्ष १० हुने"[२५०] भनी गरिएको व्याख्यालाई अविवाहित महिलाको सामाजिक सन्दर्भको पक्षमा सम्वेदनशीलता अपनाइएको उदाहरणको रूपमा लिन सकिन्छ ।

- लैंगिक संवेदनशीलतातर्फ न्यायाधीशहरू सचेष्ट र प्रतिबद्ध रहनु पर्ने र तत् सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड एवं प्रतिपादित सिद्धान्तको पालना हुनुपर्ने सम्बन्धमा न्यायाधीशहरूको सम्मेलनबाट समेत विभिन्न सुझावहरू पारित हुँदै आएको पाइन्छ ।[२५१]

### (ङ) **कानुनी सहायता (Legal Aid)**

- गरिवीको कारणले मात्र नभई शिक्षा र चेतनाको कमीले गर्दा महिलाहरूले आफ्नो हक अधिकारको उपभोग गर्न पाइरहेका छैनन् । कानुनी प्रतिनिधित्वको आवश्यकता र महत्वको उचित ज्ञानको अभावमा कैयौं महिलाहरू आफ्नो समस्याउपर नालिस उजुर नगर्ने वा दायर भएका मुद्दाहरू मध्ये पनि कैयौं मुद्दाहरू कानुन व्यवसायीको प्रतिनिधित्व विहीन हुने गरेको देखिन्छ । यस्तो प्रतिनिधित्वको सुनिश्चितताका लागि अदालतले वैतनिक कानुन व्यवसायीको प्रतिनिधित्वलाई प्रभावकारी तुल्याउनको अलावा निःशुल्क कानुनी सहायता प्रदान गर्ने नेपाल बार एसोसिएसन तथा अन्य गैर सरकारी संघसंस्था समेत सँग समन्वयात्मक भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

### (च) **आर्थिक तथा सामाजिक सुरक्षण (Economic and social guarantees)**

- मुद्दा दायर भए पश्चात् पक्षकार वा पीडित महिलाहरूलाई तत्काल आर्थिक तथा सामाजिक सुरक्षण गर्ने प्रष्ट कानुनको अभाव छ जसले गर्दा लैंगिक न्यायको सम्बन्धमा न्यायपालिकाले आफ्नो सक्षमताको पुष्टि गर्न गाह्रो परेको देखिन्छ । तथापि कतिपय अवस्थामा कानुनले निषेध गरेको छैन भने अदालतले आफ्नो अन्तर्निहित अधिकारको प्रयोग गरी त्यस्ता महिलाहरूको आर्थिक तथा सामाजिक सुरक्षाका लागि विभिन्न संरक्षणात्मक आदेशहरू गरी आफ्नो सक्षमताको पुष्टि गर्न सक्छन् ।
- मुद्दा गर्दा लाग्ने कोर्ट फी लगायतका अन्य दस्तुरको अभावका कारणले पनि न्यायमा महिलाहरूको पहुँच पुग्न सकेको छैन । यद्यपि आर्थिक रूपले असक्षम पक्षकारहरूका लागि यस्ता दस्तुरहरू निश्चित समयसम्मका लागि छुट गर्न सकिने कानुनी प्रावधान छ ।[२५२] कारबाही सम्बन्धी सम्पूर्ण मापदण्डहरू लैंगिक न्यायका लागि पनि उत्तिकै महत्वपूर्ण हुन्छन् । बलात्कार, जिउमास्नेबेचने जस्ता मुद्दाहरूमा महिलालाई यौनजन्य वस्तु (Sexual object) का रूपमा खुल्ला इजलासमा पेस गरिंदा स्वतन्त्रतापूर्वक आफ्नो भनाइ राख्न नपाएबाट पनि स्वच्छ सुनुवाइको औचित्य समाप्त हुन जान्छ । तसर्थ, मुद्दाका पक्षहरूलाई समान र स्वच्छ सुनुवाइको अवस्था प्रत्याभूत गर्न महिलालाई पुनः पीडित हुने सम्भावनाबाट जोगाउनुपर्छ । महिला विरुद्ध हुने हिंसासँग सम्बद्ध मुद्दाहरूको सुनुवाइको लागि बन्द इजलासको व्यवस्था हुन आवश्यक छ भन्ने सम्बन्धमा बहुसंख्यक न्यायाधीशहरूको समेत मत रहेको पाइन्छ ।[२५३]

### (छ) **संस्थागत समन्वय (Institutional Co-ordination)**

- फौजदारी न्याय सम्पादनका लागि अनुसन्धान अधिकारी, अभियोजनकर्ता र कानुनव्यवसायीका बीचमा संस्थागत समन्वय आवश्यक हुन्छ । लैंगिक न्याय सम्पादनका लागि यस्तो संस्थागत समन्वयको अभन बढी महत्व रहन्छ । लैंगिक न्यायको अवधारणालाई आत्मसात् गरी सबै पक्षले संवेदनशील भई आ-आफ्नो भूमिका निर्वाह गर्नुपर्दछ ।[२५४]
- सही प्रमाणको संकलन, विश्लेषण र अनुसन्धान नभएको अवस्थामा महिला विरुद्धको अपराधलाई प्रश्रय मिल्छ । जाहेरी दर्ता लगायतका अनुसन्धानका सम्पूर्ण चरणहरूमा पूर्वाग्रही नभई स्वतन्त्र, निष्पक्ष र सक्षमतापूर्वक गरिएको हुनुपर्दछ । कतिपय कार्यविधि पुरा गर्न नसक्दा वा सम्बन्धित निकायले सहयोग नगर्दा वा कार्यविधिगत जटिलताको कारणबाट पनि कैयौं मुद्दाहरूमा महिलाले न्यायबाट विमुख हुनु पर्ने अवस्था रहन्छ । यस्तो अवस्थामा अदालतले कानुनको सृजनशील प्रयोग गरी कार्यविधिलाई सरल

२५२ कोर्ट फी ऐन २०१७ को दफा २३ (तेस्रो संशोधन २०५० समेत)
२५३ A study on gender and judges, Pro-public 2000, page 32.
२५४ Condemned to exploitation, Impact of Corruption in Criminal Justice System on Women (CeLRRd, 2000)
२५५ मुलुकी ऐन अदालती वन्दोवस्तको ११ नं. जिल्ला अदालत नियमावली, २०५२ को नियम ३१

तुल्याउने लगायत आफ्नो स्वविवेकीय अधिकारको प्रयोग गरी न्याय सम्पादन कार्यलाई सरल र सहज तुल्याउने तर्फ प्रयत्नशील रहनु पर्ने हुन्छ ।

### (ज) शीघ्र सुनुवाइ (Speedy trial)

- मुद्दा किनारा गर्न कानुनद्वारा निर्धारित समयावधिभित्र मुद्दा पछ्यौंट हुनु पर्दछ । महिलाको मुद्दालाई प्राथमिकता दिने सम्बन्धमा कानुनले गरेको प्राथमिकता निर्धारण[२५५] को पालना र अन्य कतिपय संवेदनशील मुद्दामा छिटो छरितो न्याय गर्नुपर्ने हुन्छ । अदालतले आफ्नो अन्तर्निहित न्यायिक अधिकारको प्रयोग गरी आन्तरिक व्यवस्थापन मिलाउने, मुद्दा प्रवाह व्यवस्थापनमा आधुनिकता कायम गर्ने, अन्तर्कालीन उपचार प्रदान गर्ने लगायतका काम कुरामा न्यायिक प्रभावकारिता वृद्धि गर्नु पर्दछ ।

### (झ) निष्पक्ष सुनवाई (Fair Trial)

- निष्पक्ष न्याय सम्पादनका लागि संविधान, कानुन

२५६ ऐ.ऐ.
२५७ प्रहरी संकल्प, प्रहरी प्रधान कार्यालय, २०५४, पृ. २६

# भाग दुई

*न्यायसम्पादन कार्यविधिमा*

## जिल्ला अदालतको भूमिका

# स्वच्छ, निष्पक्ष र सक्षम सुनवाई प्रक्रियामा जिल्ला अदालतको भूमिका :

## १. मुद्दा र यसको प्रकृति (Case and its Nature)

### १.१. मुद्दाको परिभाषा

"मुद्दा भन्ने शब्दले दुई पक्षका बीच मुख नमिलेको इन्साफ गरी ठहऱ्याउनुपर्ने खास विवादको विषयलाई संकेत गरेको मान्नुपर्दछ।"[१] त्यस्तै "वादी प्रतिवादी दुई पक्ष देखिए पछि त्यसलाई मुद्दा नै भनेर मान्नुपर्छ"[२] भनी न्यायिक व्याख्याको माध्यमबाट मुद्दाको परिभाषा गरिएको पाइन्छ।

### १.२. मुद्दाको प्रकृति

सामान्यतया मुद्दाको प्रकृतिलाई देवानी र फौजदारी गरी दुई भागमा विभक्त गर्न सकिन्छ। यी दुवै प्रकृतिका मुद्दामा सरकारवादी र दुनियाँवादी हुने व्यवस्था रहेको छ। कुन मुद्दा देवानी र कुन मुद्दा फौजदारी अन्तर्गत पर्दछन् भनी सामान्यतया कानुनमा उल्लेख गरिएको छ।[३] कतिपय मुद्दा देवानी वा फौजदारी कुन प्रकृतिका हुन् भन्ने सम्बन्धमा कानुनमा प्रष्ट उल्लेख नभएको कारणले द्विविधा उत्पन्न हुने गरेको पनि देखिन्छ। तत् सम्बन्धमा सर्वोच्च अदालतले अपराधको प्रश्न र हक वा अधिकारको प्रश्नलाई मापदण्डको रूपमा अपनाई निम्न सिद्धान्त प्रतिपादन गरेको छ :

"फौजदारी प्रकृतिको मुद्दामा अपराधको प्रश्न (Question of Crime) समावेश भएको हुन्छ, जसको आधारमा अपराधी प्रमाणित भएमा दण्ड सजाय गर्ने उद्देश्य हुन्छ। फौजदारी प्रकृतिका मुद्दामा मुख्यतः मनसाय सो अनुसारको दण्डनीय कार्य र त्यसैको परिणाम बारे विवेचना भएको हुन्छ भने सामान्यतः कसैको हक वा अधिकार कुनै व्यक्तिबाट हनन् भएमा सो हकको प्रचलनका लागि उठाइएको कारबाहीलाई देवानी प्रकृतिका मुद्दा मानिने र दाबी प्रमाणित भएमा हकको प्रचलन कानुनबमोजिम हुने अर्थात् देवानी मुद्दामा मुख्यतः हक अधिकारको प्रश्न समावेश भएको हुने गर्दछ।"[४]

"गरिएको कार्य आपराधिक प्रकृतिको भएको, सामुदायिक अस्तित्वलाई खल्बल्याउने प्रकृतिको कार्य भई सो कार्य गर्नेलाई कानुनले कैद वा जरिवाना वा अन्य कुनै प्रकारको सजायको व्यवस्था गरेको सम्बन्धी मुद्दा फौजदारी हुन्छ। यसमा दण्डित तत्व प्रमुख रूपमा रहन्छ।'[५]

मध्यस्थता गराई पाउँ भन्ने मुद्दामा दण्डतत्व प्रमुख रूपमा नरहेको कारणले अ.ब. ९ नं. मा उल्लेखित फौजदारी मुद्दाहरूको प्रकृतिसँग नमिल्ने भनी तत् सम्बन्धी विवादलाई देवानी मुद्दा ठहर गरिएको पाइन्छ। मुद्दालाई देवानी र फौजदारी भनेर मुद्दाको सम्बन्धमा व्यवस्थापिकाले कानुनमा किटानी व्यवस्था गर्न सक्दछ। व्यवस्थापिकाले अन्यथा व्यवस्था नगरेको अवस्थामा मुद्दाको प्रकृति र परिणामलाई हेरी अदालतले देवानी वा फौजदारी भनी किटान गर्ने गरेको पाइन्छ।

●

१ राम सेवक कुर्मी समेत वि. चिकोर भन्ने छोटकु कोहार, उत्प्रेषण, ने.का.प. २०३१, अंक १, नि.नं. ७९६ (फु.वे.) पृ. ८

२ नरराज शर्मा वि.मा.पो.का. काठमाडौं समेत, नामसारी दर्ता, ने.का.प. २०५४, अंक ६, नि.नं. ६३९०, (सं.ई.) पृष्ठ ३१०

३ मुलुकी ऐन अदालती बन्दोबस्तको ९ नं., सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को अनुसूची १ र २

४ यादव लामिछाने समेत वि. श्री ५ को सरकार, वि. प्र.वि., ने.का.प. २०४६, अंक ६, नि.नं. ३८४९, पृ ६१४

५ प्रभु दयाल वि. जुट विकास तथा व्यापार संस्थान, ने.का.प. २०३९, पृष्ठ ५

परिच्छेद १

# सरकारवादी फौजदारी मुद्दामा अपनाइने प्रक्रियाहरूमा अदालतको भूमिका

## फौजदारी न्याय सम्बन्धी हक

(नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४)

- कानुनबमोजिम मात्र सजायको भागी हुन्छ । कानुनको अभावमा सजाय हुन सक्दैन । पाश्चातदर्शी असर दिएर फौजदारी कानुनले सजाय व्यवस्था गर्नु हुँदैन ।
- उही कसुरमा एक पटक भन्दा बढी मुद्दा चलाउन र सजाय गर्न पाइदैन ।
- आफ्नो विरुद्ध बयान दिन कर लाग्ने छैन ।
- थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिनु हुँदैन । यातनाबाट पीडित पक्षले कानुनबमोजिम क्षतिपूर्ति पाउँछन् ।
- कारण सहितको पक्राउ पुर्जी नदिई कसैलाई पनि पक्राउ गर्न वा थुनामा राख्न हुँदैन ।
- पक्राउ परेको व्यक्तिले कानुन व्यवसायीसँग भेट्ने, सल्लाह लिने र पुर्पक्ष गर्ने अधिकार राख्दछ ।
- पक्राउ परेको व्यक्तिलाई बाटाको म्याद बाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनुपर्छ ।

सरकारवादी हुने फौजदारी मुद्दामा ३ किसिमका थुनाहरू पर्दछन्

- प्रहरी हिरासत (Police Custody)
- पुर्पक्षको लागि थुना (Judicial Detention for Trial)
- फैसला पश्चात्को थुना (Post Trial Detention)

उल्लेखित थुनाहरूमध्ये प्रहरी हिरासत र अदालतको आदेशद्वारा पुर्पक्षको लागि राखिएको थुनासँग सुरु अदालतको प्रत्यक्ष सम्बन्ध रहन्छ, जसलाई मुद्दा (अभियोजन पत्र) दायर हुनु पूर्वको प्रक्रिया र मुद्दा दायर भए पश्चात्को प्रक्रियाको रूपमा विभाजन गरी निम्न रूपमा हेर्न सकिन्छ :

# १) मुद्दा दायर हुनु पूर्वको प्रक्रिया (Pre-Trial Process)

**अभियोगपत्र**

- **स.मु.स. ऐन दफा १८:** सरकारी वकिलले अभियोगपत्र तयार गर्ने ।
- **स.मु.स. नियमावली, अनुसूची १३** = अभियोगपत्रको ढाँचा ।

**खानतलासी**

- **स.मु.स. ऐन दफा १०** = प्रक्रिया ।
- **अ.बं. १७२** = आवश्यक प्रक्रिया पुरा गरी एक प्रति अदालतमा पठाउनुपर्ने ।

**नाबालक सम्बन्धी**

- **बालबालिका सम्बन्धी ऐन दफा ११** = आपराधिक दायित्व ।
- **बालबालिका सम्बन्धी ऐन दफा १५** = मापदण्ड

**वयान प्रमाणित**

- **जि.मा.वे. ऐन** = दफा ६ (१)

**वयान/कागज मापदण्ड/प्रक्रिया**

**अभियुक्तको:**

- संविधान धारा १४ (३)
- स.मु.स.ऐन दफा ९
- प्रमाण ऐन दफा ९

**रोहवरमा कागज:**

- अ.बं. २४ नं., २५ नं.

**ठाडो कागज:**

- स.मु.स. दफा ९ (२)

**म्याद थप प्रक्रिया**

- **संविधानको धारा १४ (५) (६)**
- **स.मु.स. ऐन, दफा १५ (२), (३) र (४)**

**पक्राउसम्बन्धी मापदण्ड/प्रक्रिया**

- संविधानको धारा १५ (५), १५
- स.मु.स. ऐन, दफा १४ (१)
- स.मु.स.नि. ९ (१)

} **कारणसहितको पक्राउ पुर्जी**

- **अ.बं ११६** = पक्राउ गर्ने प्रक्रिया
- **अ.बं. ११७** = महिलालाई पक्राउ गर्ने प्रक्रिया

### १.१. तहकिकातको लागि थुनामा राख्ने अनुमति (म्याद थप) सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरूः

कुनै पनि कसुर गरेको अभियोगमा पक्राउ परेको व्यक्तिलाई तहकिकातको लागि थुनामा राख्न अनुमति दिने वा नदिने भन्ने अधिकार सुरु अदालतमा सुरक्षित रहन्छ र यस्तो अधिकार प्रयोग गर्दा अदालतले निम्नलिखित कुराहरू विद्यमान छन् छैनन् हेर्नुपर्छ :

**(क) अधिकारक्षेत्रको जाँच :**

- म्याद थप माग गर्ने तथा म्याद थप गर्ने दुवै निकायलाई म्याद थपको लागि प्रस्तुत भएको विषयवस्तु हेर्न पाउने अधिकारक्षेत्र हुनुपर्दछ। यस्तो अधिकारक्षेत्रको अभावमा भएका म्याद थप लगायतका सम्पूर्ण कारबाही बदर हुन्छन् ।[६]
- जिल्ला न्यायाधीश अनुपस्थित रहेको अवस्थामा सम्बन्धित अदालतका स्रेस्तेदारले पनि म्याद थप गर्न सक्ने कानुनी प्रावधान रहेको छ ।[७]

**(ख) कारण सहितको पुर्जी र पक्राउ समय :**

- "पक्राउ गरिएको व्यक्तिलाई अदालतमा हाजिर गराएर मात्र म्याद थप्नु र दिनुपर्छ, पत्र व्यवहारको आधारमा म्याद थप्न हुँदैन ।"[८]
- कुनै पनि व्यक्तिलाई पक्राउ गर्नु पूर्व कानुनबमोजिमको पक्राउ पुर्जी अनिवार्य रूपमा दिनुपर्छ ।[९]
- पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गर्नुको कारणसहितको सूचना नदिई थुनामा राख्न हुँदैन । यस प्रकारको सूचना दिएको प्रमाण मिसिल संलग्न छ, छैन हेर्नुपर्ने हुन्छ ।[१०] पुर्जी नदिई थुनामा राखी म्याद थपका लागि आएको अवस्थामा अनुमति प्रदान गर्नुहुँदैन ।
- म्याद थप गर्दा पक्राउ गरिएको मिति र समय समेत खुल्ने कागजातहरूको अवलोकन गर्नुपर्दछ। पक्राउ गरिएको समय र अदालतमा पेस गरिएको समयको तुलनाबाट बाटाको म्याद बाहेक २४ घण्टाभित्र म्याद थपका लागि मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराए नगराएको एकिन गर्न सकिन्छ ।[११]

**(ग) अभियुक्तको शारीरिक जाँचको प्रतिवेदन :**

- अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई यातना दिनु हुँदैन ।[१२]
- कुनै पनि अभियुक्तलाई थुनामा राख्दा र छोड्दा सम्भव भएसम्म सरकारी चिकित्सक र चिकित्सक उपलब्ध हुन नसकेको अवस्थामा अनुसन्धान अधिकारी आफैंले निजको शारीरिक वा मानसिक स्थितिको जाँच गरी अभिलेख राख्नुपर्छ र प्रतिवेदनको एक प्रति सम्बन्धित जिल्ला अदालतमा पठाउनुपर्छ ।[१३] म्याद थप गर्दा यस्तो प्रतिवेदन मिसिल संलग्न भए नभएको हेर्नुपर्दछ ।
- अभियुक्तको उमेरका सम्बन्धमा अनुसन्धान अधिकारी अभियोजन पक्ष र अदालत समेत संवेदनशील रहनुपर्ने सम्बन्धमा सर्वोच्च अदालतबाट 'सत्र वर्ष नलागी सोह्र वर्ष पुरा नहुने'[१४], 'डाक्टरले करिब एघार वर्ष भनेको बाह्र वर्षको अन्दाजी उमेर तोक्न नहुने'[१५] भनी सिद्धान्त कायम गरेको छ ।

**(घ) अभियुक्तको शारीरिक तथा मानसिक अवस्थाको अवलोकनः**

- म्याद थपको लागि प्रेषित मिसिल संलग्न अभियुक्तको मानसिक तथा शारीरिक जाँचको प्रतिवेदनको व्यहोरासँग उपस्थित गराइएका अभियुक्तको शारीरिक तथा मानसिक स्थितिको तुलना एवम् आवश्यक सोधपुछ गरी अभियुक्तको वास्तविक स्थितिको मूल्यांकन गर्न सकिन्छ ।
- मिसिल संलग्न शारीरिक जाँचको प्रारम्भिक प्रतिवेदनको बाबजुद पनि थुनामा राख्ने अनुमतिको लागि अदालतमा उपस्थित गराइएको व्यक्तिले आफ्नो शारीरिक जाँचको लागि अदालत समक्ष निवेदन दिन सक्नेछ ।[१६]
- यसरी शारीरिक जाँचका लागि अदालत समक्ष अनुरोध गरेमा तुरुन्त निजको शारीरिक जाँच गराइदिनुपर्दछ। तर कानुनी अज्ञानता र अन्य कतिपय कारणले गर्दा अभियुक्तहरूले आफ्नो कानुनी अधिकारको प्रयोग गर्न नसक्ने अवस्था समेत आइपर्ने हुँदा मुद्दा हेर्ने अधिकारीले आफ्नो न्यायिक विवेक प्रयोग गरी अभियुक्तले अनुरोध नगरेको अवस्थामा पनि निजसँग तत् सम्बन्धमा आवश्यक सोधपुछ गरी विद्यमान प्रावधानको प्रभावकारी कार्यान्वयनका लागि भूमिका निर्वाह गर्न सक्तछ ।

---

६ मुलुकी ऐन अदालती बन्दोबस्तको ३५ नं.
७ जिल्ला अदालत नियमावली, २०५२ को नियम ७.१.क
८ रामेश्वर प्र. सोनार वि. वि.प्र.वि., बन्दीप्रत्यक्षीकरण, ने.का.प. २०२०, नि.नं. १८४, पृ. १
९ सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम ९ (१)
१० नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४ (५), सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ को दफा १४
११ नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४ (६), सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ को दफा १५ (१) र (२)
१२ यातना तथा क्षतिपूर्ति ऐन, २०५३ को दफा ३ (१)
१३ ऐ. दफा ३ (२) र (३)
१४ फौ. ४९६/६२२, श्री ५ को सरकार वि. गणेशबहादुर (ज्यान - २०२९/६/१०/३), नरेन्द्र प्रसाद पाठक, नजिर कोश आठराई पुस्तक भण्डार, २०५४, पृष्ठ ४०
१५ फौ. २१४, त्यतरा वि. वरम (खुन - २०१६/३/८/२), नरेन्द्र प्रसाद पाठक, नजिर कोश आठराई पुस्तक भण्डार, २०५४, पृष्ठ ४०
१६ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १५ (३)

(ङ) **अभियुक्तको उमेर** :

- मिसिलमा उल्लेखित अभियुक्तको उमेर र उपस्थित गराइएको अभियुक्तको उमेरमा मेल खान्छ कि खाँदैन भन्ने कुरा विचार गरेर म्याद थप गर्नुपर्छ ।
- साबालक भनी उल्लेख भएर आएको अभियुक्त नाबालक भए मुद्दाको प्रारम्भिक चरणदेखिकै प्रक्रियागत त्रुटि भई उसले भोग्ने सजायको परिमाणमा समेत ठूलो अन्तर हुन जान्छ ।[१७]

(च) **म्याद थप गर्न ल्याउने अनुसन्धान अधिकारीको दायित्व** :

- सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची १ अन्तर्गतका मुद्दाहरूमा तहकिकात गर्नका लागि मुद्दाको प्रकृति अनुसार कम्तिमा प्रहरी सहायक निरीक्षक सम्मको दर्जा पुगेका प्रहरी कर्मचारीलाई सक्षम अनुसन्धानकर्ताको रूपमा मान्ने कानुनी प्रावधान छ ।[१८]
- म्याद थपको लागि अनुसन्धान तहकिकातमा संलग्न प्रहरी कर्मचारी नै अदालत समक्ष उपस्थित हुनुपर्छ भन्ने प्रष्ट कानुनी व्यवस्था नभए तापनि म्याद थप अनुसन्धान तहकिकातभित्रकै एउटा प्रक्रिया भएको हुँदा अनुसन्धान तहकिकातलाई सहज तुल्याउनका लागि स्वयं नै उपस्थित हुनु अनुसन्धान अधिकारीको दायित्व हो ।
- प्रहरी संगठन अपराधको रोकथाम गर्ने, अपराध पत्ता लगाउने र अपराधीलाई कानुनबमोजिम सजाय दिलाउनको लागि आवश्यक अनुसन्धान गर्ने संस्था हो । अभियुक्तलाई पक्राउ तथा अनुसन्धान तहकिकात गर्दा शिष्ट र सभ्य व्यवहार गर्नु अनुसन्धान अधिकारीको कर्तव्य हो ।
- पक्राउ परेका महिला तथा बालबालिकासँग शिष्ट र नम्रतापूर्ण व्यवहार गर्नुपर्दछ ।[१९]
- कुनै पनि महिलालाई पक्रनु पर्दा यथासम्भव महिला प्रहरी नै चाहिने र सोको अभावमा मात्र पुरुष प्रहरीले हात नहाली बोलाएर ल्याउनुपर्छ र नआई अटेर गरेको अवस्थामा मात्र नाडीमा समाई ल्याउनुपर्छ ।[२०] यो अनुशासन र सद्व्यवहार सम्बन्धी मापदण्डको अनुसरण म्याद थप लगायतका कारबाहीको अवस्थामा पनि गर्नुपर्दछ ।
- घाइते र विरामी अवस्थाका अभियुक्तलाई विशेष ख्याल राख्नुपर्दछ ।[२१]
- कानुनी प्रावधानको अलावा अभियुक्तका लागि आवश्यक खानेपानी, शौचालय, बस्ने ठाउँ आदि जस्ता न्यूनतम भौतिक सुविधा प्रदान गर्नु पनि म्याद थप गर्न लैजाने अनुसन्धान पक्षको मानवीय दायित्व हो ।

(छ) **कानुन व्यवसायीको प्रतिनिधित्व**:

- पक्राउ परेको व्यक्तिले पक्राउ परेकै समयदेखि आफूले रोजेको कानुन व्यवसायीसँग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गर्न पाउने संवैधानिक हकको संरक्षणार्थ अदालतले म्याद थप गर्ने क्रममा पनि कानुन व्यवसायीको प्रतिनिधित्वलाई मान्यता दिनुपर्दछ ।
- अभियुक्तको तर्फबाट प्रतिनिधित्व गर्ने कानुन व्यवसायी नभएमा अभियुक्तलाई कानुन व्यवसायीको प्रतिनिधित्वको बारेमा जानकारी गराई आवश्यकता अनुसार निःशुल्क कानुनी सेवा समेत उपलब्ध गराइदिनुपर्छ ।

(ज) **अनुसन्धान तहकिकातको गुणात्मकता जाँच** :

- म्याद थप गर्नु पूर्व अदालतले सम्बन्धित कागजातहरू हेरी अनुसन्धान तहकिकात सन्तोषजनक रूपमा भए नभएको विचार गरी सन्तोषजनक रूपमा तहकिकात भइरहेको देखिएमा मात्र म्याद थप गर्नुपर्छ ।[२२]
- अनुसन्धान सन्तोषजनक रूपमा अगाडि बढिरहेको छ वा छैन भन्ने कुराको गुणात्मकता जाँचका लागि अदालतले पक्राउ पुर्जीअनुसारको कसुरबमोजिम भइरहेको अनुसन्धानको सम्बद्धता (Relevancy), अनुसन्धानको स्तरीयता (Level of Investigation) उपर ध्यान दिनुपर्छ ।
- पुनः म्याद थप गर्दा अदालतद्वारा प्रदत्त समयको सद्विवेकपूर्ण तबरबाट तदारुकताका साथ प्रयोग गरिएको छ वा छैन भनी अनुसन्धान तहकिकातको सारभूत निरन्तरता (Reasonable Continuation) समेतको जाँच गर्नुपर्छ ।

## १.२. अनुसन्धान प्रक्रियामा अदालतको भूमिका :

"जिउ मास्ने बेच्ने कार्य सम्बन्धी उजुरी परेपछि प्रहरीले नजिकको जिल्ला अदालतमा पेस गर्नुपर्दछ र सो अदालतले कारबाही सुरु गर्न अनुमति दिएमा प्रहरीले सो उजुरीका सम्बन्धमा आवश्यक तहकिकात र अनुसन्धान गर्नुपर्दछ ।"[२३] भनी अनुसन्धान तहकिकातलाई अगाडि बढाउनमा अदालतको भूमिका रहने व्यवस्था गरेको छ ।

१७ मुलुकी ऐन अदालती बन्दोबस्तको २४ नं, बालबालिका सम्बन्धी ऐन २०४८, को दफा ११, १५, ५ (१)
१८ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ७ (१)
१९ प्रहरी ऐन, २०१२ को दफा १५ (१) (ट)
२० मुलुकी ऐन अदालती बन्दोवस्तको ११७ नं., सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १४ (४)
२१ प्रहरी ऐन, २०१२ को दफा १५ (१) (ज)
२२ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १५(४)
२३ जिउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन, २०४३ को दफा ६ (२)

- अनुसन्धान तहकिकात कानुनद्वारा निर्दिष्ट प्रक्रिया अनुरूप भइरहेको छ वा छैन भन्ने सम्बन्धमा पनि अदालतले विचार पुऱ्याउनुपर्दछ ।

  "श्री ५ को सरकार वादी हुने फौजदारी मुद्दामा तहकिकात गर्दा जुन अपराधका सम्बन्धमा सो तहकिकात गर्न लागेको हो सो अपराधसित सम्बन्धित कुनै वस्तु वा धनमाल कुनै घर वा अरू कुनै ठाउँमा फेला पर्ने सम्भावना छ भन्ने विश्वास गर्ने मनासिब माफिकको कारण भएमा र सो वस्तु वा धनमाल सो घर वा ठाउँको तुरुन्त तलासी नलिएको खण्डमा प्राप्त नहुने आशंका भएमा आफूले विश्वास गर्नुपरेको कारण र जुन वस्तु वा धनमालका सम्बन्धमा तलासी लिनुपर्ने हो सो वस्तु वा धनमालको विवरण स्पष्ट बुझिने गरी लेखी राखी कम्तिमा प्रहरी सहायक निरीक्षक दर्जासम्मका प्रहरी अधिकृतले सो घर वा ठाउँको देहायबमोजिम तलासी लिन वा लिन लगाउन सक्नेछ र सोबमोजिम तलासी लिइसकेपछि सो लिएको तीन दिनभित्र तलासी लिएको कारण र तलासी लिएको वस्तु वा धनमाल इत्यादिको फिहरिस्तको एक प्रति नक्कल मुद्दा हेर्ने अड्डामा पठाउनुपर्छ ।"[२४] यसरी अनुसन्धान पक्षलाई बढी स्वच्छ र प्रभावकारी बनाउनको लागि अदालतले यो प्रावधानबमोजिमको कार्य भए नभए उपर निगरानी राख्नुपर्दछ ।

- कुटपिट मुद्दामा कुटपिट भएको इलाकाको नजिकको प्रहरी कार्यालय, गाउँ विकास समिति वा नगरपालिका वा सम्बन्धित मुद्दा हेर्ने अड्डामा गई जँचाउनुपर्छ । सोबमोजिम जचाउन आउनासाथ नजिकको अस्पताल वा सरकारी डिस्पेन्सरीमा घाउ जाँच गराइदिनुपर्छ[२५] भन्ने प्रावधान रहेको पाइन्छ । सो प्रावधानअनुसार घाउ जाँच नगराइएको वा हुन नसकेको बेहोराको निवेदन परेमा अदालतलाई अवगत भएमा अदालतले तुरुन्तै आदेश गरी घाउ जाँच गराइदिनुपर्छ ।

  ऐन नियमद्वारा प्रत्यक्ष रूपमा यसो गर्नुपर्छ भनी अदालतलाई अधिकार प्रदान गरेको अवस्था नभए पनि वास्तवमा न्याय गर्ने प्रयोजनका लागि अदालतले न्यायिक सक्रियता अपनाउने र कानुनको सिर्जनशिल प्रयोग गर्नु आवश्यक हुन्छ । उदाहरणका लागि कुटपिटको वारदातबाट पीडित व्यक्तिले घाउजाँचका लागि अनुरोध गरेमा जाँच गराइदिने व्यवस्था रहेको छ । तर यदि कुनै बलात्कृत महिलाले आफ्नो स्वास्थ्य परीक्षणका लागि सम्बन्धित अनुसन्धान अधिकारीसँग अनुरोध गर्दा पनि निजले कुनै कारणले परीक्षण गराउन इन्कार गरेमा के गर्ने भन्ने सम्बन्धमा कानुन मौन रहेको पाइन्छ । यस्तो अवस्थामा अदालतले आदेश गरी सम्बन्धित चिकित्सकबाट आवश्यक स्वास्थ्य एवं भौतिक परीक्षण गराउनु अदालतको नैसर्गिक अधिकार मात्र नभएर न्यायिक दायित्वको विषय पनि बन्दछ । यस प्रकारका अन्य परिस्थितिहरू पनि हुन सक्तछन् । जुन परिस्थितिको सापेक्षतामा उचित न्यायिक परिस्थिति निर्माणका लागि न्यायिक तत्परता देखाउनु वाञ्छनीय छ ।

## १.३. पीडितको बयान प्रमाणित गर्दा अदालतले निर्वाह गर्नुपर्ने भूमिका :

- जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन २०४३ अन्तर्गत चलेको मुद्दामा उजुर गर्ने व्यक्ति स्वयं पीडित भएमा निजलाई सर्वप्रथम सरकारी वकिलको रोहबरमा तुरुन्त बयान गराउनुपर्दछ र सो बयान प्रमाणित गराउनको लागि पीडितलाई नजिकको जिल्ला अदालतमा पेस गर्नुपर्दछ ।[२६]

**पीडितको बयान प्रमाणित गर्दा ध्यान दिनुपर्ने कुराहरू :**

- बयान प्रमाणित गराउनको लागि पीडितलाई उचित समयमा अदालतमा पेस गर्नु पर्ने प्रावधानको पालना भएको छ वा छैन भनी हेर्नुपर्दछ ।[२७]
- पीडितको बयान लिंदा सरकारी वकिल पनि रोहबरमा रहनुपर्ने कानुनी प्रावधानबमोजिम बयान भएको छ वा छैन भन्ने कुरा पनि विचार गर्नुपर्छ ।
- जिउमास्नेबेच्ने कार्यबाट पीडित महिला उपर अनुसन्धान अधिकारीबाट सम्मानपूर्ण व्यवहार भए नभएको सम्बन्धमा पीडितसँग आवश्यक सोधपुछ गर्नुपर्छ ।
- बयान प्रमाणित गर्दा न्यायाधीश आफैं पनि संवेदनशील भई पीडितको बयान राम्ररी पढी, वाची, सुनाई पीडितसँग आवश्यक सोधपुछ गरी निजले भनेको बेहोरा र उजुरी तथा बयानमा उल्लेख भएको बेहोरा फरक परेको छ, छैन हेर्नु पर्दछ । बेहोरा फरक भए कति कुरामा फरक परेको हो सो उल्लेख गरेर मात्र बयान प्रमाणित गरिदिनुपर्छ ।[२८]
- नाबालक र होस ठेगानमा नभएको वा बौलाएको व्यक्तिलाई कुनै कागज गराउनुपर्दा निजको संरक्षक वा हकवालाको रोहवरमा गराउनु पर्ने कानुनी प्रावधान रहेको छ,[२९] जस अनुसार बयान प्रमाणितका लागि उपस्थित गराइएका पीडित नाबालक वा होस् ठेगानमा नभएको मानिस देखिए निजको बयान संरक्षकको रोहवरमा भए नभएको हेर्नु पर्दछ ।
- अन्धाअन्धी वा बक्क लाटालाटीको बयान गर्दा गराउँदा वा बयान प्रमाणित गर्दा अपनाउनु पर्ने मानवीय सम्वेदनशीलतातर्फ पनि दृष्टि पुऱ्याउनु पर्दछ ।

२४ अदालती बन्दोबस्तको १७२ नं.

२५ मुलुकी ऐन, कुटपिटको २० नं.

२६ जिउमास्नेबेच्ने कार्य नियन्त्रण ऐन, २०४३ को दफा ६(१)

२७ ऐ. दफा ६ (१)

२८ ऐ. दफा ६ (२)

२९ मुलुकी ऐन अदालती बन्दोबस्तको २४ नं.

# २) मुद्दा दायरी र तत्सम्बन्धी कानुनी प्रक्रिया (Trial Process)

**कारण सहितको थुनुवा पुर्जि**

- **अ.बं. १२१ नं.** = कारण सहितको थुनुवा पुर्जि दिएर मात्र थुन्नुपर्ने ।

**महिला तथा नाबालकका सम्बन्धमा**

- **अ.बं. १३४ नं.** = महिला उपर शिष्ट व्यवहार ।
- **बालबालिका ऐन दफा १९** = कानुन व्यवसायीको अनिवार्य प्रतिनिधित्व ।
- **बालबालिका ऐन दफा ५० (१)** = थुनामा नराखी पुर्पक्ष गर्न सकिने ।

**थुनछेकका सम्बन्धमा**

- **अ.बं. ११८ नं.** = थुनामा, धरौटमा र साधारण तारेखमा राख्ने ।
- **जि.मा.वे.ऐन दफा १०** = थुनामा राख्न सकिने विशेष व्यवस्था ।
- **वन ऐन दफा ६४** = थुनामा राख्न सकिने विशेष व्यवस्था
- **विशेष अदालत ऐन दफा ७** = थुनामा राख्न सकिने विशेष व्यवस्था ।

**अदालतको वयान**

- **अ.बं. १२७ नं.** = हाजिर हुनासाथ वयान गराउने ।
- **न्याय प्रशासन ऐन दफा २४** = न्यायाधीशले वयान गराउने

**इजलास व्यवस्था**

- **अ.बं. ६ नं.** = खुल्ला इजलास
- **ज.क. महल १० (ख)** = बन्द इजलास
- **बालबालिका सम्बन्धी ऐन दफा ४९** = बन्द इजलास

### २.१. अभियोगपत्र :

- अपराधसँग सम्बद्ध वस्तु वरामद गर्ने कार्य अनुसन्धानको कार्य भए पनि मुद्दा अदालतको अधीनस्थ गइसकेपछि अदालतको आदेशबेगर आफैंले मुद्दा दायर हुनु अघिको अवस्थामा जस्तो स्वतन्त्र रूपले अनुसन्धान गर्न मिल्दैन ।[३०]
- सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को अनुसूची १ मा तोकिएका मुद्दाहरूको अभियोगपत्र दायर गर्ने अधिकार सरकारी वकिललाई हुन्छ । सो बाहेक अन्य मुद्दामा भने सम्बन्धित कानुनद्वारा तोकिएको अधिकारीले सरकारी वकिलको निर्णयअनुसार अभियोगपत्र दायर गर्नुपर्छ । सरकारी वकिलले अभियोग लगाउने, प्रतिरक्षा गर्ने वा मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार समेत राख्दछ ।

**(क) अभियोजन र सरकारी वकिलः**

- 'प्रहरी प्रतिवेदन (अभियोगपत्र)[३१] अनुसार अपराधी ठहर गर्न दाबीअनुसारको अपराध गरेको हो भन्ने तथ्ययुक्त सबुत प्रमाण हुनुपर्छ ।[३२] तदनुसार सरकारी वकिलले अभियोगपत्र तयार गर्नु पूर्व अनुसन्धान पक्षबाट पेस भएको प्रतिवेदनको सुक्ष्मतापूर्वक अध्ययन गरी अभियोजनका लागि पर्याप्त सबुद प्रमाण छन् वा छैनन् भनी हेर्नुपर्ने हुन्छ ।
- अभियोजनका लागि प्राप्त सबुद प्रमाणहरूको अध्ययन

३० श्री ५ को सरकार वि. श्रीलाल अधिकारी दनुवार समेत, कर्तव्यज्यान, ने.का.प. २०५४, अंक २, नि.नं. ६३२१ (सं.ई.) पृ. १०८

३१ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १८ ले साबिक ऐनमा रहेको प्रहरी प्रतिवेदन शब्दलाई 'अभियोगपत्र' मा रूपान्तरण गरेको

३२ श्री ५ को सरकार वि. रामदेव मण्डल धानुक समेत, कर्तव्य ज्यान, ने.का.प. २०४३, अंक ६, नि.नं. २७४८ (डि.बे.) पृ ५३२

पश्चात् थप सबुतप्रमाण संकलन गर्न वा कुनै व्यक्तिसँग सोधपुछ गर्न आवश्यक देखेमा त्यस्ता सबुदप्रमाण संकलन गरी पठाउन वा त्यस्तो व्यक्तिसँग सोधपुछ गरी पठाउन सरकारी वकिलले तहकिकात गर्ने प्रहरी कर्मचारीलाई निर्देशन दिन सक्नेछन् र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।[३३]

- एउटै वारदातमा एकभन्दा बढी कसुर गरेको देखिएमा हरेक कसुरसँग सम्बद्ध छुट्टाछुट्टै ऐनको मागदाबी लिनुपर्दछ । वारदात नै फरक-फरक भएको अवस्थामा बेग्लाबेग्लै अभियोगपत्र दायर गर्नुपर्दछ ।
- कानुनबमोजिम आवश्यक सम्पूर्ण प्रक्रिया पुऱ्याएर मात्र अभियोगपत्र दर्ता गर्न लैजानु पर्छ ।[३४]
- अदालतबाट अभियुक्तको बयान लिने र थुनछेकको आदेश समेत गर्न भ्याउने गरी समयमै अभियोगपत्र पेस गर्नुपर्छ । अघिल्लो दिन दर्ता हुन नसकेको अभियोगपत्र दर्ता गराउन भोलिपल्ट अदालत खुल्ने बित्तिकै पेस गरी शीघ्र न्याय सम्पादनमा सहयोग पुऱ्याउनुपर्छ ।
- अदालतले आफ्नो आन्तरिक समय तालिका निर्धारण गर्न सक्छ ।[३५] यो समयभित्र अभियोगपत्र दर्ता गर्न लैजानुपर्छ ।

(ख) **अभियोगपत्र दर्ता सम्बन्धमा अदालतको भूमिका** :

- पक्राउ परी अभियोग लगाइएका सबै अभियुक्तहरूलाई अभियोगपत्र साथ उपस्थित गराइएको छ वा छैन, सम्बन्धित कागजात एवम् दसीका वस्तु पेस गरिएका छन् वा छैन भनी एकिन गरेर मात्र अभियोगपत्र दर्ता गर्नुपर्छ ।

***आवश्यक ढाँचा र विवरण***

- अभियोगपत्रमा अभियुक्तको पुरा नाम, थर, वतन, विदेशीको हकमा पासपोर्ट, भिसा नम्बर, बाबुको नाम, हुलिया, अपराध र अपराध सम्बन्धी विवरण र सूचनाको बेहोरा, अभियुक्तउपर लगाइएको अभियोग र तत् सम्बन्धी साक्षी प्रमाण अपराध र अभियोग सम्बन्धी कानुन, सजाय, क्षतिपूर्ति भराउनुपर्ने भए सोको रकम, अनुसन्धानको क्रममा कब्जामा लिएको नगद वा जिन्सी सामान पीडितलाई फिर्ता दिने वा जफत गर्ने सम्बन्धमा स्पष्ट माग, पटके कायम गर्नु पर्ने अवस्था भएमा पहिले सजाय पाएको मिति र सजाय गर्ने अदालतको नाम लगायत कानुनले तोकेका ढाँचाभित्रका आवश्यक कुराहरू उल्लेख भए नभएको हेर्नुपर्दछ ।[३६] रित नपुगेको अभियोगपत्र दरपिठ गरी फिर्ता गरी सोको एक प्रति अदालतमा राख्नुपर्छ ।
- अभियोगपत्र दायर गर्दा कुनै अपराधका सम्बन्धमा श्री ५ को सरकारको वा श्री ५ को सरकारबाट अधिकार प्राप्त अधिकृतको वा कुनै कानुनद्वारा तोकिएको अधिकृतको स्वीकृति चाहिने भएमा त्यस्तो स्वीकृतिको लिखित प्रति, तहकिकातको मिसिल तथा तहकिकातको सिलसिलामा फेला परेका प्रमाणहरू पनि साथै पेस गर्नुपर्नेछ र अभियुक्त पक्राउ परेको भए निजलाई पनि अदालतमा उपस्थित गराउनुपर्ने[३७] हुन्छ ।
- अभियोगपत्रको फेहरिस्तमा उल्लेख भएबमोजिमका कागजप्रमाणहरू अदालत समक्ष पेस भएका छन् वा छैनन् भनी रुजू गरेर मात्रै अभियोगपत्र दर्ता गर्नुपर्छ ।
- अभियोगपत्रसाथ दाखिला भएका दसीका सामानहरू जिन्सी शाखामा सुरक्षित राख्नु पर्छ । साथै सो अभियोगपत्रको पिठमा जिन्सी नम्बर र मिति जनाई जिन्सी शाखाको कर्मचारीबाट दस्तखत र स्रेस्तेदारबाट प्रमाणित गराई राख्नुपर्दछ ।
- अर्को अभियोगपत्र दायर गर्न सक्नेः- एक पटक अभियोगपत्र दायर भइसकेपछि पुन सोही विषयमा उही प्रतिवादीहरू उपर त्यस कसुरमा अर्को अभियोग लगाई अभियोगपत्र दायर गर्न पाउने कानुनी व्यवस्था छैन तर एकपटक अभियोगपत्र दायर भइसकेपछि संकलित थप सबुत प्रमाणहरूबाट अरू पनि अभियुक्त देखिन आएमा त्यस अभियुक्त उपर सजायको माग गरी पुनः अर्को अभियोगपत्र अ.बं. ८८ नं.बमोजिम दायर गर्न सकिन्छ ।[३८]
- विशेष अदालत ऐनले थप अभियोगपत्र दायर गर्न सकिने गरी गरेको व्यवस्थालाई अ.बं. ८८ नं. को अपवादको रूपमा हेर्न सकिन्छ, जस अनुसार 'विशेष अदालतमा कुनै अभियुक्त उपर अभियोगपत्र दायर भइसकेपछि सो मुद्दामा अन्य सम्बद्ध थप प्रमाणहरू फेला परेमा मुद्दा दायर भइसकेको अभियुक्तको हकमा साबिकमा भएको अनुसन्धानलाई कायमै राखी थप अनुसन्धान तहकिकात गर्न वा पहिले लिएको सजायको मागदाबीमा थप दाबी गर्न वा अन्य अभियुक्तको हकमा समेत मुद्दा दायर गर्नुपर्ने भएमा थप मागदाबी लिन सो को कारण खोली सरकारी वकिलले अनुमतिको लागि विशेष अदालतमा निवेदन गर्न सक्दछ । यसरी अनुमति माग गर्दा अदालतले अनुमति प्रदान गरेमा थप माग दाबी लिई अभियोगपत्र दायर गर्न सकिन्छ ।[३९]

३३ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९, दफा १७ (३)

३४ ऐ, दफा १८

३५ जि.अ.नि. २०५२, नि. १०८

३६ सरकारी मुद्दा सम्बन्धी ऐन,२०४९ को दफा १८

३७ ऐ दफा १८ (४)

३८ मुलुकी ऐन अदालती बन्दोबस्तको ८८ नं., श्री ५ को सरकार वि. जनक नारायण समेत, कर्तव्य ज्यान, ने.का.प. २०४४, अंक ४, नि.नं. ३०७७, (सं.ई.), पृ.४९२, निमराज कँडेल वि. श्री ५ को सरकार, आगलागी, ने.का.प. २०४३, अंक ३, नि.नं. २६४९, (फु.बे.) पृ. २०९

३९ विशेष अदालत ऐन, २०५९ को दफा ९

## २.२. बयान, थुनछेक सम्बन्धमा अदालतको भूमिका :

- अभियोगपत्र साथ उपस्थित गराइएका वा वारेन्टबमोजिम पक्राउ भई आएका वा म्यादी पूर्जी लगायत समाह्वानको म्यादमा हाजिर हुन आएका प्रतिवादीहरूको अदालतले तत्कालै बयान लिई आवश्यक कारबाही अगाडि बढाउनुपर्दछ । तर तत्कालै बयान नदिई लिखित प्रतिवाद गर्न समय माग गरेमा सात दिनसम्मको समय दिन सकिने व्यवस्था पनि रहेको छ ।[४०]

### २.१.१. बयान लिंदा ध्यान दिनुपर्ने कुराहरू :

- बयान गराउँदा इजलासमा न्यायाधीश अनिवार्य रूपमा उपस्थित रहनुपर्दछ । बयान गराउँदा न्यायाधीश आफैंले प्रश्न गरी अदालतका कुनै कर्मचारीबाट बयान लेखबद्ध गराउन हुन्छ । न्यायाधीशको अनुपस्थितिमा स्रेस्तेदारले बयान गराउन र पुर्पक्षका लागि अभियुक्तलाई थुना, जमानत वा तारेखमा राख्ने आदेश दिन हुन्छ तर त्यस्तो थुनछेकको आदेशलाई न्यायाधीश उपस्थित भएपछि यथाशीघ्र पुनर्विचार गरी कानुनबमोजिम भए नभएको हेर्नुपर्दछ ।[४१]
- अभियुक्तलाई हतकडी खोलेर मात्र इजलास समक्ष पेस गर्नुपर्छ । हतकडी सहित पेस गरिएको भए हतकडी खोल्न लगाई इजलासमा बयान लगायतका कारबाही अगाडि बढाउनुपर्छ ।
- बयानको सहजताका लागि अभियुक्तलाई आवश्यक बस्ने ठाउँ, पिउने पानी लगायतका न्यूनतम मानवीय सुविधाहरू उपलब्ध गराउनुपर्छ ।
- बालक, वृद्ध, महिला तथा शारीरिक वा मानसिक रूपले अशक्त अभियुक्तहरूका सम्बन्धमा विशेष ध्यान दिनु आवश्यक हुन्छ ।
- नेपाली भाषा नबुझ्ने अभियुक्तसँग बयान लिनु पूर्व निजलाई दोभासेको व्यवस्था गरिदिनुपर्छ । अभियुक्तले आफैं दोभासे रोज्न नपाए पनि अदालतद्वारा उपलब्ध गराइएको दोभासेले आफ्नो उचित प्रतिनिधित्व गर्न सक्दैन भनी कारण सहित अभियुक्तले आपत्ति जनाएको अवस्थामा अदालतले सोको विकल्पको समेत व्यवस्था गर्नुपर्दछ ।
- बयान गराउँदा डर, त्रास वा अन्य कुनै अनुचित प्रभाव नपर्ने गरी खुल्ला र स्वतन्त्र वातावरणमा गराउनुपर्छ । अनावश्यक भिडभाड समेत हुन नदिनको लागि न्यायाधीशले आवश्यक व्यवस्थापन मिलाउन लगाउनु पर्ने हुन्छ ।[४२]
- बयान तथा थुनछेकको आदेश गर्नु पूर्व अभियुक्तलाई कानुन व्यवसायीसँग सल्लाह लिने र उचित प्रतिनिधित्वको अधिकार प्रदान गर्नुपर्छ ।
- बयान गर्नुअघि अभियुक्तलाई निजउपर लागेको अभियोग र सो अभियोगसँग सम्बन्धित कागज पढी, वाची सुनाई, भौतिक प्रमाण देखाई सनाखत समेत गराई अभियुक्तले बुझ्ने किसिमबाट सारसंक्षेप रूपमा अर्थ्याइदिनुपर्छ ।
- बयान गराउने क्रममा कुनै अभियुक्तले जवाफ नै दिएन वा बयान कागजमा सहिछाप गरेन भने सोको कैफियत लेखी न्यायाधीशले दस्तखत गरी सो कागज मिसिलमा राख्नुपर्दछ ।
- नाबालक, बक्क लाटालाटी, अन्धाअन्धी वा होस् ठेगानमा नभएका वा बहुलाएका मानिसको बयान गराउँदा कानुनबमोजिमको रित पुऱ्याई उपलब्ध भएसम्म संरक्षक वा हकवाला समेतलाई रोहवरमा राख्नुपर्दछ ।[४३]
- अभियुक्तलाई बयान गराई बयान बेहोरा लेखिसकेपछि मिति लेख्नुपर्छ र बयान कागजको शिर, पुछार र बन्दमा कानुनबमोजिमको रित पुऱ्याई सहिछाप र अड्डाको छाप लगाउनुपर्छ ।[४४]
- कुनै पनि महिला अभियुक्तको बयान लिदा निजको मान मर्यादा राखेर शिष्ट भाषामा सोधपुछ गर्नुपर्दछ । निजसँग बेमनासिब ठट्टा, मस्करी गरी सोधपुछ गर्नु हुँदैन ।[४५]

### २.२.२. थुनछेकको प्रक्रियामा अदालतको भूमिका

अपराधको गम्भीरता र सजायको मात्रालाई ध्यानमा राखी अभियुक्तलाई थुनामा राख्ने, धरौट वा जमानी वा साधारण तारेखमा राख्ने सम्बन्धमा मुलुकी ऐन अदालती बन्दोबस्तको ११८ नं. ले निम्न व्यवस्था गरेको छ :

- तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिने वा कसुरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिव आधार भएमा श्री ५ को सरकार वादी भई चलेको ३ वर्ष वा सोभन्दा बढी कैदको सजाय हुन सक्ने कसुरमा (नेपाल अधिराज्यमा स्थायी बसोबास नभएको व्यक्तिको हकमा ६ महिना वा सोभन्दा बढी कैद हुन सक्ने कसुरमा) थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने व्यवस्था रहेको पाइन्छ ।[४६]
- जन्मकैदको सजाय हुने बाहेकका अन्य उल्लेखित मुद्दाका अभियुक्तको हकमा अपराध हुँदाको परिस्थिति, अभियुक्तको

---

४० मुलुकी ऐन अदालती बन्दोबस्तको १२६ नं.

४१ न्याय प्रशासन ऐन २०४८ को दफा २४, मुलुकी ऐन अदालती बन्दोबस्तको १४७ नं.

४२ मुलुकी ऐन अदालती बन्दोबस्तको ६ नं

४३ ऐ. २४ र २५ नं.

४४ मुलुकी ऐन कागज जाँचको १ नं.

४५ मुलुकी ऐन अदालती बन्दोबस्तको १३४ नं.

४६ ऐ ११८ (२) र (३)

उमेर, शारीरिक वा मानसिक अवस्था र पहिलेको आचरण समेतलाई विचार गरी थुनामा राख्नु उपयुक्त छैन भन्ने अदालतलाई लागेमा त्यस्तो अभियुक्तसँग धरौट वा जमानत लिई तारेखमा राख्न सक्ने विशेष व्यवस्था समेत भएको पाइन्छ।[४७] यस व्यवस्थाले अदालतलाई थुनछेकको आदेश गर्दा पनि आफ्नो स्वविवेक प्रयोग गर्न सक्ने ठाउँ दिएको पाइन्छ।

- थुनामा राखी पुर्पक्ष गर्नुपर्ने भनी तोकिएका उल्लेखित जमानत नहुने (Non-bailable) प्रकृतिका मुद्दाहरू बाहेकका अन्य मुद्दाहरूमा धरौट, जमानत वा तारेखमा छोड्न सक्ने व्यवस्था गरेको पाइन्छ। यसरी धरौट जमानत माग गर्दा अपराधको प्रकृति, अभियुक्तको आर्थिक एवं पारिवारिक स्थिति, उमेर, आचरण र बेहोर्नुपर्ने क्षतिपूर्ति समेतलाई विचार गरी न्यायोचित हुनुपर्ने व्यवस्था रहेको छ।[४८]
- पुर्पक्षका लागि थुनामा परेको कुनै अभियुक्त पछि बुझिएको प्रमाणबाट कसुरदार होइन भन्ने विश्वास गर्ने कुनै मनासिब माफिकको आधार भएमा मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगेको भए पनि अदालतले निजलाई थुनाबाट छाड्न सक्छ।[४९]
- मुद्दा दायर भई थुनछेकको आदेशको परिणामस्वरूप कुनै व्यक्ति तारेखमा वा थुनामा परेको अवस्थामा पछि मुद्दा कारबाही गर्दै जाँदाको क्रममा कुनै महत्वपूर्ण नयाँ प्रमाण प्रस्तुत हुन आयो भने सुरु आदेश गर्ने उही अदालतले नै आफ्नो पूर्व आदेशको स्थितिमा परिवर्तन गर्न सकोस् भन्ने अभिप्रायले पूर्व आदेश पुनरावलोकन गर्ने अधिकार प्रदान गरिएको पाइन्छ। तथापि, यसरी आफ्नो पूर्व आदेशउपर अन्यथा विचार गर्नका लागि कुनै नयाँ र महत्वपूर्ण प्रमाण प्रस्तुत हुनु आवश्यक ठानिन्छ। यही सैद्धान्तिक पृष्ठभूमिमा अ.बं. ११८ को देहाय ६ र ७ मा कानुनी प्रावधान समावेश गरिएको छ।

**विशेष कानुन अनुसार थुनछेक:**

- मुलुकी ऐन अदालती बन्दोबस्तको महलको ११८ नं. थुनामा राखी, धरौट लिई वा साधारण तारेखमा राखी पुर्पक्ष गर्ने सम्बन्धी सामान्य व्यवस्था हो। कुनै विशेष कानुनले गरेको छुट्टै व्यवस्थामा सोही विशेष कानुनबमोजिम आदेश गर्नु पर्दछ।[५०]

**कानुन व्यवसायीको प्रतिनिधित्व:**

- बयान पूर्व, बयान गर्दा र बयान पश्चात् हुने थुनछेकको सुनुवाई लगायतका न्यायिक प्रक्रियाका सम्पूर्ण चरणहरूमा अभियुक्तले आफ्नो कानुन व्यवसायीसँग सल्लाह गर्ने र निजद्वारा मुद्दाको पुर्पक्ष गर्न पाउने अधिकारलाई अदालतले सुरक्षित गरिदिनु पर्दछ र आवश्यकताअनुसार निःशुल्क कानुनी सेवा उपलब्ध गराई दिने जिम्मेवारी पनि अदालतकै हुन्छ।

**विभिन्न आदेशहरू एकैपटक गर्न सक्ने:**

- थुनछेक सम्बन्धी आदेश गर्दा मिसिल संलग्न कागज प्रमाणको शुक्ष्म अध्ययन गरी आवश्यकताअनुसार वारेन्ट वा समाह्वान जारी गर्ने लगायतका मुद्दाको रोहमा पुरा गर्नुपर्ने प्रक्रिया पुरा गर्न एकैपटक आदेश गर्नुपर्दछ।

**नाबालक अभियुक्तको सम्बन्धमा गरिने थुनछेक:**

- थुनामा राखी मुद्दाको तहकिकात गर्नु पर्ने कुनै कसुरको अभियोग लागेको बालकको शारीरिक अवस्था, उमेर, कसुर गर्दाको परिस्थिति र थुनामा बस्नुपर्ने ठाउँलाई ध्यानमा राख्दा निजलाई थुनामा राख्नु उपयुक्त हुँदैन भन्ने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा चाहिएको बखत उपस्थित गराउने सर्तमा निजको बाबु, आमा, नातेदार वा संरक्षकको जिम्मा लगाई वा बालकको हकहितको संरक्षण गर्ने कार्यमा संलग्न कुनै सामाजिक संस्था वा बालसुधार गृहको जिम्मा लगाई मुद्दाको तहकिकात वा पुर्पक्ष गर्ने आदेश दिन सक्ने छ।[५१]
- 'कुनै बालकको विरुद्ध लगाइएको फौजदारी अभियोगमा निजको प्रतिरक्षा गर्ने कानुन व्यवसायी नभएमा अदालतले मुद्दाको कारबाही वा किनारा गर्नु हुँदैन।'[५२] बालबालिका सम्बन्धी ऐनको यो व्यवस्था अनुसार बयान, थुनछेक लगायतका कारबाहीमा पनि कानुन व्यवसायी अनिवार्य रूपमा हुनु पर्ने देखिन्छ।[५३]

**थुनुवा पुर्जी दिनुपर्ने:**[५४]

- थुनछेकको आदेश गर्दा बिना धरौट तारेखमा राख्ने आदेश भएमा अ.बं. ४७ नं.बमोजिम तारेखमा राख्ने, धरौट वा जमानत मागिएको भए धरौट लिई तारेखमा छोड्ने, धरौट राख्न नसकेको अवस्थामा र पुर्पक्षको लागि थुनामै राख्नुपर्ने अवस्थामा भने तत्कालै कारण सहितको थुनुवा पुर्जी दिई कारागार पठाउनुपर्छ।

---

४७ ऐ. ११८ (४)
४८ ऐ. ११८ (५) र (६)
४९ ऐ. ११८ (७)
५० जिउमास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा १०, वन ऐन, २०४९ को दफा ६४, विशेष अदालत ऐन, २०५९ को दफा ७ आदिलाई उदाहरणको रूपमा लिन सकिन्छ।
५१ बाल बालिका सम्बन्धी ऐन, २०४८ को दफा (५०) (१)
५२ ऐ. दफा १९
५३ मुलुकी ऐन अदालती बन्दोबस्तको ११८ (४) (बालकलाई थुनामा राख्ने सम्बन्धमा)
५४ ऐ. १२१ नं.

### २.२.३. थुनछेकका सम्बन्धमा प्रतिपादित केही महत्वपूर्ण सिद्धान्तहरू :

**क) कारण सहितको आदेश :**

- 'कुनै पनि व्यक्तिलाई यो यस अभियोगमा, यस कानुनका आधारमा पुर्पक्षका लागि थुनामा राख्ने भन्ने अधिकार प्राप्त निकायबाट भएको स्पष्ट र किटानी आदेश बेगर थुनामा राख्नु कानुनसंगत नहुने ।'[५५]

**ख) समानता सम्बन्धमा :**

- 'वारदातमा समान तथ्य र परिस्थिति भएको तथा समान संलग्नता भएका अन्य प्रतिवादीहरूलाई तारेखमा राख्ने गरी आदेश भएको तर निवेदकको हकमा भने थुनामा राख्ने गरी आदेश भएको कानुन संगत नदेखिने ।'[५६]
- 'वारदातको समान तथ्य र परिस्थिति भएको तथा संलग्नताको स्थिति समेत समान रहेको अवस्थामा सवै प्रतिवादीका हकमा समान प्रकारको थुनछेकको आदेश गर्नुपर्छ ।'[५७]

**ग) स्रेस्तेदारले गरेको आदेश सम्बन्धमा :**

- 'न्याय प्रशासन ऐन २०४८ को दफा २४ को उपदफा २बमोजिम स्रेस्तेदारले गरेको थुनछेकको आदेश उपर न्यायाधीशले आफू अदालतमा उपस्थित भएपछि यथाशीघ्र पुनर्विचार गरी त्यस्तो आदेश कानुनबमोजिम भएको नदेखिएमा कानुनबमोजिम गर्नु गराउनुपर्दछ ।'[५८]

**घ) गोश्वारा आदेश गर्न नपाउने :**

- 'थुनछेकको आदेश गर्दा अदालतले प्रति व्यक्ति आधार खुलाउनु पर्दछ । केवल गोश्वारा रूपमा कसुरदार हो भन्ने मनासिब प्रमाण भएको हुँदा थुनामा राखी पुर्पक्ष गर्नु भन्ने आदेश भएको अ.बं. ११८ (२) को मनसाय अनुकूल देखिंदैन ।'[५९]

**ङ) धरौटीको रकम सम्बन्धमा :**

- 'थुनछेकको आदेश गर्दाको अवस्थामा धरौटीको अंक तोक्दा विचार गर्नुपर्ने अ.बं. ११८ नं. को देहाय १० मा उल्लेख भएको अभियुक्तको उमेर, अवस्था, जस्ता आधारहरू अभियुक्तको बयानमा नै खुलाइएको हुनुपर्छ ।'[६०]

●●

---

५५ पुण्य प्र. काफ्ले वि. स्रेस्तेदार ना.सु. म्याग्दी जिल्ला अदालत समेत, वन्दीप्रत्यक्षीकरण, ने.का.प. २०५२, अंक १, नि.नं. ५०३३ (सं.ई.), पृ. ४२

५६ मान ब. तामाङ्ग वि. काठमाडौं जिल्ला अदालत समेत, वन्दीप्रत्यक्षीकरण, ने.का.प. २०५२, अंक ६, नि.नं. ६०१६ (सं.ई.) पृ. ४७८

५७ काली प्रसाद खनाल समेत वि. जि.स.व.का. सुनसरी, वन्दीप्रत्यक्षीकरण, ने.का.प. २०५४, अंक ७, नि.नं. ६४०४ (पू.ई.) पृ. ३७९

५८ विर बहादुर सिंह वि. का.जि.अ. का निमित्त जिल्ला न्या. स्रेस्तेदार समेत, वन्दीप्रत्यक्षीकरण, ने.का.प. २०५२, अंक १०, नि.नं. ६०८८, (सं.ई.) पृ. ८८८

५९ देवनन्दनको हकमा सेवकदास वि. बारा जिल्ला अदालत समेत, वन्दीप्रत्यक्षीकरण, ने.का.प. २०४९, अंक ७, नि.नं. ४५९२, पृ. ६९२

६० श्री ५ को सरकार वि. मचाकाजी, नकबजनी चोरी, ने.का.प. २०४७, अंक ५, नि.नं. ४१५५ (सि.वे.) पृ. ४६५

परिच्छेद २

# मुद्दामा अपनाइने कार्यविधि

## मुद्दा दर्ता सम्बन्धी महत्वपूर्ण प्रावधानहरुः

**लिखतको त्रुटी संशोधन**
- जि.अ.नि. १७

**कोर्ट फिका सम्बन्धमा**
- कोर्ट फि ऐन दफा ३, २३

**प्रमाण पेश गर्ने सम्बन्धमा**
- अ.बं. ७७ नं.
- जि.अ.नि. १६

**मुद्दा दायर गर्ने सम्बन्धमा**
- अ.बं. ७२., ७९ नं.
- जि.अ.नि. १४
- कागज जाँचको महल २० नं.

**हदम्यादको सम्बन्धमा**
- अ.बं. ४०, ४१, ४२ र ४३ नं.

**नालेस गर्ने हकदैया**
- अ.बं. १० नं., ८२, ८३ नं.

## १. मुद्दा दर्ता तथा व्यवस्थापन प्रक्रिया

- मुद्दा दर्ता तथा तत् सम्बन्धी प्रक्रियाहरूलाई व्यवस्थित तुल्याउनको लागि मुद्दा दर्ता शाखा र मुद्दा शाखाले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । यी शाखाहरू स्वतः स्फूर्त, लगनशील, सक्षम र अनुशासित भएको अवस्थामा संख्यात्मक रूपमा मुद्दाको चाप घट्नुको साथै गुणात्मक सेवाका कारण अदालत प्रतिको जनआस्था वृद्धि हुनमा समेत मद्दत मिल्दछ । बेरितका कागज दर्ता गरेर कारबाहीका क्रममा देखा पर्ने अनावश्यक झन्झट पनि कम हुन जान्छ ।

### १.१. मुद्दा दर्ता गर्दा ध्यान दिनुपर्ने कुराहरू :

#### १.१.१. अभिलेख राख्नुपर्ने :

मुद्दा दर्ता शाखामा देवानी र फौजदारी मुद्दाको छुट्टा छुट्टै दर्ता किताब, थुनुवा किताब, कोर्ट फी किताव, फिरादी दर्ता किताब, संक्षिप्त कार्यविधि ऐन अन्तर्गतको दर्ता किताव, विशेष अदालत ऐनको कार्यविधि आकर्षित हुने मुद्दाको दर्ता किताव र स्थानीय स्वायत्त शासन ऐनबमोजिम जिल्ला अदालतमा पुनरावेदन लाग्नेमा सोको दर्ता किताब समेत अलग अलग तयार गरी राख्नुपर्छ ।[६१]

#### १.१.२. सामान्य रित बेरित :

*जिल्ला अदालत नियमावली २०५२ (तेस्रो संशोधन २०५९ सहित) नियम १४, १५ र १६*

**क) लिखतको ढाँचा सम्बन्धमा**

- फूलस्केप आकारको नेपाली कागज
- शिरतर्फ १० से.मि., बाँयातर्फ ५ से.मि. छाड्ने
- एक पृष्टमा बढीमा ३२ लाइन
- कालो मसीको प्रयोग

**द्रष्टव्य** : घरसारमा लेखिएको कागजमा तोकिएको रित नपुगे कागज गर्ने गराउने मुख्य कारणीलाई जनही रु २० जरिवाना गरी सो कागजलाई मान्यता दिनुपर्छ ।[६२]

**(ख) पक्ष विपक्षको परिचयात्मक विवरण सम्बन्धमाः**

- नाम, थर, उमेर, बाबुको नाम
- ठेगाना : गाविस/न.पा., वडा नं., गाउँ/टोल, मार्गको नाम, टेलिफोन नं., फ्याक्स नं., इ-मेल, कार्यालयको नाम, पद, कार्यालयको ठेगाना[६३]
- डेरा गरी बसेकोमा घर धनीको नाम, थर, ठेगाना
- विवाहिता महिलाको पतिको नाम

**(ग) दस्तखत बेहोरा, दर्ता मिति सम्बन्धमाः**

- लिखतको शिर र पुछारमा दर्ता गर्न ल्याउनेको दस्तखत र ल्याप्चे ।
- बाँया किनारामा मस्यौदाकार (कानुन व्यवसायी वा पक्ष आफैंले) प्रमाणित गरी दस्तखत गर्नुपर्ने ।
- केरमेट भएको ठाउँमा दर्ता गर्नेको दस्तखत वा ल्याप्चे ।
- लिखतको आँखिरी प्रकरणमा 'यसमा लेखिएको बेहोरा ठिक साँचो छ, झूटा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला भन्ने बेहोरा ।
- लिखत दर्ता गर्न ल्याएको साल, महिना, गते र बार ।

##### १.१.२.१. रित बेरित सम्बन्धी महत्वपूर्ण कुराहरूः

**(क) अधिकार क्षेत्र**

*न्याय प्रशासन ऐन, दफा ७, मु.ऐ.अ.बं. २९, ३५*

- 'प्रचलित कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक जिल्ला अदालतलाई आफ्नो क्षेत्रभित्रको सबै मुद्दामा कारबाही र किनारा गर्ने अधिकार हुनेछ ।'[६४] भन्ने कानुनी प्रावधान अनुरूप मुद्दा दर्ता गर्दा सर्व प्रथमतः जिल्ला अदालतको अधिकारक्षेत्रभित्रको मुद्दा हो वा होइन भनी एकिन गर्नुपर्छ ।
- जिल्ला अदालतको अधिकारक्षेत्रभित्रको मुद्दा हो भने अ.बं. २९ नं.बमोजिम क्षेत्राधिकार भएको जिल्ला अदालतमा

---

६१ अदालत कार्यविवरण निर्देशिका, २०५७ (सर्वोच्च अदालत) को अनुसूची ३, ३ (क), ४,५,६ (क) ७ मा उल्लेखित ढाँचा अनुरूप

६२ मुलुकी ऐन कागजाँचको २० नं.

६३ जिल्ला अदालत नियमावली, २०५२ (तेस्रो संशोधन २०५९) सहित नियम १४

६४ न्याय प्रशासन ऐन, २०४८, दफा ७

दायर हुन आएको छ छैन हेर्नुपर्छ ।

- अधिकारक्षेत्र नभएको मुद्दा हेर्न छिन्न हुँदैन, हेरेको, छिनेको भए पनि बदर हुन्छ ।

***प्रतिपादित सिद्धान्त***

- कानुनमा स्पष्ट व्यवस्था नभएसम्म दायरी मुद्दा हेर्ने अदालतको अधिकार समाप्त भएको सम्झन मिल्दैन । कुनै मुद्दा अदालत र कुनै प्रशासनिक अधिकारीमध्ये कसले हेर्ने भन्ने प्रश्न उठेमा अदालतकै अधिकारक्षेत्रभित्र रहेको अनुमान गर्नुपर्छ ।[६५]
- पक्षको सम्मति र स्वीकृति हुँदैमा अड्डा अदालत वा अधिकारीले आफ्नो अधिकारक्षेत्र नभएको मुद्दा हेर्न छिन्न हुँदैन ।[६६]

**(ख) हदम्यादः**

- गुज्रेको हदम्याद थामिन सक्दैन
- ऐनमा हदम्याद नलेखिएको कुरामा जहिलेसुकै दर्ता गर्न ल्याए पनि मुद्दा दर्ता गर्नुपर्छ ।

***प्रतिपादित सिद्धान्तः***

'ऐनमा हदम्याद उल्लेख नभएकोमा जहिले सुकै नालेस लाग्न सक्ने व्यवस्था अ.बं. ३६ नं. ले गरेकोले ऐनको उक्त व्यवस्थालाई प्रचलनले काट्छ भन्न मिल्दैन ।'[६७]

- हदम्याद तोकिएको मुद्दाका सम्बन्धमा भने कानुनद्वारा निर्धारित हदम्यादभित्र मुद्दा दायर भएको छ, छैन हेर्नुपर्छ ।
- हदम्याद सम्बन्धमा मु.ऐ. अ.बं. ३६ नं. देखि ४६ नं. सम्म र मुद्दासँग सम्बन्धित कानुनले तोकेको हदम्याद र तत्सम्बन्धी अवस्थाहरू उपर विशेष ध्यान दिएर मात्र दर्ता गर्नुपर्छ ।
- ऐनमा तोकिएको हदम्यादभित्र नालिस दिन नपाएको ऐनबमोजिमको कारण[६८] भए प्रमाण समेत पुऱ्याई १५ दिनभित्र ल्याउनु भनी दरपिठ गर्नुपर्छ । यसरी दरपिठ गरिएको नालिस आवश्यक प्रमाण पुऱ्याई १५ दिनभित्रमा ल्याए प्रमाण र कारण समेत खुलाई उचित देखिए दर्ता गर्नुपर्छ, उचित नदेखिए भर्पाई गराई नालिस फिर्ता गर्नुपर्छ ।

**(ग) हकदैयाः**

***सामान्य व्यवस्था***[६९] :

- जसको जुन कुरामा हक पुग्छ उसले दिएको नालिस मात्र लाग्छ ।

***अपवाद स्वरूपका केही विशेष व्यवस्थाः***[७०]

- नाबालक, वृद्ध, कडा रोग लागि होस् ठेगानमा नभएको, बहुलाएको, अन्धा-अन्धी, बक्क लाटालाटी र विदेशमा भई फर्की आउने ठेगाना नभएका मानिसको हकमा हकवालाले अदालतको अनुमति लिई मुद्दा गर्न पाउँछन् ।
- यसरी संरक्षक वा हकवालाले मुद्दा दायर गर्दा अदालतको अनुमतिका लागि निवेदन दिनुपर्छ । सो बमोजिम अदालतले अनुमति दिएमा मात्र मुद्दा दर्ता हुन सक्छ ।
- दुई पक्ष मिली मुद्दा मामिला गरी भएको फैसला, मिलापत्र समेतबाट तेस्रो पक्षको हकमा आघात पुगेको भए त्यस्तो हक पुग्ने व्यक्तिले आफ्नो हक जतिमा मुद्दा गर्ने हकदैया प्राप्त गर्छ ।

***सार्वजनिक सरोकारको विवादमा हकदैया***

- श्री ५ को सरकार वादी हुने भनी उल्लेख भए बाहेकका श्री ५ को सरकारको वा सार्वजनिक हित वा सरोकार रहेको मुद्दा श्री ५ को सरकारले वा अदालतको अनुमति लिई सर्वसाधारण जो सुकैले पनि दायर गर्न सक्छ ।[७१]
- यस्तो मुद्दा दर्ता गर्न ल्याउँदा फिरादपत्रका साथमा अनुमतिका लागि निवेदन संलग्न हुनुपर्छ । अदालतले अनुमति दिएपछि मात्र दर्ता हुन्छ ।
- 'हकदैया नभएको व्यक्तिको लागि अधिकार क्षेत्रको प्रवेशद्वार बन्द हुन्छ ।'[७२]

**(घ) अदालती दस्तुर**[७३] :

- दुनियावादी देवानी मुद्दामा कोर्ट फी राखेर मात्र मुद्दा दर्ता हुन सक्छ । कोर्ट फी ऐन २०१७ ले तोकेबमोजिमको कोर्ट फी संलग्न भए नभएको हेर्नुपर्दछ ।[७४]
- फिराद गर्दा लाग्ने अन्य दस्तुर समेत फिराद साथै नगद नै अदालतमा दाखिला गर्नु पर्दछ ।

---

६५ मसई हाजी मुसलमान वि. कपिलवस्तु जि.अ. समेत, उत्प्रेषण, ने.का.प., २०३१, अंक ११, नि.नं. ८६६ (फु.बे.), पृ. ३५३

६६ काशी कुमारी वि. सहायक अञ्चलाधीशको कार्यालय वागमती समेत, उत्प्रेषण, ने.का.प. २०३१,अंक ११, नि.नं. ८६२ (फु.बे.) पृ. ३३३

६७ खड्ग बहादुर बुढाथोकी समेत वि. डिलबहादुर समेत, नापी दर्ता बदर सन्धि कायम, ने.का.प. २०४४, अंक ६,, नि.नं. ३१३३, (सं.ई.) पृ. ६९२,

६८ मुलुकी ऐन अदालती बन्दोबस्तको ४०, ४१, ४२ र ४३ नं.

६९ ऐ. ८२ नं.

७० ऐ. ८३ नं.

७१ ऐ. १० नं.

७२ लेकाकान्त भट्टराई वि. भू.सु.का. रुपन्देही, उत्प्रेषण, ने.का.प. २०३३,अंक २, नि.नं. ९६१ (फु.वे.) पृ. ३७

७३ कोर्ट फी ऐन, २०१७, अदालती बन्दोबस्तको १०८ नं.

७४ कोर्ट फी ऐन, २०१७ को दफा ३

*अदालतले लिने दस्तुर :*

- बिगो कायम भइसकेपछि सोही हिसाबले लाग्ने कोर्ट फी दाखिला नगरे कारबाही गर्न मिल्दैन, मुद्दा खारेज हुन्छ ।[७५]
- सामाह्वान वा इतलायनामा जारी गर्दा प्रत्येक प्रतिवादीका लागि रु. १० का दरले वादीसँग दस्तुर लिनुपर्छ ।[७६]

***कोर्ट फी तिर्न नसक्नेका सम्बन्धमा:***[७७]

- मुद्दाको पक्ष नितान्त गरिब भई निजले तिर्नुपर्ने कोर्ट फी सबै वा केही बुझाउन असमर्थ भएको भन्ने न्यायाधीशलाई विश्वास भएमा कारण सहितको पर्चा खडा गरी केही वा सबै कोर्ट फी पछि लिने गरी मुद्दा दर्ता गर्ने आदेश गर्न सक्नेछ ।
- यस्तो सुविधा प्राप्त गर्नको लागि मुद्दा दर्ता गर्ने व्यक्तिले विवादित सम्पत्ति बाहेक अरू जायजेथा नभएकोले कोर्ट फी दाखिला गर्न असमर्थ छु भनी सम्बन्धित गा.वि.स./न.पा. बाट सिफारिस भई आएमा त्यसलाई समेत मध्यनजर राख्नुपर्छ र यस्तो सिफारिस नभएमा न्यायाधीश स्वयंले पनि मनासिव ठानेमा कोर्ट फी पछि लिने गरी मुद्दा दायर गर्न आदेश दिन सक्दछ ।

**(ङ) छुट्टा छुट्टै झगडाको विषयमा छुट्टा छुट्टै मुद्दा दर्ता :**

- एउटै फिरादपत्र दिनसक्ने बाहेक बढ्ता कुरा एउटै फिरादपत्रमा लेखी ल्याएको रहे छ भने इन्साफ गर्न नपर्ने कुरा जति फिरादपत्रको शिरमा लेखी हाकिमले दस्तखत गर्नुपर्छ र फिरादपत्रवालालाई सोको लिखित जानकारी दिनुपर्छ ।[७८]
- एकै पटक नालिस गर्दा हुनेमा सो नगरी पहिले दिएको मुद्दाको परिणाम हेरेर अर्को मुद्दा दर्ता गर्न ल्याएमा दर्ता गर्नु हुँदैन ।[७९]
- छुट्टा छुट्टै विषयमा आघात परेको भएमा छुट्टा छुट्टै उजुरी दिनुपर्छ ।[८०]

*प्रतिपादित सिद्धान्त :*

- फिरादपत्र लिंदा देवानी र फौजदारी मुद्दाको अलग अलग लिनुपर्छ ।[८१]
- जग्गा मुद्दाको रूप विचार गरी पछि जालसाँजीमा मुद्दा दायर गर्न पाइँदैन ।[८२]

**(च) प्रमाण सम्बन्धमा :**

- लिखतको प्रकृतिबाट आफूसँग रहनु पर्ने वा आफूले प्राप्त गर्न सक्ने लिखत प्रमाणको सक्कल र त्यसको एक प्रति नक्कल मुद्दा दर्ता गर्दा नै पेस गर्नुपर्छ ।[८३]
- दर्ता गर्न ल्याएको मुद्दामा उल्लेखित प्रमाणहरू दुरुस्त छन् छैनन् भनी जाँची बुझी मात्र मुद्दा दर्ता गर्नुपर्छ

**(छ) स्पष्ट मागदाबी हुनु पर्ने**

- फिरादपत्रमा कुन कानुन अन्तर्गत के मागदाबी लिइएको हो सो प्रष्ट खुलेको हुनुपर्छ ।
- अचल सम्पत्ति, खास गरी जग्गा, जमिन सम्बन्धी मुद्दा भए विवादित जग्गाको कित्ता नं., चार किल्ला र अवस्थानुसार तर्फ समेत खुलाएर ल्याइएको छ, छैन हेर्नुपर्छ ।

## १.१.२.२. लिखत दर्ता र दरपिठ[८४]

- अदालतमा दर्ता गर्न ल्याएको लिखत रितपूर्वकको भई दर्ता हुनेमा दर्ता किताबमा दर्ता गर्न ल्याउनेको दस्तखत, सहिछाप गराई दर्ता नं. र मिति जनाई दर्ता गर्न ल्याउने व्यक्तिलाई दिनुपर्छ । तारेखमा रहने व्यक्तिलाई तारेख मात्र दिए पुग्छ ।
- रित नपुगेकोमा यो रित पुऱ्याई ल्याउनु भनी लिखतको पहिलो पृष्ठमा लेखी स्रेस्तेदारले दस्तखत गरी अदालतको छाप लगाई फिर्ता दिनुपर्छ ।
- हदम्याद वा म्याद गुजारी दर्ता गर्न ल्याएको लिखत वा अदालतले हेर्न नपर्ने वा नहुने लिखतको हकमा त्यसको पहिलो पृष्ठको पछाडिपट्टिको शिरमा दर्ता हुन नसकेको कारण उल्लेख गरी लिखत ल्याउनेलाई दिनुपर्छ । त्यस्तो लिखतको दरपिठ गरिएको एक प्रति अदालतमा राख्नुपर्छ ।

## १.१.२.३. लिखत संशोधन[८५]

- दर्ता भइसकेको लिखतमा लेख, टाइप वा मुद्रणको सामान्य त्रुटि सच्याउन निवेदन दिएमा अदालतले मनासिब ठानेमा संशोधनको आदेश गर्न सक्दछ ।
- यसरी पर्न आएको निवेदन दर्ता गरी सम्बन्धित मिसिलसाथ स्रेस्तेदारले इजलासमा पेस गर्नुपर्छ । तत्सम्बन्धी आदेश न्यायाधीशबाट मात्रै हुन्छ ।

---

७५ विन्देश्वरी सिंह राजपुत समेत वि. डिल्ली सिंह राजपुत, अंश, ने.का.प. २०३५, अंक ३, नि.नं. १०३५ (डि.बे.), पृ. ४१

७६ मुलुकी ऐन, अदालती बन्दोबस्तको १०८ नं.

७७ कोर्ट फी ऐन, २०१७ को दफा २३

७८ मुलुकी ऐन अदालती बन्दोबस्तको ७२ नं.

७९ ऐ. ७३ नं.

८० मदनलाल अग्रवाल समेत वि. श्री ५ को सरकार अर्थ मन्त्रालय कर विभाग, उत्प्रेषण, ने.का.प. २०२५, अंक १०, नि.नं. ४४२ (डि.बे.), पृ. २७३

८१ रामलखन भन्ने लखन लाल वि. डिल्लीराम समेत, ठगी जालसाजी, ने.का.प. २०३१, अंक ५, नि.नं. ८२२ (फु.बे.) पृ. १३६

८२ खड्ग कुमारी वि. मान कुमारी, मुद्दा जालसाँजी, फौ. नं. ६८४, नि.मिति ०२९/१/६, ज्ञाइन्द्र ब. श्रेष्ठ, मुलुकी ऐन एक टिप्पणी अ.बं. ७३ नं. को टिप्पणीवाट उद्धत

८३ मुलुकी ऐन अदालती बन्दोबस्तको ७७ नं

८४ जिल्ला अदालत नियमावली, २०५२ को नियम १५

८५ ऐ. नियम १७

### १.१.२.४. संक्षिप्त कार्यविधि ऐन २०२८ अनुसारको विशेष व्यवस्थाः

- कसैले फिरादपत्र नदिई प्रमाण खुलाई उजुर निवेदन पत्र दिएमा अदालतले आवश्यक भए बयान समेत गराई त्यसैबाट कारबाही गर्नुपर्छ ।[८६]

## २) वारेस सम्बन्धी व्यवस्थाः

वारेस मुद्दाका पक्षकारहरूका प्रतिनिधि हुन् । यस्ता प्रतिनिधि मुकरर सम्बन्धी प्रक्रिया र त्यस्ता प्रतिनिधिलाई प्राप्त हुने अधिकारका आधारमा वारेसलाई मूलतः २ प्रकारमा विभक्त गर्न सकिन्छ :

**(क) साधारण वारेस**

- वारेस राख्न पाउने कुनै मुद्दामा सो मुद्दामा मात्रै सीमित हुने गरी अदालतबाट तोकिएको तारेखमा हाजिर भई मुद्दाको पुर्पक्ष गर्नका लागि प्रतिनिधिको रूपमा नियुक्त गरिएको व्यक्तिलाई साधारण वारेस भनिन्छ । तोकिएको अदालतबाट मुद्दा किनारा भइसकेपछि साधारण वारेसको अधिकार समेत समाप्त हुन्छ ।[८७]

**(ख) अधिकृत वारेस**

- कुनै मुद्दा दायर गर्न र तत् सम्बन्धी अन्य कानुनी कारबाही गर्न वा मुद्दा किटान नै नगरी आवश्यक परेको अवस्थामा म्याद बुझ्न, मुद्दा गर्न वा कुनै सम्पत्ति बेचबिखन लगायतका काम गर्नका लागि नियुक्त गरिने वारेस अधिकृत वारेस हो । यस्तो वारेसको नियुक्ति जिल्ला न्यायाधीश वा विदेशमा भए शाही नेपाली राजदूत वा वाणिज्य दूतको रोहबरमा प्रमाणित हुनुपर्छ ।[८८]
- अधिकृत वारेसनामा चल सम्पत्ति सम्बन्धमा प्रमाणित गर्ने कार्य गरिँदैन । केवल अचल सम्पत्ति विक्री वितरणका लागि तथा मुद्दा गर्ने प्रयोजनका लागि मात्र अधिकृत वारेसनामा प्रमाणित गर्ने गर्नुपर्छ ।

### २.१. वारेस राख्न पाउने र नपाउने अवस्था

- अदालती बन्दोबस्तको ६५ नं. ले वारेस राख्न पाउने र नपाउने मुद्दाहरूको बारेमा उल्लेख गरेको पाइन्छ । कानुनबमोजिम पुर्पक्षका लागि थुनामा बस्नु पर्ने वा जमानत लाग्ने अवस्थामा जमानत दिन नसकी थुनामा बस्नु पर्ने व्यक्तिले वारेस राख्न पाउँदैन । सो बाहेक जमानत लाग्ने अवस्थामा कानुनबमोजिम जमानत दिने व्यक्तिले अदालतको अनुमति प्राप्त भएमा वारेस राख्न पाउँछ ।
- उल्लेखित अवस्था बाहेक अन्य व्यक्तिको हकमा पर्याप्त कारणबाट अदालतले वारेस राख्न दिन मनासिब नठह-याई अन्यथा आदेश दिएमा बाहेक साधारण वारेस लाग्छ ।

### २.२. वारेस सम्बन्धमा अदालतले ध्यान दिनुपर्ने कुराहरू :

**(क) वारेस लाग्ने नलाग्ने आधारः**[८९]

- उल्लेख गरिएबमोजिम वारेस लाग्ने वा नलाग्ने मुद्दाका सम्बन्धमा अदालतले निर्क्यौल गर्नुपर्दछ ।

**(ख) वारेसको योग्यताः**[९०]

- वारेस हुनका लागि १६ वर्ष उमेर पुगेको, एकाघरसँग बसेका नातेदारहरू बाहेक अरूको हकमा घुस किर्तेमा सजाय नपाएको र नैतिक पतन देखिने कुनै फौजदारी अपराधमा सजाय नपाएको व्यक्ति हुनुपर्छ ।

**(ग) मिलापत्र :**

- मुद्दा मिलापत्र गर्नु पर्ने भएमा साधारण वारेसनामा मात्र पर्याप्त हुँदैन । त्यसका लागि मिलापत्रका सर्त उल्लेख भएको छुट्टै मञ्जुरीनामा चाहिन्छ ।[९१]

**(घ) वारेस बदल्ने वा सकार गर्ने सम्बन्धमाः**[९२]

- वारेस राख्ने पक्षले कुनै पनि समयमा आफ्नो मुद्दा आफैं सकार गर्न वा सो वारेसलाई बदली अर्को वारेस नियुक्त गर्न पाउँछ । त्यस्तै मुद्दा गर्ने पक्ष मरेपछि उसका हकवालाले सो मुद्दा आफैंले सकार गर्न वा पहिलेको वारेस बदली अर्को वारेस राख्न पाउँछ । हकवालाले सकार गर्न आएको अवस्थामा पक्षकार मरेको मिति, सकार गर्न आएको मिति र हकवाला प्रमाणित गर्ने कागजातहरूको यकिन गरेर मुद्दा सकार गर्न दिनुपर्दछ ।

**(ङ) विदेशीको हकमा वारेस**[९३]

- नेपालभित्र अचल सम्पत्ति, जायजेथा नभएका विदेशी मानिसको नेपालको अदालतमा परेको मुद्दामा वारेस राख्दा आफूउपर पोल उजुर परेको कुरा ठहरे कानुनबमोजिम हुने सजाय बराबर हुने रकम धरौट राख्न वा त्यस बापत नेपालभित्र अचल सम्पत्ति, जायजेथा भएका व्यक्तिलाई जमानी दिएमा मात्र वारेस लाग्न सक्दछ ।

---

८६ संक्षिप्त कार्यविधि ऐन, २०२८, दफा ४

८७ मुलुकी ऐन अदालती बन्दोबस्तको ६५ नं

८८ ऐ. ७१ (क)(ख)(ग) न्नं.

८९ ऐ. ६५ (१), (२) नं.

९० ऐ. ६८ नं.

९१ जानकी देवी वि. देवनन्दन दास, उत्प्रेषण, ने.का.प. २०३१, अंक ७, नि.नं. ८३६ (डि.बे.) पृ. २०३,

९२ मुलुकी ऐन अदालती बन्दोबस्तको ७० नं

९३ ऐ. ६६ नं.

**(च) महिला, वृद्ध आदिका हकमा वारेस :**

- कानुनतः महिला, वृद्ध तथा शारीरिक वा मानसिक रूपले अशक्त भएका पक्षकारहरूका लागि वारेस सम्बन्धी छुट्टै व्यवस्था नभए तापनि वारेसको नियुक्ति र वारेसले गरेका काम कारबाहीको सम्बन्धमा चेतनाको अभावले गर्दा मुद्दामा समेत प्रतिकूल प्रभाव पर्न सक्ने देखिन्छ । बालक, महिला, वृद्ध, अपांग वा मानसिक रोगबाट पीडित व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकी इन्साफमा तात्विक असर परेको आधारमा सर्वोच्च अदालतबाट मुद्दा दोहोऱ्याई हेर्न सक्ने प्रावधानबाट पनि यी वर्ग पीडित हुन सक्ने सम्भाव्यतालाई सुरु अदालतले पनि विचार गर्नुपर्ने हुन्छ ।[९४] तसर्थ, यस्ता पक्षकरहरूको वारेसद्वारा सम्पन्न गरिने क्रियाकलापहरू उपर अदालतले विशेष निगरानी राख्नुपर्ने हुन्छ ।

**(छ) वारेस अख्तियारनामा दरपिठ गर्ने सम्बन्धमाः**

- कुनै पनि व्यक्तिले अदालत समक्ष पेस गर्न ल्याएको वारेस अख्तियारनामा कानुनले तोकेको रित नपुगेको भएमा रित नपुगेको बेहोरा खुलाई रित पुऱ्याई ल्याए दर्ता हुनेछ भनी तीन दिनको म्याद दिई पठाउनुपर्छ र रित पुऱ्याई ल्याएमा अविलम्ब दर्ता गर्नुपर्छ ।[९५]

## ३. तारेख सम्बन्धी व्यवस्था

मुद्दा कारबाहीको चरणबद्ध प्रक्रियामा मुद्दाका पक्षहरूको उपस्थिति सुनिश्चित गर्न अपनाइने महत्वपूर्ण प्रक्रियामध्ये तारेख पनि एक हो । यो प्रक्रियालाई औचित्यपूर्ण र प्रभावकारी तुल्याउनका लागि अदालतले निम्न कुराहरूमा ध्यान दिनुपर्छ :

**३.१. तारेखमा राख्ने अवस्था :**

- कानुनबमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्ने अभियुक्त वा कानुनमा नै प्रष्ट रूपमा तारेख लाग्दैन भनी लेखिएका बाहेकका पक्षकारलाई अदालतमा हाजिर हुन आउनासाथ तारिखमा राखी पुर्पक्ष गर्नुपर्छ ।[९६]

**३.२. तारेखको प्रयोजन :**

- प्रत्येक पटक तारेख तोक्दा अदालतले यो यस कामको लागि यो मिति र समयमा उपस्थित हुनु भनी मुद्दाका पक्षकार (वारेस समेत) हरूलाई प्रयोजन खुलाएर मात्र तोक्नुपर्छ ।[९७]
- तारेख तोक्दा अदालतको कार्यतालिका, त्यस बीच सम्पन्न गर्नुपर्ने कार्य पुरा गर्न लाग्ने समय र पक्षकारहरूको अनुकूलता (Comfortable Time) लाई समेत अदालतले ध्यान दिनुपर्छ । जस्तै चार कोशभित्रको अरू अदालतमा पनि मुद्दा परेका पक्षकारहरूले अदालतलाई अनुरोध गरेमा एकै दिन पर्ने गरी तारेख तोक्नु हुँदैन ।[९८]
- बिना प्रयोजन तारेखमा राख्नु हुँदैन । अनुसन्धानकै लागि भनेर पनि अनिश्चित कालसम्म तारेखमा राख्ने कानुनको उद्देश्य होइन ।
- सम्पन्न हुने कारबाहीलाई मध्यनजर गरी यथासम्भव कम समयको अवधि राखेर तारेख तोक्नुपर्दछ । फिरादपत्र दर्ता भएपछि प्रतिवादीले कानुनबमोजिम प्राप्त गर्ने म्यादको विचार गरी भरसक प्रतिउत्तर पर्ने सम्भावित दिनको अन्दाज गरी तारेख तोक्नुपर्छ । अन्दाज गरिएको मितिमा प्रतिउत्तर नपरी तारेख नमिलेमा वादीले लिएको तारेख मिलान हुने गरी प्रतिवादीलाई पनि तारेख तोकिदिनु पर्छ ।[९९]
- मुद्दाका पक्षलाई तारेख तोक्दा कानुनमा लेखिएको नमुनाबमोजिमको तारेख भर्पाई खडा गरी अदालत समक्ष उपस्थित हुनुपर्ने मिति, समय र उक्त मितिमा सम्पन्न हुने काम समेत उल्लेख गर्नुपर्छ । यसै बेहोराको तारेख पर्चा सम्बन्धित पक्षलाई दिनुपर्छ । तोकिएको तारेखमा कुनै कारणबाट तोकिएको काम हुन नसकेमा कारण खोली तारेख किताबमा लेख्नुपर्दछ र अर्को तारेख तोक्नुपर्दछ ।[१००]

**३.३. अदालतको गल्तीले पक्षको तारेख गुज्रेको भन्न नहुने :**

- 'तारेखमा राख्ने काम अदालतका कर्मचारीको हुँदा मिसिल प्राप्त भएपछि दुवै मुद्दालाई अलग अलग तारेख पर्चा दिई तारेखमा राख्नुपर्ने, सोबमोजिम कर्मचारीले नगरेको देखेपछि बेन्चमा पेस भएकोमा दुवै मुद्दामा तारेखमा राख्ने आदेश भएको देखिन्छ, अदालतमा उपस्थित भएका पक्ष विपक्षको तारेख गुज्रेको वा गुजारेको भन्न कानुनसंगत हुँदैन ।'[१०१]

**३.४. तारेखवाला थुना परेको अवस्थामा :**

- तारेखमा बस्ने व्यक्ति अन्य कुनै मुद्दामा थुनामा परेमा सोको सूचना हाजिर हुनु पर्ने सम्बन्धित अदालतमा पठाउनुपर्छ । यस्तो सूचना थुन्ने वा कैद गर्ने अदालतमार्फत् दिएको भएमा सो अदालतले निज थुनाबाट छुट्ने अवधिको विवरण सहित तारेखमा बस्नु पर्ने अदालत समक्ष लेखी पठाइदिनुपर्छ । एक महिनासम्ममा छुट्ने भएमा बाटाको म्याद बाहेक ५ दिन भित्रमा हाजिर भए कानुनबमोजिम तारेख तोकी कारबाही गर्नुपर्छ, एक महिनाभन्दा बढी कैद परे, थुनिए वा कहिले छुट्ने भनी निश्चित नभएकोमा भने कारबाही गर्न पर्खनु पर्दैन । कारबाहीकै क्रममा

---

९४ न्याय प्रशासन ऐन, २०४८ को दफा १२
९५ मुलुकी ऐन अदालती बन्दोबस्तको ६७ नं.
९६ ऐ. ४७ नं
९७ ऐ. ४८ नं
९८ ऐ. ५२ नं
९९ ऐ. ५१ नं
१०० ऐ. ५३ नं
१०१ गोपाल वसिहाका वि. भक्तपुर जिल्ला अदालत, उत्प्रेषण, ने.का.प. २०५०, अंक ६, नि.नं. ४७६४ (सं.ई.) पृ. ३४५

थुनामुक्त भएमा भने बाटाका म्याद बाहेक ५ दिनभित्र हाजिर भए तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्छ ।[१०२]

### ३.५. कारबाही गर्न नरोकिने :

- तोकिएको तारेखमा कुनै पक्ष उपस्थित नभएमा पनि मुद्दामा गर्नुपर्ने कारबाही गर्न रोकिंदैन ।[१०३]

### ३.६. ढिलो उपस्थित भएमा :

- तोकिएको समयमा हाजिर हुन नआई ढिलो आउने मुद्दाको अर्को पक्षलाई तारेख दिंदा पहिले तारेख लिई गएको पक्षलाई तोकिएको मिति र समयको मिलान हुने गरी तारेख तोक्ने गर्नुपर्छ ।[१०४]
- एउटा मुद्दामा तारेख तोकी पाएको अर्को मुद्दामा तोकी नपाएकोमा तारेख गुज्रेको मानिएको छैन ।[१०५]

### ३.७. म्यादतारेख थाम्ने व्यवस्था

**(क) कार्यविधिको आधारमा थामिने व्यवस्था**

| क्र.सं | मुद्दा | थामिने दिन | प्रावधान |
|---|---|---|---|
| १. | सामान्य कार्यविधि अन्तर्गत मुद्दाहरू | ३० दिन | मु.ऐ. अ.बं. ५९ |
| २. | संक्षिप्त कार्यविधि अन्तर्गत | १५ दिन | संक्षिप्त कार्यविधि ऐन २०२८, दफा ८ (१) |
| ३. | विशेष कार्यविधि अन्तर्गतका मुद्दाहरू | १५ दिन | विशेष अदालत ऐन २०५९, दफा ११ |
| द्रष्टव्य : काबु बाहिरको परिस्थितिवश गुज्रेको म्याद तारेख थाम्न पाइने उल्लेखित व्यवस्था बाहेक अ.बं. ६२ र १७५ मा तोकिएको अवस्थाहरूको हकमा सोहीबमोजिम थाम्न पाइन्छ । | | | |

**(ख) विशेष परिस्थितिमा थामिने**[१०६]

| क्र.सं | अवस्था | थामिने दिन |
|---|---|---|
| १. | किरिया बस्नु पर्दा | किरिया सकिएको १५ दिन |
| २. | सुत्केरी परेमा | सुत्केरी भएको ३५ दिन |
| ३. | हकवालाले सकार गर्नु परे (मरे, बहुलाए, बेपत्ता भए) | घटना घटेको ३५ दिन |
| ४. | सरकारी कर्मचारी काजमा खटिएमा | ३५ दिन |
| ५. | बाटो बन्द भए | बाटो खुलेपछि वाटाको म्यादभित्र |
| ६. | संगठित संस्थाको तर्फबाट पुर्पक्ष गरी आएको व्यक्ति मरेमा वा कामबाट छुट्न गएमा[१०७] | ३५ दिन |
| द्रष्टव्य : अ.बं. ६२ र १७५बमोजिमका यी अवस्थाहरू सामान्य, संक्षिप्त र विशेष तीनवटै कार्यविधि अन्तर्गतको मुद्दाहरूमा आकर्षित हुन्छ । | | |

## ४) अन्तरकालीन आदेश (Interlocutory Order)

अन्तर्कालीन आदेश भन्नाले मुद्दा मामिलाको कारबाहीको सम्बन्धमा अदालतले गर्ने आदेशका रूपमा बुझिन्छ । नेपाल कानुनमा अन्तर्कालीन आदेशका बारेमा परिभाषा गरेको नपाइए तापनि अदालतमा मुद्दा दायर भएपछि मुद्दाको अन्तिम किनारा नभएसम्म विभिन्न किसिमका आदेश गर्नुपर्ने कुरा उल्लेख गरिएको पाइन्छ ।

### ४.१. विद्यमान कानुनी प्रावधान

न्याय प्रशासन ऐन, २०४८ को दफा १६ मा अन्तर्कालीन आदेशउपर निवेदन दिन सकिने व्यवस्था गरेको छ, जस अनुसार प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अदालत, निकाय वा अधिकारीबाट मुद्दाको पुर्पक्षको लागि प्रतिवादीलाई तारिख, जमानत वा थुनामा राख्ने गरी भएको आदेश वा मुद्दाका कारबाहीको सिलसिलामा भएको अन्य कुनै अन्तर्कालीन आदेश उपर एक तह मात्र पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सकिनेछ । अ.बं. को १७ नं. ले यस्तो सुविधा प्रदान गरेको छ । अ.बं. ११८ को देहाय ११ मा थुनछेकको सिलसिलामा मागिएको धरौट जमानतको रकममा चित्त नबुझ्ने व्यक्तिले पुनरावेदन सुन्ने अदालतमा उजुर गर्न सक्ने र त्यहाँबाट भएको निर्णय अनुसार गर्नुपर्ने व्यवस्था उल्लेख गरेको छ । सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ५२ र पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४५ मा पुनरावेदन दर्ता भएपछि अन्तरकालीन आदेशको लागि निवेदन पत्र पर्न आएमा त्यस्तो निवेदन पत्र मध्ये रजिस्ट्रारले नियमावलीबमोजिम आफैंले आदेश गर्न सक्ने जतिमा आफैंले गरी अरू इजलासमा पेश गर्नुपर्ने उल्लेख गरेको छ ।

### ४.१.१. आधा अंश रोक्का गर्ने :

- 'जबर्जस्ती करणी सम्बन्धी मुद्दामा पीडित महिलाको लागि आधा अंशको दाबी लिएको अवस्थामा अभियोगपत्रको साथमा प्रतिवादीको अंशमा पर्ने सम्पत्ति विवरण प्राप्त नभएको अवस्थामा मुद्दा दर्ता भए पछि अदालतले सम्बन्धित सरकारी वकिल कार्यालय, पीडित वा जाहेरवाला तथा प्रतिवादी पक्राउ परेको भए निजबाट समेत अंश विवरण पेस गर्न लगाउनुपर्छ । विवरण पेस भएको मुद्दामा तत्काल प्राप्त प्रमाणबाट प्रतिवादीले कसुर गरेको विश्वास गर्न सकिने मनासिब आधार भएमा अदालतले प्रतिवादीको आधा अंश रोक्का राख्नुपर्नेछ ।[१०८]

---

१०२ मुलुकी ऐन अदालती बन्दोबस्तको ५४ नं.
१०३ जिल्ला अदालत नियमावली, २०४९, (तेस्रो संशोधन २०५९), नियम २३ (ख)
१०४ ऐ. नियम २३ (ख)
१०५ शोभा गुरुङ समेत वि. प्रकाश गुरुङ, जालसाजी, ने.का.प., २०५३, अंक २, नि.नं. ६१६८, सं.ई., पृ. १४१
१०६ मुलुकी ऐन अदालती बन्दोबस्तको ६२, १७५ नं.
१०७ ऐ. १७५
१०८ जिल्ला अदालत नियमावली, २०५२ (तेस्रो संशोधन २०५९, नियम ३१ (क)

### ४.१.२. **सम्पत्ति रोक्का गर्ने :**

- चल अचल सम्पत्ति वा बिगोको दाबी भएको मुद्दामा चल अचल सम्पत्ति देखिएमा अदालतले आफ्नो तजविजले उक्त मुद्दाको फैसला नगर्दै वा फैसला गर्दा दाबी पुग्नेसम्म सो सम्पत्ति बेचबिखन, दान दातव्य गर्न नपाउने गरी रोक्का राख्न, वा माथवर मानिस वा गाविस वा नगरपालिकाको जिम्मा लगाउन वा प्रतिवादी जिम्मा राखी वादीले पाउन सक्ने त्यसको बाली, बहाल, आयस्ता वा त्यसको केही अंश वादीलाई दिलाउन र बिगो दाबी भएकोमा बिगो भराउन चाहिनेसम्म सम्पत्ति रोक्का राख्न सक्दछ ।[१०९]
- अदालतले यस्तो रोक्का कायम राख्नु पर्ने होइन भनी निवेदन पर्न आएमा निवेदनउपर विचार गरी त्यस्तो आदेश कायम राख्नु नपर्ने भए अदालतले अघि जारी गरेको आदेश खारेज गर्न सक्नेछ ।[११०]
- अंश पाउँ भनी परेको मुद्दामा अंश दिनुपर्ने हो भनी प्रतिवादी साबित भएको वा प्रमाणले अंश दिनुपर्ने देखिएको अवस्थामा अंशको फाँटवारी पेस भएपछि आफ्नो अंश भाग जतिको आयस्ता, बाली रोक्का गरी पाउँ भनी वादीले निवेदन दिएमा निजले पाउने भाग जतिको आयस्ता, बाली, जग्गा मिच्नेको १० नं.बमोजिमको रित पुर्‍याई अंशबण्डा नभएसम्म रोक्का गरिदिनुपर्छ ।[१११]

### ४.२. **अन्तर्निहित अधिकारको प्रयोग गर्नु पर्ने :**

- विद्यमान कानुनी प्रावधानअनुसार विवादसँग सम्बद्ध सम्पत्ति रोक्का राख्न सक्ने सम्मको व्यवस्था मात्र भएको देखिन्छ, जसबाट पीडित पक्षलाई तत्काल आवश्यक आर्थिक राहत प्राप्त हुन सक्दैन ।
- कतिपय अवस्थामा पक्षको आर्थिक एवं सामाजिक हैसियतलाई विचार गरेर पनि अदालतले आफ्नो अन्तर्निहित अधिकार प्रयोग गरी पीडित पक्षको तत्कालीन राहत स्वरूप अन्तरिम संरक्षणात्मक आदेश जारी गर्नुपर्ने हुन्छ ।

●●

१०९ मुलुकी ऐन अदालती बन्दोबस्तको १७१ (क) नं.

११० ऐ. १७१ (ख) नं

१११ मुलुकी ऐन अंशबण्डाको ३१ नं.

# परिच्छेद ३

## १. प्रतिवादीलाई झिकाउने प्रक्रिया :

आफ्नो कुरा भन्न नदिई कानुनी मान्यता लोप गरी सम्बन्धित व्यक्तिको अनुपस्थितिमा भएको निर्णय गैरकानुनी र प्राकृतिक न्यायको सिद्धान्त खिलाफ हुन्छ ।[११२]

प्रतिवाद गर्ने मौका प्रदान गर्नु प्राकृतिक न्यायको सिद्धान्तको महत्वपूर्ण पक्ष हो । प्रतिवादको उचित मौका प्रदान गर्नको लागि कानुनले म्याद तामेलीका सम्बन्धमा निश्चित गरेको प्रक्रियालाई निम्न रूपमा हेर्न सकिन्छ :

### १.१. वारेन्ट म्याद जारी गर्ने :

**क) वारेन्ट र म्यादी पुर्जी जारी हुने मुद्दा:**[११३]

- राजगद्दी वा राजपरिवारको गाथ सम्बन्धी मुद्दा
- कैदको सजाय हुने राजकाज सम्बन्धी मुद्दा
- कर्तव्य ज्यान मुद्दा
- ज्यान मार्ने उद्योग मुद्दा
- डाँका मुद्दा
- गोबध मुद्दा
- स्वदेशी वा विदेशी मुद्रा खोटो टक मारेको वा छापेको र त्यस्तो खोटो मुद्रा चलन गरेको वा गर्न उद्योग गरेको मुद्दा
- जबर्जस्ती करणीको महल अन्तर्गत सजाय हुने मुद्दा
- जिउ मास्नेबेच्ने सम्बन्धी मुद्दा
- लागु औषध सम्बन्धी मुद्दा
- राष्ट्र सेवकले नगद वा जिन्सी मसौट गरेको मुद्दा
- सरकारी सम्पत्ति रहेको घरमा आगो लगाएको मुद्दा

**(ख) वारेन्ट जारी हुने अवस्था र प्रक्रिया :**

- अ.बं. ९८ नं. को नमुनाबमोजिमको २ प्रति वारेन्ट आवश्यक हुन्छ ।
- अभियुक्तको हुलिया खुलाई अभियुक्त रहे बसेको इलाकाको प्रहरी कार्यालय वा प्रहरी कर्मचारीका नाममा लेखी पठाउनुपर्छ ।
- जारी भएको वारेन्टमा ७ दिन सम्म तदारुकताका साथ खोज तलास गरी फेला परे पक्राउ गरी पठाउने, फेला नपरे आठौं दिन म्यादी पुर्जी तामेल गर्ने बेहोरा समेत उल्लेख हुनुपर्छ ।

**(ग) म्यादी पुर्जी जारी हुने अवस्था र प्रक्रिया :**

- वारेन्ट जारी भएको ७ दिनसम्म खोजतलास गर्दा पनि अभियुक्त गिरफ्तार हुन नसके म्यादी पुर्जी तामेल गर्नुपर्छ ।
- अ.बं. ९९ नं. को नमुनाबमोजिम ७० दिनको म्यादी पुर्जी तामेल गर्नुपर्छ ।
- म्यादी पुर्जी जारी भइसकेपछि पनि वारेन्ट क्रियाशील नै रहन्छ ।
- म्यादी पुर्जी जारी गरिएको ७ दिनको म्याद नाघेपछि सो बेहोरा अदालतको सूचना पाटीमा र यथासम्भव कुनै स्थानीय पत्र पत्रिकामा समेत प्रकाशित गर्नुपर्छ ।[११४]
- अ.बं. ९९ नं.बमोजिम बाटाका म्याद बाहेक ७० दिनभित्र अभियुक्त आफैं वा वारेन्टबमोजिम पक्राउमा परी अदालतमा हाजिर हुन आए कानुनबमोजिम कारबाही हुनेछ । नआई सो म्याद गुजारी फरार रहे अंश रोक्का गरिने र २ वर्षसम्ममा पनि पक्राउ नपरी वा आफैं हाजिर हुन नआए रोक्का भएको अंश कानुनबमोजिम हुनेछ भनी प्रष्ट रूपमा उल्लेख भएको हुनुपर्छ ।

**(घ) वारेन्ट र म्यादी पुर्जीमा हाजिर नभए अपनाउने कार्यविधि :**

- फरार अभियुक्तको अंश रोक्का गरी मुद्दा मुलतबी राख्नुपर्छ ।
- २ वर्षसम्म हाजिर नभए मुलतबी रहेको मुद्दा जगाउनु पर्छ ।
- अंश रोक्का भएको २ वर्षसम्ममा हाजिर भए फैसला अनुसार लागेको बिगो दण्ड जरिवाना आदि लिलामद्वारा असुल गरी बाँकी फिर्ता हुन्छ । सजाय नभएमा रोक्का रहेको सम्पूर्ण सम्पत्ति फुकुवा हुन्छ ।

११२ ज्ञान ब. लामा वि. भू.सु.अ. बाँके समेत, उत्प्रेषण, ने.का.प. २०२७, अंक...,नि.नं. ५७३ (फु.बे.), पृ. ३१७, पद्म कुमारी वि. जि. भू.सु.का. नुवाकोट समेत, उत्प्रेषण, ने.का.प. २०३१, अंक ८, नि.नं. ८४४ (डि.बे.), पृ. २४५

११३ मुलुकी ऐन अदालती बन्दोबस्तको ९४ नं.

११४ ऐ. ९४ नं.

## १.२. समाह्वान जारी हुने अवस्था र प्रक्रिया :

**(क) अवस्था :**

- वारेन्ट र म्यादी पुर्जी जारी हुने मुद्दा बाहेक अन्य फौजदारी मुद्दा (सरकारवादी र दुनियाँवादी दुवै) मा समाह्वान जारी गर्नुपर्दछ ।

**(ख) अवधि :**

- ३० दिन[११५]

*द्रष्टव्यः अ.बं. १०२ नं.बमोजिमकै ढाँचामा देवानी मुद्दामा जारी गरिने म्यादलाई इतलायनामा भनिन्छ ।*

## १.३. म्याद तामेली प्रक्रिया :[११६]

म्याद तामेली गर्दा निम्न लिखित कानुनी प्रक्रियाहरू पुरा भएको हुनुपर्छ :


- जारी हुने समाह्वान वा इतलायनामाका साथमा फिरादपत्रको नक्कल समेत साथै पठाउनुपर्छ ।
- ३ प्रति म्याद जारी गर्नुपर्छ । तामेल गर्ने कर्मचारीबाट भर्पाई गराई राख्नुपर्छ ।
- म्याद तामेल गर्ने कर्मचारी (यस पछि तामेल्दार भनिएको) ले सम्बन्धित व्यक्ति चिने जहाँ फेला परे पनि म्याद बुझाउन हुन्छ ।
- फेला नपरे वा नचिने तामेलदारले अपनाउनुपर्ने कार्यविधि निम्नानुसार छन् :
  - सम्बन्धित ठेगानामा गई घर, डेरा पत्ता लगाउने,
  - तामेल गर्ने मानिस चिनी यकिन गर्ने,
  - सम्बन्धित गा.वि.स./न.पा. को सदस्य वा सचिव - १ र स्थानीय भलाद्मी २ जना गरी ३ जनालाई रोहबरमा राख्ने ।
  - सम्बन्धित व्यक्ति भेट भए निजलाई, भेट नभए उमेर पुगेको एकाघरका जहानमा भरसक लोग्ने मानिसलाई नभए स्वास्नी मानिसलाई बुझाउनुपर्छ ।
  - कोही नभए रितपूर्वक टाँस गरी तामेल गर्नुपर्छ ।

### १.३.१. म्याद तामेलीका चरणहरू :

- तामेलदारले तामेल भई आएको एक प्रति म्याद अदालतमा पेस गर्नुपर्छ र सम्बन्धित मिसिल सामेल राख्नुपर्छ ।

### १.३.२. तामेली म्यादको जाँचबुझ/कारबाही :[११७]

- अ.बं. ११० नं.बमोजिमको प्रक्रिया पुगे नपुगेको सम्बन्धमा स्रेस्तेदारले तामेल भई आएको म्यादको जाँचबुझ गर्नुपर्छ ।
- रितपूर्वक तामेल भएको नदेखिए पुनः म्याद जारी गरी तामेल गराउनुपर्छ ।
- तामेलदारले गाविस/नपामा बुझाउनुपर्ने प्रति नबुझाएमा प्रत्येक पटक निजलाई रु. १०० सम्म जरिवाना हुन सक्दछ ।




### १.३.३. विदेशमा रहेको व्यक्तिको हकमा:[११८]

- विदेशमा रहेबसेको व्यक्तिको नाममा समाह्वान, इतलायनामा, म्याद वा सूचना जारी गर्न वा बुझ्नुपर्ने सम्बन्धमा श्री ५ को सरकारले नियम बनाई व्यवस्था गरेबमोजिम तामेल हुनसक्छ ।
- श्री ५ को सरकारले यस प्रकारको नियम हालसम्म नबनाएको कारणले यस व्यवस्थाको कार्यान्वयन हुन सकेको छैन ।
- विदेशी व्यक्तिको नाममा म्याद तामेल गर्नुपर्दा त्यस्तो व्यक्तिको नेपाल अधिराज्यभित्र कुनै किसिमको कार्यालय

---

११५ ऐ. १०४

११६ ऐ. ११० नं.

११७ ऐ. ११० (१,४) नं.

११८ ऐ. ३४ नं.

वा प्रतिनिधि भए त्यस्तो कार्यालय वा प्रतिनिधिको नाममा गर्नुपर्छ । त्यस्तो कार्यालय वा प्रतिनिधि नभएमा त्यस्तो व्यक्ति स्थायी बसोबास गर्ने वा रहेको ठेगानामा र नेपालमा निजले कुनै कारोवार गरेको भए कारोवार गर्दाको बखत पत्राचारको लागि निजले दिएको ठेगाना रहेछ भने त्यस्तो ठेगानामा टेलेक्स, टेलिफ्याक्स वा अभिलेख हुन सक्ने दूरसञ्चारका अन्य माध्यममार्फत् वा रजिस्ट्री गरी हुलाकमार्फत् म्याद तामेल गर्नुपर्छ । त्यसरी तामेल गर्दा लाग्ने खर्च अदालतले कोर्ट फी सरह भराइदिनु पर्नेछ ।[११९]

### १.३.४. घरद्वारको पत्ता नभएको व्यक्तिको हकमा[१२०]

- घरद्वारको पत्ता नभएको मानिसलाई म्याद वा सूचना जारी गर्नुपर्दा उसको गाउँ, सहर, टोल लेखिएको भए सोही ठाउँमा र गाउँ, सहर, टोल पत्ता नलागेकोमा मुद्दा हेर्ने अड्डा वा अदालतको नजिक सबैले देख्ने ठाउँमा टाँसिदिनुपर्छ ।

### १.३.५. बेजिल्लामा म्याद तामेली सम्बन्धमा :

- अन्य अदालतको इलाका अन्तर्गत पर्ने ठाउँ भए पनि मुद्दा दायर भएको अदालतबाटै पायक पर्ने ठाउँ हो भनी म्याद तामेल गर्न निवेदन पर्न आएमा सो अदालतले मनासिब देखेमा आफ्नो इलाकामा म्याद तामेल गरे सरह त्यस्तो म्याद तामेल गर्न आदेश दिनुपर्छ ।[१२१]

### १.३.६. म्याद तामेलीमा सहयोग गर्नुपर्ने दायित्व :[१२२]

- म्याद तामेली गरिंदा सम्बन्धित गाविस/न.पा. को सदस्य, तालुकदार, स्थानीय भलाद्मी समेतले सम्बन्धित व्यक्तिको घरद्वार देखाइदिने, साक्षी बसी सहिछाप समेत गरिदिई सहयोग गर्नुपर्छ ।
- दायित्व पुरा नगरेमा हुने सजाय :
  - साक्षी नबसेमा रु. १०० सम्म जरिवाना
  - रु १०००।- सम्म जरिवाना वा १५ दिन सम्म कैद वा दुबै हुने अवस्था :
  - झूटो बेहोराको तामेली
  - झूटो मुचुल्का
  - तामेलीमा बाधा, विरोध
  - म्याद च्यातेमा वा पक्राउ गर्न सहयोग नगरेमा
  - तामेल्दारले बद्नियतवश तामेल नगरेमा ।

### १.३.७. अदालतद्वारा सुपरिवेक्षण:

- उल्लेखित कानुनी प्रावधानको समुचित कार्यान्वयनको लागि अदालतले म्याद तामेली कार्य शीघ्र र सहज तवरबाट हुन सकिरहेको छ वा छैन भनी हेरी असहयोग गर्ने व्यक्तिहरूलाई झिकाई बुझी आवश्यक कारबाही समेत गर्नुपर्ने हुन्छ ।

## १.४. प्रतिपादित सिद्धान्त :

**वास्तविक ठेगानामा म्याद तामेल गर्नु पर्ने :**

- वास्तविक ठेगानामा म्याद तामेल नगरी अन्यत्र तामेल गरेको म्यादबाट प्रतिवादको मौका प्रदान  गरेको भन्न मिल्दैन ।[१२३]
- म्याद तामेल गर्दा कम्तिमा १ जना स्थानीय निकायको सदस्यलाई साक्षी राख्नुपर्छ ।[१२४]
- आफैंले म्याद बुझे पनि स्थानीय निकायको सदस्य साक्षी नराखे म्याद बेरितको हुन्छ ।[१२५]
- सहिछाप अनिवार्य : म्याद तामेल गर्दा रोहबरमा रहेका स्थानीय प्रतिनिधि र अरू स्थानीय भलाद्मी २ जना र तामेल गर्ने कर्मचारीले ऐनबमोजिम अड्डामा बुझाउन ल्याउने प्रति म्याद सूचनामा सहिछाप गर्नु गराउनुपर्छ । म्याद तामेली गर्नेले सही नगरेको म्याद बेरितको हुन्छ ।[१२६]
- तामेली म्याद मिसिल सामेल हुनैपर्ने : तामेल गर्न लगेको म्याद मिसिल सामेल रहँदैन भने म्याद तामेल भएको निश्चित समय कायम गर्न मिल्दैन । तामेली म्याद मिसिल सामेल हुन नआएको अवस्थामा प्रतिवादीका नाउँमा पुन म्याद जारी गर्ने कार्य बेरितको हुँदैन ।[१२७]
- कसैको सम्पत्ति जफत गर्ने कारबाही गर्दा अ.बं. ११० नं.बमोजिम निजलाई सूचना दिने कारबाही नगरी एकै पटक समाचार पत्रमा प्रकाशित गरिएको सूचनाले व्यक्तिगत रूपमा सूचना तामेल गर्नु पर्ने कानुनी व्यवस्था अनुसार सूचित गरिएको सम्झन मिल्दैन ।[१२८]

## १.५. रित नपुगेको म्याद तामेलीको परिणाम :[१२९]

- तामेल भएको म्याद अ.बं. ११० नं.बमोजिमको रित नपुगेकोले प्रतिवादीले थाहा पाउन नसके म्याद गुज्री प्रतिवाद गर्न नपाई फैसला भइसकेकोमा फैसला भएको ६ महिनाभित्रमा थाहा पाएको ३५ दिनभित्र उजुरी साथ प्रतिउत्तर दिन सकिन्छ ।

---

११९ ऐ. ११० (३) (३)

१२० ऐ. ११२ नं.

१२१ ऐ. ११३ (क) नं.

१२२ ऐ. १११

१२३ मीना कार्की वि. भू.सु.का. झापा समेत, विषय : उत्प्रेषण, ने.का.प. २०४७, अंक ४, नि.नं. ४११८ (पू.ई.), पृ. ३२६,

१२४ बुद्धिलाल उपाध्याय वि. नरनाथ पराजुली, ने.का.प. २०२९, पृ. १०४

१२५ असर्फी खंत खतवे वि. भागवत खंत खतवे, उत्प्रेषण, ने.का.प. २०४४, अंक २, नि.नं. ३०१० (सं.ई.), पृ. २५७

१२६ राजमान माझी वि. भू.सु.अ. धनुषा समेत, उत्प्रेषण, ने.का.प. २०४२, अंक १०, नि.नं. २५२४ (डि.बे.), पृ. ९५५

१२७ अब्दुल हकिम खाँ वि. महम्मद सब्बीर खाँ समेत, उत्प्रेषण, ने.का.प. २०५१, अंक ९, नि.नं. ४९८३ (सं.ई.), पृ. ७३७

१२८ गीतादेवी वि. मन्त्रीपरिषद् सचिवालयसमेत, विषय : उत्प्रेषण, ने.का.प. २०५१, अंक १०, नि.नं. ४९९२ (सं.ई.), पृ. ७९८

१२९ मुलुकी ऐन अदालती बन्दोबस्ताको २०८ नं.

- यसरी प्रतिउत्तर पर्न आएकोमा मिसिल सामेल रहेको तामेली म्याद हेरी बेरितको देखिए पर्चा खडा गरी प्रतिउत्तर दर्ता गरी मुद्दा फैसला गर्नुपर्दछ ।
- म्याद रितपूर्वक तामेल भएको देखिएमा सोही बेहोरा खोली उजुर लाग्न नसक्ने भनी दरपिठ गर्नुपर्छ ।

### १.६. संक्षिप्त कार्यविधि ऐन अन्तर्गत उजुरीका उपर प्रतिवादीलाई बुझ्दा अदालतले निम्न प्रक्रिया पुरा गर्नुपर्छ :

- प्रतिवादी अदालतमा उपस्थित भए तुरुन्त निजको बयान लिई कारबाही गर्नुपर्छ ।
- उपस्थित प्रतिवादीले तुरुन्त बयान दिन इनकार गरी प्रतिउत्तरपत्र पेस गर्न चाहेमा निजलाई ७ दिनको म्याद दिनुपर्छ।
- प्रतिवादी अदालतमा उपस्थित नभए निजको नाममा ३ दिनभित्र समाह्वान वा इतलायनामा जारी गर्नुपर्छ ।

### १.७. तामेली प्रक्रिया :[१३०]

- प्रतिवादी स्वयम्लाई बुझाउने,
- एकाघर परिवारका उमेर पुगेका सदस्यलाई बुझाउने,
- घरद्वार पत्ता नलागेमा सम्बन्धित गाविस/न.पा. को सदस्य वा प्रतिनिधि वा कुनै २ जना स्थानीय प्रतिनिधिलाई रोहबरमा राखेर ग्रामीण क्षेत्रमा भए गाविसको कार्यालयमा र नगरक्षेत्रमा भए प्रतिवादीको घरद्वार भएको ठाउँमा सम्बन्धित वडाका कुनै सार्वजनिक ठाउँमा टाँसिदिनुपर्छ ।
- तर वादीले गलत ठेगाना उल्लेख गरेको कारणले प्रतिवादीको घर, डेरा पत्ता नलागेको रहेछ भने घर पत्ता नलागेको भनेर टाँस हुँदैमा सो म्याद रितपूर्वक तामेल भएको मानिदैन ।
- बाटाको म्याद बाहेक १५ दिनभित्र म्याद तामेल गरिसक्नुपर्छ ।
- मनासिब कारण नभई म्याद तामेल गर्न ढिलो गरेको देखिएमा तामेलदारलाई जरिवाना हुन सक्दछ ।

### १.८. विशेष अदालत ऐन, २०५९ द्वारा निर्धारित म्याद तामेलीको कार्यविधि :

#### १.८.१. अवधि :

- विदेशमा रहेको भए बाटोको म्याद बाहेक ३० दिनसम्म
- नेपाल अधिराज्यमा भए १५ दिनसम्म
- साक्षीलाई झिकाउँदा बाटोको म्याद बाहेक ७ दिन

#### १.८.२. प्रक्रिया

- विदेशमा रहेको प्रतिवादीको नाउँमा म्याद तामेल गर्दा त्यस्तो प्रतिवादीको नेपाल अधिराज्यमा कुनै किसिमको कार्यालय वा प्रतिनिधि भए त्यस्तो कार्यालय वा प्रतिनिधिको नाममा म्याद तामेल गर्नुपर्छ ।
- यस प्रकारको कार्यालय वा प्रतिनिधि नभएमा त्यस्तो प्रतिवादीले कारोबार गर्ने मुख्य स्थान वा स्थायी बसोबास गर्ने ठेगाना वा कारोबार गर्दाको बखत पत्राचारको लागि निजले दिएको कुनै ठेगाना रहेछ भने त्यस्तो ठेगानामा टेलेक्स, टेलिफ्याक्स वा अभिलेख हुन सक्ने दुरसंचारका अन्य कुनै माध्यममार्फत् वा रजिस्ट्री गरी हुलाकमार्फत् तामेल गरिनेछ । त्यसरी तामेल भएको म्याद रितपूर्वक तामेल भएको मानिनेछ ।

#### १.८.३. म्याद तामेल गर्ने गराउने निकाय

- विशेष अदालतका कर्मचारीद्वारा, वा
- जिल्ला अदालतबाट, वा
- नजिकको अरू कुनै सरकारी कार्यालयमार्फत् तामेल हुन सक्दछ ।

#### १.८.४. तामेल गराउने कर्तव्य :

- विशेष अदालतबाट जारी भएको म्याद प्राथमिकताका साथ तामेल गराउनु सम्बन्धित जिल्ला अदालको स्रेस्तेदार वा सरकारी कार्यालयका प्रमुखको कर्तव्य हुन्छ ।

#### १.८.५. तामेलदारको दायित्व :

- बाटाको म्याद बाहेक २ दिन भित्र तामेल गरिसक्नुपर्छ ।
- मनासिब कारणबिना ढिलो तामेल गरेमा विशेष अदालतले रु. ५०० सम्म जरिवाना गर्न सक्छ ।

#### १.८.६. आफैंले म्याद बुझ्न सक्ने :

- आफ्नो नाममा म्याद जारी भएको थाहा पाई विशेष अदालत वा तामेल गर्न पठाइएको अदालत वा कार्यालयमा गई बिना दस्तुर नै निवेदन दिई बुझ्न सकिन्छ ।

#### १.८.७. ठेगाना पत्ता नलागेको वा बुझाउन नसकेको अवस्थामा:

- ठेगाना पत्ता नलागी वा अन्य कुनै कारणले म्याद बुझाउन नसकिएको प्रतिवेदन पर्न आए मुद्दाको संक्षिप्त विवरण सहित सम्बन्धित व्यक्तिलाई ३० दिन सम्मको म्याद दिई उपस्थित हुन राष्ट्रिय स्तरको समाचारपत्रमा (विदेशीको हकमा अंग्रेजी दैनिकमा) कम्तिमा २ पटक सार्वजनिक सूचना प्रकाशित गर्नुपर्छ । यसरी सूचना प्रकाशन भएकोमा रितपूर्वक म्याद तामेल भएको मानिन्छ ।

#### १.८.८. अन्य प्रचलित कानुन आकर्षित हुने :

- ऐनको दफा १० मा उल्लेख भएदेखि बाहेक म्याद तामेली सम्बन्धी अन्य व्यवस्था प्रचालित कानुनबमोजिम हुन्छ ।

---

१३० ऐ. अनुसूची ३ को ढाँचा

# परिच्छेद ४

## १. विवाद निर्धारण तथा प्रमाण प्रस्तुतीकरण प्रक्रिया :

**प्रमाण प्रस्तुतिकरण**

- **अ.बं. ७७ नं.** = उजुरी र प्रतिउत्तरसँग प्रमाण पेश गर्ने (सामान्य व्यवस्था)
- **अ.बं. ७७ (१) - (५)** = पछि प्रमाण पेश गर्न सकिने (अपवाद)
- **अ.बं. १७० (क)** = अरुको कब्जाको प्रमाण पेश गर्ने (अपवाद)।
- **अ.बं. १३९ नं.** = पेटबोलिबाट बुझिएकाको प्रमाण पेश।

**विवाद निर्धारण**

- **अ.बं. १८४ (क)** = मुख नमिलेकोमा प्रमाण बुझ्ने।

### १.१. ठहर गर्नुपर्ने कुरा निर्धारण :

- प्रतिउत्तर परिसकेर दुवै पक्ष एकै मिलान तारेखमा उपस्थित भएपछि सबै लिखत कागजहरू हेरी दुवै पक्षलाई देखाउनुपर्छ र केही कुरा सोध्नुपर्ने भए अदालतले सोधपुछ समेत गर्नुपर्छ। दुवै थरीको कुरा आंशिक वा पूर्ण रूपमा नमिलेको देखिन आएमा मुख नमिलेको कुरामा बुझ्नुपर्ने प्रमाणहरू स्पष्ट खोली पर्चा खडा गरी सबुत प्रमाण झिकाउने, बुझ्ने आदेश गर्नुपर्छ।[१३१]
- वादी र प्रतिवादीको प्रमाणहरू बुझ्न भन्दा पहिले अदालतले अ.बं. १८४ (क) नं.बमोजिम विवादको निर्धारण गर्नुपर्छ।
- फिरादपत्र, प्रतिउत्तरपत्र तथा मिसिल संलग्न प्रमाणहरू हेरी वादी प्रतिवादी समेतलाई देखाई बुझाई निम्न कुराहरू निर्धारण गर्नुपर्छ :
  - वादी र प्रतिवादीका बीचमा पूर्ण रूपमा मुख मिलेको कुरा।
  - वादी र प्रतिवादीका बीचमा आंशिक रूपमा देखिएका विवाद भए सो कुरा, र
  - वादी र प्रतिवादीका बीचमा पूर्ण रूपमा मुख नमिलेका कुराहरू।
- अदालतले मुद्दाका पक्षकारहरूको बीचमा मुख नमिली पूर्ण वा आंशिक रूपमा विवाद रहेको कुराहरूमा मात्र पुर्पक्ष गर्नुपर्ने हुन्छ र सोहीबमोजिम विवादको निर्क्योलका लागि सम्बद्ध प्रमाणहरू मात्र बुझ्नुपर्दछ।
- सामान्यतया विवाद नभएको अर्थात् मुख मिलेको कुरामा प्रमाण बुझ्नु पर्दैन। तर पनि प्रमाण ऐन, २०३१ को दफा ३ बमोजिम अदालतले मनासिव ठानेमा पक्षले स्वीकार गरेको कुराका सम्बन्धमा पनि प्रमाण बुझ्न सक्दछ।

**प्रतिपादित सिद्धान्त :**

- वादी दाबी र प्रतिउत्तर जिकिरबाट मुख नमिलेका कुरामा मात्र अ.बं. १८४ (क) नं. तथा १८५ नं.बमोजिम निर्णय निरुपण गर्नुपर्ने हुन्छ। वादी प्रतिवादीले विवाद नउठाएपछि त्यस विषयमा अदालतले बोलिरहने अवस्था रहँदैन।[१३२]

**बुझ्नु पर्ने प्रमाण :**[१३३]

- प्रमाण बुझ्न हुने कुराहरू : अदालतले मुद्दामा ठहर गर्नुपर्ने कुरा र त्यस्तो कुरासँग सम्बद्ध कुराको मात्र प्रमाण बुझ्नुहुन्छ।[१३४]
- मुद्दाको कुनै पक्षले व्यक्त गरेको कुनै कुरा अर्को पक्षले लिखित रूपमा स्वीकार गरेमा सो स्वीकार गरेको कुराका सम्बन्धमा प्रमाण बुझ्न पर्दैन। तर अदालतले उपयुक्त ठानेमा त्यस्तो कुराका सम्बन्धमा पनि प्रमाण बुझ्न सक्नेछ।
- प्रमाण ऐनको दफा ३ अनुसार ठहर गर्नुपर्ने कुरा सँग सम्बद्ध प्रमाण बाहेक अन्य प्रमाण बुझ्न हुँदैन। बुझिएका प्रमाणको सम्बद्धता दाबी र प्रतिवादसँग हुनुपर्छ।
- मुखले मात्र सावित भई कुनै मुद्दा चल्न नसक्ने हुनाले मुख साबिती र अपराध गर्नु यी दुई भिन्न हुन सक्छन्। मुखले मात्र साबित भएकोमा अपराध गरेको हो भनी ठहर गर्न अरू प्रमाण चाहिन्छ।[१३५]

---

१३१ ऐ. १८४ (क) नं.

१३२ लीला कुमारी कार्की वि. सूर्यमान रञ्जितकार, उत्प्रेषण, ने.का.प. २०४३, अंक १, नि.नं. २५९४ (डि.बे.), पृ. ३१, अवलम्बित नजिर २०३४, पृ. २८५, २०३८, पृ. २३

१३३ प्रमाण ऐन, २०३१, दफा ४

१३४ ऐ. दफा ४ (क)

१३५ श्री ५ को सरकार वि. मनराज कहार, ज्यान, ने.का.प. २०२७, अं.क. नि.नं. ५६० (पू.ई.) पृ. २४७

## १.२. प्रमाण प्रस्तुतीकरण :[१३६]

**(क) फिराद, प्रतिवाद वा बयान गर्दा पेस गर्नुपर्ने :**

- लिखतको प्रकृतिबाट आफूसँग रहनुपर्ने वा आफूले प्राप्त गर्न सक्ने लिखत प्रमाणको सक्कल र त्यसको एक प्रति नक्कल वादीले उजुरीका साथ र प्रतिवादीले प्रतिउत्तरपत्रका साथ वा बयान गर्दा पेस गर्नुपर्छ ।
- फिरादपत्र वा प्रतिउत्तरपत्रका साथमा पेस गर्न सकिने सबुत प्रमाण पछि प्रस्तुत गर्न पाइँदैन ।

**अपवाद :**[१३७]

**(ख) फौजदारी मुद्दामा थप प्रमाण बुझ्ने :**

- श्री ५ को सरकार वादी हुने र हुलदंगा, कुटपिट मुद्दामा फिरादपत्र वा प्रतिउत्तरपत्रमा लेखिएदेखि बाहेकका लिखत प्रमाण वा साक्षी वा सरजमिनका मानिस समेत बुझेर न्याय सम्पादन गर्न सकिन्छ ।

**(ग) सक्कल ल्याउन नसकिने अवस्थामा :**

- अदालतमा बोकी ल्याउन नसकिने लिखतका हकमा सोको नक्कल मात्र पेस गरे पनि हुन्छ ।

**(घ) सद्दे किर्ते बयानको सम्बन्धमा :**

- अ.बं. ७८ नं.बमोजिम लिखत सद्देकिर्तेतर्फ सुनाई बयान गराउन र तत् सम्बन्धी प्रमाण बुझ्ने कुरामा सोहीबमोजिम हुन्छ । यसरी बयान गराउँदा पक्षकारहरूले आफ्नो बयानको पुष्टि गर्ने प्रमाणहरू पेस गर्न सक्छन् ।

**(ङ) विशेष सुविधा :**

- नाबालक, वृद्ध अवस्था, होस् ठेगानमा नभएको वा बहुलाएको, अन्धा, लाटा र विदेश गई फर्की आउने ठेगान नभएका मानिसको तर्फबाट संरक्षक वा हकवालाले अ.बं. ८३ नं.बमोजिम दायर गरेको मुद्दामा कुनै मनासिब कारण देखाई निवेदन गरेमा सो लिखत प्रमाण पेस गर्न अदालतले बढीमा ३५ दिनसम्मको तारेख तोकिदिन सक्छ ।

**(च) फेला पर्न नसकेको महत्वपूर्ण प्रमाण :**

- कुनै नयाँ र महत्वपूर्ण लिखतप्रमाण, फिरादपत्र वा प्रतिउत्तरपत्र दिंदाका समयमा आफूले भर मग्दुर कोसिस गर्दा पनि थाहा नपाएको वा प्राप्त गर्न नसकेको प्रमाण सम्बन्धमा पक्षकारको निवेदन अनुसार अदालतले मनासिब देखेमा पछि प्रस्तुत गर्न आदेश दिन सक्छ ।

**प्रतिपादित सिद्धान्त:**

- लिखतको पक्का प्रमाण रहेछ र बुझी पाउँ, भन्यो भने जुनसुकै तहका अड्डाले पनि मुद्दा नछिनिएसम्म बुझिदिनुपर्दछ ।[१३८]
- भरमग्दुर कोसिस गर्दा हाल फेला परेको बोली उक्त निवेदनमा नलेखिएका कारणबाट अ.बं. ७७ नं. को देहाय ५ उल्लेख गरिदिएको त्यस्तो महत्वपूर्ण प्रमाणहरूलाई त्यसै तिरस्कार गर्न मिल्दैन ।[१३९]

**(छ) प्रमाण ऐनले गरेको व्यवस्था :**[१४०]

- कुनै लिखत वा लिखतमा उल्लेख भएको कुरा सो लिखत नै पेस गरी प्रमाणित गर्नुपर्छ,

  **अपवाद :** (रितपूर्वकको नक्कल वा मौखिक प्रमाणद्वारा लिखत प्रमाणित गर्न सकिने अवस्था ।)

- लिखत विपक्षीको साथमा भएमा,
- लिखत राख्ने व्यक्तिलाई म्याद जारी गर्न नसक्ने अवस्था भएमा वा निजबाट पेस नभएमा,
- हराए, नासिएको प्रमाणित भएमा,
- अदालतमा उठाएर ल्याउन नसकिने भएमा,
- लिखतको प्रकृति अनुसार सम्बन्धित पक्षसँग रहने अवस्था नभई रितपूर्वकको नक्कल मात्र पेस भएमा,

**(ज) अरूको कब्जामा रहेको लिखतको सम्बन्धमा :**[१४१]

- मुद्दाको पक्षले प्रस्तुत गर्न नसक्ने तर इन्साफ गर्न अति आवश्यक परेको लिखत पेस गर्न भनी लिखत कब्जामा राख्ने व्यक्तिलाई मुद्दा चलिरहेको जुनसुकै बखत अदालतले आदेश दिनुपर्छ । तोकिएको समयभित्र लिखत पेस गर्ने दायित्व पुरा नगरे वा पेस गर्न नसक्ने मनासिब कारण पनि नदेखाए अदालतले रु. ५०० सम्म जरिवाना गर्न सक्छ ।

***संक्षिप्त कार्यविधि अन्तर्गतको मुद्दाको सम्बन्धमा:***

- संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा ७ बमोजिम जारी भएको इतलायनामाको म्यादमा प्रतिवादीले प्रतिवाद गर्न नसक्ने कुनै विश्वसनीय कारण देखाई निजका एकाघर सँगका कुनै हकवालाले सो म्याद भुक्तान भएको मितिले ७ दिनभित्र वादीको दाबी खण्डन हुने कुनै प्रमाण पेस गरेमा अदालतले सो समेत बुझी मुद्दा किनारा गर्नुपर्छ ।

***फौजदारी मुद्दाको सम्बन्धमा :***

- संक्षिप्त कार्यविधि ऐनको दफा ७ बमोजिम जारी भएको समाह्वानको म्यादमा प्रतिवादी अदालतमा उपस्थित हुन नसके वा प्रतिउत्तर पेस गर्न नसक्ने विश्वसनीय कारण देखाए कसैले (हकवाला बाहेक अन्य जो सुकैले) सो म्याद भुक्तान भएको मितिले ७ दिनभित्र उजुरीको

---

१३६ मुलुकी ऐन अदालती बन्दोबस्तको ७७ नं.

१३७ ऐ. ७७ (१) देखि (५)

१३८ देवीमाया श्रेष्ठानी वि. पद्म नारायण, न्वारान गरिदिएन, ने.का.प. २०२४, नि.नं. ३६७ (पू.ई.), पृ. २८

१३९ पूर्ण ब. वि. न्हुछे, मुद्दा : हक कायम, निखनाई पाउँ, ने.का.प. २०४९, नि.नं. ४४६५ (पू.ई.), पृ. ११२

१४० प्रमाण ऐन, २०३१, दफा ३५

१४१ मुलुकी ऐन अदालती बन्दोबस्तको १७० (क)

खण्डन हुने कुनै प्रमाण पेस गरेमा सो प्रमाण समेत बुझी मुद्दा किनारा गर्नुपर्छ ।

**(झ) पेटबोलीबाट बुझिएका व्यक्तिद्वारा प्रमाण प्रस्तुतीकरण:**[१४२]

- वादी प्रतिवादीका पेटबोलीमा लेखिएका मानिस नबुझी मुद्दा नछिनिने देखिएमा प्रमाणका तवरले अदालतबाट बुझ्नु हुन्छ र बुझ्दा प्रतिवादी सरह कारणी देखिन आएमा प्रतिवादी सरह प्रमाण समेत खुलाई बयान लिई कारणी सरह नै तारेखमा राखी उसले दिएको प्रमाण समेत बुझी र सो व्यक्ति प्रमाण सरहसम्म देखिएमा बयान गराई फैसला गर्नुपर्छ ।

**मौखिक प्रमाण प्रस्तुतीकरण :**

- लिखत नै पेस गरी कुनै कुरा प्रमाणित गर्नुपर्ने अवस्थामा बाहेक अन्य अवस्थामा मौखिक प्रमाण प्रस्तुत गरेर पनि आफ्नो दाबी वा जिकिर प्रमाणित गर्नुहुन्छ ।[१४३]
- यसरी प्रस्तुत गरिएको मौखिक प्रमाण प्रत्यक्ष हुनुपर्छ अर्थात् आफ्नो इन्द्रियले देख्ने, सुन्ने वा थाहा पाउने व्यक्तिले व्यक्त गरेको कुरालाई मात्र अदालतले प्रत्यक्ष प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने हुन्छ ।
- साक्षीको रूपमा उपस्थित भई अदालत समक्ष दिएको निम्न अप्रत्यक्ष (सुनिजानेको कुराको) मौखिक प्रमाणलाई अपवादको रूपमा प्रमाणमा लिइन्छ ।
  - मौकामा व्यक्त गरेको कुरा[१४४]
  - मरेको व्यक्तिले होस् छँदै व्यक्त गरेको कुरा[१४५]
  - खास अवस्थाका व्यक्तिले व्यक्त गरेको खासखास कुराहरू[१४६]

## १.३. प्रत्यक्ष प्रमाण पेस गर्न प्रोत्साहित गर्नुपर्ने:

- मुद्दा मामिला कारबाहीका क्रममा अदालतले प्रत्यक्ष प्रमाण प्रस्तुत गर्ने कुरामा विशेष दृष्टि पुऱ्याउनुपर्दछ ।

## १.४. प्रमाण बुझ्ने क्रममा अदालतको अग्रसरता:

- मुद्दाका पक्षहरूबाट प्रस्तुत हुने लिखित र मौखिक प्रमाणहरूको अलावा विवाद निर्क्यौलका लागि आवश्यकताअनुसार अदालत स्वयंले पनि वास्तविक र पूर्ण न्यायका लागि प्रमाण बुझ्ने क्रममा अग्रसरता देखाउन सक्छ ।
- अ.बं. १७१ नं.बमोजिम अदालतले विवादित घर जग्गाको क्षेत्रफल अवस्था, प्रकृति, किल्ला, साँध, संधियार आदि समेत खुल्ने गरी नाप नक्सा, मुचुल्का गर्नको लागि आदेश दिई वस्तुस्थितिको वास्तविकताको यकिन गर्न सक्छ ।

**(क) प्रमाण बुझ्ने समय:**

***सामान्य व्यवस्था :***[१४७]

- प्रतिउत्तरपत्र दर्ता भएको मितिले र तोकिएको म्यादमा प्रतिउत्तर दिन नसकी एकतर्फी हुने भएकोमा सो एकतर्फी हुने भएका मितिले ७ दिनभन्दा बढी ढिला गर्नु हुँदैन ।

***थुनिएका व्यक्तिको हकमा:***[१४८]

- कुनै मुद्दामा कुनै व्यक्ति थुनिएको, कुनै धरौट जमानी वा तारेखमा वा फरार भई नथुनिएको व्यक्तिका हकमा कानुनअनुसार अंग पुऱ्याउन समय लाग्ने भई एकै साथ कारबाही गर्दा थुनिएकाको हकमा निज थुनिएका मितिले कानुनका म्यादभित्र मुद्दा किनारा लगाउन नसकिने देखिएमा अदालतले थुनिएका व्यक्तिको सम्बन्धमा मात्र प्रमाण बुझी मुद्दा किनारा लगाउन हुन्छ । किनारा नलगाई थुनामा राख्नु हुँदैन ।

***मुल्तबी रहेको अवस्थामा :***[१४९]

- मुद्दा मुल्तबी रहेको अवस्थामा मुल्तबी जागेपछि मुद्दाको पक्षलाई बाटाको म्याद बाहेक ७ दिनको तारिख तोकी पठाउनुपर्छ ।

***लिखत प्रमाण परीक्षण***

सबुत प्रमाण बुझ्न भनी तोकिएको तारिखमा वादीको प्रमाणको कागज प्रतिवादीलाई र प्रतिवादीको प्रमाणको कागज वादीलाई सक्कलै सुनाई देखाई सद्देकिर्ते वा जालसाँजी के भन्छ सोही बेहोराको बयान गराउनुपर्छ । उसै बखत छुट्याउन नसक्ने भएमा न्यायाधीशले ३ दिनसम्मको म्याद दिनुपर्छ । झगडिया बाहेक अरूको सहिछाप परेको कागज पेस भएको अवस्थामा म्याद दिंदा बढीमा ३५ दिनको दिनुपर्छ । यसरी म्याद दिंदा म्याद पाउनेको सो कागज देखें, सुने भन्ने कागज गराउनुपर्छ । सो म्यादभित्र सद्दे, किर्ते वा जालसाँजी जे भन्छ बयान गराउनुपर्छ । किर्ते वा जालसाँजी हो भन्ने बयान गरेका दिन निजका झगडियाहरू हाजिर रहेको भए हाजिर भएकै दिन बयान गराई लिनुपर्छ । वारेस वा कानुन व्यवसायी तारेखमा रहेकोमा झगडियालाई नै झिकाउनु आवश्यक देखिएमा झगडिया झिकाई झगडियाको बयान गराउन पनि हुन्छ । सो म्यादभित्र दाखिल गरे जति सबुतको दाखिल भएकै दिन अकर्ण गराई लिनुपर्छ । सो म्याद भित्र दाखिल नगरेको प्रमाण लाग्न सक्दैन ।[१५०]

पक्षहरूबाट प्रस्तुत भएको लिखत सद्देकिर्तेमा बयान गराउनुपर्ने भए अ.बं. ७८ नं.बमोजिम अदालतले निम्न प्रक्रियाहरू अपनाउनुपर्छ :


१४२ ऐ. १३९ नं.
१४३ प्रमाण ऐन, २०३१, दफा ३७
१४४ ऐ. दफा १०
१४५ ऐ. दफा ११
१४६ ऐ. दफा १२
१४७ मुलुकी ऐन अदालती बन्दोबस्तको १४० नं
१४८ ऐ. १२२ नं.
१४९ ऐ. १२ नं.
१५० ऐ. ७८ नं

- तोकिएको तारेखमा बादी प्रतिवादीलाई एक अर्काको कागज सक्कलै देखाई सद्देकिर्ते वा जालसाजी एकिन गर्न बयान गराउने ।
- तोकिएको दिन बयान गर्न नसके पक्षकारको अनुरोधमा अदालतले ३ दिनसम्मको समय दिन सक्छ ।
- सम्बन्धित पक्ष बाहेक अरू व्यक्तिको सहिछाप परेको कागजको सम्बन्धमा सद्देकिर्तेमा बयान गर्न समय माग्दा बढीमा ३५ दिन सम्मको समय दिनुहुन्छ ।
- वारेस वा कानुन व्यवसायीले पनि पक्षका तर्फबाट यस्तो बयान गर्न सक्छन् तर सम्बन्धित पक्ष नै झिकाउन आवश्यक देखेमा निजहरूलाई नै झिकाई बयान गराउनुपर्छ ।
- बयान गर्दाको अवस्थामा पेस भएको लिखत प्रमाणको विवरण उल्लेख गर्नुपर्छ ।

**(ख) प्रमाणमा लिन हुने र नहुने कुराहरू :**

- अ.बं. १८४ (क) नं.बमोजिम विवाद निर्धारण गरिसकेपछि अदालतले प्रमाण बुझ्ने क्रममा प्रमाण ऐन अनुसार प्रमाणमा लिन हुने र नहुने कुराहरू विचार गरेर मात्र प्रमाणहरू बुझ्नु पर्छ ।

## १.५. प्रमाणमा लिन हुने कुराहरू :




**१.५.१. मुद्दासँग सम्बद्ध प्रमाण ऐनबमोजिम प्रमाणमा लिन हुने कुराहरू र साक्षीले अदालत समक्ष बकेका कुरा मात्र प्रमाणमा लिन हुन्छ ।**[१५१]

**१.५.२. पक्षले व्यक्त गरेको कुरा :**

(क) पक्ष स्वयंले व्यक्त गरेको :

- मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुरा निजका विरुद्ध प्रमाणमा लिन हुन्छ ।
- तर फौजदारी मुद्दामा कुनै अभियुक्तले निजलाई लगाइएको अभियोगका सम्बन्धमा अदालत बाहेक अन्यत्र व्यक्त गरेका कुराका सम्बन्धमा भने सो बयान डर, धाक, धम्की, यातना, प्रलोभन दिएर गराएको नभई पक्षले परिणाम बुझी आफ्नो स्वेच्छाले स्वतन्त्र रूपमा व्यक्त गरेको छ भने मात्र प्रमाणमा लिन हुन्छ ।[१५२]

ख) पक्षको वारेस वा प्रतिनिधि संयुक्त स्वामित्ववाला लगायतका व्यक्तिले व्यक्त गरेको कुरा पनि पक्षले व्यक्त गरेको सरह मानिन्छ ।[१५३]

**१.५.३. मौकामा व्यक्त गरेको कुरा :**[१५४]

- घटना प्रत्यक्ष रूपमा देख्ने वा थाहा पाउने व्यक्ति वा घटनाबाट पीडित व्यक्तिले व्यक्त गरेको कुरा ।
- कुनै काम घटना वा अवस्थाका सम्बन्धमा कुनै व्यक्तिले निजको शारीरिक वा मानसिक अवस्था स्पष्ट रूपमा बोध हुने गरी त्यस्तो अवस्था कायम छँदै व्यक्त गरेको कुरा ।

**१.५.४. मरेको व्यक्तिले होस छँदै व्यक्त गरेको कुरा :**[१५५]

- मर्न लागेको व्यक्तिले झुठो बोल्दैन भन्ने मान्यताको आधारमा मृत्युकालीन घोषणालाई प्रमाणमा लिने गरिन्छ ।
- मृत्युकालीन घोषणा लिखित वा मौखिक दुवै हुन सक्छ ।
- मौखिक हो भने त्यस्तो घोषणा सुन्ने व्यक्तिले अदालतमा उपस्थित भई मरेको व्यक्तिले मर्नु पूर्व व्यक्त गरेको कुरा त्यसै रूपमा व्यक्त गर्नुपर्छ ।

**प्रतिपादित सिद्धान्त :**

- मृतकले मर्नुभन्दा अगाडि आफू समक्ष गरेको कागज सम्बन्धमा गोलीको वेदनाले सरसर्ती भन्न नसके पनि रोकी-रोकी होसमा निजले भनेबमोजिम लेखिएको हो भनी प्रहरी कर्मचारी अदालतमा आई गरेको बयानलाई असत्य मान्न मिल्दैन, प्रमाणमा लिन मिल्छ ।[१५६]

---

१५१ प्रमाण ऐन २०३१, दफा ८
१५२ ऐ. दफा ९ (२)
१५३ ऐ. दफा ९ (३)
१५४ ऐ. दफा १०
१५५ ऐ. दफा ११
१५६ पंख ब. समेत वि. श्री ५ को सरकार, कर्तव्य ज्यान, ने.का.प.प. २०४४,अंक. ९, नि.नं. ३२०९ (सं.ई.), पृ. ९४२

- मर्नेले होस् छँदै भनेको भनी देखाइएको मुचुल्कामा व्यक्त गरेको कुरामा मुचुल्कामा बस्नेले मुचुल्का गरिंदा आफू रोहवरमा नरहेको भनी लेखिएको कुरा पुष्टि नगरेको, रोहवरमा राखिएको भनिएको व्यक्तिले पनि अदालतमा आई बकपत्र गर्दा मर्ने मानिस सो अवस्थामा बोल्दै थियो भन्ने सम्म सकारी मुचुल्कामा उल्लेख भएको कुराहरू आफूले नसुनेको भनी लेखाई मर्नेले होस् छँदै भनेको ठिक हो भनी प्रमाणित नगरेकाबाट सो मुचुल्कालाई शंकारहित तवरबाट प्रमाणमा लिन सकिने अवस्था नरहने ।[१५७]

### १.५.५. खास अवस्थाका व्यक्तिले व्यक्त गरेको खास कुराहरू:[१५८]

- अदालतमा उपस्थित हुन नसक्ने (मरी, बेपत्ता भई वा अन्य कारणले) व्यक्तिले व्यक्त गरेको कुरा कुनै सार्वजनिक हक, रीति थिति जस्ता खास कुराहरू प्रमाणमा लिन हुन्छ ।
- यो व्यवस्था सुनी सुनाई कुरालाई प्रमाणमा लिन नमिल्ने भन्ने (Hear say evidence is no evidence) मान्यताको अपवाद हो ।

### १.५.६. सार्वजनिक लिखत इत्यादिमा उल्लेख भएका कुरा :[१५९]

### १.५.७. कामकारबाही वा व्यवसाय सम्बन्धी विवरण/अभिलेख :[१६०]

- खाता, बही, किताब, अन्य स्रेस्ता
- चिठीपत्र, चलानी वा अन्य विवरण

### १.५.८. मान्यता प्राप्त पुस्तक वा लेख :[१६१]

- कानुन वा अदालतको निर्णयका सम्बन्धमा प्रकाशित पुस्तकमा जनिएका कुराहरू
- खास प्रकारका तथ्यांक, सूचीपत्र, विवरण आदि:[१६२]
- अनुसन्धानको सिलसिलामा तयार भएका लिखत:[१६३]
- लासजाँच प्रकृति मुचुल्का, खानतलासी मुचुल्का, वस्तुस्थिति मुचुल्का आदि लिखतहरू ।
- यस्तो लिखतलाई प्रमाणमा लिंदा त्यस्तो व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा उपस्थित भई बयान गरेमा मात्र प्रमाणमा लिन हुन्छ।
- तर शव परीक्षण प्रतिवेदनमा सम्बन्धित विशेषज्ञले दिएको रायमा विवाद नभएमा सो विशेषज्ञ अदालतमा उपस्थित नभए पनि प्रमाणमा लिन हुन्छ ।

### १.५.९. निस्सा वा प्रमाणपत्र वा रितपूर्वक जाहेर भएको प्रतिवेदन लगायतका अन्य सम्बद्ध लिखतलाई प्रमाणमा लिन हुन्छ :[१६४]

### १.५.१०. दसी प्रमाण :[१६५]

- साक्षीले अदालत समक्ष सनाखत गरेको मुद्दासँग सम्बन्धित जुनसुकै दसी वा चिजवस्तु प्रमाणमा लिनु हुन्छ ।

**प्रतिपादित सिद्धान्त :**

- अभियुक्तबाट दसी बरामद भएकोमा घटनास्थलमा भेटिएको चप्पल र छातामध्ये चप्पल आफ्नो हो भनी अभियुक्तले सनाखत गरेको भनी अधिकांश सरजमिनले लेखाइदिएको र अदालतमा समेत सोही कुरा बकेकोमा रितपूर्वक सनाखत नभए पनि प्रमाणमा लिएको पाइन्छ ।[१६६]
- ज्यान मुद्दामा बरामद भएको भाला दसीको रूपमा सनाखत नभएको र सो भालामा लागेको रगत पनि जाँच नभएकोमा प्रमाणमा ग्रहण गर्न मिल्दैन ।[१६७]
- सामान्यतया सनाखत नगरेको दसी प्रमाणमा लिन नहुने भए तापनि अन्य सम्बद्ध प्रमाणहरूबाट समर्थित भएमा दसी सनाखत नभए पनि प्रमाणमा लिएको पाइन्छ ।

### १.५.११. व्यक्तिगत राय:[१६८]

- विदेशी कानुन, कला, हस्ताक्षर वा ल्याप्चेको सम्बन्धमा विशेषज्ञको रायलाई प्रमाणमा लिनुहुन्छ ।
- विशेषज्ञको राय आधार र कारण सहित किटानीका साथ दिएको अवस्थामा प्रमाणमा लाग्छ । अनुमानको आधारमा दिएको रायलाई प्रमाणमा लिन हुँदैन ।
- विशेषज्ञको राय एकिन गर्नको लागि विशेषज्ञलाई साक्षी सरह बकपत्र गराउनुपर्छ ।[१६९]


**प्रतिपादित सिद्धान्त :**

- विशेषज्ञको अस्पष्ट रायलाई प्रमाणमा लिन मिल्दैन ।[१७०]
- विशेषज्ञको राय तर्कसंगत रूपमा खण्डन नभए प्रमाणमा लिनुपर्छ ।[१७१]

---

१५७ श्री ५ को सरकार वि. उद्धव कुमार, कर्तव्य ज्यान, ने.का.प. २०४९, अंक ७, नि.नं. ४५८० (सं.ई.), पृ. ६४८
१५८ प्रमाण ऐन, २०३१ को दफा १२ र १७
१५९ ऐ. २०३१ को दफा १३
१६० ऐ. दफा १४
१६१ ऐ. दफा १५
१६२ ऐ. दफा १६
१६३ ऐ. दफा १८
१६४ ऐ. दफा १९, २०, २१
१६५ ऐ. दफा २२
१६६ बुद्धि ब. समेत वि. श्री ५ को सरकार, कर्तव्य ज्यान, ने.का.प. २०४३, अंक ७, नि.नं. २७७२ (पू.ई.), पृ. ६१५, उमेशसिंह वि. श्री ५ को सरकार, ने.का.प. २०४३, पृ ७४
१६७ रामनारायण मण्डल वि.श्री ५ को सरकार, ज्यान, ने.का.प. २०४०, अंक ९,, नि.नं. १७३८ (पू.ई.), पृ. ५०७
१६८ प्रमाण ऐन, २०३१ को दफा २३
१६९ ऐ. दफा ५२
१७० श्री ५ को सरकार वि. केशव प्र., चेक कीर्ते, ने.का.प. २०३८, अंक ८, नि.नं. १४९१ (पू.ई.), पृ. १६
१७१ गंगादेवी वि. अयोध्यादेवी, ने.का.प. २०५१, अंक १, नि.नं. ४८५६, पृ. ५७

- विशेषज्ञ अदालतमा आई बकपत्र नगरेको सम्बन्धमा रेखा विशेषज्ञको रायमा हस्ताक्षरको सही नमिल्ने कारण खुलेको र आफ्नो रायको सम्बन्धमा अदालतमा आई बयान गरेको समेत पाइदैन । यस्तो रायलाई प्रमाण ऐन, २०३१ को दफा १८ ले प्रमाणको रूपमा ग्रहण गर्न मिल्दैन ।




## १.६. प्रमाण लिन नहुने कुराहरू

- ठहर गर्नुपर्ने कुरा नै चरित्र सम्बन्धी भएको अवस्थामा भने चरित्रको कुरा प्रमाणमा लिन हुने अपवाद स्वरूपको व्यवस्था रहेको छ ।
- लोग्नेस्वास्नी बीचको कुरा र कानुन व्यवसायीलाई पक्षले दिएको जानकारी सम्बन्धमा कुनै कुरा प्रकट गरे पनि प्रमाणमा लिन नहुने कुराहरूको औचित्यलाई संविधानद्वारा प्रत्याभूत गोपनीयताको हक, पेसागत उन्मुक्तिको सिद्धान्त र दाम्पत्य जीवनको सुरक्षणको रूपमा हेर्न सकिन्छ ।

## १.७. बुझ्नुपर्ने प्रमाण नबुझिएमा वा बुझ्न नहुने प्रमाण बुझिएमा हुने परिणाम :[१७२]

- प्रमाण ऐन, २०३१ बमोजिम बुझ्नुपर्ने प्रमाण नबुझिएको वा बुझ्न नपर्ने प्रमाण बुझिएको कारणले मात्र अदालतको कुनै फैसला वा आदेश बदर हुँदैन । तर बुझ्नुपर्ने प्रमाण नबुझिएको वा बुझ्न नहुने प्रमाण बुझिएको कारणले निर्णयमा असर पर्न गएको रहेछ भने त्यस्तो फैसला वा आदेश बदर हुन्छ ।
- किर्ते भनिएका लिखतहरू आपसमा भिडाउन मिल्दैन । यसरी भिडाउँदा दुवै लिखतहरूमा लागेका सहिछापहरूको भिन्नताको कुनै विन्दुसम्म पनि संभावना रहँदैन । भिडाई प्रमाण लाए गम्भीर त्रुटि हुन्छ ।[१७३]

## १.८. प्रमाण परीक्षण :

**भौतिक चिजवस्तु परीक्षण तथा विश्लेषण:**

- फौजदारी मुद्दामा अनुसन्धान तहकिकात गरी प्राप्त भएका अपराधसँग सम्बद्ध भौतिक चिज वस्तु तथा सो को मुचुल्काको महत्वपूर्ण स्थान रहन्छ । तसर्थ, कानुनबमोजिम उचित प्रक्रिया पुऱ्याई उक्त प्रमाणहरू संकलन एवं परीक्षण भएका छन् वा छैनन् भनी अदालतले सूक्ष्मतापूर्वक जाँच गर्नुपर्छ ।
- पेस भएका भौतिक प्रमाणहरूको परीक्षण :[१७४]

  प्रमाण परीक्षणका क्रममा निम्न कुराहरूमा पनि ध्यान दिनुपर्ने हुन्छ् :

  - भौतिक चिजवस्तु बरामद गर्दाको कार्यविधि पुगे नपुगेको[१७५]
  - लासजाँच मुचुल्का सम्बन्धी प्रमाण संकलन[१७६]
  - लासजाँच, शव परीक्षण तथा वैज्ञानिक परीक्षण सम्बन्धी कार्यविधि[१७७]
  - पक्राउ परेका व्यक्तिको अंग वा अन्य भौतिक सबुद (रगत, वीर्य वा शरीरको कुनै अंग) को वैज्ञानिक परीक्षण सम्बन्धी कार्यविधि[१७८]
  - सबुद संकलन, संरक्षण र परीक्षण सम्बन्धमा अनुसन्धान अधिकृतले निर्वाह गर्नुपर्ने अन्य दायित्व ।[१७९]

---

१७२ प्रमाण ऐन, २०३१ को दफा ५४

१७३ मोहनमाया वि. सिद्धि ब., ने.का.प. २०५१, पृ २७

१७४ प्रमाण ऐन, २०३१ को दफा २२ र ५२

१७५ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ८


१७६ मुलुकी ऐन ज्यान सम्बन्धीको, ३ नं.

१७७ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ११ (१) र (२), सरकारी मुद्धा सम्बन्धी नियमावली, २०५५ को नि. ६ (१) र (२), ७, ८

१७८ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ , दफा १२

१७९ फौजदारी कार्यविधि दिग्दर्शन, प्रकाशन-सेलर्ड, २०५८, पृ ४०-४२

## २. साक्षी परीक्षण




### २.१. सामान्य अवधारणा :

- साक्षी आफ्नो ज्ञानेन्द्रियले देखेको, सुनेको, थाहा पाएको सत्य कुरा व्यक्त गर्ने व्यक्ति हुन् ।
- सत्य कुराको बकपत्र गराउनका लागि कानुन व्यवसायीले आफ्नो पक्षलाई सही मार्गदर्शन गर्नुपर्छ। सत्य कुराको बकपत्र गर्न गराउनको लागि पक्ष वा साक्षीलाई रोक्नु हुँदैन ।[१८०]
- लिखत प्रमाण उपलब्ध हुन नसक्ने खास गरी फौजदारी मुद्दामा साक्षीले व्यक्त गरेको कुरा विवाद निर्क्यौल गर्ने मूल आधार हुन सक्छ ।
- साक्षी बकपत्रको प्रक्रिया प्रमाण बुझ्नुपर्ने औपचारिक प्रक्रिया नभई मुद्दाको प्रकृति र आवश्यकता अनुसार बुझ्नुपर्ने भएमा मात्र सम्पन्न गर्नुपर्ने प्रक्रिया हो । तसर्थ, अदालतले सबै मुद्दाहरूमा साक्षी बकपत्रको आदेश नदिई यसको औचित्यतर्फ विचार गर्नुपर्छ ।
- विशेषज्ञ साक्षी बाहेकका साक्षीलाई आफूले देखेको थाहा पाएको तथ्य व्यक्त गर्ने बाहेक राय दिने विश्वास, शंका व्यक्त गर्ने तथा निष्कर्ष निकाल्ने अधिकार हुँदैन ।
- पक्ष विपक्षका सामान्य साक्षी बाहेक मुद्दाको प्रकृति अनुसार कुनै विशेष कुरा बुझ्नको लागि सम्बन्धित विशेषज्ञलाई पनि साक्षीको रूपमा परीक्षण गरिन्छ ।

### २.२. साक्षीको योग्यता[१८१]

- कलिलो उमेर, अति वृद्ध अवस्था, शारीरिक वा मानसिक रोग वा अरू त्यस्तै कारणले गर्दा आफूलाई सोधिएको प्रश्न बुझ्न नसक्ने वा जवाफ दिन नसक्ने भनी अदालतले ठहराएका व्यक्ति साक्षी हुन सक्दैनन् ।

---

१८० कानुन व्यवसायीको अचार संहिता, २०५१ को नियम ३

१८१ प्रमाण ऐन, २०३१ को दफा ३८

- मतियार लगायत अन्य जुनसुकै व्यक्ति साक्षी हुन योग्य हुन्छन् ।

## २.३. साक्षी उपस्थित गराउने[१८२]

**क) पक्ष आफैंले उपस्थित गराउनुपर्नेः**

- आफ्नो दाबी प्रतिवाद वा बयानमा उल्लेखित साक्षीहरूलाई अदालतले तोकेको तारेखमा पक्षहरू आफैंले उपस्थित गराउनुपर्छ ।
- उपस्थित गराउन नसकेमा अ.बं. ११५ नं.बमोजिम हुनेमा बाहेक पछि त्यस्तो साक्षी बुझ्न मिल्दैन । सरकारी मुद्दा सम्बन्धी नियमावलीले पनि साक्षी उपस्थित गराउन अर्को मौका प्राप्त गर्ने व्यवस्था गरेको छ ।

**ख) अदालतले उपस्थित गराउन सक्ने :**

- पुर्पक्षको लागि थुनामा रहेको अभियुक्तले पेस गर्न चाहेको साक्षीलाई अदालतबाटै झिकाई बुझी पाउँ भनी निवेदन दिएको अवस्थामा ।[१८३]
- यसरी निवेदन दिई अदालतद्वारा झिकाउँदा प्रति साक्षी रु. ५ का दरले समाह्वान दस्तुर लाग्दछ ।
- श्री ५ को सरकार वादी भएको वा अन्य फौजदारी मुद्दामा नबुझी नहुने भनी अदालतले ठहर्‍याएका साक्षीलाई समाह्वान जारी गरी झिकाई बुझ्न सकिन्छ ।[१८४]
- विशेष अदालतको अधिकार क्षेत्र र कार्यविधि अन्तर्गतको मुद्दामा उपस्थित नहुने साक्षीका हकमा वारेण्ट जारी गरी बकपत्र गराउन सकिने व्यवस्था समेत रहेको देखिन्छ ।[१८५]
- काबुभन्दा बाहिरको परिस्थिति परी उपस्थित हुन नसकेकोमा पुनः उपस्थित गराउन सकिने व्यवस्था अ.बं. १४४(क) नं. ले गरेको छ ।

**सरकारी पक्षको साक्षीलाई उपस्थित गराउने प्रक्रिया:**[१८६]

- उपस्थित गराउनुपर्ने प्रहरीको दायित्व :

**दायित्व**

- सम्बन्धित प्रहरी कार्यालयले सरकारी वकिल कार्यालय मार्फत् साक्षीलाई अदालतमा उपस्थित गराउनुपर्ने दायित्व हुन्छ ।

**उपस्थित गराउन नसके :**

- तोकिएको दिनमा उपस्थित गराउन नसके मनासिब कारण खोली गाविस/न.पा. का पदाधिकारी वा भद्रभलाद्मीको रोहबरमा मुचुल्का खडा गरी अदालतमा पेस गर्नुपर्छ ।
- पुन उपस्थित गराउन सक्ने : सो मुचुल्का पेस गरी सरकारी वकिलले अनुरोध गरेमा पुनः साक्षी उपस्थित गराउन अदालतले आदेश दिन सक्छ ।
- साक्षी/गवाह खर्च : उपस्थित गराउँदा लाग्ने खर्च प्रहरी कार्यालयले उपलब्ध गराउनुपर्छ ।
- सरकारी कर्मचारी साक्षी भएमा भत्ताको व्यवस्था : सेवा सम्बन्धी कानुनले प्रदान गरेको दैनिक तथा भ्रमण भत्ता निजले भुक्तानी पाउँदछन् ।

## २.४. बकपत्र गराउने स्थान :

**(क) अदालतमा नै बकपत्र गर्नुपर्ने :**[१८७]

- राजगद्दी, राजपरिवारको गाथ वा राजकाज सम्बन्धी वा ज्यान सम्बन्धी मुद्दामा वारदात भएको देख्ने साक्षी (प्रत्यक्षदर्शी) लाई सम्बन्धित अदालतमा झिकाई बकाउनुपर्छ ।

**(ख) न्यायाधीशको स्वविवेकद्वारा अदालतमा या बन्दसवालद्वारा बकपत्र गराउन सकिने अवस्था :**[१८८]

- उल्लेखित मुद्दाका प्रत्यक्षदर्सी साक्षी बाहेकका सुन्ने साक्षी र अन्य मुद्दाका साक्षीलाई मुद्दा परेकै अदालत वा नजिकको अड्डामार्फत् बन्दसवालद्वारा बकपत्र गराउन सकिन्छ ।

**(ग) घरमा बकपत्र :**[१८९]

- बुढाबुढी र होस् भएका अशक्त बिरामीलाई बुझ्नै पर्ने भएमा निजलाई निजकै घरमा डोर गएर पनि बकपत्र गराउन सकिने व्यवस्था रहेको छ ।
- यस्तो बकपत्र गराउन 'न्यायाधीश' आफैं गई वा आफू भन्दा तलको सबभन्दा ठूलो दर्जाको कर्मचारीलाई पठाउनुपर्छ । (प्रमाण ऐन, २०३१ लागू भएको सन्दर्भमा यो व्यवस्था व्यवहारतः निष्क्रिय हुन पुगेको छ ।)

**२.४.१. बकपत्रको भाषाः**

- नेपाली भाषा नबुझ्ने साक्षीलाई दोभासेको व्यवस्था मिलाई दिनुपर्छ ।
- बोल्न नसक्नेका हकमा लेखेर वा इसाराद्वारा बकपत्र गर्न सक्दछन् ।[१९०]

---

१८२ मुलुकी ऐन अदालती बन्दोबस्तको, १४४ नं.
१८३ ऐ.ऐ.
१८४ ऐ. ११५ नं.
१८५ विशेष अदालत ऐन, २०५९ को ७ (ख)
१८६ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ३०, सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम १५
१८७ मुलुकी ऐन अदालती बन्दोबस्तको, १४१ नं.
१८८ ऐ. १४१ र १६० नं.
१८९ ऐ. १४२ नं.
१९० प्रमाण ऐन, २०३१ को दफा ३९

## २५. साक्षी परीक्षणका लागि इजलास व्यवस्थापनः

**(क) न्यूनतम भौतिक सुविधा**

- बकपत्र गर्दा आवश्यकता अनुसार मानवोचित व्यवस्था र व्यवहार गर्नुपर्छ। शारीरिक अवस्था वा अन्य त्यस्तै कारणले बकपत्र गर्न आएको व्यक्तिलाई विशेष सुविधा दिन आवश्यक देखिएमा सो प्रबन्ध मिलाउनुपर्छ।

**(ख) तोकिएको दिन र समयमा बकपत्र गराउनुपर्ने :**[१९१]

- साक्षीलाई अनावश्यक झन्झट नदिने र अदालत लाग्नासाथ बकपत्र गराउने व्यवस्था मिलाउनुपर्छ।
- भरसक तोकिएकै दिनमा साक्षी बकाइसक्नुपर्छ, नभ्याए मात्र भोलिपल्ट तारेख तोक्नुपर्छ। समयमा बकपत्र नगराई साक्षीलाई अनावश्यक दुःख दिनुहुँदैन।[१९२]

**(ग) अनुकूल वातावरणः**

- बकपत्र गराउनु पूर्व इजलासमा अनावश्यक भिडभाड हुन नदिई अनुकूल वातावरणको व्यवस्था मिलाउनुपर्छ। मुद्दाको प्रकृति, आवश्यकता अनुसार बन्द इजलासको व्यवस्था समेत गर्नुपर्छ।
- एउटा साक्षीले बकेको कुरा अर्को साक्षीले सुन्न नपाउने व्यवस्था मिलाउनुपर्छ।[१९३]

**(घ) आवश्यक सामग्रीः**

- बकपत्रका लागि चाहिने कागज, कलम लगायतका आवश्यक सामग्रीहरू अदालतले नै उपलब्ध गराउनुपर्छ र यस्ता सामग्रीहरू बकपत्र गराउनुपूर्व नै इजलास सहायकले व्यवस्था गर्नुपर्छ।

### २.५.१. परीक्षण प्रक्रिया :

**(क) न्यायाधीशको उपस्थिति :**

- साक्षीको बकपत्र गर्दा न्यायाधीश उपस्थित रहेको इजलासमा गराउनुपर्छ।[१९४] साक्षीको बकपत्रको क्रममा न्यायाधीशले प्रत्यक्ष भूमिका निर्वाह गर्नुपर्ने हुन्छ।

**(ख) रोहबरः**[१९५]

- मुद्दाका सबै पक्षहरूको रोहबरमा साक्षी बकाउनुपर्छ तर तोकिएको तारेख र समयमा उपस्थित नभएमा उपस्थित भएसम्मका पक्षको रोहबरमा बकपत्र गराउनुहुन्छ।

### २.५.२. बकपत्र गर्ने साक्षीको पहिचान

- देवानी मुद्दामा नाउँ नजानेको र जुनसुकै मुद्दामा भागी बेपत्ता भएको साक्षीको नाम लेखी ल्याएको भए बुझ्न हुँदैन। साक्षीको पहिचान पनि निर्क्योल गर्नुपर्ने हुन्छ।[१९६]
- पक्ष विपक्षले उल्लेख गरेका साक्षी र उपस्थित गराइएका साक्षी एउटै हुन् वा होइनन् एकिन गर्नुपर्छ।

### २.५.३. शपथ लिनुपर्ने :

- साक्षी बकाउँदा आफूले देखे, जाने वा सुनेका कुरा इमानधर्म सम्झी साँचो कुरा बोल्छु भन्ने बेहोराको शपथ लिन लगाई सबै पक्षहरूको रोहबरमा पक्ष र विपक्षको साक्षीलाई क्रमैसँग बकाउनुपर्छ।[१९७]

## २.६. साक्षी परीक्षण चरणहरू

- साक्षी बकपत्रको सुरुवातमा अदालतले साक्षीको परिचय र उपस्थितिको कारण समेतको लागि सामान्य प्रश्नहरू गर्नुपर्छ। साथै झूटो बकेमा हुने परिणाम समेत साक्षीलाई बताइदिनुपर्छ।

**क) सोधपुछ सम्बन्धी प्रक्रियाः**[१९८]

- सोधपुछ गर्दा मिसिल संलग्न तथ्यमा आधारित रहेर सरल र स्पष्ट भाषामा सोधपुछ गर्नुपर्छ।
- अदालत तथा अन्य साक्षीहरूको समयलाई मध्यनजर गरी अनावश्यक लामा सवालहरू गर्नु हुँदैन।
- विपक्षी वा विपक्षीका साक्षीलाई आक्षेप लगाउने र चरित्रहत्या गर्ने जस्ता प्रश्न सोध्नुहुँदैन।
- सोधिएका प्रश्नहरू साक्षीलाई थाहा जानकारी भएको कुरा लिने प्रकृतिको हुनुपर्छ। कुनै कुराको राय सल्लाह वा निष्कर्ष माग गर्ने हुनु हुँदैन। त्यस्ता किसिमका प्रश्नहरू आएमा अदालतले नियन्त्रण गर्नुपर्छ। (उदाहरणको लागि 'मारेकोमा विश्वास लाग्छ कि लाग्दैन ? अंश पाउनुपर्ने हो कि होइन ? नाता कायम हुनु पर्ने हो कि होइन ? आदि प्रश्नहरू राय व्यक्त गर्ने किसिमका भएबाट यस्ता सवाल गर्न दिनु हुँदैन।)

**ख) जिरह सम्बन्धी प्रक्रियाः**[१९९]

- सम्बन्धित पक्षले आफ्नो साक्षीसँग सोधपुछ गरिसकेपछि

---

१९१ जिल्ला अदालत नियमावली, २०५२ को नियम २९ (१)
१९२ मुलुकी ऐन अदालती बन्दोबस्तको १४६ नं.
१९३ प्रमाण ऐन, २०३१ को दफा ४९
१९४ न्याय प्रशासन ऐन, २०४८ को दफा २४, मुलुकी ऐन अदालती बन्दोबस्तको १४७ नं.
१९५ प्रमाण ऐन, २०३१ को दफा ४९, जिल्ला अदालत नियमावली, २०५२ को नियम २९ (२)
१९६ मुलुकी ऐन अदालती बन्दोबस्तको १६३ नं.
१९७ प्रमाण ऐन, २०३१ को दफा ४९
१९८ प्रमाण ऐन, २०३१ को दफा ५०
१९९ ऐ.ऐ.

अर्को पक्षले जिरह गर्दा सोधपुछ गर्दाका सवाल जवाफमा सीमित रहनुपर्छ ।

- जिरह गर्दा जिरह गर्ने पक्ष वा कानुन व्यवसायीले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा साक्षीलाई बेइज्जत गर्ने खालका प्रश्नहरू सोधेमा अदालतले तुरुन्त रोक लगाउनुपर्छ ।
- महिला, वृद्ध, बालक, शारीरिक अशक्तावस्थाका मानिससँग सोधपुछ र जिरह गर्दा विशेष संवेदनशील रहनुपर्छ ।

**(ग) पुनः सोधपुछ प्रक्रिया:**

- साक्षीसँग गरिएका सवाल जवाफहरूका सम्बन्धमा कुनै कुरा प्रष्ट पार्नुपर्ने देखिएमा जिरहको प्रक्रिया सकिइसकेपछि आफ्नो साक्षीलाई पुनः सोधपुछ गरिन्छ ।
- मुख्य सोधपुछ वा पुनः सोधपुछ गर्दा अदालतले अनुमति दिएकोमा बाहेक आफूले खोजेको जवाफ आउने कुरा झल्कने सूचक प्रश्न सोध्न पाइँदैन ।
- अदालतले सूचक प्रश्न सोध्न दिंदा सो प्रश्न परिचायक र विवादरहित छ छैन हेर्नुपर्छ ।

**(घ) अदालतद्वारा साक्षी बकपत्र गर्ने** :[२००]

- पक्षले कुनै कारण देखाई आफ्नो साक्षी आफैंले नबकाई अदालतबाटै बकाइपाउँ भनी निवेदन दिएमा अदालतले सोधपुछ र पुनः सोधपुछ जस्ता प्रक्रिया पूरा गरिदिनुपर्छ ।
- अदालतले सोधपुछ गरिसकेपछि अर्को पक्षले चाहेमा सो साक्षीसँग जिरह गर्न सक्नेछ ।
- यसरी अदालतले बकपत्र गराएकोमा साक्षी राख्ने पक्षले सोधपुछ वा पुनः सोधपुछ गर्न पाउँदैन । त्यस्तै कुनै साक्षीलाई अदालतबाट कुनैलाई आफैंले बकाउन पनि पाइँदैन ।

## २.७. विशेषज्ञको बकपत्र:[२०१]

- प्रमाण ऐनको दफा २३ बमोजिम कुनै विशेषज्ञले दिएको रायलाई एकिन गर्नु पर्ने अवस्था भएमा अदालतले सो विशेषज्ञलाई साक्षी सरह उपस्थित गराई बकपत्र गराउनुपर्छ ।
- यसरी बकपत्र गराइएका विशेषज्ञसँग जिरह गर्ने मौका मुद्दाका पक्षलाई प्रदान गर्नुपर्दछ ।

## २.८. साक्षीले जवाफ नदिएमा/सहिछाप नगरेमा:[२०२]

- साक्षीको बकपत्र सकिएपछि निज साक्षीको तथा रोहबरमा रहेका पक्षको र न्यायाधीशको सहिछाप गराउनुपर्छ ।
- साक्षीको बकपत्र गराउँदा कुनै जवाफ नदिएमा वा आफूले दिएको जवाफमा सहिछाप नगरेमा न्यायाधीशले सोही बेहोराको कैफियत खोली दस्तखत गर्नुपर्छ ।

## २.९. झूठ्ठा बकेमा परिणाम:[२०३]


- साक्षी बकपत्रको सुरुवातमा नै साक्षीलाई साँचो कुरा जस्ताको तस्तै बकपत्र गर भनी सम्झाई सत्य कुरा बक्न प्रोत्साहित गर्नुपर्छ ।
- झूट्टा बकेमा अ.बं. १६९ नं. अनुसार मुद्दाको प्रकृति र सजायको गम्भीरताको आधारमा कैद वा जरिवाना समेत हुन्छ भनी प्रष्टसँग परिणाम बताइदिनुपर्छ ।

●●

२०० ऐ. दफा ५० (छ)
२०१ ऐ. दफा ५२
२०२ मुलुकी ऐन अदालती बन्दोबस्तको १५६ र १५९ नं.
२०३ ऐ. १५० नं.

परिच्छेद ५

# सुनुवाइ




## १. सुनुवाइ प्रक्रिया

### १.१. सुनुवाइ पूर्वका व्यवस्थापन

**१.१.१. पेसी निश्चित प्रक्रिया :**

- अदालतले कानुनबमोजिम आफूले गर्नुपर्ने काम कारबाही समयमा गर्नुपर्छ । ढिला गर्नु हुँदैन ।[२०४]
- गर्नुपर्ने काम कारबाही सम्पन्न भइसकेपछि अर्थात् मुद्दाको अंग पुगिसकेपछि अन्तिम सुनुवाइका लागि पेसीमा चढाउनुपर्छ । नियमानुसार काम कारबाही भए नभएका सम्बन्धमा सामान्यतया महिनाको एक पटक स्रेस्तेदारले मुद्दा फाँटहरूको निरीक्षण गर्नुपर्छ ।[२०५]
- यसरी पेसी चढाउँदा इजलासबाट भएका पूर्व आदेशबमोजिमका कार्यहरू सम्पन्न भए नभएको, आदेशबमोजिमका मिसिल तथा अन्य कागजातहरू पेस भए नभएको सम्बन्धमा हेर्नुपर्ने दायित्व सम्बन्धित मुद्दा फाँटको हुन्छ ।
- सरकारवादी हुने मुद्दामा पेसी तोकिनासाथ सरकारी वकिल, अवस्था अनुसार वैतनिक वकिल तथा थुनुवा भए कारागारमा समेत पेसीको जानकारी दिनुपर्छ ।

**१.१.२. मुद्दा हेर्ने क्रम:**[२०६]

मुद्दाको प्रकृति र गम्भीरता, पक्षको स्थिति र मुद्दाको दर्ताको क्रमलाई मध्यनजर गरी मुद्दाको सुनुवाइको क्रम निम्न अनुसार निर्धारण गरिएको पाइन्छ :

---

२०४ ऐ. १३ नं

२०५ जिल्ला अदालत नियमावली, २०५२ को नियम ७

२०६ मुलुकी ऐन अदालती बन्दोबस्तको ११ नं., जिल्ला अदालत नियमावली, २०५२ (तेस्रो संशोधन २०५९ सहित) को नियम ३१ (२)

- अघिल्लो दिन हेर्दा हेर्दै बाँकी रहेको मुद्दा ।
- थुनुवा भएको मुद्दा ।
- सामान्य कार्यविधि प्रयोग हुने मुद्दाको लगाउ बाहेकका संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गतको कार्यविधि प्रयोग हुने मुद्दा ।
- बेवारिसे बालबालिकाको मुद्दा ।
- ७५ वर्ष माथिको बुढाबुढी वा शारीरिक अशक्तता भएको व्यक्ति तारेखमा रहेको मुद्दा ।
- स्वास्नीमानिस वादी भएको न्वारान गराइपाउँ वा नाता कायम गराइपाउँ भन्ने मुद्दा ।
- पूर्व आदेशानुसार पेसीको निश्चित मिति तोकिएको मुद्दा ।
- मुद्दा दर्ताको क्रम अनुसार अन्य मुद्दाहरू ।

***द्रष्टव्य :*** *मुल्तबीबाट जागेका मुद्दा तथा सर्वोच्च अदालत वा पुनरावेदन अदालतको निर्णयबमोजिम पुन: इन्साफको लागि दर्ता भएको मुद्दाको सुरु दर्ता मितिलाई नै आधार मानी क्रम निर्धारण गर्नुपर्छ ।*[२०७]

**संवेदनशील मुद्दामा प्राथमिकता :**

न्यायाधीशको पूर्व आदेशद्वारा पनि पेसीको प्राथमिकताक्रम निर्धारण हुने भएको हुँदा पक्षको आर्थिक, सामाजिक तथा पारिवारिक स्थिति एवम् मुद्दाको संवेदनशीलता मध्यनजर गरी अग्राधिकार प्रदान गरी न्याय सम्पादन गर्नु न्यायाधीशको दायित्व हुन्छ ।[२०८]

### १.१.३. मुद्दा फैसला गर्नु पर्ने अवधि:

- 'ढिलो न्याय दिनु, नदिनु बराबर हो' भन्ने न्यायको मान्य सिद्धान्त अनुरूप अदालतले शीघ्र सुनुवाइ गराई पक्षकारहरूलाई उचित उपचार दिनुपर्छ ।
- मुद्दा फैसला गर्नुपर्ने अवधिका सम्बन्धमा निम्न कानुनी व्यवस्था रहेको छ :

(क) अदालतले आफूले गर्नुपर्ने काम कारबाही तोकिएको समयमा गर्नुपर्दछ, ढिला गरी गर्नु हुँदैन । पुनरावेदन सुन्दा, निरीक्षण वा जाँचबुझ गर्दा बेमनासिव गरेको देखिएमा कानुनबमोजिम गर्नु गराउनुपर्दछ ।[२०९]

(ख) मुद्दा फैसला गर्दा देहायमा लेखिएको म्यादभित्र फैसला गर्नुपर्दछ ।[२१०]

- सुरु मुद्दा फैसला गर्दा प्रतिवादी परेको वा पर्ने अवस्था पुगेको मितिबाट १ वर्षभित्र फैसला गर्नुपर्दछ ।
- पुनरावेदन फैसला गर्दा सुरु मिसिल प्राप्त भएको मितिबाट ६ महिनाभित्र फैसला गर्नुपर्दछ ।
- बुझ्नुपर्ने प्रमाण बुझिसकेपछि फैसला गर्ने म्याद बाँकी भए पनि मुद्दा फैसला गर्न ३५ दिन भन्दा बढी ढिलाइ गर्नु हुँदैन ।
- तोकिएको म्याद तारेखमा फैसला गर्न र कारबाही गर्न अड्कने मनासिब माफिकको कारण परेमा बेहोरा लेखी आफ्नो पुनरावेदन सुन्ने अड्डाले पनि त्यस्तो बेहोरा पर्न आएमा जाँची अड्काउ परेको मनासिब देखेमा १ महिनासम्म म्याद थप दिनुपर्ने देखेमा एक पटकलाई दिई त्यसभन्दा बढी समय थप दिनुपरेमा आफूभन्दा माथिल्लो तहमा जाहेर गर्नुपर्छ ।[२११]

(अ) संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गतको मुद्दाको हकमा सो ऐन अन्तर्गत प्रतिउत्तर दाखेल भएको वा प्रतिवादीको बयान भएकोमा सो भएका मितिले र प्रतिउत्तर दाखेल नभएको वा प्रतिवादीको बयान नभएकोमा सो हुने म्याद भुक्तान भएको मितिले ९० दिनभित्र मुद्दाको किनारा गरिसक्नुपर्दछ ।

(आ) उल्लेखित मुद्दा किनारा गर्ने समय अगावै मुद्दा किनारा गर्न अंग पुगिसकेको भएमा सो मितिले ३ दिन भित्र मुद्दा किनारा गर्नुपर्दछ । तर म्याद वा तारेख थाम्न पाउने वा अनुपस्थित प्रतिवादीको तर्फबाट प्रमाण पेस हुन सक्ने म्याद भन्दा अगावै मुद्दा फैसला गर्नु हुँदैन ।[२१२]

### १.१.४. पेसीसूची प्रकाशन:[२१३]

मुद्दाका पक्षकारहरूलाई उचित समयमा नै सुनुवाइको जानकारी दिंदा उचित प्रतिनिधित्व हुन सक्ने र न्याय सम्पादन प्रक्रिया समेत व्यवस्थित हुनसक्ने भएकोले मुद्दा हेर्ने प्राथमिकता क्रम निर्धारण गरी अदालतले साप्ताहिक र दैनिक रूपमा पेसी सूची प्रकाशन गर्नुपर्छ :

**(क) साप्ताहिक पेसीसूची :**[२१४]

- साप्ताहिक मुद्दा पेसीसूची स्रेस्तेदारले तयार गर्नुपर्छ ।
- यस्तो पेसीसूची प्रत्येक हप्ताको बुधवारसम्ममा न्यायाधीशसमक्ष पेस गर्नुपर्छ ।
- यस्तो सूचीमा पक्ष विपक्षको नाम, मुद्दा नम्बर, पेसीको मिति, कानुन व्यवसायी नियुक्त भएको भए निजको नाम

---

२०७ जिल्ला अदालत नियमावली, २०५२ (तेस्रो संशोधन, २०५९) को नियम ३१ (२)(क)
२०८ ऐ. नियम ३५ (३)
२०९ मुलुकी ऐन अदालती बन्दोबस्तको १३ नं.
२१० ऐ. १४ नं.
२११ ऐ. १५ नं.
२१२ संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा १०
२१३ जिल्ला अदालत नियमावली, २०५२ को नियम ३०, ३१
२१४ ऐ. नियम ३०

समेत उल्लेख हुनुपर्छ ।

- साप्ताहिक पेसीसूची हरेक हप्ताको शुक्रबार सम्ममा अदालतको सूचना पाटीमा टाँस गरी सक्नुपर्छ ।
- साप्ताहिक पेसीसूचीमा नपरेका मुद्दाका सम्बन्धमा :[२१५]
  - डिसमिस, मिलापत्र र अ.बं. ९२ नं. अनुसार नालेस खारेज हुने अवस्थाको मुद्दाहरू बाहेक अन्य मुद्दाहरू साप्ताहिक पेसी सूचीमा नपरेको भए सो हप्ता सुनुवाइको लागि इजलास समक्ष पेस हुँदैनन् ।

(ख) **दैनिक मुद्दा पेसीसूची** :[२१६]

- साप्ताहिक पेसी सूचीमा परेका मुद्दाहरू दैनिक पेसीसूचीमा चढाई प्रकाशन गर्नुपर्छ ।
- एक भन्दा बढी न्यायाधीश भएको अवस्थामा जिल्ला न्यायाधीशले गोलाद्वारा मुद्दा हेर्ने न्यायाधीश छुट्याउनु पर्छ ।
- दैनिक मुद्दा पेसीसूची सूचना पाटीमा टाँस गर्नुपर्छ र त्यसको १ प्रति सम्बन्धित न्यायाधीशलाई दिनुपर्छ ।
- हेर्दाहेर्दैको मुद्दा अघिल्लो दिन मुद्दा हेर्ने न्यायाधीशले हेर्नुपर्छ र निज अनुपस्थित भए पुनः अर्को पेसी चढाइन्छ ।

(ग) **दैनिक पेसीसूचीमा नचढेका मुद्दाका सम्बन्धमाः**

- अभियोगपत्र वा अदालतबाट जारी भएको म्याद, पूर्जि वारेन्टबमोजिम बयानको लागि उपस्थित भएको वा गराइएकोमा तत्काल बयान गराई कारबाही गर्नुपर्छ ।

(घ) **देवानी र फौजदारी मुद्दाको सूची प्रकाशनः**[२१७]

- छुट्टा छुट्टै देवानी र फौजदारी इजलास गठन भएका अदालतमा प्रत्येक इजलासबाट हेरिने मुद्दाहरूको साप्ताहिक तथा दैनिक पेसीसूची अलग अलग छुट्याई टाँस गर्न लगाउनुपर्छ ।

●●


२१५ ऐ. नियम ३१ (२)

२१६ ऐ.नियम ३१

२१७ जिल्ला अदालत नियमावली, २०५२ (तेस्रो संशोधन २०५९समेत) को नियम ३१ (१) को प्रतिवन्धात्मक वाक्यांश

परिच्छेद ६

# इजलास व्यवस्थापन




## १. खुल्ला इजलास हुनुपर्ने:[२१८]

- मुद्दाको कारबाही र किनारा गर्दा खुल्ला इजलासमा गर्नु पर्दछ । यो व्यवस्था निष्पक्ष र सार्वजनिक सुनुवाइ सम्बन्धी विश्वव्यापी मान्यतामा समेत आधारित छ ।[२१८क]
- तर मुद्दाको प्रकृति, पक्षकारको उमेर, अवस्था र संवेदनशीलतालाई ध्यानमा राखी खुल्ला इजलासको अपवादको रूपमा भिन्न रूपले इजलास व्यवस्थापन (बन्द इजलासको व्यवस्था) गर्दा निष्पक्ष र स्वच्छ सुनुवाइलाई नै पृष्ठपोषण हुने मान्यतालाई समेत अन्तर्राष्ट्रिय मापदण्डहरूले स्वीकार गरेको पाइन्छ ।

### (अ) नाबालकको सम्बन्धमा बन्दइजलास

- नाबालकको मुद्दामा खास व्यक्ति मात्र इजलासमा उपस्थित हुन सक्छन्, जसअनुसार उक्त मुद्दाका कानुन व्यवसायी, नाबालकका बाबु, आमा, नातेदार वा संरक्षक र मुद्दा हेर्ने अधिकारीले उपयुक्त देखी अनुमति दिएमा बालकको हक हित संरक्षण गर्ने कार्यमा संलग्न कुनै व्यक्ति वा सामाजिक संस्थाको प्रतिनिधि इजलासमा उपस्थित हुन सक्नेछ ।[२१८ख]
- बाल अपराध (Juvenile Delinquency) सम्बन्धी मुद्दा पनि बन्द इजलास मै सुनुवाइ गरिनु पर्छ ।
- यस्ता मुद्दा तथा सो सँग सम्बन्धित घटनाको विवरण अनुसन्धानकर्ता वा मुद्दा हेर्ने अधिकारीको अनुमति बेगर कुनै पत्रपत्रिकामा प्रकाशन गर्न पाइदैन ।

### (आ) अन्य संवेदनशील मुद्दामा बन्दइजलास

**जबर्जस्ती करणी सम्बन्धी मुद्दा :**[२१९]

- यस्ता मुद्दाको कारबाही चल्दा सम्बन्धित कानुन व्यवसायी,

---

२१८ मुलुकी ऐन अदालती बन्दोबस्तको ६ नं.

२१८क. ICCPR, धारा ६

२१८ख. बालबालिका सम्बन्धी ऐन २०४८, दफा ४९

२१९ मुलुकी ऐन जबर्जस्ती करणी (एघारौं संशोधन, २०५९ समेत) को १० (क) र (ख) नं.

अभियुक्त, पीडित स्वास्नीमानिस र निजको संरक्षक तथा मुद्दा हेर्ने अधिकारीले अनुमति दिएका प्रहरी र अदालतका कर्मचारी मात्र इजलासमा उपस्थित हुन सक्दछन् ।

- मुलुकी ऐन जवर्जस्ती करणीको महल अन्तर्गतको कुनै अपराधको अनुसन्धान र तहकिकातको सिलसिलामा पीडित स्वास्नीमानिसको बयान गराउँदा सकेसम्म महिला प्रहरी कर्मचारीले गराउनुपर्छ र महिला प्रहरी कर्मचारी नभएमा समाजसेवी महिलाको रोहबरमा अन्य प्रहरी कर्मचारीले गराउनु मनासिब हुन्छ ।
- महिलासँग सम्बद्ध पारिवारिक, सामाजिक तथा यौनजन्य अपराधहरू (Sexual Offences) सम्बन्धी मुद्दाहरूमा यस्ता पक्षकार महिलाको गोपनीयताको हक समेतलाई संरक्षण गर्नका लागि बन्दइजलासको व्यवस्था गर्नु पर्छ । जस्तै : अंश, मानाचामल, सम्बन्धविच्छेद, जिउमास्नेबेच्ने आदि ।[२१९क]

## २. देवानी र फौजदारी छुट्टाछुट्टै इजलास:[२२०]

**(क) गठन**

- सर्वोच्च अदालतले आवश्यक ठानेको अदालतमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएका जिल्ला अदालतमा छुट्टाछुट्टै देवानी इजलास र फौजदारी इजलास गठन गर्न सक्छ ।

**(ख) न्यायाधीश तोक्ने**

- यस्ता इजलासमा मुद्दा हेर्नका लागि प्रधान न्यायाधीशले न्यायाधीश तोक्न सक्छन् ।

**(ग) न्यायाधीशलाई मुद्दा तोक्ने**

- कुनै अदालतमा एउटा भन्दा बढी देवानी इजलास र फौजदारी इजलास रहेछन् भने मुद्दा दर्ता भएपछि सम्बन्धित मुद्दा हेर्नको लागि तोकिएका न्यायाधीश मध्ये कसको इजलासले कुन मुद्दा हेर्ने भन्ने निश्चित हुने गरी जिल्ला न्यायाधीशले गोलाबाट तोक्नेछन् ।
- यसरी तोकिएका न्यायाधीशबाटै बाँकी कारबाही र किनारा गर्नुपर्दछ ।
- मुद्दाको कारबाही र किनारा गर्दा मूल मुद्दा फौजदारी र अन्य लगाउ मुद्दा देवानी वा मुल मुद्दा देवानी र अन्य लगाउ मुद्दा फौजदारी भएमा मुल मुद्दा रहेको इजलासबाट अन्य लगाउका मुद्दा समेत हेरिने गरी तोक्नुपर्छ ।

***द्रष्टव्य** : 'मूल मुद्दा' भन्नाले सबभन्दा पहिले दर्ता भएको मुद्दालाई जनाउँछ र दुवै मुद्दा एकै मितिमा दर्ता भएकोमा देवानी मुद्दालाई मूल मुद्दा मान्नुपर्छ ।*

**(घ) तोकिएका न्यायाधीश अनुपस्थित भएमा :**

- तोकिएका न्यायाधीश ७ दिन वा सोभन्दा बढी समय अदालतमा अनुपस्थित हुने भएमा सम्बन्धित पुनरावेदन अदालतका मुख्य न्यायाधीशले सोही जिल्ला अदालतमा रहेको अर्को इजलाससँग सम्बन्धित न्यायाधीशलाई मुद्दा हेर्न तोक्न सक्नेछन् ।
- यसरी तोकिएको अवस्थामा यथाशीघ्र सो कुराको जानकारी मुख्य न्यायाधीशले प्रधान न्यायाधीशलाई दिनुपर्दछ ।
- फौजदारी र देवानी इजलाससँग सम्बन्धित कुनै न्यायाधीश अनुपस्थित रहेको दिनमा उपस्थित रहेका अर्को इजलासका न्यायाधीशले बयान, बकपत्र, थुनछेक आदेश र मिलापत्र सम्बन्धी काम गर्नुपर्दछ ।

**कार्यबोझ असन्तुलन भएमा :**

- देवानी र फौजदारी इजलास बीच कार्यबोझमा असमानता देखिएमा सम्बन्धित पुनरावेदन अदालतका मुख्य न्यायाधीशले अर्को इजलाससँग सम्बन्धित न्यायाधीशलाई मुद्दा हेर्न तोक्न सक्नेछन् र यसको जानकारी यथाशीघ्र प्रधान न्यायाधीशलाई दिनुपर्दछ ।

**(ङ) मुद्दा हेर्न नमिलेमा :**

- यस्ता इजलाससँग सम्बन्धित न्यायाधीशले हेर्ने गरी तोकिएको मुद्दा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ३० नं.बमोजिम वा अन्य कुनै कारणले हेर्न नमिल्ने भएको अवस्थामा त्यस्तो मुद्दा सोही अदालतको अर्को इजलासबाट हेर्नुपर्छ ।

**(च) भौतिक व्यवस्थापन:**

- इजलासमा सुनुवाइको कार्य प्रारम्भ हुनु पूर्व नै त्यसका लागि आवश्यक ऐन, कानुन, मसलन्द, टिपोट किताब, मिसिल आदि जस्ता सामग्रीहरू उपलब्ध गराउनु पर्छ ।

(छ) ldl; n pknAw u/ fpg]M[२२१]

- स्रेस्तेदारले अदालत खुलेको आधा घण्टाभित्र मुद्दाको मिसिल

२१९क. ICCPR, धारा १४
२२० जिल्ला अदालत नियमावली, २०५२ नियम ३(क)
२२१ जिल्ला अदालत नियमावली, २०५२ को नियम ३१ (५)

सरोकारवाला न्यायाधीश छेउ वा इजलासमा पठाउन लगाउनुपर्छ ।

- मुद्दाको छलफल टुंगिई फैसला वा आदेश लेखिने भएमा बाहेक त्यस दिनको काम सकिएपछि इजलास सहायकले मिसिलहरू सम्बन्धित फाँटवालालाई फिर्ता बुझाउनुपर्छ ।

(ज) **टिपोट किताबको व्यवस्था** :[२२२]

- मुद्दा निर्णयका लागि पेस गर्नु अगावै सम्बन्धित फाँटवालाले मिसिल संलग्न कागजातहरूको टिपोट किताब तयार गर्नुपर्छ र उक्त कुराको जाँच गरी स्रेस्तेदारले टिपोट किताबलाई मिसिलमा सामेल गर्न लगाउनु पर्छ ।
- यस्तो टिपोट किताब मुद्दाको प्रकृति, दर्ता मितिको आधारमा क्रमबद्ध रूपमा मिलाएर फिहरिस्त लेखी तयार पार्नुपर्दछ ।
- यस्तो किताबमा मिसिलमा संलग्न सम्पूर्ण कागजातहरूको सारांश लेखी, मुख मिलेका र नमिलेका कुरा समेत उल्लेख गर्नुपर्छ ।

(झ) **सूचीपत्र तयार गर्ने** :[२२३]

- टिपोट किताबको अलावा इजलास समक्ष पेस हुने प्रत्येक मुद्दाको मिसिलको मुख्य मुख्य कागजको सूचीपत्र तयार गरी सम्बन्धित फाँटवालाले पेस गर्नुपर्छ ।
- टिपोट किताब सम्बन्धी व्यवस्था, २०६० श्रावण १ गतेदेखि सिराहा, चितवन, कास्की र कपिलवस्तु जिल्ला अदालतमा मात्र लागू भएको छ ।


●●

---

२२२ ऐ. नियम ८१
२२३ ऐ. नियम ८३

परिच्छेद ७

# अभिवचन




## १. कानुन व्यवसायीको उपस्थिति र अभिवचन :

- मुद्दाको सुनुवाइको क्रममा पक्षको प्रतिनिधित्वको लागि मात्र नभएर बेन्चको सहयोगको लागि पनि कानुन व्यवसायीले समयमै उपस्थित हुनुपर्छ । पेसीका दिन बेन्चबाट के विषयमा सुनुवाइ हुनुपर्ने हो भन्ने सम्बन्धमा समयमै उपस्थित भई इजलासलाई आफ्नो राय दिएर कुनै आदेशहरू गर्नुपर्ने भएमा सो सम्बन्धमा इजलासको ध्यानाकर्षण गराउन सकिन्छ ।

### १.१. पेसी स्थगित गर्ने सम्बन्धमा :

- पेसी स्थगित गर्ने कार्यले पक्षको शीघ्र न्याय पाउने अधिकारको हनन् गर्दछ । यसबाट मुद्दाका पक्ष, कानुन व्यवसायी साथै अदालतको समेत अनावश्यक रूपमा समय खेर जान्छ ।
- इजलासबाट खोजेका बखत पक्ष, वारेस वा कानुन व्यवसायी हाजिर नभए पनि मुद्दा स्थगित हुने छैन, ठहरेबमोजिम फैसला हुनेछ ।[२२४]
- तर मुद्दाको सुनुवाइ प्रारम्भ हुनु भन्दा पहिले आफ्नो काबु भन्दा बाहिरको परिस्थितिले अदालतमा उपस्थित हुन नसक्ने कुराको अदालतलाई विश्वास हुने कुनै मनासिब कारण देखाई पक्ष वा कानुन व्यवसायीले निवेदनपत्र दिएमा अदालतले बढीमा दुई पटकसम्म मुद्दाको सुनुवाई स्थगित गर्न सक्दछ ।[२२५]

### १.२. पोसाक सम्बन्धी आचरण :

- कानुन व्यवसायीले कालो कोट सहितको पेसाकमा अदालत समक्ष उपस्थित हुनु पर्दछ ।[२२६]

### १.३. अदालतमा उपस्थित हुने समय सम्बन्धी अनुशासन :

- मुद्दाको सुनुवाईको क्रममा मात्र नभई अन्य समयमा पनि कानुन व्यवसायी अदालत समक्ष उपस्थित भएर आफ्नो पक्षको पेसीको जानकारी लिने, पेसीसूची र क्रम हेरी आफ्नो सुनुवाई समय बुझ्नु पर्दछ ।
- अदालतमा तोकिएको समयमा उपस्थित हुनु पर्दछ ।[२२७] आफ्नो अन्यत्र पनि बहस पैरवीको काम भएमा अदालतको अनुमति लिएर जानुपर्छ ।

इजलासमा आसीन न्यायाधीशले कुनै व्यक्तिलाई कुनै कुरा सोधपुछ गर्नको लागि बोलावट हुँदा आउन इन्कार गर्नु वा

२२४ जिल्ला अदालत नियमावली, २०५२ (तेस्रो संशोधन २०५९)को नियम ३५ (१)
२२५ ऐ. नियम ३५(२)
२२६ कानुन व्यवसायीको आचार संहिता, २०५१ को नियम ३(ञ)
२२७ ऐ. नियम ३(ञ)

अटेर गर्नु न्यायिक मर्यादा अनुकूलको आचरण मानिदैन ।

कानुन व्यवसायीको पेसा अँगाली बसेको विद्वान् अधिवक्ता जस्तो व्यक्तिले इजलासबाट खोजी हुँदा आनाकानी गरी इजलासमा उपस्थित नहुनु शोभनीय कार्य समेत हुन सक्दैन ।[२२८]

## १.४. अदालत, पक्ष विपक्ष प्रतिको व्यवहार :

- कानुन व्यवसायीले इजलास समक्ष उपस्थित हुँदा इजलासको सम्मान गर्नु पर्दछ । न्यायाधीश, कर्मचारीप्रति शिष्टतापूर्वक व्यवहार गर्ने र आफ्नो पालोमा उचित ढंगले बोल्नु पर्दछ ।[२२९]
- बहस पैरवीका क्रममा सभ्य भाषाको प्रयोग गर्ने, व्यवस्थित फाइलिङ, टिपोट, आवश्यक नजिर, ऐन, कानुनको प्रयोग गर्नु पर्दछ र अध्ययनशील रही गुणात्मक बहस पैरवीबाट आफ्नो पेसागत स्तरीयता कायम राख्दै अदालतको समयलाई पनि उचित ख्याल गर्नु पर्दछ ।
- अदालतको समयमा मादक पदार्थ वा लागू पदार्थ सेवन गरी आउनु हुँदैन ।[२३०]
- कानुन व्यवसायी पक्षको कानुनी प्रतिनिधित्व गर्ने व्यक्ति भएकाले पक्ष सरह भई विपक्षी प्रति गाली, आक्षेप लगाउने जस्ता कार्य नगरी मिसिल संलग्न कागजातहरूका आधारमा बहस पैरवी गर्ने, पक्ष, विपक्ष र विपक्षीका कानुन व्यवसायी प्रति सम्मानजनक व्यवहार गर्ने, एक अर्को प्रति लाञ्छना नलगाउने, रिस, राग, द्वेष नराख्ने जस्ता अनुशासनका नियम पालना गर्नु पर्दछ ।[२३१]
- आफ्नो पक्षको फाइदा पुऱ्याउन जानी जानी कायम नरहेको नजिर, ऐन, कानुन र तथ्यको अदालतमा जिकिर लिनु हुँदैन ।[२३२]
- आफ्नो पक्षले मुद्दामा उपलब्ध गराएको जानकारी प्रकट गरी गोपनीयता भंग गर्नु हुँदैन ।[२३३]

## १.५. महिला विरुद्धको अपराधमा संवेदनशीलता :

- बहुविवाह, बलात्कार, बेचबिखन आदि जस्ता अपराधबाट पीडित भएका महिलाहरू मानसिक रूपमा चिन्तित र बढी नै संवेदनशील स्थितिमा रहेका हुन्छन् । यस्ता महिलाहरू प्रति कानुन व्यवसायीहरूले पनि संवेदनशीलता अपनाउनु पर्ने हुन्छ ।
- यस्ता मुद्दाका पक्ष र विपक्षी दुबैतर्फका कानुन व्यवसायीले पीडित प्रति सभ्य र सम्मानजनक व्यवहार प्रकट गर्दै बयान वा बकपत्रका क्रममा अनावश्यक सवाल गर्ने, बहसका क्रममा चरित्र हत्या गर्ने जस्ता पेसागत मर्यादा विपरीतका कार्य नगरी अनुशासनको पालना गर्नु पर्दछ ।

## १.६. कानुन व्यवसायीको प्रतिनिधित्व सम्बन्धमा अदालतको भूमिका :

- आर्थिक रूपमा विपन्न वर्ग, महिला, बालक, वन्दी तथा अन्य असक्षम व्यक्तिहरूले कानुन व्यवसायी राख्न नसकेको अवस्थामा उचित सुनुवाइको अभाव रही यी वर्ग प्रति अन्यायको सम्भावना रहन जान्छ । यस कुराप्रति अदालत विशेष संवेदनशील रहनु पर्दछ । यस्ता वर्गको उचित कानुनी प्रतिनिधित्व भए नभएको विषयमा विशेष सम्वेदनशील रहनु पर्दछ ।
- कानुन व्यवसायी राख्न नसक्ने असक्षम पक्षले निःशुल्क कानुनी सहायताको लागि निवेदन गरेमा वैतनिक कानुन व्यवसायी नियुक्त गरिदिनुपर्छ ।[२३४]
- जिल्ला अदालतले कुनै मुद्दामा कुनै पक्षको प्रतिनिधित्वको लागि कानुन व्यवसायीलाई अनुरोध गर्न सक्दछ । यस्ता कानुन व्यवसायीलाई मिसिल अध्ययनको निःशुल्क व्यवस्था मिलाइदिनुपर्छ । यस्ता सहयोगी कानुन व्यवसायीको विवरण आफ्नो वार्षिक प्रतिवेदनमा समेत समावेश गर्नु पर्दछ ।[२३५]
- कुनै जटिल कानुनी प्रश्नको उचित समाधानको लागि जिल्ला अदालतले पनि कानुन व्यवसायीहरूलाई अदालतको सहयोगी (Amicus Curie) को रूपमा रहेर बहस पैरवी गर्न आह्वान गर्न सक्दछ ।

●●

---

२२८ सर्वोच्च अदालत बुलेटिन २०५६, अंक १२ (असोज १६-३०), पृ. ३

२२९ कानुन व्यवसायीको आचार संहिता, २०५१ को नियम ३(ञ)

२३० ऐ. नियम ३(७)

२३१ ऐ.ऐ.


२३२ ऐ. नियम ३(ट) र (ठ)

२३३ ऐ. नियम ३(ढ), प्रमाण ऐन, २०३१ को दफा ४५

२३४ जिल्ला अदालत नियमावली, २०५२ को नियम ९६(१)

२३५ ऐ. नियम ९६ (२) र (३)

# परिच्छेद ८




अदालतले पक्षहरूका बीचमा मिलापत्र गराएर वा हारजित फैसला गरेर विवादको निर्क्यौल गर्दछ। विवादको निर्क्यौल गर्ने यो कार्य नै फैसला हो।

## १. मिलापत्र:

- मिलापत्र मुद्दाका पक्षहरूले आफ्नो लागि गरेको अन्तिम निर्णय हो जसबाट मुद्दा गर्दा लाग्ने समय, श्रम र आर्थिक क्षतिलाई कम गर्न पक्षहरू सक्षम हुन्छन्।
- मिलापत्र गराउने कार्यमा कानुन व्यवसायीले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्छ। मिलापत्र गर्न नदिने वा जबर्जस्ती मिलापत्रको लागि सहमत गराउने नभई मिलापत्रको वातावरण सिर्जना गर्ने भूमिका कानुन व्यवसायीबाट निर्वाह हुनुपर्दछ।

### १.१. मिल्ने उद्देश्यको सम्मान हुने :

- पक्षहरूले मिलापत्रका उद्देश्यले आफ्नो दाबी पुरै वा आंशिक रूपमा छोड्न वा रकम दिन वा सेवा प्रदान गर्न स्वीकार गरेको कुरा निजका विरुद्ध प्रमाणमा नलाग्ने प्रावधानले मिलापत्र गर्ने प्रक्रियालाई सहज तुल्याएको छ।[२३६]

### १.२. मिलापत्र गर्ने मौका दिनुपर्ने :

- दैनिक पेसीसूचीमा चढी इजलास समक्ष पेस भएका मुद्दामा सुनुवाइ हुनु अगावै मिलापत्र गर्ने समय पाउँ भनी दुवै पक्षले संयुक्त निवेदन दिएमा वा मुद्दाको सुनुवाइकै क्रममा मिलापत्र हुन सक्ने संभावना छ भन्ने मुद्दा हेर्ने न्यायाधीशलाई लागेमा मिलापत्र गर्न अर्को तारिख तोक्ने गरी आदेश गर्नुपर्दछ।[२३७]
- मिलापत्रको तारेखका दिन मुद्दाका पक्षहरू, निजहरूले पत्याएको व्यक्ति उपस्थित भए निज व्यक्तिहरू, कानुन व्यवसायी समेत राखी सकेसम्म मिलापत्र गर्न तारेख तोक्ने आदेश गर्ने न्यायाधीशले छलफल गराई दुवै पक्ष सहमत भए मिलापत्र गराउनुपर्छ।[२३८]

---

२३६ प्रमाण ऐन, २०३१ को दफा (९)(२)(ग)
२३७ जिल्ला अदालत नियमावली २०५२ को नियम ३२ (१)
२३८ ऐ. नियम ३२ (२)

- म्याद वा तारेख गुजारी बसेका पक्षहरू मिलापत्रका लागि उपस्थित हुन आएमा अदालतले अनुमति दिई त्यस्ता व्यक्तिलाई समेत सामेल गराई मिलापत्र गराउनुपर्छ ।[२३९]
- मुद्दाका पक्षकारहरू मिली मिलापत्र गराइपाऊँ भन्न आएमा पछिको तारेख रहेछ भने पनि त्यसलाई अगाडि सारेर मुद्दा मिलापत्र गराइदिनुपर्छ ।[२४०]

### १.३. मिलापत्र हुन नसक्ने मुद्दा :[२४१]

- श्री ५ को सरकार वादी हुने फौजदारी मुद्दा[२४२]
- यस बाहेकका सबै मुद्दाहरूमा कानुनबमोजिम प्रक्रिया पुरा गरी मिलापत्र गर्न सकिन्छ ।

### १.४. मिलापत्रमा पूरा हुनुपर्ने प्रक्रिया :[२४३]

- दुवै पक्षको संयुक्त निवेदन हुनुपर्दछ ।
- कुनै पक्षले वारेसमार्फत् मिलापत्र गर्न चाहेको भएमा मिलापत्रको सर्त सहितको मन्जुरनामाको कागज हुनुपर्छ ।
- मिलापत्रमा उल्लेखित सर्तहरू र तिनको परिणामका विषयमा पक्षहरूलाई राम्रोसँग सम्झाइएको हुनुपर्छ ।
- मिलापत्र मुद्दा हेर्न पाउने सक्षम अदालतले गराएको हुनुपर्छ ।
- पक्षहरूको निवेदनबमोजिमको मिलापत्र अदालतले तयार गरेको हुनुपर्छ ।
- मिलापत्रमा दुवै पक्षको सहिछाप परेको हुनुपर्छ ।
- न्यायाधीशको सही र अदालतको छाप परेको हुनुपर्छ ।

### १.५. मिलापत्र अन्तिम हुने :

- मिलापत्रबमोजिम काम भएन भने सो हदसम्म मात्रै नालिस लाग्दछ तर स्वयम् मिलापत्र भएको विषय उपर पुनरावेदन लाग्दैन ।

## २. मिलापत्रमा बक्सौनी :

(क) कोर्ट फी राखी दायर भएको मुद्दामा मिलापत्र गर्दा बक्सौनी लाग्दैन ।[२४४]

(ख) कोर्ट फी लागेको मुद्दा बाहेक अरू मुद्दामा मिलापत्र गर्दा देहायबमोजिमको बक्सौनी लाग्छ :

- सुरु तहको मुद्दामा भए वादी प्रतिवादीका साथमा दाखिल भएका प्रमाण बाहेक अरू प्रमाण केही नबुझिएको भए देहायमा लेखिएको अंकको सयकडा एक, अरू प्रमाण समेत बुझेको भए सो अंकको सयकडा तीन र वादी प्रतिवादीमा लेखिएको गैह्र प्रमाण बुझी सकी छिन्न मात्र बाँकी भए सो अंकको सयकडा पाँच बक्सौनी लाग्छ ।[२४५]
  - बिगोको प्रमाण भएकोमा वादीले पक्रेको बिगोको अंकको,
  - बिगोको प्रमाण नभई वादीको उजुरीबमोजिम कैद हुनेमा सो हुन सक्ने कैदको प्रति महिना पैतालीस रूपैयाँका दरले हुने रूपैयाको अंकको,
  - कैद नभई जरिवाना मात्र हुनेमा सो जरिवानाको अंकको ।
- पुनरावेदन तहमा मुद्दा मिलापत्र गराउँदा तल्लो तहको फैसलाले लागेको कैद बापत महिना एकको पैतालीस रूपैयाँका दरले हुने रूपैयाँ बुझाए लिई सो कैदको लगत काटि दिनुपर्छ ।[२४६]
- मुद्दा मिलापत्र गर्दा लाग्ने बक्सौनी असुल गर्दा दुवै थरी झगडियाबाट आधा आधा असुल गर्नुपर्छ ।[२४७]

### २.१. सरकारवादी मुद्दामा मिलापत्र :

- सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ अनुसार सरकारवादी हुने मुद्दामा श्री ५ को सरकारको आदेश भएमा मिलापत्र हुन सक्छ ।
- मिलापत्रको लागि श्री ५ को सरकारको आदेश भएमा सरकारी वकिलले अन्य पक्षहरूको सहमति लिएर मिलापत्र गर्न सक्छन् ।
- सरकारवादी हुने मुद्दा मिलापत्र गर्दा बक्सौनी लाग्दैन ।

### २.२. वारेसद्वारा मिलापत्र गर्ने सम्बन्धमा :

- झगडियाको मन्जुरनामा नभई सगोलको छोरा भन्ने कारणले वारेसले गरेको मिलापत्र सदर हुँदैन ।[२४८]

#### २.२.१. मतलब र परिणाम थाहा दिनुपर्ने :

- मिलापत्रको शिरको बेहोराबाट दुवै थर झगडियालाई

---

२३९ ऐ. नियम ३२ (३) (तेस्रो संशोधन २०५९ द्वारा थप)
२४० ऐ. नियम ८५
२४१ मुलुकी ऐन अदालती बन्दोबस्तको १८२ नं.
२४२ स.मु.स. ऐन २०४९ को दफा २९ (१)
२४३ ऐ.ऐ.
२४४ कोर्ट फी ऐन, २०१७ को दफा ११
२४५ मुलुकी ऐन अदालती बन्दोबस्तको १८३ नं.
२४६ ऐ. १८३ (२) नं.
२४७ ऐ १८३ (२) नं.
२४८ जानकी देवी वि. देवनन्दन, उत्प्रेषण, ने.का.प. २०३१, अंक ७, नि.नं. ८३६ (सं.ई.), पृ. २०३

मिलापत्रका सर्तहरूको मतलब र परिणाम सम्झाए, बुझाएको नदेखिए सो मिलापत्र बदर हुन्छ ।[२४९]

२.२.२. **एकजनासँगको मिलापत्रले अरूको हक नजाने :**

- कुनै मुद्दामा धेरै जना प्रतिवादीहरू भएकोमा एक जनासँग मिलापत्र हुँदैमा अरूको हकमा अन्तिम टुंगो लागेको भन्न मिल्दैन ।[२५०]
- दुवै पक्षको मिलापत्रबाट जे जति पाएको छ, त्यतिमै सीमित रहनुपर्छ ।[२५१]

## ३. फैसला पूर्वको अवस्था :

(क) **सामान्य परिचय :**

- दुई पक्षहरूका बीचमा चलेको विवादमा सबुद प्रमाणको मूल्यांकन गरी कुन पक्षको भनाई ठिक हो भनी अदालतद्वारा दिइएको वा निकालिएको न्यायिक निष्कर्ष नै फैसला हो ।
- 'विवादग्रस्त विषयमा अदालतद्वारा पक्ष विपक्षले दिएको सबुद प्रमाणको मूल्यांकन गरी न्यायिक मन लगाई विवादको टुंगो लाग्ने किसिमको पक्ष विपक्षको हारजित हुने निर्णय गरेकोलाई फैसला मान्नुपर्छ ।[२५२]

(ख) **ध्यान दिनुपर्ने कुराहरू :**

- मुद्दाको फैसला गर्ने न्यायाधीश संयमशील, धैर्य र शिष्ट हुनुपर्छ । कुनै पूर्वाग्रह नराखी निष्पक्ष न्याय दिन सक्नु नै सच्चा न्यायाधीशको परिचय हो ।
- फैसला लेख्दा जिल्ला अदालत नियमावली, २०५२ ले तोकेको ढाँचामा लेख्नुपर्छ । प्रतिउत्तर पत्र परी दुवै पक्षको उपस्थितिको लागि तोकिएको तारिखमा दुवै पक्षको रोहबरमा फिरादपत्र र प्रतिउत्तरपत्र तथा दाखिल भएका सबै कागजहरू हेरी, देखाई, दुवै पक्षलाई आवश्यक कुरा सोधपुछ समेत गरी त्यसबाट दुवै थरको कुरा मिलेको अवस्थामा तुरुन्तै फैसला सुनाउनुपर्छ ।[२५३]
- मुद्दाको सुनुवाइ गर्दा सम्बन्धित पक्षको भनाइ र कानुन व्यवसायीहरूको बहस समाप्त भएपछि इजलासबाट सोही दिन निर्णय सुनाउनुपर्छ । सो निर्णयको छोटकरी विवरण राय किताबमा लेखी न्यायाधीशले दस्तखत गरी उपस्थित पक्षलाई सुनाई राय किताबमा सही समेत गराई राख्नुपर्नेछ ।[२५४] तर मुद्दाको जटिलताका कारणले तत्काल फैसला सुनाउन नसकिने भएमा बढीमा १५ दिन सम्ममा फैसला तयार गरी निर्णय सुनाउन सकिन्छ ।
- अदालतले बुझ्नुपर्ने भनी ठहऱ्याएका प्रमाणहरू बुझिसकेपछि दुवै पक्षलाई बहसका लागि तारेख तोक्नुपर्छ तोकिएको तारेखमा दुवै पक्षको बहस पैरवी सुनी, लिखित बहस नोट पेस भएको भएमा त्यो समेत हेरी निर्णय दिनुपर्छ । यस्तो निर्णय उसै दिन राय किताबमा लेखी न्यायाधीशले सहिछाप गर्नुका साथै उपस्थित भएका झगडियालाई समेत सहिछाप गराउनुपर्छ ।[२५५]
- वादी प्रतिवादीलाई तोकिएको तारेखकै दिनमा अदालतले मुद्दा फैसला गर्नुपर्छ । तोकिएको तारेखभन्दा अगाडि नै फैसला गर्नु हुँदैन ।[२५६]
- फैसला गर्दा सबुद प्रमाणको मूल्यांकन गरेर, कानुनको कारण र आधार खुलाएर गर्नुपर्छ । यस्तो निर्णय वादी दाबीमा मात्र सीमित रहनुपर्छ, वादी दाबी भन्दा बाहिर गएर निर्णय दिनु हुँदैन ।[२५७]
- अदालतमा मुद्दा परी फैसला भएपछि सो फैसलाउपर ऐनबमोजिमको पुनरावेदन नभई सोही मुद्दामा उसै झगडियाका नाउँको फिरादपत्र लिई सुन्न हुँदैन, लिएको भए खारेज गर्नुपर्छ ।[२५८]

### ३.१. एकै पटक फैसला गर्नुपर्छ :

- धेरै जना वादी वा धेरै जना प्रतिवादी भएको मुद्दामा सबै हाजिर नभई दुवै तर्फका एक एक जना वा एक जनाभन्दा बढी हाजिर भएकोमा मुद्दा छिन्नलाई अरू हाजिर नभएसम्म पर्खिरहनु पर्दैन । हाजिर नरहेकाको हकमा हाजिर रहे सरह कानुनबमोजिम मुद्दा छिनिदिनु पर्छ ।[२५९]
- वारेन्ट जारी हुने वा चोरीको महलले मुलतवी रहने मुद्दाका अभियुक्त अदालतमा पक्री नआएको वा हाजिर नभएकाको हकमा अ.बं. १९० नं. र चोरीको महलको १० नं. को अवस्थामा बाहेक दुनियाँवादी हुने कुनै पनि मुद्दा फैसला गर्दा एउटै मिसिलबाट गर्नु पर्ने काममध्ये केही बाँकी राखी पछि बुझी छिन्ने भन्ने बेहोरासँग फैसला गर्न हुँदैन । वादी दाबीको सम्पूर्ण कुरामा एकै पटक निर्णय गर्नुपर्छ ।[२६०]

---

२४९ सरस्वती वि. श्याम बहादुर, जालसाजी, ने.का.प. २०३७, अंक २, नि.नं. १३५१ (सं.ई.) पृ. ६१
२५० ति देवी रौनियार वि. गुडर राउन कर्मी समेत, उत्प्रेषण, ने.का.प. २०३५, अंक २, नि.नं. ११३२ (सं.ई.), पृ. २९
२५१ स्वामीनाथलाल समेत वि. शिवनाथ समेत, जग्गा खिचोला, ने.का.प. २०४९, अंक...., नि.नं. ४४६२ (सं.ई.) पृ. १००
२५२ लालवीर समेत वि.टेक ब. समेत, जग्गा जालसाजी, ने.का.प. २०२८, अंक ७, नि.नं. ६१९ (पू.ई.), पृ. २३६
२५३ मुलुकी ऐन अदालती बन्दोबस्तको १८४ (क) नं.
२५४ जिल्ला अदालत नियमावली, २०५२ को नियम ४६
२५५ मुलुकी ऐन अदालती बन्दोबस्तको १८५ नं.
२५६ ऐ. ५३ नं., १८५ नं.
२५७ ऐ. १८५ नं.
२५८ ऐ. ८५ नं.
२५९ ऐ. १८५ (ख) नं.
२६० ऐ. १९२ नं.

### ३.२. फैसलामा खुलाउनुपर्ने बेहोरा :[२६१]

- पक्ष र विपक्षको दाबी तथा जिकिर, निर्णय गर्नुपर्ने प्रश्न, दुवै पक्षबाट प्रस्तुत भएका प्रमाणका कुराहरू, कानुनी प्रश्न भए त्यसको व्याख्या समेतको बेहोरा न्यायाधीशले आफ्नो ठहर लेख्दा फैसलामा खुलाउनुपर्छ । यस बाहेक निम्न कुराहरू खुलाएर फैसला लेख्नुपर्दछ :
  - साक्षी वा सरजमिनको बकपत्रको सारांश :
  - दुवै पक्षले तथ्य र कानुन सम्बन्धमा उठाएका प्रश्नहरू,
  - वादी वा प्रतिवादीले वा कानुन व्यवसायीले उठाएका नजिर वा सिद्धान्त र नजिर वा सिद्धान्त उक्त मुद्दामा आकर्षित हुने नहुने कुराको प्रष्ट विश्लेषण,
  - कारण सहितको निर्णय र त्यसको आधार तथा तत्सम्बन्धी कानुनहरू,
  - कानुन व्यवसायीको बहसको मुख्य मुख्य बुँदा, फौजदारी मुद्दाको हकमा अभियुक्तले उल्लंघन गरेको कानुनको दफा, सजाय हुने कानुनको दफा र हुने सजाय,
  - वादीले प्रतिवादीबाट के कस्तो र कति कुरा दिलाई भराई चलन चलाउन पाउने हो सो कुरा,

### ३.३. फैसलाको सामान्य भूल सुधार :[२६२]

- एक पटक कुनै अदालत वा निकायबाट निर्णय गरी सकेको मुद्दा पुन: सोही अदालत वा निकायबाट इन्साफमा फरक पर्ने गरी त्यसमा कुनै संशोधन गर्न नपाइने कानुनी प्रावधान छ । तर फैसलाको लेखाइ वा टाइपमा हुन गएको त्रुटि पक्ष विपक्ष वा निजको वारेसले दिएको निवेदनको आधारमा सुधार हुन सक्छ । यस्तो अवस्थामा छुट्टै पर्चा खडा गरी सच्याउनुपर्छ ।

**प्रतिपादित सिद्धान्त :**

- अंकको र लेखको सानोतिनो भूल सच्याउने मात्र नभई सजायको ठहर हेरफेर हुने कुरामा सजायको अंक सच्याउन पाउँदैन ।[२६३]
- निर्णय गर्दा वादी दाबीमा मात्र सीमित रही निर्णय गर्नुपर्छ ।[२६४]
- वादी प्रतिवादीको मुख नमिलेको भएपछि अदालती बन्दोबस्तको १८४ (क)बमोजिम सबुत प्रमाण बुझी सबुत प्रमाणको आधारमा ठहर निर्णय दिनुपर्छ ।[२६५]
- हदम्यादको प्रश्न कानुनी प्रश्न भएकोले जुनसुकै अड्डाले पनि मुद्दामा ठहर निर्णय गर्नु पूर्व फिरादपत्र कानुनको म्यादभित्रको छ, छैन भनी अनिवार्य रूपले हेर्नुपर्छ ।[२६६]

### ३.४. आचारसंहिताको पालना :

- मुद्दाको सुनुवाइ र फैसला गर्दा न्यायाधीशले आचार संहिताको पालना गर्नु पर्दछ । यसै गरी मुद्दाको सुनुवाइको क्रममा आफ्नो भूमिका निर्वाह गर्ने अदालतका कर्मचारी, कानुन व्यवसायी, सरकारी वकिल एवं प्रहरी समेत सबैले आ-आफ्नो आचार संहिताको पालना गर्नु अनिवार्य मानिन्छ । यसरी पालना गर्नु पर्ने आचार संहिता अनुसूचीमा उल्लेख गरिएको छ ।

### ३.५. फैसला गर्ने अवधि :

- ढिलो गरी दिएको न्यायमा 'न्याय' को मर्म नहुन सक्छ । त्यसैले शीघ्र न्याय प्रदान गर्नु सज्जन न्यायाधीशको कर्तव्य हुन्छ भनिन्छ ।
- अदालतले कानुनबमोजिम आफूले गर्नुपर्ने काम कारबाहीहरू ती काम गर्ने भनी तोकिएकै दिनमा गर्नुपर्छ, ढिलो गर्नुहुँदैन ।[२६७]
- सुरु तहको अदालतले मुद्दाको फैसला गर्दा प्रतिवादी परेको वा पर्ने अवस्था पुगेको मितिबाट एक वर्ष भित्रमा गर्नुपर्छ ।[२६८]
- संक्षिप्त कार्यविधि ऐन अन्तर्गतको मुद्दामा प्रतिउत्तर दाखिल भएको वा प्रतिवादीको बयान भएकोमा सो भएको मितिले र प्रतिउत्तर दाखिल नभएको वा प्रतिवादीको बयान नभएकोमा सो हुने म्याद भुक्तान भएको मितिले ९० दिनभित्रमा फैसला गरिसक्नुपर्छ ।[२६९]
- विशेष अदालत ऐन अन्तर्गतका मुद्दामा मुद्दा दायर भएका मितिले सामान्यतया ६ महिनाभित्र फैसला गरिसक्नुपर्छ ।[२७०]

### ३.६. गुणात्मक फैसला :

- फैसला गर्दा फिरादपत्र, प्रतिउत्तरपत्र, बहसनोट वा बहसका

---

२६१ जिल्ला अदालत नियमावली, २०५२ को नियम ४७, अदालती बन्दोबस्तको १८५ नं.

२६२ न्याय प्रशासन ऐन, २०४८ को दफा १९ (२)

२६३ श्री ५ को सरकार वि. हन्ते कार्की समेत, ज्यान, ने.का.प. २०३०, नि.नं. ७४० (पू.ई.), पृ. १३७

२६४ मुमेहर सिं गुरुङ वि. श्रीलाल गुरुङ समेत, जग्गा दर्ता, ने.का.प. २०२९, अंक ६, नि.नं. ६६८ (पू.ई.), पृ. १९६

२६५ विष्णु प्रजापति वि. भु.प्र.का. सिरहा, उत्प्रेषण, ने.का.प. २०३४, अंक ९, नि.नं. ११०३ (सं.ई.), पृ. २८५

२६६ अमिर ब. वि. कृष्णभक्त, खिचोला हक कायम, नेका.प. २०४६, अंक ६, नि.नं. ३८५९ (सं.ई.), पृ. ६६९,

२६७ मुलुकी ऐन अदालती बन्दोबस्तको १३ नं.

२६८ ऐ. १४ नं.

२६९ संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा १०

२७० विशेष अदालत ऐन, २०५९, को दफा १६ (१)

क्रममा प्रस्तुत भएका सान्दर्भिक नजिर वा कानुनी सिद्धान्त समेतलाई समावेश गरी उल्लेख गर्नुपर्छ ।[२७१]

- फैसलालाई स्तरीय तुल्याउनका लागि न्यायाधीश आफैंले नजिर, अन्तर्राष्ट्रिय मापदण्ड जस्ता सन्दर्भ सामाग्रीहरूको उचित प्रयोग गरेमा फैसलाको गुणात्मकता वृद्धि हुन सक्छ ।

**प्रतिपादित सिद्धान्त :**

- कुनै पनि राज्यमा तत्काल प्रचलित संवैधानिक कानुन नै मूल कानुन हुने र संवैधानिक कानुन बाहेकका अन्य सबै कानुनहरूको स्रोत संवैधानिक कानुन हुने । संवैधानिक कानुनबमोजिम बनाइएका वा जारी गरिएको ऐन वा नियम वा त्यस्तो ऐन वा नियमद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएको नियम, विनियम, आदेश सूचना इत्यादिलाई कानुन भन्नुपर्ने । मुद्दा मामिलाका रोहमा कुनै कानुनको प्रयोग गर्दा सर्वोच्च अदालतले तत् सम्बन्धमा गरेको व्याख्या वा प्रतिपादन गरेका कानुनी सिद्धान्तहरू नजिर हुने र सो नजिर मान्न कर लाग्ने ।[२७२]
- कुनै कानुनको व्याख्या गरेर वा कुनै कानुनी सिद्धान्तको प्रतिपादन गरेर त्यो व्याख्या वा सिद्धान्तको आधारमा मुद्दाको निर्णय गरिएको छ भने मात्र त्यो व्याख्या वा सिद्धान्त त्यस्तै प्रकृतिका अन्य मुद्दाहरूको लागि नजिर हुने । नजिर प्रयोजनको लागि कानुन र कानुनी सिद्धान्तको विवेचनालाई नै अदालतले हेर्नुपर्ने ।[२७३]

### ३.७. अदालतको दण्डनीति:

- न्यायाधीशले मुद्दाको फैसला गर्दा अभियुक्तहरूलाई बढी दण्ड सजाय दिने भन्दा कसरी सुधार गरेर समाजमा पुनः स्थापित गर्न सकिन्छ भन्ने सुधारात्मक सोच राखी कानुनमा उल्लेखित प्रावधानहरूको उचित प्रयोग गर्नुपर्छ ।
- न्यायाधीशले विवेक प्रयोग गरी आफ्नो चित्तले देखेको कारण सहितको खुलासा राय दिएर सजाय घटाई फैसला गर्न सक्ने अ.बं. १८८ नं. को प्रयोग, ऐनमा 'सम्म' वा भन्ने प्रावधान राखी विवेक प्रयोग गर्न सक्ने ठाउँ दिएको अवस्थामा यस्ता प्रावधानको उचित प्रयोग गर्नुपर्दछ ।

### ३.८. पीडित पक्षलाई क्षतिपूर्ति :

- कानुनबमोजिम पीडित पक्षले कुनै आर्थिक क्षतिपूर्ति पाउने अवस्था भएमा न्यायाधीशले फैसला गर्दाकै अवस्थामा फैसलामा नै उक्त कुरा उल्लेख गर्नुपर्दछ ।
- जबर्जस्ती करणीको मुद्दामा आधा अंशको मागदाबी लिएर अभियोगपत्र दायर भएको अवस्थामा अदालतले अभियुक्तको अंशको फाँटवारी माग गरी त्यसबाट पीडितले पाउने क्षतिपूर्तिको रकम समेत स्पष्ट रूपमा फैसलामा नै उल्लेख गरी दिलाई भराई दिनुपर्छ ।

## ४. फैसला पश्चात्को कारबाही :

### ४.१. राष्ट्र सेवकलाई सचेत गराउन सक्ने :

- अख्तियारवाला छेउ फैसला वा आदेश पठाउने :

न्यायाधीशले कुनै राष्ट्र सेवकबाट देहायको कुनै काम भएको देखेमा निजलाई सचेत गराउन वा आवश्यक कारबाहीका लागि फैसला वा आदेशको प्रतिलिपि सम्बन्धित अख्तियारवाला छेउ पठाउनुपर्छ :

- कुनै गैरकानुनी काम गरेको, वा
- कानुनबमोजिम पालन गर्नुपर्ने कर्तव्य जानी जानी पालना नगरेको वा त्यस सम्बन्धमा बद्नियत वा गम्भीर लापरवाही गरेको, वा
- आफ्नो पद अनुरूपको आचरण नगरेको, वा
- अदालतको आदेशलाई छल्ने वा कुनै किसिमबाट प्रभावहीन बनाउने बद्नियतले झूटा जवाफ दिएको वा समयमा स्पष्ट जवाफ नदिई आलटाल गरेको ।

### ४.२. राय किताबमा पक्षकारहरूको सही गराउने/फैसला तयार गर्नुपर्ने :

- मुद्दा फैसला गर्ने न्यायाधीशले दुवै थरी झगडियाका हकमा दिने फैसला सुनाइसकेपछि उक्त कुरा उसै दिन राय किताबमा लेख्नुपर्छ र उपस्थित रहेका झगडियाको समेत सहिछाप गराउनुपर्छ । राय किताबमा यसरी राय कायम भइसकेपछि मनासिब कारणले बाहेक ७ दिन भित्रमा फैसला तयार पार्नुपर्छ ।[२७४]

### ४.३. पुनरावेदनको व्यवस्था :

**(क) पुनरावेदनको म्याद दिनुपर्ने :**

- दुनियावादी हुने मुद्दामा अदालतबाट मुद्दा फैसला गरेपछि पुनरावेदन लाग्ने मुद्दामा देहायबमोजिम पुनरावेदनको म्याद दिनुपर्छ :[२७५]

---

२७१ जिल्ला अदालत नियमावली, २०५२ को नियम ४७ (२) (घ)

२७२ पशुपति गिरी वि. नेपाल चेम्बर अफ कमर्श, परमादेश, ने.का.प. २०४६, अंक २, नि.नं. ३७३१ (सं.ई.) पृ. १९४

२७३ प्रदीप कुमार अग्रवाल वि. कर कार्यालय मोरंग, उत्प्रेषण, ने.का.प. २०५२, अंक ७, नि. नं. ६०३२ (पू.ई.),पृ. ५४२

२७४ मुलुकी ऐन अदालती बन्दोबस्तको १८५ नं., जिल्ला अदालत नियमावली, २०५२ को नियम ४६

२७५ मुलुकी ऐन अदालती बन्दोबस्तको १९३ नं.र १९७ नं.

- हाजिर रहेको झगडियालाई फैसला सुनाउँदा चित्त नबुझे फलाना अदालतमा पुनरावेदन गर्न जानू भनी न्यायाधीशले बताइदिनुपर्छ ।
- फैसला सुनिपाएको कागज उसै बखत गराउनुपर्छ ।
- हाजिर नभएका झगडियाको हकमा फैसला भएको ३ दिनभित्रमा पुनरावेदनको म्याद जारी गर्नुपर्छ ।
- झगडिया रोहवरमा भै फैसला सुनेकोमा सो सुनेको मितिले र रोहवरमा नभएको अवस्थामा म्याद तामेल भएका मितिले ३५ दिनको पुनरावेदनको म्याद दिनुपर्छ ।
- अदालतबाट म्याद जारी नभई झगडिया आफैंले अदालतमा उपस्थित भई लागेको दण्ड जरिवाना तिरेको वा फैसलाको नक्कल लिएकोमा सोमध्ये जुन काम अघिल्ला मितिमा गरेको छ सोही मितिबाट पुनरावेदनको म्याद सुरु हुन्छ ।

- श्री ५ को सरकार वादी भई चलेको सरकारी मुद्दा सम्बन्धी ऐन अन्तर्गतको मुद्दामा ७० दिनको पुनरावेदनको म्याद दिनुपर्छ ।[२७६]
- संक्षिप्त कार्यविधि ऐन अन्तर्गतका मुद्दामा ३० दिनको पुनरावेदनको म्याद दिनुपर्छ ।[२७७]
- विशेष अदालत ऐन अन्तर्गतका मुद्दामा ३५ दिने पुनरावेदनको म्याद दिनुपर्छ ।[२७८]

(ख) **जिल्ला अदालतमार्फत पुनरावेदन दर्ता हुने :**

- जिल्ला अदालतको फैसलामा चित्त नबुझ्ने पक्षले पुनरावेदन गर्नु पर्दा सम्बन्धित पुनरावेदन अदालतमा नगई सुरु फैसला वा आदेश गर्ने अदालत मार्फत् पुनरावेदन दर्ता गर्न आएमा दर्ता गरिदिनुपर्छ ।[२७९]

●●

२७६ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा (२६) (१) र (२)
२७७ संक्षिप्त कार्यविधि ऐन, २०२५ को दफा ८३, र ११ (क)
२७८ विशेष अदालत ऐन, २०५९ को दफा ११, १७
२७९ जिल्ला अदालत नियमावली, २०५२ को नियम ८४

परिच्छेद ९

# फैसला कार्यान्वयन

अदालतबाट ठहर भएबमोजिमको धनमाल दिलाउनु, दण्ड सजाय दिलाउनु फैसला कार्यान्वयन हो । अदालतबाट फैसला गर्दैमा वा फैसला अन्तिम हुँदैमा न्यायको उद्देश्य पूर्ण हुँदैन, जबसम्म त्यो निर्णय कार्यान्वयन गरिंदैन ।

अदालतको फैसलाबमोजिमको कुरा जित्ने पक्षले उपभोग गर्न नपाएमा, अपराध गर्नेलाई ठहरबमोजिमको दण्ड जरिवाना नभएमा फैसला कागजी मात्र हुन जान्छ र यसबाट अदालतप्रतिको जनआस्था रहँदैन । त्यसैले फैसला कार्यान्वयन न्यायिक प्रक्रियाको अत्यन्त महत्वपूर्ण र संवेदनशील प्रक्रिया हो ।

## १. देवानी मुद्दाको फैसला कार्यान्वयन

### १.१. फैसला कार्यान्वयनको जिम्मेवारी

- फैसला कार्यान्वयन गर्नु पर्ने सम्बन्धी सम्पूर्ण काम तहसिलदारको जिम्मेवारीमा तहसिल शाखाबाट हुनेछ ।[२८०]
- अदालतको फैसलाले लागेको दण्ड जरिवाना र कैदको लगत मूल लगत किताबमा राखी असुल तहसिल गर्ने, लगत कट्टा गराउने, फैसलाबमोजिम बिगो भराउने, बण्डा छुट्याउने र फैसला कार्यान्वयन गर्ने सिलसिलामा गर्नु पर्ने काम तहसिल शाखाले गर्नेछ ।[२८१]
- आफ्नो अदालत बाहेक अन्य जिल्ला अदालत, पुनरावेदन अदालत र सर्वोच्च अदालतले गरेको फैसलाबमोजिमको आफ्नो क्षेत्रभित्र कार्यान्वयन गर्नु पर्ने कुराको लगत सम्बन्धित जिल्ला अदालतको तहसिल शाखाले बुझी कार्यान्वयन गर्नु पर्छ ।[२८२]
- ऐन नियमद्वारा तोकिएका अन्य काम कर्तव्यका अतिरिक्त सामान्यतया तहसिलदारको काम र कर्तव्य देहायबमोजिम हुन्छ :[२८३]
  - फैसला कार्यान्वयनको सम्बन्धमा परेका निवेदनहरू हेरी जाँची रित पुगेको भए आवश्यक दस्तुर लिई दर्ता गर्ने वा दर्ता गर्न नमिल्ने भए कारण जनाई दरपिठ गर्ने,
  - फैसलाबमोजिम भरी भराउ गर्ने, चलन चलाउने, बण्डा छुट्याउने र सो सम्बन्धी अन्य कार्य गर्ने,
  - फैसला कार्यान्वयनका सिलसिलामा वारेसनामा लिने, सकार गराउने र तारिखमा रहेको पक्षले गुज्रेको तारिख थामी पाउँ भनी दरखास्त दिएमा कानुनबमोजिमको आदेश गर्ने,
  - अदालतबाट रोक्का भएको वा अरू अदालतबाट रोक्का भई आएको जायजेथाहरू अन्य अड्डा अदालतमा दाखिल चलान गर्नु पर्ने भएमा समयमै दाखिल चलान गर्ने,
  - अदालतको फैसलाबमोजिम दण्ड जरिवानाको लगत कसी अरू अदालतमा लगत जाने जति अरू अदालतमा लगत कस्न पठाउने र आफ्नै अदालतमा लगत कस्न पर्ने जति लगत कसी असुल फछ्र्यौट गर्ने,
- जिल्ला अदालत नियमावली, २०५२ मा उल्लेख भए बाहेक कुनै विषयमा अडबड परेमा तहसिलदारले आदेशका लागि न्यायाधीश समक्ष पेश गरी न्यायाधीशको आदेश अनुसार गर्नु पर्छ ।
- तहसिलदारको अनुपस्थितिमा निजले गर्नुपर्ने कामहरू न्यायाधीशले तोकेको कर्मचारीले गर्नेछ ।

### १.२. तहसिलदारको काम कारबाही उपरको उजुरी

- तहसिलदारले दिएको आदेशउपर चित्त नबुझ्ने पक्षले १५ दिनभित्र सम्बन्धित इजलास समक्ष उजुरी दिन सक्दछ ।[२८४]
- उपरोक्तबमोजिमको उजुरीउपर छानबिन गर्दा तहसिलदारले जानी जानी बदनियतपूर्ण कार्य गरेको देखिन आए न्यायाधीशले त्यस्तो कर्मचारीउपर सेवा सम्बन्धी प्रचलित कानुनबमोजिम विभागीय सजायको कारबाही प्रारम्भ गर्ने आदेश दिन सक्दछ ।[२८५]
- फैसला कार्यान्वयनको सिलसिलामा तहसिलदार कर्मचारीले गरेको काम कारबाहीमा चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले सोही अड्डाका हाकिम छेउ पन्ध्र दिनभित्र उजुर गर्न सक्नेछ । निजले गरेको निर्णयमा चित्त नबुझे अदालती बन्दोबस्तको महलको १७ नं.बमोजिम पुनरावेदन सुन्ने अड्डामा निवेदन दिन सक्नेछ । त्यस्तो उजुर परेमा उजुर सुन्नेले उजुर परेको मितिले दुई महिनाभित्र कारबाही किनारा गरिदिनु पर्छ ।[२८६]

२८० ऐ. नियम ६८(१)
२८१ ऐ. नियम ६८(क)
२८२ ऐ. नियम ६९
२८३ ऐ. नियम ८
२८४ ऐ. नियम १३(१) (तेस्रो संशोधन समेत)
२८५ ऐ.नियम १३(३)
२८६ मुलुकी ऐन दण्ड सजायको ६१ नं.

**प्रतिपादित सिद्धान्त**

(क) अवैध तथा बेरितको लिलाम बदर गरी पाउँ भन्ने निवेदन परे पनि त्यसरी लिलामको कार्य सम्पन्न भई तामेलीमा राख्ने आदेश भइसकेपछि अ.बं. १७ नं. अन्तर्गत परेको निवेदनबाट हेरी कारबाही गर्न मिल्दैन ।[२८७]

(ख) दण्ड सजायका महलको ६१ नं. को १५ दिन म्याद नघाई परेको निवेदनउपर कारबाही गर्नु पर्दैन ।[२८८]

(ग) तहसिलदारले लिलाम गर्ने कार्य पुरा गरिसकेपछि द.स.का. ६१ नं. को म्यादभित्र उजुर गरेकोमा लिलाम सम्बन्धी मिसिल उजुर गर्ने हदम्यादभित्र तामेलीमा राख्दैमा ऐनले पक्षलाई उजुर गर्न पाउने सुविधा प्रदान गरेकोलाई समाप्त गरियो भन्न मिल्दैन । बेरितको लिलाम बदर गरी पुनः कानुनबमोजिम कारबाही गर्नु पर्छ ।[२८९]

(घ) लिलाम सम्बन्धी कार्य सम्पन्न भई तामेलीमा रहेको काम कारबाहीउपर नागरिक अधिकार ऐन, २०१२ बमोजिम लिलाम बदरको दाबी लिई मुद्दा दायर गर्न अ.बं. ६१ नं. ले बाधा पर्दैन ।[२९०]

## १.३. फिरादी (वादी) लाई सजाय गर्ने व्यवस्था

- फौजदारी मुद्दामा कुनै व्यक्तिले झूट्ठा प्रमाण बनाई रिसइवीले वा मनासिब माफिकको कारण वा तथ्य नभई कुनै व्यक्तिउपर सो मुद्दा चलाएको ठहरेमा झूट्ठा पोल उजुर गरे बापत निजलाई निजले पोलेको कुरा ठहरेको भए पोलाई माग्नेलाई हुने सजायको आधा सजाय हुन्छ । सो बमोजिम सजाय गर्दा पाँच वर्षभन्दा बढी कैद हुने भएमा पाँच वर्षसम्म मात्र कैद गर्नुपर्छ । पोल उजुर गर्दाको अवस्थामा रिसइवी रहेनछ भने वा पोल उजुर गर्नु पर्ने मनासिब माफिकको तथ्य भई गरेको हो भन्ने मुद्दा हेर्ने अड्डालाई विश्वास भएमा त्यस्तो पोल उजुर गर्ने व्यक्तिलाई सो लेखिएको सजाय मध्ये सबै वा केही सजाय नगर्न सक्नेछ ।[२९१]

**प्रतिपादित सिद्धान्त**

(१) तथ्य भएर उजुर गरेकोमा वादीलाई सजाय नहुने भनी केही मुद्दामा वादीलाई सजाय गरिएको देखिँदैन ।[२९२]

(२) वादी दाबी झूट्ठा ठहरेमा प्रतिवादीलाई हुने सजायको आधा सजाय वादीलाई हुन्छ ।[२९३]

- दण्ड सजायका महलको १८ नं.बमोजिम पोलाहालाई सजाय हुने भएकोमा सो मुद्दा हेर्ने अड्डाले पोलाहालाई सो सजायको आधा सोही लेखिएबमोजिमको सजाय गरी आधा जसका उपर त्यस्तो झूट्ठा मुद्दा चलाएको हो सो व्यक्तिलाई क्षतिपूर्तिको रूपमा भराई दिनेछ । पोलाहालाई कैदको सजाय हुनेमा उपरोक्तबमोजिम दिइने क्षतिपूर्तिको लागि सो कैदको सजायको नगद अंक कायम गर्दा एक दिन कैद सजायको पचास रूपैयाँ कायम गर्नु पर्दछ । माथि लेखिएबमोजिम क्षतिपूर्ति दिनुपर्ने व्यक्तिले सो बमोजिम क्षतिपूर्ति नदिएमा सो क्षतिपूर्ति निजको जायजातबाट भराई दिनु पर्छ र जायजातबाट असुल उपर हुन नसकेमा सो बापत कैद गराई पाउँ भनी क्षतिपूर्ति पाउने व्यक्तिले दरखास्त दिएमा मुद्दा हेर्ने अड्डाले भरी भराउ हुन नसकेको क्षतिपूर्तिको अंकको विचार गरी तीन महिनासम्म कैदको सजाय गर्न सक्नेछ ।[२९४]

- दण्ड सजायको महलको १९ नं.बमोजिम क्षतिपूर्ति दिनु पर्ने व्यक्तिको मृत्यु क्षतिपूर्तिको फैसला हुनु वा भरी भराउ हुनु भन्दा अगावै भए पनि निजको हकवाला मार्फत् निजको अंश हकबाट पुगेसम्म क्षतिपूर्ति असुल गरी भराई दिनु पर्छ र क्षतिपूर्ति पाउने व्यक्तिको मृत्यु क्षतिपूर्तिको फैसला हुनु वा भरी भराउ हुनुभन्दा अगावै भएमा निजले पाउनु पर्ने क्षतिपूर्ति निजका हकवालाले पाउँछ ।[२९५]

- देहायका कुरामा देहायबमोजिम गर्नु पर्छ :[२९६]
  - नपाउनेमा पाउनु पर्छ भनी उजुर दिएको ठहरेमा पक्रेको बिगोको सयकडा दश जरिवाना गर्नु पर्छ ।
  - दिनु पर्नेमा फरेब गरी नदिएको ठहरेमा बिगो भराई सो बिगोको सयकडा दश जरिवाना गर्नु पर्छ ।
  - आफूले पाउनु पर्ने भन्दा बढ्ता पक्रेको ठहरेमा सो बढ्ता पक्रे जतिको र आफूले दिनु पर्ने भन्दा घटी भनेको ठहरेमा सो घटी भनेका जति बिगोको सयकडा दश जरिवाना गर्नु पर्छ ।
  - क्षतिपूर्ति भराउनु पर्नेमा भराएको क्षतिपूर्तिको रकमको भरी पाउनेबाट दशौंद लिनु पर्छ ।

उपरोक्त उल्लेख भएका अवस्था देवानी प्रकृतिका देखिन्छन् । देवानी मुद्दामा कोर्ट फी रहने हुँदा उपरोक्त प्रावधान आकर्षित हुने अवस्था पर्दैन । तथापि क्षतिपूर्ति भराउँदा भने भरी पाउनेबाट दशौंद लिनु पर्छ ।

---

२८७ हरिप्रसाद वि. लक्ष्मी प्रसाद ने.का.प. २०३५, पृ. २०५
२८८ हेम कुमारी वि. मनोहर नारायण, ने.का.प. २०४१, पृ. ४
२८९ तिलाराम वि. प.क्षे.अ. समेत, ने.का.प. २०४५, पृ. २३६
२९० बाबुलाल वि. भरत प्रसाद समेत, ने.का.प. २०४७, पृ. १९३
२९१ मुलुकी ऐन दण्ड सजायको १८ नं.
२९२ देवमुनी वि. चिरीकाजी, ने.का.प. २०४४, पृ. ८७०
२९३ शैल कुमारी देवी वि. राजकुमारी देवी, ने.का.प. २०५४, पृ. ४९३
२९४ मुलुकी ऐन दण्ड सजायको १९ नं.
२९५ ऐ. २० नं.
२९६ ऐ. २१ नं.

## १.४. कारणी मरेको अवस्थामा बिगो असुली

(क) कसैले गरेको काममा उसको शेष पछि अरूका नाउँमा नालिस परी मर्नेको कसुर ठहरे पनि सजाय हुँदैन, बिगोका हकमा ऐनबमोजिम गर्नु पर्छ ।[२९७]

(ख) जरिवाना, कैद वा विशौंद लागेको मानिस सो असुल नहुँदै मऱ्यो भने ऊ मरेपछि माफ हुन्छ । उसको अपुताली खाने वा जमानी हुनेलाई पक्राउ गर्न हुँदैन । बिगो भराउने वा लिनु पर्ने कुरा रहेछ भने अपुताली खानेले तिर्नु पर्छ । जायजात गरी लिएपछि नपुगेको बाँकीमा अपुताली खानेलाई पक्रन हुँदैन ।[२९८]

## १.५. सरकारी बिगो असुली

- श्री ५ को सरकारको असुल गर्नु पर्नेमा नतिर्नेलाई त्यो मानिस सरकारी कर्मचारी रहेछ भने जुन अड्डाबाट पारिश्रमिक पाउने हो सो अड्डालाई फलानासँग यस व्यहोराको यति लिनु पर्छ उसको पारिश्रमिक यति रोक्का गरी असुल गर्नु भन्ने अड्डाको पुर्जी पठाउनु पर्छ । त्यसरी रोक्का गर्दा लिखत भएकोमा लिखतैबमोजिम र अरूमा तहबिल मस्यौट र ठाडो बाँकीको कलममा बाहेक सो कर्मचारीको पारिश्रमिकको चार खण्डको तीन खण्डको मात्र बाँकी असुल नभएसम्म रोक्का गरी असुल गर्नु पर्छ ।[२९९]
- सरकारी बाँकी बापत जायजात वा सर्वस्व हुने मानिसको जायजात वा सर्वस्व गर्दा देहायमा लेखिएबमोजिम गर्नु पर्छ :[३००]
    - जायजात सर्वस्व भई अड्डामा आएको सात दिनभित्र फलानाको जायजात सर्वस्व भई आएकोमा कसैले दबाए छुपाएको कुरा थाहा छ भने आजका तीन महिनाभित्र जायजात सर्वस्व गर्ने अड्डामा जाहेर गर्न आउनु, नआए कानुनबमोजिम सजाय समेत हुनेछ भनी लेखी जायजात सर्वस्व हुनेको घरमा सबैले देख्ने ठाउँमा र जायजात सर्वस्व गर्ने अड्डाको ढोकामा समेत म्याद टाँसी दिनुपर्छ ।
    - म्याद टाँस्दा सो जायजात सर्वस्व हुने मानिससँग भोगदृष्टि लेखाई लिएको वा नासो धरौट लिई राखेको चल अचल गैर र असामीले तिर्नु पर्ने नतिरी राखेको र जग्गा कमाउने मोही कुरियाले बाली नतिरी बाँकी राखेको समेत जो जो छ सो कुरा जाहेर गर्न आउनु भनी घरखेत जग्गा जमीन दोपाया चौपाया र असामीसम्मको फाँटवारी र अरू मालको गोस्वारा तपसिलमा लेखिएको बेहोरा समेत जनाई म्याद टाँसी दिनु पर्छ ।
    - सो म्यादभित्र जाहेर नगरी म्याद नाघेपछि जाहेर भयो भने भोग दृष्टिवालाले जाहेर नगरेको भए भोगदृष्टि लिंदा जग्गा जमीन घर खेतमा ऐनबमोजिमको मोलमा सयकडा पाँच र चल वस्तु लिएमा सयकडा बीससम्म नपुग्ने गरी लिएमा दश रूपैयाँ मात्र जरिवाना गर्नु पर्छ ।
    - लेखिएदेखि बढ्ता नाफा हुने गरी भोगदृष्टि लिएमा र चलअचल दबाई छिपाई म्यादभित्र जाहेर नगरेमा समेत सोही दबाएको बिगोबमोजिम जरिवाना समेत गरी लिनु पर्छ । म्यादभित्र जाहेर गर्न आयो भने भोगदृष्टिमा लेखिएदेखि बढ्ता नाफा हुने गरी लिएको भए पनि बात लाग्दैन ।

## १.६. फैसला कार्यान्वयनको कारबाहीका क्रममा वारिस राख्ने व्यवस्था

फैसलाबमोजिम गराई माग्नेले वा गराइदिनेले फैसला लगतबमोजिम गराई माग्न वा गरी दिनका निमित्त कारबाही गर्न गराउनलाई वारिस राखे ऐनले वारिस दिन हुने मानिसलाई वारिस दिन पाउँछ । त्यस्तो वारिस दिंदा धरौट लाग्दैन । भराई दिलाई छुट्याउन दिनु पर्ने आफू हाजिर भई लिन नआई इच्छापत्र दिई फलानालाई पठाई दिएको छु त्यस हस्ते दिनु भनी ऐनबमोजिम सहीछाप गरी लेखी पठाईदिनु पर्छ । सो इच्छापत्र लिई आउनेबाट दशौंद बिशौंद समेत जो लिनु पर्ने लिई इच्छापत्र लिई आएकालाई फलानालाई अख्तियार गरी पठाइएको छ वारिसले कारबाही गरेकोमा मेरो मन्जुर छ फैसलाबमोजिम गराई दिनु पर्ने बखत म आफैं हाजिर भै लिन आउँला वा इच्छापत्र गरी लिन पठाउँला वा भराई देखाई छुट्याई दिनु पर्ने पनि वारिसद्वारा देखाई छुट्याई बुझाई दिउँला सो फैसला गराइमाग्दा दिंदा दशौंद बिशौंद सजाय समेत जो लागेको मै बुझाउँला इच्छापत्रवालालाई दिएकोमा उजुर गर्ने छैन भन्ने व्यहोराको वारिस दिनेको अदालती बन्दोबस्तको महलको ६५ नं. को देहाय दफा ३ को रित पुऱ्याई अख्तियारनामा र सो वारिस हुनेको फलानाको वारिस म भए तारिखमा रही अदालती बन्दोबस्तको महलको ६५ नं. देहाय दफा ३ को रित पुऱ्याई सकारनामा लेखाई लिई झगडियाको गराउनु पर्ने कागज वारिसको गराई ऐन फैसलाबमोजिम जो गर्नुपर्ने कारबाही गरी तामेल गर्नु गराउनु पर्छ ।[३०१]

## १.७. फैसला कार्यान्वयनको कारबाही डिसमिस गर्न नहुने

फैसलाबमोजिम अड्डाबाट गर्नु पर्ने काम गर्न गराउनलाई दरखास्त दिई तारिखमा बसेको मानिसले तारिख गुजारे पनि कारबाही डिसमिस गर्न हुँदैन । फैसलाबमोजिम गराई माग्नेले अवस्थाअनुसार अदालती बन्दोबस्तको ५९, ६२ वा १७५

---

२९७ ऐ.२ नं.
२९८ ऐ. ३ नं.
२९९ ऐ. २९ नं.
३०० ऐ. ३२ नं.
३०१ ऐ. ४७ नं.

नं.बमोजिम सकार गर्न वा थमाउन पाउँछन्। सोबमोजिम थमाउने वा सकार गर्ने म्याद नाघेपछि पनि सो म्याद नाघेको मितिले ६ महिनाभित्र रितपूर्वकको दरखास्त दिई कारबाही चलाई माग्न आएमा कानुनबमोजिमको दस्तुर र त्यसको सयकडा १० जरिवाना असुल गरी कारबाही गर्नु पर्छ। सो म्यादभित्र पनि दरखास्त दिन नआएमा त्यस्तो व्यक्तिको सुरु दरखास्त तामेलीमा राखिनेछ।[३०२]

## १.८. बिगो भराउने र चलन चलाउने प्रक्रिया

### १.८.१. बिगो भराउने

बिगो भरी पाउनेमा सो भरी पाउनेको दरखास्त नपरी भरी भराउ गर्न हुँदैन। भरी पाउनलाई फैसलाको रितपूर्वकको नक्कल लिई देहायको म्यादमा जायजातको दरखास्त दिन आएमा देहायबमोजिम गरी भराई दिनु पर्छ। सो म्याद नाघेपछि दरखास्त लाग्न र म्यादभित्र दरखास्त दिएमा अड्डाबाट दिएको तारिख गुजारी बस्यो भने फैसलाले पाउने भएको बिगो भरी भराउ हुन सक्दैन।[३०३]

- बिगो भरिपाउने गरी आखिरी फैसला भएको मितिले तीन वर्षभित्र दरखास्त दिनु पर्छ। लेखिएको म्यादभित्र दरखास्त दिन आएमा बिगो भरिपाउने काम खतम नभएसम्म अड्डाबाट दिएको तारिखमा रही जायजात समेत देखाई दिउँला तारिख गुजारे ऐनबमोजिम गर्नु भन्ने समेत बोली पारी दरखास्त लिई तारिखमा राखी म्याद पाए वा टाँसेको पैंतीस दिनभित्र भर्नुपर्ने बिगो, बिशौंद लाग्नेमा सो समेत दाखिल गर्न ल्याउनु नल्याए ऐनबमोजिम जायजात हुन्छ भनी दरखास्त परेको सात दिनभित्र बिगो भर्नु पर्नेको नाममा म्याद जारी गर्नु पर्छ र सो म्यादभित्र बिगो बिशौंद दाखिल गर्न नल्याए ऐनबमोजिम जायजात गरी भराई दिनु पर्छ।
- उपरोक्तबमोजिम जायजातबाट पूरा बिगो पुगेन भने नपुग जतिमा लेनदेन व्यवहारको महलको १९ नं., दामासाहीको महलको १० नं., बाँकी नतिर्नेको महलको १० नं., चोरीको महलको १० नं. र आगो लगाउनेको महलको ९ नं.बमोजिम कैद गराउन पाउनेमा कैद गराई पाउँ भनी कैदमा बसुन्ज्याल खानलाई कैद थुनुवाले पाउने सरहको सिधा खर्च समेत दाखिल गरी अघि जायजातबाट भरी पाएका सातदिनभित्र दरखास्त दिनु पर्दछ। त्यस्तो दरखास्त पर्न आयो भने हाकिम (न्यायाधीश) ले त्यस कुराको पर्चा खडा गरी कैद गरिदिनु पर्छ। सोबमोजिम कैद नगराएको वा कैद नहुनेमा अघि जायजात हुँदा दबाए छुपाएको भए मात्र दबाए छुपाएको चलअचल धनमालको पत्ता लगाई अघि भरी पाएका मितिले दुई वर्षभित्र दरखास्त दिनु पर्छ। सो म्यादभित्र दबाए छुपाएको चलअचल धनमालको फाँट खोली दरखास्त दिन आयो भने ऐनको रित पुऱ्याई पत्ता लगाई ल्याएको जेथा धनमाल लिलाम बिक्री गरी धनीलाई भराइदिनु पर्छ। लेखिएबमोजिम भराइसकेपछि पनि भरिपाउने जम्मै धन पुग्न सकेन भने नपुगमा सो जायजात हुनेलाई पक्रन, दावा गर्न र दोहोरो जायजात गराउन समेत पाउँदैन। बही खाता तमसुक लिखत समेत जो छ फट्टा गराइदिनु पर्छ।
- जायजात गर्नु नपरी अड्डाबाट भराइदिएको वा जायजातबाट उपर भएको बिगो भराइदिएकोमा ऐनबमोजिम उसै बखत दशौंद बिशौंद उपर गरी दिएकोमा ऐनबमोजिम उसै बखत दशौंद बिशौंद उपर गरी लिनु पर्छ।
- जायजात गर्नुपर्ने मानिस अर्कै इलाकामा बसेको रहेछ र पुर्जीद्वारा अर्कै अड्डाबाट गर्नुपर्नेमा धनीले जायजात देखाउन गए उसलाई समेत राखी र नगए अड्डैबाट बाटाका म्याद बाहेक पन्ध्र दिनभित्र गरिदिनुपर्छ।
- जायजात गराइमाग्ने दरखास्त दिई कारबाहीलाई अड्डाबाट दिएको तारेख गुजारी बस्नेलाई दण्ड सजायको महलको ४८ नं.बमोजिम गरी बिगोको लगत समेत काटिदिनु पर्छ।

**प्रतिपादित सिद्धान्त**

जायजात हुन नसकेको अथवा पूरा रकम असुल हुन नसकेको अवस्थामा सो पूरै रकमलाई "बाँकी" मानी सोबमोजिम कैद गराउन सक्ने हुन्छ। यस्तोमा "बाँकी" को अर्थ केही रकम असुल भएकै हुनु पर्ने भनी कानुनको अर्थ लगाउन मिल्दैन।[३०४]

### १.८.२. चलन चलाउने

मुद्दा फैसला भई पुनरावेदनको म्याद नाघेपछि फैसलाबमोजिम चलन पाउने वस्तु चलन गर्न जाँदा नदिएमा देहायमा लेखिएबमोजिम हुन्छ :[३०५]

- आखिरी टुंगो लागि फैसला भएपछि सो फैसला भएका मितिले दुई वर्षभित्र जुन अड्डाबाट चलन पाउने हो सो अड्डामा चलन पाउँ भन्ने दरखास्त दिनु पर्छ। सो दुई वर्षको म्याद नाघेपछि भने सो चलन चलाउने वस्तुको ऐन फैसलाबमोजिम लागेको दस्तुरको आधार दस्तुर फेरि दिए मात्र सो पहिला दुई वर्षको म्याद नाघेको मितिले फेरि एक वर्षभित्र दरखास्त दिन पाउँछ। सो म्याद नाघेपछि भने दरखास्त लिन र अड्डाबाट चलन चलाईदिन समेत पर्दैन।
- आखिरी टुंगो लागी फैसला भई हकबेहक छुट्टिएकाले हक कायम भएको सम्पत्तिमा सो व्यक्तिले चलन चलाई पाउँ

---

३०२ ऐ. ४८ नं.
३०३ ऐ. ४२ नं.
३०४ चन्द्र बहादुर वि. भेरी अं.अ. बाँके समेत, ने.का.प. २०४८, पृ. ८२
३०५ मुलुकी ऐन दण्ड सजायको ४३ नं.

भनी फैसला भएको मितिले दुई वर्षभित्र दरखास्त दिएमा अड्डाले चलन चलाइदिनुपर्छ । चलन चलाई पाऊँ भनी छुट्टै नालिस गर्नु पर्दैन । सोबमोजिम अड्डाले चलन चलाइदिंदा कानुनबमोजिम लाग्ने कोर्ट फी र बिगोको अढाई प्रतिशत दस्तुर र बिगो नखुलेकोमा पञ्चकृति मोलबमोजिमको बिगो कायम गरी सो बिगोको अढाई प्रतिशत दस्तुर सूचना पाएको मितिले पैंतीस दिनभित्र दाखिल गर्न ल्याउनु भनी अड्डाले सो चलन चलाई पाऊँ भन्ने व्यक्तिलाई सूचना दिनु पर्छ । सो दुई वर्षको म्याद वा पैंतीस दिनको म्याद नाघेकोमा थप दस्तुर सहित सो म्याद नाघेको मितिले एक वर्षभित्र दरखास्त दिए चलन चलाइदिनु पर्छ । सो म्याद नाघेपछि अड्डाबाट चलन चलाइदिनु पर्दैन ।

- उपरोक्तबमोजिम दरखास्त परेपछि त्यसको रसिद दिई दरखास्तवालालाई तारिखमा राखी सात दिनभित्र अड्डाको पुर्जी गरी आफ्नो इलाकामा भए आफ्नै अड्डाबाट र अरू इलाकामा भए सो इलाकाको अड्डालाई लेखी सो अड्डाबाट समेत तीन महिनासम्ममा सो चलन पाउने वस्तु चलन चलाइदिनु पर्छ ।
- चलन चलाउँदा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्य वा प्रतिनिधि, तालुकदार, स्थानीय भलादमी समेत पाँच जना राखी चलन चलाइदिई चलन पुर्जी समेत दिनुपर्छ । चलन दिनु पर्नेले वा अरू कसैले चलन चलाउन बाधा विरोध गरे आवश्यक परे गाउँ विकास समिति वा नगरपालिका, प्रहरी समेतको सहयोग लिई आवश्यक बल प्रयोग गरी चलन चलाइदिनु पर्छ र बाधा विरोध गर्नेलाई पक्री अड्डामा दाखिल गर्नु पर्छ । त्यस्तो बाधा विरोध गर्नेलाई एक हजार रूपैयाँसम्म जरिवाना वा पन्ध्र दिनसम्म कैद हुन्छ ।
- चलन दिनु पर्ने घर, पसलभित्र धनमाल राखी ताल्चा मारी राखेकोमा चलन दिनु पर्ने मानिस हाजिर भए खोल्न लगाई चलन चलाइदिनुपर्छ । हाजिर नभए पन्ध्र दिनभित्र खाली गरिदिनु त्यसपछि कुनै दिन अड्डाबाट मानिस आई ताला राखी राखे ताला तोडी राखेको धनमाल कब्जा लिलाम बिक्री गरी चलन चलाइदिनेछ भनी सोही दिन सो चलन चलाउनु पर्ने घर पसलको दैलामा म्याद टाँसी म्याद नाघेपछि सोबमोजिम गरी चलन चलाइदिनु पर्छ । धनमाल कब्जा लिलाम बिक्री गरेकोमा सो गरेको एक वर्षभित्र फिर्ता लिन आए सयकडा दश कटाई बाँकी फिर्ता गर्नु पर्छ, सो म्यादभित्र फिर्ता लिन नआए दिनु पर्दैन । आम्दानी बाँध्नु पर्छ ।
- एक पटक चलन चलाई दिएकोमा चलन नछाडी खिचोला गरेमा खिचोला गरेको पटकै पिच्छे एक हजार रूपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद गरी अघि चलन चलाइदिएको सम्पत्तिमा फैसलाबमोजिम फेरि चलन चलाई दिनु पर्छ । सोबमोजिम चलन पाउन फेरि नालिस गरिरहनु पर्दैन । दरखास्तबाटै चलन चलाइदिनु पर्छ र त्यस्तो चलन चलाइदिएबापत दस्तुर बुझाइरहनु पर्दैन ।

**प्रतिपादित सिद्धान्त**

(१) मुद्दा दोहोर्‍याई हेरी पाउँ भनी निवेदन परेकोमा सर्वोच्च अदालतबाट सो को टुंगो लागेपछि मात्र चलन चलाउने तर्फ कारबाही हुने द.स. को ४३ नं. को कानुनी व्यवस्था देखिंदैन । चलन चलाइदिनेतर्फ भएको आदेश रितपूर्वककै हुन्छ ।[३०६]

(२) मुद्दाको पुनरावेदन कारबाही चलिरहेको अवस्थामा चलन चलाइदिन हुँदैन ।[३०७]

(३) चलन नछाडेको भनी दोस्रो पटक दरखास्त गरे पनि पहिला दरखास्तसम्म दिएको चलन पाई नसकेकोले दोस्रो पटक चलन नछाडेको भनी सजाय हुँदैन ।[३०८]

## १.९. बिगो भराउने र चलन चलाउने दरखास्त र कारबाही प्रक्रिया

- फैसलाबमोजिम भरी भराउ वा चलन चलाइपाऊँ भन्ने दरखास्तको साथमा फैसला वा आदेशले रितपूर्वकको नक्कल राखी तहसिल शाखामा दिनु पर्छ । यसरी दिइने दरखास्तमा देहायको विवरण खुलेको हुनुपर्छ ।[३०९]
- अचल सम्पत्ति देखाइदिइने दरखास्तमाः
  - घर जग्गा रहेको ठाउँ र चार किल्ला,
  - दर्ता स्रेस्ता अनुसार घर जग्गाको कित्ता नम्बर र क्षेत्रफल,
  - घरको बनौट, कवल, तल्ला र सम्भव भए वर्ग फिट,
  - दर्तावाला व्यक्तिको नाम, दर्तारहेको कार्यालय र दर्तावालाको भाग हिस्सा,
  - आवास, औद्योगिक वा व्यापारिक क्षेत्रमध्ये कुन क्षेत्रमा पर्ने,
  - कच्ची, पक्की सडकसँग जोडिएको वा बाटो भए नभएको,
  - घर जग्गामा भएका लगापातको विवरण,
  - उपरोक्त आधारमा खरिद बिक्री हुन सक्ने न्यूनतम् मूल्य,
  - बिगो भराउन आवश्यक पर्ने जग्गा वा घरको तर्फ खुलेको क्षेत्रफल वा खण्ड ।
- चल सम्पत्ति देखाई दिइने दरखास्तमाः
  - चल सम्पत्ति रहेको ठाउँ, भोग वा कब्जा गर्ने व्यक्तिको नाम, थर र ठेगाना,

३०६ लक्ष्मी प्रसाद वि. का.जि.अ., ने.का.प. २०४९, पृ. २००
३०७ उत्तिम यादव वि. महोत्तरी जि.अ. समेत, ने.का.प. २०४९, पृ. ८०९
३०८ मनहरे समेत वि. वरे समेत, ने.का.प. २०३१, पृ. ५४
३०९ जिल्ला अदालत नियमावली, २०५२ को नियम ७४

- त्यस्तो सम्पत्तिको अवस्था, प्रकृति र बनोट,
- प्रत्येकको साइज र संख्या,
- त्यस्ता सम्पत्ति स्वामित्वमा रहेको व्यक्तिको नाम, थर, ठेगाना र भाग हिस्सा,
- खरिद बिक्री हुन सक्ने प्रत्येकको न्यूनतम बजार मूल्य ।

- अदालतबाट फिर्ता पाइने ठहरेको रकम वा बैंक मौज्दात देखाइदिइने दरखास्तमाः
  - कोसँगको कुन मुद्दामा फिर्ता पाउने ठहरेको,
  - फिर्ता पाउने ठहरेको फैसला र मिति,
  - फिर्ता पाउने म्याद अवस्था बाँकी भए नभएको,
  - के बापतको रकम फिर्ता पाउने हो र कति फिर्ता पाउने,
  - खाता रहेको बैंक खाता नम्बर, खाताको किसिम, खातावालको नाम, थर, ठेगाना र खाताको अन्तिम मौज्दात ।

उपरोक्तबमोजिम दरखास्त दर्ता भएपछि देहायबमोजिमको कारबाही गर्नु पर्छ :-

- अचल सम्पत्ति देखाइदिइएको दरखास्तमा उल्लेख भएको सम्पत्तिका हकमा आवश्यक पर्ने जेथा रोक्का राख्न दर्ता रहेको कार्यालय वा रजिस्ट्रेशन गर्ने कार्यालयमा तुरुन्त लेखी पठाउनु पर्छ ।
- चल सम्पत्ति देखाई भरी भराउका लागि दिइने दरखास्तमा उल्लेख भएको सम्पत्तिको हकमा यथाशीघ्र तायदात गर्न पठाई तायदात गर्दाको अवस्थामा नै आवश्यक पर्ने जति त्यस्तो जेथा कब्जामा लिनु पर्छ र त्यसको भर्पाई सम्बन्धित व्यक्तिलाई दिनु पर्छ ।
- अदालतबाट फिर्ता पाउने ठहरेको रकम वा बैंक मौज्दात देखाइदिइने दरखास्तमा उल्लेख भएको सम्पत्तिको हकमा भरी भराउका लागि आवश्यक पर्ने रकम जतिसम्म रोक्का राखी रोक्काको सूचना अदालतको लेखा शाखा वा सम्बन्धित बैंकमा तुरुन्त लेखी पठाउनु पर्छ,

उपरोक्तबमोजिम सम्पत्ति रोक्का वा कब्जामा राखिएपछि निवेदकले देखाएको सम्पत्ति र निजले खुलाएको सो को मूल्य समेत उल्लेख गरी मुलुकी ऐन, दण्ड सजायको महलको ४२ नं. अनुसार ३५ दिने सूचना बिगो भर्नु पर्नेका नाउँमा जारी गर्नुपर्छ । सो म्यादभित्र बिगो दाखिल गर्न नल्याए रोक्का वा कब्जामा राखिएको उल्लेखित सम्पत्ति जायजात लिलाम गरी भराइदिने व्यहोरा समेत उक्त सूचनामा प्रष्ट उल्लेख भएको हुनु पर्छ ।

- बिगो भराउँदा वा चलन चलाउँदाको अतिरिक्त खर्च पक्षले चाहेमा बेहोर्न सक्दछ ।[३१०]
- यथास्थितिमा राख्ने : चलन चलाई तथा बिगो भरी भराउको लागि निवेदन परेपछि चलन, चलाउन वा बिगो भरी भराउ गर्नु पर्ने चल, अचल सम्पत्ति भत्काउन, बिगार्न, हटाउन वा र त्यसमा कुनै निर्माण कार्य नगरी उक्त कार्य पूरा नभएसम्म यथास्थितिमा राख्ने गरी न्यायाधीशले सम्बन्धित व्यक्तिका नाउँमा आदेश दिन सक्नेछ ।[३११]
- चलन चलाउने सूचना : फैसलाबमोजिम चलन चलाई पाऊँ भनी निवेदन परेपछि फलानो मितिमा चलन चलाउने डोर खटी आउँदैछ सो भन्दा अगावै घर वा जग्गा खाली गरिदिनु होला भनी विपक्षीका नाउँमा र त्यस्तो सम्पत्ति मुद्दाका पक्ष बाहेक उनाउ व्यक्तिको भोग कब्जामा रहेछ भने त्यस्ता व्यक्तिलाई पनि सूचना दिनु पर्छ र सूचनामा तोकिएको दिनमा गई कानुनबमोजिम चलन चलाउने काम गरिदिनु पर्छ ।[३१२]

## १.१०. सम्पत्ति लिलाम गर्दा अपनाउनु पर्ने कार्यविधि

(१) दुनियाँको बिगो वा कोर्ट फी असुल उपर गर्दा सो बिगो र कोर्ट फी तिर्नुपर्ने व्यक्तिले जि.अ. नियमावली, २०५२ को नियम ७४ को उपनियम (४) को सूचनाको म्यादमा रकम नबुझाएमा भरी पाउने व्यक्तिले देखाएको अचल सम्पत्ति तायदात गरी ल्याउनु पर्छ ।

(२) दण्ड जरिवाना, सरकारी बिगो वा आदेशले लागेको बाँकी कोर्ट फी, दशौंद बिशौंद आदि तिर्नु पर्ने व्यक्तिले नबुझाएमा अदालतले त्यस्तो व्यक्तिको जुनसुकै चल अचल सम्पत्तिबाट असुलउपर गर्नका लागि तायदात गरी अचलको हकमा रोक्का र चलको हकमा कब्जामा राख्नु पर्दछ । तर पहिले नै जेथा जमानत दिएका सम्पत्तिको हकमा र अदालतको जिन्सी धरौटीमा दाखिल भएको सम्पत्तिको हकमा भने त्यस्तो तायदात गरिरहन पर्दैन् ।

(३) जिल्ला अदालत नियमावलीअनुसार चल-अचल सम्पत्ति तायदात गरी ल्याउँदा कम्तीमा फाँटवाला सरहको कर्मचारीलाई खटाई तायदात गरी ल्याउँदा त्यस्तो चल अचल सम्पत्तिको स्थानीय चलन चल्तीको मूल्य खुलाई मूल्यांकन मुचुल्का समेत एकै साथ गराई ल्याउनु पर्छ ।

(४) चल अचल सम्पत्ति तायदात गर्दा र कब्जामा लिंदा समेत सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको प्रतिनिधिलाई साक्षी राख्नु पर्छ ।

(५) उपरोक्त प्रकरण (१), (२) र (३) अनुसार तायदाती र

३१० ऐ. नियम ७७

३११ ऐ. नि. ७८

३१२ ऐ. नि. ७९

मूल्यांकन मुचुल्का भई आएपछि अदालत रहेको गाउँ विकास समिति वा नगरपालिकाको एकजना र नजिकको कुनै अड्डाको प्रतिनिधि साक्षी राखी रोक्का वा कब्जामा भएको सम्पत्तिको पञ्चकिर्ते मोल कायम गर्नु पर्नेछ। त्यसरी पञ्चकृति मोल (बिक्री गर्न खोज्दा पाउन सक्ने न्यूनतम मूल्य) कायम गर्दा आवश्यकतानुसार देहायका कुनै वा सबै आधार लिन सकिनेछ :

(क) निवेदकले खुलाएको मूल्य,

(ख) अभियोगपत्र वा फैसलामा उल्लेखित मूल्य,

(ग) जेथा जमानत लिंदाका अवस्थामा खुलेको मूल्य,

(घ) तायदात गर्दा भई आएको स्थानीय मूल्यांकन अनुसारको मूल्य,

(ङ) मालपोत कार्यालयले रजिस्ट्रेशन दस्तुरको प्रयोजनको लागि निर्धारण गरेको मूल्य,

(च) कर प्रयोजनको लागि सम्बन्धित निकायले तोकेको मूल्य,

(छ) तत्काल भएको नजिकैको त्यस प्रकारको सम्पत्तिको खरीद बिक्री मूल्य,

(ज) औद्योगिक, व्यापारिक वा आवास क्षेत्र लगायत सडक महत्व र लगापात समेतको स्थिति,

(झ) नगरपालिका क्षेत्रभित्र पर्ने घरको हकमा सम्बन्धित प्राविधिकको मूल्यांकन प्रतिवेदन।

(६) उपरोक्त प्रकरण (५) अनुसारको पञ्चकृति मोल कायम भएपछि घटीमा पनि १५ दिनपछि उक्त सम्पत्ति लिलाम बढाबढ गरिने म्याद सूचना सम्बन्धित व्यक्तिलाई समेत दिई सो सम्पत्ति रहेको ठाउँ, सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका र बढी जनसम्पर्क हुने कार्यालय तथा अदालतको सूचनापाटी समेतमा टाँस्न लगाई यथासम्भव स्थानीय पत्र पत्रिकामा समेत प्रकाशित गराई अदालत रहेको गाउँ विकास समिति वा नगरपालिका र स्थानीय कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधिलाई साक्षी राखी बढाबढ गरी लिलाम बिक्री गर्नु पर्छ। तर सूचना दिंदा पनि त्यस्तो कुनै प्रतिनिधि उपस्थित नभए पनि लिलामको कार्य रोकिने छैन।

(७) लिलाम गर्दा पञ्चकिर्ते मोलमा कसैले सकार नगरे अर्को एकपटक लिलाम बढाबढ गरी लिलाम बिक्री गर्नुपर्छ। यसरी दोस्रो लिलाम बढाबढ हुँदा समेत कसैले सकार नगरेमा दुनियाँको बिगोको हकमा पञ्चकिर्ते मोलमा निवेदकले समेत सकार गर्न नचाहेमा अर्कोचोटि लिलाम गराई रहन पर्दैन। तत्सम्बन्धी निवेदन तामेलीमा राखिदिनु पर्छ। तर सरकारी बिगो, दण्ड जरिवानाको हकमा लिलाम बढाबढ गराए जतिमा सकार भए पनि लिलाम टुंग्याई बाँकी लगत कानुनबमोजिम गर्नुपर्छ।

(८) लिलाम बिक्री गर्दा बाँकी असुल गर्न अदालतले आवश्यक ठानेको जति सम्पत्ति मात्र लिलाम गरिनेछ।

(९) लिलाम बिक्रीबाट आएको असुल गर्नु पर्ने भन्दा बढी रकम बाँकीवालालाई फिर्ता गर्नु पर्छ। फिर्ता लिन आउन सूचना गरेको एक वर्षसम्म फिर्ता लिन नआए त्यस्तो रकम सर्वसंचित कोषमा दाखिल गर्नु पर्छ। पछि फिर्ता पाउने छैन।

(१०) लिलाम बिक्री भएकोमा सकार गर्नेलाई अदालतबाट चलन पुर्जी दिई चलन चलाई दिनु पर्छ।

(११) जिल्ला अदालत नियमावली, २०५२ अन्तर्गत लिलामको कारबाही प्रारम्भ भएकोमा बाँकीवाला व्यक्तिले बुझाउनु पर्ने रकम अन्तिम डाक सकार नभएसम्ममा बुझाउन ल्याए उक्त रकम बुझी लिई लिलामको कारबाही तामेलीमा राखिदिनुपर्छ।

(१२) तहसिलदारले फैसला वा आदेशबमोजिम रोक्का भएको जायजात लिलाम गरेको कारबाहीउपर पर्न आएको उजुरी न्यायाधीश समक्ष पेश गरी भएको आदेशबमोजिम गर्नु पर्छ।[३१३]

(१३) प्रतिपादित सिद्धान्त

(क) एकाघरकै भए पनि प्रतिवादी बाहेकका मानिसका नाउँमा दर्ता रहेको घर जग्गा लिलाम गर्दा निज दर्तावालालाई समेत बुझी लिलाम गर्नुपर्छ। दर्तावालालाई नबुझी गरेको लिलाम दण्ड सजायको २६ नं. विपरीत भई बदर हुन्छ।[३१४]

(ख) ऋण लिनेको लेनदेन व्यवहारको ८/९ नं.बमोजिम सम्पत्तिमा हक नपुगुन्जेल गोश्वारा धनबाट भरी भराउ हुन नसकेकोमा बाबुको नाउँको जग्गाबाट बिगो जायजात लिलाम गर्ने कार्य स्थगित राख्नु पर्छ।[३१५]

(ग) लिन दिन नहुने जग्गा लिलाम गरेको भए सो लिलाम र लिलाम सकारी दर्ता गर्ने गरेको सम्पूर्ण कारबाही कानुन विपरीत हुन जान्छ।[३१६]

(घ) दाइजो पेवाबाट प्राप्त गरेको नदेखिए पछि सगोलको लोग्नेले खाएको ऋण दण्ड सजायको २६ नं. ले तिर्नुपर्छ, लोग्नेका नाउँको बिगोमा कानुनबमोजिम भएको लिलाम बदर हुँदैन।[३१७]

---

३१३ ऐ नियम ७६

३१४ अन्नपूर्ण वि. दाङ जि.अ. समेत, ने.का.प. २०३९, पृ. २८२, टीका देवी वि. पुनरावेदन अदालत विराटनगर समेत, ने.का.प. २०५१, पृ. ३५५, मुना वि. का.जि.अ. समेत, ने.का.प. २०४८, पृ. ५५९, न्हुच्छे माया वि. का.जि.अ. समेत, ने.का.प. २०५०, पृ. २३१

३१५ राजकुमार वि. पु.वे.अ. जनकपुर समेत, ने.का.प. २०५१, पृ. ३८५

३१६ सामरती समेत वि. सूर्य नारायण समेत, ने.का.प. २०४९, पृ. ३५७

३१७ बहुनी वि. बारा जि.अ. समेत, ने.का.प. २०४४, पृ. ५५१

## १.११. रजिस्ट्रेशन, दाखिल दर्ता गराउने

(क) म्यादभित्र लिखत रजिस्ट्रेशन गरी नदिएकोले वा दाखिल खारेज नामसारी गरी नदिएकोले नालिस उजुर परी रजिस्ट्रेसन वा दाखिल खारेज नामसारी गरी दिनु पर्ने ठहरी फैसला भएकोमा फैसला गर्ने अड्डाले फैसलाबमोजिम पास वा दाखिल खारिज नामसारी गरिदिने अड्डालाई पुनरावेदनको म्याद नाघेपछि पुर्जी गरिदिने भनी चलन चलाइदिनेको लगत कसे सरह लगत किताबमा लेखी राखी पुरावेदन परेकोमा पुनरावेदन फैसला भई टुंगो लागी र पुनरावेदन नपरेकोमा पुनरावेदन दिने हदम्याद नाघी उजुर नलाग्ने भैसकेका मितिले ६ महिनाभित्र फैसलाबमोजिम गराइमाग्ने मानिसले फैसलाबमोजिम गराई माग्नलाई फैसला पुर्जी गरिदिने अड्डामा दरखास्त दिनु पर्छ। लेखिएका म्यादभित्र दरखास्त पर्न आएमा दरखास्त दिन आउनेलाई तारिखमा राखी फैसला पुर्जी गरिदिने अड्डाले फैसला उपर पुनरावेदन नलाग्ने भैसकेको छ छैन भनी हेरी बुझी पुनरावेदन उजुर नलाग्ने भैसकेको रहेछ भने दरखास्त परेका मितिले पन्ध्र दिनभित्र पुनरावेदन उजुर नलाग्ने भैसकेको हुनाले फैसलाबमोजिम रजिस्ट्रेसन वा दाखिल खारिज नामसारी गरिदिनु भन्ने बेहोराको पास वा दाखिल खारिज गरिदिने अड्डाका नाउँमा पुर्जी लेखी पठाई दरखास्तवालालाई पनि फैसलाबमोजिम गरिदिनु भन्ने फलाना अड्डालाई फलाना मितिमा पुर्जी भैसकेको छ, सो अड्डामा आजका पैंतीस दिनभित्र हाजिर भै फैसलाबमोजिम गराई माग्न जानु भन्ने पुर्जी गरिदिई सो पुर्जी बुझिलिएकाको भर्पाइ समेत लिई राख्ने गर्नु पर्छ। म्यादभित्र दरखास्त नपरे रजिस्ट्रेसन गर्ने पुर्जी हुन सक्दैन। दाखिल खारिज नामसारीको हकमा सो म्याद नाघेपछि दरखास्त परेको वा पुर्जीबमोजिम हाजिर भएकोमा प्रत्येक वर्षको निमित्त तिरोको चार खण्डको एक खण्ड जरिवाना गरी लेखिएबमोजिम दाखिल खारिज नामसारी गरिदिनु पर्छ। सोबमोजिम जरिवाना गर्दा जतिसुकै वर्ष भए पनि तिरोबमोजिम भन्दा बढी गर्न हुँदैन।[३१८]

(ख) प्रतिपादित सिद्धान्त

(१) मिलापत्रबमोजिम गराउन लिखत पारित गरिदिने अड्डालाई जिल्ला अदालतले पुर्जी नपठाए पनि अ.बं. १८४ नं. ले मिलापत्रको विषयमा एक छुट्टै व्यवस्था गरेको देखिन्छ। दण्ड सजायको ४४ नं. रजिस्ट्रेसन पारित हुने दाखिल खारिज नामसारी हुने ठहरी फैसला भएकोलाई मात्र लाग्ने हो। मिलापत्रको हकमा अ.बं. १८४ नं. को म्यादभित्र पक्ष आएमा पास गरिदिने अड्डाले पनि मिलापत्र र कानुनबमोजिम गरिदिनुपर्छ।[३१९]

(२) फैसला भैसकेको लिखत पारित गरिदिनु भन्ने पुर्जी भै आएकोमा रजिस्ट्रेसन पारित गर्ने कर्तव्य रजिस्ट्रेसन गर्ने अड्डाको हुन्छ। अदालतमा मुद्दा परी पास हुने ठहरी फैसला भैसकेको लिखतको सम्बन्धमा कार्यपालिका तहको रजिस्ट्रेसन पास गर्ने अड्डाले अदालतको फैसला काटिने गरी निस्क्रिय गराई लिखत पास हुन नसक्ने भनी पर्चा गर्न पाउँदैन।[३२०]

## १.१२. निखन्न दिने र चलन

(क) धरौट राखेको थैली साहुलाई बुझाउन लगाई निखन्न दिने ठहरी फैसला भएकोमा पुनरावेदन नलाग्ने भैसकेपछि निखन्न नदिई चलन गरिराखेको घर जग्गाहरूको चलन छाडी धरौट रहेको थैली लिन पुनरावेदन नलाग्ने भएको मितिले तीन वर्षभित्र थैली धरौट रहेका अड्डामा हाजिर हुन जानु पर्छ। थैली बुझी लिएको छैन भनी निखन्न नदिई त्यसै चलन गरिरहन पाउँदैन। निखन्न पाउनेले चलन गर्न पाउँछ। धरौट रहेको थैली बुझी लिनलाई धरौट रहेको अड्डामा म्यादभित्र आएमा देहायबमोजिम गरी धरौट रहेको थैली भराइ दिनु पर्छ। म्यादभित्र थैली बुझी लिन नआए म्याद नाघेपछि भरिपाउन सक्दैन।[३२१]

(१) तीन वर्ष वा पुनरावेदन दिने म्यादभित्र धरौट रहेको थैली लिनलाई निखन्न दिन साहु हाजिर हुन आएमा अचल माल निखन्न दिनु पर्ने भए लेनदेन व्यवहारको महलको ५ नं.बमोजिम गरी लिखत दाखिल गरे लिखतमा दरपिठ गराई र लिखत कुनै परिबन्दले दाखिल गर्न नसक्ने भएमा लिखत यस परिबन्दले दाखिल गरी दिन नसकेको हुनाले थैली बुझी लिई भर्पाइ गरिदिएँ। लिखत पत्ता लागी आएका बखत निखनी दिनेलाई सुम्पिदिउँला भन्ने बेहोराको भर्पाइ लेखी सहिछाप गराई लिई ऐन फैसलाले लाग्ने जति कट्टा गरी बाँकी रहेको थैली बुझाई दिई अड्डामा निखनी लिने हाजिर भए फट्टा भर्पाइ र लिखत साथ सुम्पिदिएको कागजपत्रहरू सुम्पी दिई र हाजिर नरहे फट्टा भर्पाइ लिखत कागजपत्रहरू अड्डैमा राखी साहुले थैली बुझिलिई दरपिठ गरेको लिखत र त्यससाथ दाखिल गरेका कागजपत्रहरू लिन आउनु भनी निखनी लिनेका नाउँमा म्याद टाँसी लिन आएका बखत बुझाईदिनु पर्छ।

(२) चल माल निखन्न दिनुपर्ने भई फैसला भएकोमा धरौट रहेको थैली बुझी लिनलाई म्यादभित्र थैली बुझी लिने साहु हाजिर हुन आएका बखत निखनी लिने समेत हाजिर भएको भए लिखतको पिठमा लेनदेन व्यवहारको महलको ५ नं.बमोजिम दरपिठ गराई वा भर्पाइ गराई सो दरपिठ भए गरिदिएको भर्पाइ र निखन्न दिनु पर्ने माल समेत

---

३१८ मुलुकी ऐन दण्ड सजायको ४४ नं.

३१९ रामबहादुर वि. मालपोत अधिकृत, नुवाकोट, ने.का.प. २०३४, पृ. १२

३२० गणेश बहादुर वि. गोरखा माल, ने.का.प. २०३१, पृ. ३४१

३२१ मुलुकी ऐन दण्ड सजायको ४५ नं.

सुम्पिदिई धरौट रहेको थैली साहुलाई ऐन फैसलाबमोजिम लागेको लिनु पर्ने लिई बुझाइदिने र निखनी लिने हाजिर नरहे थैली बुझी लिन आउने साहुलाई निखनी लिने असामीका नाउँमा निखन्न पर्ने माल बुझी लिन आउनु भनी बाटाको म्याद बाहेक पैंतीस दिनको म्यादपुर्जी जाने भएको हुनाले तारिखका दिन निखन्न दिनु पर्ने माल सबै लिई हाजिर हुन आउनु भनी तारिख तोकी निखनी लिनेका नाउँमा पनि साहुले धरौट रहेको थैली बुझी लिनलाई हाजिर हुन आएको छ, बाटाका म्याद बाहेक पैंतीस दिनभित्र हाजिर भै निखन्नु पर्ने माल जाँची लिन आउनु, म्यादभित्र नआए जरिवाना हुनेछ भन्ने समेत बेहोरा लेखी म्याद पुर्जी टाँसी हाजिर भै बुझी लिन आए निखन्न दिनुपर्ने माल बुझाई माथि प्रकरण १ मा लेखिएबमोजिम लिखत फट्टा गराई वा भर्पाइ गराई दिई साहुलाई बुझाउनु पर्ने थैली उपरोक्त प्रकरण १ मा लेखिएबमोजिम गरी बुझाई दिनुपर्छ ।

(३) माल बुझी लिने म्यादभित्र हाजिर हुन नआए म्याद गुज्रेका मितिले पन्ध्र दिनभित्र निखनी लिनेलाई पक्राउ गर्न पठाई पक्री म्यादभित्र लिन नआई अटेर गरेबापत तल प्रकरण ४ बमोजिम जरिवाना गरी बुझाउन लगाई धरौट रहेको थैली साहुलाई उपरोक्त प्रकरण १ मा लेखिएबमोजिम गरी बुझाई दिनुपर्छ ।

(४) निखन्न दिनुपर्ने साहुले धरौट रहेको थैली बुझी लिनलाई हाजिर नहुँदै थैली बुझी लिने म्याद तीन वर्षभित्र अघिबाट निखन्न पाउने चाहिंले निखनाई पाउँ भनी दरखास्त दिन आएमा निखन्ने काम खतम नभएसम्म तारिखमा राखी निखन्न दिनुपर्ने साहुलाई निखनी लिनेको यस्तो दरखास्त परेकाले बाटाका म्याद बाहेक पैंतीस दिनभित्र लिखत कागजपत्र र माल निखन्न दिनुपर्नेमा निखन्न दिनु पर्ने माल समेत लिई धरौट रहेको थैली बुझी लिन आउनु भन्ने बेहोराको म्यादपुर्जी टाँसी हाजिर भए माथि लेखिएबमोजिम गरी र हाजिर नभए म्याद नाघेका पन्ध्र दिनभित्र पक्रन पठाई पक्री ल्याई म्यादभित्र लिन नआई अड्डाको उर्दी नटेरे बापत धरौट रहेको थैलीको सयकडा दशका दरले जरिवाना गरी माथिका प्रकरणहरूमा उल्लेख भएका प्रक्रिया पूरा गरी धरौट रहेको थैली बुझाउन लगाई निखन्न दिनुपर्ने माल र कागजपत्र समेत निखनी लिनेलाई सुम्पिदिनु पर्छ ।

(५) माल निखनाई दिनुपर्नेमा निखन्न दिनुपर्ने साहु म्यादभित्र हाजिर हुन नआएकोले पक्राउ गर्न पठाउँदा पनि म्याद नाघेको पैंतीस दिनभित्र पक्राउ भै आएन, हुन सकेन वा पक्राउ भएकाले नै आएका पन्ध्र दिनसम्म थुन्दा पनि निखन्न दिनु पर्ने माल दाखिल गर्न नसकेको मनासिब कारण पनि भन्न सकेन भने निखन्न दिनुपर्ने साहुको तायदात गरी माल निस्के माल दिलाई धरौट रहेको रुपैयाँ बुझाई दिनु पर्छ । माल निस्केन भने निखन्न दिनुपर्ने मालको बिगोमा धरौट रहेको रूपैयाँ भर्ना दिई नपुग जतिमा जायजात गरी लिलाम बिक्री गरी आएको रुपैयाँ र धरौट रहेको थैली समेत निखनी पाउने असामीलाई भराई दिई नपुग बिगोमा बेइमानी गर्ने साहुलाई लेनदेन व्यवहारको महलको १९ नं.बमोजिम कैद गर्ने रित पुऱ्याई कैद गराई पाउँ भन्ने दरखास्त दिन्छ भने सो बमोजिम म्यादभित्र सो माल दाखिल नगर्नेलाई माथि प्रकरण ४ मा लेखिएबमोजिम जरिवाना गरी सो जरिवानामा ऐनबमोजिम गरी थुनिएका साहुलाई छाडिदिनुपर्छ ।

## १.१३. अंश छुट्याउने प्रक्रिया

(क) अड्डैबाट अंश छुट्याई बण्डा गरी दिने गरी फैसला भएकोमा फैसलाबमोजिम अंश छुट्याई बण्डा गरी दिंदा देहायबमोजिम गरी बण्डा गरिदिनुपर्छ :-[३२२]

(१) जतिसुकै बिगोको अंशबण्डा छुट्याइदिनुपर्ने भए पनि अंश पाउने वा दिनेको दरखास्त नपरी त्यसै अंशबण्डा छुट्याई दिन हुँदैन । बण्डा छुट्याई दिने गरी आखिर टुंगो लागी फैसला भएको मितिले दुई वर्षभित्र जुन अड्डाबाट बण्डा छुट्याई दिने हो सो अड्डामा दरखास्त दिनु पर्छ । सो दुई वर्षको म्याद नाघेपछि भने सो बण्डा छुट्याई दिने फैसलाबमोजिमको लागेको दशौंदको आधा फेरि दिए मात्र सो पहिला दुई वर्षको म्याद नाघेका मितिले फेरि एक वर्षभित्र दरखास्त दिन पाउँछ । लेखिएका म्यादभित्र दरखास्त परे फैसलाबमोजिम बण्डा छुट्याई दिनुपर्छ । सो म्याद नाघेपछि भने दरखास्त लिन र अड्डाबाट बण्डा छुट्याइदिन समेत हुँदैन ।

(२) दरखास्त दिंदा अंश दिने वा लिने मानिस वादी प्रतिवादीमा लेखिएको ठाउँमा नबसी अन्यत्र बसेको भए हाल फलाना ठाउँमा बसेको छु, बण्डा छुट्याउने काम खतम नभएसम्म तारिखमा रहुँला, तारिख गुजारे ऐनबमोजिम गर्नु भन्ने समेत बेहोरा लेखी दण्ड सजायको महलको ४२ नं.बमोजिम अंश पाउने वा दिने फैसलाको नक्कल समेत लिई दरखास्त दिन आए म्यादभित्र दाखिल भएको र पुनरावेदनको हदम्याद गुज्रिसकेको रहेछ भने दरखास्त दर्ता गरी फैसलाको नक्कलको शिरमा फलाना मितिमा दरखास्त परेको भनी लेखी अड्डाको र हाकिमको दस्तखत गरी दरखास्त दिनेलाई फिर्ता दिई तल प्रकरण ८ बमोजिम अंश दिने लिनेलाई झिकाई फैसला लगतबमोजिम अंश छुट्याई दिलाई दिनुपर्छ ।

३२२ ऐ. ४६ नं.

(३) एकजनादेखि बढीलाई अंशबण्डा छुट्याई दिने गरी फैसला भएकोमा ती सबैको दरखास्त नपरी कोही कोहीको मात्र म्यादभित्र दरखास्त पर्न आए दरखास्त दिने म्याद गुज्रिसकेको जतिलाई फलानाको दरखास्त पर्न आएको छ। दरखास्त दिने म्याद बाटाका म्याद बाहेक पन्ध्र दिनसम्म बढी म्याद बाँकी भए पन्ध्र दिनभित्र र त्यसभन्दा घटी म्याद बाँकी रहेकालाई बाँकी म्यादभित्र दरखास्त दिन आए तिमी समेत सबै राखी एकै पटक छुट्याई बण्डा गरी भराई दिइनेछ नआए मलाई नराखी बण्डा छुट्याई असल कमसल पऱ्यो घटी बढी भयो भन्ने कुराको तिम्रो उजुर लाने छैन भन्ने बेहोराको म्याद पुर्जी टाँसी बण्डा नछुट्टिदै म्यादभित्र हाजिर भई दरखास्त दिन आए दरखास्त लिई, म्यादभित्र दरखास्त दिनेहरू जति सबै एकै पटक नआएमा नआउनेको भाग समेत छुट्याई पर सारी बण्डा छुट्याइदिनुपर्छ। म्यादभित्र दरखास्त दिन आउनेहरू जतिलाई मात्र फैसलाबमोजिम बण्डा छुट्याइदिनुपर्छ। म्यादभित्र हाजिर नहुनेको मलाई नराखी बण्डा छुट्याइदियो असल कमसल पऱ्यो घटी बढी भयो भन्ने कुराको उजुर लाग्न सक्दैन।

(४) अंश लिने चाहिंका दरखास्त नपर्दै अघिबाट अंश दिनुपर्ने चाहिंले फैसलाबमोजिम फाँटवारीमा लेखिएको दिनुपर्ने अंश सबै दिन्छु दिलाई फुर्सद गराई पाउँ भनी अंश लिनेले दरखास्त दिनुपर्ने म्यादभित्र दरखास्त दिन आए पुनरावेदन दिने हदम्याद गुज्रिसकेको रहेछ भने अंश लिने चाहिं फेला नपरे तल प्रकरण ८ को देहाय दफा २ बमोजिम म्याद टाँसी झिकाई ऐन फैसलाबमोजिम अंश दिलाई फुर्सद गराई दिनुपर्छ। दिनुपर्ने सबै दिन्छु भनी दरखास्तमा नलेखिए दरखास्त लाग्न सक्दैन। अंश पाउनेको दरखास्त परेको बखत ऐनबमोजिम हुनेछ भन्ने लेखी फिर्ता दिनुपर्छ।

(५) अंश लिने वा दिनेको दरखास्त परेमा अंश दिने लिने र फाँटवारीबमोजिमको धनमाल जिम्मा लिने समेत फैसलाबमोजिम गर्नलाई बण्डा छुट्याई दिन सकेसम्म रुजु राख्नु पर्ने देखिए हाजिर भए फेला परेका अंशियारलाई बण्डा छुट्याइदिने काम खतम नभएसम्म तारिखमा राखी बण्डा छुट्याई काम तामेल गर्नुपर्छ। बण्डा छुट्याई दिनु पर्ने सबै छुट्याइदिन नसक्दै अंश लिनेको दरखास्त परेकोमा अंश लिने दिने दुबै थरीले वा अंश लिनेले र अंश दिने चाहिंको दरखास्त परेकोमा अंश लिने चाहिं हाजिर नहुँदै अघिबाट वा अंश लिने हाजिर भइसकेपछि लिने दिने दुबै थरीले तारिख गुजारी ऐनको म्यादभित्र थमाई ल्याउन पनि सकेनन् भने थमाई ल्याउने म्याद नाघेपछि बाँकी बण्डा गर्नुपर्ने जति बण्डा छुट्याई दिइरहनु पर्दैन। डिसमिस गरी बेहोरा जनाई लगत काटी दिनुपर्छ।

(६) अंशबण्डा छुट्याई लिने दिने दरखास्त पर्न आएमा दरखास्त दर्ता भएको तीन दिनभित्र बण्डा छुट्याइ दिनलाई जो गर्नुपर्ने काम सुरु गरी अंश लिने वा दिने फेला नपरेमा तल प्रकरण ८ बमोजिम गरी फेला नपरेका जतिलाई झिकाउनु पर्नेमा हाजिर भएका वा हाजिर हुने म्याद तारिख गुज्रेका मितिले र फेला परेमा दरखास्त परेका मितिले अर्जी लाग्ने म्याद बाहेक दण्ड सजायका महलको ४२ नं.बमोजिम तीन महिनासम्ममा भरसक चाँडो काम तामेल गरिसक्नुपर्छ।

(७) अंश छुट्याई लिने दिने विषयको दरखास्त दर्ता भएमा दर्ता भएका मितिले तीन दिनभित्र आफ्नै इलाकाभित्रको भए माथि प्रकरण १ बमोजिम दरखास्त दिनेलाई साथै लगाई अंश दिने वा लिने फेला परेन वा अंश दिनुपर्नेका एकाघरका जहान वारिसवालाले देखाई छुट्याइदिन आएन भने अंश दिने जिम्मा लिई राख्नेहरूलाई झिकाउनालाई तल प्रकरण ८ बमोजिमको म्यादपुर्जी टाँसी आउनलाई म्यादपुर्जी समेत लेखी छाप लगाई कर्मचारीलाई खटाई पठाई र अरू अड्डाका इलाकामा पठाउनु पर्नेमा दरखास्त दिनेलाई तारिख तोकी इलाका अड्डामा मुनासिब माफिकको म्याद तोकी लेखी पठाई तामेल गराउन पठाउने र सो अड्डाले पनि म्यादभित्र ऐनबमोजिम जो गर्नुपर्ने गरी तामेल गरी जनाउ पठाइदिने गर्नुपर्दछ।

(८) फैसलाबमोजिम बण्डा छुट्याई दिनलाई जाँदा पठाउँदा फैसलाबमोजिम गरी अंश दिने वा फाँटवारीबमोजिमको धनमाल जिम्मा लिइराख्ने अंशियारले वा निज फेला नपरे त्यसका एकाघरको जानकार जहानले फाँटवारीबमोजिमको बण्डा गर्नुपर्ने धनमाल देखाई दाखिल गरी ऐन फैसलाबमोजिम छुट्याइदिनुपर्छ। अंश दिने जिम्मा लिई राख्ने फेला परेन त्यसका एकाघरका जानकार जहानहरूले पनि फाँटवारीबमोजिमको सबै देखाई दिएनन् भने अंश दिने लिनेलाई देहायबमोजिमको म्याद पुर्जी टाँसी म्यादभित्र हाजिर भई देखाई छुट्याइदिन आएन वा पठाएन वा हाजिर भएकाले पनि बण्डा गर्नुपर्ने देखाई नदिई घिडन्याइँ गरी बस्यो भने दण्ड सजायको महलको ३० नं. का मानिस समेत साक्षी राखी बन्द गरिराखेको खुला गरी अड्डैबाट फाँटवारीबमोजिम श्रीसम्पत्ति बण्डा गरिदिनुपर्छ :-

(अ) अंश छुट्याई दिने वा फाँटमा लेखिएको जिम्मा लिई राख्ने अंशियारहरूलाई झिकाउनु परेमा फेला नपरेकालाई फैसला लगतबमोजिम तिमी फलानासँग अंश छुट्याई दिलाई पाउँ भनी फलाना ठाउँ बस्ने फलानाले फलाना मितिमा दरखास्त दिन आएका र बुझ्दा पनि पुनरावेदनको हदम्याद गुज्रिसकेको देखिएको हुनाले अंश लिई छुट्याई दिनलाई यस अड्डाबाट डोर खटाई पठाउँदा तिमी फेला नपरेको तिम्रो एकाघरसँग रहेका जानकार हकदारहरूले पनि

आई फाँटवारीमा लेखिएका बण्डा गरिदिनु पर्ने धनमाल देखाई छुट्याई दिन नआएको हुनाले तिम्रो घर दैलामा म्याद टाँसिदिएको छ बाटाका म्याद बाहेक पन्ध्र दिनभित्र यस अड्डामा आफैं हाजिर भई वा आफू हाजिर हुन आउन नसके वारिस पठाई आफ्ना जिम्मामा रहेको बण्डा गर्नुपर्ने फाँटवारी बण्डापत्रमा लेखिएबमोजिमको सबै श्रीसम्पत्ति देखाई छुट्याई बण्डा दिन आउनु वा पठाउनु नआए नपठाए तिम्रो घरमा रहेका श्रीसम्पत्ति ऐनबमोजिम अड्डैबाट जायजात गरी फाँटवारी बण्डापत्रबमोजिम देखिएसम्मको बण्डा छुट्याई देखिएको जायजातबाट पुगे तिम्रो सम्पत्ति तिम्रा हकदार वा माथवरका जिम्मा लगाइदिने र नपुगे नपुग जति तिम्रो अंशबाट कट्टा गरी भर्ना दिए पनि पुगेन सो नपुग दाखिल पनि भएन भने सबुत दाखिल नगरेमा सजाय गरी नपुगे जति अंश पाउनेले तिमीसँग भराई लिन पाउने छ। बीशौंद लाग्नेमा तिम्रो अंशबाट पुगेसम्म तिम्रो अंश लिलाम गरी उपर गरिने र जायजातबाट उपर हुन सकेन भने ऐनबमोजिम गरी असुल गरिनेछ पछि तिम्रो उजुर लाग्ने छैन, काम तामेल भई नसक्दै म्याद नाघेपछि हाजिर हुन आए पनि तिमी समेत राखी बण्डा छुट्याई दिने काम हुनेछ भन्ने समेत जो चाहिने बेहोराको अंश दिने जिम्मा लिई राख्नेहरूको नाउँमा म्यादपुर्जी टाँसिदिनु पर्छ।

(आ) अंश छुट्याई लिने चाहिंको दरखास्त नपर्दै अघि सो छुट्याई दिने चाहिंको दरखास्त पर्न आएमा अंश छुट्याई लिने फेला नपरी झिकाउनु पर्ने हुन आए फैसला बण्डापत्रबमोजिम दिनुपर्ने अंश सबै दिन्छु दिलाउन लगाई फुर्सत गराइपाऊँ भन्ने फलाना ठाउँ बस्ने फलानाको दरखास्त पर्न आएको र तिमी फेला नपरेको हुनाले म्याद टाँसी दिएको छ अंश बुझिलिनलाई बाटाका म्याद बाहेक पन्ध्र दिनभन्दा बढ्ता म्याद बाँकी भएमा पन्ध्र दिनभित्र र त्यसभन्दा घटी म्याद बाँकी भएकोमा बाँकी म्यादभित्र हाजिर भई लिन आउनु वा इच्छापत्र लेखी वारिस गरी पठाउनु म्यादभित्र हाजिर नभए नपठाए फैसला बण्डापत्रबमोजिमको धनमाल छुट्याई माथवरको जिम्मा लगाइदिइने छ, पछि तिम्रो उजुर लाग्ने छैन भन्ने समेत जो चाहिने बेहोराको म्याद टाँसी दिनुपर्छ।

(९) अंश दिनु पर्ने मानिस म्याद तारिखमा हाजिर नभई म्याद नाघिसकेपछि फैसलाबमोजिम गर्नुपर्ने काम तामेल भई नसक्दै कारणी झगडिया वा त्यसका एकाघरका जानकार जहान वारिसवाला हाजिर हुन आए पठाए निजहरूलाई समेत राखी ऐन फैसलाबमोजिम जो गर्नु पर्ने कारबाही गर्नुपर्छ।

(१०) टाँसिएका म्यादभित्र फैसलाबमोजिम दिनालाई आफू पनि हाजिर हुन आएन वारिस पनि पठाएन भने म्याद गुज्रेको तीन दिनभित्र फैसलाबमोजिम गरिदिनालाई कारबाही गर्नु गराउनु पर्छ।

(११) अंशबण्डा छुट्याई दिनालाई जाँदा फेला परेका वा टाँसिएका म्यादमा हाजिर हुन आएका अंश दिने कारणी झगडियाले वा ती हाजिर हुन नआए फेला नपरे पनि त्यसको हकदार वारिसवालाले देखाइदिंदा वा निजहरू नआएकोले अड्डाबाट खोली हेर्दा दिनुपर्ने तायदात बण्डापत्रमा लेखिएबमोजिमको सबै सबुद देखिए फैसला बण्डापत्रबमोजिमको बण्डा छुट्याई छुट्याइदिए जतिको ऐन फैसलाबमोजिम दशौंद बिशौंद जो लिनुपर्ने लिनुपर्छ।

(१२) फैसलाबमोजिम गरिदिनालाई अंश दिनेसँग धनमाल लिई अंश छुट्याई दिनालाई धनमाल झिकी बन्द गरिराखेको खुलाई चलन चलाई दिनु पर्नेमा सो गरिदिनेले वा त्यसका एकाघरका जानकार जहानले हाजिर भैकन पनि बण्डा गरिदिनु पर्ने धनमाल देखाई छुट्याई वा झिकी खुला गरी खाली गर्नु पर्ने खाली गरी नदिएकोले वा हाजिर हुन नआएको भई अड्डाबाटै गर्नुपर्ने हुन आएमा निजहरू भए निजहरू समेत राखी र निजहरू हाजिर नरहे दण्ड सजायका महलको ३० नं.बमोजिमको मानिस साक्षी राखी खोली तायदाती गरी ऐन फैसलाबमोजिम जो गर्नुपर्ने गर्नुपर्छ।

(१३) अंश दिने जिम्मा लिई राख्नेले हाजिर भई बण्डा छुट्याइदिंदा होस म्यादमा हाजिर भै बण्डा गर्नुपर्ने धनमाल देखाई छुट्याउन नआउँदा घिङन्याई भई बस्दा अड्डाबाट बण्डा छुट्याइदिंदा होस फाँटवारी बण्डापत्रमा लेखिएका सबै नदेखाई केही मात्र देखायो वा कुनै धनमाल पनि देखिएन वा देखाए देखिएको पनि फाँटवारी बण्डापत्रबमोजिमको नभई फरक वा घटबढ परेको देखियो भने सो नपुग जति दाखिल नगरे फाँटवारी बण्डापत्रमा देखिएबमोजिम मिलेसम्मको चल अचलबाट अंश पाउनेलाई चहिए जति फाँटवारी बण्डापत्रमा लेखिएबमोजिमको बिगो कायम गराई अंश दिने जिम्मा लिई राख्नेको अंशबाट भर्ना दिनुपर्छ। सो दिंदा पनि नपुगे नपुग भएको जति बिगोको सट्टामा फाँटवारीमा नलेखिएको बढी देखिएको दाखिल नगर्ने चाहिं अंशियारको हक भोगको अरू चल-अचल देखी त्यसबाट समेत नपुगे जति सोही फाँटवारीमा लेखिएबमोजिमको बिगो कायम गरी र फाँटवारी बण्डापत्रमा नलेखिएको अरू चल-अचल जतिको पञ्चकीर्ति मोल गरी भर्ना दिनुपर्छ। सो दिंदा पनि पुग्न नआए आफ्नो जिम्मा रहेको दाखिल गर्नुपर्ने सबै दाखिल नगरे पूरा दाखिल नगरे वापत तल प्रकरण १६बमोजिम जरिवाना गर्नुपर्छ।

(१४) अंशबण्डा छुट्याउनलाई अंश दिने हाजिर नरहे फेला

नपरेको कारणले अड्डैबाट अंश छुट्याई भराईदिंदा बाँकी रहेको अंश दिने जिम्मा लिइराख्नेका भागको र अंश पाउनेको दरखास्त नपर्दै अंश दिई फुर्सत गराई पाउँ भनी अंश दिने चाहिंको दरखास्त परी छुट्याई दिएको अंश भरी पाउने चाहिंका भागको समेत पाउनेले बुझिलिन नआउँदा रहेको धनमाल अंश पाउनेहरूले वा त्यसका एकाघरका उमेर पुगेका जानकार जहानले पनि बुझिलिएन भने सडी गली जाने माल र दशौंद बिशौंद लाग्नेमा त्यसलाई खाम्नेसम्मको चल अचल ऐनबमोजिमको रित पुऱ्याई लिलाम गरी दशौंद बिशौंद कट्टा गरी लिई बाँकी रहेको नगद र अरू बाँकी रहेको चल अचल तायदात गरी लिन आएका बखत बुझाई दिने गरी धनमाल र एक प्रति तायदाती दिन आउनेका हकदार वा माथवर मानिसको जिम्मा लगाई लिन नआएकोले फलानाका जिम्मा लगाइदिएको छ तायदातीबमोजिम बुझिलिनु पछि उजुर गर्न पाउने छैनौं भनी बुझी लिनुपर्नेको घरमा म्यादपुर्जी टाँसि दिनुपर्छ ।

(१५) अड्डाबाट ऐनबमोजिम गरी बण्डा छुट्याइदिएको बुझी लिनुपर्छ । चित्त बुझेन भनी छुट्याइदिएको बुझी नलिई घिङन्याई गरिरहनु हुँदैन । चित्त नबुझे यति कुरामा चित्त बुझेन उजुर गरी इन्साफ माग्नेछु भनी चित्त नबुझेको जति कुरा भर्पाइमा लेखी अड्डाबाट छुट्याइदिएको जति बुझी लिई चित्त नबुझेको जति कुरामा ऐनका म्यादभित्र उजुर गरी इन्साफ गराइमाग्नु पर्छ । बुझी नलिनेलाई बुझी नलिए जति बिगोको चल मालको सयकडा पाँच अचलको सयकडा एक जरिवाना गरी बुझाइदिनुपर्छ । जरिवाना गर्दा पनि बुझी नलिए बुझी नलिएको जति लिन आएका बखत बुझाइदिने गरी माथि १४ प्रकरणबमोजिम जिम्मा लगाइदिनुपर्छ ।

(१६) अंशबण्डा गर्नुपर्ने चल अचल आफ्ना जिम्मा लिई राख्नेले आफूले लेखिएको फाँटवारीबमोजिमको दिनुपर्ने चल अचल दाबी गरी प्रमाण पुऱ्याएको अवस्थामा बाहेक सबै देखाई छुट्याई नदिए नदेखाएको र देखाएसम्मको चल अचलबाट पछि अंश पाउनेलाई नपुगी बाँकी रहन आए हाजिर फेला परेकालाई दाखिला गर्न ल्याऊ भनी थुन्नुपर्छ । पन्ध्र दिनसम्म थुन्दा पनि दाखिल नगरे बेइमानी गरेको ठहर्छ । हाजिर रहेको वा हाजिर नरहेकालाई समेत आफूले लेखिदिएको फाँटवारीबमोजिमको सबै माल दाखिल नगरेबापत नपुग जति बिगोको सयकडा दश जरिवाना गरी सो जरिवाना बापत कैद गरिदिनुपर्छ ।

१७) अंशबण्डा छुट्याई दिंदा अंश पाउनेलाई नपुग हुन आएको चल अचल लुकाई दबाई राखेको जति बण्डा छुट्याई पाएका मितिले सो बण्डा पाउने वा निज मरेमा निजका हकदारले दुई वर्षभित्र खोजी पत्ता लगाई उजुर गऱ्यो भने बुझी लुकाई दबाई राखेको ठहऱ्यो र भर्ना गर्न बाँकी नै रहेछ भने फाँटवारीमा लेखिएको दाखिल नगरी लुकाई दबाई राखे बापत दबाउनेलाई दबाएका बिगोको सयकडा पाँच र दबाई लुकाउन ल्याएको भनी जानी जानी लुकाई राख्नेलाई सयकडा पाँचका दरले जरिवाना गरी दबाई राखेको ठहरे जति पत्ता लगाई ल्याउनेलाई दशौंद लिई भराई दिनुपर्छ ।

१८) अंशियार कायम भइसकेका प्रतिवादी अंशियारले समेत आफ्नो अंश छुट्याई लिन पाउँछ ।

**(ख) प्रतिपादित सिद्धान्त :**

(१) प्रचलित कानुनी व्यवस्थाका आधारमा तोकिएको समयावधिभित्र आफ्नो हक प्रचलन नगराई लामो समयपछि आएर सम्पत्तिका सम्बन्धमा अर्काको नाउँमा दर्ता स्रेस्ता कायम भइसकेपछि हक दाबी गरी दायर गरेको फेराद दाबी पुग्दैन ।[३२३]

२) एकपटक आफैंले अंश मुद्दा दिई अंश पाउने ठहर भइसकेपछि फैसलाबमोजिम दण्ड सजायको ४६ नं. अनुसार अंश छुट्याउने कारबाही टुंग्याउनु पर्ने कर्तव्य भएको वादीले सो कर्तव्य पुरा नगरी अर्को मुद्दा दिई सोही उद्देश्य हासिल गरेको देखिन गएको छ । जुन कुरा प्रत्यक्ष रूपले गर्न हुँदैन, सो कुरा परोक्ष रूपले पनि गर्न नहुने कानुनी सिद्धान्तअनुसार पनि वादीको दाबी पुग्न सक्ने अवस्था देखिंदैन । ऐन नै निष्क्रिय हुने परिणामको व्याख्या गर्न हुँदैन ।[३२४]

३) फैसलाबमोजिम ४ भागको १ भाग अंश पाउने भएको, मुद्दा पर्दा पर्दै १ जना अंशियार मरेकोमा सोको जानकारी अदालतलाई गराउनु पर्नेमा नगराएको एउटा मुद्दामा ४ भागको १ भाग अंश पाउने वा ३ भागको १ भाग अंश पाउने हो भन्ने प्रश्न उठेको रिटमा निम्नानुसारको व्याख्या भएको देखिन्छ ।

मुद्दा दायर हुँदा आमा परलोक भएको कुरा जानकारी गराउनु पर्नेमा सो नगराएको कारणले ४ भागको १ भाग वादीले अंश पाउने भनी सुरुले ४ जना अंशियार जीवित छँदा ४ भागको १ भाग अंश वादीले पाउने गरेको इन्साफ सदर गरेको कुरा र बण्डा छुट्याउँदा ३ जना अंशियार जीवित रहेको भन्ने वादी प्रतिवादीको मुख मिलेको अवस्थामा फैसला विपरीत भई बण्डा छुट्याएको त्रुटिपूर्ण भन्न मिल्ने देखिएन । निवेदकले एकलौटी अपुताली खान

३२३ दयालक्ष्मी वि. भक्तीदेवी समेत, ने.का.प. २०४६, पृ. ९३

३२४ विलेसन सिं समेत वि. इन्द्रकला समेत, ने.का.प. २०४८, पृ. ५९९

पाउने कुराको ठोस प्रमाणित आधार दर्शाउन सकेको पाइँदैन। जीवित अंशियार ३ जना भएको आधारमा सोही अनुसार बण्डा छुट्याउनु पर्ने हुन्छ। सम्पत्ति विभाजन गर्ने, बण्डा लिने दिने अवस्थामा जीवित रहेको अंशियार बीच हुनुपर्ने बण्डा र अपुतालीको भिन्नता निर्णायक तत्व भएकाले समेत बण्डा सम्बन्धी कानुनको समुच्चयात्मक दृष्टिले हेर्दा कानुनी त्रुटियुक्त भन्न औचित्यपूर्ण देखिदैन।[३२५]

४) ७ भागको १ भाग अंश पाउने भनी फैसलाले निश्चित गरी राखेको अवस्थामा सो फैसलामा बोलिएको कुरालाई नै असर हुने गरी फैसला प्रतिकूल अंशियार कायम गरी बण्डा छुट्याई दिने ठहर निर्णय गर्ने अधिकारक्षेत्र फैसला कार्यान्वयन गर्ने अधिकारीलाई छैन।[३२६]

## १.१४. विविध व्यवस्था

**(क) झूठ्ठा बक्ने साक्षीलाई भएको सजाय असुल गर्नेः**

अ.बं. को १६९ नं. बमोजिम झूठ्ठा बक्ने साक्षीलाई तोकिएको सजाय असुल गर्दा हार्ने झगडियाले पुनरावेदन दिन पाउने म्यादसम्म र पुनरावेदन परी सकेकोमा इन्साफको टुंगो लागी आखिरी फैसला नभएसम्म साक्षीलाई पक्री असुल गर्न हुँदैन। लगतसम्म कसी बेहोरा जनाई राखी झगडियाले म्यादभित्र पुनरावेदन नदिई गुजारी बसेमा र पुनरावेदन परेमा आखिरी फैसला भई आएपछि मात्र साक्षीलाई पक्री फैसलाले लागेको सजाय ऐनबमोजिम असुल गर्नुपर्छ।[३२७]

**ख) मुख्य कारणीलाई मात्र सजाय हुने :**

देवानी मुद्दामा सजाय गर्दा जहानमा मुख्य कारणीलाई ऐनबमोजिम सजाय भएपछि अरूलाई सजाय गर्न हुँदैन।[३२८]

**ग) सम्पत्ति रोक्का राख्ने :**

१) अड्डाबाट बिगो धरौट लिई मुद्दा हेर्नुपर्नेमा अड्डामा बिगो दाखिल गराई वा रोक्का गर्नुपर्नेमा रोक्का गरी मुद्दा हेर्नुपर्छ। अड्डामा बिगो दाखिल भएपछि र रोक्का गरेको वा धन जमानी लिएको मितिदेखिको व्याज लाग्दैन।[३२९]

२) सरकारी बिगोमा बाहेक अरू किसिमको बिगोमा जायजात रोक्का गर्नुपर्दैन।[३३०] तर जिल्ला अदालत नियमावली, २०५२ ले रोक्का राख्न नसकिने व्यवस्था गरेको छ।

**घ) दुनियाको बिगो बापत जायजात हुने सम्पत्ति**

१) दुनियाको बिगोबापत जायजात गर्दा त्यो धन खाने बाह्र वर्षदेखि माथिका ऐनबमोजिम मानु नछुट्टिई सँग बसेका वा त्यो धन खाँदा सँग बसेको पछि भिन्न हुनेको अंश समेत जायजात गर्नुपर्छ। सोबमोजिम जायजात गर्दा स्वास्नी, छोरी, बुहारीको दाइजो, विवाह नभएका छोराछोरीको विवाह खर्च, दुनियाँको बिगोमा जायजातको दर्खास्त नपर्दै साहुलाई लेखी दिएको अचलको भोग दृष्टि तमसुकबमोजिमको थैली, एकहल गोरु, रोजगार गर्ने एकसरा हतियार, खाना पकाउने एकसरो भाँडा, ओढ्ने ओच्छ्याउने, लाएको कपडा र अन्न रहेछ भने सो जायजात हुनेलाई ६ महिनासम्म खान पुग्ने अन्न पर सारी छाडी अरू जायजात गरी पुगेसम्म असुल गर्नुपर्छ। बढ्ता भए फिर्ता दिनुपर्छ। जायजात भएपछि पुगेन भने अरू जहानलाई पक्रन हुँदैन।[३३१]

**केही प्रतिपादित सिद्धान्त**

खाएको ऋण तिर्नु, जायजात गरी असुलउपर गर्ने सम्बन्धमा सर्वोच्च अदालतबाट विभिन्न मुद्दाका सन्दर्भमा भएका व्याख्या संक्षेपमा देहायबमोजिम छन् :

अ) मुद्दामा नबुझिएको भए पनि धन खाने १२ वर्षदेखि माथिका ऐनबमोजिम मानो नछुट्टिई सँग बसेका वा त्यो धन खाँदा सँग बसेका पछि भिन्न हुनेको अंश समेतबाट भराई दिनुपर्ने हुँदा सँग बस्ने अंशियारले ऋण तिर्नु बेहोर्नुपर्छ।

आ) स्वास्नीको दाइजोबाट खरिद भएको भन्ने सबुद प्रमाणबाट पुष्टि हुनुपर्छ। दाइजो, पेवाबाट खरिद गरेको प्रमाणित नभएको अवस्थामा लोग्नेले खाएको ऋण तिर्न स्वास्नीका नाउँको सम्पत्ति लिलाम हुन्छ।

इ) सम्पत्ति लिलाम गर्नु अगाडि सो सम्पत्तिको दर्तावालालाई अनिवार्य रूपमा बुझ्नै पर्छ।

ई) बैंक वा वित्तीय संस्थामा राखिएको धितो लिलाम गर्ने कुरामा सम्बन्धित कानुन नै आकर्षित हुन्छ। दण्ड सजायको २६ नं. आकर्षित हुँदैन।

उ) बाबु आमासँग अंश लिई भिन्न भइसकेको छोराले लिए खाएको ऋण असुल गर्न निजको आमाको नाउँबाट बाबुको नाउँमा नामसारी भई गएको सम्पत्तिबाट भरी भराउ हुन सक्दैन।

२) दुनियाँको बिगोबापत जायजात हुँदा आएको फुसको घर समेत लिलाम गर्दा कसैले पनि सकार गरेन भने बिगो भरी पाउने व्यक्तिले पञ्चकीर्ति मोलमा सकार गरी लिनुपर्छ। सकार गरी नलिए सो घरको पञ्चकीर्ति मोल भरी पाउने बिगोमा मिनाहा दिलाई सो घर जसको हो उसैलाई थामी दिनुपर्छ।[३३२]

---

३२५ रामविलास वि. पुनरावेदन अदालत जनकपुर समेत, ने.का.प. २०५१, पृ १२५
३२६ प्रेम कुमारी वि. पु.वे.अ. पाटन समेत, ने.का.प. २०५३, पृ ४१९
३२७ मुलुकी ऐन अदालती बन्दोबस्तको १७० नं.
३२८ मुलुकी ऐन दण्ड सजायको ९ नं.
३२९ ऐ २२ नं.
३३० ऐ. ३३ नं.
३३१ ऐ. २६ नं.
३३२ ऐ. ३१ नं.

### ङ) रोक्का रहेको सम्पत्ति फिर्ता

१) फैसलाले फिर्ता पाउने भएको दण्ड धरौटी, रोक्का रहेको सर्वस्व जायजात, कुनै सम्पत्ति वा सो लिलाम विक्री भइरहेको नगद फिर्ता लिन फैसला अन्तिम भएको थाहा भएको एक वर्षभित्र त्यस्तो फिर्ता पाउन सक्ने व्यक्ति आएन भने फिर्ता पाउँदैन । धरौटी रहेको रकम भए त्यस्तो रकम सरकारी आम्दानी बाध्नुपर्छ ।[३३३]

२) फैसलाले फिर्ता पाउने भएको दण्ड, धरौटी, रोक्का रहेको सर्वस्व जायजात, कुनै सम्पत्ति वा सो लिलाम विक्री भइरहेको नगद फिर्ता लिन फैसला अन्तिम भएको थाहा भएको एक वर्षभित्र त्यस्तो फिर्ता पाउन सक्ने व्यक्ति आएन भने धरौटीमा रहेको रकम र लिलाम गर्नुपर्ने चल अचल सम्पत्ति लिलाम गरी आएको रकम समेत सदर स्याहा गर्नुपर्छ । मुलुकी ऐन दण्ड सजायको महलको ५१ नं. को म्यादभित्र फिर्ता लिन आए सदर स्याहा गरिएको रकम निकासा लिई फिर्ता दिनुपर्छ ।[३३४]

### (च) दशौंद बिशौंद असुल गर्ने[३३५]

१) अड्डाबाट भाखा गराई दिएको, कागजपत्र दिलाई दिएको वा आसामी बण्डा गरी दिएकोमा दशौंद बिशौंद लाग्दैन ।

२) बिगो नभराई दशौंद विशौंद लाग्दैन । तसर्थ, बिगो नभराउन्जेल दशौंद विशौंदमा पक्राउ गर्न हुँदैन ।

३) दण्ड सजायको महलको ४८ नं. को अवस्थामा (तारिख गुजारेको कारणबाट दर्खास्त तामेलीमा राखिएको अवस्था) दस्तुर लिने र सयकडा दश जरिवाना गर्ने कुराका हकमा सोहीबमोजिम गर्नुपर्छ । यस अवस्थामा दण्ड सजायको ४९ नं. आकर्षित हुँदैन ।

४) बिगो भराई दिईसकेपछि भराई दिए जतिको सम्म भराई पाउनेसँग दशौंद (सयकडा दश) र जरिवाना नलागेकोमा जरिवाना नलागे जतिको भराई दिने चाहिंबाट विशौंद ( सयकडा पाँच) लिई भराई दिनुपर्छ ।

### (छ) घरसारमा दिएको मान्य नहुने

फैसलाबमोजिमको भरी पाउने बिगो दिलाई भराई पाउँ भन्ने दरखास्त परेमा घरसारमा दिएको छु भन्ने जिकिर पुग्न सक्दैन । अड्डाबाट ऐन फैसलाबमोजिम दिलाई भराई दिनुपर्छ ।[३३६]

### (ज) नपुग बिगो बापत कैद गर्ने :

ऐनले जायजातबाट उपर नभएको बाँकी बिगोमा कैद गराउन पाउनेमा कैद गराई सकेपछि बाँकी नपुग रूपैयाँ जम्मै नतिरी धनीको मञ्जुरी बेगर कैद भुक्तान नहुँदै बीचमा छुट्न सक्दैन । बाँकी नपुग जम्मै बुझाउँछु भने भुक्तान गरेका जति कैदको रूपैयाँ ऐनबमोजिम मिनाहा दिई बाँकी रूपैयाँ धनीलाई भराई दिनुपर्छ । कैद गराई सकेपछि कैद गराए तापनि अब भराई माग्दिन छाडिदिनु भनी धनीले भन्यो भने धनीको मन्जुरीको कागत गराई लिई कैद भएकालाई छाडिदिनुपर्छ । पछि पक्रन र कैद गराउन पाउँदैन । बाँकी सिधा खर्च फिर्ता हुन सक्दैन ।[३३७]

### (झ) फैसला कार्यान्वयन गर्न बाधा नपर्ने

१) कुनै मुद्दामा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ बमोजिम पुनरावलोकन गरी हेरी पाउँ वा दफा १२ बमोजिम मुद्दा दोहोऱ्याई पाउँ भन्ने निवेदन परी मुद्दा चलिरहेको भए तापनि पुनरावेदन तहको अदालतले अन्यथा आदेश दिएकोमा बाहेक सोही निवेदन परेको कारणले मात्र त्यस्तो मुद्दामा भएको फैसलाबमोजिम फैसला कार्यान्वयन गर्न बाधा पर्ने छैन ।[३३८]

२) अदालती बन्दोबस्तको महलको ८६ नं.बमोजिम फैसला बदर मुद्दा दायर भएको अवस्थामा पनि पछि सो मुद्दामा ठहरेबमोजिम हुने नै हुँदा फैसला कार्यान्वयनको कार्य रोक्का राख्न पर्दैन ।[३३९]

## १.१५. असुल तहसिलको कार्य गर्दा प्रतिनिधि रोहबर

(क) दण्ड सजायका महलबमोजिम गाउँ विकास समिति वा नगरपालिकाको सदस्य वा प्रतिनिधिको रोहबरमा वा त्यस्तो सदस्य वा प्रतिनिधिको सहिछाप गराई गर्नु गराउनु पर्ने कुनै काम कारबाही गर्ने गराउने सिलसिलामा त्यस्तो सदस्य वा प्रतिनिधिलाई उपस्थित गराई दिन सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा लिखित सूचना दिंदा पनि सो काम कारबाहीको लागि त्यस्तो सदस्य वा प्रतिनिधि उपस्थित नभएमा वा गाउँ विकास समिति वा नगरपालिका भंग भई वा अन्य कुनै कारणले कायम नरहेको अवस्थामा पनि काम कारबाही गर्न गराउन सकिने छ र अरू कुराको रित पुगेको भए त्यस्तो सदस्य वा प्रतिनिधिको उपस्थिति वा सहिछाप नभएको भन्ने आधारमा मात्र सो काम कारबाही बदर हुने छैन ।[३४०]

(ख) जिल्ला अदालत नियमावलीबमोजिमको काम कारबाहीको सिलसिलामा सम्बन्धित गा.वि.स./न.पा. सदस्य वा प्रतिनिधि राख्नुपर्नेमा निजको उपस्थितिको लागि लिखित सूचना दिंदा पनि सदस्य वा प्रतिनिधि उपस्थित हुन नआएमा वा नपठाएमा अरू कुराको रित पुगेको भए

३३३ ऐ.५१ नं.
३३४ जिल्ला अदालत नियमावली, २०५२ को नियम ८०
३३५ मुलुकी ऐन दण्ड सजायको ४९ नं.
३३६ ऐ. ५२ नं.
३३७ ऐ. ५४ नं.
३३८ जिल्ला अदालत नियमावली, २०५२ को नियम ८० क.
३३९ सर्वोच्च अदालत बुलेटिन, अंक २१, पूर्णाक १३, पृ. २
३४० मुलुकी ऐन दण्ड सजायको ६० नं.
३४१ जिल्ला अदालत नियमावली, २०५२,को नियम ८८

त्यस्तो सदस्य वा प्रतिनिधि उपस्थित नभएको भन्ने आधारमा मात्र सो काम कारबाही बदर हुने छैन ।[३४१]

## २. फौजदारी मुद्दाको फैसला कार्यान्वयन

### २.१. फैसला कार्यान्वयन गर्ने गराउने दायित्व र लगत कस्ने व्यवस्था :

- आफ्नो अदालतको र अरू अदालतबाट आएको फैसलाबमोजिम दण्ड जरिवानाको लगत कसी अरू अदालतमा लगत जाने जति अरू अदालतमा लगत कस्न पठाउने र आफ्नै अदालतमा लगत कस्न पर्ने जति कसी असुल फछ्र्यौट गर्ने कर्तव्य तहसिलदारको हुन्छ ।[३४२]
- फैसला कार्यान्वयन गर्नु पर्ने सम्बन्धी सम्पूर्ण काम तहसिलदारको जिम्मेवारीमा तहसिल शाखाको हुन्छ ।[३४३]
- अदालतको फैसलाले लागेको दण्ड, जरिवाना र कैदको लगत मूल लगत किताबमा राखी असुल तहसिल गर्ने, लगत कट्टा गराउने, फैसलाबमोजिम बिगो भराउने, बण्डा छुट्याउने र फैसला कार्यान्वयन गर्ने सिलसिलामा सबै काम तहसिल शाखाले गर्नुपर्छ ।
- पुनरावेदन सुन्ने अदालतमा दण्ड जरिवाना बुझाएको कुराको सूचना प्राप्त भएमा तहसिल शाखाले सम्बन्धित मुद्दाको दण्ड जरिवानाको लगत कट्टा गर्नु पर्छ ।
- अदालतको फैसलाले लागेको दण्ड, जरिवाना, कैदको लगतको असुल तहसिल अन्य अदालतबाट गराउनु पर्ने भए त्यस्तो लगत सम्बन्धित अदालतको तहसिल शाखामा पठाउनु पर्छ । यसरी लगत कस्न पठाइएको अदालतबाट लगत कसिएको जनाउ प्राप्त भएपछि मात्र आफ्नो अड्डामा रहेको लगत कट्टा गर्नुपर्छ ।
- लगत भिडाउने र असुल तहसिल डोर खटाउने प्रयोजनको लागि दण्डजरिवाना र कैदको लगत फछ्र्यौट बाँकीको विवरण गाउँ विकास समिति वा नगरपालिकाको वडाअनुसारको हिसाबले तयार गर्नु पर्छ ।
- असुल तहसिल गर्नु पर्ने बाँकीवाला कुनै कामले अदालतमा आएमा पक्राउ गरी तत्काल असुल गर्नु पर्छ । त्यस्तो बाँकीवाला व्यक्तिलाई अदालतको कर्मचारीले जहाँसुकै फेला पारे पनि पक्राउ गरी असुल गर्न सक्तछ ।
- अभियोगपत्र साथ दाखेल भएका अंश सर्वस्व रोक्का र जेथा जमानतको चल अचल धनमालको लगत तहसिलशाखामा दिनु पर्छ, तहसिलशाखाले पनि त्यसको छुट्टै लगत तयार गरी राखी पछि फैसला वा आदेश भएबमोजिम गर्नुपर्छ ।
- अन्य जिल्ला अदालत, पुनरावेदन अदालत र सर्वोच्च अदालतले गरेको फैसलाबमोजिमको आफ्नो क्षेत्रभित्र कार्यान्वयन गर्नुपर्ने दण्ड, जरिवाना, कैद र बिगोको लगत सम्बन्धित जिल्ला अदालतको तहसिलशाखाले बुझी असुल तहसिल गर्नु पर्छ ।[३४४]
- अदालतको फैसलाले लागेको दण्ड जरिवाना र कैदको लगत दुरुस्त राख्न लगाउने र सोही लगतबमोजिम असुल तहसिल गराउने अन्तिम जिम्मेवारी सम्बन्धित जिल्ला न्यायाधीशको हुन्छ ।[३४५]
- ग्रामीण क्षेत्र, नगर क्षेत्र, जिल्ला वा अञ्चलको सीमाना हेरफेर भएमा त्यस्तो हेरफेर भएबाट जरिवाना, कैद वा फैसलाबमोजिमको कुनै सरकारी रकम असुल गर्नु पर्ने व्यक्तिको वतन फरक पर्न गएमा अदालतले पनि सोहीबमोजिम वतन सच्याई दुरुस्त बनाई राख्नु पर्छ ।[३४६]
- साधक जाहेर गरेको मुद्दामा साधक निकासा भई आएपछि साधक फैसलाबमोजिम लागेको सजायको लगत कस्नु वा कस्न पठाउनु पर्छ ।

### २.२. अभियुक्त वा कसुरदारको मृत्यु भएमा

- सरकारवादी फौजदारी मुद्दामा अभियोग लागेको मानिस फैसला नहुँदै मर्‍यो भने सो मर्नेलाई खतबात लाग्दैन ।[३४७]
- कसैले गरेको काममा उसको मृत्यु पछि अरूका नाउँमा नालेस परी मर्नेको कसुर ठहरे पनि सजाय हुँदैन, तर बिगो भने असुल हुन सक्तछ ।[३४८]
- जरिवाना वा कैद लागेको मानिस सो असुल नहुँदै मर्‍यो भने ऊ मरेपछि माफ हुन्छ । उसको अपुताली खाने वा जमानी हुनेलाई पक्राउ गर्न हुँदैन । बिगो भराउने वा लिनुपर्ने कुरा रहेछ भने अपुताली खानेले तिर्नुपर्छ । जायजात गरी लिएपछि नपुगेको बाँकीमा अपुताली खानेलाई पक्रन हुँदैन ।[३४९]
- सर्वस्व हुने ठहरी फैसला भई सर्वस्व रोक्का भएको मानिस मर्‍यो भने कसुरमा रिहाई नपाए त्यसको सर्वस्व फुकुवा हुन सक्दैन ।[३५०]

**(क) कैद सजाय र असुली**

- खण्ड कायम गर्नेः कानुनमा यति खण्ड सजाय गर्नु भनी लेखिएकोमा खण्ड कायम गर्दा जन्म कैदको २० वर्ष र

---

३४२ ऐ. नियम ८(१)(ङ)
३४३ ऐ. नियम ६८(१)
३४४ ऐ. नियम ६९
३४५ ऐ. नियम ८६
३४६ मुलुकी ऐन दण्ड सजायको ४१ ख नं
३४७ मुलुकी ऐन अदालती बन्दोबस्तको १७६ नं.
३४८ मुलुकी ऐन दण्ड सजायको २ नं.
३४९ ऐ. ३ नं.
३५० ऐ. ४ नं.

सर्वस्वको अठार महिना कैद कायम गरी त्यसको खण्ड सजाय गर्नु पर्छ ।[३५१]

- कुनै मानिसलाई सर्वस्व सहित जन्मकैद हुने ठहरी फैसला भएकोमा जन्मकैद बापत बीस वर्ष कैद गर्नु पर्छ, सर्वस्व गर्न सम्पत्ति भए सर्वस्व गर्नु पर्छ, सम्पति नभएमा सोही बेहोराको मुचुल्का सम्म खडा गरी मिसिल सामेल राख्नु पर्छ । सर्वस्व हुन नसके बापत कैद ठेक्न हुँदैन ।
- ऐनमा सर्वस्व सहित जन्मकैद गर्नु भन्ने लेखिएकोमा जन्मकैद गरी ऐनबमोजिम सर्वस्व गर्नु पर्छ । सर्वस्व गर्नु भन्ने लेखिएकोमा सर्वस्व नै गर्नु पर्छ ।[३५२]
- ऐनमा कैद भनी लेखिएका कलममा कैद नै हुन्छ । तर दण्ड सजायका महलको ११ क नं., बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५० र केही सार्वजनिक (अपराध तथा सजाय) ऐन, २०२७ को दफा ६ ले केही अपवादात्मक व्यवस्था गरेको छ ।

(ख) **खत खापिने र नखापिने अवस्था**[३५३]

- एकै जनाले धेरै पटक सर्वस्व सहित जन्मकैद वा जन्मकैद वा अरू सजाय हुने कसुर गरेको भएपनि कुनै कसुरमा सर्वस्व सहित जन्मकैद र जन्मकैद मध्ये ठूलो सजाय भएपछि सानो सजायमा हुने खत खापिदैन ।
- सर्वस्व सहित जन्मकैद वा जन्मकैद हुने वा भएको अभियुक्तले म्याद गुजारी फरार भएको वा कैद, थुनामा बसेको वा कैद थुनाबाट भागेको वा धरौटी जमानी तारेखमा छुटेको अवस्थामा ठुलो सजाय हुने कसुर गरेमा सोही ठुलो सजाय हुन्छ । यस्तो अवस्थामा पुन: जन्मकैदको सजाय हुने कसुर गरेकोमा जन्मकैदमा चार वर्ष थपी र घटी सजाय हुने कसुर गरेकोमा कसुरअनुसार बढीमा चार वर्षसम्म थप कैद गर्नुपर्दछ ।
- प्रकरण (ख) बमोजिमको अवस्थामा फेरी जन्म कैदको सजाय हुने खत गरेकोमा जन्म कैद भोगी छुट्न पाउने भएपछि चार वर्ष थपी र घटी सजाय हुने खत गरेकोमा खत अनुसार बढीमा चार वर्षसम्म थपी कैद गर्नुपर्छ ।
- ज्यान मुद्दामा जन्म कैद, अर्को ज्यान डाँकामा ६ वर्ष कैद र जरिवाना रु. ५२८७, थुनुवा भाग्यो भन्ने मुद्दामा कैद वर्ष ९/११/२८ समेत जम्मा कैद वर्ष ३९/११/२८ लगत राखी कैदी पुर्जी दिइएकोमा दण्ड सजायको ८ नं. र कारागार ऐन, २०१९ को दफा २४ (५) बमोजिम थुनुवा भागेकोमा पनि २० वर्षभन्दा बढी कैद हुने गरी सजाय नगरिने व्यवस्था भएबाट थुनामा परेको मितिले २० वर्ष सम्म मात्र कैद असुल गर्ने गरी लगत सच्याउनुपर्छ भनी करु थापा समेत विरुद्ध तनहुँ जि.अ. समेत, ने.का.प. २०४७ पृ. १५० को मुद्दामा व्याख्या भएको छ । यसै प्रकरणको व्याख्या वीर बहादुर विरुद्ध ललितपुर जि.अ. समेत, ने.का.प. २०४७ पृ. ५०३ को मुद्दामा समेत भएको छ ।
- ऐनमा पटक वा खत खाप्नु भन्ने लेखिएको बाहेक एकै कागजका मुद्दामा दुई वा सो भन्दा बढी ऐन लगाई खत पटक खापी सजाय गर्नुपरेमा कैद हुने कलममा जुन ऐनको ठूलो सजाय छ सोही ऐनले मात्र सजाय गर्नुपर्छ । अरू ऐनको खत खाप्न हुँदैन ।
- जरिवानाको सजाय पाउनेमा सबै ऐनको खत खापी सजाय गर्नुपर्छ ।
- जरिवानाको र कैदको सजाय हुनेमा दुबै कलमको ठूलो सजायको मात्र दुबै कुराको सजाय गर्नुपर्छ ।
- एकै कागजको मुद्दा भएपनि नभए पनि सर्वस्व भएपछि सो हुनुभन्दा अघिको कसुरमा जरिवानाको खत खापिदैन ।
- सर्वस्व सहित जन्म कैद भएकोलाई डाँका मुद्दामा भएको जरिवाना बापतको चार वर्ष कैद सोही जन्म कैदको लगतमा थपिएको कानुनसँगत हुँदैन भनी विलास विरुद्ध सप्तरी जि.अ. समेत ने.का.प. २०४६, पृ. ५४३ को मुद्दामा व्याख्या भएको छ ।

## २.३. कैदम्याद ठेक्ने तरिका:

(१) कैदम्याद ठेक्नु पर्दा देहायबमोजिम गरी कैद म्याद ठेक्ने गर्नु पर्छ ।[३५४]

अ. कैदको सजाय तोकिएकोमा कैद ठेक्नुपर्दा जति वर्ष, महिना र दिन तोकिएको छ सोबमोजिम जम्मैमा कैद ठेक्ने गर्नु पर्छ ।

आ. जरिवाना दसौद बिसौद बक्सौनी बिगो समेत इत्यादि नतिरी त्यस बापतमा कैद ठेक्नुपर्दा हिसाबबाट वर्ष, महिना र दिन वा वर्ष र दिन वा महिना र दिनमा कैद ठेक्नुपर्ने हुन आएमा वर्ष महिना पुगेसम्म कैद ठेकी महिना नपुगेको चानचुन दिन जम्मै छाडिदिनु पर्छ ।

इ. महिना नपुगेको दिनको मात्र कैद गर्नु पर्ने हुन आएमा भने हिसाबबाट जति दिन कैद गर्नु पर्ने हुन आउँछ उति जम्मैमा कैद ठेक्ने गर्नु पर्छ ।

ई. एकै जनालाई एक मुद्दादेखि बढी मुद्दामा जरिवाना दसौद बिसौद बक्सौनी इत्यादि गैह्र बापतमा एकै पटक वा ठेकिरहेको कैदमाथि थपी कैद गर्नुपर्दा पनि दण्डसजायका महलको ४० नं. को देहाय २ दफाबमोजिम महिना नपुगेको छाड्नु पर्ने चानचुन दिन मुद्दै पिच्छे छाडी कैद गर्ने गर्नुपर्छ ।

३५१ ऐ. ६ नं.

३५२ ऐ. ७ नं.

३५३ ऐ. ८ र १० नं.

३५४ ऐ. ४० नं.

उ. दण्ड सजायको ४० नं.को देहाय १ र ३ मा लेखिएबमोजिम चानचुन दिन छाडी महिना वर्ष पुगेकोमा मात्र कैद ठेकी सकेपछि कैदको रूपैया तिर्न पाउनेमा तिर्छ भने ठेकिएका कैद जतिमा भुक्तान गरेको जति मिनाहा दिई बाँकी कैदको ऐनबमोजिमको रूपैया लिनुपर्छ। छाडि दिएका चानचुन दिनको रूपैया लिनु हुँदैन।

(२) एकै मानिसलाई एकै वा धेरै मुद्दाको धेरै कलमको कैद ठेक्नु परेमा जुन कलममा कैदको सबैभन्दा ठूलो हद छ सो हद ननाघ्ने गरी एकै वा धेरै मुद्दामा एक वा धेरै कलममा गरी कैद ठेक्नु पर्छ। त्यसरी कैद ठेकिएकोमा कैद भुक्तान हुन नपाउँदै अर्को कलममा कैद ठेक्नु पर्ने भयो र अघि ठेकिएको जम्मा कैदभन्दा पछि ठेक्नु पर्ने कलमको हद बढी छ भने अघि कैद ठेक्दा थुनामा परेको मितिदेखि पछि ठेकिएको कलमको हद ननाघ्ने गरी कैद ठेक्नु पर्छ। अघि ठेकिएको कैदभन्दा पछि ठेक्ने कलमको हद घटी रहेछ भने थप कैद ठेक्नु पर्दैन। फैसला, कैदी पुर्जी, कैद ठेक्ने किताबमा सम्म खुलाई दिनुपर्छ र पछि ठेकिने कलमको हद घटी भए पनि अघि कैद गर्दा ठूलो कलमको हद नपुगेको रहेछ भने सो नपुग दिनसम्म पछिल्लो कलममा कैद गर्नु पर्छ। धेरै कलमको कैदको हद बराबर हुन आयो भने सो मध्ये एक कलमको कैद ठेक्नु पर्छ। अरू कलमका हकमा फैसला, कैदी पुर्जी, कैद ठेक्ने किताबमा सम्म खुलाउनु पर्छ। तर फैसला भइ सकेपछि कैद नबस्दै वा थुना कैद बसेको अवस्थामा वा थुना कैदबाट छुटेको वा भागेको अवस्थामा अर्को कसुर गरेकोमा सो कसुर बापत कानुनबमोजिम थप कैद ठेक्नु पर्छ।[३५५]

**प्रतिपादित सिद्धान्त**

- एकै मितिमा एकभन्दा बढी मुद्दामा कैदको सजाय ठेक्नु पर्ने भयो भने सबै भन्दा ठूलो हदको कैदमा अरू कैदको सजाय गाभिन जाने र धेरै कलमको कैद बराबर हुन आएकोमा कुनै एक कलमको कैद गर्नुपर्ने भनी दुखितलाल हाडी बिरुद्ध झापा जि.अ., नि.नं. ३४१३, ने.का.प. २०४५, अंक ४ मा सिद्धान्त प्रतिपादन भएको छ। उल्लेखित व्याख्यालाई कान्छा तामाङ्ग बिरुद्ध नुवाकोट जि.अ., २०५४ सालको रिट नं. २९७३, निर्णय मिति २०५४/३/१९ को मुद्दामा समेत अनुसरण गरिएको छ।

## २.४. कैद असुल गर्ने प्रक्रिया[३५६]

- फैसलाबमोजिम सजाय पाउने कसुरदार फैसला हुँदाको अवस्थामा हाजिर रहेकोमा सो फैसला गर्ने अड्डाले नै निजलाई पक्री फैसलाबमोजिम निजलाई लागेको दण्ड, जरिवाना, कैद असुल गर्नु पर्छ।
- कसुरदारलाई जरिवाना लागेकोमा बुझाए बुझिलिनु पर्छ। बुझाउन नसके जमानी गर्नेको महलबमोजिम जेथाजमानी दिए लिई छाडि दिनु पर्छ।
- जरिवाना पनि बुझाएन, जेथाजमानी पनि दिएन भने जरिवाना बापत लाग्ने कैद दण्डसजायको महलको ३८ नं बमोजिम कैद ठेकी कारागारमा पठाई दिनु पर्छ।
- कैद लागेकोमा पुनरावेदन गर्न अ.बं १९४ नं.बमोजिम धरौट वा जमानत दिएमा लिई छाड्नु पर्छ। सो धरौट वा जमानी नदिए फैसलाले भएको कैद कार्यान्वयन गर्न कारागारमा पठाइदिनु पर्छ।
- फैसला हुँदा फैसलाबमोजिम जरिवाना वा कैद लागेको कसुरदार हाजिर नरहेको भए निजलाई गिरफ्तार गर्न अड्डाबाटै सम्बन्धित प्रहरी कार्यालयलाई आदेश गर्नु पर्छ। यसरी आदेश गरेपछि दण्ड सजायको महलको २५ र २६ नं मा लेखिएको कारबाही फैसला कार्यान्वित गर्ने अड्डाले चलाउनु पर्छ।
- फैसलाले कैद जरिवाना लागेको मानिसलाई गिरफ्तार गर्न लेखी आएमा सम्बन्धित प्रहरी कार्यालयले फैसलाबमोजिम सजाय पाउने कसुरदारलाई खोजी पक्री फैसला कार्यान्वयन गर्ने अड्डामा दाखिल गर्नु पर्छ।
- अदालतको फैसलाले कैद जरिवाना लागेको मानिसलाई कुनै पनि मानिसले पक्राउ गरी दाखिल गर्न सक्छ। यसरी पक्राउ भएको व्यक्तिलाई तत्काल अदालतमा बुझाउन अदालत बन्द भएको अवस्था भए वा अदालतमा पुऱ्याउन बढी समय लाग्ने भए त्यस्तो व्यक्तिलाई पक्राउ गर्ने व्यक्तिले तत्कालै नजिकैको प्रहरी कार्यालयमा बुझाइदिनु पर्छ। सम्बन्धित प्रहरी कार्यालयले पनि त्यस्तो व्यक्तिलाई हिरासतमा राखी अदालत खुल्नासाथ अदालतमा बुझाइदिनु पर्छ।

## २.५. जरिवाना असुल गर्ने प्रक्रिया

**(क) जेथा जमानी रहेको सम्पत्तिबाट असुल गर्ने**

मुद्दामा पुर्पक्षको सिलसिलामा कुनै प्रतिवादीसँग धरौट लिइएको रहेछ भने मुद्दा फैसला हुँदा निजलाई लागेको दण्ड जरिवाना सोही धरौट रहेको रकमबाट पुगेसम्म असुल गर्नु पर्छ। नपुग रकमका हकमा निजको अन्य सम्पत्तिबाट कानुनबमोजिम असुल गर्नु पर्छ।

मुद्दा पुर्पक्षका लागि प्रतिवादीबाट कुनै सम्पत्ति जमानत

३५५ ऐ. ४१ नं.

३५६ मुलुकी ऐन दण्ड सजायको २३ नं तथा जिल्ला अदालत नियमावली, २०५२ को नियम १०३

लिइएको अवस्थामा पछि जरिवाना हुने ठहरी फैसला भएमा सो जमानत रहेको सम्पत्ति लिलाम बिक्री गरी जरिवानाको रकम असुल गर्नु पर्छ। यसरी जमानत रहेको सम्पत्ति लिलाम बिक्री गर्ने बेहोराको सूचना प्रतिवादीकै नामको सम्पत्ति जमानत रहेको भए वा अरू कसैले जेथा जमानी दिएको रहेछ भने ७ दिनको म्याद दिई सूचना पठाई सो ७ दिनभित्र जरिवाना रकम बुझाउन ल्याएमा बुझी लिई रोक्का रहेको जमानतको सम्पत्ति फुकुवा गरी दिनुपर्छ। सो म्यादभित्र बुझाउन नल्याएमा जमानत रहेको सम्पत्ति लिलाम गरी जरिवाना रकम असुल गर्नुपर्छ।

**(ख) जरिवाना बापत कैद ठेक्ने तरिकाः**

१. जरिवाना बापत कैद ठेक्नु पर्दा एक दिनको पच्चीस रूपैयाँका दरले कैद ठेक्नुपर्छ।[३५७]

२. फैसलाबाट जरिवानाको सजाय हुने भएमा सो जरिवाना नतिरेमा सो बापत कति कैद बस्नु पर्ने हो भन्ने कुरा पनि सोही फैसलामा तोक्नु पर्छ। तर यस्तो सजाय तोक्दा दण्ड सजायको महलको ५३ नं.बमोजिम रूपैयालाई कैदमा परिणत गर्दा हुने अवधि वा दण्ड सजायको ३८ नं.बमोजिम हुन सक्ने कैद भन्दा बढी हुने गरी तोक्नु हुँदैन।

३. जरिवाना वा सरकारी बिगो बापत कैद ठेक्नु पर्दा सम्बन्धित कानुनमा लेखिएको कैदको हदमा नबढ्ने गरी देहायबमोजिम गर्नु पर्छ :[३५८]

   - कैद वा जरिवाना दुबै सजाय भएकोमा जरिवाना नतिरे बापतको कैद ठेक्नुपर्दा चार वर्षभन्दा बढी अवधिको कैद ठेक्न हुँदैन। तर नाबालकलाई जरिवाना नतिरे बापतको कैद ठेक्नुपर्दा उमेर पुगेको व्यक्तिलाई हुने कैदको आधामा नबढ्ने गरी कैद ठेक्नुपर्छ।
   - कैद वा जरिवाना मध्ये कुनै वा दुबै सजाय हुन सक्ने अपराधमा जरिवाना मात्रको सजाय भएकोमा सो जरिवाना नतिरे बापतको कैदको सजाय ठेक्नु पर्दा सो अपराधमा हुन सक्ने कैदको उपल्लो हदको आधाभन्दा बढी नहुने अवधिसम्मको मात्र कैद ठेक्नुपर्छ।
   - जरिवानाको मात्र सजाय हुने अपराधमा जरिवानाको सजाय भएकोमा सो जरिवाना नतिरे बापतको कैदको सजाय ठेक्नु पर्दा दुई वर्षभन्दा बढी नहुने अवधिसम्मको मात्र कैद ठेक्नुपर्छ।
   - जायजातबाट उपर नभएको सरकारी बिगोमा कैद ठेक्नुपर्दा १,०००। रूपैयाँसम्मको बिगोमा एक वर्ष, ५,०००। रूपैयाँसम्मकोमा दुई वर्ष, १०,०००। रूपैयाँ सम्मकोमा ३ वर्ष र १०,०००। रूपैयाँभन्दा बढीको प्रत्येक १०,०००। मा एक वर्षभन्दा बढी कैद ठेक्न हुँदैन। सोबमोजिम कैद ठेक्दा दश वर्षभन्दा बढी हुन आयो भने पनि दश वर्षसम्म मात्र कैद ठेक्नु पर्छ।

     – बिगोबमोजिम जरिवाना मात्रको सजाय भएकोमा मुलुकी ऐन दण्ड सजायको ३८(२) नं. को व्यवस्थाअनुसार सो जरिवाना नतिरे बापत भंसार ऐनको दफा ३४(९)(क)बमोजिम हुनसक्ने उपल्लो हद कैद वर्ष ५ को आधाभन्दा बढी नहुने अवधिसम्म मात्र कैद ठेग्न पर्ने देखिन्छ। तसर्थ निवेदकलाई दण्ड सजायको ३८(१) नं.बमोजिम जरिवाना नतिरे बापत ४ वर्ष कैद गर्ने गरेको त्रुटिपूर्ण देखिएकोले उत्प्रेषणको आदेशद्वारा बदर हुने फैसला भएको छ।[३५९]

     – जरिवाना बापत कैद ठेग्नुपर्दा ४ वर्षमात्र कैद ठेक्नुपर्छ। निकासी पैठारी नियन्त्रण ऐन, २०१३ को दफा ५(१) अनुसार भएको जरिवानामा कैद ठेक्दा कैद वर्ष १ भन्दा बढी कैद ठेक्नु हुँदैन।[३६०]

- जरिवानाको मात्र सजाय हुने अपराधमा जरिवानाको सजाय भएकोमा सो जरिवाना नतिरे बापतको कैदको सजाय ठेक्नु पर्दा दुई वर्षभन्दा बढी नहुने अवधिसम्मको मात्र कैद ठेक्नुपर्छ।
- जायजातबाट उपर नभएको सरकारी बिगोमा कैद ठेक्नुपर्दा १,०००।- रूपैयाँसम्मको बिगोमा एक वर्ष, ५,०००।- रूपैयाँ सम्मकोमा दुई वर्ष, १०,०००।- रूपैयाँ सम्मकोमा ३ वर्ष र १०,०००।- रूपैयाँभन्दा बढीको प्रत्येक १०,०००।- मा एक वर्षभन्दा बढी कैद ठेक्न हुँदैन। सोबमोजिम कैद ठेक्दा दश वर्षभन्दा बढी हुन आयो भने पनि दश वर्षसम्म मात्र कैद ठेक्नुपर्छ। तर यसरी कैद ठेक्दा दण्ड सजायको ५३ नं.बमोजिमको अवधिभन्दा बढी कैद ठेक्न हुँदैन।
- जरिवानाको सजाय भएकोमा खत पटक खापी सजाय गर्नु परेमा सबै ऐनको र पटकको जरिवाना खापी असुल गर्नुपर्छ (दण्ड सजायको १० नं.)। यसरी भएको जरिवाना तिर्न नसकी कैद हुन्छ सो भयो भने सबै जरिवानाको कलम देखाई जुन जरिवाना बापत बढी कैद हुन्छ सो जरिवाना बापतको कैद गर्नुपर्छ। तिर्न ल्यायो भने ठेकिए जति कैदको मात्र रूपैयाँ तिरी जान पाउँदैन। त्यसलाई लागेको सबै जरिवानाको जम्मा अंकमा कैद बसेको जति कट्टा गरी अरू बुझी लिनुपर्छ।

---

३५७ मुलुकी ऐन दण्ड सजायको ५३ नं.

३५८ ऐ. ३८ नं.

३५९ ओगेन गुरुङ वि.राजस्व न्यायाधिकरण काठमाण्डौं समेत, ने.का.प. २०४९, नि.नं. ४४९३, पृ.२३९

३६० उतइमन पिटर वटलर वि. त्रि. विमानस्थल भन्सार कार्यालय, ने.का.प. २०४४, नि.नं. २९८३, पृ.१२८

(ग) सर्वस्व, जायजात भएपछि बाँकी कैद जरिवाना असुली[३६१] सरकारी बिगो र जरिवाना, दसौद, बिसौद, समेत इत्यादि लिनु पर्ने कलममा वा सर्वस्व हुने कसुरमा एक पटक सर्वस्व जायजात भइसकेपछि सो सर्वस्व भएका कसुरमा र जायजात भएका कलमको बाँकी जतिमा देहायबमोजिम गर्नु पर्छ । सो बाहेक अरू कुराको जायजातबाट उपर नभएको बाँकी बिगो जरिवानाको लगत तुरुन्तै र कैदका हकमा जायजात भएपछि पांच वर्षदेखि बेपत्ता भए लगत काटी दिनु पर्छ ।

१. ज्यान सम्बन्धी मुद्दा, कुनै प्रकारको चोरी मुद्दा वा राजकाज मुद्दाको कसुरदारलाई भएको सजायको बाँकी र सम्बन्धित कर्मचारीले आफ्नो जिम्माको सरकारी वा सरकारी संस्थान वा सरकारद्वारा नियन्त्रित संस्थानको तहबिल, धनमाल मासी, चोरी नोक्सान पारी खाए खुवाएको वा पेस्की ठेकको वा बाँकी नतिर्नेको महलको २ नम्बरको बाँकी समेत यति कलमको बाँकीमा जहिलेसुकै फेला परे पनि फैसला लगतबमोजिमको सजाय गर्नु पर्छ ।

२. गैरसरकारी वा उपर्युक्त प्रकरण (१) मा लेखिएको संस्थानको बिगोमा अपुताली खानेबाट अपुताली खाए जति सम्पतिबाट असुल गर्नु पर्छ ।

३. बाँकीवाला मरी सम्बन्धित गा.वि.स. वा नगरपालिकाको सदस्य समेत पाँचजना स्थानीय भलादमीको मरुवा मुचुल्का भई आए कैद जरिवाना, बिसौंदको लगत काटिदिनु पर्छ ।

४. बाँकीवाला मानिस वा निजको घर ठेगान नलागेमा तीन वर्षसम्म वर्षको एक पटक र मानिस घर ठेगान लागे पनि भागी मरे बाँचेको वा यस ठाउँमा छ भन्ने ठेगान नलागेमा पाँच वर्षसम्म वर्षको एक पटक स्थानीय गा.वि.स. वा नगरपालिकाको सदस्य समेत स्थानीय भलादमी पाँच जनाको बेपत्ते मुचुल्का भई आए जेथा हुनेको जायजात भइसकेको भए माथि प्रकरण (१) मा लेखिएको लगत बाहेक अरू लगत काटिदिनु पर्छ ।

५. कैदको लगत असुल नहुन्जेल जेथाजमानी रहेको सम्पत्ति दायित्व पनि बाँकी नै रहेको सम्झनु पर्छ । अन्यथा जेथाजमानीको कुनै अर्थ हुँदैन । तहसिलबाट पूरा हुनु पर्ने दायित्व पनि पूरा नहुनु र सम्पति भने सँधै रोक्का रहनु दण्ड सजायको २४ नं. को उद्देश्य अनुकूल मान्न मिल्दैन । दण्ड सजायको २४ न.बमोजिम हुनु पर्ने कारबाही मुचुल्का भइसके पछि मात्र निवेदकको रोक्का रहेको सम्पत्ति फुकुवा गर्ने तर्फ समुचित कारबाही हुन सक्ने हुँदा फुकुवा अहिले नै गरी दिनु भनी भन्न मिल्दैन भन्दै दण्ड सजायको २४ नं. को व्याख्या भएको छ । सरोज कुमार विबरुद्ध पू.वे.अ. हेटौडा समेत, ने.का.प २०५२, पृ. ४४५ ।

६. जायजात हुने सजाय भएको व्यक्तिलाई जायजात भएपछि मात्र कैदको हकमा दण्ड सजायका महलको २४ नं को "जायजात भएपछि पाँच वर्षदेखि बेपत्ता भए लगत काटिदिनु पर्छ" भन्ने वाक्यांश आकर्षित हुने हो । जायजात नहुने कसुरमा सजाय पाएको व्यक्तिलाई लागेको कैदको हकमा उक्त वाक्यांश अनुरूप कैदको लगत काट्नु पर्ने हो भन्ने भनाई कानुन सम्मत देखिदैन । तसर्थ जबर्जस्ती करणी मुद्दामा उक्त व्यवस्था आकर्षित हुँदैन ।[३६१क]

**(घ) जरिवाना, सरकारी बिगो असुली सम्बन्धी थप प्रक्रिया**

- जरिवाना वा सरकारी बिगो असुल गर्नलाई दुनियाको बिगो उपर नहुन्ज्याल पर्खिरहनु पर्दैन । सरकारी बिगो लागेको मानिसले सो तिरे लिई र नतिरे ऐनबमोजिम जायजात गरी असुल गर्नु पर्छ । सोबमोजिम जायजात गरी लिंदा नपुगेको बाँकीमा हाजिर रहेको भए तुरुन्त र हाजिर नरहेको भए दण्ड सजायका महलको २३ क नं.बमोजिम सर्वस्व गर्ने कारबाही चलाउनु पर्छ ।
- सरकारी बिगो बाहेक कैद जरिवाना लागेकाको हकमा सो जरिवाना तिरे लिई नतिरे सो जरिवाना बापतसमेत कैद गर्नु पर्छ । कैद भएपछि जायजात गर्न हुँदैन ।
- कैद जरिवाना लागेको मानिस भागी गयो भने दण्ड सजायका महलको २३ नं.बमोजिम पक्राउ गरी जरिवानामा एक दिनको पचास रूपैयाका दरले रूपैया कसी कैदमा समेत जायजात गरी असुल गर्नु पर्छ । फैसलाबमोजिम कैद हुने ठहरेको मानिस दण्ड सजायका महलको २४ नं. को म्यादभित्र फेला परेमा निजलाई फैसलाबमोजिम कैद गरी कैद बापत आएको रूपैया फिर्ता दिनु पर्छ ।

## २.६. जायजात गर्दा विचार गर्नु पर्ने कुरा[३६२]

- ऐनबमोजिम जरिवाना कैद बापत जायजात गर्दा कसुरदारको अंशबाट मात्र पुगेसम्मको असुल गरी लिनु पर्छ ।
- दुनियाको बिगो बापत जायजात गर्दा त्यो धन खाने वा १२ वर्षदेखि माथिका ऐनबमोजिम मानु नछुट्टिई सँग बसेका वा त्यो धन खाँदा सँग बसेका पछि भिन्न हुनेको अंश समेत जायजात गर्नु पर्छ ।
- सरकारी बिगोमा जायजात गर्दा सो धन खाँदा सँग बस्ने सबै अंशियारको अंश जायजात गर्नु पर्छ ।
- उपर्युक्तबमोजिम जायजात गर्दा स्वास्नी, छोरी, बुहारीको दाइजो, विवाह नभएका छोराछोरीको विवाह खर्च, दुनियाको बिगोमा जायजातको दर्खास्त नपर्दै र सरकारी बिगोमा सो बिगो लाग्ने भनी पक्राउ भएका मितिभन्दा अगावै

३६१ मुलुकी ऐन दण्ड सजायको २४ नं.

३६१क काले सार्की समेत विरुद्ध का.जि.अ. २०५४ सालको रिट नं. ३१६४ फैसला मिति २०५४।५।२५

३६२ ऐ. २६ नं.

साहुलाई लेखिदिएको अचलको भोग दृष्टि तमसुकबमोजिमको थैली, एकहल गोरु, रोजगार गर्ने एक सरा हतियार, खाने पकाउने एकसरो भाँडा, ओढ्ने ओच्छ्याउने, लाएको कपडा र अन्न रहेछ भने सो जायजात हुनेलाई ६ महिनासम्म खान पुग्ने अन्न पर सारी छाडी अरू जायजात गरी पुगेसम्म असुल गर्नु पर्छ । बढ्ता भए फिर्ता दिनु पर्छ ।

- जायजात भएपछि पुगेन भने पनि अरू जहानलाई पक्रन हुँदैन ।
- तर, फरार रहेको कसुरदारको अंश जायजात लिलाम बिक्री गर्दा दण्ड सजायको महलको २६ नं. मा उल्लेख भएको कुनै कुरा पर सार्नु पर्दैन । सबै सम्पति जायजात गर्नु पर्छ ।

**प्रतिपादित सिद्धान्त**

- मुद्दामा नबुझिएको भए पनि धन खाने बाह्र वर्षदेखि माथिका ऐनबमोजिम मानो नछुट्टिई सँग बसेका वा त्यो धन खाँदा सँग बसेका पछि भिन्न हुनेको अंश समेतबाट भराइदिनु पर्ने हुँदा सँग बस्ने अंशियारले ऋण तिर्नु बेहोर्नु पर्छ ।[३६३]
- सरकारी बिगोमा जायजात गर्दा सो धन खाँदा सँग बस्ने सबै अंशियारको अंश जायजात गर्नु पर्छ ।[३६४]
- दाइजोबाट खरिद भएको सबुदबाट नदेखिए लिलाम भएको बदर हुन सक्तैन ।[३६५]
- लिलाम गर्नु अघि जसको नाउमा स्रेस्तामा दर्ता छ, सो व्यक्ति बुझ्नु पर्छ । दर्तावालालाई लिलाम गर्नु पर्ने सम्बन्धमा नबुझी गरेको लिलाम दण्ड सजायको २६ नं. विपरीत भई बदर हुन्छ ।[३६६]
- बाह्र वर्षमुनिको नाबालकको विवाह खर्च पर नसारी लिलाम गरेको बदर हुन्छ ।[३६७]
- बैङ्कसँगको ऋण कारोवारमा दण्ड सजायको महलको २६ नं. आकर्षित हुँदैन । वाणिज्य बैङ्कले वाणिज्य बैङ्क ऐन, २०३१ बमोजिम आफ्नो ऋण असुली छुट्टै कानुनी प्रावधानबमोजिम गर्न पाउँछ ।[३६८]

## २.७. जायजात सर्वस्व गर्ने सम्बन्धी व्यवस्था

**(क) प्रक्रियाको सुरुवात**[३६९]

- फैसलाबमोजिम सरकारी बिगो, दसौद, बिसौद समेत इत्यादि लिनु पर्ने कलममा वा सर्वस्व हुने कसुरमा कसुरदार हाजिर रहेको भए फैसला गर्ने अड्डाले नै उसै बखत पक्री फैसलाले लागेको बिगो, दसौद, बिसौद असुल गर्ने वा सर्वस्व गर्ने कारबाही चलाउनु पर्छ । सजाय पाउने कसुरदार हाजिर नरहेकोमा सजाय असुल गर्ने सम्बन्धमा दण्ड सजायको महलको २३ नं.बमोजिम निजलाई पक्राउ गर्न र २५ नं.बमोजिम सर्वस्व गर्ने समेत कारबाही चलाउनु पर्छ ।

**(ख) सर्वस्व हुने सम्पत्ति**[३७०]

- सर्वस्व गर्दा अंश नभएका अरू अंशियारको अंश पर सारी र कसुर जाहेर नहुँदै दृष्टिबन्धक लेखिएको तमसुकबमोजिमको साहुको थैली, विवाह नभएका छोराछोरीको ऐनबमोजिमको (अंशबण्डाका महलको १७ नं.बमोजिमको) विवाह खर्च, स्वास्नी छोरी बुहारीको दाइजो र जुन मुद्दाबाट सर्वस्व हुने भएको हो त्यस मुद्दाबाट भरी पाउने फैसलाबमोजिमको दुनियाँको बिगो समेत पर सारी कसुरदारको मात्र सर्वस्व गरी लिनु पर्छ । धितो नलेखिएको अरू साहुको थैली पर सार्नु पर्दैन ।

**(ग) तायदात सर्वस्व गर्ने प्रक्रिया**[३७१]

- जायजात वा सर्वस्वको सिलसिलामा सम्पत्ति तायदात वा लिलाम बिक्री गर्नु पर्दा समेत भएसम्म उस ठाउँमा तालुकदार, जिमिदार र निजहरू नभएमा निजहरूको दामकाम गर्ने व्यक्ति सम्बन्धित गा.वि.स. वा नगरपालिकाको सदस्य वा प्रतिनिधि कम्तिमा दुईजना भलादमी समेत साक्षी राखी देहायबमोजिम गर्नु पर्छ :

(१) जायजात सर्वस्वमा आएका घर जग्गा कानुनबमोजिम लिलाम गरी र सो बाहेक अरू धनमाल लिलाम हुने लिलाम गर्दा सुन, चाँदी जवाहरात भए दर तौल गरी र अरू वस्तु भए सोझै लिलाम बिक्री गर्नुपर्छ ।

(२) सुन, चाँदी, जवाहरात र किमती चीजहरू अड्डैमा ल्याई र सो बाहेक अरू चल धनमाल सर्जमिनमै गई लिलाम बिक्री गरे पनि हुन्छ ।

(३) तमसुक बहिखाताको लहना तहसिल हुने कागजपत्र आएको भए जायजात सर्वस्व गर्ने अड्डामा लगत गरी ऐनबमोजिम असुल गर्नुपर्छ ।

---

३६३ कुमार राज वि. प्रेमराज, ने.का.प २०२५, पृ. १८

३६४ घनश्याम सुबेदी वि. काठमाण्डौ डिभिजन अफिस, वन विभाग, ने.का.प २०२६, पृ.१३८

३६५ तेज कुमारी वि. गंगामान समेत, ने.का.प २०४३, पृ. ४७८

३६६ मुना वि. का.जि.अ. समेत ने.का.प. २०४८, पृ. ५५९

३६७ धनमाया वि. धवलागिरी अंचल अदालत समेत, ने.का.पृ २०४२, पृ. १२८

३६८ प्रेममणी वि. ने.वैं.लि. उपशाखा बुटवल समेत, ने.का.प.२०४८, पृ.२०, छत्र बहादुर वि. प्रभु प्रसाद समेत, ने.का.प २०४७, पृ. ५५०, नारायण बहादुर वि. कृष्ण बहादुर समेत, ने.का.प.२०५३, पृ.६५, दल बहादुर वि. ने.वैं लि. के.का काठमाण्डौ समेत, ने.का.प २०४८ पृ. ५०८

३६९ मुलुकी ऐन दण्ड सजायको २३ क.नं.

३७० ऐ.२७ नं.

३७१ ऐ. ३० नं.

**(घ) घरको सम्बन्धमा व्यवस्था**[३७२]

(१) जरिवाना, कैद, सर्वस्व वा सरकारी बिगो बापतमा जायजात हुँदा आएको फुसको घर कानुनको रित पुर्‍याई लिलाम बिक्री गर्दा कसैले पनि सकार गरेन भने त्यस्तो घरको पञ्चकिर्ती मोल गर्दा एक सय रूपैयाँसम्म जाने ठहरेकोमा सो मोल सरकारी लिनु पर्ने रूपैयाँको जम्मामा मिनाहा दिई घर उसैलाई थामिदिनु पर्छ। एक सय रूपैयादेखि बढी मोलिएको घर भने उसैलाई थामिन सक्तैन। स्रेस्तामा चढाई सरकारी काममा लगाइराख्ने वा बहाल बन्दोवस्त हुन सके सोबमोजिम गरी हिफाजतसाथ राख्नु पर्छ।

(२) दुनियाको बिगो बापत आएकोमा भने बिगो भरिपाउने व्यक्तिले पञ्चकिर्ती मोलमा सकार गरी लिनुपर्छ। सकार गरी नलिए सो घरको पञ्चकिर्ती मोल भरिपाउने बिगोमा मिनाहा दिलाई सो घर जसको हो उसैलाई थामिदिनु पर्छ।

**(ङ) जायजात, सर्वस्व हुने सम्पत्ति दबाए छुपाएको सम्बन्धमा**[३७३]

सरकारी बाँकी बापत जायजात वा सर्वस्व हुने मानिसको जायजात वा सर्वस्व गर्दा देहायमा लेखिएबमोजिम गर्नु पर्छ :

(१) जायजात सर्वस्व भई अड्डामा आएको सात दिनभित्र फलानाको जायजात सर्वस्व भई आएकोमा कसैले दबाए छुपाएको कुरा थाहा छ भने आजका तीन महिनाभित्र जायजात सर्वस्व गर्ने अड्डामा जाहेर गर्न आउनु, नआए ऐनबमोजिम सजायसमेत हुनेछ भनी लेखी जायजात सर्वस्व हुनेको घरमा सबैले देख्ने ठाउँमा र जायजात सर्वस्व गर्ने अड्डाको ढोकामा समेत म्याद टाँसिदिनुपर्छ।

(२) म्याद टाँस्दा सो जायजात सर्वस्व हुने मानिससँग भोगदृष्टि लेखाई लिएको वा नासो धरौट लिई राखेको चल अचल आदि सम्पत्ति र आसामीले तिर्नु पर्ने सम्पत्ति नतिरी राखेको र जग्गा कमाउने मोही कुरियाले बाली नतिरी बाँकी राखेको समेत जो जो छ सो कुरा जाहेर गर्न आउनु भनी घर खेत जग्गा जमिन दोपाया चौपाया र आसामी सम्मको फाँटवारी र अरू मालको गोस्वारा तपसिलमा लेखिएको बेहोरा समेत जनाई म्याद टाँसी दिनुपर्छ।

(३) उपर्युक्त अनुसारको तीन महिनाको म्यादभित्र जाहेर नगरी म्याद नाघेपछि जाहेर भयो भने भोगदृष्टिवालाले जाहेर नगरेको भए भोगदृष्टि लिंदा जग्गा जमिन घर खेतमा ऐनबमोजिमको मोलमा सयकडा पाँच र चल वस्तु लिएमा सयकडा बीससम्म नपुग्ने गरी लिएको भए दश रूपैयाँ मात्र जरिवाना गर्नुपर्छ।

(४) उपर्युक्त प्रकरण (३) मा लेखिए भन्दा बढी नाफा हुने गरी भोगदृष्टि लिएमा र चल अचल दबाई छिपाई म्यादभित्र जाहेर नगरेमा समेत सोही दबाएको बिगोबमोजिम जरिवाना समेत गरी लिनु पर्छ। म्यादभित्र जाहेर गर्न आयो भने भोगदृष्टिमा लेखिएदेखि बढ्ता नाफा हुने गरी लिएको भए पनि बात लाग्दैन।

**(च) मुद्दा अन्तिम किनारा नहोउन्जेल सर्वस्व हुने सम्पत्ति रोक्का गर्ने**[३७४]

(१) सर्वस्व हुने वा सरकारी बिगो लाग्ने ठहरी फैसला भएपछि पुनरावेदनको म्याद नाघी वा पुनरावेदन फैसला भई नसकी जायजात सर्वस्व लिलाम बिक्री गर्न हुँदैन। सर्वस्व हुने वा बिगो लिने ठहरे पछि दण्ड सजायको महलको ३० नं.बमोजिम जायजात सर्वस्व गरी धनमाल हिनामिना हुन नपाउने बन्दोबस्त पुर्‍याई माथबर मानिसको जिम्मा लगाइराख्नु पर्छ।

(२) उपर्युक्तअनुसार रोक्का रहेकोमा पुनरावेदनको म्यादसम्ममा पुनरावेदन परेन भने पुनरावेदनको म्याद गुज्रेपछि र पुनरावेदन परेकोमा पुनरावेदन तहबाट समेत तल्लो अड्डाको फैसला सदर ठहरी बिगो लाग्ने वा सर्वस्व हुने ठहर्‍यो भने सो रोक्का भएको धनमाल कानुनबमोजिम लिलाम बिक्री गरी स्याहा गर्नुपर्छ।

(३) प्रकरण (२) बमोजिमको अवस्था पछि पनि पुनरावेदन परी मुद्दा उल्टिएकोमा र साधक निकासा हुँदा फिर्ता गर्नु पर्ने भयो भने लिलाम बिक्रीबाट आएको नगदी नै फिर्ता गर्ने गर्नुपर्छ।

(४) सरकारी बिगो लाग्ने ठहरेकोमा लाग्ने ठहरेको बिगोमा धरौट वा माथबर धन जमानी दियो भने जायजात रोक्का गर्नु पर्दैन।

(५) सरकारी कर्मचारीलाई उपरोक्त लेखिएबमोजिम सरकारी बिगो लाग्ने वा सर्वस्व हुने ठहरेमा तहबिल मासेको वा ठाडो बाँकीमा वा सर्वस्व हुनेमा भए माथि लेखिएबमोजिम गर्नु पर्छ। सो बाहेक अरू किसिमको बिगोमा जायजात रोक्का गर्नु पर्दैन। दण्ड सजायको महलको २९ नं.बमोजिम पारिश्रमिकसम्म रोक्का गरिराख्नु पर्छ।

**(छ) सडीगली नोक्सान भई जाने माल सम्बन्धमा**[३७५]

(१) जायजात वा सर्वस्वमा आएको वा रोक्कासम्म भएको धनमाल केही परिबन्दले मौकैमा लिलाम बिक्री नगरेमा सडीगली नोक्सान भई जाने जिन्सी माल रहेछ भने त्यसै राख्न हुँदैन। सो सडीगली जाने जति माल कानुनबमोजिमको रित पुर्‍याई लिलाम बिक्री गरी नगदै पारी आएको रूपैयाँ स्रेस्तामा आम्दानी बाँधी राखी पछि लिनु दिनु फिर्ता गर्नु पर्ने समेत जे ठहर्छ सो आएको नगदी नै लिनु दिनु फिर्ता गर्ने गर्नुपर्छ।

(२) रोक्कासम्म भएका अरू कुनै माल सामान पनि लामो समयसम्म रोक्का राख्दा खिया लागी वा अरू कुनै परिबन्दबाट टुटफुट वा नोक्सान हुन सक्ने देखिएमा त्यस्तो माल सामानको पञ्चकिर्ती मोल कायम गरी सो

३७२ ऐ. ३१ नं.
३७३ ऐ. ३२ नं.
३७४ ऐ. ३३ नं.
३७५ ऐ. ३४ नं.

मोलमा मालधनीले नै सकार गर्न मन्जुर गरेमा निजको कागज गराई निजलाई सो माल जिम्मा लगाइदिनु पर्छ । मालधनीले सकार नगरेमा माथि लेखिएबमोजिम सडीगली नोक्सान भई जाने माल सरह लिलाम बिक्री गर्न सकिन्छ ।

(३) अभियोगपत्र साथ दाखिल भएका दसीका माल वस्तुको परिमाण र प्रकृतिको कारणबाट अदालतको हाताभित्र उपयुक्त स्थानाभावले सुरक्षित राख्न नसकिने अवस्थाको भए त्यस्तो मालवस्तु अदालतले खोजेका वखत दाखिल गर्ने गरी अर्को आदेश नभएसम्मको लागि सुरक्षापूर्वक राख्न सम्वन्धित निकायमा जिम्मा दिन सकिन्छ । यहाँ उल्लेख भएको सम्बन्धित निकाय भन्नाले सामान्यतः त्यो मुद्दा दायर गर्ने वा अनुसन्धान तहकिकात गर्ने अधिकारी कार्यरत रहेको निकाय (कार्यालय) सम्झनु पर्छ ।

**(ज) पुराना किसिमका पुस्तक**[३७६]

- जायजात सर्वस्व गर्दा सरकारी पुस्तकालयमा राख्नमाफिकको पुरानो किसिमको पुस्तक निस्कियो भने सो पुस्तक सरकारी पुस्तकालयमा राख्नु पर्छ पर्दैन श्री ५ को सरकारमा जाहेर गरी राख्न मनासिब छ भनी जवाफ आयो भने मोल भराउन दाखिल गर्न पर्ने भए लिलाम बोलाई लिलामबाट बोलेको पर्ने ठहरेको मोल जायजात सर्वस्वमा भर्ना गरी र मोल भर्ना गर्न नपर्ने भए त्यसै सो पुस्तक सरकारी पुस्तकालयमा दाखिल गरी भर्पाई लिनुपर्छ ।

**(झ) हतियार खजाना लिलाम नगर्ने**[३७७]

- जायजात सर्वस्व गर्दा हतियार खजाना इत्यादि श्री ५ को सरकारबाट मनाही भएका मालहरू देखिए निस्केमा सो माल लिलाम बिक्री गर्न हुँदैन । पास गराई (अनुमति प्राप्त गरी) राख्नु पर्नेमा सोबमोजिम गरी राखेको छ छैन बुझी जायजात सर्वस्व गर्दा देखिएका मालको फाँटवारी लेखी जिल्ला प्रशासन कार्यालयमा लेखी पठाउनु पर्छ । हतियार खजाना राख्ने सम्बन्धमा जिल्ला प्रशासन कार्यालयबाट लेखिआएबमोजिम गर्नुपर्छ ।

## २.८. डोर खटाउने र लगत फछ्र्यौट समिति सम्बन्धी व्यवस्था

**(क) डोर खटाउने**[३७८]

- जिल्ला अदालतको तहसिल शाखाले फैसलाबमोजिम दण्ड, जरिवाना, कैद वा सरकारी बिगो असुल गर्नु पर्ने व्यक्ति रहे बसेको ठाउँमा प्रत्येक वर्ष कम्तिमा दुई पटक असुलतहसिल कार्यका लागि डोर खटाउनु पर्छ । यसरी खटिएको डोरले असुल गर्न नसकेका बाँकीवालालाई पक्री ल्याउनुपर्छ ।

**(ख) लगत फछ्र्यौट समितिको गठन र बैठक**[३७९]

(१) दण्डजरिवाना वा कैद लागेको सर्वस्व भएको कोर्ट फी तथा दसौद, बिसौद बुझाउन बाँकी भएको वा कैदको सजाय बापत नगद तिर्नु पर्ने व्यक्ति मरेको वा बेपत्ता भएको कारणले असुलतहसिल हुन नसकेकोमा त्यस्तो लगत कट्टा गर्न प्रत्येक जिल्लामा निम्नानुसारको लगत फछ्र्यौट समिति रहनेछ :

(अ) जिल्ला न्यायाधीश............................... अध्यक्ष

(आ) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको निजको कार्यालयको वा मालपोत कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयको राजपत्रांकित अधिकृत ....................................................... सदस्य

(इ) तहसिलदार ............................. सदस्य सचिव

(२) समितिको अध्यक्षले तोकेको स्थान र समयमा प्रत्येक तीन महिनामा घटीमा एकपटक समितिको बैठक बस्नेछ । समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र अध्यक्ष लगायत अरू एकजना सदस्य उपस्थित भएमा समितिको बैठकका निमित्त गणपूरक संख्या पुगेको मानिन्छ ।

**(ग) लगत फछ्र्यौट समितिको अधिकार**[३८०]

मुलुकी ऐन दण्डसजायको महलको २४ नं. को अधीनमा रही लगतफछ्र्यौट समितिलाई देहायबमोजिमको कारबाही गर्ने अधिकार छ :

(१) जरिवाना र कैदको सजाय असुल गर्नु पर्ने व्यक्ति बेपत्ता भएकोमा यस ठाउँमा रहे बसेको छ भन्ने कुरा वा मरे बाँचेको कुरा पत्ता नलागेको भन्ने डोरबाट सम्बन्धित गाउँ विकास समितिको वा नगरपालिकाको सदस्यसमेत स्थानीय भलादमी पाँच जनाको वर्षको एक पटक गरी पाँच पटकसम्म मुचुल्का भई आए पछि लगत कट्टा गर्ने । तर मरेको भन्ने मुचुल्का भई आएकोमा एउटै मुचुल्काले वा मरेको प्रमाण सहित लगत कट्टाको लागि हकवालाले दिएको निवेदनमा बुझ्दा साँचो देखिएमा लगत कट्टा गर्न सक्नेछ ।

(२) नेपाल अधिराज्यमा घरबार जेथा नभएको विदेशी नागरिकलाई लागेको जरिवाना असुलतहसिल गर्न सो व्यक्ति फेला नपरेमा एक सय रूपैयाँसम्मको लगत भए सालभरमा र सोभन्दा बढी पाँचसय रूपैयाँसम्मको भए पाँच वर्षसम्म खोजतलास गर्दा फेला नपरेमा लगत कट्टा गर्ने ।

(३) प्रत्येक दश वर्ष अघिको अन्तिम फैसलाबमोजिम लगत

३७६ ऐ. ३५ नं.

३७७ ऐ. ३६ नं.

३७८ जिल्ला अदालत नियमावली, २०५२ को नियम ७०(१)

३७९ ऐ. नियम ७१

३८० ऐ. नियम ७३

कसिएकोमा पाँच सय रूपैयाँसम्मको जरिवाना, सरकारी बिगो र तीन महिनासम्मको कैदको लगत कट्टा गर्ने ।

(४) प्रत्येक बीस वर्ष अघिको अन्तिम फैसलाबमोजिम लगत कसिएकोमा एक हजार रूपैयाँसम्मको दण्ड, जरिवाना वा सरकारी बिगो र ५ महिनासम्मको कैदको लगत कट्टा गर्ने ।

(५) सम्बन्धित मुद्दामा कायम भएको उमेरसमेत हिसाब गर्दा एक सय वर्षसम्म पनि असुल तहसिल हुन नसकेकोमा सो मुद्दाबाट त्यस्ता व्यक्तिलाई लागेको दण्ड, जरिवाना, कैद तथा कोर्ट फी दसौंद बिसौंदको बाँकी लगत कट्टा गर्ने ।

## २.९. छुट, मिनाहा

**(क) सजायको स्थगन**

(१) तीन वर्षभन्दा कम कैदको सजाय हुने कुनै कसुर गर्ने व्यक्तिलाई कैदको सजाय गरी पहिलो पटक कसुरदार ठहरी अड्डाले कैदमा राख्न मनासिब नठहऱ्याएमा एक दिनको पच्चीस रूपैयाँका दरले हुन आउने रकम तोकी सो रकम बुझाएमा कैदमा नराख्ने गरी फैसला गर्न सकिने व्यवस्था दण्ड सजायको ११ क नं. ले गरेको छ ।

(२) बालबालिका सम्बन्धी ऐन, २०४८ को परिभाषाभित्र पर्ने बालक कसुरदार ठहरी कैदको सजाय पाएको बालकलाई निजको शारीरिक अवस्था, उमेर, कसुर गर्दाको परिस्थिति, कसुर गरेको पटक आदिको विचार गर्दा कारागारमा राख्न उपयुक्त नहुने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा त्यसरी तोकिएको सजाय तत्काल भोग्नु नपर्ने गरी स्थगित राख्न वा त्यसरी तोकिएको सजायको अवधि कुनै बाल सुधार गृहमा बसी वा कुनै व्यक्ति वा संस्थाको संरक्षणमा रही व्यतीत गर्नु पर्ने गरी तोक्न सक्नेछ । यसरी सजाय स्थगित गरिएकोमा सोही बालकले त्यसको एक वर्षभित्र त्यही वा अन्य कुनै कसुर गरे बापत दोषी ठहरी कैदको सजाय पाएमा सो समेत खापी एकै पटक दुबै कैदको सजाय कार्यान्वित गर्ने गरी मुद्दा हेर्ने अधिकारीले आदेश दिन सक्नेछ ।

**(ख) सजायमा छुट**

(१) जरिवाना वा कैदको सजाय लागेको व्यक्ति अन्तिम फैसला हुँदा अड्डामा उपस्थित भई जरिवाना बुझाउन वा कैदमा बस्न मन्जुर भएमा वा त्यस्तो सजाय हुने गरी फैसला भएका व्यक्ति फैसला भएको मितिले ६० दिनभित्र फैसला गर्ने वा लगत रहेको अड्डामा हाजिर भई जरिवाना तिर्न वा कैदमा बस्न आफै उपस्थित भएमा निजलाई भएको जरिवाना र कैदको सजायमा २० (बीस) प्रतिशत मिनाहा दिई बाँकीको मात्र लगत कायम गरी सजाय कार्यान्वित गर्नुपर्छ ।[३८१]

(२) अदालतको फैसलाबमोजिम लागेको दण्ड, जरिवाना र सरकारी बिगो आदि बाँकी बक्यौता बुझाउन अदालतले समय समयमा सूचना जारी गर्नु पर्छ । यसरी सूचना जारी भएको मितिले एक महिनाभित्र सम्बन्धित व्यक्तिले त्यस्तो बाँकी बक्यौताको रकम बुझाउन ल्याएमा सो रकमको ६ प्रतिशत, दुई महिनाभित्र बुझाउन ल्याएमा ५ प्रतिशत, तीन महिनाभित्र बुझाउन ल्याएमा ४ प्रतिशत, चार महिनाभित्र बुझाउन ल्याएमा ३ प्रतिशत, पाँच महिनाभित्र बुझाउन ल्याएमा २ प्रतिशत र ६ महिनाभित्र बुझाउन ल्याएमा १ प्रतिशत छुट दिइनेछ ।[३८२]

(३) दण्ड सजायको महलको ४१ क नं. मा रहेको व्यवस्था र जिल्ला अदालत नियमावली, २०५२ को नियम ८७ मा रहेको व्यवस्था दुई भिन्नभिन्न अवस्थामा आकर्षित हुने कानुनी प्रावधान भएकाले जिल्ला अदालत नियमावलीको नियम ८७ मा रहेको व्यवस्थाले दण्ड सजायको ४१ क. नं.बमोजिम प्रदान हुने छुट सुविधालाई सीमित गरेको मान्न मिल्दैन ।

**(ग) प्रोत्साहन पुरस्कार**[३८३]

(१) अन्तिम फैसलाबमोजिम दण्ड, जरिवाना कैद वा सरकारी बिगो असुल तहसिलका लागि डोर खटी जाने कर्मचारीले दैनिक तथा भ्रमण भत्ताको सट्टा असुल गरी ल्याएको रकमको पच्चीस प्रतिशत प्रोत्साहन रकम पाउँदछ । त्यस्तो असुल गराई ल्याएको रकमको पाँच प्रतिशत रकम तहसिलदारले प्रोत्साहन स्वरूप पाउँछ ।

(२) कैद लागेको व्यक्ति पक्राउ गरी ल्याउने डोरमा खटी जाने कर्मचारीले दैनिक तथा भ्रमण भत्ताको सट्टा प्रति कैद महिना एकको रू.पचासका दरले हुन आउने रकम पुरस्कार स्वरूप पाउँदछ ।

(३) उपर्युक्त प्रकरण (१) र (२)बमोजिमको प्रोत्साहन रकम कैद वा जरिवाना असुल गरी ल्याउने प्रहरी कर्मचारी, अन्य व्यक्ति वा संस्था समेत जो सुकैले पाउँदछ ।

## २.१०. फैसला कार्यान्वयनको कार्यमा सहयोग गर्ने

१. फैसलाबमोजिम लाग्ने ठहरेको सजाय वा सरकारी बिगो दसौद, बिसौद असुल गर्ने सिलसिलामा अड्डाले कसुरदारको जायजात वा सर्वस्व गर्नु पर्दा प्रहरी कार्यालयको सहायता मागेमा तुरुन्त दिनु पर्छ ।[३८४]

२. बाँकी बिगो जरिवाना कैद समेत असुल गर्न अंश सर्वस्व जायजात रोक्का तायदात गर्न पर्दासमेत अड्डाबाट सो काम तामेल गर्न खटी आएकालाई सम्बन्धित गा.वि.स. वा नगरपालिकाको सदस्य, तालुकदार, स्थानीय भलादमी समेतले सम्बन्धित मानिस र घरद्वार जायजात सम्पत्ति खोजी देखाई चिनाई पक्राउ गराई

३८१ मुलुकी ऐन दण्ड सजायको ४१ क नं.

३८२ जिल्ला अदालत नियमावली, २०५२ को नियम ८७

३८३ ऐ. नियम ७०

३८४ मुलुकी ऐन दण्ड सजायको २३ क(२) नं.

दिनुपर्छ र सो सम्बन्धमा गर्नु पर्ने मुचुल्काहरूमा साक्षी बसी सही गरी आवश्यक सबै सहयोग गर्नु पर्छ। सो नगर्नेलाई एक सय रूपैयाँसम्म जरिवाना हुन्छ। नमरेकालाई मरेको, घरद्वार मानिस भएकोलाई नभएको वा बेपत्ते नभएकोलाई बेपत्ते भएको वा जायजात भएकोमा जायजात छैन भनी वा जानी जानी कुनै झुट्टा बेहोरा लेखाइदिए वा झुट्टा मुचुल्का गरिदिए वा कुनै काम तामेल गर्न बाधा विरोध गरेमा एक हजार रूपैयाँसम्म जरिवाना वा पन्ध्र दिनसम्म कैद वा दुवै सजाय हुन्छ।[३८५]

३. दण्ड, जरिवाना, कैद वा सरकारी बिगो असुल गर्न डोर खटाउँदा आवश्यक परेमा गा.वि.स. वा नगरपालिका र प्रहरीको समेत सहयोग लिन सकिन्छ।[३८६]

४. अदालतको फैसलाले लागेको कैद, दण्ड जरिवाना, सरकारी बिगो आदिमा पक्राउ भएको व्यक्ति तत्काल अदालतमा बुझाउन अदालत बन्द भएको अवस्था भए वा अदालतमा पुऱ्याउन बढी समय लाग्ने भए त्यस्तो व्यक्तिलाई पक्राउ गर्ने व्यक्तिले तत्कालै नजिकको प्रहरी कार्यालयमा बुझाइदिनु पर्छ र सम्बन्धित प्रहरी कार्यालयले पनि त्यस्तो व्यक्तिलाई हिरासतमा राखी अदालत खुल्ना साथ अदालतमा बुझाइदिनुपर्छ।[३८७]

## २.११. फैसला कार्यान्वयन अनुगमन :

- फैसला कार्यान्वयन गर्नुपर्ने दायित्व भएका तहसिलदार कर्मचारीले कानुनबमोजिम, छिटो, छरितो तवरबाट काम गरे नगरेको सम्बन्धमा अदालतबाट अनुगमन गर्नुपर्दछ।

  **अदालतको काम कारबाही नियमित गर्ने :**[३८८]

  अदालतमा रहेका मुद्दा मामिला प्रशासन तथा फैसला कार्यान्वयन लगायतका काम कारबाही प्रचलित कानुन तथा समय समयमा हुने माथिल्लो अदालतको निरीक्षणबमोजिम भए नभएको हेरी सो अनुसार गर्न निर्देशन दिने जिम्मेवारी जिल्ला न्यायाधीशको हुन्छ।

- तहसिलदारले गरेको काम कारबाहीमा चित्त नबुझ्ने पक्षले सोही अदालतका न्यायाधीश समक्ष उजुर गर्न सक्दछन्।[३८९] यस्तो उजुर पर्न आएमा न्यायाधीशले जाँचबुझ गरी फैसला कार्यान्वयनका लागि सम्बन्धित कर्मचारीलाई निर्देशन दिनुपर्छ।
- तहसिलदारले फैसला वा आदेशबमोजिम रोक्का भएको जायजात लिलाम गरेको कारबाही उपर पर्न आएको उजुरी न्यायाधीश समक्ष पेस गरी भएको आदेशबमोजिम गर्नुपर्छ।[३९०]

## २.१२. महिला पक्षकार र पीडित भएको मुद्दामा फैसला कार्यान्वयनमा विशेष संवेदनशीलता अपनाउनु पर्ने :

- महिला पक्ष भएका अंश, माना चामल, न्वारान गराई पाउँ आदि जस्ता मुद्दाहरूको फैसला कार्यान्वयन गर्ने कार्य विशेष प्राथमिकता साथ, संवेदनशील भएर गर्नुपर्दछ। यस्ता मुद्दाहरूको फैसला कार्यान्वयन गर्दा न्यायाधीशले पनि विशेष निगरानी र अनुगमन गर्नुपर्छ।
- महिला पीडितको रूपमा रहने जिउ मास्नेबेच्ने, बलात्कार, बहुविवाह आदि जस्ता अपराधमा संलग्न व्यक्तिलाई फैसलाबमोजिमको दण्ड जरिवाना गराउन र पीडित महिलाले कानुनबमोजिम पाउने आर्थिक क्षतिपूर्ति दिलाउन, सम्बन्धित कर्मचारीले संवेदनशील भएर काम गरे नगरेको सम्बन्धमा न्यायाधीशबाट अनुगमन हुनुपर्छ।
- यस प्रकारका मुद्दामा फैसला कार्यान्वयनको जिम्मेवारी पाएका कर्मचारीको काम कारबाही उपर चित्त नबुझी उजुरी परेमा न्यायाधीशले विशेष प्राथमिकताका साथ संवेदनशील भएर हेर्नुपर्छ।

## २.१३. फैसला कार्यान्वयन सम्बन्धित निकायको दायित्व र अदालतसँगको समन्वय :

**(क) सम्बन्धित निकायको दायित्व :**

### १.१३.१. प्रहरी कार्यालयको दायित्वः[३९१]

- फैसलाबमोजिम लाग्ने ठहरेको सजाय वा सरकारी बिगो, दशौद, बिसौद असुल गर्ने सिलसिलामा अदालतले कसुरदारको जायजात वा सर्वस्व गर्नुपर्दा प्रहरी कार्यालयको सहायता माग्न सक्छ र सहायता मागेमा तुरुन्त दिनुपर्छ।
- दण्ड, जरिवाना, कैद वा सरकारी बिगो असुल गर्न डोर खटाउँदा आवश्यक परेमा प्रहरीको समेत सहयोग लिन सकिन्छ।
- यस्तो व्यक्ति पक्राउ परेकोमा तत्काल अदालतमा बुझाउनु पर्नेमा अदालत बन्द रहेको अवस्थामा परेमा पक्राउ गर्ने व्यक्तिले तत्काल नजिकको प्रहरी कार्यालयमा बुझाइदिनुपर्छ र प्रहरी कार्यालयको पनि हिरासतमा राखी अदालत खुलेपछि अदालतमा बुझाइदिनुपर्छ।

### २.१३.२. गा.वि.स./न.पा. को दायित्वः[३९२]

- उपरोक्तबमोजिमको रकम असुल गर्नुपर्दाको अवस्थामा सम्बन्धित गा.वि.स./न.पा. को सदस्य, तालुकदार, स्थानीय भलाद्मी समेतले आवश्यक सहयोग गर्नुपर्छ। यस्तो सहयोग नगरेमा १ हजार रुपैयाँसम्म जरिवाना वा १५ दिनसम्म कैद वा दुवै सजाय हुन सक्तछ।

---

३८५ ऐ. ३७ नं.

३८६ जिल्ला अदालत नियमावली, २०५२ को नियम ७०(२)

३८७ ऐ. नियम १०३

३८८ ऐ. ९३

३८९ मुलुकी ऐन दण्ड सजायको ६१ नं.

३९० जिल्ला अदालत नियमावली, २०५२ को नियम ७६

३९१ मुलुकी ऐन दण्ड सजायको २३ (क) (२), जिल्ला अदालत नियमावली, २०५२ को ७० (२), १०३

३९२ मुलुकी ऐन दण्ड सजायको ३७ नं., जिल्ला अदालत नियमावली, २०५२ को नियम ७० (२)

अनुसूची - १

## नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू

| सि.नं. | दस्तावेजहरूको नाम | पारित भएको मिति | नेपालले अनुमोदन/सम्मिलन गरेको मिति |
|---|---|---|---|
| १. | दासत्व महासन्धि | २५ सेप्टेम्बर १९२६ | ७ जनवरी १९६३ |
| २. | २६ सेप्टेम्बर, १९२६ मा जेनेभामा हस्ताक्षर गरिएको दासत्व महासन्धिलाई संशोधन गर्ने प्रोटोकल पूरक महासन्धि | २३ सेप्टेम्बर १९५३ | ७ जनवरी १९६३ |
| ३. | दासत्व, दास व्यापार र दासत्व समान संस्था र अभ्यासहरूको उन्मूलन सम्बन्धी पूरक महासन्धि | ७ सेप्टेम्बर १९५३ | ७ जनवरी १९६३ |
| ४. | नारीको राजनीतिक अधिकार सम्बन्धी महासन्धि | २० डिसेम्बर १९५२ | २० अप्रिल १९६६ |
| ५. | जाति हत्या अपराधको रोकथाम र सजाय गर्ने सम्बन्धी महासन्धि | ९ डिसेम्बर १९५८ | १७ जनवरी १९६९ |
| ६. | सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि | २१ डिसेम्बर १९६५ | ३० जनवरी १९७१ |
| ७. | रंगभेद अपराधको दमन र दण्ड सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि | ३० नोभेम्बर १९७३ | १२ जुलाई १९७७ |
| ८. | खेलकुदमा रंगभेद विरूद्धको अन्तर्राष्ट्रिय महासन्धि | १० डिसेम्बर १९८५ | १ मार्च १९८९ |
| ९. | बाल अधिकार सम्बन्धी महासन्धि | २० नोभेम्बर १९८९ | १४ सेप्टेम्बर १९९० |
| १०. | महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि | १८ डिसेम्बर १९७९ | २२ अप्रिल १९९१ |
| ११. | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सहासन्धि | १६ डिसेम्बर १९६६ | १४ मे १९९१ |
| १२. | नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र | १६ डिसेम्बर १९६६ | १४ मे १९९१ |
| १३. | नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको प्रथम स्वेच्छिक प्रोटोकल | १६ डिसेम्बर १९८४ | १४ मे १९९१ |
| १४. | यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरूद्ध महासन्धि | १० डिसेम्बर १९८४ | १४ मे १९९१ |
| १५. | जिउ मास्नेबेच्ने तथा अरूको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि | २ डिसेम्बर १९४९ | २७ डिसेम्बर १९९५ |
| १६. | मृत्युदण्ड उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दोस्रो स्वेच्छिक प्रोटोकल | १५ डिसेम्बर १९८९ | ४ जुन १९९८ |

# Basic Principles on the Role of Lawyers

Adopted by the Eighth United Nations Congress on the Prevention of Crime and the Treatment of Offenders, Havana, Cuba, 27 August to 7 September 1990

Whereas in the Charter of the United Nations the peoples of the world affirm, inter alias, their determination to establish conditions under which justice can be maintained, and proclaim as one of their purposes the achievement of international cooperation in promoting and encouraging respect for human rights and fundamental freedoms without distinction as to race, sex, language or religion,

Whereas the Universal Declaration of Human Rights enshrines the principles of equality before the law, the presumption of innocence, the right to a fair and public hearing by an independent and impartial tribunal, and all the guarantees necessary for the defense of everyone charged with a penal offence,

Whereas the International Covenant on Civil and Political Rights proclaims, in addition, the right to be tried without undue delay and the right to a fair and public hearing by a competent, independent and impartial tribunal established by law,

Whereas the International Covenant on Economic, Social and Cultural Rights recalls the obligation of states under the Charter to promote universal respect for, and observance of, human rights and freedoms,

Whereas the Body of Principles for the Protection of All Persons under Any From of Detention or Imprisonment provides that a detained person shall be entitled to have the assistance of, and to communication and consult with, legal counsel,

Whereas the Standard Minimum Rules for the Treatment of Prisoners recommend, in particular, that legal assistance and confidential communication with counsel should be ensured to untried prisoners,

Whereas the Safe Guards guaranteeing protection of those facing the death penalty reaffirm the right of everyone suspected or charged with a crime for which capital punishment may be imposed to adequate legal assistance at all stages of the proceedings, in accordance with article 14 of the International Covenant on Civil and Political Rights,

Whereas the Declaration of Basic Principles of justice for Victims of Crime and Abuse of power recommends measures to be taken at the international and national levels to improve access to justice and fair treatment, restitution, compensation and assistance for victims of crime,

Whereas adequate protection of the human rights and fundamental freedoms to which all persons are entitled, be they economic, social and cultural, or civil and political, requires that all persons have effective access to legal services provided by an independent legal profession,

Whereas professional associations of lawyers have a vital role to play in upholding professional standards and ethics, protecting their members from persecution and improper restrictions and infringements, providing legal services to all in need of them, and cooperating with governmental and other institutions in furthering the ends of justice and public interest, The Basic Principles on the Role of Lawyers, set forth below, which have been formulated to assist Member states in their task of promoting and ensuring the proper role of lawyers, should be respected and taken into account by Governments within the framework of their national legislation and practice and should be brought to the attention of lawyers as well as other persons, such as judges, prosecutors, members of the executive and the legislature, and the public in general. These principles shall also apply, as appropriate, to persons who exercise the functions of lawyers without having the formal status of lawyers.

## Access to lawyers and legal services

1. All persons are entitled to call upon the assistance of a lawyer of their choice to protect and establish their rights and to defend them in all stages of criminal proceedings.

2. Governments shall to lawyers are provided for all persons within their territory and subject to their jurisdiction, without distinction of any kind, such as discrimination based on race, colour, ethnic origin, sex, language, religion, political or other opinion, national or social origin, property, birth, economic or other status.

3. Governments shall ensure the provision of sufficient funding and other resource for legal services to the poor and, as necessary, to other

disadvantaged persons. Professional associations of lawyers shall cooperate in the organization and provision of services, facilities and other resources.

4. Governments and professional associations of lawyers shall promote programmes to inform the public about their rights and duties under the law and the important role of lawyers in protecting their fundamental freedoms. Special attention should be given to assisting the poor and other disadvantages persons so as to enable them to assert their rights and where necessary call upon the assistance of lawyers.

## Special safeguards in criminal justice matters

5. Governments shall ensure that all persons are immediately informed by the competent authority of their right to be assisted by a lawyer of their own choice upon arrest or detention or when charged with a criminal offence.

6. Any such persons who do not have a lawyer shall, in all cases in which the interests of justice so require, be entitled to have a lawyer of experience and competence commensurate with the nature of the offence assigned to them in order to provide effective legal assistance, without payment by them if they lack sufficient means to pay for such services.

7. Governments shall further ensure that all persons arrested or detained, with or without criminal charge, shall have prompt access to a lawyer, and in any case not later than forty eight hours form the time of arrest or detention.

8. All arrested, detained or imprisoned persons shall be provided with adequate opportunities, time and facilities to be visited by and to communicate and consult with a lawyer, without delay, interception or censorship and in full confidentiality. Such consultations may be within sight, but not within the hearing, of law enforcement officials.

## Qualifications and training

9. Governments, professional associations of lawyers and educational institutions shall ensure that lawyers have appropriate education and training and be made aware of the ideals and ethical duties of the lawyer and of human rights and fundamental freedoms recognized by national and international law.

10. Governments, professional associations of lawyers and educational institutions shall ensure that there is no discrimination against a person with respect to entry into or continued practice within the legal profession on the grounds of race, colour, sex, ethnic origin, religion, political or other opinion, national or social origin, property, birth, economic or other status, except that a requirement, that a lawyer must be a national of the country concerned, shall not be considered discriminatory.

11. In countries where there exist groups, communities or regions whose needs for legal services are not met, particularly where such groups have distinct cultures, traditions or languages or have been the victims of past discrimination, Governments, professional associations of lawyers and educational institutions should take special measures to provide opportunities for candidates from these groups to enter the legal profession and should ensure that they receive training appropriate to the needs of their groups.

## Duties and responsibilities

12. Lawyers shall at all times maintain the honour and dignity of their profession as essential agents of the administration of justice.

13. The duties of lawyers towards their clients shall include:

    (a) Advising clients as to their legal rights and obligations, and as to the working of the legal system in so far as it is relevant to the legal rights and obligations of the clients;

    (b) Assisting clients in every appropriate way, and taking legal action to protect their interests;

    (c) Assisting clients before courts, tribunals or administrative authorities, where appropriate.

14. Lawyers, in protecting the rights of their clients and in promoting the cause of justice, shall seek to uphold human rights and fundamental freedoms recognized by national and international law and shall at all times act freely and diligently in accordance with the law and recognized standards and ethics of the legal profession.

15. Lawyers shall always loyally respect the interests of their clients.

## Guarantees for the functioning of lawyers

16. Governments shall ensure that lawyers (a) are able to perform all of their professional functions without intimidation, hindrance, harassment or improper interference; (b) are able to travel and to consult with their clients freely both within their own country and abroad; and (c) shall not suffer, or be threatened with, prosecution or administrative, economic or other sanctions for any action taken in accordance with recognized professional duties, standards and ethics.

17. Where the security of lawyers is threatened as a result of discharging their functions, they shall be adequately safeguarded by the authorities.

18. Lawyers shall not be identified with their client or their clients' causes as a result of discharging their functions.

19. No court or administrative authority before whom the right to counsel is recognized shall refuse to recognize the right of a lawyer to appear before it for his or her client unless that lawyer has been disqualified in accordance with national law and practice and in conformity with these principles.

20. Lawyers shall enjoy civil and penal immunity for relevant statements made in good faith in written or oral pleadings or in their professional appearances before a court, tribunal or other legal or administrative authority.

21. It is the duty of the competent authorities to ensure lawyers access to appropriate information, files and documents in their possession or control in sufficient time to enable lawyers to provide effective legal assistance to their clients. Such access should be provided at the earliest appropriate time.

22. Governments shall recognize and respect that all communications and consultations between lawyers and their clients within their professional relationship are confidential.

## Freedom of expression and association

23. Lawyers like other citizens are entitled to freedom of expression, belief, association and assembly. In particular, they shall have the right to take part in public discussion of matters concerning the law, the administration of justice and the promotion and protection of human rights and to join or form local, national or international organizations and attend their meetings, without suffering professional restrictions by reason of their lawful action or their membership in a lawful organization. In exercising these rights, lawyers shall always conduct themselves in accordance with the law and the recognized standards and ethics of the legal profession.

## Professional associations of lawyers

24. Lawyers shall be entitled to form and join self-governing professional associations to represent their interests, promote their continuing education and training and protect their professional integrity. The executive body of the professional associations shall be elected by its members and shall exercise its functions without external interference.

25. Professional associations of lawyers shall cooperate with governments to ensure that everyone has effective and equal access to legal services and that lawyers are able, without improper interference, to counsel and assist their clients in accordance with the law and recognized professional standards and ethics.

## Disciplinary proceedings

26. Codes of professional conduct for lawyers shall be established by the legal profession through its appropriate organs, or by legislation, in accordance with national law and custom and recognized international standards and norms.

27. Charges or complaints made against lawyers in their professional capacity shall be processed expeditiously and fairly under appropriate procedures. Lawyers shall have the right to a fair hearing, including the right to be assisted by a lawyer of their choice.

28. Disciplinary proceedings against lawyers shall be brought before an impartial disciplinary committee established by the legal profession, before an independent statutory authority, or before a court, and shall be subject to an independent judicial review.

29. All disciplinary proceedings shall be determined in accordance with the code of professional conduct and other recognized standards and ethics of the legal profession and in the light of these principles.

●●

अनुसूची - ३

# Basic Principles on the Independence of the Judiciary

Adopted by the Seventh United Nations Congress on the Prevention of Crime and the Treatment of Offenders held at Milan from 26 August to 6 September 1985 and endorsed by General Assembly resolutions 40/32 of 29 November 1985 and 40/146 of 13 December 1985

Whereas in the Charter of the United Nations the peoples of the world affirm, inter alias, their determination to establish conditions under which justice can be maintained to achieve international co-operation in promoting and encouraging respect for human rights and fundamental freedoms without any discrimination.

Whereas the Universal Declaration of Human Rights enshrines in particular the principles of equality before the law, of the presumption of innocence and of the right to a fair and public hearing by a competent, independent and impartial tribunal established by law,

Whereas the International Covenants on Economic, Social and Cultural Rights and on Civil and Political Rights both guarantee the exercise of those rights, and in addition, the Covenant on Civil and Political Rights further guarantees the right to be tried without undue delay,

Whereas frequently there still exists a gap between the vision underlying those principles and the actual situation,

Whereas the organization and administration of justice in every country should be inspired by those principles, and efforts should be undertaken to translate them fully into reality,

Whereas rules concerning the exercise of judicial office should aim at enabling judges to act in accordance with those principles.

Whereas judges are charged with the ultimate decision over life, freedoms, rights, duties and property of citizens,

Whereas the Sixth United Nations Congress on the Prevention of Crime and the Treatment of Offender, by its resolution 16, called upon the Committee on Crime Prevention and Control to include among its priorities the elaboration of guidelines relating to the independence of judges and the selection, professional training and status of judges and prosecutors,

Whereas it is, therefore, appropriate that consideration be first given to the role of judges in relation to the system of justice and to the importance of their selection, training and conduct,

The following basic principles, formulated to assist Member States in their task of securing and promoting the independence of the judiciary should be taken into account and respected by Governments witching the framework of their national legislation and practice and be brought to the attention of judges, lawyers, members of the executive and the legislature and the public in general. The principles have been formulated principally with professional judges in mind, but they apply equally, as appropriate, to lay judges, where they exist.

## Independence of the judiciary

1. The independence of the judiciary shall be guaranteed by the State and enshrined in the Constitution or the law of the country. It is the duty of the governmental and other institutions to respect and observe the independence of the judiciary.

2. The judiciary shall decide matters before them impartially, on the basis of facts and in accordance with the law, without any restrictions, improper influences, inducements, pressures, threats or interferences, direct or indirect, from any quarter or for any reason.

3. The judiciary shall have jurisdiction over all issues of a judicial nature and shall have exclusive authority to decide whether an issue submitted for its decision is within its competence as defined by law.

4. There shall not be any inappropriate or unwarranted interference with the judicial process, nor shall judicial decisions by the courts be subject to revision. This principle is without prejudice to judicial review or to mitigation or commutation by competent authorities of sentence imposed by the judiciary, in accordance with the law.

5. Everyone shall have the right to be tried by ordinary courts or tribunals using established legal procedures. Tribunals that do not use the duly established procedures of the legal process shall not be created to displace the jurisdiction belonging to the ordinary courts or judicial tribunals.

6. The principle of the independence of the judiciary entitles and requires the judiciary to ensure that judicial proceedings are conducted fairly and that the rights of the parties are respected.

7. It is the duty of each Member State to provide adequate resources to enable the judiciary to properly perform its functions.

## Freedom of expression and association

8. In accordance with the Universal Declaration of Human Rights, members of the judiciary are like other citizens entitled to freedom of expression, belief, association and assembly; provided, however, that in exercising such rights judges shall always conduct themselves in such a manner as to preserve the dignitary of their office and the impartiality and independence of the judiciary.

9. Judges shall be free to form and join association of judges or other organization to represent their interests, to promote their professional training and to protect their judicial independence.

## Qualifications, selection and training

10. Persons selected for judicial office shall be individuals of integrity and ability with appropriate training or qualifications in law. Any method of judicial selection shall safeguard against judicial appointment for improper motives. In the selection of judges, there shall be not discrimination against a person on the grounds of race, colour, sex, religion, political or other opinion, national or social origin, property, birth or status, except that a requirement, that a candidate for judicial office must be a national of the country concerned, shall not be considered discriminatory.

## Conditions of service and tenure

11. The term of office of judges, their independence, security, adequate remuneration, conditions of service, pensions and the age of retirement shall be adequately secured by law.

12. Judges, whether appointed or elected, shall have guaranteed tenure until a mandatory retirement age or the expiry of their term of office. Where such exists.

13. Promotion of judges wherever such a system exists should be based on objective factors. In particular ability, integrity and experience.

14. The assignment of cases to judges within the court to which they belong is an internal matter of judicial administration. Professional secrecy and immunity.

15. The judiciary shall be bound by professional secrecy with regard to their deliberations and to confidential information acquired in the course of their duties other than in public proceedings and shall not be compelled to testify on such matters.

16. Without prejudice to any disciplinary procedure or to any right of appeal or to compensation from the State, in accordance with national law, judges should enjoy personal immunity from civil suits for monetary damages for improper acts or omissions in the exercise of their judicial functions.

## Discipline, suspension and removal

17. A charge or complaint made against a judge in his/her judicial and professional capacity shall be processed expeditiously and fairly under an appropriate procedure. The judge shall have the right to a fair hearing. The examination of the matter at its initial stage shall be kept confidential, unless otherwise requested by the judge.

18. Judges shall be subject to suspension or removal only for reasons of incapacity or behavior that renders them unfit to discharge their duties.

19. All disciplinary, suspension or removal proceedings shall be determined in accordance with established standard of judicial conduct.

20. Decisions in disciplinary, suspension or removal proceedings should be subject to an independent review. This principle may not apply to the decisions of the highest court and those of the legislature in impeachment or similar proceedings.

●●

अनुसूची - ४

# कानुन व्यवसायीको आचार संहिता

**(१) कानुन व्यवसायीले देहायका पेसागत आचार अनिवार्य रूपले पालना गर्नुपर्नेछ ।**

(क) कानुन व्यवसायीले नैतिकताका आधारभूत सिद्धान्तको प्रतिकूल हुनेगरी कुनै कार्य गर्नु हुँदैन ।

(ख) झुट्टा मुद्दा चलाउन पक्षलाई प्रेरणा दिन हुँदैन ।

(ग) कसैलाई दुःख दिने वा प्रतिशोध लिने उद्देश्यले मुद्दा सृजना गर्न हुँदैन ।

(घ) मुद्दा टुंग्याउने प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले अदालतलाई असहयोग गर्न हुँदैन ।

(ङ) न्यायिक प्रक्रियालाई दुरुपयोग गर्न वा गराउन हुँदैन ।

(च) सत्य कुराको बयान वा बकपत्र गर्न गराउनबाट पक्षलाई रोक्न हुँदैन ।

(छ) न्याय प्रशासनसँग सम्बन्धित काम कारबाहीका सिलसिलामा अदालत वा न्यायाधीश वा कानुन व्यवसायी प्रति अनास्था पैदा हुने किसिमका झुट्टा प्रचार प्रसार गर्न हुँदैन ।

(ज) आफूले गर्न नभ्याउने वा नसक्ने अवस्था परी मुद्दा फिर्ता गर्नु पर्दा सामान्यतः अर्को कानुन व्यवसायी मुकरर गर्न नभ्याउने किसिमबाट फिर्ता गर्न हुँदैन ।

(झ) संघसंस्थाको रकम मास्न खान हुँदैन ।

(ञ) अदालतमा यथा समयमा उपस्थित हुने, कालो कोट सहितको पूर्ण पोसाकमा उपस्थित हुने, इजलास तथा विपक्षीका कानुन व्यवसायी प्रति सम्मानजनक व्यवहार गर्ने, एक अर्को प्रति लाञ्छना नलगाउने, रिस राग द्वेष नराख्ने, अदालतका कर्मचारी प्रति सौहार्द्रपूर्ण व्यवहार गर्ने, शिष्टतापूर्वक बोल्ने र आफ्नो पालोमा उचित ढंगले बोल्ने जस्ता अनुशासनका नियम तोड्न हुँदैन ।

(ट) आफ्नो पक्षलाई फाइदा पुऱ्याउन जानी जानी कायम नरहेको नजिर र मुद्दामा लागु नहुने खारेज भएको वा संशोधन पूर्वको कानुनको अदालतमा जिकिर लिन हुँदैन ।

(ठ) मिसिलमा नभएको तथ्य जानी जानी बहसमा प्रस्तुत गर्नु हुँदैन ।

(ड) आफू साक्षी रहेको लिखतसँग सम्बन्धित मुद्दामा कानुन व्यवसायीका रूपमा संलग्न हुनु हुँदैन ।

(ढ) पक्षले मुद्दामा उपलब्ध गराएको जानकारीको गोपनीयता भंग गर्नु हुँदैन ।

(ण) व्यवसायिक प्रचारका उद्देश्यबाट कुनै पनि किसिमको नारा, परिपत्र, समाचार प्रकाशन, विज्ञापन र पत्राचार जस्ता काम गर्नु हुँदैन ।

(त) व्यावसायिक प्रचारका उद्देश्यले ठूलो नाम पेटिका (साइनबोर्ड) राख्ने, नामपेटिका वा परिचयपट्टा (भिजिटिङ कार्ड) वा फाइल वा पत्राचारठेली (लेटर प्याड) मा पूर्व हैसियत वा कानुन व्यवसायसँग असम्बन्धित पद वा हैसियत लेख्न छाप्न हुँदैन ।

तर, यस बन्देजले विशेष अध्ययन र अनुभवका कारणबाट आफू खास प्रकृतिका मुद्दा लिने भनी ती लिखतहरूमा आफ्नो कार्यक्षेत्र छाप्न बाधा पुऱ्याएको मानिने छैन ।

(थ) पक्षसँग प्रतिशतमा पारिश्रमिक लिने वा ठेक्कापट्टा बोल कबोल गरी मुद्दा लिनु हुँदैन ।

(द) अदालतको समयमा मादक वा लागु पदार्थ सेवन गरी अदालतमा उपस्थित हुनु हुँदैन ।

(ध) मुद्दाको हारजितको आधारमा आफ्नो पारिश्रमिक तय गर्नु हुँदैन ।

(न) परिषद्ले मागेको विवरण दिंदा झुट्टो विवरण दिनु हुँदैन ।

(प) आफूले वा आफ्नो प्रत्यक्ष निर्देशन र निगरानीमा आफ्नो फर्म वा चेम्बरको कानुन व्यवसायी वा आफूसँगै काम गर्ने लेखन्दास बाहेक अन्य व्यक्तिले तयार गरेको मस्यौदा प्रमाणित गरिदिने उद्देश्यले सही गर्नु हुँदैन ।

(फ) मुद्दा प्राप्त गर्न दलाल नियुक्त गर्न वा मुद्दा उपलब्ध गराइदिए बापत कसैलाई दलाली दस्तुर (कमिसन) दिनु हुँदैन ।

(ब) चल अचल सम्पत्ति हस्तान्तरण सम्बन्धी काममा दलाली गर्नु हुँदैन ।

(भ) एकै मुद्दामा पक्ष वा विपक्ष दुबैका तर्फबाट स्वयं मस्यौदा गर्न वा बहसमा प्रतिनिधित्व गर्नु हुँदैन तथा आफूसँगै काम गर्ने कानुन व्यवसायी वा लेखन्दास वा अन्य व्यक्तिद्वारा जानी जानी मस्यौदा वा बहस वा पैरवी गर्न गराउन हुँदैन ।

(म) पक्षले दिएको लिफामा तमसुक, करारनामा खडा गरी आफूलाई फाइदा वा पक्षलाई बेफाइदा हुने काम गर्न हुँदैन ।

(य) पक्षले दिएको सद्धे लिखत विपक्षीसँग मिली बिगारी प्रमाण नलाग्ने वा काम नलाग्ने तुल्याइदिन हुँदैन ।

(र) पक्षले दिएको लिखत समेत अन्य प्रमाण विपक्षलाई फाइदा पुऱ्याउने उद्देश्यले उपलब्ध गराउन हुँदैन ।

(ल) भ्रष्टाचार गर्न गराउन हुँदैन ।

(व) नैतिक पतन देखिने फौजदारी अपराध गर्नु हुँदैन ।

**(२) वरिष्ठ अधिवक्ताले उपनियम (१) मा उल्लिखित आचारका अतिरिक्त देहायका आचार समेत पालना गर्नुपर्नेछ ।**

(क) कुनै पनि मुद्दामा इजलासमा बहस गर्दा कम्तिमा एकजना अधिवक्तालाई व्यावसायिक रूपमा संलग्न नगराई उपस्थित हुनु हुँदैन ।

(ख) सामान्यतया प्रशासकीय अड्डामा बहस पैरवीका लागि उपस्थित हुनु हुँदैन ।

***(कानुन व्यवसायीको आचार संहिता २०५१ नियम ३)***

**अनुसूची - ५**

# सरकारी वकिलहरूको पेशागत आचरण

## १. सरकारी वकिलहरूको पेशागत आचरण

१.१ सरकारी वकिलले आफ्नो पेशाप्रति मर्यादा एवम् सम्मान राख्दै पेशागत नैतिकता एवम् कानुनबमोजिम सदैव पेशागत आचरण पालना गर्नुपर्छ ।

१.२ अभियुक्तको संवैधानिक एवम् कानुनी अधिकारको सदैव सुरक्षा र सम्मान गर्नुपछ ।

१.३ सार्वजनिक हितको संरक्षण र सुरक्षालाई सदैव प्राथमिकता दिनुपर्छ ।

१.४ मानव अधिकार एवम् मानवीय मर्यादाको सम्मान गर्नुपर्छ ।

१.५ कुनै व्यक्तिका विरुद्ध मुद्दा चल्ने वा नचल्ने निर्णय गर्दा कानुनी आधार र उचित कारण खुलाउनु पर्छ ।

१.६ इजलास समक्ष शिष्टतापूर्वक प्रस्तुत हुनुका साथै विपक्षी कानुन व्यवसायीहरूसँग सम्मानजनक व्यवहार गर्नुपर्छ ।

१.७ राज्यको हक हित प्रतिकूल नहुने गरी प्रचलित कानुनबमोजिम मुद्दामा बहस पैरवी गर्नुपर्छ ।

१.८ आफ्नो पदीय हैसियतको दुरूपयोग गरी निजी लाभ लिने कुनै काम कारबाही गर्नु गराउनु हुँदैन ।

*सरकारी वकिलहरुको व्यवसायिक आचार संहिता, २०५८*

## २. सरकारी वकिलहरूको स्वतन्त्रतासम्बन्धी आचरण

२.१ अभियोजनसम्बन्धी निर्णय गर्दा कुनै पनि हस्तक्षेप वा प्रभाव बिना स्वतन्त्र रूपमा व्यावसायिक विवेक प्रयोग गर्नुपर्छ ।

२.२ अभियोजनसम्बन्धी निर्णय पारदर्शी हुनुपर्छ ।

२.३ व्यावसायिक गोप्यता कायम राख्नुपर्छ ।

## ३. सरकारी वकिलहरूको निष्पक्षतासम्बन्धी आचरण

३.१ प्रत्येक सरकारी वकिलले आफ्नो कर्तव्य पालनाको प्रयोग डर, मोलाहिजा र पक्षपात रहितरूपमा गर्नुपर्छ ।

३.२ वैयक्तिक वा क्षेत्रगत (Sectoral) स्वार्थ वा सार्वजनिक वा जुनसुकै प्रकारको धम्की, डर, त्रास एवम् दवावबाट प्रभावित हुनुहुँदैन ।

३.३ जानी जानी कायम नरहेको वा असम्बद्ध नजिर तथा मुद्दामा लागू नहुने, खारेज वा संशोधन भएको कानुनको जिकिर लिनु हुँदैन ।

३.४ मिसिलमा नभएको तथ्य जानी जानी अदालतमा प्रस्तुत गर्नु हुँदैन ।

३.५ गैरकानुनी रूपमा काम गर्ने व्यक्ति उपर उचित कानुनी कारबाही गराउन सदैव उद्यत रहनु पर्छ ।

३.६ समाज, पीडित एवम् अभियुक्तको बीचमा निष्पक्ष रूपमा न्याय गर्ने काममा मद्दत पुगोस् भन्ने उद्देश्यले सदैव सत्यको खोजी गर्ने एवम् सत्यता प्राप्त गराउने कार्यमा उद्यत रहनु पर्छ ।

३.७ मुद्दामा हाजिर रहेका वा फरार अभियुक्त वा आशंकित व्यक्ति (Suspect) बाट प्रभावित हुने गरी भेटघाट वा सम्पर्क राख्नु हुँदैन ।

३.८ आफ्नो कुनै स्वार्थ निहित रहेको वा आफ्नो नजिकका नातेदार वा आफन्त व्यक्ति आशंकित वा अभियुक्त भएको मुद्दामा निर्णय गर्ने वा कानुनी राय परामर्श दिने कार्य गर्नुहुँदैन ।

## ४. सरकारी वकिलहरूको सहयोगात्मक आचरण

४.१ आफ्नो कर्तव्यको प्रभावकारी कार्यान्वयनका लागि प्रहरी, अदालत, कानुन व्यवसायी तथा सरकारी एवम् सार्वजनिक संस्थालाई सहयोग गर्नुपर्छ ।

४.२ सदैव कानुन तथा न्यायको पक्षमा पैरवी र प्रतिरक्षा गर्नुपर्छ ।

## ५. विविध

५.१ सरकारी वकिलले अभियोजन गर्दा वास्तविक न्याय परोस् भन्ने दृष्टिकोण राख्नु पर्छ ।

५.२ कुनै अभियुक्तको निर्दोषिता प्रमाणित गर्ने तथ्य तथा साक्षी प्रमाणहरूलाई पनि उत्तिकै महत्व दिनुपर्छ ।

५.३ सरकारी वकिल सेवाबाट अलग भइसकेपछि पनि आफूले सरकारी वकिलको हैसियतले गरेका काम कारबाहीमा असर पार्ने गरी कुनै कार्यमा संलग्न हुनुहुँदैन ।

५.४ यस आचार संहिताबमोजिम आफ्नो व्यवसायिक आचरण पालना नगर्ने सरकरी वकिलको सरकारी वकिल सम्बन्धी नियमावली, २०५५ को नियम ३७बमोजिम प्राप्त सुविधा कुनै पनि बेला महान्यायाधिवक्ताले हेरी केही समयको लागि निलम्बन गर्न वा स्वीकृति खारेज गर्न वा अख्तियारवाला समक्ष विभागीय कारबाहीको लागि लेखिपठाउन सक्नेछ ।

**(सरकारी वकिलहरुको व्यवसायिक आचार संहिता, २०५८)**

अनुसूची - ६

# न्यायाधीशहरूले पालना गर्नु पर्ने आचरण

देहायको अवस्थामा न्यायाधीशको आचरण खराब भएको मानिनेछ :-

(क) प्रचलित कानुनबमोजिम भ्रष्टाचार ठहरिने कुनै काम गरेमा,

(ख) लागू औषधको सेवन गर्ने गरेमा,

(ग) अदालतको समयमा मादक पदार्थको सेवन गर्ने गरेमा,

(घ) सार्वजनिक स्थल वा समारोहमा पदीय मर्यादा विपरीत अशिष्ट वा उच्छृंखल व्यवहार गर्ने गरेमा,

(ङ) राजनीतिमा भाग लिएमा,

तर कानुनबमोजिम मताधिकारको प्रयोग गर्न कुनै बन्देज लगाएको मानिने छैन ।

(च) राजनैतिक वा अन्य कुनै किसिमको अनुचित प्रभावमा परी कानुनबमोजिम गर्न नहुने कुनै कारबाही वा निर्णय गरेमा वा गर्नु पर्ने कुनै कारबाही वा निर्णय नगरेमा,

(छ) अदालतको सम्पत्ति वा आफूलाई प्राप्त कुनै सुविधाको जानी जानी दुरूपयोग गरेमा,

(ज) इजलासमा बस्दा अदालतको मर्यादा भङ्ग हुने गरी पदीय अनुशासनको प्रतिकूल कुनै अशोभनीय आचरण गरेमा, वा

(झ) नैतिक पतन देखिने कुनै फौजदारी कसुर गरेमा ।

***(न्याय परिषद् ऐन २०४७ को दफा ४(क) को उपदफा ४)***

●●

# न्यायाधीशको आचार संहिता २०५५

१. न्यायाधीशले आफ्नो पदीय हैसियतबाट अथवा निजी तवरबाट समेत अदालतको विश्वसनीयता वा गरिमामा आँच पुग्ने किसिमको कुनै काम कारबाही गर्न वा गर्न दिन वा गर्न उक्साउन हुँदैन ।

२. न्यायाधीशले आफू वा आफ्नो परिवारको कुनै सदस्य शेयर होल्डर रहेको कुनै कम्पनी वा संस्था सम्बन्धित भएकोमा कुनै विवादको निरूपण गर्न हुँदैन ।

३. न्यायाधीशले शेयर, डिबेन्चर खरिद बिक्री गराउने वा अन्य यस्तै प्रकृतिको सट्टाबाजी व्यवसाय संचालन गर्न हुँदैन ।

४. न्यायाधीशले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आफू एक्लै वा कुनै समूह वा व्यक्तिसँग आबद्ध भई वा नभई कुनै व्यापार व्यवसायमा संलग्न हुनु हुँदैन ।

५. न्यायाधीशले आफ्नो पदीय कर्तव्यमा असर पर्ने गरी कुनै व्यक्ति वा संस्थाबाट कुनै किसिमको उपहार, दान वा चन्दा ग्रहण वा स्वीकार गर्न तथा कुनै किसिमबाट जुनसुकै प्रयोजनको लागि चन्दा, दान वा सहयोग उठाउने काममा लाग्न हुँदैन ।

६. न्यायाधीशले प्राप्त गर्ने भनी कानुनद्वारा स्पष्ट रूपमा उल्लेख भएको तथा श्री ५ को सरकारले निर्णय गरी स्पष्ट रूपमा प्रदान गरेको सुबिधा बाहेक पद वा सेवाको लागि अपरिहार्य वा आवश्यक पूर्वसर्त वा पूर्वाधार हो भनी वा यस्तो सुबिधा लिन मिल्छ भन्ने व्याख्या गरी कुनै किसिमको वित्तीय वा अन्य सुबिधा वा सहुलियत लिने वा दिलाउने प्रयत्न गर्न हुँदैन ।

७. न्यायाधीशले आफ्नो परिवारको कुनै पनि सदस्य (आमा, बाबु, पति, पत्नी, छोरा, छोरी, बुहारी, जुवाई, दाजु-भाई, दिदी-बहिनी) लाई आफूले निरूपण गर्ने विवादको निरूपणको क्रममा आफू समक्ष वा अदालतमा उपस्थित हुन वा विवादमा संलग्न हुन अनुमति दिन हुँदैन ।

८. न्यायाधीशले आफ्नो परिवारको कुनै सदस्य कानुन व्यवसायी भएको मुद्दा निरूपण गर्न हुँदैन ।

९. न्यायाधीशले आफ्नो पदीय हैसियतबाट कानुनबमोजिम प्रयोगका लागि प्राप्त गरेको कुनै किसिमको सुबिधाको दुरूपयोग गर्न वा गर्न दिन हुँदैन ।

१०. न्यायाधीशले अदालतमा विचाराधीन रहेको वा अदालतबाट निरूपण भइसकेको कुनै विवाद वा प्रसंगलाई लिएर अदालतको मर्यादा गरिमा र विश्वसनीयतामा आँच पुग्ने किसिमले कुनै संचार माध्यममार्फत अन्तर्वार्ता दिन वा राय एवं प्रतिक्रिया व्यक्त गर्नु हुँदैन ।

११. न्यायाधीशले कुनै अदालतमा विचाराधीन रहेको विषय, राजनीतिक प्रकृतिको विषय तथा अदालतमा न्यायिक निरूपणको लागि प्रस्तुत हुन सक्ने कानुनी प्रश्न निहित भएको सार्वजनिक सरोकारको विवादास्पद विषयहरूमा आफ्नो राय वा प्रतिक्रिया व्यक्त गर्न हुँदैन ।

१२. न्यायाधीशले आफ्नो परिवारको कुनै सदस्य वा नजिकको नातेदार वा घनिष्ठ मित्रसंग सम्बन्धित बाहेक अदालतमा विचाराधीन रहेको वा निरूपणका लागि अदालतमा प्रस्तुत हुने क्रममा रहेको कुनै व्यक्ति वा पदाधिकारीबाट आतिथ्यता, दान वा उपहार स्वीकार वा ग्रहण गर्न हुँदैन ।

१३. न्यायाधीशले कानुन र न्यायसँग सम्बन्धित बाहेक पदीय कर्तव्यमा प्रभाव पार्ने अन्य कुनै किसिमको संस्थाको कार्यकारी पदमा रहनु वा त्यस्तो पदमा उम्मेदवारी दिनु वा त्यस्तो संस्थामा हुने मतदानमा भाग लिन हुँदैन ।

१४. न्यायाधीशले मुद्दासँग सरोकार रहेका पक्षहरूसँग कुनै किसिमको कारोवार गर्न गराउन हुँदैन ।

१५. न्यायाधीशले मरमोलाहिजा, पक्षपात, भनसुन वा द्वेष तथा प्रतिशोधको भावना राखी निर्णय गर्न हुँदैन ।

१६. न्यायाधीशले न्यायपालिकाको स्वतन्त्रता एवं निष्पक्षता अक्षुण्ण राख्न सदैव तत्पर रहनु पर्दछ । न्यायाधीशले न्यायाधीश प्रति सँधै असल व्यवहार गर्नु पर्छ ।

१७. न्यायाधीशले आफू र आफ्नो परिवारको सदस्यको नाममा रहेको चलअचल सम्पत्तिको सम्पूर्ण स्थिति र त्यसको स्रोत समेत न्यायाधीशको पदमा नियुक्ति भएका व्यक्तिहरूले न्यायाधीशको पदमा नियुक्ति भएको मितिले एवं बहाल रहेका न्यायाधीशहरूले आचार संहिता लागू भएका मितिले पैंतीस दिनभित्र न्याय परिषद् सचिवालयमा पेस गर्नु पर्दछ र यसरी पेस गरिएको विवरण प्रत्येक दुई वर्षमा अद्याबीधक गराउनु पर्दछ ।

१८. न्यायाधीशले अदालतको उच्चतम मर्यादा र गरिमामा आँच पुग्ने कुनै किसिमको काम कारबाही हुन नदिन सदा सचेत रहनु पर्दछ ।

१९. न्यायाधीशले मूलतः अदालतको गरिमा, मर्यादा, इज्जत एवं प्रतिष्ठामा नै आफ्नो पनि गरिमा, मर्यादा, इज्जत एवं प्रतिष्ठा सन्निहित रहेको सम्झी कर्तव्य निर्वाह गर्नु पर्दछ ।

*(स.अ. बुलेटिन वर्ष ७, अंक ८, पूर्णाक १४६, २०५५ को पृष्ठ २५)*

●●

अनुसूची - ८

# Code of Conduct for Law Enforcement Officials

*Adopted by General Assembly resolution 34/169 of 17 December 1979*

### Article 1

Law enforcement officials shall at all times fulfill the duty imposed upon them by law, by serving the community and by protecting all persons against illegal acts, consistent with the high degree of responsibility required by their profession. Commentary.

(a) The term "law enforcement officials", includes all officers of the law, whether appointed or elected, who exercise police powers, especially the powers of arrest or detention.

(b) In countries where police powers are exercised by military authorities, whether uniformed or not, or by State security force, the definition of law enforcement officials shall be regarded as including officers of such services.

(c) Service to the community is intended to include particularly the rendition of services of assistance to those members of the community who by reason of personal, economic, social or other emergencies are in need of immediate aid.

### Article 2

In the performance of their duty, law enforcement officials shall respect and protect human dignity and maintain and uphold the human rights of all persons.

**Commentary:**

(a) The human rights in question are identified and protected by national and international law. Among the relevant international instruments and the Universal Declaration of Human Rights, the International Convenient on Civil and Political Rights, the Declaration on the Protection of All Persons from Being Subjected to Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment, the United Nations Declaration on the Elimination of All Forms of Racial Discrimination, the International Convention on the Elimination of All forms of Racial Discrimination, the International Convention on the Suppression and Punishment of the Crime of Apartheid, the Convention on the Prevention and Punishment of the Crime of Genocide, the Standard Minimum Rules for the Treatment of Prisoners and the Vienna Convention on Consular Relations.

(b) National commentaries to this provision should indicate regional or national provisions identifying and protection these rights.

### Article 3

Law enforcement officials may use force only when strictly necessary and to the extent required for the performance of their duty.

**Commentary:**

(a) This provision emphasizes that the use of force by law enforcement officials should be exceptional; while it implies that law enforcement officials may be authorized to use force as is reasonably necessary under the circumstances for the prevention of crime or in effecting or assisting in the lawful arrest of offenders or suspected offenders, no force going beyond that may be used.

(b) National law ordinarly restricts the use of force by law enforcement officials in accordance with a principle of proportionality. It is to be understood that such national principles of proportionality are to be respected in the interpretation of this provision. In no case should this provision be interpreted to authorize the use of force which is disproportionate to the legitimate objective to be achieved.

(c) The use of firearms is considered an extreme measure. Every effort should be made to exclude the use of firearms, especially against children. In general, firearms should not be used except when a suspected offender offers armed resistance or otherwise jeopardizes the lives of other and less extreme measures are not sufficient to restrain or apprehend the suspected offender. In every instance in which a firearm is discharged, a report should be made promptly to the competent authorities.

### Article 4

Matters of a confidential nature in the possession of law enforcement officials shall be kept confidential, unless the performance of duty or the needs of justice strictly require otherwise.

**Commentary:**

By the nature of their duties, law enforcement officials obtain information which may relate to private lives or be potentially harmful to the interests, and especially the propagation, of others. Great care should be exercised in safeguarding and using such information, which should be disclosed only in the performance of duty or to serve the needs of justice. Any disclosure of such information for the purposes in wholly improper.

### Article 5

No law enforcement official may inflict, instigate or tolerate any act of torture or other cruel, inhuman or degrading treatment or punishment, nor may any law enforcement official invoke superior orders or exceptional circumstances such as a state of war or a threat of war, a threat to national security, internal political instability or any other public emergency as a justification of torture or other cruel, inhuman or degrading treatment or punishment.

**Commentary:**

(a) This prohibition derives from the Declaration on the Protection of All Persons from Being Subjected to Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment, adopted by the General Assembly, according to which: "[Such an act is] an offence to human dignity and shall be condemned as a denial of the purposes of the Charter of the United Nations and as a violation of the human rights and fundamental freedoms proclaimed in the Universal Declaration of Human Rights [and other international human rights instruments]."

(b) The Declaration defines torture as follows:

"... torture means any act by which severe pain or suffering, whether physical or mental, is intentionally inflicted by or at the instigation of a public official on a person for such purposed as obtaining from him or a third person information or confession, punishing him for an act he has committed or is suspected of having committed, or intimidating him or other persons. It does not include pain or suffering arising only from, inherent in or incidental to, lawful sanctions to the extent consistent with the Standard Minimum Rules for the Treatment of Prisoners."

(c) The term "cruel, inhuman or degrading treatment or punishment" has not been defined by the General Assembly but should be interpreted so as to extend the widest possible protection against abuses, whether physical or mental.

### Article 6

Law enforcement officials shall ensure the full protection of the health of persons in their custody and, in particular, shall take immediate action to secure medical attention whenever required.

**Commentary:**

(a) "Medical attention", which refers to services rendered by any medical personnel, including certified medical practitioners and paramedics, shall be secured when need or requested.

(b) While the medical personal are likely to be attached to the law enforcement operation, law enforcement officials must take into account the judgement of such personnel when they recommend providing the person in custody with appropriate treatment through, or in consultation with, medical personnel form outside the law enforcement operation.

(c) It is understood that law enforcement officials shall also secure medical attention for victims of violations of law or of accidents occurring in the course of violations of law.

### Article 7

Law enforcement officials shall not commit any act of corruption. They shall also rigorously oppose and combat all such acts.

**Commentary:**

(a) Any act of coorruption, in the same way as any other abuse of authority, in incompatible with the profession of law enforcement officials. The law must be enforced fully with respect to any law enforcement official who commits an act of corruption, as Governments cannot expect to enforce the law among their citizens if they cannot, or will not, enforce the law against their own agents and within agencies.

(b) While the definition of corruption must be subject to national law, it should be understood to encompass the commission or omission of an act in the performance of or in connection with one's duties, in response to gifts, promises or

incentives demanded or accepted, or the wrongful receipt of these once the act has been committed or omitted.

(c) The expression "act of corruption" referred to above should be understood to encompass attempted corruption.

**Article 8**

Law enforcement officials shall respect the law and the present Code. They shall also, to the best of their capability, prevent and rigorously oppose any violations of them.

Law enforcement officials who have reason to believe that a violation of the present Code has occurred or is about to occur shall report the matter to their superior authorities and, where necessary, to other appropriate authorities or organs vested with reviewing or remedial power.

**Commentary:**

(a) This Code shall be observed whenever it has been incorporated into national legislation or practice. If legislation or practice contains stricter provisions than those of the present Code, those stricter provisions shall be observed.

(b) The article seeks to preserve the balance between the need for internal discipline of the agency on which public safety in largely dependent, on the one hand, and the need for dealing with violations of basic human rights, on the other. Law enforcement officials shall report violations within the chain of command and take other lawful action outside the chin of command only when no other remedies are available or effective. It is understood that law enforcement officials shall not suffer administrative or other penalties because they have reported that a violation of this Code has occurred or is about to occur.


(c) The term "appropriate authorities or organs vested with reviewing or remedial power" refers to any authority or organ existing under national law, whether internal to the law enforcement agency or independent thereof, with statutory, customary or other power to review grievances and complaints arising out of violations within the purview of this Code.

(d) In some countries, the mass media may be regarded as performing complaint review functions similar to those described in subparagraph © above. Law enforcement officials may, therefore, be justified if, as a last resort and in accordance with the laws and customs of their own countries and with the provisions of article 4 of the present Code, they bring violations to the attention of public opinion through the mass media.

(e) Law enforcement officials who comply with the provisions of this Code deserve the respect, the full support and the co-operation of the community and of the law enforcement agency in which they serve, as well as the law enforcement profession.

●●

अनुसूची - ९




**पुनश्च** : माथि उल्लेखित शाखा अन्तर्गत आवश्यकता अनुरूप उपशाखा र विभिन्न Cell हरू गठन गर्न सकिने छ। सो का लागि आवश्यक पर्ने जनशक्तिलाई जगेडा पुलमा राखिनेछ। विभाग, महाशाखा, शाखा र उपशाखाले सम्पादन गर्ने कामका सम्बन्धमा छुट्टै SOP तयार गरी लागु गरिनेछ।